नेपालको अर्थशास्त्र

डा० रमानन्द ठाकुर

श्याम पुस्तक भण्डार
विराटनगर, (नेपाल)

अ.शा. ५३५

Rs-60/-

आई.ए. दोश्रो वर्ष
को
लागि
नेपालको अर्थशास्त्र
(NEPLESE ECONOMICS)

दुई शब्द

प्रस्तुत पुस्तक 'नेपालको अर्थशास्त्र' त्रिभुवन विश्वविद्यालय अन्तर्गतको प्रवीणता प्रमाणपत्र तह (मानविकी एवं वाणिज्य) तथा बी० ए० को पाठ्यक्रम अनुसार तयार गरिएको भए तापनि लोक सेवा आयोगद्वारा संचालित गराइने विभिन्न प्रतियोगितात्मक परीक्षाको लागि पनि उपयोगी हुनेछ भन्ने आशा राखेको छु। विभिन्न पुस्तकहरूअन्तर्गत रहेका तथ्याङ्कहरूको विषमताले गर्दा पर्न गएको अन्योलको स्थितिलाई समाप्त गर्ने उद्देश्यले पुस्तकअन्तर्गत प्रयोग गरिएका तालिकाहरूमा तथ्याङ्कको स्रोत प्रस्तुत गरिएको छ। पुस्तकको प्रामाणिकताको लागि पाद-टिप्पणी (Foot-Notes) को प्रयोग पनि गरिएको छ। पुस्तक यथासम्भव नवीनतम तथ्याङ्कहरूमा आधारित छ। पाठकहरूको सुविधाका लागि सरल भाषाको प्रयोगको साथ-साथै मुख्य बूँदाहरूलाई कोष्ठकभित्र राखिएका छन्। प्रत्येक अध्यायको अन्तमा विश्वविद्यालयद्वारा सोधिएका नमूना प्रश्नहरू पनि प्रस्तुत गरिएका छन्।

पुस्तक रचनाको क्रममा मैले अनेक विद्वान्हरूको सहयोग एवं सहानुभूति प्राप्त गरेको छु। पुस्तकको पाण्डुलिपि पढी त्यसमा आवश्यक सुझाव दिने क्याम्पसका विभागीय सहयोगी सह-प्रा० श्री राजकुमार पोखरेल र अन्य प्राध्यापक साथीहरू सह-प्रा० श्री गोविन्दप्रसाद उपाध्याय (अध्यक्ष अर्थशास्त्र शिक्षण समिति) श्री रमेश दाहाल, डा० नारायण झा (अध्यक्ष अर्थशास्त्र, स्नातकोत्तर क्याम्पस, विराटनगर), श्री महिनारायण चौधरी, श्री वेदराज आचार्य, श्री सूर्यप्रसाद संग्रौला श्री घनश्यामलाल दास, श्री अयोधीप्रसाद यादव, श्री मो० अब्दूल गफूरका साथसाथै प्रत्यक्ष एवं परोक्ष रूपमा सहयोग दिने सह प्रा० श्री श्यामचन्द्र लाल, श्री खगेन्द्र के० सी०, श्री राजन पौड्याल एवं लाइब्रेरियन श्री हरिभूषणलाल कर्ण सबै प्रति हार्दिक आभार प्रकट गर्न चाहन्छु। त्यसै गरी कतिपय अध्यायलाई विकसित गर्नमा सहयोग दिने स्नातकोत्तर क्याम्पसका क्याम्पस प्रमुख श्री भेषप्रसाद घमला एवं पाण्डुलिपिलाई आद्योपान्त पढी भाषालाई परिमार्जित गर्नमा सहयोग दिने नेपाली विषयका श्री कविराज न्यौपाने (सहायक क्याम्पस प्रमुख) तथा पुस्तकलाई छोटो अवधिभित्र प्रकाशित गर्ने श्री मूलचन्द्र शर्मा प्रति पनि म विशेष रूपले ऋणी छु। पुस्तकको वर्तमान कलेवरलाई सम्भव बनाउने श्रेय मेरा यिनै मित्रहरूलाई छ तर यहाँ रहेका त्रुटिहरूको सम्पूर्ण जिम्मेवारी ममाथि नै छ। विद्वान्हरूवाट निर्देशन, सुझाव र सल्लाहहरू पाउने पूर्ण आशा राख्दै पुस्तक पाठकवर्ग समक्ष प्रस्तुत गर्दछु।

रामानन्द ठाकुर

१८ भदौ २०४५

Acc २९६४४/21645

Syllabus

I. A. Paper II

NEPALESE ECONOMY, PUBLIC FINANCE AND INTERNATIONAL TRADE

Natural Resources : Water, Mineral,. Forest with Special reference to Importance and their Existing Positions and Potentialities.

Human Resources : Population, Importance, Size, Structure; Occupational Classification, Density and Distribution (Popographical)

Agriculture : Importance, Existing Condition, Important Cereal and Cash Crop Production (Paddy, Wheat, Maize, Millet, Sugar Cane, Jute, Tea, Tobacco), Area under Production and Major regions of Cultivation.

Food Problems : Nature (Qualitative, quantitative and Distribution aspects only.) Recent measures taken to solve the Problems.

Irrigation : Importance, Methods, Area under Irrigation.

Rural Indebtedness : Nature and Causes.

Land Reform : Objectives and Features of Land Act (1964 : 2021) Land Tenure System (brief history)

Agricultural Marketing : Importance, problems and types.

Industry : Importance of Large, Small and Cottage industries. their Problems and Prospects, Current Position of Organised industries; Jute, Cigarette, Match and Sugar industries; Industrial Policy of H. M. G.

Infrastructure : Transport : Road ,Air, Ropeway, Railway (Current Position only) power-current Position.

Communications : Postal Services and Telecommunications (Current Position only.)

Planning : Introduction to Planning in Nepal; Objective, Priorities, Targets, Outlay of Current plan and achievements of the preceding plan only.

Banking : Introduction to banking in Nepal. Organisation of Nepal Rastra Bank and functions of Commercial Banks of Nepal.

Foreign Trade : Composition and Direction.

Public Finance : Distinction between public and private finance,

(a) **Public Revenue :** Sources; Tax-meaning; Types (Direct and Indirect taxes; Proportional taxes); Progressive, Regressive, Degressive and Merits and Demerits of Direct and Indirect Taxes, Characteristics of good Tax System, Canons of taxation.

(b) **Public Expenditure :** Classification, Canons of Public Expenditure, Budget, Concept and Preparation only.

(c) Revenue and Expenditure trend of H. M. G. for the last 5 years.

International Trade : Difference between Internal and International Trade, Comparative Cost theory of International Trade (Recardian version only); Meaning of balance of trade and balance of Payment, Agrecments for and against free trade and protection.

B. A.

Paper III

ECONOMIC DEVELOPMENT OF NEPAL

Natural Resources : Water and Forest Resources only. H. M. G.'s recent policy for their development and its appraisal.

Human Resources : H. M. G.'s population policy and appraisal.

Agriculture : General Features and Problems of agriculture.

Land Reform : Importance achievements; Food Policy; Role of A D B/N and Commercial banks in agricultural finance; Agricultural marketing development programmes.

Rural Market : Its problems and development programmes; Agricultural price policy of H. M. G., Agricultural Labour : Its nature and problems; Role of livestocks and horticulture development in Nepalese Agriculture.

Industry : Its development trend, problems and prospects of Small and Large Scale industries; Latest Industrial policy and its appraisal, locational pattern of Nepalese industries.

Industrial Labour : Nature and Problems of Industrial finance with reference to Commercial banks and N. I. D. C., Concept and development of industrial estate. Tourism Industry–Its development and potentiality.

Company Corporation and **Other Acts :** Features of company, corporation and labour acts with recent maendments.

Banking : Nepal Rastra Bank; Its critical appraisal and activities; Commercial bank–Its role, lending and investment policy.

Planning : Feature of current plan and critical evaluation of preceding plan.

●

विषय-सूची

अध्याय **विषय** **पृष्ठ**

१. भौगोलिक स्थिति (**Geographical Environment**) : १–८

२. नेपालको अर्थ व्यवस्थाका प्रमुख विशेषताहरू (**Main Characteristics of Nepalese Economy**) : ९–१६

३. प्राकृतिक सम्पदा (**Natural Resources**) : १७–३९

प्राकृतिक सम्पदाको अर्थ, प्राकृतिक स्रोतको महत्व, खनिज साधन—नेपालको अर्थ व्यवस्थामा खनिज साधनको महत्व, नेपालमा खनिज साधन, नेपालमा खनिज साधनको विकासलाई वाधा उपस्थित गर्ने तत्त्वहरू र योजना अवधिमा खनिज विकास कार्यक्रम

४. जल-स्रोत (**Water-resources**) : ४०–५९

जलस्रोतका कार्यहरू, नेपालको अर्थ व्यवस्थामा जल स्रोतको महत्व, नेपालमा जलविद्युत विकासको क्षमता, जल विद्युत विकासका वाधाहरू र विद्युत उत्पादनमा हालसम्मको प्रगति

५. जनसंख्या (**Population**) : ६०–८९

जनसंख्याको महत्व, नेपालका जनसंख्याका प्रमुख विशेषताहरू, जनसंख्याको वृद्धि, लिंगअनुसार जनसंख्याको वर्गीकरण, जनघनत्व, जनसंख्याको भौगोलिक वितरण; विकास क्षेत्रअनुसार जनसंख्याको वितरण, उमेरअनुसार जनसंख्याको बनावट, आर्थिक दृष्टिले सक्रिय जनसंख्या, जनसंख्याको पेशागत बनावट, जनसंख्याको बृद्धिबाट पर्ने प्रभावहरू, जनसंख्या वृद्धिका कारणहरू, बढ्दो जनसंख्या समस्याका समाधानहरू र राष्ट्रिय योजना-आयोग ।

६. वन (**Forest**) : ९०–१०३

वनको महत्व, वनको किसिम, नेपालमा वन सम्पदा नासिने कारणहरू, वन-सम्पदाको ह्रासका परिणामहरू र योजना अवधिमा वन-विकास ।

७. कृषि (**Agriculture**) : १०४–१४१

आर्थिक विकासमा कृषिको महत्व, नेपाली कृषिका विशेषताहरू, नेपालको कृषिका समस्याहरू, कृषि उत्पादनमा वृद्धिको निमित्त श्री ५ को सरकारद्वारा गरिएका प्रयासहरू, नेपालका प्रमुख कृषि बालीहरू

८. कृषि-श्रम (**Agricultural Labour**) : १४२–१४४

९. सिंचाइ (**Irrigation**) : १४५–१५९

सिंचाइको लाभ, सिंचाइ सम्भाव्यता, सिंचाइ गर्ने तरीकाहरू, योजना अवधिमा सिंचाइ विकास र सिंचाइसम्बन्धी समस्याहरू ।

१०. कृषि साख एवं ग्रामीण ऋणग्रस्तता (Agriculture Finance and Rural Indebtedness) : १६०–१७८

कृषि साखको आवश्यकता, उत्पादक एवं अनुत्पादक कर्जा, छोटो, मध्यम एवं लामो अवधिको साख, कृषि साखका स्रोतहरू, कृषि साखका समस्याहरू, कृषि ऋणग्रस्तता—प्रकृति, ऋणग्रस्तताका परिणाम, ग्रामीण ऋणग्रस्तताका कारणहरू, ग्रामीण ऋणग्रस्तताका परिणामहरू, ग्रामीण ऋणग्रस्तता समाप्त गर्नका लागि सरकारद्वारा गरिएका प्रयासहरू ।

११. सहकारिता आन्दोलन (Co-Operative Movement) : १७९–१९५

सहकारिताको अर्थ, नेपालमा सहकारिताका परम्पराहरू, आधुनिक सहकारिताको विकास, साझाको उद्देश्य, साझाका कार्यहरू, साझाको संगठन, सहकारिताको ढीलो विकास हुने कारणहरू ।

१२. भूमि व्यवस्था (Land Tenure System) : १९६-२००

भूमि व्यवस्थाको अर्थ एवं महत्व र नेपालमा भूमि व्यवस्था ।

१३. भूमि सुधार कार्यक्रम (Land Reform Programme) : २०१–२१६

जाँच बुझ आयोग, मोहियानी हकसम्बन्धी ऐन २००८, भूमि सुधार आयोग, शाही घोषणा २०१२, भूमिसम्बन्धी ऐन २०१४, विर्ता उन्मूलन २०१६, शाही-भूमि सुधार आयोग २०१९, कृषि-सम्बन्धी नयाँ व्यवस्था ऐन २०२०, भूमिसम्बन्धी ऐन २०२१, भूमि सुधार कार्यक्रमको प्रगति र भूमि सुधार कार्यक्रमको मूल्याङ्कन ।

१४. कृषि बजार (Agricultural Marketing) : २१७–२२८

कृषि बजारको अर्थ, कृषि बजारको महत्व एवं यसका विशिष्ट लक्षणहरू, कृषि जन्य वस्तुको उचित मूल्य पाउन आवश्यक शर्तहरू, नेपालमा कृषि बजारको संगठन एवं ढाँचा—खाद्यान्न बजार व्यवस्था, नगदे बाली बजार व्यवस्था, नेपालमा कृषि बजारका त्रुटिहरू र कृषि बजारका समस्याहरूको समाधानका लागि श्री ५ को सरकारबाट चालिएका पाइलाहरू ।

१५. खाद्य सयस्या (Food Problem) : २२९–२३९

खाद्यान्नको महत्व, खाद्य समस्याको प्रकृति—खाद्यान्नको परिमाणात्मक अपर्याप्तता, गुणात्मक वा पोषक तत्वको अभाव र क्रय-शक्तिको अभाव, श्री ५ को सरकारको खाद्य नीति तथा खाद्य समस्याको समाधानको लागि केही परामर्शहरू ।

१६. पंचायत विकास (**Punchayat Development**) : २४०–२४५
ग्रामीण विकास एवं विकेन्द्रीकरण ।

१७. यातायात तथा संचार (**Transport and Communication**) : २४६–२७३
यातायात एवं संचारको महत्व, नेपालमा यातायातका साधनहरू सड़क यातायात, रेलवे यातायात, रोपवे, जलमार्ग र हवाई यातायात, संचार—हुलाक सेवा र दूर-संचार ।

१८. ग्रामीण तथा घरेलु उद्योग (**Village and Cottage Industries**) : २७४–२९५
ग्रामीण तथा घरेलु उद्योगको महत्व, नेपालमा ग्रामीण तथा घरेलु उद्योगको ऐतिहासिक झलक, घरेलु उद्योग-धन्धाको पतन-सम्बन्धी कारणहरू, केही प्रमुख ग्रामीण तथा घरेलु उद्योगहरू, ग्रामीण तथा घरेलु उद्योगका समस्याहरू, घरेलु उद्योगको विकासको लागि गरिएका प्रयासहरू ।

१९. संगठित उद्योगहरू (**Organised Industries**) : २९६–३१७
संगठित उद्योगको महत्व, विकासको इतिहास, नेपालमा औद्योगिकीकरणका समस्याहरू र उद्योगको स्थानीयकरण ।

२०. नेपालमा ठूला उद्योगहरू (**Large Scale Industries in Nepal**) : ३१८–३४४
जूट उद्योग, सलाई उद्योग, चिनी उद्योग, चुरोट उद्योग, कपड़ा उद्योग, छाला एवं जुत्ता उद्योग, कागज उद्योग, ईंटा-टायल उद्योग, सीमेन्ट उद्योग, कृषि औजार कारखाना लि० र कृषि चून उद्योग लि० ।

२१. औद्योगिक क्षेत्रहरू (**Industrial Estates**) : ३४५–३४९

२२. पर्यटन (**Tourism**) : ३५०–३६२
पर्यटन उद्योगको महत्व, नेपालमा पर्यटन उद्योगको विकासको सम्भावना, नेपालमा पर्यटन उद्योगको विकास, पर्यटकहरूको आगमन, बसाइ अवधि एवं विदेशी मुद्रा आर्जन, पर्यटकहरूको आगमन मार्ग, प्रमुख क्षेत्रअनुसार पर्यटक आगमन संख्या, उद्देश्य-अनुसार पर्यटक आगमन, पर्यटक उद्योगको विकासका लागि सुझावहरू ।

२३. औद्योगिक वित्त (**Industrial Finance**) : ३६३–३७२
औद्योगिक वित्तको अर्थ, औद्योगिक वित्तको प्रकार, औद्योगिक वित्तको महत्व, व्यावसायिक वैंक्स एवं औद्योगिक वित्त, नेपाल औद्योगिक बिकास निगम र औद्योगिक कर्जा ।

२४. औद्योगिक नीति (**Industrial Policy**) : ३७३–३८०
औद्योगिक नीतिको अर्थ एवं महत्व, नेपालको लागि स्पष्ट औद्योगिक नीतिको आवश्यकताका कारणहरू र नयाँ औद्योगिक नीति २०४४—उद्देश्य, निहित उद्देश्य, कार्य-नीति तथा यस औद्योगिक नीतिका विशेषताहरू ।

२५. औद्योगिक श्रम (**Industrial Labour**) : ३८१–३८८

२६. नेपालमा पूंजी बजार (**Capital Market in Nepal**) : ३८९–३९२

२७. नेपालमा वजेट व्यवस्था (**Budget System in Nepal**) : ३९३–३९९
बजेटको अर्थ, नेपालमा बजेट व्यवस्था, नेपालमा बजेट निर्माण, श्री ५ को सरकारको आय-व्ययको स्थिति र श्री ५ को सरकारको आमदानीका स्रोतहरू ।

२८. विदेशी व्यापार (**Foreign Trade**) : ४००–४१७
विदेशी व्यापारको महत्व, नेपालको वैदेशिक व्यापारका मुख्य विशेषताहरू, विदेशी व्यापारको परिमाण, विदेशी व्यापारको विविधिकरण, विदेशी व्यापारको संरचना, विदेशी व्यापारको मोड़, भारतमा निकासी गरिने एवं भारतवाट आयात गरिने वस्तुहरू, समुद्रपारका देशहरूमा निर्यात गरिने र ती देशहरूबाट आयात गरिने वस्तुहरू तथा व्यापार-संतुलन ।

२९. बैंकिंग व्यवस्था (**Banking System**) : ४१८–४३१
नेपालमा वैंकिंग व्यवसायको विकास, नेपाल राष्ट्र बैंक, वाणिज्य वैंकहरू ।

३०. नेपाल औद्योगिक विकास कर्पोरेशन (**Nepal Industrial Development Corporation**) : ४३२–४३४

३१. कृषि विकास बैंक (**Agricultural Development Bank**) : ४३५–४३८

३२. नेपालमा योजनाको विकास (**Development of Planning in Nepal**) : ४३९–४७०
पहिलो पंचवर्षीय योजना, त्रिवर्षीय योजना, तेस्रो योजना, चौथो योजना, पाँचौं योजना, छैटौं योजना र सातौं योजना; नेपालमा आधारतभू आवश्यकताहरूको परिपूर्ति ।

अध्याय
: १ :

भौगोलिक स्थिति
(Geographical Environment)

स्थिति, आकार र फैलावट—उत्तरमा चीन एवं दक्षिणमा भारत जस्ता एशियाका दुई विशाल देशहरूका बीचमा मध्य हिमालयको दक्षिण काखमा अवस्थित नेपाल एक पर्वतीय, भूपरिवेष्ठित एवं विश्वको एकमात्र सार्वभौम सम्पन्न स्वतंत्र हिन्दू अधिराज्य हो। अक्षांसका हिसाबले यो २६·२२ उत्तर अक्षांसदेखि ३०·२७ उत्तर अक्षांससम्म र देशान्तरको हिसाबले ८०·४ देखि ८८·१२ पूर्व देशान्तरका बीचमा फैलिएको छ। पूर्वमा मेचीदेखि पश्चिममा महाकालीसम्म यसको सरदर लम्बाई ८८५ कि० मि० छ। उत्तरदेखि दक्षिणको चौडाइ निम्नतम १४५ कि० मि० र अधिकतम २४१ कि० मि० सम्म भएकोले यसको उत्तरदेखि दक्षिणको सरदर चौडाई १९३ कि० मि० हुन आउँछ। यसको क्षेत्रफल १, ४७, १८१ वर्ग कि० मि० छ[1]। हाल यसको १८ प्रतिशत भूभागमा खेती हुन्छ र बाँकी भूभागमा जंगल, हिम, चरन र जलले आच्छादित छ[2]। यसको निकटतम समुद्री किनारा सीमानावाट ११२७ कि० मि० टाढ़ा पर्दछ[3]।

प्राकृतिक विभाग—समुद्रतलदेखि उचाईको दृष्टिले देशको विभिन्न भागहरूमा ज्यादै नै विभिन्नता पाइन्छ। तराईको उचाई समुद्रतलदेखि सरदर रूपले १५२ मीटर छ भने हिमाली प्रदे[illegible]को उचाई समुद्रतलदेखि ८८३९ मीटर भन्दा पनि बढी छ[4]। उचाईको दृष्टिकोणले सम्पूर्ण अधिराज्यलाई निम्नांकित तीन प्राकृतिक भागहरूमा विभाजित गर्न सकिन्छ।

१. तराई प्रदेश (Tarai Region)—तराई प्रदेश अधिराज्यको दक्षिणी भागमा पूर्वदेखि पश्चिमसम्म फैलिएको छ। यो चुरे तथा महाभारत पर्वतमालाको दक्षिणी भागमा पर्दछ। समुद्रतलदेखि यसको अधिकतम उचाई ३०५ मीटरसम्म पर्दछ। पूर्वदेखि पश्चिमसम्म यसको लम्बाई ८०० किलोमीटर छ। उत्तरदेखि दक्षिणसम्म यसको चौड़ाई कोइलावास बाहेक (जहाँ यसको चौडाई कम छ)

---

१. सी० बी० एस०, स्टैटिस्टिकल पकेटबुक नेपाल, १९८६ पृ० १

२. ऐजन, पृ० ए–३२

३. ऐजन, पृ० १

४. ऐजन, पृ० १

२६ कि० मी० देखि ३२ कि० मी० सम्म पर्दछ । देशको कुल भौगोलिक क्षेत्रको १७ प्रतिशत भाग यस क्षेत्रमा नै पर्दछ ।[5] चूरे पर्वतमालाको फेदीमा पर्ने तराईको उत्तरी भाग पूर्वदेखि पश्चिमसम्म घना वनले अच्छादित छ । यसको सरदर चौडाई चार कोस (१३ कि० मी०) छ भन्ने धारणाको आधारमा यसलाई चार-कोसे झाड़ी भनिन्छ । यस भागको माटो ढुंगा वालुवा र कंकड़ मिश्रित भएको हुनाले उब्जाउ छैन । यसलाई भावर प्रदेश पनि भनिन्छ । तराईको दक्षिणी समथर भागको माटो अत्यन्तै उर्बर छ । यसलाई नेपालको भकारी (Granary of Nepal) भनिन्छ ।

२०३८ सालको जनगणना अनुसार देशको कुल जनसंख्याको करीव ४४ प्रतिशत मानिस यसै भूभागमा वस्दछन् । यसको पूर्वी भागमा भद्रपुर, विराटनगर, राजविराज, मध्य भागमा जनकपुर, वीरगंज, हेटौंडा, नारायणघाट, पश्चिम भागमा त्रिवेनीघाट, परासी, भैरहवा, बुटौल, कृष्णनगर, नेपालगंज, तौलिहवा तथा सुदूर पश्चिममा धनगढ़ी, महेन्द्रनगर आदि शहरहरू पर्दछन् । यी ठाउँहरूबाट भारतमा चामल, जूट, काठ, जड़ी-बूटी, सूठो आदि सामानहरू निर्यात हुन्छन् र भारतबाट आवश्यक उपभोग्य वस्तुहरूको पैठारी गरिन्छ ।

२. पहाड़ी प्रदेश (Hilly Region)—यस भागलाई मध्य हिमालय पनि भनिन्छ । अधिराज्यको यो प्रदेश महाभारत पर्वतमालाकै भाग हो जसको अधिकतम उँचाई ४८७७ मीटर पर्दछ । यस क्षेत्रको उत्तरमा ६१० देखि १५२४ मीटर पर्ने चुरिया पर्वत श्रृंखला पर्दछ । युरिया पर्वत श्रृंखलाद्वारा घेरिएको केही दुन (Doons) क्षेत्र पनि यस प्रदेशमा पर्दछ । यी दुन क्षेत्रहरूलाई भित्री मदेश (Inner Tarai) भनिन्छ । दुन क्षेत्रको उचाई समुद्रतलदेखि ६१० मीटरदेखि १५२४ मीटरसम्म पर्दछ । अधिराज्यको कुल भौगोलिक क्षेत्रको ६८ प्रतिशत भाग यस पहाड़ी प्रदेश अन्तर्गत पर्दछ ।[6] देशको राजधानी काठमाडौंको साथसाथै पोखरा, पाल्पा, इलाम, धनकुरा आदि यसै क्षेत्र अन्तर्गत पर्दछन् ।

३. हिमाली प्रदेश (Himalayan Region)—पहाड़ी प्रदेशको उत्तर पूर्वदेखि पश्चिमसम्म करीब ४५ किलोमीटर चौड़ाईमा यो क्षेत्र फैलिएको छ ।[7] यस क्षेत्रको उचाई समुद्रतल भन्दा ४८७७ देखि ८८३९ मीटरसम्म अग्लो छ ।[8] पूर्वमा ५

---

५. सी० बी० एस०, स्टैटिस्टिकल पकेट बुक, १९८२, पृ० २

६. ऐजन, पृष्ठ–२

७. शर्मा सी० के, नेचुरल रिसोर्सेज अफ नेपाल, काठमाडौं, १९७८, पृ० ७

८. पू० पा० टिप्पणी, संख्या १ पृ० २

हजार मीटरदेखि पश्चिममा ४ हजार मीटर उचाईमा स्थायी हिमरेखा भएको हुनाले यस क्षेत्रको अधिकांश भाग हिउँले ढाकिएको पाइन्छ। अत्यधिक चीसोले गर्दा यस क्षेत्रमा ४ हजार मीटरसम्म बन पाइन्छ र यस भन्दा माथि ४,५०० मीटर-सम्म घाँस एवं झाड़ीहरू पाइन्छन् र ३०४८ मीटर (१०,००० फीट) सम्म वसोवास पाइन्छ।[९] यसै क्षेत्रभित्र विश्वको सबभन्दा अग्लो (८८४८ मीटर) सगरमाथा (माउन्ट एभरेस्ट) भन्ने हिम शिखरको साथ-साथै ८५९८ मीटर अग्लो कंचनजंघा, ८४७० मीटर अग्लो मकालु, ८१७२ मीटर अग्लो धौलागिरी र ८०७८ मीटर अग्लो अन्नपूर्णा हिमशिखरहरू पर्दछन्।[१०]

नदी र तालहरू

(Rivers and Lakes)

देशको उत्तरी भाग बाह्रै महिना बरफै बरफले ढाकिएको हुन्छ। फलस्वरूप यसबाट वग्ने नदीहरूमा सालभरि अटूट रूपले पानी रहन्छ। अटूट रूपले बग्ने नदीहरूको साथ-साथै यहाँ ठूल-ठूला रमणीय तालहरू पनि धेरै नै छन्। नेपालमा कोशी, गण्डकी, कर्णाली र महाकाली भन्ने चार ठूल-ठूला नदीहरू छन्। यी ठूल-ठूला नदीहरू बाहेक कमला, बाग्मती, टिनू, राप्ती, कंकाई जस्ता नदीहरूको साथ-साथै अनेकौं साना-तीना नदीहरू पनि नेपालमा छन्। सबै साना ठूला नदीहरू गरी यहाँ करीब ६ हजार नदीहरू छन् जस मध्ये १०० नदीहरू यस्ताछन् जसको लम्वाई १६० कि० मी० छ र १ हजार नदीहरूको लम्बाई ११ कि० मी० छ।[11] मुख्य नदीहरू निम्न वमोजिम छन्—

१. सप्तकोशी :—यो नदी नेपालको पूर्वी भागमा बग्दछ। यो अधिराज्यको सब भन्दा ठूलो नदी हो। यसमा सालभरि नै पानी रहन्छ र यसको लम्बाई ५१३ किलो मीटर छ। सुन-कोशी, अरुण, तमोर, दूध कोशी, लिखू, तामा-कोशी र इन्द्रावती नदीहरू मिलेर सप्तकोशीको निर्माण भएको छ। बिजुली उत्पादनको लागि यो नदी धेरै नै उपयुक्त छ र यसबाट ६,७७,५०० कि० वा० विजुली उत्पादन गर्न सकिन्छ भन्ने सम्भावना छ।[12]

२. गण्डकी नदी :—यो नदी नेपालको मध्यभागमा बग्दछ। त्रिशूली, काली, सेती, मादी, दरौंदी, बूढ़ी गण्डकी र मर्स्याङ्दी सात सहायक नदीहरूबाट यसको

---

[९] पूर्व पाद टिप्पणी संख्या ७, पृ० ७

[१०] पू० पा० टिप्पणी संख्या १, पृ० २

[११] पू० पा० टिप्पणी संख्या ७, पृ० १९३।

[१२] ऐजन, पृष्ठ २१२।

निर्माण भएको छ। सबै सहायक नदीहरू मिल्ने ठाउँमा यस नदीलाई नारायणी नदी भन्दछन्। यसको लम्वाई ३३२ किलो मीटर छ। यस नदीवाट ५१ लाख ३० हजार कि० वा० विद्युत् उत्पादन गर्न सकिने सम्भावना छ।[13]

३. कर्णाली नदी :—यो नदी नेपालको पश्चिम भागमा पर्दछ। अधिराज्यको पश्चिमी भागका नदीहरू मध्ये यो सब भन्दा लामो नदी हो। यसको लम्वाई ५०७ कि० मी० पर्दछ। भेरी, सेती, तिला र कर्णाली चार सहायक नदीहरू मिलेर यस नदीको निर्माण भएको छ। लम्बाईको दृष्टिले अधिराज्यमा कोशी उप्रान्त यसको दोस्रो स्थान भए पनि विद्युत उत्पादनको दृष्टिले अधिराज्यमा यस नदीको स्थान पहिलो नै छ। यसबाट ६७ लाख ६५ हजार कि० वा० विद्युत उत्पादन गर्न सक्ने सम्भावना देखिएको छ।[14] यस नदीवाट उत्पादित विजुली संसारमा सव भन्दा सस्तो हुने छ।[15]

४ महाकाली :—यो नदी नेपालको पश्चिमी सिमानामा वग्दछ। यसको लम्वाई २२३ कि० मी० छ।

अधिराज्यको विभिन्न नदीहरूको लम्वाई निम्न तालिका संख्या १·१ प्रस्तुत गरिएको छ—

तालिका १ : १

अधिराज्यका विभिन्न नदीहरूको लम्बाई

(कि० मी० मा)

संख्या	नदीहरू	
१.	महाकाली	२२३
२.	कर्णाली	५०७
३.	राप्ती (पश्चिम)	२५७
४.	ववई	१९०
५.	नारायणी	३३२
६.	वाग्मती	१६३
७.	कमला	११७
८.	सप्तकोशी	५१३
९.	कन्काईमाई	१०८

(स्रोत—शर्मा सी० के०, नेचुरल रिसोर्सेज अफ नेपाल, काठमाडौं, १९७८ पृ० १९४।)

---

१३. ऐजन पृ० २१२।

१४. ऐजन पृ० २१२।

१५. थापा एन० वी० एन्ड थापा डी० पी०, जोग्रफी अफ नेपाल, ओरिएन्ड लौंग-मास वौम्वे, १९६९, पृ० २३।

उपर्युक्त नदीहरू बाहेक नेपालमा अनगिन्ती संख्यामा ताल एवं पोखरीहरू छन् । सबभन्दा ठूलो एवं मनोरम ताल पश्चिम मुगु जिल्लाको रारा ताल हो । यो ताल ३३५३ मीटर उचाईमा अवस्थित छ र यसको गहराई १६० मीटर छ । पोखरा उपत्यकामा फेवा, रूपा, वेगनासा, दिपांग र मेदी जस्ता धेरै संख्यामा ठूल-ठूला तालहरू छन् । फेवा ताल पोखराको सबभन्दा ठूलो र रमणीय ताल हो । उपर्युक्त तालहरूको साथ-साथै नेपालमा अनेकौं पोखरी, कुण्ड तथा तातो पानी (Hot Springs) हरू छनू ।

हावा पानी
(Climate)

हावापानी भन्नाले कुनै स्थानको वर्षभरिको मौसमको सरदर अवस्था भन्ने बुझिन्छ । यस अन्तर्गत कुनै ठाउँको विभिन्न ऋतुमा भइरहने तापक्रम, वायुको चाप, बतास, वर्षा आदि आउँछ । तापक्रम, वर्षा आदिको अनुकूलता देशको अर्थ-व्यवस्था एवं मानवजीवनलाई महत्वपूर्ण ढंगले प्रभावित गर्ने भएकोले अनुकूल हावा-पानी देशको आर्थिक विकासको लागि महत्त्वपूर्ण श्रोतहरू अन्तर्गत नै आउँछ । सानो भौगोलिक क्षेत्र अन्तर्गत नै देशमा विभिन्न प्रकारको हावा पानी उपलब्ध छ । नेपाल जस्तो सानो आकारको संसारको कुनै पनि देशमा १०० माइलको हवाई-दूरी (Aerial--Distance) मा नै हावा-पानीमा भिन्नता हुने कुरो पाइँदैन। ।[16] गर्मीमा देशको तराई प्रदेशमा धेरै नै गर्मी हुन्छ र तापक्रम ४०° से. भन्दा वढ़ी पुग्दछ । जाड़ोमा तराई प्रदेशको तापक्रम सरदर रूपले २३° से० र ६° से० को बीचमा रहन्छ । पूर्वी तराईको तुलनामा पश्चिमी तराईमा जाड़ोमा वढ़ी जाड़ो र गर्मीमा बढ़ी गर्मी पर्दछ । बंगालको खाड़ीबाट आएको मौसमी वर्षा पूर्वी तराईमा बढ़ी र पश्चिमी तराईमा कम हुन्छ । पूर्वी तराईको धरानमा सालमा २,६३३ मी० मी० वर्षा हुन्छ भने पश्चिम तराईको नेपालगंजमा १२६३ मी० मी० ।[17] नेपालको पहाड़ी भागमा तराईको तुलनामा शीतलता छ । यसै क्षेत्रमा १३०० मीटर उचाईमा अवस्थित काठमाडौंमा गर्मीको महिनामा १९ से० देखि २७ से० र जाड़ोमा २० से० देखि-२ से० सम्म तापक्रम रहन्छ । यहाँ वर्षमा सरदर रूपले १३०० से० मी० पानी पर्दछ ।[18] यस क्षेत्रमा सब भन्दा वढ़ी वर्षा पोखरामा (अधिकतम ४०० मी० मी०) हुन्छ । उच्च हिमाली

---

१६. पू० पा० टिप्पणी० संख्या ७ पृ० ४५

१७. ऐजन, पृ० ५६

१८. पू० पा० टिप्पणी, संख्या ५, पृ० ४.

क्षेत्र अति नै चीसो छ। यस क्षेत्रको तापक्रम जनवरी महिनामा –८° से० देखि -१३° से० सम्म र जुन-जुलाई महिनामा अधिकतम तापक्रम-२४° से० सम्म रहन्छ। यस क्षेत्रको जोमशोममा सरदर रूपले वार्षिक २६२ से० मी०, जुम्लामा ६६५ से० मीटर वर्षा हुन्छ तर ताप्लेजुङ्ग तथा ओलाङ्गचुङ्गगोलामा क्रमशः वार्षिक २०१५ से० मी० र २४३८ से० मी० पानी पर्दछ।[19] वर्षाको सम्वन्धमा समग्र रूपले विचार गर्दा अधिराज्यभरिमा अषाढ़देखि भदौसम्म तीन महिना मात्र मनसूनको रूपमा वर्षा हुन्छ। ९०·४ प्रतिशत पानी यसै तीन महिनाभित्र पर्दछ र बाँकी ८ महिनामा केवल ९·६ प्रतिशत पानी मात्र पर्दछ।[२०]

प्रशासकीय विभाजन
(Administrative Division)

प्रशासकीय रूपले नेपाललाई निम्नांकित १४ अंचल र ७५ जिल्लाहरूमा विभाजित गरिएको छ—

१. मेची अंचल—मेची अंचल नेपालको सुदूर पूर्वमा पर्ने एक सानो अंचल हो। भारत नेपालको बीचमा सीमानाको रूपमा भएको मेची नदीको नाममा नै यस अंचलको नाम मेची राखिएको छ। यस अंचल अन्तर्गत तापलेजुङ्ग, पाँचथर, इलाम र झापा चार जिल्लाहरू छन्।

२. कोशी अंचल—यो नेपालको एउटा ठूलो अंचल हो। यसको उत्तरमा चीनको तिब्बत प्रदेश, दक्षिणमा भारत, पूर्वमा मेची र पश्चिममा सगरमाथा अंचल पर्दछ। यस अन्तर्गत संखुवासभा, तेह्रथुम, धनकुटा, भोजपुर, सुन्सरी र मोरङ्ग छ जिल्लाहरू पर्दछन्।

३. सगरमाथा अंचल—यो जिल्ला उत्तरमा चीनको तिव्वत प्रदेश र दक्षिणमा भारतसम्म फैलिएको छ। यसको पूर्वमा कोशी अंचल र पश्चिममा जनकपुर अंचल पर्दछ। यस अंचल अन्तर्गत सोलुखुम्बु, ओखलढुङ्गा, खोटाङ्ग, उदयपुर, सिरहा र सप्तरी छ जिल्लाहरू पर्दछन्।

४. जनकपुर अंचल—यो अंचल पनि उत्तरमा चीनको तिव्वत प्रदेश र दक्षिणमा भारतसम्म फैलिएको छ। यसका पूर्वमा सगरमाथा अंचल र पश्चिममा बागमती र नारायणी अंचल पर्दछ। यो अधिराज्यको पूर्वी भागमा पर्ने सबै अंचलहरूभन्दा ठूलो छ। यस अन्तर्गत दोलखा, रामेछाप, सिन्धुली, महोत्तरी, धनुषा र सर्लाही छ जिल्लाहरू पर्दछन्।

५. बागमती अंचल—यस अंचलको सम्पूर्ण भाग पहाड़ी प्रदेश अन्तर्गत नै पर्दछ। यो अधिराज्यको सबैभन्दा विकसित अंचल हो। देशको राजधानी काठमाडौं

---

१९. पू. पा. टिप्पणी, संख्या ७, पृ. ५२–६१

२०. ऐजन पृ. १९०.

यसै अंचल अन्तर्गत नै पर्दछ र सबभन्दा बढ़ी जनघनत्व पनि यसै अंचलको नै छ। यसको उत्तरमा चीनको तिब्बत प्रदेश, दक्षिणमा नारायणी र जनकपुर अंचल, पूर्वमा जनकपुर अंचल र पश्चिममा गण्डकी अंचल पर्दछ। यस अन्तर्गत रसुवा, धादिङ्ग, नुवाकोट, सिन्धुपालचोक, काभ्रेपलाञ्चोक, काठमाडौं, ललितपुर र भक्तपुर आठ जिल्लाहरू छन्।

६. नारायणी अंचल—यस अंचलको उत्तरमा गण्डकी र बाग्मती अंचल, दक्षिणमा भारत, पूर्वमा जनकपुर र पश्चिममा लुम्बिनी अंचल पर्दछ। यस अन्तर्गत बारा, पर्सा, रौतहट, चितवन र मकवानपुर पाँच जिल्लाहरू छन्।

७. गण्डकी अंचल—यो अंचल मध्य नेपालमा पर्दछ। यस अंचलको उत्तरीमा चीनको तिब्बत प्रदेश, दक्षिणमा लुम्बिनी र नारायणी अंचल, पूर्वमा बाग्मती अंचल र पश्चिममा धौलागिरी अंचल छ। यस अन्तर्गत मनाङ्ग, लमजुङ्ग, कास्की गोर्खा, स्याङ्जा र तनहूँ छ जिल्लाहरू छन्।

८. लुम्बिनी अंचल—यो अंचल गण्डकी र धौलागिरी अंचलको दक्षिण, भारतको उत्तर, नारायणी अंचलको पश्चिम र राप्ती अंचलको पूर्वमा पर्दछ। यस अन्तर्गत गुल्मी, अर्घाखाँची, पाल्पा, कपिलवस्तु, रूपन्देही र नवलपरासी छ जिल्लाहरू छन्।

९. धौलागिरी अंचल—यस अंचलको उत्तरमा चीनको तिब्बत प्रदेश, दक्षिणमा लुम्बिनी र राप्ती अंचल, पूर्वमा गण्डकी र पश्चिममा कर्णाली अंचल पर्दछ। यस अन्तर्गत पर्वत, मुस्ताङ्ग, म्याग्दी र बागलुङ्ग चार पहाड़ी जिल्लाहरू छन्।

१०. राप्ती अंचल—यस अंचलको उत्तरमा कर्णाली तथा धौलागिरी अंचल, दक्षिणमा भारत, पूर्वमा धौलागिरी र लुम्बिनी तथा पश्चिममा भेरी अंचल पर्दछ। यस अंचल अन्तर्गत रूकुम, रोल्पा, सल्यान, प्युठान र दाँङ-देउखुरी पाँच जिल्लाहरू छन्।

११. कर्णाली अंचल:—यो अंचल अधिराज्यको सब भन्दा ठूलो अंचल हो। यस अंचलको उत्तरमा चीनको तिब्बत प्रदेश, दक्षिणमा भेरी र सेती अंचल, पूर्वमा धौलागिरी अंचल तथा पश्चिममा सेती अंचल पर्दछ। यस अन्तर्गत हुम्ला, जुम्ला, मुगू, डोल्पा र कालीकोट पाँच जिल्लाहरू छन्।

१२. भेरी अंचल—यस अंचलको उत्तरमा कर्णाली अंचल, दक्षिणमा भारत, पूर्वमा राप्ती अंचल र पश्चिममा सेती अंचल पर्दछ। यस अंचल अन्तर्गत दैलेख, जाजरकोट, सुर्खेत, वर्दिया र बाँके पाँच जिल्लाहरू छन्।

१३. सेती अंचल—यस अंचलको उत्तरमा चीनको तिब्बत प्रदेश र कर्णाली अंचल, दक्षिणमा भारत, पूर्वमा भेरी र कर्णाली अंचल र पश्चिममा महाकाली

अंचलहरू पर्दछन् । यस अन्तर्गत वजाङ्ग, वाजुरा, डोटी, अछाम र कैलाली पाँच जिल्लाहरू छन् ।

१४. महाकाली अंचल—यो अंचल नेपालको सुदूर पश्चिममा पर्दछ । यो अधिराज्यको सबभन्दा सानो अंचल हो । नेपाल र भारतको सीमानामा वग्ने महाकाली नदीको नाममा यस अंचलको नामकरण गरिएको छ । यस अंचलको उत्तरमा चीनको तिब्वत प्रदेश, दक्षिण र पश्चिममा भारत र पूर्वमा सेती अंचल पर्दछ । यस अन्तर्गत दार्चुला, बैतडी, डडेलधुरा र कंचनपुर चार जिल्लाहरू छन् ।

विकास क्षेत्रहरू

(Development Regions)

देशको आर्थिक विकासको क्रममा क्षेत्रीय असन्तुलन हुनु हुँदैन । यसै क्षेत्रीय असंतुलनलाई कम गर्ने तथा देशको सर्वाङ्गीण एवं संतुलित विकासको साथ-साथै क्षेत्रीय-योजना (Regional planning) हरूको संचालनको निमित्त सम्पूर्ण अधिराज्यलाई निम्नांकित पाँच विकास क्षेत्र अन्तर्गत विभाजित गरिएको छ । विकास क्षेत्र, त्यसको केन्द्र तथा त्यसमा पर्ने अंचलहरू निम्न तालिकामा प्रस्तुत गरिएको छ—

तालिका

विकास क्षेत्रहरू	विकास क्षेत्रको केन्द्र	विकास क्षेत्र अन्तर्गत पर्ने अंचलहरू
१. पूर्वाञ्चल विकास क्षेत्र	धनकुटा	मेची, कोशी र सगरमाथा
२. मध्यमाञ्चल विकास क्षेत्र	काठमाडौं	जनकपुर, नारायणी र वाग्मती
३. पश्चिमाञ्चल विकास क्षेत्र	पोखरा	गण्डकी, लुम्बिनी र धौलागिरी
४. मध्य पश्चिमांञ्चल विकास क्षेत्र	सुर्खेत	राप्ती, कर्णाली र भेरी
५. सुदूर पश्चिमाञ्चल विकास क्षेत्र	दिपायल	सेती र महाकाली

Model Questions

(१) नेपालको भौगोलिक बनावटको संक्षिप्त वर्णन प्रस्तुत गर्नुहोस् ।
Give a brief description of the geographical division of Nepal.

(२) नेपालका नदी एवं तालहरूको संक्षिप्त वर्णन प्रस्तुत गर्नुहोस् ।
Give a brief account of Rivers and Lakes of Nepal.

●

अध्याय
: २ :

नेपालको अर्थ-व्यवस्थाका प्रमुख विशेषताहरू

(Main Characteristics of Nepalese Economy)

विश्वका अन्य विकसित एवं विकासशील अर्थव्यवस्थाको तुलनामा हामी पिछड़िएका छौं भन्ने कुरा हाम्रो अर्थव्यवस्थाको विशेषताहरूको अध्ययनद्वारा प्रष्ट हुन आउँछ। हाम्रो अर्थव्यवस्थाका प्रमुख विशेषताहरू निम्न अनुसार प्रस्तुत गरिएका छन्—

१. **कृषिमा आधारित अर्थ-व्यवस्था** (Agro-based economy) :—अन्य विकासशील मुलुकको अर्थव्यवस्था झैं हाम्रो अर्थ-व्यवस्था पनि कृषिमा आधारित अर्थ-व्यवस्था नै हो । कुल गार्हस्थ्य उत्पादन (G.D.P.) को ५६ प्रतिशत केवल कृषि क्षेत्रबाट नै प्राप्त हुन्छ । विकसित देशहरूमा गार्हस्थ्य उत्पादनमा कृषि क्षेत्रको योगदान २ प्रतिशतदेखि ५ प्रतिशतसम्म नै हुन्छ । उद्योग एवं सेवा क्षेत्रको विकास नभएकोले कुल उत्पादनमा यी क्षेत्रहरूको योगदान नेपालमा नगण्य नै छ । अर्को कुरो के छ भने हाम्रो कुल जनसंख्याको अत्यधिक भाग (९१ प्रतिशत भन्दा पनि बढ़ी) कृषि क्षेत्रबाट नै आफ्नो जीविकोपार्जन गर्दछन् । विभिन्न देशको कुल राष्ट्रिय उत्पादन (G. D. P.) मा कृषि क्षेत्रको योगदान एवं कृषि क्षेत्रमा आधारित जनसंख्याको प्रतिशत निम्न तालिका नं २·१ मा प्रस्तुत गरिएको छ—

तालिका २ : १

देशहरू	देशको कुल गार्हस्थ्य उत्पादनमा कृषि क्षेत्रको योगदान (प्रतिशतमा) सन् १९८४	कृषि क्षेत्रमा आधारित जनसंख्या (प्रतिशतमा) सन् १९८०
नेपाल	५६	९१❀
वंगलादेश	४८	७५
वर्मा	४८	५३
भारत	३५	७०
चीन	३६	६९
श्रीलंका	२८	५३
पाकिस्तान	२४	५५
यूनाइटेड किंगडम	२	३

❀ १९८१ जनगणना अनुसार

जापान	२	११
अमेरिका	२	४

(स्रोत—नेपालको जनगणना प्रतिवेदन सन् १९८१ तथा वर्ल्ड व्याङ्क, वर्ल्ड डिभलोपमेंट रिपोर्ट १९८६, पृष्ठ १८४-८५ र पृष्ठ २३८-३९ ।)

कुल गार्हस्थ्य उत्पादनको ५६ प्रतिशत कृषि क्षेत्रको योगदानको साथ-साथै ९१ प्रतिशत जनसंख्याको कृषि क्षेत्रमा निर्भरता भन्ने कुरोबाट हाम्रो अर्थ व्यवस्था आधारभूत रूपले कृषि वा भूमि मैं आधारित छ भन्ने कुरो स्वतः नै सिद्ध हुन आउँछ । यस्तो परिस्थितिमा स्वाभाविक रूपले नै हाम्रो कुल जनसंख्याको वढी भाग ९३·६ प्रतिशत गाउँमा नै वस्दछन् र शहरमा जनसंख्याको केवल ६·४ प्रतिशत भाग नै वंसोवास गर्ने हुनाले अर्थ-व्यवस्था मुख्य रूपले ग्रामीण प्रकृति (Pre- dominantly of Rural character) को नै छ ।[1] विकसित मुलुकहरूमा ठीक यसको विपरीत परिस्थिति पाइन्छ । भारतमा कुल जनसंख्याको २५ प्रतिशत, चीनमा २२ प्रतिशत, श्रीलंकामा २१ प्रतिशत, पाकिस्तानमा २९ प्रतिशत, वंगलादेशमा १८ प्रतिशत, इंगलैंडमा ९२ प्रतिशत, जापानमा ७६ प्रतिशत र अमेरिकामा ७६ प्रतिशत मानिस शहरमा वसोवास गर्दछन् ।[2]

कृषि क्षेत्रमा पनि ९१ प्रतिशत मानिसद्वारा देशको कुल उत्पादनको ५६ प्रतिशत उत्पादन हुन्छ भन्ने कुरोद्वारा कृषि क्षेत्रको स्थिति पनि दयनीय छ भन्ने कुरो सिद्ध हुन आउँछ । कम उत्पादकताले गर्दा यस क्षेत्रमा लागेका मानिसहरूको आप अत्यधिक कम छ फलस्वरूप यस पेशामा लागेका मानिसहरूको जीवनस्तर अत्यन्तै चिन्ताजनक स्थितिमा छ ।

२. निरपेक्ष गरीबी (Absolute Poverty)—नेपालका अधिकांश जनता निरपेक्ष रूपले गरीव छन् । अधिकांश जनताको आय न्यूनतम जीवन निर्वाहको खर्च भन्दा पनि कम छ र उनीहरूको खानामा अस्तित्व रक्षाको लागि आवश्यक पर्ने कैलरीको अत्यधिक नै अभाव छ । देशमा ९१ प्रतिशत मानिस कृषि पेशामा लागेका छन् । देशको कुल किसान परिवारहरूमध्ये ६८·८ प्रतिशत किसान परिवारहरू साना एवं मध्यम दर्जाका किसानहरू छन् । यी किसानहरूको औसत प्रतिव्यक्ति दैनिक आय १ रु० २५ पैसा मात्र पर्दछ ।[3] यस आधारमा ती सवै (६९ प्रतिशत) मानिसहरू निरपेक्ष गरीवी रेखा मुनि छन् भन्न सकिन्छ । पुनश्च १९७६-७७ ई० मा राष्ट्रिय योजना आयोगद्वारा गरिएको रोजगारी, आय, वितरण एवं उपभोगको

---

१. जनगणना प्रतिवेदन, १९८१

२. वर्ल्ड व्याङ्क, वर्ल्ड डिभलोपमेंट रिपोर्ट १९८६, पृ० २४०-४१ ।

३. श्रेष्ठ बी० पी० एन्ड जैन एस० सी०, रिजनल डेभलोपमेंट इन नेपाल, डिभलोपमेंट पब्लियट, डेलही- १९७८, पृष्ठ ६

ढाँचा सम्बन्धी गरिएको सर्वेक्षणद्वारा पनि हाम्रो गरीबीको व्यापकता प्रष्ट हुन आउँछ। यस सर्वेक्षण अनुसार न्यूनतम जीवन निर्वाह खर्चलाई प्रतिव्यक्ति प्रतिदिन रु० २ मानिएको आधारमा पनि हाम्रो कुल जनसंख्याको ४०·२६ प्रतिशत मानिस दरिद्रताको सीमा रेखा भन्दा तल नै परेको छ। यसरी प्रतिव्यक्ति आय एवं उपभोग दुवै दृष्टिकोणले देशमा व्यापक रूपले गरीबी फैलिएको देखिन्छ। प्रतिव्यक्ति आयको तुलना विश्वका अन्य विकासशील एवं विकसित मुलुकहरूसँग तुलना गर्दा हाम्रो दरिद्रताको व्यापकता अझै प्रष्टिन्छ। सन् १९८४ ई० को तथ्याङ्क अनुसार हाम्रो प्रतिव्यक्ति वार्षिक आय १६० डलर छ भने भारतमा २६० डलर, चीनमा ३१० डलर, श्रीलंकामा ३६० डलर, पाकिस्तानमा ३८० डलर, जापानमा १०,६६० डलर, इंगलैंडमा ८,५७० डलर, यूनाइटेड अरब इम्पायर्समा २१,९६० र अमेरिकामा १५,३९० डलर छ।[2] यस प्रकारको निरपेक्ष गरीबीको स्थितिमा मानिस आफ्नो आमदानीको अधिकांश भाग खाद्यान्न एवं अन्य आवश्यकीय आवश्यकताहरूमा खर्च गर्दछन्। यसरी शिक्षा, स्वास्थ्य मनोरञ्जन आदिमा खर्च गर्न नसक्ने हुनाले कार्य क्षमतामा कमी हुन गई पुनः आय घट्न जान्छ। यसरी[4] "गरीबीले गर्दा गरीबी छ (A country is poor because it is poor) भन्ने रैगनर नर्क्स (R. Nurkse) को विशालू-चक्र (Vicious Circle) हाम्रो देशमा पनि पूर्ण रूपले वर्तमान छ।

३. मिश्रित अर्थ-व्यवस्था (Mixed Economy)—नेपालले समाजवाद एवं पूंजीवादको दुर्गुणबाट बाँच्न र दुवैको गुणहरूबाट फाइदा होस् भन्ने दृष्टिकोण राखेर मिश्रित अर्थ-व्यवस्थाको सिद्धान्त अपनाएको छ। यसै कारण हाम्रो अर्थ व्यवस्थामा सरकारी क्षेत्र (Public Sector) को साथ-साथै निजी-क्षेत्र (Private Sector) पनि छ। हाम्रो तेस्रो क्षेत्र पंचायत क्षेत्र हो। तुलनात्मक दृष्टिले सरकारी क्षेत्र भन्दा निजी क्षेत्र नैं बढ़ी व्यापक क्षेत्र (Dominant Sector) को रूपमा छ। सातौं योजनामा निजी क्षेत्रको योगदानलाई दीर्घकालीन राष्ट्रिय हितको सम्बर्द्धन गर्नमा निर्देशित गर्न सकियोस् भन्ने उद्देश्य लिइएको छ।

४. जनसंख्याको दबाव (Population Pressure)—हाम्रो जनसंख्याको वार्षिक वृद्धि दर अत्यन्तै बढ़ी छ। सन् १९८१ को जनगणना अनुसार यहाँको जनसंख्याको सरदर. वार्षिक वृद्धि २·७ प्रतिशत हुन गएको छ। यो वृद्धि–दर कायमरहेमा नेपालको जनसंख्या आगामी २७ वर्षमा नै दोब्बर हुन्छ भन्ने अनुमान गरिएको छ। यो वृद्धि–दर सबै छिमेकी मुलुकहरूको दाँजोमा बढी छ। हाम्रो आर्थिक

---

[4] पू० पा० टिप्पणी सं० २, पृ० १८०

विकास–दर केवल ४·४ प्रतिशत मात्र छ भन्ने अनुमान गरिएको छ ।[5] जनसंख्याको वृद्धिले गर्दा उपभोगको मात्रामा वृद्धि नहुने हुनाले जीवन स्तरमा सुधार हुँदैन र वचतको अभावले गर्दा पूंजी निर्माणमा समेत ठूलो बाधा उपस्थित हुन जान्छ । फलस्वरूप आर्थिक विकासको गति नै अत्यधिक कम हुन्छ । पुनश्च जनसंख्याको यस दवावले गर्दा भूमिको उपविभाजन एवं अपखण्डन (Sub-division and Fragmentation of Land) पनि दिनानुदिन वढ्दैं गएको छ र हाम्रो मानव भूमि अनुपात (Man-Land Ratio) धेरैं नै प्रतिकूल हुँदै गएको हुनाले कृषि विकासमा ठूलो तगारोको रूपमा उपस्थित भएको छ । नेपालमा प्रतिव्यक्ति कृषि योग्य भूमि ०·१८ हेक्टर मात्र पर्दछ । प्रतिव्यक्ति कम जग्गा भएको हुनाले जोतको आकार अनार्थिक (Uneconomic Holding) हुन गएको हुनाले कृषि प्रविधिमा सुधार गर्न कठिन भएको छ ।

५. पूँजीको अभाव एवं परम्परागत उत्पादन प्रविधि (Insufficiency of capital and traditional technique of Production)—अर्थ व्यवस्थाको प्रत्येक क्षेत्रमा उत्पादन एवं उत्पादकत्वको स्तर अत्यन्तै निम्न छ । यसको प्रमुख कारण देशमा पूंजीको अभाव एवं परम्परागत उत्पादन प्रविधि नै हो । पूंजीको अभावको स्थितिमा उत्पादन प्रविधिमा सुधार हुन सक्तैन । नेपालमा अन्य विकासशील मुलुकहरू झैं विभिन्न सावधिक योजनाहरू अन्तर्गत धेरै प्रयास गरिए तापनि वचत एवं लगानीको स्तर अत्यन्तै निम्न भएकोले पूंजीको धेरैं नैं अभाव छ । सन् १९८४ को तथ्याङ्क अनुसार हाम्रो कुल राष्ट्रिय आय (G. D. P.) को केवल १० प्रतिशत कुल गार्हस्थ्य-वचत (Gross Domestic Savings) र १९ प्रतिशत कुल-गार्हस्थ्य-लगानी (Gross Domestic Investment) हुन्छ जो अन्य देशको दाँजोमा धेरैं नैं कम छ[6] । जनतालाई निम्नतम उपयोग स्तरको लागि आवश्यक हुने आयको तुलनामा वढी आयको अभावको साथ-साथै समाजमा धनी एवं भूमिपतिहरूद्वारा धेरैं नैं अनुत्पादक खर्चले गर्दा देशको पूंजी निर्माणमा बाधा उपस्थित हुन्छ र परम्परागत उत्पादन प्रणाली हालसम्म कायमै छ ।

६. उच्च गुण-स्तरको मानव पूँजीको अत्यधिक अभाव (Acute shortage of high quality man-power) :—अन्य विकासशील देशहरू झैं नेपालमा उच्च गुण-स्तरको मानव पूंजीको अत्यधिक अभाव छ । गरीवी, कुपोषण एवं स्वास्थ्य सुविधाहरूको अभावले गर्दा जनताको स्वास्थ्य राम्रो छैन र सरदर आयु पनि अन्य देशको तुलनामा धेरैं कम (पुरुषको सरदर आयु ४७ र महिलाको सरदर आयु

---

५. राष्ट्रिय योजना आयोग, सातौं योजना, पृ० ५

६. पू० पा० टिप्पणी संख्या २, पृ० १८८

४६) छ । हालसम्म कुल जनसंख्याको केवल २९ प्रतिशत साक्षरता भएको हुनाले देशमा व्यापक रूपले निरक्षरता व्याप्त छ । देशमा शिक्षक, स्कूल भवन, पुस्तक एवं अन्य पाठ्य सामग्रीहरूको अभाव एवं कुव्यवस्थाको स्थितिमा उच्च-श्रेणीको श्रम-शक्तिको सृजना हुन सक्तैन । फलस्वरूप आर्थिक विकासको निमित्त योजना अवधिहरूमा संचालन परियोजनाहरूमा प्राविधिज्ञहरूको अभाव हुन गई लक्ष्य अनुरूपको प्रगति हुँदैन । पुनश्च शिक्षाको अभावले गर्दा देश विकासको लागि अपरिहार्य हुने साहसी एवं व्यवस्थापक (Entrepremeuv and manager) को धेरै नै अभाव हुन्छ । देशमा यस वर्गको अभावले गर्दा उत्पादन कार्यमा लगानी एवं त्यसको व्यवस्थापनको कार्य हुन सक्तैन ।

७. **बेरोजगारी र अर्धबेरोजगारीको समस्या** (Problem of unemployment and under-employment) :—नेपालको अर्थव्यवस्थामा व्यापक बेरोजगारी एवं अर्धबेरोजगारीको स्थिति छ । पहाड़मा एक हेक्टर कृषि योग्य भूमिमा १० मानिस र तराईमा एक हेक्टर कृषि योग्य भूमिमा ४ मानिस पर्दछन् । कृषि क्षेत्रमा आवश्यकभन्दा ४८ प्रतिशत श्रमिक बढ़ी छन् ।[7] यी श्रमिकहरू कृषि क्षेत्रमा व्यस्त भए तापनि बाह्रै महिना काम पाउँदैनन् । यी श्रमिकहरूको उत्पादकता शून्यको वरावर छ अर्थात् यी श्रमिकहरूलाई कृषि क्षेत्रबाट अन्य क्षेत्रमा पठाउँदा पनि कृषि उत्पादनमा कमी हुँदैन । यसरी कृषि क्षेत्रको बेरोजगारी खुला बेरोजगारी (Open unemployment) नभई लुकेको बेरोजगारी (Disguised unemployment) देखिन्छ ।

राष्ट्रिय योजना आयोगको आय, रोजगार र उपभोग सम्वन्धी एक स्याम्पल (छनौट) सर्वेक्षणको प्रतिवेदन २०३५ अनुसार राष्ट्रिय औसत बेरोजगारीको दर ५·६२ प्रतिशत भएको र ग्रामीण र शहरी क्षेत्रमा अर्धबेरोजगारी क्रमशः ६३·०७ प्रतिशत र ४४·७१ प्रतिशत भएको अनुमान गरिएको छ[8] र अर्धबेरोजगारीको अवस्थामा रहेका व्यक्तिहरू केवल ४० प्रतिशत काम गर्ने समयसम्म मात्र काममा बिताउने आधारमा छैटौं योजना अवधिमा ३६ लाख ५७ हजार व्यक्तिहरूलाई रोजगारीको अवसर प्रदान गर्नुपर्ने देखिएको थियो । छैटौं योजना अवधिमा सरकारी, पंचायत तथा निजी क्षेत्र अन्तर्गत १७,७२,८३९ (श्रमवर्ष) रोजगारी सृजना गर्ने लक्ष्य राखिएको थियो । तर योजना अवधिमा लक्षित गरिएको सरकारी क्षेत्रको लगानी तथा निजी क्षेत्रको लगानी समेत वांछित मात्रामा हुन नसकेबाट रोजगारी

---

[7] ७. पू. पा. टिप्पणी संख्या ३, पृ. १४

[8] ८. राष्ट्रिय योजना आयोग, छैटौं योजना पृ. १४९-५०

सृजनाको संख्यात्मक लक्ष्यहरू सम्पूर्ण रूपमा हासिल हुन सकेनन् । कृषि एवं उद्योग क्षेत्रमा व्यापक रूपमा सुधारहरू हुन नसक्नाले अर्धवेरोजगारीको अवस्थामा समेत कुनै उल्लेखनीय परिवर्तन हुन सकेको छैन[९] । पुनश्च प्रत्येक वर्ष २ लाखको दरले सक्रिय जनसंख्यामा पनि वृद्धि हुँदैछ र विभिन्न कारणहरूले गर्दा शैक्षिक वेरोजगारी पनि वढ्दै गएको छ । यी सबै तथ्यहरूद्वारा देशमा रोजगारी सम्वन्धी स्थिति अत्यन्तै गम्भीर एवं चुनौतीपूर्ण देखिन्छ ।

८. जातिवाद, वर्गवाद एवं अन्धविश्वास (Cast-class feeling and superstition) :—समाजमा अशिक्षाले गर्दा जाति प्रथा एवं वर्गवादको प्रधानता छ । अधिकांश जनता अन्धविश्वासी छन् । विकासको लागि परिश्रमभन्दा भाग्य नै वढ़ी महत्त्वपूर्ण कुरो हो भन्ने जनताको भ्रामक विश्वासको स्थितिमा काम प्रति नैतिकता (Work Ethics) को अभावको स्थिति देखापर्दछ । यस प्रकारको स्थितिमा आर्थिक विकास हुन सक्तैन ।

९. राष्ट्रिय अर्थ-व्यवस्थामा आर्थिक दृष्टिले पारस्परिक निर्भरताको अभाव (Lack of economic inter dependence in the National economy):– देशका अधिकांश पहाड़ी जिल्लाहरू यातायातको सुविधाले वंचित छन् । यातायात एवं सम्पर्क व्यवस्थाको पूर्णतया अभाव भएकोले यी जिल्लाहरू देशको अन्य भागहरूसँग असम्वद्ध (Isolated) हुन गएको छ । यी पहाड़ी जिल्लाहरूमा उत्पादन गरिएका माल सामानहरू वाहिर जान सक्तैन र वाहिरवाट उत्पादन भएको आवश्यक सामानहरू पनि यी जिल्लाहरूमा पुग्दैन । तराई भागको वजार पहाड़ी जिल्लाको वजारभन्दा भारतको विहार र उत्तर प्रदेशको वजारसँग वढ़ी सम्वद्ध छ । यस प्रकार देशमा वृहत् राष्ट्रिय वजार (Extensive National Market) को अभाव छ । फलतः तराई भागमा उत्पादन भएको अतिरिक्त खाद्यान्न पहाड़ी भागको न्यून खाद्यान्न क्षेत्र (Deficit Food-grain Area) मा नगएर भारत र वङ्गलादेशमा निर्यात हुन्छ र विदेशवाट आयात गरिएको खाद्यान्न पहाड़ी भागहरूमा वितरण गर्नुपर्ने हुन्छ । राष्ट्रिय अर्थव्यवस्थामा यस समन्वयको अभावले गर्दा देशको विभिन्न भागहरूमा भएको प्राकृतिक एवं अन्य आर्थिक श्रोतहरूको आदर्शतम उपयोग हुन पाउँदैन ।

१०. असंतुलित व्यापार संतुलन (Unfavorable Trade Balance) :— जनसंख्या वृद्धिले गर्दा उपभोग्य वस्तुहरूको माँगमा वृद्धि हुँदै गएको साथ-साथै पंचवर्षीय आर्थिक योजनाहरूको कार्यान्वयनले गर्दा पूँजीगत एवं निर्माण सामग्रीहरूको आवश्यकता वढ्दै गएको हुनाले आयात दिनानुदिन वढ्दै गएको छ । तर

---

[९] पू. पा. टिप्पणी संख्या ५. पृ. १५८

निकासी योग्य वस्तुहरूको सीमितता, अनिश्चितता, गुण-स्तरको कमी अन्तर्राष्ट्रिय बजारको ज्ञानको कमी, भूपरिवेष्ठित अवस्था र ढुवानी भाड़ाको कारणले प्रतिस्पर्द्धात्मक क्षमताको अभावले गर्दा निर्यातमा आयातको अनुपातमा वृद्धि हुन नसकेकोले हाम्रो व्यापार घाटा दिनानुदिन बढ्दै गएको देखिन्छ। सन् १९८१-८२ ई० मा व्यापार घाटा (Trade Deficit) रु० ३४३९,८ मिलियन थियो जो १९८४-८५ मा बढ़ेर रु० ५००१·५ मिलियन पुग्न गएको छ[10]। विदेशी व्यापारमा भइरहेको निरन्तर घाटाले गर्दा हाम्रो भुक्तानी सन्तुलनमा नकारात्मक अवस्था उत्पन्न हुन गएको छ। फलतः निकासी व्यापारलाई उच्चतम प्राथमिकता प्रदान गरी एक महत्त्वपूर्ण आर्थिक विकासको क्षेत्रको रूपमा परिचालन गर्न विभिन्न नीतिगत तथा प्रक्रियागत सुधारका कार्यक्रमको संचालन गर्नु आवश्यक भएको छ।[11]

११. भारत व्यापारको सबभन्दा ठूलो भागीदारको रूपमा (India as the largest trading partner):—अन्तर्राष्ट्रिय व्यापारको सन्दर्भमा भारत नेपालको सबभन्दा ठूलो भागीदारको रूपमा देखापर्दछ। सन् १९८४-८५ ई० मा नेपालबाट भारतमा रु० १६०१·७ मिलियनको निर्यात भयो जो कुल निर्यात (रु० २७४०·६ मिलियन) को ५८·५ प्रतिशत हुन आउँछ। त्यसै गरी सोही वर्षमा भारतबाट रु०

नेपालको अर्थ व्यवस्थाका प्रमुख विशेषताहरू

(१) कृषिमा आधारित अर्थव्यवस्था
(२) निरपेक्ष गरीबी
(३) मिश्रित अर्थव्यवस्था
(४) जनसंख्याको दवाव
(५) पूंजीको अभाव
(६) उच्च गुण-स्तरको मानव पूंजीको अभाव
(७) बेरोजगारी र अर्ध बेरोजगारीको अत्यधिक समस्या
(८) जातिवाद, वर्गवाद एवं अन्ध विश्वास
(९) राष्ट्रिय अर्थव्यवस्थामा आर्थिक दृष्टिले पारस्परिक निर्भरताको अभाव
(१०) असंतुलित व्यापार संतुलन
(११) भारत व्यापारको सबभन्दा ठूलो भागीदार
(१२) विदेशी सहायता निर्भरता

---

१०. सी. वी. एस., स्टैटिस्टिकल पकेट बुक, नेपाल १९८६, पृ. २०५

११. पू. पा. टिप्पणी, संख्या ५, पृ. १८३

३८९५·८ मिलियनको विभिन्न माल सामानहरूको आयात भयो जो त्यस सालको कुल आयात रकम (रु० ७७४२·१ मिलियन) को ५०·३ प्रतिशत हुन आउँछ।[12] यसरी भारत हाम्रो व्यापारको सबभन्दा ठूलो भागीदार हो।

१२. **विदेशी सहायतामा निर्भरता** :—हाम्रो अर्थव्यवस्था मुख्य रूपले विदेशी सहायतामा आश्रित रहेको छ। हरेक आर्थिक योजनामा हामीले योजना खर्चको ४० देखि ६० प्रतिशतसम्म खर्चको लागि विदेशी सहायतामा निर्भर रहनु परेको छ।

Model questions

1. Describe the main characteristics of Nepalese economy.
   नेपालको अर्थ-व्यवस्थाको प्रमुख विशेषताहरूको वर्णन गर्नुहोस्।

---

१२. पू. पा. टिप्पणी संख्या १०, पृ. २०५

अध्याय
: ३ :

प्राकृतिक सम्पदा
(Natural Resources)

प्राकृतिक स्रोतको अर्थ :—मानव जीवनको इतिहासमा प्राकृतिक सम्पदा नै सबभन्दा प्राचीन एवं महत्त्वपूर्ण स्रोतको रूपमा रहेको छ । हाम्रो आर्थिक जीवनमा प्राकृतिक सम्पदाको धेरै नै महत्त्वपूर्ण स्थान हुन्छ । यी स्रोतहरू मानव निर्मित हुँदैनन् । यी श्रोतहरू वास्तवमा प्रकृतिकै स्तित्वको अंगको रूपमा पृथ्वीको धरातल मुनि, धरातलमा र धरातलभन्दा माथि पाइन्छ । फलतः यसलाई हामी प्राकृतिक सम्पदा भन्दछौं । संयुक्त राष्ट्रको एक अध्ययन अनुसार प्राकृतिक वातावरणभित्र मानिसको लाभको निमित्त प्रयोग हुन सक्ने सम्पूर्ण श्रोतहरूलाई प्राकृतिक स्रोत भन्दछन् । यस वृहत अर्थमा तेल, कोइला, यूरैनियम, ग्याँस, भूगर्भ स्थित जल-श्रोत, बोटबिरुवाहरूलाई पोषक तत्त्व दिने माटो, घर, बाटो-घाटो र रेलमार्ग आदि बनाउनका लागि उपलब्ध धरातल, मानव जीवनको लागि आवश्यक हुने हावा, पानी, घाम आदि सबै प्राकृतिक श्रोत अन्तर्गत नै आउँछन् ।[1] हाम्रो दैनिक आवश्यकता एवं आकांक्षामा वृद्धिले गर्दा मानवहितमा यी प्राकृतिक स्रोतहरूको उपलब्धिको मात्रा सबै देशहरूमा समान छैनन् । प्राकृतिक श्रोतहरूको बारेमा जानकारीको अभाव पनि छ । प्राकृतिक श्रोतहरूको जानकारीको मात्रा हाम्रो आवश्यकताको तुलनामा अत्यन्तै कम देखिन्छ ।

प्राकृतिक स्रोतको महत्व—कुनै पनि देशको आर्थिक विकास एवं जनताको जीवन स्तर प्राकृतिक श्रोतको उपलब्धिमा धेरै नै निर्भर गर्दछ । उब्जाउ भूमि, पर्याप्त मात्रामा खानी र जल-स्रोत हुने देशहरूको आर्थिक विकासमा बाधा अड्चन कम हुने भएकोले ती देशहरूको जीवन स्तरमा छिटो नै सुधार हुन जान्छ । प्राकृतिक सम्पदा पर्याप्त मात्रामा उपलब्ध भएमा मानिसहरूको लागि खाद्यान्न एवं कारखानाहरूको लागि कच्चा पदार्थहरू सजिलोसित उपलब्ध हुन्छ । खानीजन्य पदार्थहरूको निर्यातबाट प्रशस्त मात्रामा विदेशी मुद्रा कमाउन सकिन्छ ।

प्राकृतिक सम्पदाको उपलब्धि कुनै पनि देशको आर्थिक विकास एवं जीवनस्तरलाई प्रभावित गर्नका साथ–साथै देश उद्योग प्रधान हुन्छ वा कृषि प्रधान भन्ने

---

[1] यूनाइटेड नेशन्स, नेचुरल रिसोर्सेज अफ डेभलोपिंग कन्ट्रीज : इनभेस्टिंगेसन, डेभलोपमेंट एण्ड रिजनल यूटिलाइजेशन, न्यूयोर्क, १९७०, पृष्ट ४-५

कुरोलाई पनि प्रभावित्र गर्दछ। देशको माटो मलिलो छ तथा सिंचाईका साधनहरू पर्याप्त छन् भने देश कृषि प्रधान नै हुन जान्छ। यसको विपरीत खनिज सम्पदा काफी मात्रामा उपलब्ध छ भने देश उद्योग प्रधान हुन जान्छ।

यसरी प्राकृतिक श्रोत जुन देशमा जति ज्यादा मात्रामा हुन्छ त्यस देशको आर्थिक विकास पनि उति नै छिटो हुन्छ। तर प्राकृतिक श्रोतको उपलब्धिको अभावबाट आर्थिक विकासमा उत्पन्न हुने वाधाहरूलाई प्राविधिक परिवर्तन, सस्तो यातायात व्यवस्था, नयाँ श्रोतहरूको खोजी आदि मानवीय प्रयत्नहरूद्वारा हटाउन सकिंदैन भन्ने कुरो पनि होइन। इंगल्याण्डको भौगोलिक परिस्थिति कपास उत्पादनको लागि अनुकूल नभए तापनि धेरै दिनसम्म त्यहाँको लंकाशामर, मैंनचेस्टर, रोशल्याण्ड आदि ठाउँहरू विश्वका प्रमुख सूती कपड़ा उत्पादकको रूपमा रहेको पाइन्छ। जापानको स्टील उद्योग मुख्य रूपले आयात गरिएको कच्चा फलाममा नै निर्भर गर्दछ। त्यसै गरी इजरायलको मरुभूमिलाई भारी मात्रामा पूंजी लगानी, विज्ञान एवं नयाँ प्रविधिको प्रयोगद्वारा हरियो बगैंचाको रूपमा परिवर्तित गरिएको छ। कुरो कति मात्र हो भने प्राकृतिक स्रोतको उपलब्धि पर्याप्त मात्रामा भएमा देशको आर्थिक विकासमा वाधाहरू उत्पन्न हुँदैन।

प्राकृतिक स्रोतहरू मुख्यतया निम्नांकित तीन प्रकारका हुन्छन्—

(क) अविनाशी प्राकृतिक स्रोत (Inexhaustible Natural Resources)– केही यस्ता प्राकृतिक स्रोतहरू हुन्छन् जसलाई उचित तरीकाले प्रयोग गरेमा नाश हुँदैंनन्; ज़स्तो हावा, माटो आदि।

(ख) पुनः उत्पादनीय (Renewable Natural Resources) :—केही यस्ता प्राकृतिक स्रोतहरू पनि हुन्छन् जसको परिपूर्ति प्रयोगको क्रममा स्वतः नै भैं रहन्छ; जस्तो पानी, चरन (Pasture) आदि।

(ग) निश्चित एवं पुनः उत्पादन हुन नसक्ने, प्राकृतिक स्रोतहरू (Fixed and Non–renewable Natural Resources) :—केही यस्ता प्राकृतिक स्रोतहरू पनि हुन्छन् जसको भण्डार निश्चित मात्रामा हुन्छ र प्रयोग गरेमा त्यो समाप्त भएर जान्छ र यसको पुनः उत्पादन हुँदैन। यसको निर्माणमा धेरै लामो जैविक-समय (Geologic Period) लाग्दछ; जस्तो कोइला, पेट्रोल आदि।

नेपालको खनिज साधन, शक्ति साधन एवं वन सम्पदा जस्ता प्राकृतिक साधनहरूको विवेचना आगामी अध्यायहरूमा प्रस्तुत गरिन्छ।

खनिज साधन
(Mineral Resources)

आदि कालदेखि नै खनिज साधनद्वारा नै हाम्रो दाउरा, घर बनाउने समान,

सिक्काहरू निर्माण गर्ने धातु, वहुमूल्य रत्न, सुन-चाँदी, औषधि आदिको आवश्यकताको पूर्ति हुँदै आएको छ। आधुनिक युगको निर्माणमा पनि खनिजको ठूलो योगदान छ। कपालमा लगाउने तेलदेखि जुत्तामा लगाउने पालिससम्म हामीले, प्रयोग गरेको सबै वस्तुहरूमा केही न केही मात्रामा खनिज साधनको प्रयोग अवश्य नै भएको हुन्छ। यस साधनको उपयोगको आधारमा आधुनिक सभ्यताको विकासको माप गर्न सकिन्छ भन्ने कुरोमा कुनै अत्युक्ति छैन। उद्योग, यातायातका साधन, कृषि एवं प्रविधि जस्ता अर्थ व्यवस्थाका विभिन्न क्षेत्रहरूको विकासको निमित्त यो साधन आवश्यक नै हुन्छ। यसै साधनलाई प्रयोग गरी विश्वका धेरै जसो मुलुकहरूले आफ्नो औद्योगिक विकास गरेका छन्। फलतः ती देशहरूमा उत्पादन, रोजगारीको अवसर एवं जनताको जीवन स्तर समेतमा वृद्धि हुन गएको पाइन्छ। आज प्राकृतिक सम्पदाको प्रयोगको ८० प्रतिशत केवल खनिज साधनबाट नै उपलब्ध हुन्छ।[2]

८०%

नेपालको आर्थिक जीवनमा खनिजको महत्व

(Importance of minerals in the economic life of Nepal)

हाम्रो आर्थिक जीवनको कुनै पनि क्षेत्रको विकास खनिज साधनको अभावमा सम्भव छैन। देशको आर्थिक जीवनको विभिन्न क्षेत्रहरूमा खनिज साधनको महत्व निम्न प्रस्तुत गरिएको छ—

१. औद्योगिक विकास (Industrial Development)—हाम्रो उद्योग धन्धा अत्यन्त नै प्रारम्भिक अवस्थामा छ। अधिराज्यको पूर्वी तराई एवं काठमाडौं उपत्यकामा नै केही उद्योगहरू केन्द्रित भएका छन्। देश उद्योग-धन्धाले पिछड़िएको कारणहरू मध्ये खनिज साधनको अभाव पनि एक प्रमुख कारण हुन गएको देखिन्छ। आधुनिक उद्योगहरूलाई कोइला, पेट्रोल र कच्चा फलाम धेरै मात्रामा आवश्यक हुन्छ। केही मात्रामा उद्योग-धन्धाहरूलाई मैंगनीज, कोमाइट, अलमुनियम, तामा, सींसा (Lead), जस्ता (Zink) को पनि आवश्यकता पर्दछ। सन् १९८३ को तथ्याङ्क अनुसार हामी आफ्नो कुल आयातको ११ प्रतिशत दाउरा (Fuel) र १५ प्रतिशत मेशीन र यातायातका वस्तुहरू तथा ५६ प्रतिशत अन्य उद्योग निर्मित वस्तुहरूको आयात गर्दछौं[3]। खनिज साधनको विकास भएमा हामीले उद्योग धन्धा देशभित्रै स्थापना गर्न सक्छौं र यी वस्तुहरूको आयात गरी रहन पर्दैन।

---

२. मल्ल यू० एम० एण्ड श्रेष्ठ सी० बी०, एनभाइरौनमेंटल रिसोर्स मेनेजमेंट इन नेपाल, काठमाडौं, १९८३, पृष्ठ–१०३।

३. वर्ल्ड ब्याङ्क, वर्ल्ड डिभलोपमेंट रिपोर्ट १९८६, पृष्ठ २००

२. **कृषि विकास** (Agricultural Development)—नेपाल एक कृषि प्रधान देश हो । कृषि विकासद्वारा सम्पूर्ण अर्थव्यवस्थाको विकासलाई टेवा दिन सकिन्छ । खानी विकासद्वारा कृषि विकासको निमित्त आवश्यक पूर्वाधारको निर्माण हुन सक्दछ । कृषि विकासलाई चाहिने हलो, कोदालो, पस्नी आदि ट्रैक्टर, थ्रेशर, पम्पिगसेट आदि सबै वस्तुहरूको निर्माण फलामद्वारा नै हुन्छ । विभिन्न प्रकारको रासायनिक मलको उत्पादनको लागि आवश्यक पर्ने पेट्रोलियम एवं पाइराइट जस्ता वस्तुहरू खानीद्वारा नै उपलब्ध हुन्छ । खानीको विकास भएमा यी वस्तुहरूको उपलब्धिमा वृद्धि हुन्छ र कृषि विकास छिटो हुन जाने छ ।

३. **उपभोग्य वस्तुहरूको आपूर्ति** (Supply of consumption goods)—हामीले धेरैजसो उपभोग्य वस्तुहरूको आपूर्ति विदेशबाट आयात गरी गर्नु परेको छ । हाम्रो कुल आयातको ५६ प्रतिशत उद्योग निर्मित वस्तुहरू नै हुन आउँछ । देशमा खनिज साधनको विकास भएमा दैनिक उपभोगमा आउने छड़, सिमेंट, कर्कटपाता, पाइप आदि वस्तुहरू देशभित्रै बन्न प्रारम्भ भएमा यी वस्तुहरू खर्च हुने विदेशी मुद्राको बचत हुन जान्छ । त्यसै गरी नेपालमा स्लेट खनिजलाई घर बनाउने काममा प्रयोग गरी आवासको समस्या धेरै मात्रामा समाधान गर्न सकिन्छ । यसै उद्देश्यले हिमाल सिमेंट कारखाना र हिटौंडा सिमेंट इन्डस्ट्रीज लिमिटेडको स्थापना गरिएको छ ।

४. **रोजगारीको अवसरको सृजना** (Creation of Employment Opportunities)—नेपालमा बेरोजगारी एवं अर्ध बेरोजगारीको समस्या दिनानुदिन गम्भीर स्थितिमा पुगि राखेको छ । २०२८ र २०३८ को दशकमा आर्दिक दृष्टिले सक्रिय जनसंख्यामा २० लाख थप वृद्धि भएको छ अर्थात् प्रत्येक वर्ष लगभग २ लाखको दरले सक्रिय जनसंख्यामा वृद्धि भएको छ । साथै श्रम-शक्ति सहभागिता दर २०२८ मा ५९·३ प्रतिशतबाट बढ़ेर २०३८ सालमा ६५·१ प्रतिशत पुगेको छ । सातौं योजना अवधिमा १० वर्ष र माथिको उमेरको जनसंख्यामा १५ लाख ८५ हजार थप हुने र १० वर्ष र माथि उमेरको जनसंख्याको श्रम-शक्तिमा सहभागिता प्रतिशतमा क्रमिक रूपमा वृद्धि हुने आधारमा आर्थिक दृष्टिकोणले सक्रिय जनसंख्या २०४२ मा ७५ लाख ६३ हजार र २०४७ मा ८६ लाख ४ हजार पुग्ने अनुमान गरिएको छ । यसरी २०४२ र २०४७ को बीच आर्थिक दृष्टिले सक्रिय जनसंख्यामा झण्डै १० लाख ४१ हजार थप व्यक्तिहरूको निमित्त नयाँ रोजगारीको अवसरको सृजना गर्नु आवश्यक हुन्छ ।[4] पुनश्च कृषि क्षेत्रमा अत्यधिक जनचापले गर्दा अर्ध बेरोजगारीको स्थिति छ तथा विभिन्न कारणहरूले गर्दा शैक्षिक

---

४. राष्ट्रिय योजना आयोग, "सातौं योजना" पृष्ठ १५५-५८

बेरोजगारी पनि बढ्दै गएको छ। खनिज साधनको विकास एवं औद्योगिकीकरणद्वारा रोजगारीका नयाँ अवसरहरूको सृजना हुन सक्तछ र बेरोजगारीको स्थितिमा सुधार हुन सक्तछ।

५. यातायात र इंजिनियरिंग विकास(Development of transport and Engineering)—देशको आर्थिक विकास कार्यक्रममा यातायात एवं इंजिनियरिंग विकास एउटा आवश्यक पूर्वाधार हुने हुँदा यी उद्योगहरूको विकास गर्न आवश्यक हुन्छ। खनिज उद्योगको विकास भएमा देशलाई चाहिने बस, ट्रक, बुलडोजर, क्रेन, लोडर आदिको लागि विदेशी निर्भरता समाप्त हुन सक्तछ।

६. विदेशी मुद्रा आर्जन (Earning of Foreign Currencies)—हामीले विकास कार्यको संचालन एवं दैनिक उपभोगका सामग्रीहरू धेरै मात्रामा पैठारी गर्नु पर्दछ। फलतः दिनानुदिन वैदेशिक व्यापार घाटा बढ्दै गएको छ। पाँचौं योजनाको अन्तिम वर्ष र छैटौं योजनाको प्रथम वर्षमा वैदेशिक व्यापार घाटा क्रमशः रु० २५५ र रु० २८२ करोड़ भएकोमा सोमा करीब दोव्वर वृद्धि भई आ० व० २०४०।४१ मा रु० ४८१ करोड़ पुगेको छ। यसले गर्दा हाम्रो शोधनान्तर स्थितिमा प्रतिकूल प्रभाव पर्न गई विदेशी मुद्राको संचितिमा क्रमशः ह्रास भइरहेको देखा पर्दछ। वि० स० २०४१।४२ मा यो घाटा रु० ५३१ करोड़ पुग्ने अनुमान गरिएको छ। यस प्रकार छैटौं योजना अवधिमा व्यापार घाटाको वृद्धि दर वार्षिक १९·३ प्रतिशत हुने अनुमान गरिएको छ[5]। खनिज साधनको विकास भएमा आयात प्रतिस्थापन एवं निर्यात मूलक उद्योगहरूको स्थापनाद्वारा विदेशी व्यापारको घाटालाई पूर्ति गर्ने पर्याप्त सम्भावना देखिन्छ।

नेपालको आर्थिक जीवनमा खनिजको महत्व

१. औद्योगिक विकास।
२. कृषि विकास।
३. उपभोग्य वस्तुहरूको आपूर्ति।
४. रोजगारीको अवसरको सृजना।
५. यातायात र इंजिनियरिंग विकास।
६. विदेशी मुद्रा आर्जन।

नेपालमा खनिज साधन

(Minerals in Nepal)

नेपाल हिमालयको काखमा अवस्थित छ। हिन्दू धर्म अनुसार भगवान शिवको निवास स्थान हिमालय "रत्न-गर्भ" अर्थात् खानीले भरिएको छ। प्रसिद्ध चिनिया

---

[5] ५. ऐजन, पृ० ६०८।

यात्रू ह्वेनसाँगको वर्णन अनुसार नेपाल तिब्बत एवं अन्य मुलुकहरूमा फलाम एवं तामाका सामानहरू निकासी गर्दथ्यो। नेपालमा प्रशस्त मात्रामा फलाम, शीशा एवं तामाको साथ-साथै केही मात्रामा जिंक र सुन छन् भन्ने फ्रैंसिस हेमिल्टनले पनि भनेका छन्। त्यसै गरी खानी सम्बन्धमा प्राचीन लाइसेन्स र ठेक्काहरू सम्बन्धी प्रमाण पत्रहरूद्वारा पनि नेपालमा प्रशस्त मात्रामा खानी छन् भन्ने कुरोको पुष्टि हुन जान्छ। तर विभिन्न भौगर्भिक एवं भूरासायनिक अन्वेषण अनुसार नेपाल धार्मिक एवं पौराणिक कथामा वर्णन भए झैं खानीको सम्बन्धमा त्यति धनी छैन भन्ने तथ्य प्रष्ट हुन आएको छ।[6] तर नेपालमा पाइने विभिन्न प्रकारको खानीको सम्भाव्यता भन्ने कुरो आज पनि भूगर्भशास्त्रीय प्रतिवाद (Geological controversy) नै हो।[7] हालसम्मको भौगर्भिक एवं भू-रासायनिक सर्वेक्षणहरू अनुसार नेपालमा निम्न खनिज साधनहरू पाइने सम्भावना छ—

फलाम

(Iron ore)

कुनै पनि विकासशील देशको निमित्त फलाम एउटा महत्त्वपूर्ण खनिज सम्पदा हो। बाँध-पूल, नहर, भवन, यातायातका साधनहरू जस्ता कुनै पनि आर्थिक विकासको काम फलामको अभावमा हुन सक्तैन। यसरी फलाम उद्योग देशको आर्थिक विकासको लागि आधारभूत उद्योग (Basic and key industries) को रूपमा काम गर्दछ। नेपाल एक कृषि प्रधान देश भए पनि यसलाई आफ्नो विकासको प्रयासको प्रत्येक पाइलामा फलामको आवश्यकता पर्दछ र यसको पूर्ति आयातद्वारा हुन्छ। तर यहाँ धेरै ठाउँहरूमा फलाम खानी छ। हाम्रो फलाम खानी निम्न अनुसार छन्—

(क) **फूलचोकी फलाम खानी** :—यो फलाम खानी काठमाडौंदेखि सात माइल दक्षिण ललितपुर जिल्लामा ८२५० फीटको उँचाइमा फूलचोकी डाँडामा पर्दछ। यस खानीको सम्बन्धमा पूर्ण रूपले खोजी भैसकेको छ। यस खानीमा १० मिलियन टनको घाउको अनुमान गरिएको छ। यस खानीमा पाइने फलामको मात्रा निम्न अनुसार छ।

---

६. डा० श्रेष्ठ बी. पी., एन इन्ट्रोडक्सन टू नेपलिज इकोनोमी, काठमाडौं, १९७४ पृष्ठ १५-१६।

७. पू. पा. टिप्पणी सं २ पृ. १०४।

८. शर्मा सी० के०, नेचुरल रिसोर्सेंज अफ नेपाल, काठमाडौं, १९७८, पृष्ठ ९८।

कच्चा फलामको श्रेणी	फलामको मात्रा (मिलियन टनमा)
(अ) उच्च श्रेणीको कच्चा फलाम	१·७३ (पत्ता लागिसकेको)
(ब) निम्न श्रेणीको कच्चा फलाम	२·०० (पत्ता लागिसकेको)
(स) निम्न श्रेणीको कच्चा फलाम	६·१० सम्भाव्य
	कुल—१०·८३ मिलियन टन

(ख) लब्धी खोला फलाम खानी :—यो फलाम खानी तनहुँ जिल्लाको लब्धी खोला भन्ने ठाउँमा पर्दछ । यस खानीमा १० मिलियन टन फलाम पाइने अनुमान गरिएको छ । गुण-स्तरको दृष्टिकोणले यसमा पाइने फलामलाई कमसल मानिएको छ ।

(ग) ठोसे फलाम खानी :—जनकपुर अंचलको रामेछाप जिल्लामा स्थिति यस फलाम खानीमा सेडीमेन्ट्री खालको ३० प्रतिशतदेखि ८० प्रतिशतसम्म फलाम भएको ८·४ मिलियन फलामको धाउ भएको अनुमान गरिएको छ ।

(घ) जिरबाङ्ग फलाम खानी :—नारायणी अंचलको चितवन जिरबाङ्ग डाँडामा स्थित यस फलाम खानीमा सेडीमेंट्री खालको १ मिलियन टन फलामको धाउ हुने अनुमान गरिएको छ ।

उपर्युक्त फलाम खानी बाहेक पर्वत जिल्लाको पाल्पा र ध्रुवाकोट, प्युठान जिल्लाको दुरवंडा र साधुमा पनि साना-साना फलाम खानीको अनुमान गरिएको छ । यसरी हालसम्म थाहा पाइएको करीब ३० मिलियन टन फलाम राम्रोसँग प्रयोग गरिएमा यसले धेरै दिनसम्म हाम्रो आवश्यकताको पूर्ति गर्ने छ ।[9]

तामा
(Copper)

तामा एक महत्त्वपूर्ण धात्विक खनिज सम्पदा हो । यसको खानी अधिराज्यको करीब ३० ठाउँहरूमा पाइने अनुमान गरिएको छ । दक्षिण मध्य नेपालको बुद्ध खोला खानीमा करीब ११ लाख टन तामा पाइने अनुमान गरिएको छ । तर हालसम्म यहाँ एक लाख टन तामा बारे मात्र यकीन हुन सकेको छ ।[10] यस बाहेक ओखलढुंगाको वाप्सा, इलाम जिल्लाको सिद्ध खानी, तनहुँ जिल्लाको भूत खोला, सिकपासोर रूकुम्फाट, धनकुटा आदि ठाउँहरूमा पनि तामा पाइने अनुमान गरिएको छ ।

---

९. पू. पा. टिप्पणी संख्या ६, पृ. २१ ।

१०. ऐजन, पृ. २१ ।

मकवानपुर जिल्लाको अरखौले—वरंगारेमा तामा पाइने अनुमान गरिएको छ। वागलुंग जिल्लाको २२ खानी पनि तामाको लागि प्रसिद्ध छ। उपर्युक्त ठाउँहरूको साथ-साथै बाह्लवीसे, खोटाङ्ग र जनकपुर एवं सगरमाथा अंचलको नाग्रे, भार्ले,

अभ्रख

(Mica)

अभ्रख एक पत्रदार खनिज पदार्थ हो। यसको प्रयोग मुख्य रूपले विजुलीको इन्सुलेटर (Insulator) बनाउनमा गरिन्छ। टेलीग्राफी र सजाउने काममा पनि यसको प्रयोग हुन्छ। प्रारम्भिक अन्वेषणहरूको आधारमा अधिराज्यको विभिन्न ठाउँहरूमा अभ्रख पाइने अनुमान गरिएको छ। तर यसको निश्चित परिमाण थाहा भएको छैन। यो खानी मध्य हिमालको विभिन्न ठाउँहरूमा र खास गरी काठमाडौं उपत्यकाको उत्तर-पूर्वी र उत्तर पश्चिमी भागमा पाइएको छ। लामागाउँ, निबुआ गाउँ र ज्यामिरेमा प्रारम्भिक अन्वेषण अनुसार यो खानी पाइएको छ। यो खानी रसुवा जिल्लाको लटाङ्ग हिमालको साथ-साथै धनकुटा, भोजपुर र वझाङ्ग जिल्लाहरूमा पनि पाइएको छ[11]।

चूनढुङ्गा

(Lime Stone)

सिमेंट, फलाम एवं चून उद्योगको लागि चूनढुङ्गा सब भन्दा बढी महत्त्वपूर्ण कच्चा पदार्थ हो। उच्च गुण स्तर भएको केमिकल ग्रेड चूनढुङ्गा र सस्तो ऊर्जा उपलब्ध भएमा यसलाई केलसियम कार्वाइड र क्यालसियम साइनामाइड (Calcium Carbide and Calcium Cynamide) को उत्पादनमा प्रयोग गर्न सकिन्छ। क्यालसियम साइनामाइड रासायनिक मल बनाउनमा प्रयोग गर्नका साथ-साथै विदेशमा निकासी समेत गर्न सकिन्छ।[12] नेपालमा प्रमुख चूनढुङ्गा खानी निम्न अनुसार छ—

(क) **चोभार चूनढुंगा खानी** :—काठमाडौं उपत्यकाको चोभार चूनढुंगा खानी बारे पूर्ण खोजी भइसकेको छ। यहाँ सिमेंट बनाउने खालको ८ मिलियन टन चून-ढुंगा बारे पूर्ण रूपले पत्ता लागिसकेको छ। यहाँ प्रतिदिन १६० टन सिमेंट उत्पादन गर्ने हिमालय सिमेंट कारखानाको साथ-साथै प्रति वर्ष १८ हजार टन कृषि चून उत्पादन गर्ने कारखानाको पनि स्थापना भएको छ[13]।

---

११. पू. पा. टिप्पणी संख्या २, पृ. १०७।
१२. पू. पा. टिप्पणी, संख्या ८ पृ. ९९।
१३. ऐजन पृ. १०३.

(ख) **भैंसे चूनढुंगा खानी :**—मध्य नेपालको भैंसेमा २५ मिलियन टन, ओख्रेमा ७० मिलियन टन तथा हाथीसूडमा २० मिलियन टन सिमेंट उत्पादन गर्ने खालको चूनढुंगा बारे पत्ता लागेको छ। यहाँ एशियाली विकास ब्याङ्कको ऋण सहायताद्वारा प्रतिदिन ७५० टन सिमेंट उत्पादन गर्ने हेटौंडा सिमेंट इन्डस्ट्रीज लिमिटेडको स्थापना भएको छ। यस कारखानाको लागत करीब ५० मिलियन अमेरिकन डलर रहेको छ[14]।

(ग) **जोगिमार चूनढुंगा खानी** :—पृथ्वी राजमार्गको छेउमा पर्ने जोगिमारामा १ मिलियन टन सिमेंट बनाउने एवं केमिकल ग्रेडको चूनढुंगा बारे पूर्ण रूपले पत्ता लागेको छ। यसको लागि कृषि चून उद्योगको स्थापना भई सकेको छ र ६ हजार टन प्रतिवर्षको दरले यस खानीको चूनढुंगाको प्रयोग वीरगञ्ज खीनी कारखानाले गरिराखेको छ।

(घ) **उदयपुर सिनाली** :—यो खानी नेपालको पूर्वी भागमा पर्दछ। यहाँ ६० मिलियन टन केमिकल ग्रेड चूनढुंगा बारे थाहा भएको छ।

उपर्युक्त खानी बाहेक भेरी अंचलको बाजुरा, अर्घाखाँची जिल्ला एवं मध्य पश्चिमाञ्चल विकास क्षेत्रको केही भागहरूमा पनि चूनढुंगा पाइन्छ[15]।

मेग्नेसाइट

(Magnesite)

मेग्नेसाइटको प्रयोग इंट बनाउने काममा हुन्छ। खरी ढुंगा भन्ने ठाउँमा ५५ मिलियन टन मेग्नेसाइट भंडार छ भन्ने पूर्ण रूपले खोजी भै सकेको छ। यस भंडारमा २२ मिलियन टन खरी ढुंगा उच्च गुण-स्तरको छ। सुनकोशी नदीको किनाराहरूमा पनि १६ मिलियन टन मेग्नेसाइट भंडार छ भन्ने अनुमान गरिएको छ[16]।

टेल्क

(Talk)

१५ हजार टेल्कको भंडार सिन्धुपालचोक जिल्लाको खरी ढुंगा भन्ने ठाउँमा पत्ता लागेको छ जसको कुल अनुमानित मूल्य करीब १५ मिलियन रुपियाँ हुन आउँछ[17]। स्याउले, भंडार खोला र गाइघाटमा पनि यो खनिज पर्याप्त मात्रामा छ भन्ने अनुमान गरिएको छ।

---

१४. ऐजन पृ. १०४.

१५. पू. पा. टिप्पणी संख्या २, पृ. १०६.

१६. ऐजन, पृ १०६-७.

१७. पू. पा. टिप्पणी संख्या ६ पृ. २२.

कोइला
(Coal)

उर्जाको साधनको रूपमा कोइला एउटा महत्त्वपूर्ण खनिज सम्पदा हो। तर हालसम्मको खोजीको आधारमा नेपालमा यस खानीको मात्रा अत्यन्तै कम छ। गुण एवं मात्रालाई विचार गर्दा व्यापारिक दृष्टिले उपयुक्त हुने कुनै खानी बारे पत्ता लागेको छैन। दाङ, मुस्ताङ्ग जिल्लाको कावेनी र ठीमी गाउँमा केही मात्रामा कोइला पाइएको छ। काठमाडौं उपत्यकामा पनि-मट्टी (Peat) पाइन्छ। तर हालसम्म फेला परेको कोइला गुण-स्तरको दृष्टिले राम्रो छैन।

सीसा-जस्ता
(Lead-Zink)

सीसा-जस्ता एक महत्वपूर्ण धातुको काममा आउने खनिज पदार्थ (Metallic Minerals) हो। सीसा अत्यन्तै नरम धातु हुन्छ। फलस्वरूप यसलाई जुनसुकै रूपमा वदल्न सजिलो हुन्छ। विजुलीको तार, छपाइको अक्षर, वैटरी आदि बनाउने काममा यसलाई मुख्य रूपले प्रयोग गरिन्छ। त्यस्तै गरी जस्ताद्वारा घरमा छाना लगाउनका लागि जस्ता पाता बनाइन्छ। पित्तल बनाउने एवं अन्य धातुहरूमा मिलाउने कामहरूमा पनि यसको प्रयोग हुन्छ। नेपालको गणेश हिमालमा ०·५ मिलियन टन लिड र जिंकको भंडार छ भन्ने पूर्ण रूपले यकीन भैसकेको छ। यहाँ लिड-जिंक उत्पादनको लागि नेपाल मेटल कम्पनी (Nepal Metal Co.) को स्थापना पनि भएको छ। यसमा करीब २५ हजार टन वार्षिक लिड-जिंकको उत्पादन हुने आशा छ।[18] काठमाडौंको फूलचोकी, चितवन जिल्लाको टोड़के प्यूठान जिल्लाको खानी डाँडा, सेती अंचलको सालमोर उपत्यका र डाँगको टोशमा पनि यो खानी पाइने अनुमान गरिएको छ।[19]

सुन
(Gold)

सुन एक प्रकारको खनिज धातु हो। यो धेरै नै मूल्यवान हुन्छ। यो मुद्रा एवं अन्तर्राष्ट्रीय व्यापारको आधार नै हो। गहना बनाउने काममा यसको धेरै नै प्रयोग हुन्छ। यसको प्रयोग औषधि निर्माणमा पनि हुन्छ। सुन मुस्ताङ्ग जिल्लाको काली गण्डकी, चितवन जिल्लाको मुस्ताङ्ग खोला, बुढ़ी गण्डकी, सुनकोशी आदिको बालुवामा पाइने अनुमान भए तापनि पर्याप्त मात्रामा प्राप्त गर्न नसकिने अनुमान गरिएको छ।

---

१८. पू. पा. टिप्पणी संख्या ८, पृ. १०४.

१९. पू. पा. टिप्पणी संख्या २, पृष्ठ १०८

निकेल र कोबाल्ट

(Nickel and Cobalt)

निकेल र कोवाल्ट अत्यन्तै महँगो खनिज पदार्थ हो। अत्यन्तै चहकिलो भएकोले यसको प्रयोग भाँडा-कुँडा र घड़ीमा कलाई लाउने काममा हुन्छ। इस्पात बनाउने काममा पनि यसको प्रयोग गरिन्छ। ताप्लेजुङ्गको खोर्खलिंग, नाग्रे, भोर्ले तथा गुल्मी जिल्लाको तामगस, नेटा, डांलिग तथा सामर-भामर आदि ठाउँहरूमा निकेल र कोबाल्ट पाइन्छ।

पेट्रोल एवं प्राकृतिक ग्याँस

(Petroleum and Natural Gas)

पेट्रोल एक महत्वपूर्ण खनिज तेल हो। मेशीन चलाउने काममा यसको धेरै नै प्रयोग हुन्छ। यसलाई आधुनिक यातायात प्रणालीको आधार भन्नमा कुनै अत्युक्ति हुँदैन। खाना पकाउने जस्तो घरेलू काममा पनि यसको प्रयोग गरिन्छ। यसद्वारा मट्टी तेल, पेट्रोल, डिजेल प्राकृतिक ग्याँस जस्ता उर्जा दिने वस्तुहरूका साथ साथै विभिन्न प्रकारका उपयोगी रासायनिक पदार्थहरू पनि प्राप्त हुन्छ। नेपालमा हालसम्म व्यापारिक दृष्टिले उपयुक्त हुने तेल एवं प्राकृतिक ग्याँसको भंडार उपलब्ध हुन सकेको छैन। तर काठमाडौं उपत्यका, मुस्ताङ्ग जिल्लाको मुक्तिनाथ, दैलेख जिल्लाको पादुका स्थान, नाभिस्थान र शिरस्थान, दाङ् जिल्ला आदि ठाउँमा तेल तथा प्राकृतिक ग्याँसका शिपेजहरू पाइएको हुनाले तेल पाइने सम्भावना देखिन्छ।

स्लेट

(Slate)

स्लेट घर छाउने कामको लागि महत्वपूर्ण ढुङ्गा हो। यसको भण्डार नेपालमा प्रशस्त मात्रामा छ। वन्दीपुरको स्लेट खानी व्यावसायिक दृष्टिले पनि उपयुक्त छ। यस उद्योगको विकास भएमा तराईमा घरको छानाको लागि छाना लगाउने आवश्यकताको पूर्ति हुन सक्छ। साथै यसलाई भारतमा निकासी गरी हामी धेरै मात्रामा भारतीय रुपैयाँ कमाउन सक्तछौं।

ग्रेफाइट

(Graphite)

ग्रेफाइटबाट पेंसिल बनाइन्छ। रासायनिक व्यवसाय एवं रंग-रोगनमा पनि यस खनिज-द्रव्यको प्रयोग हुन्छ। यो सिन्धुपालचोकको पाटिभञ्ज्याङ्ग तथा मेच अंचलको परमोंजिग तथा पमदुम (Pamdum) भन्ने ठाउँहरूमा पाइन्छ।

पाइराइट (Pyrite) :—यस खनिजको प्रयोग मुख्य रूपले रासायनिक मल बनाउने काममा गरिन्छ। झापा जिल्लाको विरिंग खोला तथा स्याङ्जा जिल्लाको आँधी मोहन चाट (Andhi Mohan Chat) मा पाइराइट भन्ने खनिज पाइन्छ।

सिंगमर्मर (Marble) :—काठमाडौं उपत्यकाको दक्षिण पट्टी गोदावरीमा सिंगमर्मर पाइन्छ।

गेरू (Orche) :—यस खनिजको प्रयोग रंग-रोगन गर्ने काममा हुन्छ। यो खानी फूलचोकी डाँडाको फलाम खानीसंगै पाइन्छ।

उपर्युक्त खानीहरू बाहेक वेरिल, गन्धक, जिप्सम, प्लैटिनम नून आदि खनिज पदार्थहरू पनि विभिन्न ठाउँहरूमा पाइने सम्भावना छ।

नेपालमा खनिज साधनको विकासलाई बाधा उपस्थित गर्ने तत्वहरू : (Factor responsible for non exploitation of Mineral wealth in Nepal).

नेपालमा खनिज साधनको समुचित विकास भएको छैन। यसको विकासमा बाधा उपस्थित गर्ने तत्त्वहरू निम्न बमोजिम छन्।

१. विस्तृत भौगर्भिक सर्वेक्षणको अभाव :—खनिज उद्योगको विकासको लागि विस्तृत भौगर्भिक सर्वेक्षण आवश्यक हुन्छ। यसको अभावमा खनिज सम्बन्धी वैज्ञानिक एवं क्रमबद्ध विश्लेषण, मूल्याङ्कन एवं सम्भाव्यता अध्ययन हुन सक्तैन। देशको भू वैज्ञानिक डेट-वेशको व्यवस्था तर्फ आधारभूत भौगर्भिक नक्शाहरू क्रमबद्ध रूपमा तयार गर्न तेस्रो योजनादेखि लगातार संचालन गरिए तापनि इच्छित स्तरयुक्त भौगर्भिक नक्शाहरू छैटौं योजनासम्म पनि प्रकाशित हुन सकेन र स्वभावत: कुनै अर्थपूर्ण एवं प्रभावकारी भूवैज्ञानिक प्राविधिक डेटा-वेश निर्माण पनि हुन सकेको छैन।[२०]

२. यातायात साधनहरूको अभाव (Lack of transportation facilities):— नेपालमा यातायातको साधनको अत्यधिक अभाव छ। यातायातको साधनको अभावले गर्दा खनिज सम्पदाको खोजीमा ठूलो कठिनाई उपस्थित हुन्छ। यायायातको साधनको अभावले गर्दा पत्ता लागेका र प्रत्यक्ष देखापरेका खनिज सम्पदाहरूको पनि उपयुक्त गति, ढाँचा र तरीकाले मूल्याङ्कन र उपयोग हुन सकेको छैन। सड़क निर्माण नभई सकेबाट रसुवा जिल्लाको गणेश हिमाल जस्ता सीसा खानी तथा प्रशोधन कारखानाको निर्माण पछि परेको छ[21]।

---

[२०] पू० पा० टिप्पणी संख्या ४, पृ० ६५५,

[२१] ऐजन पृ. ६५४.

३. पूँजीको अभाव (Lack of Capital) :—आधुनिक तरीकाले खनिज साधनको विकास एवं उपयोग गर्ने काममा अत्यधिक मात्रामा पूँजीको आवश्यकता पर्दछ। फेला परिसकेको खनिज सम्पदाको विकास एवं उपयोगको लागि आवश्यक पर्ने साधनको व्यवस्था आन्तरिक स्रोतबाट हुन सक्तैन। फलतः खनिज सम्पदाको विकासमा ठूलो कठिनाई उपस्थित हुन्छ। निम्न तालिका नं० ३·१ मा खनिज सम्पदा सम्वन्धी केही प्रस्तावित उद्योगहरूको लागि आवश्यक पर्ने पूँजीको मात्रा देखाइएको छ।

तालिका ३ : १

प्रस्तावित उद्योगमा लाग्ने पूंजी

(रु० करोड़मा)

खनिज उद्योग	कुल पूंजी लगानी
१. गणेश हिमाल सीसा जस्ता उद्योग	९·६०
२. म्याग्नेसाइट उद्योग	२३·६०
३. उदयपुर सिमेंट कारखाना	१२१·०३
४. इस्पात तथा फलाम उद्योग	८८·३८
५. हेटौंडा सिमेंट कारखाना	७२·००

(स्रोत—योजना आयोग, छैटौं योजना, पृष्ठ–५५०)

४. दक्ष जन-शक्तिको अभाव (Lack of technical manpower)—नेपालमा खनिज साधनको अन्वेषण, सर्वेक्षण, विश्लेषण आदि कामको लागि आवश्यक पर्ने प्राविधिज्ञहरूको अत्यन्तै अभाव छ। यी कामहरूको लागि विदेशी विशेषज्ञहरूमै पूर्ण रूपले निर्भर गर्नु पर्ने भएकोले खनिज साधनको खोजी एवं विकासमा धेरै कठिनाई भैरहेको छ।

५. आधुनिक उपकरणको अभाव (Lack of modern impliments)—खनिज साधनको खोजीको लागि आवश्यक पर्ने आधुनिक उपकरणको सम्बन्धमा हामीले पूर्ण रूपमा विदेशमा निर्भर गर्नु पर्दछ। विदेशी मुद्रा सम्बन्धी कठिनाईले गर्दा अत्यन्त मूल्यवान् उपकरण क्रय गर्नु पनि कठिन नै भएकोले खानीहरूको अन्वेषण तथा मूल्याङ्कन गर्न अप्ठ्यारो हुन गएको छ।

६. आवश्यक पर्ने ऊर्जा अभाव (Lack Essential Fuel)—फलाम जस्तो खनिज साधनको विकासको लागि पर्याप्त मात्रामा कूकिंग-कोल जस्तो सस्तो उर्जाको आवश्यकता पर्दछ। शक्तिको अभावमा फलाम जस्तो खनिज साधनको विकास हुन सक्तैन। यसै कुंकिंग कोलको अभावले गर्दा फिलिपाइन्स र मलायाले आफ्नो सम्पूर्ण कोरा फलाम जापानमा निर्यात गर्नु पर्दछ। नेपालमा पनि फूलचोकी

फलाम खानीको विकासको लागि कोइलाको अभावले ठूलो कठिनाई नै उपस्थित गरिरांखेको छ।

७. **बजारको अभाव (Lack of market)**—नेपालको आन्तरिक बजारको स्थितिले पनि खानी विकासको लागि ठूलो प्राविधिक कठिनाई उपस्थित गर्दछ। उदाहरणको लागि हामी फलाम उद्योगलाई लिन सक्छौं। हाम्रो आन्तरिक बजारमा फलाम सम्बन्धी धेरै प्रकारको र विभिन्न साइजको वस्तुहरूको माँग छ। हामीले स्थापित गर्ने फलाम कारखानाले हामीलाई आवश्यक पर्ने विभिन्न साइज एवं विभिन्न प्रकारका वस्तुहरू उत्पादन गर्न सक्तैन। यस प्रकारको विविधिकरणको स्थितिले पनि खानी विकासको लागि ठूलो कठिनाई उपस्थित गर्दछ।

८. **सरकारी नीति (Government Policy)**—नेपाल जस्तो देशमा जहाँ पूंजीको अभाव छ खानीहरूको लागि विदेशी पूंजीको लगानी आवश्यक हुन जान्छ। तर खानी उद्योगमा विदेशी पूंजी लगानीको लागि श्री ५ को सरकारको नीति अनुकूल रहेको छैन।

नेपालमा खनिज साधनको विकासलाई बाधा उपस्थित गर्ने तत्वहरू

१. विस्तृत भौगर्भिक सर्वेक्षणको अभाव।
२. यातायात साधनहरूको अभाव।
३. पूंजीको अभाव।
४. दक्ष जनशक्तिको अभाव।
५. आधुनिक उपकरणको अभाव।
६. आवश्यक पर्ने उर्जाको अभाव।
७. बजारको अभाव।
८. सरकारी नीति।

खनिज सम्पदाको विकासको लागि प्राचीन कालदेखि नै केही न केही प्रयास हुँदै आएको भए तापनि यस दिशा तर्फ २००७ सालको राजनैतिक परिवर्तन उप्रान्त पुनर्जागिरण आएको देखिन्छ। २००९-१० साल भन्दा पूर्व भारतीय सर्वेक्षण विभागका केही पदाधिकारीहरू खानी अन्वेषण कार्यको निमित्त नेपाल भ्रमण गरी कोइला, लिगनाइट, फलाम, कोवाल् आदि खनिज नेपालमा पाइन्छ भन्ने प्रतिवेदन पनि दिएका छन्। यस उप्रान्त अमेरिकन विशेषज्ञहरूले पनि फलाम, तामा, लिड-जिंक आदि खानीहरूको उपलब्धि वारे संकेत दिएका छन्।

प्रथम पंचवर्षीय योजनामा खानी विकास

प्रथम योजना अवधिमा खानी विकासको लागि निम्नांकित कार्यक्रमहरू संचालन गर्ने लक्ष्य राखिएको थियो—

(१) देशको भौगर्भिक बनौटको अध्ययन ।

(२) गहन भौगर्भिक अध्ययनको लागि खानी क्षेत्र (Mineralized Zone) लाई छुटचाउने ।

(३) खानी सम्बन्धी ऐन नियमको व्यवस्था गर्ने ।

(४) खानी सम्बन्धी उच्च एवं निम्न दर्जाको तालिमको व्यवस्था ।

(५) यस क्षेत्रमा निजी उद्यमको विकास ।

(६) यस क्षेत्रमा चल्ने विभिन्न कार्यक्रमहरूमा समन्वय स्थापित गर्ने ।

(७) भौगर्भिक अनुसन्धानको लागि प्रयोगशालाको व्यवस्था गर्ने ।

उपर्युक्त कार्यक्रमहरूको लागि रु० ५ लाखको रकम छुट्याइएको थियो र अमेरिकी र भागतीय सहायता पनि उपलब्ध भएको थियो ।

प्रगति—यस योजना अवधिमा निम्नांकित कार्यहरू गरिए ।

(१) विस्तृत रूपमा भौगर्भिक सर्वेक्षणमा जोड़ दिई विभिन्न खनिजहरूको पत्ता लगाइयो ।

(२) लैनचौरमा खानी विभागको भवन निर्माण कार्य समाप्त प्रायः गरियो ।

(३) नेपाल खानी ऐन १९५७ को व्यवस्था गरियो तथा मिनरल कन्सेसन रूल १८५७ (Mineral Concession Rules 1957) लागू गरियो ।

(४) भूगर्भशास्त्र, खानी, धातुशोधन (Metallurgy) अध्ययनको लागि छात्रहरूलाई कोलम्बो योजना अन्तर्गत भारत पठाउने काम गरियो तथा प्रत्येक वर्ष व्यवहारिक तालीमको लागि दुई जवान प्राविधिज्ञहरूलाई अमेरिका पठाउने कार्य गरियो ।

दोस्रो (त्रिवर्षीय) योजना

यस योजना अवधिमा खानी विकास कार्यक्रममा कुल रु० १३ लाख खर्च गरियो र निम्नांकित कार्यहरू सम्पन्न गरियो—

(१) लैनचौरमा खानी विकासको भवन र खनिज प्रयोगशालाको निर्माण सम्पन्न गरियो र स्टाफहरूको लागि आवासगृहको निर्माण कार्य प्रारम्भ गरियो ।

(२) दैलेख, सुर्खेतमा तेलको खोजीको काम जारी रहेको १,००० वर्गमील क्षेत्रको भौगर्भिक सर्वेक्षण गरियो ।

(३) पूर्व १ नं० र २ नं० को अभ्रखको खानीको प्रारम्भिक सर्वेक्षण पूरा गरियो ।

(४) फूलचोकी र लब्धी खोलाको फलाम, कुलेखानी र अखौंलेको तामा, सगर-भगर, नेटालिङ्ग र नाग्रे-भोर्लेको कोवाल्ट, गोदावरीको संगमर्मर, काठमाडौंको ग्याँस र लिगनाइटको विस्तृत सर्वेक्षण गरियो ।

(५) काली गण्डकीमा पाइने सुनको मूल्याङ्कन गर्ने काम गरियो ।

फलाम खानीको विकासको लागि कोइलाको अभावले ठूलो कठिनाई नै उपस्थित गरिराखेको छ।

७. **बजारको अभाव** (Lack of market)—नेपालको आन्तरिक बजारको स्थितिले पनि खानी विकासको लागि ठूलो प्राविधिक कठिनाई उपस्थित गर्दछ। उदाहरणको लागि हामी फलाम उद्योगलाई लिन सक्छौं। हाम्रो आन्तरिक बजारमा फलाम सम्बन्धी धेरै प्रकारको र विभिन्न साइजको वस्तुहरूको माँग छ। हामीले स्थापित गर्ने फलाम कारखानाले हामीलाई आवश्यक पर्ने विभिन्न साइज एवं विभिन्न प्रकारका वस्तुहरू उत्पादन गर्न सक्तैन। यस प्रकारको विविधिकरणको स्थितिले पनि खानी विकासको लागि ठूलो कठिनाई उपस्थित गर्दछ।

८. **सरकारी नीति** (Government Policy)—नेपाल जस्तो देशमा जहाँ पूंजीको अभाव छ खानीहरूको लागि विदेशी पूंजीको लगानी आवश्यक हुन जान्छ। तर खानी उद्योगमा विदेशी पूंजी लगानीको लागि श्री ५ को सरकारको नीति अनुकूल रहेको छैन।

नेपालमा खनिज साधनको विकासलाई बाधा उपस्थित गर्ने तत्वहरू

१. विस्तृत भौगर्भिक सर्वेक्षणको अभाव।
२. यातायात साधनहरूको अभाव।
३. पूंजीको अभाव।
४. दक्ष जनशक्तिको अभाव।
५. आधुनिक उपकरणको अभाव।
६. आवश्यक पर्ने उर्जाको अभाव।
७. बजारको अभाव।
८. सरकारी नीति।

खनिज सम्पदाको विकासको लागि प्राचीन कालदेखि नै केही न केही प्रयास हुँदै आएको भए तापनि यस दिशा तर्फ २००७ सालको राजनैतिक परिवर्तन उप्रान्त पुनर्जागरण आएको देखिन्छ। २००९-१० साल भन्दा पूर्व भारतीय संर्वेक्षण विभागका केही पदाधिकारीहरू खानी अन्वेषण कार्यको निमित्त नेपाल भ्रमण गरी कोइला, लिगनाइट, फलाम, कोवाल् आदि खनिज नेपालमा पाइन्छ भन्ने प्रतिवेदन पनि दिएका छन्। यस उप्रान्त अमेरिकन विशेषज्ञहरूले पनि फलाम, तामा, लिड-जिंक आदि खानीहरूको उपलब्धि बारे संकेत दिएका छन्।

प्रथम पंचवर्षीय योजनामा खानी विकास

प्रथम योजना अवधिमा खानी विकासको लागि निम्नांकित कार्यक्रमहरू संचालन गर्ने लक्ष्य राखिएको थियो—

(१) देशको भौगर्भिक बनौटको अध्ययन ।

(२) गहन भौगर्भिक अध्ययनको लागि खानी क्षेत्र (Mineralized Zone) लाई छुटयाउने ।

(३) खानी सम्बन्धी ऐन नियमको व्यवस्था गर्ने ।

(४) खानी सम्बन्धी उच्च एवं निम्न दर्जाको तालिमको व्यवस्था ।

(५) यस क्षेत्रमा निजी उद्यमको विकास ।

(६) यस क्षेत्रमा चल्ने विभिन्न कार्यक्रमहरूमा समन्वय स्थापित गर्ने ।

(७) भौगर्भिक अनुसन्धानको लागि प्रयोगशालाको व्यवस्था गर्ने ।

उपर्युक्त कार्यक्रमहरूको लागि रु० ५ लाखको रकम छुट्याइएको थियो र अमेरिकी र भागतीय सहायता पनि उपलब्ध भएको थियो ।

प्रगति—यस योजना अवधिमा निम्नांकित कार्यहरू गरिए ।

(१) विस्तृत रूपमा भौगर्भिक सर्वेक्षणमा जोड़ दिई विभिन्न खनिजहरूको पत्ता लगाइयो ।

(२) लैनचौरमा खानी विभागको भवन निर्माण कार्य समाप्त प्रायः गरियो ।

(३) नेपाल खानी ऐन १९५७ को व्यवस्था गरियो तथा मिनरल कन्सेसन रूल १८५७ (Mineral Concession Rules 1957) लागू गरियो ।

(४) भूगर्भशास्त्र, खानी, धातुशोधन (Metallurgy) अध्ययनको लागि छात्रहरूलाई कोलम्बो योजना अन्तर्गत भारत पठाउने काम गरियो तथा प्रत्येक वर्ष व्यवहारिक तालीमको लागि दुई जवान प्राविधिज्ञहरूलाई अमेरिका पठाउने कार्य गरियो ।

दोस्रो (त्रिवर्षीय) योजना

यस योजना अवधिमा खानी विकास कार्यक्रममा कुल रु० १३ लाख खर्च गरियो र निम्नांकित कार्यहरू सम्पन्न गरियो—

(१) लैनचौरमा खानी विकासको भवन र खनिज प्रयोगशालाको निर्माण सम्पन्न गरियो र स्टाफहरूको लागि आवासगृहको निर्माण कार्य प्रारम्भ गरियो ।

(२) दैलेख, सुर्खेतमा तेलको खोजीको काम जारी रहेको १,००० वर्गमील क्षेत्रको भौगर्भिक सर्वेक्षण गरियो ।

(३) पूर्व १ नं० र २ नं० को अभ्रखको खानीको प्रारम्भिक सर्वेक्षण पूरा गरियो ।

(४) फूलचोकी र लब्धी खोलाको फलाम, कुलेखानी र अखौंलेको तामा, सगरभगर, नेटालिङ्ग र नाग्रे-भोर्लेको कोवाल्ट, गोदावरीको संगमर्मर, काठमाडौंको ग्याँस र लिगनाइटको विस्तृत सर्वेक्षण गरियो ।

(५) काली गण्डकीमा पाइने सुनको मूल्याङ्कन गर्ने काम गरियो ।

तेस्रो योजना

यस योजना अवधिमा खानी विकासको लागि रु० २ करोडको रकम छुट्याइएको थियो । योजना अवधिमा भौगर्भिक सर्वेक्षण कार्यलाई प्राथमिकता दिने र औद्योगिक विकासको लागि आधारभूत खनिज पदार्थको खोजीमा साधारण तथा विस्तृत रूपमा भौगर्भिक सर्वेक्षण गरिने र व्यापारिक दृष्टिकोणबाट लाभदायक हुने सम्भावित क्षेत्रको विस्तृत भौगर्भिक मानचित्र तयार गर्न विशेष ध्यान दिइने भन्ने नीति राखिएको थियो । योजना अवधिमा निम्नलिखित कार्यक्रम संचालित गर्ने लक्ष्य थियो ।

१. **खनिज तेल तथा ग्याँस** :—प्युठान, चीसापानी, झापा तथा मोरङ्ग जिल्लामा खनिज तथा ग्याँसको सम्भावनाबारे प्राथमिक तथा विस्तृत सर्वेक्षण जारी राख्ने ।

२. **फलाम उद्योगको स्थापनाको सम्भावनाबारे** :—फलाम उद्योगको स्थापनाको सम्भावनाबारे निर्णय गर्न फूलचोकीको फलाम खानीको विस्तृत प्राविधिक तथा आर्थिक सर्वेक्षण गर्ने ।

३. **तामा एवं अन्य धातुहरूको सर्वेक्षण एवं व्यावसायिक स्तरमा उपयोग** :—बन्दीपुर, इलाम र पूर्व ३ नं० क्षेत्रका खानीहरूमा विस्तृत सर्वेक्षण गर्ने र आर्थिक दृष्टिकोणबाट सब भन्दा लाभदायक तामा खानीको व्यावसायिक स्तरमा उपयोग गर्न प्रारम्भिक कार्यहरू गर्ने ।

४. **अन्वेषण कार्य** :—गण्डकी तथा राप्ती नदीको वगरहरूमा सुन पाइने सम्भावनाबारे अन्वेषण कार्य चालू राखिने र कोबाल्ट, निकेल, सीसा आदिको सम्बन्धमा पनि अन्वेषण कार्य शुरू गरिने लक्ष्य राखिएको थियो ।

५. पूर्व नं० १ र पश्चिम नं० १ मा व्यावसायिक रूपमा अभ्रकको उत्पादन शुरू गर्न योजनाको प्रथम वर्षमा नै विस्तृत सर्वे पूरा गर्ने ।

६. प्रयोगशाला र परीक्षण केन्द्रमा आधुनिक सामग्रीहरूको पर्याप्त व्यवस्था गर्ने ।

७. भैंसे र काठमाडौंमा चून–ढुंगाको सर्वेक्षण गर्ने ।

प्रगति :—यस योजना अवधिमा एउटा छुट्टै सर्वेक्षण विभाग खडा गरियो । तसर्थ यस योजनादेखि खानी विभाग र सर्वेक्षण विभाग दुवैले छुट्टा छुट्टै रूपमा काम गर्ने निर्णय भयो ।

खानी विभाग अन्तर्गत हुने कामहरू

यस योजनामा खानी विभाग अन्तर्गत निम्नांकित कार्यहरू सम्पन्न भयो—

१. **विस्तृत अन्वेषण** :—भैंसे र चोभारको चून ढुंगा, कम्पुघाट र खरी ढुंगाको म्याग्नासाइट, विरिंग खोलाको पाइराइट, हेटौंडा कर्रा खोलाको बालुवाको विस्तृत

अन्वेषण गरियो। साथै गणेश हिमालको जस्ता-पाता खानीको विस्तृत अन्वेषण नेपाल खानी ऐन अन्तर्गत विदेशी प्राइवेट कम्पनीद्वारा हुँदै गरे अनुसार ८ प्रतिशत धातु भएको २ लाख ५० हजार टन प्रमाणित धाउ र २५ लाख टन अर्ध-प्रमाणित धाउको अनुमान भयो।

२. जाँच सम्बन्धी कार्य :—यस योजना अवधिमा जाँच सम्बन्धी कार्यको हकमा मर्स्याङ्दी र सेती नदीको प्यासर सुन, लमजुङ्गको नून पानी, लाङटाङको अभ्रख पेग्माइट आदिको जाँच भयो।

३. प्रारम्भिक सम्भाव्यता अध्ययन :—यस योजना अवधिमा खरीढुंगाको म्याग्नासाइवाट डेडवर्न्ट म्याग्नासाइट फयूज्ड म्याग्नेसियम फस्फेट फर्टिलाइजर, कर्राखोलाको बालुवाबाट काँच र विरिङ्ग खोलाको पाइराइटबाट गन्धक वा गन्धक तेजाबबारे प्रारम्भिक सम्भाव्यता अध्ययन सम्पन्न गरियो।

उपर्युक्त कार्यहरूका साथ साथै यस योजनामा स्थापित सर्वेक्षण विभाग अन्तर्गत निम्नांकित कार्यहरू सम्पन्न गरियो।

(१) महाकाली, सेती, गण्डकी, लुम्बिनी आदि विभिन्न अंचलहरूमा ८ हजार ५ सय वर्गमील रिजनल म्यापिङ्ग, ३ हजार वर्गमील रिजनेंस म्यापिंग गर्ने काम गरियो।

(२) इलामको सिद्धि खानीको तामा र सोलुखुम्भू वाप्साको सर्वेक्षण कार्य गरियो तथा

(३) विभिन्न स्थानहरूमा फौस्फेटको खोजी गर्ने कार्य गरियो।

चौथो योजना

चौथो योजना अन्तर्गत भौगर्भिक सर्वेक्षण तथा खानी विकासको कामलाई विशेष जोड़ दिई विगत योजनाहरू भन्दा निकै बढ़ी आकांक्षाको र ठोस कार्यक्रम सहितको आयोजनाहरू संचालन गर्ने लक्ष्य राखिएको थियो। यस योजनामा खानी विकास कार्यक्रमलाई भौगर्भिक सर्वेक्षण, एकीकृत भौगर्भिक अन्वेषण तथा विस्तृत खानी अन्वेषण तथा सम्भाव्यता अध्ययन गरी तीन भागमा विभाजित गरिएको थियो। यस योजनामा भौगर्भिक सर्वेक्षणको लागि रु० ३ करोड ९९ लाख, एकीकृत भौगर्भिक खनिज अन्वेषणको लागि रु० ३ करोड़ २७ लाख तथा बिस्तृत खानी अन्वेषणको लागि रु० १ करोड़ १९ लाख गरी जम्मा रु० ७ करोड़ ४५ लाख छुट्याइएको थियो। योजना अन्तर्गत निम्नांकित कार्यक्रमहरू समावेश गरिएका थिए।

(१) **भौगर्भिक सर्वेक्षण :**—यस कार्यक्रम अन्तर्गत विगत अध्ययनहरूको आधारमा सबभन्दा बढ़ी सम्भाव्य क्षेत्रहरूमा सर्वेक्षण गर्ने भन्ने लक्ष्य राखिएको थियो र यस कार्यक्रमको लागि रु.३ करोड़ ८९ लाख छुट्याइएको थियो। यस अन्तर्गत पश्चिम तराई (कोइलावास-नेपालगंज) पेट्रोलियम खोजी, पश्चिम तराई

(नेपालगंज-धनगढ़ी), पेट्रोलियम खोजीको प्रारम्भिक व्यवस्था काठमाडौं उपत्यकामा ग्याँस खोजी, फस्फेट खोजी, रिजनल मैपिंग तथा अनुसंधान परियोजनाहरूको समावेश गरिएको थियो ।

२ एकीकृत (Integrated) **भौगर्भिक खनिज अन्वेषण** :—यस अन्तर्गत देशको विभिन्न भागहरू गरी करीब १ लाख २८ हजार वर्ग किलोमीटर क्षेत्रको सर्वेक्षण गर्ने, पश्चिम नेपालमा विस्तृत भौगर्भिक खनिज अन्वेषण तथा पूर्वी नेपालमा विस्तृत भौगर्भिक खनिजको प्रारम्भिक व्यवस्था गर्ने लक्ष्य राखिएको थियो र यस कार्यको लागि रु० २ करोड़ २७ लाखको रकम पनि छुट्याइएको थियो ।

३. **विस्तृत खानी तथा सम्भाव्यता अध्ययन** :—यस अन्तर्गत निम्नलिखित आयोजनाहरूको समावेश गरिएको थियो—(क) खरी ढुङ्गाको मेग्नेसाइटको विस्तृत सर्वेक्षण (ख) भूत खोला, वाष्पा खानी र सिद्धि खानीको तामाको विस्तृत संर्वेक्षण (ग) महाभारत श्रृङ्खलाको केमिकल ग्रेड चून ढुंगाको विस्तृत सर्वेक्षण (घ) उत्तर नेपालको पेग्माटाइटको, अन्वेषण (ङ) मकवानपुर जिल्लाको भैंसे दोभान सिमेंट ग्रेड चून ढुंगाको विस्तृत अन्वेषण, (च) फस्फेट ढुंगाको विस्तृत अन्वेषण आदि । उपर्युक्त कार्यहरूको लागि रु० १ करोड़ १९ लाखको रकम छुट्याइएको पनि थियो ।

यस योजना अवधिमा खानी विकासका लागि प्रारम्भिक पाइलाहरू चाली विभिन्न खानीहरूको औद्योगिक सम्भावना अध्ययन प्रारम्भ गरियो । दाङ जिल्लामा पेट्रोल पाइने सम्भावना भएको विस्तृत अध्ययनको लागि ड्रिलिङ्ग कार्य गरियो र भौगर्भिक नक्शा तयार गर्ने कार्य शुरू गरियो ।

पाँचौं योजना

पाँचौं पंचवर्षीय योजना अवधिमा खानी विकास कार्यक्रम अन्तर्गत भौगर्भिक सर्वेक्षण, खानी विकास तथा एकीकृत खनिज अन्वेषण कार्यक्रमहरूको समावेश गरिएको र यी तीनै कार्यक्रमहरूको लागि रु० ६ करोड़ ३२ लाखको रकम छुट्याइएको थियो ।

(क) **भौगर्भिक सर्वेक्षण**—यस कार्यक्रम अन्तर्गत दाङ तथा नेपालगंजमा तेल तथा प्राकृतिक ग्याँस खोजी, पश्चिम नेपालमा भौगर्भिक खनिज अन्वेषण कार्यक्रम अन्तर्गत एक हजार वर्गमील क्षेत्रको खनिज खोजी गरी चुनिएको क्षेत्रमा विस्तृत भौगर्भिक, भूरासायनिक सर्वेक्षण गर्ने, डडेलधुरा क्षेत्रमा खनिज खोजी कार्यक्रम अन्तर्गत एक हजार वर्गमील क्षेत्रको भौगर्भिक नक्शा बनाउने हेभी मिनरल संकलन गर्ने, सघन रूपमा विस्तृत भौगर्भिक तथा भूरासायनिक सर्वेक्षण गर्ने, काठमाडौं र पोखरामा इन्जिनियरिङ्ग जियोलजी र फोटो जियोलजी सम्बन्धी प्रयोगशाला र एक साइस्मिक स्टेशन खड़ा गर्ने, अधिराज्यको ३० हजार वर्गमील क्षेत्रको एररवोर्न

जियोलजिकल तथा जियोफिजिकल सर्वेक्षण गर्ने, चुरिया तथा महाभारत श्रृंखलामा फौस्फेट तथा कोइलाखोजी र अधिराज्यको विभिन्न भागमा नून खोजी आदि कार्यक्रमहरू राखिएको थियो र उपर्युक्त कार्यक्रमहरूको संचालनको निमित्त न्यूनतम कार्यक्रमको लागि रु० एक करोड़ ६८ लाख र अधिकतम कार्यक्रमको लागि रु० २ करोड़ ४८ लाखको रकम छुटचाइएको थियो ।

(ख) **खानी विकास** :—यस कार्यक्रम अन्तर्गत योजना अवधिमा उदयपुर, अर्घाखाँची र सुर्खेतमा सिमेंटग्रेड चूनढुङ्गाको अन्वेषण, नारायणी तथा बागमती अंचलमा सेरामिक्स कच्चा पदार्थ अन्वेषण, तनहुँको भूतखोला तामा अन्वेषण, इलामको विरिङ्ग खोला बहुधातु मिश्रित सुन पाइराइटको गुण तथा परिमाण प्रमाणित गर्न सर्भेइंग, मैपिंग, ट्रेचिङ्ग, पिटिंग, ड्रिलिंग भूमिगत उत्खलन, भूरासायनिक सर्वेक्षण र स्याम्पलिंग गर्ने अधिराज्यभर विभिन्न सूत्रहरू र भौगर्भिक सर्वेक्षणद्वारा सूचित खनिज भंडारहरू प्रारम्भिक अध्ययन गरी विस्तृत अन्वेषणको लागि तथ्याङ्क संकलन गर्ने जस्ता कार्यक्रम सामेल गरेको थियो । साथै यस योजना अवधिमा पश्चिमाञ्चल तथा मध्यमाञ्चलमा नाइट्रोजन तथा एफ० एम० पी० मलखाद उद्योग, विभिन्न विकास क्षेत्रहरूमा निर्माण ढुंङ्गाको उद्योग खोल्न, सिमेंट तथा फलाम उद्योगको लागि सम्भाव्यता अध्ययन एवं मूल्याङ्कन गर्ने र काठमाडौंमा पेट्रोलियम तथा अन्य खानीहरूको प्राथमिक प्राविधिक तथा आर्थिक सम्भाव्यता अध्ययन गरी उद्योग सम्भाव्य छ, छैन भनी ठम्याउने आदि कार्यक्रम राखिएको थियो र उपर्युक्त कार्यक्रमहरूको लागि रु० २ करोड़ ६६ लाखको रकम पनि छुटचाइएको थियो ।

(ग) **एकीकृत खनिज अन्वेषण** :—यस योजना अवधिमा एकीकृत खनिज अन्वेषण प्रणाली अनुसरण गरी हालसम्म उपलब्ध भौतिक जानकारी तथा भौतिक सुविधाहरूको दृष्टिबाट उपयुक्त देखिएको अधिराज्यको मध्यभागको १५ हजार वर्ग किलोमीटर क्षेत्रमा खनिज अन्वेषण तथा मूल्याङ्कन गर्ने भन्ने योजना थियो र यसको लागि रु० १ करोड़ १८ लाखको रकम पनि छुट्याइएको थियो ।

प्रगति—यस योजना अवधिमा तेल तथा प्राकृतिक ग्याँस खोजी कार्यक्रम अन्तर्गत एरोम्पाग्नेटिक सर्वेक्षणबाट खनिज तेल तथा प्राकृतिक ग्याँसबारे उत्साहबर्द्धक परिणाम प्राप्त भयो । डडेलधुरामा खनिज खोजीबाट त्यस क्षेत्रमा टिन र टंग्सटनको पर्याप्त भंडारको सम्भावना देखियो । फलाम तथा इस्पातका वस्तुहरूको टुक्रा-टुक्रीबाट विभिन्न पार्ट-पुर्जा तयार गर्ने र यस विषयमा तालिम दिनका लागि यू० एन० डी० पी० को सहायतामा पाटनमा एउटा पाउन्ड्री उद्योगको स्थापना भयो । उक्त सहायताबाट संचालित गरिएको "खनिज अन्वेषण आयोजना" अन्त-

र्गत २०,००० वर्ग मि० मि०को जियोलजिकल रिकनिसन्स, ५,६५८ वर्ग मि० मी०को फोटो जियोलजिकल म्यापिंग, १७,२०० ओटा जियोलजिकल स्याम्पलिंग, २,४०० हेक्टरको जियोलजिकल म्यापिंग, ३५० लाइन मि. मि. को जियोलजिकल सर्वे, १३४८ मिटरको प्रस्पेक्ट ड्रिलिंग तथा एडिटिंग तथा ४, ८१,००० वटा रासायनिक विश्लेषण गरियो ।

छैटौं योजना

यस योजना अवधिमा निम्नांकित मुख्य लक्ष्यहरू राखिएका थिए र यसको लागि रु० १५ करोड़ रकम खर्च गर्ने भनी छुट्याइएको थियो ।

लक्ष्यहरू—(१) तेल तथा प्राकृतिक ग्याँस खोजींको सन्दर्भमा ५०० वर्ग किलोमीटरमा भौगर्भिक तथा थर्मल-स्पीङ्ग अध्ययन गर्ने । (२) ५ हजार वर्गमील-मा भू-भौतिक तथा भू-रासायनिक सर्वेक्षण गर्ने (३) महाभारत तथा चूरे शृंखलामा भूमिगत जलको विकास कार्यको लागि पाउन्डेराय जियोलजी, साइस्मिक अध्ययन तथा इंजिनियरिङ्ग जियोलजीको काम क्रमबद्ध रूपमा गर्ने (४) योजना अवधिमा २० कि. मी. क्षेत्रमा कार्बोनेट, अर्ध किमती पत्थर, नून आदि खनिज पदार्थको खोजी गर्ने (५) तामा, फलाम, सीसा, जस्ता आदि धातुको अन्वेषण क्रमबद्ध रूपले गर्ने (६) सुदूर-पश्चिमाञ्चलको सुर्खेत क्षेत्रमा देखिएको सिमेंट ग्रेड चूनढुङ्गाको विशेषज्ञहरूद्वारा विस्तृत अध्ययन गर्ने ।

प्रगति--छैटौं योजना अन्तर्गत खानी विकासको सम्बन्धमा निम्न अनुसारको प्रगति भयो—

(१) क्षेत्रीय भू-भौतिक तथा भू-रासायनिक अन्वेषण कार्यक्रम तर्फ एकीकृत क्षेत्रीय भौगर्भिक भू-रासायनिक अन्वेषण कार्यलाई छाड़ी अरू कुनै प्रगति भएन ।

(२) २५० वर्ग माइल भौगर्भिक नक्शा तयार गरियो, २५ हजार वर्गमाइल-को नक्शा कम्पाइलेशन भयो र २७ हजार वर्गमाइलको नक्शा प्रीन्ट भयो ।

(३) चुरे शृंखलामा भूमिगत जलको विकासको हकमा एक ओटा साइस्मिक स्टेशन थप गरिनु र साइस्मिक डेटाको अध्ययनवाट क्रिस्टल मोडेल अनुमान गर्ने तर्फको प्रारम्भिक कार्य गरियो ।

(४) तामा, सीसा, जस्ता, फलाम आदिको क्रमबद्ध अन्वेषण गर्दै भनिएको देखिन्छ । पाण्डव खानी, छिलिंग खोलामा तामा र डडेलधुरा म्यासिफको टिन—टंग्स्टेन तामाको अन्वेषण गरिएकोमा कम ग्रेडको देखिएकोले सो अन्वेषण स्थगित गरियो ।

(५) अधातु खनिज अन्वेषण कार्यक्रम अन्तर्गत १,५०० वर्ग किलोमीटरमा फोस्फोराइट अन्वेषण भएको, धनकुटा जिल्लाको ६० हेक्टरमा चूनढुङ्गाको विस्तृत

अन्वेषण भएको, ३०० वर्ग किलोमीटर क्षेत्रमा अर्धकिमती पत्थरको खोजी र २१ वर्ग किलोमीटरमा पेग्माटाइटको भू-रासायनिक अध्ययनको कार्य भयो ।

(६) तेल तथा प्राकृतिक ग्याँस खोजीको हकमा विश्व ब्याङ्कको सहयोगमा १२५० लाइन किलोमीटर रेकनेसंस साइस्मिक सर्भे र ६० हजार वर्ग किलोमीटरको फोटोफिजियोलजिकल इन्टरप्रेटेशन भयो तथा पेट्रोलियम अन्वेषणमा विदेशी लगानी आकर्षित गर्ने दिशामा पेट्रोलियम ऐन तथा नियमको तर्जुमा भयो र लण्डन, ह्यूस्टन तथा काठमाडौंमा प्रवर्द्धन बैठकहरू सम्पन्न गरियो तथा २०० वर्ग किलोमीटरमा थर्मल स्प्रिङ्ग अध्ययन गरियो । प्राकृतिक ग्याँसको हकमा जापानी सहयोगले टेकू-त्रिपुरेश्वर इलाकामा ५०० क्यूबिक मीटर प्रतिदिन क्षमताको मोडेल प्यान्ट तयार गरी संचालन समेत गरियो ।

(७) सिमेंट उद्योग विस्तृत सम्भाव्यता अध्ययन अन्तर्गत सुर्खेत जिल्लामा २ करोड़ ४० लाख टन चून ढुंङ्गाको राशि प्रमाणित गरियो र क्लिंकर उत्पादन परीक्षणको लागि विदेशमा नमूना पठाइयो ।

सातौं योजना

सातौं योजनामा खानी तथा भूगर्भ सम्बन्धी उद्देश्यहरू निम्न बमोजिम प्रस्तुत गरिएका छन् ।

(१) सम्पूर्ण अधिराज्यको खनिज सम्पदाको योजनाबद्ध तरीकाले अन्वेषण गर्ने ।

(२) खनिज संचय र खनिजमा आधारित उद्योगलाई विकास गरी राष्ट्रिय उत्पादनमा वृद्धि गर्ने ।

(३) खानी विकासबाट रोजगारीको अवसरहरू श्रृजना गर्ने ।

(४) उपलब्ध खनिजहरूलाई स्वदेशमैं प्रयोग गरी विदेशी मुद्राको बचत गर्ने र निर्यात योग्य खनिजहरूलाई अग्रिम प्रशोधित वा तयारी वस्तुको रूपमा निर्यात गरी विदेशी मुद्रा कमाउने ।

(५) विभिन्न क्षेत्रमा भएका खनिज सम्पदाको विकासबाट एकीकृत क्षेत्रीय विकासमा बल पुऱ्याउने ।

उपर्युक्त उद्देश्यहरू प्राप्त गर्न मुख्य रूपले निम्नांकित नीतिहरू अवलम्बन गरिने छ ।

(१) खनिज अन्वेषण तथा विकास र भौतिक सर्वेक्षण कार्यलाई सुनियोजित तरीकाले संचालन गर्ने संगठनात्मक व्यवस्थामा सुधार गर्ने ।

(२) खनिज सम्पदाको अन्वेषण र विकासमा स्वदेशी, निजी र विदेशी लगानी तथा प्रविधि आकर्षित गर्ने उद्देश्यले छुट्टै खानी नीति लागू गर्ने र त्यसलाई कार्यान्वयन गर्न उपयुक्त ऐन नियम जारी गर्ने ।

(३) खनिज अन्वेषण र आधारभूत तथा इंजिनियरिंग भौगर्भिक सर्वेक्षण कार्यलाई अझ व्यापक र विस्तृत गर्ने ।

(४) पत्ता लागिसकेको खनिज सम्पदाको व्यापारिक उपयोगमा ल्याउने ।

(५) साना तथा निर्माण मूलक खनिज वस्तुहरूको उत्पादनको लागि निजी क्षेत्रलाई आवश्यक प्रोत्साहन र प्राविधिक सहयोग पुऱ्याउने र निजी क्षेत्र अग्रसर नभएमा सरकारी वा संयुक्त क्षेत्रबाट प्रवर्द्धन गर्ने ।

(६) खनिज अन्वेषण र विकासको लागि विभिन्न पूर्वाधारहरूलाई सुसगठित र सुव्यवस्थित गर्ने ।

कार्यक्रम—सातौं योजना अवधिमा निम्नांकित कार्यक्रमहरू संचालित गरिने छन् र यसको लागि रु० १२ करोड़ ८० लाखको रकम छुट्याइएको छ ।

(१) **भौगर्भिक सर्वेक्षण एवं अन्वेषण**—योजना अवधिमा क्षेत्रीय भौगर्भिक एवं खनिज अन्वेषण तथा इंजिनियरिंग एवं इनभाइरौनमेंटल जियोलजी अध्ययन क्रमबद्ध एवं एकीकृत तरीकाले गर्ने र यसको लागि रु० २ करोड़को रकम पनि छुट्याइएको छ ।

(२) **भूभौतिक सर्वेक्षण तथा अन्वेषण**—योजना अवधिमा क्षेत्रीय भू-भौतिक सर्वेक्षण तथा साइस्मिक नेटवर्क संचालन गर्ने छ र यस कार्यको लागि रु० १ करोड़ २० लाखको रकम पनि छुट्याइएको छ ।

(३) **खनिज अन्वेषण**—खनिज अन्वेषणको सम्बन्धमा योजना अवधिमा पेट्रोलियम अन्वेषण परियोजना, धातु खनिज अन्वेषण, अधातु खनिज अन्वेषण आयोजना एवं मट्टी कोइला अन्वेषण कार्यहरू गर्ने र यसको लागि रु० २ करोड़ ८५ लाख रकम खर्च गर्ने भन्ने व्यवस्था गरिएको छ ।

(४) **खानी विकास**—खानी विकासको हकमा प्राकृतिक ग्याँस आयोजना, सुर्खेत र धनकुटा जिल्लाहरूमा सिमेंट उद्योगको आर्थिक तथा प्राविधिक सम्भाव्यता अध्ययन र पाइलट डिमोन्स्ट्रेशन एकीकृत ढुंगा उद्योग सम्भाव्यता अध्ययन कार्यहरू गरिने छ र यस कार्यको लागि रु० २ करोड़ ७० लाखको रकम छुट्याइएको छ ।

(५) **प्राविधिक तथा लजिस्टिक टेवा सेवाहरू**—यस कार्यको हकमा डकुमेंटेशन तथा प्रकाशन सेवाको साथसाथै ३ स्थानहरूमा क्षेत्रीय प्रयोगशाला खड़ा गरी प्रभाव-

कारी रूपमा संचालन गर्नें र यस अन्तर्गत विभिन्न प्राविधिक तथा लजिस्टिक टेवा सेवाहरू पनि उपलब्ध गराउने । यस कार्यको लागि योजना अवधिमा रु० ४ करोड़ ५ लाखको रकम खर्च गर्नें भन्ने पनि व्यवस्था गरिएको छ ।

Model Questions

1. Describe the importance of minerals in economic life of Nepal.
   नेपालको आर्थिक जीवनमा खनिज सम्पदाको महत्वको वर्णन गर्नुहोस् ।
2. Give an account of mineral wealth of Nepal.
   नेपालमा पाइने खनिज सम्पदाको वर्णन गर्नुहोस् ।
3. What are the factors responsible for non-exploytation of mineral wealth in Nepal ? What steps have been taken by H. M. G. to develop them in plan period ?

   नेपालमा खनिज सम्पंदाको उपयोग नभएका कारणहरू बताउनुहोस् । श्री ५ को सरकारद्वारा यसलाई विकसित गर्नेका लागि योजनाकालमा के-के पाइलाहरू चालिएको छ ।

अध्याय
: ४ :

जल-स्रोत
(Water Resources)

जल जीवनको लागि आधारभूत आवश्यकता हो। सन् १९६७ ई० को वाटर फर पीस कनफरेन्स (Water for peace conference) मा संयुक्त राज्य अमेरिकाका राष्ट्रपतिको विचार "मानव आगामी शतकको सम्मुख भएकोले वढ्दो जनसंख्या कति दिनसम्म बाँच्न सक्छ नै सब भन्दा महत्वपूर्ण प्रश्न आउँछ। यस प्रश्नको सम्बन्धमा प्रत्येक कुरो जस्तै जल पनि आधारभूत पदार्थ अन्तर्गत नै आउँछ। पिउनको लागि हामीलाई अनिवार्य रूपले चाहिने, खाद्यान्न उत्पादनको लागि र औद्योगिक विकासको लागि जलको आवश्यकता पर्दछ।[1] देशमा जलको आवश्यकता निम्नांकित कार्यहरूको लागि हुन्छ।

१. पिउन एवं घरेलु काम काजको लागि :—पिउन एवं घरेलु काम काजको लागि जलको प्रयोग गरिन्छ। जलको यो सब भन्दा महत्वपूर्ण प्रयोग हो। हामी पिउने कामको साथ-साथै सफाई कार्यको लागि पनि जलको प्रयोग गर्दछौं। यस प्रकारको जलको उपयोग हिमाली क्षेत्रमा कम हुन्छ तर तराई प्रदेश उष्ण भएको हुनाले बढ़ी हुन्छ। सर-सफाई कार्यका लागि ग्रामीण क्षेत्रका दाँजोमा शहरी क्षेत्रमा जलको बढ़ी प्रयोग गरिन्छ। जलको यस प्रकारको उपयोग मौसममा पनि निर्भर गर्दछ। फलतः जाड़ो भन्दा गर्मीको याममा जलको यस प्रकारका उपयोगका मात्रामा वृद्धि हुन जान्छ। खाने पानी हाल पाइपद्वारा पुऱ्याउने प्रयास भइरहेको छ। सन् १९५१ भन्दा पहिला पाइपद्वारा खाने पानी पुर्‍याउने व्यवस्था केवल काठमार्डौ उपत्यकामा मात्र थियो। प्रथम पञ्चवर्षीय योजनादेखि पाइपद्वारा खाने पानी पुऱ्याउने व्यवस्था योजनाबद्ध तरीकाले प्रारम्भ भएको हो। सन् १९७५ ई० सम्ममा देशका ६ प्रतिशत मानिसलाई पाइपबाट जल उपलब्ध हुन थाल्यो। तर

---

[1] "As man faces the next century, one question stands above all others, How will and how long--can the earth sustain its ever growing population ? As much as everything, water holds the key to the question; water to drink, water to grow the food we must eat, water to sustain industrial growth". The president of U. S. A in his address to the water for peace conference 1967.

२९७५ ई० मा ग्रामीण क्षेत्रको कुल जनसंख्याको २ प्रतिशत मानिसलाई मात्र यो सहुलियत उपलब्ध थियो ।[2] छैटौं योजनाको अन्त्यसम्ममा ग्रामीण क्षेत्रका १५·७ प्रतिशत र शहरी क्षेत्रका ७९ प्रतिशत मानिस खाने पानी सहुलियतबाट लाभान्वित भएको पाइन्छ भने समग्र रूपमा देशको कुल जनसंख्याको २०·६ प्रतिशत मानिसलाई यो सहुलियत उपलब्ध हुन गएको देखिन्छ[3] ।

२. औद्योगिक क्षेत्र (Industrial Sector) :—औद्योगिक क्षेत्रलाई पनि प्रशोधनका श्रममा धेरै मात्रामा पानीको आवश्यकता पर्दछ । यस प्रकारको आवश्यकता खास गरेर ठूलो परिमाणका औद्योगिक प्रतिष्ठानलाई पर्दछ । जस्तो प्रति टन स्टील प्रशोधनको लागि ६५ हजार गैलन पानी चाहिन्छ[4] । नेपालमा ठूलो परिमाणका उद्योगहरूको धेरै नै कमी छ । विराटनगर, दुहवी, हेटौंडा, जनकपुर, वीरगञ्ज, भैरहवा आदि ठाउँहरूमा जहाँ केही मात्रामा ठूला परिमाणका उद्योगहरू सीमित छन्, यस औद्योगिक प्रशोधन कार्यको लागि पानीको प्रयोग हुन्छ ।

३. सिंचाई (Irrigation) :—सिंचाईमा पनि जल स्रोतको प्रयोग हुन्छ । नेपाल जस्तो कृषि प्रधान देशका लागि जल स्रोतको यस प्रकारको प्रयोग धेरै नै महत्वपूर्ण हुन्छ । सिंचाई उपलब्ध हुन सक्ने तराई क्षेत्रमा ठूला-ठूला नदीहरूबाट करीव १४ लाख हेक्टर, साना नदीहरू र भूमिगत प्रणालीबाट करीव ७ लाख हेक्टर एवं पहाड़ी क्षेत्रमा ५·५ लाख हेक्टर गरी कुल २६·५ लाख हेक्टरमा सिंचाई उपलब्ध हुन सक्ने देखिन्छ । छैटौं योजनाको अन्त्यसम्म सरकारी प्रयासबाट कुल ३,३८,६७२ हे० मा सिंचाई सुविधाको व्यवस्था हुने छ । यो कुल सिंचाई योग्य भूमिको १३.०३ प्रतिशत मात्र छ । ६ वटा आवधिक योजनाहरू पूरा हुँदा पनि यति कम सिंचाई सुविधा पुर्‍याउन सकिनु उत्साहवर्द्धक छैन ।[5]

४ यातायात (Transport) :—यातायात क्षेत्रमा पनि पानीको प्रयोग हुन्छ । यातायातका रूपमा जल मार्ग नै सवभन्दा सस्तो हुन्छ । तर नेपालका नदीहरूमा गर्मीमा पानीको कमी र वर्षा याममा अत्यधिक तेज धार हुन्छ । यहाँका धैरै जसो नदीहरूलाई यातायातका रूपमा प्रयोग गर्न उपयुक्त हुँदैन । देशमा यातायातको साधनका रूपमा प्रयोग हुन सक्ने सब भन्दा उपयुक्त गण्डकी नदी हो । वर्षा याममा केही नदीहरूको प्रयोग भारत नेपाल बीच धान चामल आदिको ढुवानी कार्यको

---

२. मल्ल यू० एम० एण्ड श्रेष्ठ सी० बी०, इन माइरौन मेंटल रिसोर्स मेनेजमेंट इन नेपाल, काठमाडौं, १९८३, पृष्ठ–६१

३. राष्ट्रिय योजना आयोग, सातौं योजना, पृष्ठ १७१, तालिका नं० ७.

४. पू० पा० टिप्पणी २, पृष्ठ ६२.

५. पू. पा. टिप्पणी सं. ३ पृ. १६७ ।

निमित्त प्रयोग गरिन्छ। कहीं-कहीं काठका ठूला मूढालाई जंगलबाट बगाएर ल्याउने काम पनि सजिलोसित गरिन्छ।[6]

५. मनोरञ्जन (Recreation) :—जल स्रोतको प्रयोग मनोरञ्जनको लागि पनि गरिन्छ। नेपालमा पहाड़, झर्ना, ताल, लेक आदिलाई यसको लागि धेरै नै आकर्षक मानिन्छ।

६. कच्चा पदार्थ (Raw meterial) :—समुद्रको पानीबाट नून एवं धेरै प्रकारका रासायनिक पदार्थ निकाल्ने काम हुन्छ। यसरी यी वस्तुहरूका लागि पानी कच्चा पदार्थका रूपमा पनि काम गर्दछ। नेपाल एक भूपरिवेष्ठित मुलुक भएकाले यस प्रकारका जलको हाम्रो देशमा अभाव छ।

७. शक्तिको साधनको रूपमा (Sources of power) :—जल स्रोतको प्रयोग शक्तिका साधनका रूपमा पनि गरिन्छ। हाम्रो देशमा ठाडो धार भएको अपार जल-स्रोत एउटा बहुमूल्य सम्पदा हो जसको समुचित परिचालनले अर्थतंत्रलाई टेवा दिन सकिन्छ। नेपाल विश्वको कुल भौगोलिक क्षेत्रको करीव ०·९४ प्रतिशत भूभागमा मात्र फैलिएको भए तापनि सैद्धान्तिक रूपले विश्वको कुल जलविद्युत क्षमताको २·२७ प्रतिशत हामीसित उपलब्ध छ।[7] हाम्रो प्रतिव्यक्ति जल विद्युत क्षमता १·९ कि० वा० छ जो धेरै जसो एशिया र सुदूर पूर्वका देशहरूमध्ये, प्रथम स्थान राख्दछ।[8] देशको कुल जलविद्युत क्षमता ८३ हजार मेगावाट अनुमान गरिएकोमा हालसम्मको अध्ययन अनुसार आर्थिक तथा व्यावहारिक दृष्टिले २५ हजार मेगावाटसम्म विद्युत उत्पादन गर्न सकिन्छ। छैटौं योजनाको अन्तसम्ममा अधिराज्यमा कुल उत्पादन १२९·६ मेगावाट भएको छ। यो कुल अनुमानित क्षमताको ०·१६ प्रतिशत तथा व्यावसायिक दृष्टिले उत्पादन गर्न सकिने क्षमताको ०·५२ प्रतिशत मात्र रहेको छ। छैटौं योजनाको अन्त्यसम्ममा हाम्रो प्रतिव्यक्ति वार्षिक विद्युत खपत करीब २२ यूनिट हुने छ जबकि यस क्षेत्र र आस-पासका केही विकासशील देशहरूको खपत यसको तुलनामा निकै बढ़ी छ। भारतमा प्रतिव्यक्ति विद्युतको खपत १७० यूनिट छ तथा पाकिस्तान, श्रीलंका, बर्मा र बंगलादेशमा क्रमशः १९२, ९४, ३४ र २९ यूनिट छ।

---

६. पू. पा. टिप्पणी २, पृष्ठ ६३।

७. श्रेष्ठ एच. एस. "वाटर एण्ड पावर रिसोर्सेज" इन एम० बाँसकोटा एण्ड एच० ई० विष्ट (एड्स), नेपाल्स इकोनोमी—ऐन ओभरभ्यू, काठमाडौं सेडा, १९८०, पृष्ठ ३२७।

८. श्रेष्ठ बी०पी०, एन इन्ट्रोडक्शन टू नेपलिज इकोनोमी, काठमाडौं १८७४ पृष्ठ १३।

देशमा जलको आवश्यकता निम्नांकित कार्यहरूको लागि हुन्छ ।

(१) पिउन एवं घरेलु काम काजको लागि
(२) औद्योगिक क्षेत्र
(३) सिंचाई
(४) यातायात
(५) मनोरंजन
(६) कच्चा पदार्थ
(७) शक्तिको साधनको रूपमा

नेपालको अर्थ-व्यवस्थामा जल विद्युतको महत्व
(Importance of Hydro-Electricity in Nepalese Economy)

कुनै पनि अर्थ व्यवस्थाको विकासको लागि शक्ति वा उर्जाको उपलब्धि आवश्यक हुन्छ । वास्तवमा भन्ने हो भने प्रतिव्यक्ति उर्जाको खपत कुनै पनि देशको आर्थिक विकासको संकेतकको रूपमा काम गर्दछ । नेपालमा कोइला, ग्याँस, मट्टीतेल आदि खानी जन्य उर्जाको स्रोतको अभाव छ भने बिभिन्न भौगोलिक परिस्थिति एवं प्राविधिक कठिनाईहरूले गर्दा वायु शक्तिको प्रयोग सबै ठाउँमा उपयुक्त र प्रभावकारी हुन सक्तैन । तर हामीसित जल विद्युत उत्पादन गर्ने अपार सम्भावना छ । हाम्रो अर्थ व्यवस्थामा जलविद्युतको महत्व निम्न कारणहरूले गर्दा शक्तिको अन्य साधनहरू भन्दा बढ़ी छ ।

१. कोइला, तेल एवं प्राकृतिक ग्याँसको अभाव :—शक्तिको रूपमा प्रयोगमा आउने कोइलाको हामीसित अत्यन्तै अभाव छ । गुण एवं मात्राको दृष्टिले विचार गर्दा हालसम्म व्यापारिक दृष्टिले उपयुक्त हुने कुनै पनि कोइला खानीबारे पत्ता लागेको छैन । त्यसै गरी मुस्ताङ्ग र दैलेख जिल्लाहरूमा, प्राकृतिक ग्याँस र ग्याँसका शिपेजहरू पाइए तापनि व्यापारिक दृष्टिले उपयुक्त हुने तेल एवं प्राकृतिक ग्याँस भन्डार हालसम्म फेला परेको छैन । तर हामीसित जलविद्युत उत्पादनको अपार सम्भावना छ । यस्तो परिस्थितिमा जलविद्युतको विकास गर्ने वाहेक हामीसित कुनै अर्को विकल्प छैन ।

२. कहिल्यै नसकिने साधन—(Unending Resources) :—कोइला एवं तेलको भंडार पृथ्वीका गर्भमा सीमित मात्रामा नै पाइन्छ । ती साधनहरूलाई प्रयोग गर्दै जाँदा कालान्तरमा समाप्त हुने डर रहन्छ । त्यसै गरी दाउराको मात्रा पनि वनमा सीमित मात्रामा नै पाइन्छ । तर जल शक्तिको जति प्रयोग गरेपनि त्यो कहिल्यै कम हुन सक्तैन । फलस्वरूप यो सबभन्दा महत्वपूर्ण साधन हो ।

३. कम लागत खर्च (Cheap cost) :—देश विकासको लागि पर्याप्त मात्रामा सस्तो दरमा शक्तिको साधन उपलब्ध हुनु पर्दछ। शक्तिको साधन सस्तो भएमा उत्पादन व्यय घट्न जान्छ। जल-विद्युत उत्पादन गर्दा जलको उपलब्धि कच्चा पदार्थको रूपमा अनवरत रूपले निःशुल्क भएको हुनाले उत्पादन खर्च अत्यन्तै कम पर्दछ। तसर्थ जल विद्युत सब भन्दा सस्तो उत्पादनको साधन हो।

४. वन संरक्षण (**Protection of Forest**) :—वन-जंगल हाम्रो राष्ट्रिय आयको प्रमुख स्रोतको रूपमा रहेको छ। तर यसको स्थिति प्रत्येक वर्ष बिग्रिँदै गई चिन्ताजनक स्थितिमा पुगेको छ। वन जंगल द्रूततर गतिमा विनाश हुनुको विभिन्न प्रमुख कारणहरूमध्ये दैनिक जन-जीवनको लागि नभै नहुने दाउराको आवश्यकतालाई एक प्रमुख कारणको रूपमा मान्न सकिन्छ। केवल दाउराको लागि मात्र पनि वार्षिक १००० वर्ग कि० मीटर (अर्थात् १ लाख हेक्टर) भन्दा ज्यादा वन नोक्सानीं भैरहेको अनुमान गरिएको छ।[9] जल विद्युतको विकाश गरी दाउराको सट्टा जल-विद्युतको प्रयोग गरेमा वन-जंगलको संरक्षण हुन सक्तछ।

५. निकासी क्षमताको विकास (Development of Export potensiality)—हाम्रो आयात दिनानुदिन बढ्दै गएकोले र निर्यात गर्ने वस्तुहरूको अभावले गर्दा व्यापार-सन्तुलन एवं भुक्तान-संतुलन गम्भीर रूपले प्रतिकूल हुन गएको छ। हामीसित भएको अपार जल विद्युत उत्पादन गर्ने क्षमता छ। जल विद्युतको विकास भएमा हामी भारत एवं अन्य मुलुकहरूमा यसलाई निकासी गरी प्रशस्त मात्रामा भारतीय एवं अन्य विदेशी मुद्रा अर्जित गर्न सक्तछौं। सन् १९६१ को संयुक्त-राष्ट्रले गरेको एक सर्वेक्षण अनुसार केवल कर्णाली बेसिनबाट मात्र भारतमा १० विलियन कि० वा० जल विद्युत निर्यात गर्न सकिन्छ।[10] यसरी जल विद्युतको विकासद्वारा हाम्रो निकासी क्षमतामा वृद्धि हुन सक्छ र व्यापार-संतुलन एवं भुक्तानी संतुलनको प्रतिकूलतामा सुधार हुन सक्तछ।

६. आयातमा कमी (Decrease in Import) :—विद्युत विकास भएमा हामीले पेट्रोलियम पदार्थको सट्टा विद्युतको प्रयोग गर्न सक्छौं र यसरी पेट्रोलियमको आयातमा कमी हुन्छ। फलस्वरूप विदेशी मुद्राका खर्चमा कमी आउँछ।

७ यातायात एवं अन्य सामाजिक सुविधाको विकास :—जलविद्युतको विकास भएमा हामी यातायातका साधनहरूलाई विद्युतद्वारा संचालन गर्न सक्छौं। जल विद्युत सस्तो भएकोले हाम्रा यातायातका साधनहरू पनि सस्ता हुन जान्छन्। यस्तै प्रकारले चलचित्र एवं अन्य मनोरञ्जनका साधनहरूका साथ-साथै धेरै प्रकारका सामाजिक सुविधाहरूको विकास हुन पनि सम्भव हुन्छ।

---

९. पू. पा. टिप्पणी संख्या ३, पृ. ४३७।

१०. प्रो० श्रेष्ठ चन्द्र बहादुर एण्ड डा० शर्मा प्रीतम, फिजिकल सेटिंग एण्ड नेचुरल रिसोर्सेज : एभेलैविलिटी एण्ड प्रोस्पेक्ट्स, इन बाँसकोटा एम० एण्ड विस्ट एन० के० (एडिटेड), "नेपाल्स इकोनोमी एन ओभरभ्यू, काठमाडौं, सेडा, १९८०, पृ० ६६।

८. कृषि एवं उद्योगको आधुनिकीकरण (Modernization of Agriculture and Industry) :—जल विद्युतको विकास भएमा सिंचाई सुविधाहरूको विकासद्वारा परम्परागत कृषि प्रणालीलाई आधुनिकीकरण गर्न सकिन्छ। साथै विभिन्न प्रकारका साना-ठूला एवं मझौला उद्योगहरू पनि जल विद्युतद्वारा संचालित हुनाले जल विद्युत विकासले हामीलाई देशको औद्योगिकीकरणलाई पनि ठूलो सघाउ पुऱ्याउने हुन्छ।

तसर्थ नेपालको शक्तिको साधनको रूपमा जल विद्युत नै हाम्रो सर्वाङ्गीण विकासको साधन बन्न सक्छ।

नेपालको अर्थ व्यवस्थामा जल विद्युतको महत्व

१. कोइला तेल एवं प्राकृतिक ग्याँसको अभाव।
२. कहिले नसकिने साधन।
३. कम लागत खर्च।
४. वन संरक्षण।
५. निकासी क्षमताको विकास।
६. आयातमा कमी।
७. यातायात एवं अन्य सामाजिक सुविधाको विकास।
८. कृषि एवं उद्योगको आधुनिकीकरण।

नेपालमा जलविद्युत् विकासको क्षमता (Potentialities of developing hydro-electricity in Nepal)

नेपालमा कोइला, पेट्रोल आदि शक्तिका साधनको अत्यन्तै अभाव छ भन्ने कुरो माथि नै प्रष्टिएको छ। तर जल विद्युत् उत्पादन गर्न सकिने सम्भावनाका सम्बन्धमा हामी विश्वका केही थोरै भाग्यशाली देशहरूको श्रेणीमा छौं, देशको कुल भौगोलिक क्षेत्रको २१ प्रतिशत भाग तराई प्रदेश छ र बाँकी ७९ प्रतिशत भाग पहाड़ै-पहाड़ले भरिएको छ।[11] देशमा कोशी, गण्डकी, कर्णाली, राप्ती, महाकाली जस्ता ठूला-ठूला नदीहरूका साथ-साथै साना-तिना नदीहरू, झरनाहरू, खोलाहरूमा सालभरि प्रशस्त मात्रामा पानी बग्दै रहन्छ। यी नदी एवं झरनाहरू गन्ठयाङ्ग गुन्ठुङ्ग, अग्लो-होचो पहाड़ी धरातलमा बग्दछन्। फलस्वरूप यिनमा सालैभर नियमित रूपले जलको वेग अत्यन्तै तेज हुन्छ। यी नदीहरूमा बाँध बाँधेर बिजुली उत्पादन गर्न सक्ने धेरै उपयुक्त ठाउँहरू छन्। फलस्वरूप संसारका कुल भौगोलिक क्षेत्रको केवल ०·०९४ प्रतिशत भागमा नेपाल फैलिएको भए तापनि सैद्धान्तिक रूपले संसारको कुल विद्युत उत्पादन क्षमताको २·२७ प्रतिशत विद्युत उत्पादन गर्ने क्षमता (Theoratical hydro-power potentiality) हामीसित छ।[12] देशको कुल क्षमता ८३ हजार मेगावाट अनुमान गरिएकोमा हालसम्मको अध्ययन अनुसार आर्थिक तथा व्यावसायिक दृष्टिले २५ हजार मेगावाट विद्युत उत्पादन गर्न सकिन्छ[13]

---

११. पू० पा० टिप्पणी २, पृष्ठ १३
१२. पू० पा० टिप्पणी ७, पृष्ठ ३२२
१३. पू० पा० टिप्पणी संख्या ३, पृ० १६१

नदी क्षेत्रको दृष्टिले कोशी क्षेत्रबाट १७९०२, गण्डकी क्षेत्रबाट १५·७१९, कर्णाली र महाकाली क्षेत्रबाट ४०३५७ र दक्षिणी नदी क्षेत्रहरूबाट ३०७७ मेगावाट विजुली उत्पादन गर्न सकिन्छ जो निम्न तालिकाद्वारा प्रष्टिन्छ—

तालिका ४ : १

क्षेत्र	जलविद्युत उत्पादन गर्ने क्षमता (मेगावाटमा)
कोशी क्षेत्र	१७,९०२
गण्डकी क्षेत्र	१५,७१९
कर्णाली र महाकाली क्षेत्र	४०,३५७
दक्षिणी नदी क्षेत्रहरू	३,०७७

(स्रोत :—मल्ल यू० एम० एण्ड श्रेष्ठ सी० बी० एनभाइरौनमेंटल रिसोर्स मेनेजमेंट इन नेपाल, काठमार्डौ १९८३, पृष्ठ ६६-६७ टेबुल ६ मा आधारित)

प्रतिव्यक्ति विद्युत् उत्पादन गर्न सक्ने क्षमताका दृष्टिकोणले विचार गर्ने हो भने हाम्रो क्षमता एशिया महादेशमा अधिकतम छ जो निम्न तालिकाद्वारा प्रष्टिन्छ—

तालिका ४ : २

देश	एशियामा प्र[illegible]क्त जलविद्युत् उत्पादन गर्ने क्षमता (कि० वा०मा)
वर्मा	१·०१
सिलोन	०·०६
चीन	०·१७
चीन ताइवान	०·३५
भारत	०·०९
इन्डोनेशिया	०·०३
जापान	०·२५
कोरिया	०·०४
मलाया	०·१३
नेपाल	१·९
पाकिस्तान	०·१२
फिलिपिंस	०·०७
थाइलेंड	०·०५
अफगानिस्तान	०·०८

(स्रोत—श्रेष्ठ डा० बी०पी०, इन्ट्रोडक्शन टू नेपलिज इकोनोमी, काठमाण्डू, १९७४, पृष्ठ १३, टेबुल ६ मा आधारित ।)

तर उपभोगको दृष्टिकोणले विचार गर्दा हाम्रो विद्युत् उपभोग छैटौं योजनाको अन्तसम्म करीब २२ यूनिट प्रतिव्यक्ति प्रति वर्ष हुने अनुमान गरिएको छ।[14] यो छरछिमेकका केही विकासशील देशहरूको तुलनामा निकै नै कम देखिन्छ। दक्षिण एशियाका केही देशहरूको विद्युत् खपत निम्न तालिकामा प्रस्तुत गरिएको छ।

तालिका ४ : ३

देश	औसत उपभोग (प्रतिव्यक्ति किलोवाट घन्टा)
नेपाल	२२
भारत	१७०
इन्डोनेशिया	३८
श्रीलंका	९४
बंगलादेश	२९
बर्मा	३४
पाकिस्तान	१९२

(स्रोतः—सातौं योजना, पृष्ठ १६१-६२, तालिका नं० १)

जल विद्युत विकासका बाधाहरू

(Problems of Developing hydro electricity)

देशमा कुल ८३ हजार मेगावाट जल विद्युत् उत्पादन गर्न सकिन्छ र यस मध्ये पनि आर्थिक तथा व्यावसायिक दृष्टिले २५ हजार मेगावाट विद्युत् उत्पादन गर्न सकिन्छ। तर छैटौं योजनाका अन्त्यसम्म केवल १२९ मेगावाट जल विद्युत् मात्र उत्पन्न हुन सकेको छ जो कुल अनुमानित क्षमताको ०·१६ प्रतिशत तथा व्यावसायिक दृष्टिले उत्पादन गर्न सकिने क्षमताको ०·५२ प्रतिशत मात्र हुन आउँछ। फलस्वरूप जल विद्युत उत्पादन गर्ने क्षमता हामीसित अपार भए पनि हाम्रो प्रतिव्यक्ति प्रति वर्षको विद्युत खपत केवल २२ यूनिट मात्र छ भन्ने कुरो माथि नै प्रष्टि सकेको छ। फलस्वरूप देशको महत्वपूर्ण उद्योगहरूलाई उर्जाको धेरै नै खाँचो हुन गएको छ। तराईका कतिपय शहरहरूमा भारतबाट विजुली आयात गर्नु परेको छ र ग्रामीण क्षेत्रहरूमा विजुली पुगेको छैन। जल विद्युत विकासको सम्वन्धमा हालसम्म गरेको प्रयासको बावजूद पनि निम्नांकित समस्याहरूले गर्दा चाहिने सफलता हासिल हुन सकेको छैन—

---

१४. पू० पा० टिप्पणी सं० ३, पृ० १६१।

१ अध्ययनको अभाव (Lack of Study)—जल विद्युत् उत्पादन गर्न सक्ने सम्भावनाको सम्बन्धमा अहिलेसम्म अपूर्ण एवं प्रारम्भिक सर्वेक्षण मात्र भएको छ। विस्तृत हाइड्रोलोजिकल सर्वेक्षणका अभावले गर्दा हामीले कति मात्रामा र कुन-कुन क्षेत्रमा जल विद्युत् उत्पादन गर्न सक्छौं भन्ने पूर्ण यकिन नै हुन सकेको छैन। हालसम्मको अपूर्ण सर्वेक्षण अनुसार नेपालमा अनुमानित रूपले कुल ८३ हजार मेगावाट विद्युत् उत्पादन गर्न सकिन्छ।

२. प्राविधिक ज्ञान एवं व्यवस्थापन सम्बन्धी समस्या (Technical and Managerial problem)—जल विद्युत् सम्बन्धी कुनै ठूलो आयोजना शुरू गर्दा सर्वप्रथम प्राविधिक ज्ञान एवं व्यवस्थापन सम्बन्धी कठिनाइ नै उपस्थित हुन्छ। हामीसित प्राविधिज्ञ एवं योग्य व्यवस्थापकहरूको अत्यन्तै अभाव छ। फलस्वरूप यस सम्बन्धमा दक्ष जनशक्तिका लागि हामीले विदेशी प्राविधिज्ञहरूमा नै निर्भर रहनु परेको छ।

३. पूँजीको अभाव (Lack of Capital)—कुनै पनि ठूलो विद्युत् परियोजनाको लागि धेरै मात्रामा पूँजीको आवश्यकता पर्दछ। हामीसित पूँजीको धेरै नै अभाव छ। फलस्वरूप अधिकांश विद्युत आयोजनाहरूका लागि हामीले एक वा एक भन्दा बढ़ी विदेशी मित्र राष्ट्र वा अन्तर्राष्ट्रिय बित्तीय संस्थामा भर पर्नु परेको छ। ती मित्रराष्ट्र एवं अन्तर्राष्ट्रिय वित्तीय संस्थाहरूसित वित्तीय व्यवस्था मिलाउनमा कठिनाइ एवं प्रकृयात्मक कारबाइमा ढिलाई हुन जान्छ। फलस्वरूप परियोजनाहरूको समयमा कार्यान्वयन हुँदैन।

४. मेशीन एवं अन्य उपकरणहरूको अभाव (Lack of Machine and other implements)—जल विद्युत् परियोजना चालू गर्न एवं उत्पादित विद्युत्लाई वितरण गर्नमा आवश्यक हुने मेशीन एवं तार खम्भा जस्ता अन्य उपकरणहरूको हामीसित अत्यन्त अभाव छ।

५. यातायातको समस्या (Problem of Transport)—जल विद्युत्को विकासमा यातायातको कमी पनि एउटा ठूलो समस्याको रूपमा देखा पर्दछ। कतिपय ठाउँहरूमा जल विद्युत् परियोजनाको लागि गरुङ्गो मेशीन एवं उपकरणहरूलाई परियोजना स्थलमा पुऱ्याउँदा वाटो नभएमा मानिसवाट बोकाएर पुऱ्याउन वा हेलिकोप्टरवाट खसाल्नु पर्दा धेरै नै खर्च पर्दछ र साथै परियोजना पूरा गर्दा समय पनि धेरै नै लाग्दछ।

६. बजारको समस्या (Problem of Market)—देशमा औद्योगिकीकरण भएको छैन। धेरै मात्रामा उर्जाको खपत हुने उद्योगका अभावमा हाम्रो विद्युतको खपत मुख्य रूपले घरेलु काम काजको लागि मात्र हुन्छ र गरीवीले गर्दा घरेलु

कामकाजमा पनि ज्यादा मात्रामा बिजुलीको खपत हुन सक्तैन । विद्युत् माँगको वृद्धि अपेक्षित रूपमा बढ्न नसकेकाले कुलेखानीको उपलब्ध विद्युत शक्ति मध्ये ५० प्रतिशत भन्दा पनि बढ़ी उपयोग हुन नसकेको देखिएको छ ।[15] केन्द्रीय एकीकृत प्रणाली अन्तर्गत जलविद्युत् उत्पादन क्षमता १,२६,०५८ किलोवाट पुगेको छ, जसको ६० प्रतिशत मात्र प्रयोग भएको छ । जल विद्युत् परियोजना भारी मात्रामा पूंजी लगानी गर्नु पर्दछ । फलत: जलविद्युत् परियोजना जति आकर्षक भए पनि बजारका अभावले गर्दा जोखिमपूर्ण हुन सक्तछ । हामीसित सीमित वित्तीय स्रोतहरूको सदुपयोग नभएमा आर्थिक विकासमा यसको अवान्छनीय असर पर्न जान्छ ।

जल विद्युत विकासका बाधाहरू

" २०५८

(१) अध्ययनको अभाव
(२) प्राविधिक ज्ञान एवं व्यवस्थापन सम्बन्धी समस्या
(३) पूंजीको अभाव
(४) मेशीन एवं अन्य उपकरणको अभाव
(५) यातायातको समस्या
(६) बजारको समस्या

पहिलो योजना भन्दा पूर्व—नेपालमा सर्वप्रथम सन् १९११ ई० मा ९०० कि० वा० क्षमताको जल विद्युत् केन्द्रको स्थापना गरियो । यस भन्दा पूर्व नेपालमा बिजुलीको उपलब्धि थिएन । यस उप्रान्त सन् १९३९ ई० मा फर्पिगमा ४५० कि० वा० क्षमता भएको अर्को जलविद्युत केन्द्रको स्थापना भयो । पहिलो योजना प्रारम्भ हुनु भन्दा पूर्व नेपालमा कुल विद्युत् उत्पादन क्षमता ६,२८० कि० वा० मात्र थियो जस मध्ये जल विद्युत् क्षमता २०७७ कि० वा० थियो ।

पहिलो पंचवर्षीय योजनामा विद्युत् विकास

यस योजना अन्तर्गत त्रिशुली, ठाडो खोला,' पनौती, सेती, तिनाउ आदि नदीहरूमा जल-विद्युत् आयोजना कार्यान्वित गरी २० हजार कि० वा० क्षमताको विद्युत् शक्ति उत्पादन गर्ने लक्ष्य राखिएको थियो । यस्ता कार्यका लागि ३ करोड़ रु० (योजना अवधिभित्र खर्च हुने कुल रकमको ९ प्रतिशत) छुट्याइएको थियो । तर उचित सर्वेक्षण एवं अनुमानित लागतका अध्ययनका अभावले गर्दा कतिपय आयोजनाहरू शुरूसम्म पनि हुन सकेनन् र केही आयोजनाहरूमा प्रारम्भिक कार्यहरू मात्र शुरू हुन सकेको हुनाले यस योजना अवधिमा उल्लेखनीय प्रगति हुन सकेन । यस योजना अवधिमा निम्न अनुसार प्रगति भयो ।

---

[15] ऐजन पृ० ६६३

(क) काठमाडौं उपत्यकाको टेकू र भक्तपुरमा डिजेल केन्द्र स्थापना गरी केवल ७५० कि. वा. क्षमताको विद्युत् शक्तिको वृद्धि भयो।

(ख) कर्णाली, काली नदीहरू र काठमाडौं-हेटौंडा वीरगञ्ज प्रसारण लाइनको सर्भेक्षण कार्य प्रारम्भ गरियो।

(ग) पहिलो र दोस्रो योजनाको अन्तरिम वर्षमा डिजल केन्द्र स्थापना गरी १०५६ कि. वा. उत्पादन क्षमताको वृद्धि गरियो।

दोस्रो त्रिवर्षीय योजना

दोस्रो त्रिवर्षीय योजना अवधिभित्र जल-विद्युत् आयोजनाहरूवाट ११,७५० कि. वा., माइक्रोप्यान्टहरूवाट करीब ५०० कि. वा. र डिजेल प्यान्ट्सहरूबाट १०, ४७० कि. वा. गरी जम्मा २२, ७४० कि. वा. थप विद्युत् शक्ति उपलब्ध गर्ने लक्ष्य राखिएको थियो र विद्युत् विकासको लागि ९, १ करोड़ छुटचाइएको थियो।

तालिका ४ : ४

त्रिवर्षीय योजना अन्तर्गत विद्युत् उत्पादनको लक्ष्य

संख्या	परियोजनाको नाम	स्थान	शक्तिको पूर्ति (कि. वा. मा)
१.	पनौती जल-विद्युत् परियोजना	पनौती	२४००
२.	त्रिशुली जल-विद्युत् परियोजना	त्रिशुली	९०००
३.	ठाडो खोला विद्युत् परियोजना	चीसा पानी	३५०
४.	माइक्रो प्लान्ट		
	(अ) ४ ओटा डिजेल प्लान्ट प्रत्येक १०० कि. वा.	४ ओटा जिल्लाको प्रधान कार्यालयहरूमा ...	४००
	(ब) ४ ओटा वाटर टरवाइन	,, ,, ,, ...	१००-१२०
५.	नेपालगंज डिजलप्लान्ट ...	नेपालगंज ...	२५००
६.	वीरगंज डिजल प्लान्ट ...	वीरगंज ...	५००
७.	विराटनगर डिजल प्लान्ट ...	विराटनगर ...	३०००
८.	हेटौंडा डिजल प्लान्ट ...	हेटौंडा ...	४४७०
	कुल		२२७४० वा २२७२०

(स्रोत —त्रिवर्षीय योजना २०१९-२२, राष्ट्रिय योजना आयोग, श्री ५ को सरकार।)

प्रगति—यस योजना अन्तर्गत निम्न बमोजिम प्रगति भयो—

(क) **विद्युत उत्पादन**—पनौती जल-विद्युत् आयोजनाबाट २४०० कि. वा., काठमाडौंको पाटन डिजेल आयोजनाबाट १४७० कि. वा. र वीरगंज डिजेल आयोजनाबाट ५६० कि. वा. गरी कुल ४, ४३० कि. वा. थप विद्युत् शक्तिको उत्पादन भयो ।

(ख) **प्रसारण लाइन**—काठमाडौं वीरगंज प्रसारण लाइनको निर्माणमा काम शुरू गरियो ।

(ग) सुनकोशी र कर्णाली आयोजनाहरूका निमित्त सर्वेक्षण कार्य जारी राखियो ।

(घ) त्रिशुली योजनाको प्रथम चरण पूरा मात्रामा समाप्त नभई केवल एक यूनिटको मात्र स्थापना गरी दोस्रो एकाईको स्थापनाको लागि काम प्रारम्भ गरियो ।

तेस्रो पंचवर्षीय योजना

तेस्रो पंचवर्षीय योजना अन्तर्गत अधिराज्यमा विद्युत् शक्तिको गार्हस्थ्य एवं औद्योगिक आवश्यकताको दृष्टिले सम्पूर्ण अधिराज्यलाई केन्द्रीय, पश्चिमी र पूर्वी जम्मा तीन भागमा विभाजित गरी करीब ६० हजार कि. वा. विद्युत् उत्पादन गर्ने भन्ने लक्ष्य राखिएको थियो र यसको लागि २६ करोड़, रुपैयाँ (योजनाको रकमको १५ प्रतिशत) छुटचाइएको थियो । तर २०२४ सालमा योजनाको लक्ष्यमा संशोधन गरियो । संशोधित लक्ष्य अनुसार योजना अवधिभित्र ३६, ७०० कि. वा. थप विद्युत् शक्ति उत्पादन गर्ने भन्ने लक्ष्य राखियो । साथै यस योजना भित्र माठमाडौं-हेटौंडा—वीरगंज ६६ के. भी. प्रसारण लाइनको निर्माण पूरा गर्ने, सुनकोशी जल-विद्युत् आयोजना, गण्डक आयोजना, गण्डक हेटौंडा तथा गण्डक भैरहवा प्रसारण लाइन निर्माण कार्य पूरा गर्ने आदि लक्ष्यहरू पनि राखिएका थिए ।

प्रगति—यस योजना अवधिभित्र निम्नांकित कार्यहरू सम्पन्न भए—

(क) **विद्युत् उत्पादन**—विद्युत् उत्पादनका सम्बन्धमा त्रिशूली आयोजना र कोशी आयोजनाबाट लक्ष्य अनुसार क्षमतामा वृद्धि हुन नसकेकोले २०२७/२८ को पूर्वार्द्ध सम्म कुल १९,९६० कि. वा. विद्युत् उत्पादन हुन सक्यो जो संशोधित लक्ष्यको करीब ५० प्रतिशत मात्र थियो । विभिन्न आयोजनाबाट थप विद्युत् उत्पादन भएका तालिका निम्न तालिका नं. ४·५ मा प्रस्तुत गरिएको छ—

तालिका ४ : ५

संख्या	आयोजनाहरू	विद्युत् उत्पादन (कि. वा. मा.)
१.	त्रिशूली जल-विद्युत् आयोजना	१२००
२.	पोखरा डिजेल केन्द्र	१०००
३.	हेटौंडा डिजेल केन्द्र	४४७०
४.	पाटन र विराटनगर डिजेल केन्द्रहरू	२४९०
	कुल	१९, ९६०

(**स्रोत**—चौथो योजना, पृष्ठ २० (३))

(ख) प्रसारण लाइन—काठमाडौं-वीरगंज ६६ के. भी. प्रसारण लाइनको निर्माण समाप्त प्रायः गरियो तथा धरान, दुहुवी प्रसारण लाइनको कार्य शुरू गरियो।

(ग) सर्वेक्षण कार्य—कुलेखानी योजनाको सर्वेक्षण कार्य पूरा गरिनुका साथै देशका विभिन्न पर्वतीय क्षेत्रहरूमा पनि साना जल-विद्युत् आयोजना (मांइक्रो प्लान्ट) को सर्वेक्षण पनि भयो। कंकाई आयोजनाका लागि सर्वेक्षण कार्य चालू नै रह्यो।

(घ) राजविराजमा कोशीको विद्युत् शक्ति उपलब्ध गराइयो तथा जनकपुर, भरतपुर तथा भैरहवा विद्युतीकरणका लागि प्रारम्भिक कार्य गरियो।

चौथो योजना

चौथो योजना अन्तर्गत विद्युत विकास कार्यलाई (क) निर्माण, (ख) प्रसारण लाइन (ग) साना ।जल विद्युत आयोजना (विकास रेखाको आधारमा छनौट गरिएको) तथा (घ) डिजेल केन्द्र आयोजनाहरू र (ङ) सर्वेक्षण कार्यहरू गरी पाँच भागहरूमा विभाजित गरिएको थियो र उपर्युक्त कार्यहरूका लागि कुल रु० २२·५३ करोड़को रकम छुट्याइएको थियो।

योजना अवधिमा निम्न बमोजिम लक्ष्यहरू निर्धारित गरिएको थियो—

(क) थप विद्युत उत्पादन :—योजना अवधिभित्र निम्नांकित आयोजनाहरूबाट कुल ४०, ३०० कि० वा० विद्युत उत्पादन गर्ने लक्ष्य राखिएको थियो।

तालिका ४ : ६

थप जल विद्युत उत्पादन (कि० वा० मा)

नं०	परियोजनाको नाम	विद्युत उत्पादन
१.	त्रिशूली जल विद्युत आयोजना	९,०००
२.	सुनकोशी ,, ,, ,,	१०,०००
३.	गण्डक ,, ,, ,,	१०,०००
४.	कोशी ,, ,, ,,	६,८००
५.	डिजेल केन्द्रबाट	४,०००
६.	साना जल विद्युत आयोजना (धनकुटा समेत)	५००
	कुल	४०,३००

(ख) **प्रसारण लाइन** :—योजना अवधिभित्र गण्डक हेटौंडा १३२ के० भी० लाइन, काठमाडौं उपत्यका भित्रका ग्रामीण इलाकाको विद्युतीकरण, कोशी क्षेत्र विद्युतीकरण आयोजनको प्रसारण लाइन, कंकाई विराटनगर ६६ के० भी० लाइन, कंकाई झापा भद्रपुर ६६ के० भी० प्रसारण लाइन, सिरहा-वीरगंज-जनकपुर ३३ के० भी० प्रसारण लाइन, काठमाडौं ६६ के० भी० लाइन आदि निर्माण गर्ने कार्यहरू सम्मिलित थिए ।

(ग) **सर्वेक्षण कार्य**—सर्वेक्षण कार्यको हकमा पुवा खोला जल विद्युत आयोजना झापाको विस्तृत सर्वेक्षण, काली गण्डकी विस्तृत सर्वेक्षण (देवीघाटको निकटवर्ती क्षेत्रमा) काली गण्डकी विस्तृत सर्वेक्षण (रिडीको निकटवर्ती क्षेत्रमा), चमेलिया नदीको प्रारम्भिक सर्वेक्षण, तमोर तथा अरुण नदीको प्रारम्भिक सर्वेक्षण, साना जल विद्युत (माइक्रो प्लान्ट) आयोजनाको लागि सर्वेक्षणको साथ-साथै केही प्रसारण लाइनको सम्बन्धमा पनि सर्वेक्षण कार्य गर्ने भन्ने सम्मिलित थियो ।

प्रगति—चौथो योजनाको चार वर्षसम्ममा जलविद्युत्बाट जम्मा २६,०४० कि० वा० र डिजेल विद्युत् केन्द्रबाट जम्मा २,४६२ किलोवाट गरी कुल २८,५०२ कि० वा० उत्पादन गर्न सकिएको थियो । विभिन्न परियोजनाहरूको प्रगति विवरण निम्न तालिका ४·७ मा प्रस्तुत गरिएको छ—

तालिका ४ : ७

चौथो योजनाको प्रगति

(चौथो वर्षसम्मको मात्र)

आयोजनाको नाम	विद्युत उत्पादन (कि० वा० मा)
जल विद्युत्	
१. त्रिशुली जल विद्युत् आयोजना	९०००
२. गण्डक ,, ,, ,,	केही प्राप्त नभएको
३. सुनकोशी ,, ,, ,,	१०,०००
४. कोशी ,, ,, ,,	६,८००
५. साना ,, ,,	२४० (धनकुटा-वाट भएको)
जल विद्युत् आयोजना जम्मा	२६,०४०
डिजेल	
१. डिजेल विद्युत केन्द्र	२,४६२
जम्मा विद्युत उत्पादन	२८,५०२

(स्रोत—पाँचौं योजना, पृष्ठ १४-१५)

पाँचौं योजना

पाँचौं योजना विद्युत विकास कार्यक्रम अन्तर्गत निम्नांकित लक्ष्यहरू निर्धारित गरिएको थियो—

१. विद्युत् शक्ति उत्पादन—विद्युत् शक्ति तर्फ कुल उत्पादन क्षमतामा ५८,८४५ किलोवाटदेखि ५८,९४५ किलोवाट थप वृद्धि गर्ने लक्ष्य थियो। यस मध्ये ५६,९४५ किलोवाट जल विद्युत् शक्तिको रूपमा उत्पादन गर्ने लक्ष्य थियो। विभिन्न परियोजनाहरूबाट विद्युत् उत्पादनको लक्ष्य निम्न तालिका नं० ४·८ मा प्रस्तुत गरिएको छ—

तालिका ४ : ८

आयोजनाको नाम	लक्ष्य (कि० वा० मा)
१. देवीघाट जल विद्युत् आयोजना	१४,०००
२. कुलेखानी ,, ,, ,,	३०,०००
३. गण्डकी ,, ,, ,,	१०,०००
४. शिखरबास,, ,, ,,	२,४००
५. साना ,, ,, ,,	५४५
कुल जल विद्युत् आयोजना	५६,९४५
डिजेल केन्द्र	२,०००
कुल विद्युत उत्पादन	५८,९४५

(स्रोत—पाँचौं योजना, पृष्ठ ४४४ र ४४७)

२. प्रसारण लाइन निर्माण तथा सर्वेक्षण—प्रसारण लाइन निर्माण तर्फ यस योजनाभित्र ३४५ कि० मी० निर्माण कार्य पूरा गर्ने लक्ष्य राखिएको थियो भने प्रसारण लाइन सर्वेक्षण तर्फ कंकाई विराटनगर १३२ के० भी० लाइन, कंकाई भद्रपुर ३३ के० भी० लाइन र कंकाई · इलाम ३३ के० भी० लाइन सर्वेक्षण गर्ने कार्य राखिएको थियो।

३. विद्युतीकरण :—विद्युतीकरणको हकमा सालवसाली कार्यक्रमका रूपमा चल्ने पाँचौं योजना कालमा पनि चार विकास क्षेत्रका विभिन्न स्थानहरूमा विद्युत शक्तिको उपलब्धता र आवश्यकता अनुसार विद्युतीकरण गर्दै लाने कार्यक्रम थियो। मध्यमाञ्चल विकास क्षेत्र अन्तर्गतका विभिन्न स्थानहरू मध्ये रसुवा जिल्लामा स्थापना गरिने उद्योगहरूलाई देवीघाट जलविद्युत आयोजनाबाट उत्पादन हुने विद्युत शक्ति पुऱ्याउन चाहिने प्रसारण लाइनको व्यवस्था गरिने र सुर्खेत क्षेत्रमा स्थापना भएको झुप्रा सानो जल विद्युत आयोजनाबाट प्राप्त हुने विद्युत शक्तिबाट त्यस क्षेत्रमा विद्युतीकरण गर्ने लक्ष्य राखिएको थियो।

४. सर्वेक्षण र सम्भाव्यता अध्ययन :—यस योजनाभित्र गण्डक र कोशी वेसिन जल विद्युत गुरु योजना, वागमती कुलेखानी (दोस्रो चरण) र राप्ती जल विद्युत सर्वेक्षण र सम्भाव्यता अध्ययन गर्ने भन्ने लक्ष्य राखिएको थियो।

प्रगति :—पाँचौं योजना अवधिमा विभिन्न जल विद्युत् आयोजनाहरूबाट १६,२२० किलोवाट र डिजेल प्लान्टहरूबाट २,४९२ किलोवाट गरी कुल १८,७१२ किलोवाट थप विद्युत शक्तिको उत्पादनको साथ-साथै ११२ कि० मी० प्रसारण लाइन निर्माण कार्य सम्पन्न भयो।

छैटौं योजना

छैटौं योजना अवधिमा ठूला जल विद्युत आयोजनाहरूबाट १,२४,१०० किलोवाट, साना जल विद्युत आयोजनाहरूबाट ५,८२३ र डिजेल प्लान्टहरूबाट १५,००० किलोवाट गरी जम्मा १,४४,९२३ किलोवाट थप विद्युत उत्पादन गर्ने लक्ष्य थियो। प्रसारण लाइनका हकमा विभिन्न भोल्टेज क्षमताको १,३२४ किलो मीटर प्रसारण लाइन निर्माण गर्ने भन्ने लक्ष्य पनि राखिएको थियो।

प्रगति :—छैटौं योजनाको प्रथम चार वर्षमा विद्युत विकास सम्वन्धी प्रगति निम्न अनुसार भयो—

१. विद्युत उत्पादन :—छैटौं योजनाको प्रथम चार वर्षको अवधिभित्र जल विद्युतबाट ७५,३७१ कि० वा० र डिजेल केन्द्रहरूबाट १०,६७४ कि ० वा० गरी कुल ८६,०४५ कि० वा० थप विद्युत् शक्तिको उत्पादन भयो। विभिन्न परियोजना अन्तर्गत थप विद्युत् उत्पादनको तालिका निम्न प्रस्तुत गरिएको छ—

तालिका ४ : ९

छैटौं योजना अवधिमा थप विद्युत् शक्तिको उत्पादन

परियोजनाको नाम	विद्युत उत्पादन (कि० वा० मा)
जल विद्युत	
कुलेखानी प्रथम	६०,०००
देवीघाट	१४,१००
८ वटा साना जल विद्युतहरूबाट	१,२७१
कुल जल विद्युत	**७५,३७१**
डिजेल केन्द्र	
हेटौंडा डिजेल केन्द्र	१०,०००
अन्य साना डिजेल प्लान्टहरू	६७४
कुल डिजेल केन्द्रहरूबाट	**१०,६७४**
कुल विद्युत्	**८६,०४५**

(स्रोत :—सातौं योजना, पृष्ठ ६६४,)

प्रसारण लाइन :––प्रसारण लाइन तर्फ १२० के० भी० को ८० कि० मी० र ६० के० भी० को ३८ कि० मी० तथा पूरा हुने अनुमान गरिएको ३३ के० भी० को ११० कि० मी० गरी जम्मा २३८ कि० मी० प्रसारण लाइन पूरा गर्ने अनुमान गरिएको छ ।

विद्युत प्रणालीको सुदृढ़ीकरण :––यसतर्फ काठमाडौं उपत्यकामा पहिलो एवं दोस्रो चरण पूरा भएको र विराटनगरमा पहिलो चरणको प्रणाली सुदृढ़ीकरण कार्य योजना अवधिको अन्त्यसम्ममा पूरा हुने अनुमान गरिएको थियो ।

सर्वेक्षण तथा अध्ययन :––यस योजना अवधिमा कोशी नदी घाटीको गुरु योजना, मूलघाट जल विद्युत् (६८,००० कि० वा०) र सप्त गण्डकी जल विद्युत (२,२५,००० कि० वा०) को आर्थिक तथा प्राविधिक सम्भाव्यता अध्ययन र काली गण्डकी दोस्रो (४,८०,००० कि० वा०), बूढ़ी गण्डकी (६,००,००० कि० वा०) र सेती पश्चिम (१,०५,०००) को पूर्व सम्भाव्यता अध्ययन पूरा गरियो ।

सातौं योजना

सातौं योजना अवधिभित्र विद्युत् विकास कार्यक्रम अन्तर्गत मुख्य लक्ष्यहरू निम्न बमोजिम निर्धारित गरिएका छन् ।

विद्युत उत्पादन :––ठूला जल विद्युत् आयोजनाबाट १०३१०० कि० वा० एवं १६ वटा साना जल विद्युत् आयोजनाहरूबाट ३,५३९ किलोवाट गरी जम्मा १,०६,६३९ कि० वा० थप विद्युत उत्पादन गर्ने लक्ष्य गरिएको छ[16] । आयोजनाहरूको विवरण निम्न तालिकाद्वारा प्रष्टिन्छ ––

---

१६. यीं १६ वटा आयोजनाहरू अन्तर्गत तापलेजुङ्ग (१२५ कि. वा.), खाँदबारी (२५० कि. वा.), तेह्रथुम (१०० कि. वा.), भोजपुर (२६० कि. वा.), नाम्चे (४८० कि. वा.), सल्लेरी (२०० कि.वा.), ओखलढुङ्गा (१२५ कि. वा.), रामेछाप (७५ कि. वा.), मनाङ्ग (८० कि. वा.), चाभे (४० कि. वा.), तातो पानी म्याग्दी (१,००० कि. वा.), चौर झारी (१५० कि. वा.), स्यार्पूदह (२०० कि. वा.), वाजुरा (२०० कि. वा.), वझाङ्ग (२०० कि. वा.) र दार्चुला (५० कि. वा.) पर्दछन् ।

तालिका ४ : १०

सातौं योजना अन्तर्गत विद्युत उत्पादनको लक्ष्य (कि०वा०मा)

ठूला जल विद्युत्	लक्ष्य
१. कुले खानी दोस्रो	३२,०००
२. मर्स्याङ्दी	६६,०००
३. आँधी खोला	५,१००
कुल ठूला जल विद्युतबाट	**१,०३,१००**
१६ वटा साना जल विद्युतबाट	३, ५३८
कुल विद्युत् उत्पादन	**१,०६,६३८**

(**स्रोत**—सातौं योजना, पृष्ठ ६७१-७३ को आधारमा)

प्रसारण लाइन निर्माण तथा विस्तार—यस योजना अवधिमा विभिन्न के० भी० स्तर गरी जम्मा १३११ किलो मीटर प्रसारण लाइन निर्माण गर्ने लक्ष्य राखिएको छ जो निम्न तालिकाद्वारा प्रष्टिन्छ

तालिका ४ : ११

के० भी० स्तर	भौतिक लक्ष्य
१३२ के० भी० प्रसारण लाइन	७२८ कि० मी०
३३ के० भी० प्रसारण लाइन	५८३कि० मी०
कुल प्रसारण लाइन निर्माण	**१३११ कि० मी०***

* नेपालगंज–महेन्द्रनगर प्रसारण लाइन र विभिन्न खपत केन्द्रहरूसा जोड्ने ३३ के० भी० स्तरको, प्रसारण लाइन गरी ३५० कि० मी० थप निर्माण गर्ने कार्यक्रम समेत गरी देखाइएको छ ।

(**स्रोत**—राष्ट्रिय योजना आयोग, सातौं योजना, पृष्ठ ६७३ को आधारमा)

उपर्युक्त कार्यक्रमको साथै यस योजना अवधिमा विभिन्न स्थानहरूमा विद्युतीकरण, विद्युत प्रणाली सुदृढ़ीकरण सर्वेक्षण तथा सम्भाव्यता अध्ययन आदि गर्ने जस्ता कार्यक्रमहरू पनि सम्मिलित गरिएका छन् ।

Model questions

1. Describe the importance of hydro-electricity in Nepalese economy.
   नेपालको अर्थ व्यवस्थामा जल विद्युतका महत्वको वर्णन गर्नुहोस् ।
2. Describe the potentialities of developing hydro-electricity in Nepal. What are the problems to develop it ?
   नेपालमा जल विद्युत विकास क्षमताको वर्णन गर्नुहोस् । यसको विकासमा के-के बाधाहरू छन् ?
3. Discuss the importance of water power in Nepal. What steps have been taken by H.M.G. to develop it in plan period ?
   नेपालमा जल विद्युत्को महत्वबारे छल-फल गर्नुहोस् । यसलाई विकसित गर्नका लागि योजना अवधिमा श्री ५ को सरकारद्वारा के-के कदमहरू चालिएका छन् ?

अध्याय : ५ :

जनसंख्या
(Population)

जनसंख्याको महत्व—देशका आर्थिक विकासका लागि पर्याप्त प्राकृतिक सम्पदाका साथ-साथै मानव साधन पनि अत्यन्त नै महत्वपूर्ण हुन्छ। आर्थिक विकासको प्रक्रिया अन्तर्गत मानव साध्य एवं साधन दुवै हुन्छ। उत्पादनको सबभन्दा महत्वपूर्ण साधन श्रम हो। श्रमका अभावमा कुनै पनि वस्तुको उत्पादन हुन सक्तैन। जनसंख्याद्वारा नै श्रमको पूर्ति हुन्छ। फलस्वरूप जनसंख्याको उचित मात्रा देशको लागि महत्वपूर्ण साधन हुन्छ, तर क्षमता भन्दा वढ़ी जनसंख्या भएमा आर्थिक विकासमा यसको प्रतिकूल असर पनि पर्दछ। पुनश्च श्रमको पूर्ति श्रमिकका मात्राको साथ-साथै श्रमको कार्य-क्षमतामा पनि निर्भर हुने भएकाले आर्थिक विकासका लागि जनसंख्याको गुणात्मक पक्ष (qualitative aspect) यसको संख्यात्मक पक्ष (quantitative aspect) भन्दा पनि वढ़ी महत्वपूर्ण हुन्छ। फलस्वरूप आदर्शतम मात्रामा शिक्षित, स्वस्थ एवं उद्यमशील जनशक्ति भएका अवस्थामा देशको आर्थिक विकास छिटो हुन्छ। तर अशिक्षित एवं अल्छी जनसंख्या देशका आर्थिक विकासमा ठूलो बाधा नै उपस्थित गर्दछ।

नेपालका जनसंख्याका प्रमुख विशेषताहरू
(Main characteristics of Nepalese Population)

नेपालका जनसंख्याका प्रमुख विशेषताहरू निम्नलिखित छन्—

१. जनसंख्यामा वृद्धि-दर वढ़ी (High rate of growth of population)—नेपालमा जनसंख्याको वार्षिक वृद्धि दर अत्यन्तै वढ़ी छ। सन् १९८१ ई० को जनगणना अनुसार यहाँका जनसंख्याको सरदर वार्षिक वृद्धि २.७ प्रतिशत हुन गएको छ। जनसंख्याको यो वृद्धि-दर क़ायम रहेमा नेपालको जनसंख्या आगामी २७-वर्षमा नै दोब्बर हुने अनुमान गरिएको छ।[1] हाम्रो जनसंख्याको यो वृद्धि-दर सबै छिमेकी मुलुकहरूका दाँजोमा वढी छ जो निम्न तालिकाद्वारा प्रष्टिन्छ—

---

[१] ए० डी० बी० एण्ड एच० सम० जी० अफ नेपाल एग्रीकल्चर सेक्टर स्ट्रेटेजी स्टडी, भौल—२, दिसम्बर १९८२, पृष्ठ—७.

तालिका ५ : १

देश	जनसंख्याको वार्षिक वृद्धि-दर (प्रतिशतमा)
एशिया (१९८०-८५)	१.८
भारत (१८८०-८५)	२.२
चीन (१८८०-८५)	१.२
नेपाल	२.७

(स्रोत—वर्ल्ड ब्याङ्क, वर्ल्ड डिभलोपमेंट रिपोर्ट १८८६, पृष्ठ १५४ र सेंसर रिपोर्ट अफ नेपाल १९८१)

२. **ग्रामीण क्षेत्रमा बढ़ी जनसंख्या**—नेपालमा अधिकांश मानिसहरू गाउँमा वस्दछन् । २०३८ सालको जनगणना अनुसार देशको कुल जनसंख्याको ९३.६२ प्रतिशत मानिस गाउँमा वस्दछन् र बाँकी केवल ६.३८ प्रतिशत मात्र नगरमा वसोवास गर्दछन् ।

३. **कम औसत आयु** (Low average life expectancy)—गरीबीले गर्दा अधिकांश मानिसहरू कुपोषणको शिकार हुन गएका छन् । प्रति वालिक व्यक्तिलाई प्रतिदिन आवश्यक हुने २३५० कैलरी तथा ५५ ग्राम प्रोटीनको स्तर कायम हुन सकेको छैन । १९७८-८० ई० को F. A. O. को अध्ययन अनुसार हाम्रो खाद्य उपभोग स्तर प्रतिदिन १९१४ कैलरी र ४५.७ ग्राम प्रोटीन मात्र रहेको पाइएको[2] हुनाले नेपालमा मानिसको औसत आयु अन्य देशको तुलनामा धेरै कम छ जो निम्नलिखित तालिकाद्वारा प्रष्टिन्छ—

तालिका ५ : २

देश	औसत आयु (१९८४ ई०)	
	पुरुष	महिला
नेपाल	४७	४६
वर्मा	५७	६०
भारत	५६	५५
चीन	६८	७०
श्रीलंका	६८	७२

(स्रोत—वर्ल्ड ब्याङ्क, वर्ल्ड डिभलोपमेंट, रिपोर्ट १९८६, पृष्ठ २३२, टेवुल २७)

---

[2] ऐजन, पृष्ठ १९२-९३.

४. अशिक्षा (Illiteracy)—नेपालमा शिक्षाको कमी छ । गरीबीका साथ-साथै कतिपय ठाउँहरूमा स्कूलबाट घर टाढ़ा पर्ने हुनाले धेरै जसो बालबालिकाहरू स्कूलमा नगई घरैमा आमा बाबुसँग घरको काम-धाममा लागेका हुन्छन् । शिक्षाको सर्वाङ्गीण विकासका लागि २०३८ सालदेखि राष्ट्रिय शिक्षा पद्धतिको योजना अंगीकार गरेपछि साक्षरतामा वृद्धि हुन गएको छ । २०४१।४२ मा साक्षर जनसंख्याको प्रतिशत २८·९ मात्र पुग्ने अनुमान गरिएको छ । यसरी हाम्रो अधिसंख्यक जनता अशिक्षित छन् ।

५. स्वास्थ्य (Health)—स्वस्थ तथा सबल जनशक्तिका अभावमा आर्थिक विकास सम्भव छैन । यसै कारण व्यवस्थित तरीकाले स्वास्थ सेवाको विकास गरी स्वस्थ जनशक्ति तयार पार्न प्रत्येक आवधिक योजनाहरूमा प्रयास हुँदै आएको छ । विभिन्न योजनाहरू अन्तर्गत गरिएको प्रयासले गर्दा छैटौं योजनाको अन्तसम्म अधिराज्यमा ८० वटा अस्पताल संख्या पुग्न गएको र अधिराज्यभरिमा कुल शैया संख्या ३५५२ पुग्न गएको छ । अधिराज्यमा छैटौं योजनाका अन्त्यसम्म डाक्टरको कुल संख्या ६०२ हुने भएकाले प्रत्येक २७,२७१ मानिसका लागि एक डाक्टर पर्न जान्छ । अमेरिकामा ७० मानिसको लागि एक डाक्टर र भारतमा ५,७०० मानिसको लागि एक डाक्टर उपलब्ध छ ।[३] छैटौं योजनाको अन्त्यसम्म हाम्रो स्वास्थ सेवा संबन्धी स्थिति निम्न तालिका नं० ५·३ मा प्रस्तुत गरिएको छ—

तालिका ५ : ३

छैटौं योजनाको अन्तिमसम्म स्वास्थ्य सेवासम्बन्धी स्थिति

१. अस्पताल	८०
२. शैया	३५४२
३. अस्पताल शैया जनसंख्या अनुपात	४६६१
४. डाक्टर	६०२
५. डाक्टर जनसंख्या अनुपात	२७२७१

(स्रोत—सातौं योजना, पृष्ठ ७५७-५८)

६. बसाइँ-सराइ (Population Shift)—आन्तरिक एवं अन्तर्राष्ट्रिय दुवै प्रकारको बसाइँ-सराइ नेपालका जनसंख्याको एउटा ठूलो विशेषता हो । धेरै मात्रामा नेपाली नागरिकहरू भारत एवं अन्य मुलुकहरूमा गई बसेका छन् र भारतबाट आएर पनि तराई प्रदेशमा धेरै मानिसहरूले बसोबास गरेको पाइन्छ । यस

---

[३] श्रेष्ठ बी० पी०, एन इन्ट्रोडक्सन टू नेपलिज इकोनोमी, पृष्ठ ५०

अन्तर्राष्ट्रिय बसाइँ-सराइको साथ-साथै पहाड़ी भेकबाट धेरै मानिसहरू तराईमा आएर बसोबास गरेका छन् । फलस्वरूप संपूर्ण अधिराज्य एवं पहाड़को तुलनामा तराईमा जनसंख्याको वृद्धि धेरै नै बढ़ी हुन गएको छ जो निम्न तालिकाद्वारा प्रष्ट हुन आउँछ—

तालिका ५ : ४

जनसंख्याको वार्षिक बृद्धि-दर

(प्रतिशतमा)

अवधि	पहाड़	तराई	नेपाल
१९६१–७१	१·३	३·५	२·१
१९७१–८०	१·६	४·२	२·७

(स्रोत—ए. डी. बी. एण्ड एच. एम. ज़ी. ऑफ नेपाल, नेपाल एग्रीकल्चर सेक्टर स्ट्रेटेजी स्टडी, १९८२, भौल–२ पृष्ठ ८ ।)

माथिको तालिकाबाट पहाड़को जनसंख्या वृद्धिभन्दा तराईमा जनसंख्या धेरै बढ़ी दरले बढ्दै छ भन्ने कुरा स्पष्ट हुन आउँछ । यसको मुख्य कारण पहाड़ी भेकबाट तराईमा बसाइँ सराइ नै हो जो करीब ०·७ प्रतिशत वार्षिक दरले हुँदैछ ।

७. कुल जनसंख्यामा आर्थिक दृष्टिले सक्रिय जनसंख्या कम मात्रामा :—

अन्य विकासशील मुलुकहरू झैं कुल जनसंख्यामा आर्थिक दृष्टिले सक्रिय जनसंख्याको मात्रा नेपालमा कमै छ । सन् १८५२–५४ ई० मा आर्थिक दृष्टिले सक्रिय जनसंख्या ५०·४३ प्रतिशत थियो भने सन् १९८१ ई० मा यो केवल ४५·६ प्रतिशत मात्र हुन गएको छ । विभिन्न समयमा आर्थिक दृष्टिले सक्रिय जनसंख्याको मात्रा निम्न तालिकामा प्रस्तुत गरिएको छ—

तालिका ५ : ५

आर्थिक दृष्टिले सक्रिय जनसंख्या (प्रतिशतमा)

१९५२–५४	५०·४३
१९६१	४५·७५
१९७१	४२·०८
१९८१	४५·६

(स्रोत–सेंसस रिपोर्ट, केन्द्रीय तथ्याङ्क विभाग तथा सातौं योजना, पृष्ठ १५७.)

आर्थिक दृष्टिले सक्रिय जनसंख्याको मात्रा थोरै हुने मुख्य कारणहरू छन्—महिलाहरूले घरायसी काम मात्र गर्नु, कुल जनसंख्यामा १० वर्षभन्दा मुनिका केटा-केटीहरूको संख्या धेरै हुनु, रोजगारीका अवसरको अभाव हुनु आदि ।

---

४. पू. पा. टिप्पणी १, पृष्ठ ९ ।

नेपालका जनसंख्याका प्रमुख विशेषताहरू

१. जनसंख्याको वृद्धि दर बढ़ी
२. ग्रामीण क्षेत्रमा बढ़ी जनसंख्या
३. कम औसत आयु
४. अशिक्षा
५. स्वास्थ्य
६. बसाइँ-सराइ
७. कुल जन-संख्यामा आर्थिक दृष्टिले सक्रिय जन-संख्या कम मात्रामा

जनसंख्याको वृद्धि

नेपालमा वि. सं. १९६८ सालमा पहिलो जनगणना भयो। तदोपरान्त करीव १० वर्ष बिराएर जनगणना हुँदै आएको छ। यसरी अहिलेसम्म यहाँ आठ ओटा जनगणना भइसकेको छ। अन्तिम जनगणना वि. सं. २०३८ मा सम्पन्न भएको हो। वि. सं. १९६८ र १९७७ को दशकमा र पुनः १९७७ सालदेखि १९८७ को दशकमा जनसंख्या ह्रास भएको देखिन्छ। यसको मुख्य कारणहरू थिए—(क) वि. सं. १९६५ तिर (सन् १९१८ ई०) इनफ्लुएन्जा रोग फैलिएको हुनाले धेरै मानिसहरूको मृत्यु [ख] प्रथम विश्व-युद्ध [सन् १९१४–१८] का बीचमा धेरै मात्रामा गोरखा सिपाहीहरूको मृत्यु र [ग] जनगणना फौजमा पठाउनका लागि हुँदै छ भन्ने डरले धेरै मानिसहरूले जनगणनामा नाम नदिएको सम्भावना[5] जनसंख्यामा सर्वप्रथम वि. सं. १९८७ र १९९८ को दशकमा वृद्धि भएको देखिन्छ। वि. सं. १९९८ सालमा यहाँको जनसंख्या वि. सं. १९८७ सालको ५५ लाख ३३ हजारबाट बढ़ेर ६२ लाख ८३ हजारमा पुग्यो अर्थात् जनसंख्यामा १·२ प्रतिशत वार्षिक दरले वृद्धि भयो। तदोपरान्त वि. सं. १९९८ र वि. सं. २००९/११ को दशकमा जनसंख्यामा २·३ प्रतिशत वार्षिक दरले वृद्धि हुन गयो जो यस भन्दा पहिलाको दशकको दाँजोमा निकै नै बढ़ी देखिन्छ। वि० सं० २०११ देखि २०१८ र २०१८ देखि २०२८ सालको दशकहरूमा पनि जनसंख्यामा क्रमशः १·८ र २·०७ प्रतिशत वार्षिक दरले वृद्धि हुन गयो। वि० सं० २०३८ सालको जनगणना अनुसार नेपालको जनसंख्या १ करोड़ ५० लाख पुग्न गयो। यसरी यस दशकमा जनसंख्याको वार्षिक वृद्धि-दर २·७ प्रतिशत हुन गयो। यस दशकमा जनसंख्यामा अत्यधिक वृद्धिको मूल कारण मृत्यु दरमा कमी र जन्म दरमा नियंत्रण गर्ने परिवार नियोजन कार्यक्रमको असफलताको साथ-साथै छिमेकी देश भारतबाट बसाइँ-सराइ आदि नै

---

५. थापा वाई० एस०, "पौपुलेशन, लेवरफोर्स एण्ड इम्प्लायमेंट" नेपाल्स इकोनोमी, एन ओभरभ्यू, सेडा, १९८०, पृ० १०३

थियो । जनसंख्यामा वृद्धिको यस दरमा हाम्रो जनसंख्या जुन वि० सं० २०२८ (सन् १९७१ ई०) सम्म दोब्बर हुनमा ६० वर्ष लाग्यो, अब आगामी २७ वर्ष भन्दा कमै समयमा नै दोब्बर हुने छ[6] । निम्न तालिकाद्वारा वि० सं० १९६८ साल-देखि वि० सं० २०३८ सालसम्मको जनसंख्याको वृद्धि प्रष्ट हुन आउँछ ।



तालिका ५ : ६

वर्ष (वि०स०)	जनसंख्या	वार्षिक वृद्धि
१९६८	५६,३८,७४९	
१९७७	५५,७३,७८८	०·०१
१९८७	५५,३२,५७४	०·०१
१९९८	६२,८३,६४९	१·२
२००९।११	८४,७३,४७८	२·३

---

[6] पू० पा० टिप्पणी संख्या १, पृष्ठ ७

२०१८	९४,१२,९९६	१·८
२०२८	१,१५,५५,९८३	२·०७
२०३८	१·५०,२२,८३९	२·६६

(स्रोत—केन्द्रीय तथ्याङ्क विभाग)

माथिको जनसंख्या वृद्धिलाई निम्न रेखाचित्रमा प्रस्तुत गर्न सकिन्छ :



माथिको रेखा चित्रमा अ ब रेखामा जनसंख्या वर्ष र अ स रेखामा जनसंख्याको मात्रा प्रस्तुत गरिएको छ । ज र नेपालको जनसंख्या रेखा हो जो वि० सं० १९६८ देखि वि० सं० १९८७ सालसम्म विस्तारै तलतिर झरेको छ । तर, वि० सं० १९८७ देखि लगातार माथितिर उठ्दै गएको छ ।

लिंगअनुसार जनसंख्याको वर्गीकरण

(Classification of population by sex)

लिंगअनुसार जनसंख्याको अध्ययन पनि धेरै नै महत्वपूर्ण हुन्छ । जनसंख्यामा पुरुष भन्दा महिलाको संख्या बढ़ी भएमा जन्म दर वढ़ी हुन्छ । नेपालमा वि० सं० २०१८ को जनगणना अनुसार पुरुषको जनसंख्या भन्दा नारीको जनसंख्या १,४० १३० ले बढ़ी थियो तर वि० सं० २०२८ र २०३८ को जनगणना अनुसार नारीको जनसंख्या भन्दा पुरुषको जनसंख्या बढ़ी हुन गयो जो निम्न तालिकामा देखाइएको छ ।

तालिका ५ : ७

लिंगअनुसार जनसंख्या

जनगणना वर्ष	पुरुष जनसंख्या	नारी जनसंख्या	कुल जनसंख्या
२०१८	४६,३६,०३३	४७,७६,१६३	९४,१२९९६
२०२८	५८,१७,२०३	५७,३८,७८०	१,१५,५५,९८३
२०३८	७६,९५,३३६	७३,२७,५०३	१,५०,२२,८३९

(स्रोत—जनगणना प्रतिवेदनहरू)

जनघनत्व

(Density of population)

प्रति एकाई जग्गामा मानिसको सरदर वसोवासलाई जनघनत्व भनिन्छ। एक वर्ग किलोमीटरमा सरदर रूपले १०२ मानिसहरूले बसोवास गरेका छन् भने प्रति वर्ग किलो मीटर १०२ जनघनत्व भयो। देशको कुल जनसंख्यालाई देशको कुल भौगोलिक क्षेत्रवाट भाग दिदा जति भागफल हुन्छ त्यही नै देशको जनघनत्व हुन्छ।

नेपालको जनघनत्वमा धेरै नै वृद्धि हुँदै छ। २०१८ सालको जनगणना अनुसार नेपालको जनघनत्व प्रति वर्ग किलोमीटर ६५ थियो जो २०२८ सालको जनगणना अनुसार ८० प्रति वर्ग किलोमीटर पुग्न गयो। हाल २०३८ सालको जनगणना अनुसार हाम्रो जनघनत्व १०२ वर्ग किलोमीटर हुन गएको छ।

हाम्रो जनघनत्वमा धेरै नै प्रादेशिक विभिन्नता पाइन्छ। हिमाली क्षेत्रमा बढ़ी चिसो भएकाले र रोजगारको अवसर तथा शिक्षा स्वास्थ्य सम्वन्धी सुविधाहरूका अभावले गर्दा बसोवास कम छ। यही क्षेत्रहरूमा प्रति वर्ग किलोमीटर २५·१ जनघनत्वको चाप छ। तर पहाड़ी क्षेत्रहरूमा हिमाली क्षेत्रहरू भन्दा उपर्युक्त सुविधाहरू बढ़ी भएकाले विभिन्न प्रकारको खाद्यान्न वाली एवं फलफूल खेतीका लागि पनि हावा पानी उपयुक्त भएकाले जनघनत्व बढ़ी छ। पहाड़ी क्षेत्रहरूको जनघनत्व २०३८ सालको जनगणना अनुसार ११६·८ प्रति वर्ग किलोमीटर छ। अधिराज्यको तराई भागमा समतल र उब्जाउ भूमिको साथ-साथै वर्षा पनि पर्याप्त हुन्छ र सिचाइको वढ़ी सुविधा उपलब्ध छ। यस भागमा विकासका धेरै प्रयासले, गर्दा शिक्षा, स्वास्थ्य, यातायात, व्यांकिंग एवं व्यावसायिक सुविधाहरूको धेरै नै विकास हुन गएको छ। फलतः यी क्षेत्रहरूको जनघनत्व प्रति वर्ग किलोमीटर १९२ पुग्न गएको छ। निम्न तालिकामा विभिन्न भौगोलिक क्षेत्रहरूको जनघनत्व प्रष्टिन्छ।

तालिका ५ : ८

विभिन्न भौगोलिक क्षेत्रहरूको जनघनत्व
(२०३८)

प्रदेश	जनघनत्व (प्रति वर्ग किलोमीटर)
हिमाली क्षेत्र	२५·१
पहाड़ी क्षेत्र	११६·८
तराई क्षेत्र	१९२.७

(स्रोत—सातौं योजना, पृष्ठ १४७।)

नेपालमा विकास क्षेत्र अनुसार पनि जनघनत्वमा धेरै नै विभिन्नता देखिन्छ। मध्यमाञ्चल विकास क्षेत्रमा (काठमाडौं) देशको राजधानी पर्दछ। पशुपतिनाथ एवं जनकपुर जस्ता धार्मिक ठाउँहरू पर्दछन् र यस क्षेत्रमा यातायात, शिक्षा, अस्पताल आदिको पनि सहुलियत छ। फलतः यस क्षेत्रको जनघनत्व प्रति वर्ग किलोमीटर १७९·१ छ जो सबै विकास क्षेत्र भन्दा बढ़ी छ। पूर्वाञ्चल विकास क्षेत्रमा पनि विकासका लागि धेरै प्रयासहरू भएका छन्। यसै क्षेत्रमा विराटनगर जस्तो औद्योगिक शहर पनि पर्दछ। फलस्वरूप यस क्षेत्रको जनघनत्व प्रति वर्ग किलोमीटर १३०·३ पुगेको छ। यसै गरी पश्चिमाञ्चल विकास क्षेत्र, मध्य पश्चिमाञ्चल विकास क्षेत्र र सुदूर पश्चिमाञ्चल विकास क्षेत्रको जनघनत्व क्रमशः १०६·४, ४६·१, र ६७·६ छ निम्न तालिकाद्वारा विकास क्षेत्र अनुसार जनघनत्व प्रस्तुत गरिएको छ–

तालिका ५ : ९

विकास क्षेत्रअनुसार जनघनत्व (प्रति वर्ग किलोमीटर)
(२०३८)

विकास क्षेत्र	जनघनत्व
पूर्वाञ्चल	१३०·३
मध्यमाञ्चल	१७९·१
पश्चिमाञ्चल	१०६·४
मध्य पश्चिमाञ्चल	४६·१
सुदूर पश्चिमाञ्चल	६७·६

(स्रोत—सी. वी. एस., स्टैटिस्टिकल पकेट बुक, नेपाल १९८६, पृष्ठ–११-१६

प्रति वर्ग किलोमीटर भौगोलिक क्षेत्रका दृष्टिले विचार गर्दा नेपालमा जनघनत्व विश्वका धेरै देशहरू भन्दा कम देखिन्छ। सम्पूर्ण राष्ट्रिय स्तरमा हाम्रो जनघनत्व प्रतिवर्ग किलोमीटर १०२ छ। इंगलैंडको प्रति वर्ग किलोमीटर जनघनत्व २२९ छ र स्पेनको २२१। त्यसै गरी निदरल्याण्डको जनघनत्व प्रति वर्ग किलोमीटर ३२९ छ र हाम्रो छिमेकी राष्ट्र भारतको जनघनत्व प्रति वर्ग किलोमीटर २१६ छ।[7] तर यस आधारमा हाम्रो जनघनत्व कम छ र यहाँ जनाधिक्यको समस्या छैन भन्ने निष्कर्षमा पुग्नु उचित हुँदैन। नेपालमा औद्योगीकीकरणको अत्यन्तै अभाव छ। देश शुद्ध रूपले कृषि प्रधान हो। हाम्रो कृषि पनि परम्परागत आधारमा नै छ। पुनश्च: हाम्रो धरातल पहाड़-पहाड़ले घेरिएको हुनाले धेरै जसो भाग कृषि योग्य नै छैन। यस अवस्थामा नेपालले वैज्ञानिक तरीकाले गहन प्रणाली हुने देश र पश्चिमका औद्योगिक देशहरू जतिको जनघनत्वको भार सहन गर्न सक्तैन। फलस्वरूप हामीले जनघनत्वको अध्ययन कृषि-योग्य भूमिसँग दाँजेर मात्र गर्नु उचित हुन्छ। नेपालमा प्रति वर्ग किलोमीटर कृषि योग्य भूमिको जनघनत्व वि० सं० २०४३ सम्म ५२५ हुने अनुमान गरिएको छ भन्ने कुरो निम्न तालिकाद्वारा प्रष्ट हुन आउँछ। यसरी जनसंख्या सम्बन्धमा हाम्रो स्थिति विश्वमा सब भन्दा नराम्रो स्थितिमा पुग्न गएको छ र यो उत्तरोत्तर बिग्रिदै छ। कृषि योग्य भूमिको सन्दर्भमा हाम्रो जनघनत्व पाकिस्तान, बंगलादेश र भारत सबैभन्दा बढ़ी छ।[8]

वनको सम्बन्धमा पनि हाम्रो जनघनत्व अत्यधिक बढ़ी नै छ। हाम्रो प्रति वर्ग किलोमीटर वनको जनघनत्व २०१८ सालमा १९० थियो जो २०४३ सालमा ३२५ हुने भन्ने अनुमान गरिएको छ। फलत जनतालाई काठ-दाउराको अत्यन्त अभाव हुन गएको छ। विभिन्न वर्षको जनघनत्व निम्न तालिकामा प्रस्तुत गरिएको छ।

तालिका ५ : १०

जनघनत्व (वर्ग किलोमीटरमा)

वर्ष	कुल क्षेत्रमा जनघनत्व	कृषि योग्य भू क्षेत्रमा जनघनत्व	वन क्षेत्रमा जनघनत्व
२०१८	६४·७४	३०८·२९	१९०·४१
२०२३	७०·६८	३३६·५८	२०७·८८

---

७. अग्रवाल ए. एन., इन्डियन इकोनोमी—प्रोब्लम अफ डेभलोपमेंट एण्ड प्लानिंग, भेनी एजूकेशनल बुक्स, न्यू डेलही १९८५, पृष्ठ ८४.

८. पू. पा. टिप्पणी १, पृष्ठ ७.

२०२८	७९·४८	३७८·४८	२३३·७७
२०३३	८८·४३	४२१·१०	२६०·०९
२०३८	९८·४५	४६८·८२	२८९·५६
२०४३	११०·३९	५२५·६९	३२४·६९

(स्रोत—पाँचौं योजना, पृष्ठ ३७.)

जनसंख्याको भौगोलिक वितरण २०३८

(Geographical Distribution of population-2038)

२०३८ सालको जनगणना अनुसार हिमाली क्षेत्रको जनसंख्या १३,०२८९६, पहाड़ी क्षेत्रको ७१,६३,११५ र तराई क्षेत्रको ६५,५६,८२८ पुगेको छ। यसरी कुल जनसंख्याको ८·७ प्रतिशत हिमाली क्षेत्रमा, ४७·७ प्रतिशत पहाड़ी क्षेत्रमा तथा ४३·६ प्रतिशत तराई क्षेत्रमा वसोवास गरेको छ। तराईमा जनसंख्याको वार्षिक वृद्धि ४·२ प्रतिशत छ जो राष्ट्रिय स्तरको जनसंख्या वृद्धि २·७ प्रतिशत भन्दा निकै बढ़ी छ। हिमाली तथा पहाड़ी क्षेत्रको जनसंख्या वृद्धि दर क्रमशः १·५ र १·६ प्रतिशत वार्षिक छ। जनसंख्याको भौगोलिक वितरण निम्नांकित तालिकावाट प्रष्टिन्छ।

तालिका ५ : ११

जनसंख्याको भौगोलिक वितरण

(२०३८ साल)

	हिमाली क्षेत्र	पहाड़ी क्षेत्र	तराई क्षेत्र.	जम्मा
जनसंख्या	१३०२८९६	७१६३११५	६५,५६,८२८	१,५०,२२,८३९
प्रतिशत	८·७	४७·७	४३·६	१००·००
वार्षिक वृद्धि	१·५	१·६	४·२	२·६६

(स्रोत—श्री ५ को सरकार, केन्द्रीय तथ्याङ्क विभाग २०३९)

विभिन्न जनगणनामा जनसंख्याको भौगोलिक वितरण

(Geographical Distribution of population in Different census)

विभिन्न जनगणनामा जनसंख्याको भौगोलिक वितरण हेर्दा आनुपातिक रूपले तराईको जनसंख्या धेरै बढ्दै छ भन्ने कुरो थाहा हुन्छ। २०१८ सालको जनगणना अनुसार पहाड़ी क्षेत्रको जनसंख्या ६३ लाख ४३ हजार अर्थात् देशको कुल जनसंख्याको ६७ प्रतिशत थियो जो २०३८ सालमा ८४ लाख ६० हजार पुग्न गए पनि प्रतिशतका रूपमा देशको कुल जनसंख्याको केवल ५६ मात्र रहन गएको छ। तराईको कुल जनसंख्या २०१८ सालमा ३० लाख ७० हजार अर्थात् नेपालको कुल जनसंख्याको ३३ प्रतिशत मात्र थियो। तर २०३८ सालको जनगणना अनुसार तराईको जनसंख्या करीब ६५ लाख ६० हजार अर्थात् नेपालको कुल जनसंख्याको ४४ प्रतिशत पुग्न गएको छ। विभिन्न जनगणनाहरूमा जनसंख्याको भौगोलिक वितरण निम्न तालिकामा प्रदर्शित गरिएको छ।

तालिका ५ : १२

विभिन्न जनगणनाहरूमा जनसंख्याको भौगोलिक वितरण

जनसंख्या हजारमा

भौगोलिक क्षेत्र	विभिन्न जनगणनाहरू					
	२०१८		२०२८		२०३८	
	जनसंख्या	प्रतिशत	जनसंख्या	प्रतिशत	जनसंख्या	प्रतिशत
हिमाली र पहाड़ी क्षेत्र	६३४३	६७	७२१०	६२	८४६१	५६
तराई क्षेत्र	३०७०	३३	४३४६	३८	६५५९	४४

(स्रोत—ए० डी० बी० एन्ड एच० एम० जी०, नेपाल एग्रीकलचर सेक्टर स्ट्रैटेजी स्टडी भौल० २, टेबुल १०५, पृ० ९)

विकास क्षेत्रअनुसार जनसंख्याको वितरण

(Distribution of Population According to Development Regions)

विकास क्षेत्रअनुसार विचार गर्दा सबभन्दा बढ़ी जनसंख्या ४९०९३५७ [कुल जनसंख्याको ३२·७३ प्रतिशत] मध्यमाञ्चल विकास क्षेत्रको छ। यस क्षेत्रमा

उब्जाउ कृषि योग्य भूमि, पर्याप्त वर्षा, यातायात साधनको उपलब्धिका साथ-साथै काठमाडौं [देशको राजधानी] समेत पर्दछ। जनसंख्याका दृष्टिले पूर्वाञ्चल क्षेत्रको दोस्रो स्थान आउँछ। यस क्षेत्रमा पर्याप्त वर्षा, उब्जाउ भूमिको साथ-साथै औद्योगिक विकास अन्य क्षेत्रको दाँजोमा वढ़ी भएको छ। फलस्वरूप यस क्षेत्रमा ३७०८९२३ [देशको कुल जनसंख्याको २४·६६ प्रतिशत] मानिस वसोवास गर्दछन्। सुदूर पश्चिमाञ्चल विकास क्षेत्रमा विकासको अभाव, वर्षाको कमी आदिले गर्दा सवभन्दा कम जनसंख्या देखिन्छ। यस क्षेत्रको कुल जनसंख्या १३,२०,०८९ हो जो देशको कुल जनसंख्याको केवल ८·७३ प्रतिशत मात्र हुन आउँछ। निम्नांकित तालिकामा विकास क्षेत्र अनुसार जनसंख्याको वितरण प्रस्तुत गरिएको छ।

तालिका ५ : १३
विकास क्षेत्रअनुसार जनसंख्याको वितरण
(२०३८)

विकास क्षेत्र	जनसंख्या	प्रतिशत
पूर्वाञ्चल	३७,०८,९२३	२४·६६
मध्यमाञ्चल	४९,०९,३५७	३२·७३
पश्चिमाञ्चल	३१,२८,८५९	२०·८८
मध्य-पश्चिमाञ्चल	१९,५५,६११	१३·००
सुदूर पश्चिमाञ्चल	१३,२०,०८९	८·७३
जम्मा	१,५०,२२,८३९	१००·००

(स्रोत—सातौं योजना, पृष्ठ, १४४ को आधारमा)

उमेरअनुसार जनसंख्याको बनावट
[Structure of Population by Age]

जनसंख्या सम्बन्धी अध्ययन अन्तर्गत उमेर अनुसार जनसंख्याका बनावटको अध्ययन पनि अति नै महत्वपूर्ण हुन्छ। नेपाल जस्तो विकासशील मुलुकहरूमा कुल जनसंख्यामा १४ वर्ष भन्दा मुनिका केटा-केटीहरूको संख्या विकसित मुलुकहरूको दाँजोमा धेरै नै हुन्छ। २०३८ सालको जनगणना अनुसार नेपालमा ०–१४ वर्षको उमेर समूहमा कुल जनसंख्याको ४१·४ प्रतिशत पर्दछ। भारतमा १५ वर्ष भन्दा मुनिको उमेर समूहमा कुल जनसंख्याको ३७ प्रतिशत, उत्तरी र पश्चिमी यूरोपमा २४ प्रतिशत तथा उत्तरी अमेरिकामा २७ प्रतिशत पर्दछ[9]। यसरी ०–१४ वर्षको

---

[9] ९. पू. पा. टिप्पणी–३, पृष्ठ ३८.

उमेर समूहमा कुल जनसंख्याको ४१·४ हुनुको अर्थ वाल-वालिकालाई लालन-पालन गर्नु पर्ने अत्यधिक भार (Heavy youth dependency) १५ वर्षदेखि ५९ वर्षको उमेर समूहको जनसंख्याले वहन गर्नु पर्दछ। यस उमेर समूहमा हाम्रो कुल जनसंख्यामा वाल-वालिकाहरूको संख्या वढ़ी भएकोले भविष्यमा प्रजनन उमेरको जनसंख्यामा वृद्धि हुने भएका हुनाले जन्म दर पनि बढ्दै नै हुन्छ। हाम्रो कुल जनसंख्यामा ६० वर्ष नाघिसकेको उमेर समूह अन्तर्गत कुल जनसंख्याको ५·७ प्रतिशत पर्दछ। निम्न तालिका सं० ५·१४ अन्तर्गत उमेर अनुसार जनसंख्याको वनावट प्रस्तुत गरिएको छ।

तालिका ५ : १४

उमेरअनुसार जनसंख्याको बनावट

(२०३८)

उमेर-समूह	प्रतिशत
०–१४	४१·३५
१५–५९	५२·९५
६० वर्ष भन्दा माथि	५·७०

(**स्रोत**—सातौं योजना, पृष्ठ १४, तालिका ४ को आधारमा)

आर्थिक दृष्टिले सक्रिय जनसंख्या

(Economically Active Population)

देशको कुल जनसंख्यामा आर्थिक दृष्टिले सक्रिय जनसंख्याको के कति अनुपात छ भन्ने कुरो अत्यन्तै महत्वपूर्ण हुन्छ। वास्तवमा यसैद्वारा हामीलाई देशमा श्रमको पूर्ति कति छ भन्ने कुराको जानकारी हुन्छ। अन्तर्राष्ट्रिय प्रचलन अनुसार १५ वर्ष र सो भन्दा माथिको जनसंख्यालाई मात्र आर्थिक दृष्टिले क्रियाशील जनसंख्या (अर्थात् श्रम-शक्तिको आपूर्तिमा) समावेश गरिन्छ। विकसित देशहरूमा १०–१४ उमेर समूह पनि आर्थिक दृष्टिले थोरै मात्रामा सक्रिय रहन्छ र ६० वर्ष भन्दा माथिको उमेर समूहमा पर्ने जनसंख्या पनि पेंसन र अन्य सामाजिक सुरक्षाको पर्याप्त व्यवस्थाले गर्दा थोरै मात्रामा आर्थिक रूपले सक्रिय रहन्छन्। तर गरीबीले गर्दा नेपालमा १० वर्षका उमेरदेखि नै धेरै संख्यामा बाल-बालिकाहरू आर्थिक दृष्टिले लाभदायक श्रममा संलग्न रहेको हुँदा १० वर्ष र माथिको उमेरको जनसंख्यालाई आर्थिक दृष्टिले सक्रिय उमेर-समूहमा राखिएको छ। २०३८ सालको जनगणना अनुसार कुल जनसंख्याको ७० प्रतिशत जनसंख्या १० वर्ष र सो भन्दा

माथि उमेर समूह अन्तर्गत आउँछन् र कुल जनसंख्याको ४५·६ प्रतिशत आर्थिक दृष्टिले सक्रिय छन् जो निम्न तालिकामा प्रस्तुत गरिएको छ ।

तालिका ५ : १५

आर्थिक दृष्टिले सक्रिय जनसंख्या

२०३८

कुल जनसंख्या	१५०,२२,८३९
दश वर्ष र माथिको उमेरको जनसंख्या	१,०५,१७,८८८
आर्थिक दृष्टिले सक्रिय जनसंख्या	६८,५०,८८६
कुल जनसंख्यामा दश वर्ष र माथि उमेरका जनसंख्याको प्रतिशत	७०·०
कुल जनसंख्यामा आर्थिक दृष्टिले सक्रिय जनसंख्याको प्रतिशत	४५·६.

(स्रोत—सातौं योजना, पृष्ठ १५७, तालिका नं. १०.)

जनसंख्याको पेशागत बनावट

(Occupational Structure of Population)

विभिन्न पेशा अथवा उद्योगअनुसार जनसंख्याको वितरणलाई जनसंख्याको पेशागत बनावट भनिन्छ। विभिन्न देशहरूको जनसंख्याको पेशागत विभाजन एक समान हुँदैन । त्यसमा धेरै नै विभिन्नता पाइन्छ । तर विकासशील मुलुकहरूमा जनसंख्याको महत्वपूर्ण भाग कृषिमा नै लागेका हुन्छन् । यी मुलुकहरूमा कृषि पछि दोस्रो महत्वपूर्ण पेशा सेवा हुन्छ । साइमन कुजनेट (Simon kuznet) अनुसार विकासशील मुलुकहरूमा ५६·४ प्रतिशत मानिस कृषिमा, २६ प्रतिशत सेवामा तथा १७·६ प्रतिशत उद्योगमा लागेका हुन्छन् । धनी एवं विकशित देशहरूमा सेवा क्षेत्र नै सबभन्दा महत्वपूर्ण हुन्छ । यी देशहरूमा सरदर रूपले कुल श्रमिकको ४३·६ प्रतिशत सेवामा, ३७ प्रतिशत उद्योगमा लागेका हुन्छन् र बाँकी केवल १८·६ प्रतिशत मानिस मात्र कृषि पेशामा लागेका हुन्छन्[10] । तर नेपालमा कृषि पेशा बाहेक अन्य पेशाका अभावले गर्दा अधिकांश मानिसहरू कृषिमा नै लागेका छन् र हाल पनि जनसंख्याको यस पेशागत बनावटमा कुनै खास परिवर्तन आएको छैन भन्ने कुरो निम्न तालिकाबाट प्रष्ट हुन्छ ।

---

१०. पू. पा. टिप्पणी ७, पृष्ठ ११३–१४.

तालिका ५ : १६

जनसंख्याको पेशागत विभाजन

व्यवसाय	सक्रिय जनसंख्या		
	२०१८	२०२८	२०३८
१. कृषि वन एवं मत्स्य उद्योग	४०२०८२३ (९३.४)	४५७९५५२ (९४·३)	६२,४४,२८९ (९१·१४)
२. खनिज	१५२	३६	९७१
३. उत्पादन	९२७३८ (२·२)	५११०२ (१·०६)	३३०२९ (०·४८)
४. बिजुली	१७४७	१५९६	३०१३
५. निर्माण	१४००६ (०·३)	५०१६ (०·२४)	२०२२
६. वाणिज्य	५७३५२ (१·३)	६३५६० (१·३)	१०९४४६ (१·५९)
७. यातायात	२९१७७ (०·७)	९६३७ (०·२)	७४२४
८. सेवा	९१२२७ (२·१)	१,४१,२२५ (२·९)	३,२३,४२० (४·७२)
जम्मा	४३०७२२२ (१००·००)	४८,५२, ५२४ (१००·००)	६८,५०,८८६(१००·००)*

(**स्रोत** :—विभिन्न जनगणना प्रतिवेदनहरू)

कोष्ठभित्रको अंक प्रतिशतको संकेत दिन्छ

* यस अन्तर्गत १,२७,२७२ मानिसहरू पनि सम्मिलित छन् जसको व्यवसायको उल्लेख गरिएको छैन ।

माथिको तालिकावाट के प्रष्ट हुन आउँछ भने कृषि नै हाम्रो सब भन्दा महत्वपूर्णक्षेत्र हो । यस अन्तर्गत नै हाम्रो कुल सक्रिय जनसंख्याको ९१ प्रतिशत मानिस लागेका छन् । सेवामा ४·७ प्रतिशत मानिस लागेका छन् र बाँकी करीव ४ प्रतिशत मानिस मात्र उद्योग एवं अन्य क्षेत्रहरूमा लागेका छन् । यसरी हाम्रो जनसंख्याको पेशागत विभाजन अत्यधिक नै असन्तुलित छ । यस असंतुलनको मुख्य कारण अन्य पेशाहरूको अभाव हो । अन्य पेशाहरूका अभावले गर्दा अनावश्यक रूपले हाम्रो श्रमशक्ति कृषि पेशामा नै थुप्रेका छन् । यो हाम्रो आर्थिक पिछड़ापनको परिचायक हो ।

जनसंख्या प्रक्षेपण (२०३८-५८)

(Population projection 2038-2058)

कुनै पनि देशमा विकासको साधन र साध्य जनता नै हुन्छ । फलस्वरूप जनसंख्याको अनुमान गरिनु वाञ्छनीय नै हुन्छ । २०३८ सालको जनसंख्याको वार्षिक प्रजनन दर (Fertility Rate) ६·३ प्रतिशतबाट घटेर २०४३, २०४८, २०५३ र २०५८ सालमा क्रमशः ६·००, ५·४४, ४·६४ र ३·८४ प्रतिशत हुने भन्ने आधारमा ह्राम्रो कुल जनसंख्या २०४३ सालमा १,७१,३१,२७७, २०४८ सालमा १,९३,७०,४०५, २०५३ सालमा २,१५,३९०३१ र २०५८ सालसा २,३५,९२,९५६ हुने अनुमान गरिएको छ जो निम्नांकित तालिकाबाट प्रष्टिन्छ ।

तालिका ५ : १७

जनसांख्या प्रक्षेपण (२०३८-२०-५८)

साल	पुरुष	महिला	जम्मा
२०३८	७६,९५,३३६	७३,२७५०३	१,५०,२२,८३९
२०४३	८८,१३,३२०	८३,१७,९५७	१,७१,३१,२७७
२०४८	१,००,००,२४४	९३,७०,१६१	१,९३,७०,४०५
२०५३	१,११,५१,३५९	१,०३,८७,७२२	२,१५,३९,०३१
२०५८	१,२२,३५,५४०	१,१३,५७,४१६	२,३५,९२,८५६

(स्रोत—सी० बी० एस०, स्टैटिस्टिकल पकेट बुक १९८६, पृष्ठ बी (३२))

जनसंख्याको वृद्धिबाट पर्ने प्रभावहरू

(Affects of population growth)

जनसंख्याको वृद्धिवाट विकासका विभिन्न क्षेत्रहरूमा प्रतिकूल असर पर्दछ ।

१. खाद्य समस्या :—नेपालमा कुल जनसंख्याको ९१ प्रतिशत मानिस कृपिमा नै निर्भर गर्दछन् । अन्य पेशाहरूको अत्यधिक नै अभाव छ । फलतः जनसंख्यामा वृद्धि हुँदा कृषि क्षेत्रमा त्यसको अत्यधिक दवाव पर्दछ । अत्यधिक जनचापले

गर्दा यहाँ प्रतिव्यक्ति कृषि योग्य भूमि केवल ०·१८ हेक्टर मात्र पर्दछ। जनसंख्याको वृद्धिले गर्दा कृषिमा उपविभाजन एवं अपखण्डनको समस्या भएको छ। उपविभाजन एवं अपखण्डनले गर्दा हाम्रो जोतको आकार अनार्थिक (Uneconomic Holding) हुन गएको छ जसमा परम्परागत तरीकाले खेती गरिन्छ। कृषि क्षेत्रमा अर्धबेरोजगारीको समस्या छ। खाद्यान्न उपलब्धिको स्थिति पनि दिनानुदिन दयनीय हुँदैछ। सन् १९९० ई० देखि कुल उत्पादन भन्दा हाम्रो घरेलु माँग नै ४१८ हजार मैट्रिक टनले न्यून हुने छ।[11] यसरी जनसंख्यामा वृद्धि हुँदा कृषि विकास एवं खाद्यान्नको उपलब्धिमा अझै प्रतिकूल असर पर्न जाने छ।

२. वन क्षेत्रको लोप—ऊर्जा उपभोगको लागि हामी मुख्यरूपले दाउरामा नै निर्भर छौं। जनसंख्या वढ्दै जाँदा काठ-पात एवं दाउराको माँगमा अत्यधिक वृद्धि हुन गई तीव्र रूपले वन-क्षेत्र लोप हुन जाने छ। २०१८ सालमा प्रति वर्ग किलोमीटर वन क्षेत्रमा १९० मानिस थिए भने २०४३ सालमा ३२५ मानिस पुग्ने अनुमान गरिएको छ।[12] जनसंख्यामा यसरी वृद्धि हुँदै गयो भने छिटै नै हाम्रो वन सखाप हुन गई वातावरणीय असंतुलनको समस्या पैदा हुने देखिन्छ।

३. बेरोजगारी :—२०३८ सालको जनगणना अनुसार देशमा दश वर्ष भन्दा माथि उमेरका करीव १ करोड़ जनसंख्या मध्ये ६९ लाख मानिसहरू आर्थिक दृष्टिले सक्रिय छन्। २०२८ र २०३८ सालको दशकमा आर्थिक दृष्टिले सक्रिय जनसंख्यामा २० लाखको थप वृद्धि भएको छ अर्थात् प्रत्येक वर्ष लगभग २ लाखको दरले सक्रिय जनसंख्यामा वृद्धि भएको छ।[13] २०४२ र २०४७ सालका वीच आर्थिक दृष्टिले सक्रिय जनसंख्यामा झण्डै १० लाख ४१ हजार थप हुने अनुमान गरिएको छ। आर्थिक दृष्टिले सक्रिय जनशक्ति मध्ये पनि ९१ प्रतिशत भन्दा पनि बढ़ी कृषि मैं संलग्न भएको तथ्यबाट कृषि क्षेत्रमा संलग्न जनशक्तिलाई अझ पनि गैर कृषि क्षेत्रतर्फ स्थानान्तरण गर्न नसकिएको तथ्य प्रष्ट देखिन्छ। पुनश्च: राष्ट्रिय योजना आयोगको एक सर्वेक्षण अनुसार ग्रामीण एवं शहरी क्षेत्रमा क्रमशः ६० प्रतिशत र ४३ प्रतिशत श्रम दिनहरू उपयोगमा ल्याउन साकिएको छैन। यस्तो परिस्थितिमा जनसंख्यामा यसरी वृद्धि हुँदै गयो भने कृषि क्षेत्रमा व्याप्त अर्ध एवं अदृश्य बेरोजगारीको समस्या अझै गम्भीर हुने देखिन्छ।

४. स्वास्थ्य स्तरमा गिरावट :—स्वस्थ एवं सवल जनशक्ति विकासका लागि एउटा आवश्यक पूर्वाधार हुन्छ। अत्यधिक गरीबीले गर्दा पौष्टिक आहारको

---

[11] ११. धिताल वी० पी०, "पौपुलेशन ग्रोथ एण्ड एग्रीकलचर" इन पौपुलेशन एण्ड डेभलौपमेंट इन नेपाल, सेडा, काठमाडौं १९७४, पृष्ठ ९८।

[12] १२. पाँचौं योजना, पृष्ठ ३७

[13] १३. सातौं योजना, पृष्ठ १५५

अभावका साथ-साथै खाने पानी, सफाई एवं स्वास्थ्य सम्वन्धी न्यूनतम सुविधाहरू पनि जनतालाई उपलब्ध छैनन् । चिकित्सा सेवाको सम्वन्धमा छैटौं योजनाको अन्त्य सम्म ४६६१ जनसंख्याको लागि १ अस्पताल शैया पर्न आउँछ भने २०,६७७ जनसंख्याको लागि एक हेल्थ पोस्ट । यसै गरी २७,२७१ जनसंख्याको लागि एक डाक्टर पर्न आउँछ ।[14] स्वास्थ्य स्तरका यी सूचकहरूलाई दृष्टिगत गर्दा वास्तवमा हाम्रो स्वास्थ्य स्तर अन्य विकासोन्मुख देशहरूका तुलनामा निकै कम छ । जनसंख्या यसरी वढ्दै गयो भने हाम्रो स्वास्थस्तरमा सुधार हुन कठिन हुन जान्छ र सन् २००० सम्म सवैका लागि स्वास्थ्य भन्ने राष्ट्र-संघको आह्वानलाई हामी साकार पार्न सक्तैनौं ।

५. शिक्षा सुविधामा ह्रास—जनसंख्यामा वृद्धिले गर्दा शिक्षामा संख्यात्मक एवं गुणात्मक वृद्धिमा ठूलो वाधा उपस्थित हुन्छ । छैटौं योजनाको अन्त्यसम्ममा साक्षर जनसंख्याको प्रतिशत ३२·४ पुऱ्याउने लक्ष्य भएकामा योजनाका अन्त्यसम्ममा साक्षर जनसंख्याको प्रतिशत २८·९ मात्र पुग्ने अनुमान छ । साक्षरता प्रतिशत लक्ष्य अनुरूप वृद्धि हुन नसकेका प्रमुख कारणमा योजना तर्जुमा हुँदा जनसंख्या वृद्धि-दर २·३ प्रतिशत रहने अनुमान गरिएको तर २०३८ सालको राष्ट्रिय जनगणना अनुसार जनसंख्या वृद्धि-दर २·६६ प्रतिंशत भई अनुमान गरिएको भन्दा वढ़ी दरले जनसंख्याको वृद्धि हुनाले पनि हो ।[15] त्यसै गरी अन्य कठिनाइहरूको साथ-साथै शिक्षक विद्यार्थी अनुपात बढ़ी भएकाले पनि हाम्रो शिक्षामा गुणात्मक वृद्धिमा धेरै नै कठिनाइ उत्पन्न भएको हो । प्राथमिक तहमा २०३६-३७ मा शिक्षक विद्यार्थी अनुपात १:४६ थियो जो २०४१-४२ मा घटेर १:३६ पुग्न गयो । निम्न माध्यमिकमा सो अनुपात २०३६।३७ मा १:१३ थियो जो बढ़ेर २०४१।४२ मा १:२३ हुन गयो । त्यसै गरी माध्यमिक विद्यालयमा २०३६।३७ मा शिक्षक विद्यार्थी अनुपात १:२६ थियो जो २०४१।४२ मा १:३३ पुग्न गयो ।[16]

५. शहरीकरण—जनसंख्याको बनावट एवं श्रम-शक्तिको पेशागत विभाजनमा शहरीकरणको पनि ठूलो प्रभाव पर्दछ । अन्य औद्योगिक एवं विकसित मुलुकहरूका तुलनामा हाम्रो शहरी क्षेत्रको विकास धेरै नै कम भए तापनि शहरीकरणको प्रक्रिया निरन्तर रूपमा वढ्दै रहेको छ । २००८।११ सालमा शहरी क्षेत्रको जनसंख्या कुल जनसंख्याको २·८० प्रतिशत थियो जो वढ़ेर २०१८ र २०२८ मा क्रमशः ३·५७ र

---

१४. ऐजन, पृष्ठ ७५७-५८

१५. ऐजन पृ० ७००

१६. ऐजन पृ० ६९९

४·०० प्रतिशत पुग्न गयो। २०३८ सालको जनगणना अनुसार हाम्रो कुल जनसंख्याको ३·३८ प्रतिशत मानिस शहरी क्षेत्रमा बसोबास गर्दछन्। नगर पंचायतका जनसंख्याको वृद्धि दर पनि हाम्रो राष्ट्रिय स्तरको जनसंख्याको वृद्धि दर भन्दा निकै नै वढ़ी छ। २०२८ र २०३८ साल बीचको राष्ट्रिय जनसंख्या वृद्धि-दर २·६६ प्रतिशत प्रतिवर्षका दरले भएको थियो भने यस अवधिमा नगर पंचायत क्षेत्रको जनसंख्या औसत ७ प्रतिशत प्रतिवर्षका दरले वृद्धि भएको देखिन्छ।[17] जनसंख्या वृद्धिको साथ-साथै यस शहरीकरणमा पनि वृद्धि नै हुने छ र यी शहरमा बस्ने मानिसहरूका लागि रोजगार तथा शीपको विकास, आवास, खाने पानी एवं अन्य सुविधाहरूका विकासको समस्या पनि दिनानुदिन बढ्दै जाने छ।

६. बचत एवं लगानी—कुनै पनि देशको आर्थिक विकासका लागि लगानी आवश्यक हुन्छ र लगानी बचतमा निर्भर गर्दछ। बढ्दो जनसंख्याका लागि आधारभूत आवश्यकताहरूको पूर्ति नै एउटा ठूलो समस्याका रूपमा आउँछ। फलस्वरूप-पूंजीको संचय अर्थात् वचतमा अवरोध पैदा हुन्छ। बचत कम भएमा लगानी र आर्थिक विकास सम्भव हुँदैन।

जनसंख्याको वृद्धिबाट पर्ने प्रभावहरू

१. खाद्य समस्या।
२. वन क्षेत्रको लोप।
३. बेरोजगारी।
४. स्वास्थ्य स्तरमा गिरावट।
५. शिक्षा सुविधामा ह्रास।
६. बचत एवं लगानीमा वाधा।

जनसंख्यामा वृद्धिका कारणहरू

(Causes of Growth of Population)

नेपालको जनसंख्या धेरै तीव्र गतिले वृद्धि हुँदैछ। २०२८ सालको जनगणना अनुसार जनसंख्याको वार्षिक वृद्धि सरदर २·०७ प्रतिशत थियो। २०३८ सालको जनगणना अनुसार यसमा अप्रत्याशित रूपले वृद्धि हुन गयो र जनसंख्याको वार्षिक वृद्धि-दर सरदर २·६६ प्रतिशत पुग्न गयो। भविष्यमा पनि यही दर नै कायम रहेमा नेपालको जनसंख्या आउँदो २३ वर्षमा ३ करोड़ नाघ्ने छ।[18] जनसंख्यामा यस प्रकारले किन वृद्धि हुँदै छ भन्ने कुराको विश्लेषण आवश्यक हुन जान्छ। जनसंख्यामा यस्तो वृद्धिका कारणहरू निम्नांकित छन्—

---

१७. ऐजन पृ० २०४
१८. ऐजन, पृष्ठ १४३

१. उच्च जन्म-दर (High Birth Rate)—हाम्रो जनसंख्या तेजीले वृद्धि हुने मुख्य कारणहरूमध्ये उच्च जन्म-दर रहेको छ। विभिन्न सर्वेक्षणहरूबाट नेपालमा कोरा जन्म-दर ४१·५७ प्रति हजार[19] रहेको अनुमान गरिएको छ जो अन्य देशका दाँजोमा धेरै नै वढी देखिन्छ। भारतमा कोरा जन्म-दर प्रति हजार ३७·२ (सन् १९७१।८१) तथा सन् १९७० को तथ्याङ्क अनुसार प्रति हजार प्रति वर्ष कोरा जन्म दर अष्ट्रेलियामा २०·५, जापानमा १८·८, इंगल्यान्डमा १६·२, स्वेडनमा १३·६ तथा पश्चिम जर्मनीमा १३·३ छ।[20] पुनश्चः हाम्रो कुल प्रजनन-दर अर्थात् प्रजनन क्षमतायुक्त उमेर अवधिमा एक महिलाले पाउने केटा-केटी संख्या २०३८ सालमा ६·३ रहेको अनुमान छ।[21] यस्तो उच्च प्रजनन दरका मुख्य कारणहरू निम्नांकित छन्—

(क) अत्यधिक गरीबी—देशमा अत्यधिक गरीबीको स्थिति विद्यमान छ। प्रतिव्यक्ति वार्षिक १६० डलरको आयको स्थितिमा व्याप्त आर्थिक असमानताद्वारा हाम्रो गरीबीको गंभीरता स्पष्ट हुन आउँछ। गरीबीको यस्तो स्थितिमा हाम्रो जनसंख्या कुपोषणको शिकार छ। तिनीहरूको स्वास्थ्य राम्रो छैन र जनता अशिक्षित अवस्थामा छन्। यस्तो परिस्थिति अन्तर्गत मानिसलाई मनोरञ्जनको कुनै साधन उपलब्ध हुँदैन। साथै आमाबावुले वालवालिकाहरूलाई पढ़ाउन-लेखाउन सक्तैनन्। ७-८ वर्षको उमेरदेखि नै कसैको घरमा काम गर्न थालेको हुनाले वाल-वालिकाहरूले आमा-वाबुलाई आर्थिक सुरक्षा नै प्रदान गरेका हुन्छन्। पुनश्चः यस्ता गरीब परिवारहरूमा वच्चाहरूको रेख-देख नपुगेको हुनाले शिशु मुत्यु-दर पनि बढी हुन्छ। फलतः धेरै वच्चा भएमा केहीको मृत्यु भएमा पनि केही वच्चाहरू बाँचिरहन्छन् भन्ने मनस्थितिमा परिवार नियोजनको प्रभावकारिता स्वतः नै समाप्त भएकोले हाम्रो जन्म-दर बढ़ी भएको छ।

(ख) बाल-विवाह—नेपालमा कमै उमेरमा विवाह हुने प्रचलन छ। वढ़ी प्रजनन २०-२९ वर्षको उमेर अवधिमा हुन्छ र यसमा पनि २० देखि २४ वर्षको उमेरमा अझ बढ़ी प्रजनन क्षमता पाइन्छ। देशमा यस उमेरसम्म प्रायः सबै महिलाहरूको विहे पनि भैसकेको हुनाले जन्म-दर वढ़ी भएको हो।

(ग) अशिक्षा, अज्ञानता एवं परिवार नियोजनको साधनको अभाव—हाम्रा अधिकांश जनता अशिक्षित छन्। २०३८ सालको जनगणना अनुसार हाम्रो कुल जनसंख्याको केवल २४·५ प्रतिशत मात्र शिक्षित छन्। छैटौं योजनाका अन्तसम्ममा

---

[19] १९. ऐजन, पृष्ठ १४४

[20] २०. पू० पा० टिप्पणी ७, पृष्ठ ८९

[21] २१. पू० पा० टिप्पणी १३, पृष्ठ, १४४

साक्षर जनसंख्याको प्रतिशत २८·९ पुग्ने अनुमान छ र महिलाहरूमा साक्षरताको प्रतिशत अझै कम छ। अशिक्षित जनतालाई सानो परिवारका महत्वको जानकारी हुँदैन र तिनीहरूलाई परिवार नियोजनबारे पनि पर्याप्त ज्ञान प्राप्त छैन। परिवार नियोजनका साधनहरू पनि सजिलोसित निःशुल्क उपलब्ध छैनन्। सन् १९८३ को तथ्याङ्कका आधारमा गर्भवती हुने उमेरका ७ प्रतिशत विवाहिता महिलाहरूले गर्भ निरोधक साधनहरूको प्रयोग गर्दछन्। यो प्रतिशत बंगलादेशमा २५, भारतमा ३५, चीनमा ७१, श्रीलंकामा ५५ र पाकिस्तानमा ११ छ।[22]

(घ) बहु विवाह—पहाड़ी भेकमा खेतीको काम प्रायः महिलाहरूले नै गर्ने चलन छ र साथै एकभन्दा बढ़ी बिहे गर्नु पुरुषहरूका लागि एउटा सामाजिक प्रतिष्ठाका साधनका रूपमा लिइन्थ्यो। फलस्वरूप प्राचीन कालदेखि नै नेपालमा बहु-विवाहको प्रचलन रहेको हुनाले पनि जन्म-दर बढ़ी छ। नेपालको नयाँ मुलुकी ऐनले यो बहु-विवाहको प्रथालाई समाप्त गरेको छ।

(ङ) धार्मिक एवं सामाजिक भावना—नेपाल एक हिन्दू राष्ट्र हो। हिन्दू धर्मअनुसार एउटा छोरो नभई जन्ममृत्युको चक्रबाट छुटकारा पाइँदैन। विहे नगरी मानिसलाई समाजमा प्रतिष्ठा पनि प्राप्त नहुने चलन पनि छ। यस प्रकार सामाजिक एवं धार्मिक भावना अनुसार ठूलो परिवारलाई नै राम्रो मानिन्छ। फलस्वरूप सबैले विहे गर्ने चलन छ र छोरा-छोरी नपाउने दम्पतिलाई बाँझो भनेर हेला गर्ने चलन छ। यस्तो धार्मिक एवं सामाजिक रीति अन्तर्गत बढ़ी जन्म-दर स्वाभाविक नै हो।

(२) मृत्यु-दरमा ह्रास–नेपालमा अन्य विकासोन्मुख मुलुकहरू झैं गरीबी, अशिक्षा, वाल-विवाह, स्वास्थ्य-सेवाहरूका अभावले गर्दा मृत्यु-दर बढ़ी छ। तर हालका वर्षहरूमा योजनाबद्ध प्रयासले गर्दा स्वास्थ्य-सेवामा सुधार हुन गई मृत्यु-दरमा निकै कमी आएको छ। २०१८ सालको जनगणना अनुसार मृत्यु-दर २०·८ प्रति हजार थियो।[23] २०३७ सालमा कोरा मृत्यु-दर १९ प्रति हज़ार अनुमान गरिएको थियो हाल यो दर १६·५७ प्रति हजार भएको अनुमान छ।[24]

(३) प्राकृतिक जनसंख्याको वृद्धि—जन्म-दर एवं मृत्यु-दर दुवैलाई एकसाथ अध्ययन गर्दा हामी स्वतः नै वर्तमान समयमा जनसंख्या दरको व्याख्या गर्न सक्छौं। २०२२ सालमा हाम्रो जन्म-दर प्रति हजार ४६ र मृत्यु-दर प्रति हजार

---

[22] २२. वर्ल्ड ब्याङ्क, वर्ल्ड डिभलोपमेंट रिपोर्ट १९८६, पृष्ठ २३०.

[23] २३. तेस्रो योजना-पृष्ठ ४९.

[24] २४. पू. पा. टिप्पणी १३, पृष्ठ १४४-४५.

२४ भएकाले जनसंख्याको प्राकृतिक वृद्धि दर प्रति हजार २२ थियो। २०४२ सालमा हाम्रो जन्म-दर घटेर प्रति हजार ४३ हुन गएको हुनाले र मृत्यु-दर प्रति हजार घटेर १८ हुन गएको हुनाले जन्म-दर र मृत्यु दर (अर्थात् जनसंख्याको प्राकृतिक वृद्धि दर) बढ़ेर प्रति हजार २५ हुन गएको छ।[25] यसरी मृत्यु-दरमा ह्रास हुन गएको हुनाले नै मुख्य रूपले हाम्रो जनसंख्यामा वृद्धि हुन गएको छ भन्ने कुरो प्रष्ट हुन आउँछ। तसर्थ जनसंख्या नियन्त्रण गर्नका लागि जन्म-दरलाई कम गर्न आवश्यक देखिन्छ।

(४) **विदेशबाट मानिसहरूको आगमन**—विदेशबाट पनि धेरै मात्रामा मानिसहरू आएर बसोबास गरेका छन्। यसमा मुख्य रूपले तिब्बतबाट आएका शरणार्थी तथा बर्माबाट फर्केका नेपालीहरूलाई हामी मुख्य रूपले लिन सक्छौं। २०३८ सालको जनगणना अनुसार नेपाल अधिराज्यको जनसंख्या सरदर रूपमा २·६६ प्रतिशतले बढ़िरहेको छ भने पहाड़ी भागको केवल १·६१ प्रतिशतको दरले जनसंख्या बढ़िरहेको छ। तर अप्राकृतिक रूपले तराईको जनसंख्या ४·२ प्रतिशतको दरले बढ़िरहेको छ। यसको मुख्य कारण हो (क) भारतबाट नेपालका तराईमा मानिसहरूको बसाइँ-सराइ र (ख) नेपालको पहाड़ी प्रदेशबाट तराई प्रदेशमा मानिसहरूको बसाइँ-सराइ।

जनसंख्यामा वृद्धिका कारणहरू

१. उच्च जन्म-दर।
२. मृत्यु-दरमा ह्रास।
३. प्राकृतिक जनसंख्याको वृद्धि
४. विदेशबाट मानिसहरूको आगमन

बढ्दो जनसंख्या समस्याका समाधानहरू

(Measures to check increasing population)

हाम्रो जनसंख्या अत्यन्तै तीव्र गतिले बढ्दै छ। जनसंख्याको यस वृद्धिको प्रतिकूल असर हाम्रो बचत, विनियोग एवं आर्थिक विकासमा पनि पर्न गएको देखिन्छ। सन् १९८४ ई० मा हाम्रो बचत कुल घरेलु उत्पादन (G. D. P.) को १० प्रतिशत रहेको छ भने लगानी १९ प्रतिशत।[26] त्यसै गरी १९७३-'८४ को बीचको अवधिमा कुल घरेलु उत्पादन (G. D. P.) को वृद्धि-दर केवल ३·१ प्रतिशत मात्र रहेको पाइन्छ। यो दर विश्वका निम्न आय हुने देशहरूको औसत

---

२५. पू. मा. टिप्पणी संख्या २२, पृष्ठ २३०

२६. ऐजन, पृष्ठ १८८.

दर (३·६ प्रतिशत) भन्द ापनि कम नै छ। यसै अवधिमा भारतमा कुल घरेलु उत्पादनको दर ४·१ प्रतिशत, वंगलादेशमा ५ प्रतिशत, चीनमा ६·६ प्रतिशत, श्रीलंकामा ५·२ प्रतिशत र पाकिस्तानमा ५·६ प्रतिशत रहेको पाइन्छ।[27] खाद्य समस्याको उत्पत्तिको साथ-साथै बेरोजगारीको समस्या पनि दिनानुदिन गम्भीर हुँदै गैरहेको छ। यस प्रकार आर्थिक विकासको गतिलाई बढ़ाउनका लागि जनसंख्या नियन्त्रण गर्न अत्यन्तै आवश्यक हुन गएको हुनाले यस सम्बन्धमा एउटा उपयुक्त नीतिको प्रभावकारी कार्यान्वयन आवश्यक देखिन्छ। जनसंख्यामा समस्या समाधानका लागि निम्नांकित उपायहरू छन्—

१. **आर्थिक विकास**—कृषि उत्पादन, औद्योगिक उत्पादन, यातायात आदिको विकासद्वारा देशको आर्थिक विकास हुन्छ र यस आर्थिक विकासद्वारा पनि जन्म-दरमा कमी आउँछ। आर्थिक विकासले गर्दा प्रतिव्यक्ति आय र मानिसको जीवन-स्तरमा वृद्धि हुन्छ। उच्च जीवन-स्तरलाई कायम राख्ने उद्देश्यले मानिस स्वेच्छाले नै परिवारको आकार घटाउने उद्देश्यले परिवार नियोजन गर्न तत्पर हुन्छ। यसरी आर्थिक विकास जन्म-दर घटाउनका लागि सबभन्दा प्रभावकारी निरोध हो भन्नमा कुनै अत्युक्ति छैन। तर स्वेच्छाले जनसंख्याको समस्याको समाधानको लागि अपनाइने यो प्रणाली अन्तर्गत लामो समय लाग्ने हुन्छ। अल्प समयभित्र यो सफल हुन सक्तैन।

२. **शिक्षा विकास**—हाम्रो देशमा धेरै मानिसहरू अशिक्षित नै छन्। छैटौं योजनाको अन्त्यसम्म देशमा साक्षर जनसंख्याको प्रतिशत २८·९ मात्र पुगेको छ। अशिक्षित मानिसलाई सानो परिवारको महत्वबारे थाहा हुँदैन। जनसंख्या नियंत्रण सम्वन्धी कुनै कार्यक्रमको लागि शिक्षा धेरै नै आवश्यक हुन्छ। शिक्षित व्यक्ति सानो परिवार र उच्च जीवन स्तर नै रुचाउँछ। तसर्थ जनसंख्या समस्याको समाधानको लागि दीर्घकालीन नीतिको रूपमा शिक्षाको प्रचार प्रसार आवश्यक देखिन्छ।

३. **शहरी करण**—शहरमा ठूला परिवारलाई सजिलो घर पाउन, एक ठाउँबाट अर्को ठाउँमा घुम्न जान र दैनिक खर्च आदिको व्यवस्था गर्न धेरै कठिनाई-हुन्छ। फलस्वरूप गाउँभन्दा शहरका मानिसहरू सानो परिवार नै मन पराउँछन्। शहरी क्षेत्रमा जन्म-दर ग्रामीण क्षेत्रभन्दा कमैं हुन्छ। यस कारण देशमा शहरीकरण बढ़ी भएमा पनि जन्म-दरमा कमी हुन सक्छ। तर शहरीकरण पनि देशको आर्थिक विकासमा निर्भर गर्दछ। हाम्रो आर्थिक विकासको गति नै अत्यन्त

---

२७. ऐजन, पृष्ठ १८२.

कम भएकोले शहरीकरणको गति पनि अत्यन्त कम हुने स्वाभाविक नै छ। फलस्वरूप जनसंख्या नियंत्रणका लागि शहरीकरणको महत्व हाम्रो अर्थ व्यवस्थामा धेरै छैन।

४. मृत्यु-दरमा ह्रास—विकासशील मुलुकहरूमा शिशु मृत्यु-दर वढ़ी भएकाले पनि जन्म-दर वढ़ी हुन्छ। यी देशहरूमा गरीव आमाबाबुका लागि वच्चा नै सवभन्दा ठूलो आर्थिक सुरक्षा भएको हुन्छ र आफ्नो जीवनभरि छोरा-छोरी जीवित रहुन् भन्ने रहर हुन्छ। शिशु मृत्यु-दर अत्यधिक भएकाले धेरै वच्चाहरू रहेमा कोही-न-कोही जीवित रहन सक्छ भन्ने भावनाले गर्दा जन्म दर वढ़ी हुन जान्छ। सन् १९८४ को तथ्याङ्क अनुसार जन्मको एक वर्षभित्र प्रति हजार शिशु मृत्यु-दर १३५ हो र १ वर्ष र ४ वर्षका बीचका वालकहरूको मृत्यु-दर प्रति हजार २० हो। यो मृत्यु-दर अन्य देशको तुलनामा धेरै नै वढ़ी देखिन्छ। शिशु (१ वर्षभन्दा मुनिका) मृत्यु-दर प्रतिहजार वर्मामा ६७, भारतमा ९०, चीनमा ३६, श्रीलंकामा ३७ पाकिस्तानमा ११६, अमेरिकामा ११ र जापानमा ६ छ। त्यसै गरी वालक (१ वर्ष भन्दा माथि र ४ वर्ष भन्दा कम) मृत्यु-दर प्रतिवर्ष प्रतिहजार वर्मामा ७, भारतमा ११, चीनमा २, श्रीलंकामा २, पाकिस्तानमा १६ र इंगलैंड, जापान तथा अमेरिकामा ०.० प्रतिशत छ।[28] यस मृत्यु-दरमा धेरै कमी ल्याउन सकियो भने स्वतः नै हाम्रो जन्म-दर घट्न जाने हुन्छ। तर यो पनि लामो अवधिमा मात्र सफल हुन सक्छ।

५. बसाइ सराइमा नियंत्रण—नेपालको तराई भागको जनसंख्या आन्तरिक बसाइँ-सराइको साथ-साथै मित्रराष्ट्र भारतका आसाम तथा नेपाल सीमाना क्षेत्र तथा अन्य क्षेत्रबाट बसोवास गर्न आएका अप्रवासी एवं वर्माबाट आएका अप्रवासीहरूले गर्दा धेरै नै वढ्दै छ। जनसंख्या नियंत्रणका लागि यस बसाइँ सराइमा पनि नियंत्रण गर्नु पर्दछ।

६. परिवार नियोजन—अल्प समयभित्र जन्म-दर कम गरी जन संख्या नियंत्रण गर्ने एकमात्र उपाय परिवार नियोजन नै हो। यस अन्तर्गत आफ्नो आय एवं साधन अनुसार परिवारको आकारलाई सीमित गरिन्छ। वच्चा संयोगले नभएर इच्छाले नै हुनु भन्ने कुरालाई नै परिवार नियोजन भनिन्छ। (By Family planning we mean to have babies by choice, rather than by chance)। परिवार नियोजन अपनाएमा बच्चाको संख्या कम हुन्छ र एक वच्चा पछि अर्को वच्चाको जन्म वर्षेनी नभएर केही वर्ष विराएर हुन्छ जो

---

२८. ऐजन, पृष्ठ २३२–३३.

परिवारको आर्थिक स्थितिको साथ-साथै आमा र बच्चा दुवैको स्वास्थ्यको लागि राम्रो हुन्छ। परिवार नियोजन अपनाएर जनसंख्या नियंत्रणका कार्यक्रमलाई सफल पार्नका लागि श्री ५ को सरकारले परिवार नियोजनको प्रभावकारी एवं हानि नपुऱ्याउने साधनहरू सस्तो दरमा व्यापक रूपले उपलब्ध गराउनु पर्दछ र साथै गरीबहरूलाई निःशुल्क रूपमा पनि वितरण गर्नुपर्दछ। यस सम्बन्धमा प्रचार-प्रसार एवं जनसंख्या सम्बन्धी शिक्षा पनि धेरै नै प्रभावकारी हुन सक्छ।

बढ्दो जनसंख्या समस्याका समाधानहरू

१. आर्थिक विकास
२. शिक्षा विकास
३. शहरीकरण
४. मृत्यु-दरमा ह्रास
५. बसाइँ-सराइमा नियंत्रण
६. परिवार नियोजन

जनसंख्या नियन्त्रण एवं सरकारी प्रयासहरू

(Population control and Measures taken by Government)

नेपालको जनसंख्या अप्रत्याशित रूपले बढ्दै छ। वि. सं. २०२८ र २०३८ को दशकमा जनसंख्याको वार्षिक बृद्धि २·६६ प्रतिशत रहेको जनसाधारणको जीवन-स्तरमा सुधारका लागि राष्ट्रिय उत्पादन तथा जनसंख्या वृद्धिमा संतुलन ल्याउन आवश्यक हुन्छ। यसका लागि विभिन्न योजनाहरूमा हाम्रो प्रयास निम्न अनुसार भएको छ।

पहिलो पंचवर्षीय योजना (२०१३–१८)—पहिलो पंचवर्षीय योजना अन्तर्गत जनसंख्या सम्बन्धमा कुनै नीति र कार्यक्रम संचालन भएको थिएन। तर यस अवधिमा केही बसोबास कार्यक्रमहरूको संचालन भयो र सर्वप्रथम २०१६ सालमा गैह्र सरकारी क्षेत्रमा परिवार नियोजन सेवा उपलब्ध गराउन नेपाल परिवार नियोजन संघको स्थापना भयो।

दोस्रो त्रिवर्षीय योजना (२०१९–२२)—यस योजना अवधिमा पनि जनसंख्या सम्बन्धी कुनै खास नीतिहरूको निर्माण एवं कार्यक्रमको संचालन भएन। तर यत्र-तत्र शुरू गरिएको वसोवास कार्यक्रमलाई सुनियोजित गर्ने उद्देश्यले २०१९ सालमा नेपाल पुनर्वास कम्पनीको स्थापना गरियो। पुनः २०२२ सालमा पुनर्वास विभाग (Department of Resettlement) को स्थापना भयो र सोही सालमा स्वास्थ्य सेवा निर्देशनालय अन्तर्गत परिवार नियोजन र मातृ-शिशु-सेवा प्रदान गर्ने कार्य गरियो।

तेस्रो योजना (२०२२–२७)––देशमा वृद्धि भई रहेको जनसंख्या र आर्थिक विकासमा संतुलन ल्याउने योजनाबद्ध प्रयासको थालनी परिवार नियोजन कार्यक्रमको रूपमा तेस्रो योजनादेखि भयो । यसै योजना कालमा २०२५ सालमा स्वास्थ मंत्रालय अन्तर्गत "परिवार नियोजन तथा मातृ-शिशु-कल्याण योजना"-को कार्यक्रम विस्तृत रूपमा संचालित गरियो र योजना अवधिमा २५ जिल्लामा गरी ६० वटा परिवार नियोजन तथा मातृ शिशु कल्याण केन्द्रहरू र २५ अंचल कार्यक्रमहरूको स्थापना भयो ।

चौथो पंचवर्षीय योजना (२०२७-३२)––चौथो योजना अन्तर्गत पनि जनसंख्या नियंत्रण कार्यक्रमहरूमा विस्तृत रूपले विचार गरी जिल्ला परिवार नियोज़न जिल्ला कार्यालय जस्ता प्रशासकीय एकाईहरू खडा गर्ने कामको साथ-साथै विवाहित दम्पतिहरूलाई परिवार नियोजन सेवा, ५ वर्षसम्मको शिशुलाई स्वास्थोपचार, स्मलपौक्स, बी. सी जी. पोलियो, डी. पी. टी., भैक्सिन दिने आदि कामहरू गरियो ।

पांचौं योजना (२०३२-३७) :––यस योजना अन्तर्गत जनसंख्या सम्वन्धी कार्यक्रमहरूका सम्बन्धमा विगत योजनाहरूको दाँजोमा धेरै नै व्यापकता ल्याइयो । योजना अवधिभित्र (क) सात लाख दम्पतिहरूलाई परिवार नियोजनका साधनहरू वितरित गरिए (ख) एकीकृत सामुदायिक स्वास्थ्य योजनावाट पनि जनसंख्या नियन्त्रण सम्बन्धी कार्यक्रमहरू संचालित गरिए (ग) भर पर्दो तथ्याङ्कको खाँचोलाई पूरा गर्ने उद्देश्यले २०३३ सालमा प्रजनन सर्वेक्षण र २०३१।३२,२०३३ र २०३४।३५ सालमा मध्यावधि जनगणना र जनसंख्या सर्वे अध्ययन कार्य गरियो । (घ) २०३४-३५ सालदेखि जन्म मृत्यु दर्ता प्रणाली प्रारम्भ गरियो (ङ) पंचायत प्रशिक्षण केन्द्र, सहकारी विभाग र प्रशासन व्यवस्था विभागद्वारा जनसंख्या शिक्षाको सन्दर्भमा विभिन्न गोष्ठी, प्रशिक्षण र तालिम कार्यक्रमहरूको व्यवस्था गरियो । जनसंख्या शिक्षाको लागि योजना अवधिमा श्रम-विभाग, नारी सेवा समन्वय समिति, आमा मिलन केन्द्र र महिला संगठनद्वारा पनि विभिन्न कार्यक्रमहरूको आयोजनाका साथ-साथै प्रौढ़ शिक्षा कार्यक्रमहरूको पनि संचालन भयो (च) यस योजनाभित्र राष्ट्रिय जनसंख्या आयोगको गठन गरियो ।[1]

छैटौं योजना (२०३७-४२) :––यस योजना अवधिमा राष्ट्रिय विकासको उद्देश्य र नीति अनुरूप जनसंख्या नीति निर्धारण गरी कार्यक्रम संचालन गराउन केन्द्रीय निकायको रूपमा रहेको जनसंख्या आयोगलाई पुनर्गठित गरियो । योजना-

---

१. यस बारेमा विस्तृत वर्णन यसै अध्यायको अन्तमा प्रस्तुत गरिएको छ ।

कालमा राष्ट्रिय जनसंख्या आयोग मंत्रालय एवं विभाग अन्तर्गत जनसंख्या नियन्त्रण सम्बन्धी संचालित गरिएको विभिन्न कार्यक्रमहरूको प्रगति निम्न अनुसार भयो ।

(१) दीर्घकालीन तथा बहुपक्षीय राष्ट्रिय जनसंख्या नीति तर्जुमा गरी लागू गरियो र परिवार नियोजन सेवालाई अधिराज्यभर विस्तार र सुदृढ़ गर्दै लैजाने लक्ष्य अनुसार प्रहरी, शाही सेना तथा सरकारी स्वामित्व भएका संस्थाहरूमा जनसंख्या शिक्षा र परिवार नियोजन सेवा प्रदान गरियो ।

(२) जनसंख्या नियंत्रणमा महिलाहरूको बढ़ी योगदान भएकोले महिला शिक्षा परियोजना अन्तर्गत छात्राहरूको संख्या बढ़ाउन कालीकोट, जुम्ला, मुगु जिल्लाहरूमा छात्रवृत्ति सहित अग्रणी शिक्षा कार्यक्रम संचालन गरियो र महिला रोजगारीका लागि झापा जिल्लामा प्रशिक्षण कार्यक्रम संचालन गरियो ।

(३) जनसंख्या सम्बन्धी भरपर्दो तथ्याङ्कका लागि कम्प्यूटर प्रणालीबाट जनसंख्या तथ्याङ्क विश्लेषण प्रक्रिया प्रारम्भ गरियो ।

(४) आन्तरिक तथा वाह्य बसाइँ-सराइबाट जनसंख्या वृद्धिमा पर्ने प्रभावलाई, तथ्यलाई विचार गरी बसाइँ-सराइ सम्बन्धी विस्तृत अध्ययन सम्पन्न गरी सुझाव सहितको प्रतिवेदन प्रकाशित गरियो ।

(५) योजना अवधिमा ९ लाख दम्पतिहरूलाई परिवार नियोजन सेवा उपलब्ध गराउने लक्ष्य रहेकोमा १५ लाख ४ हजार दम्पतिहरूलाई परिवार नियोजन सेवा उपलब्ध गराइयो ।

(६) जन्म, मृत्यु तथा अन्य व्यक्तिगत घटना दर्तालाई थप २९ जिल्लाहरूमा लागू गर्ने लक्ष्य रहेकोमा घटना दर्तालाई थप १९ जिल्लाहरूमा लागू गरियो ।

(७) राष्ट्रिय जनगणना २०३८ सम्पन्न गरियो र जनसंख्या सम्बन्धी तथ्याङ्क विवरण प्रकाशित गरियो ।

सातौं योजना (२०४२-४७) ।—यस योजनाले अनियंत्रित रूपमा बढ्दै गएको जनसंख्याको चापलाई जनसंख्याको आकार तथा वितरणमा पर्ने थालेको प्रतिकूल असरलाई कम गरी जनसंख्या वृद्धि र आर्थिक विकासमा संतुलन ल्याउने उद्देश्य राखी निम्न अनुसारको नीति निर्धारण गरेको छ ।

(१) अधिकतम दम्पतिलाई परिवार नियोजन सेवा तथा मातृ-शिशु सेवा सुलभ तरीकाले उपलब्ध गराउने ।

(२) विकास कार्यक्रमहरूमा जनसंख्या कार्यक्रम एकीकरण गर्ने । यस सन्दर्भमा विकास आयोजनाहरूको, प्रतिफल सकेसम्म प्रतिव्यक्तिको आधारमा निर्धारित गर्ने ।

(३) महिला शिक्षा तथा रोजगारीमा जोड़ दिने ।

(४) जनसंख्या कार्यक्रममा स्थानीय पंचायत, वर्गीय संगठन तथा अन्य गैर सरकारी निकायहरूको सहभागिता बढ़ाउने ।

(५) निरन्तर वढ्दै गैरहेको आप्रवासलाई व्यवस्थित गर्ने

सातौं योजनाको लक्ष्य—सातौं योजना अन्तर्गत कुल प्रजनन-दर २०४२ सालको ६·१ बाट योजनाको अन्तमा ४·१ मा ल्याउने र जनसंख्या वृद्धि दर २०४२ सालको २·५३ प्रतिशतबाट १·९७ प्रतिशतमा ल्याउने। यसको लागि योजना अवधिभित्र परिवार नियोजन सेवा प्रयोग गर्नेहरूको सेवा संख्या कुल २९ लाख २५ हजार पुऱ्याउने लक्ष्य राखिएको छ।

राष्ट्रिय जनसंख्या आयोग

२०३२ साल श्रावण १३ गते जनसंख्या नीति समन्वय समितिको स्थापना भयो। २०३५ साल जेष्ठ ३१ गते यस समितिको पुनर्गठन गरी सम्माननीय प्रधानमंत्रीज्यूको अध्यक्षतामा राष्ट्रिय जनसंख्या आयोगको गठन भयो। यस जनसंख्या आयोग अन्तर्गत जनसंख्या वितरण समिति, परिवार नियोजन समिति, नागरिकता तथा अप्रवासन समिति, जनसंख्या शिक्षा प्रचार समिति, जनसंख्या कानून समितिको गठन गरियो। राष्ट्रिय विकास संबन्धी उद्देश्य तथा नीति र जनसंख्या संबन्धी नीति र कार्यक्रम बीच निकटतम सम्बन्ध कायम गर्ने उद्देश्यले २०३७ साल वैशाख १७ गतें सम्माननीय प्रधानमन्त्रीज्यू यस आयोगको अध्यक्ष र राष्ट्रिय योजना आयोगको उपाध्यक्ष यस आयोगको पदेन उपाध्यक्ष हुने भन्ने व्यवस्था गरी यस आयोगको पुनर्गठन गरियो। राष्ट्रिय योजना आयोगको जनसंख्या महाशाखाले यस पुनर्गठित आयोगको सचिवालयको काम गर्ने व्यवस्था पनि मिलाइयो। पुनः २०३८ साल चैत्र १८ गते राष्ट्रिय योजना आयोगबाट छुट्टै अस्तित्व रहने गरी सम्माननीय प्रधानमंत्रीज्यूको अध्यक्षतामा विभिन्न क्षेत्रहरूबाट प्रतिनिधित्व हुने गरी २० सदस्यीय राष्ट्रिय जनसंख्या आयोगको पुनर्गठन गरियो। यस पुनर्गठित जनसंख्या आयोगको प्रशासकीय कार्यहरूको सम्पादन कार्यक्रम विकास तथा समन्वय महाशाखा, अनुसन्धान तथा तथ्याङ्क व्यवस्था महाशाखा, सूचना, शिक्षा संचार महाशाखा र प्रशासन तथा कानून महाशाखा भन्ने चार महाशाखाद्वारा गरिन्छ।

राष्ट्रिय जनसंख्या आयोगले गर्नुपर्ने कार्यहरू निम्नांकित छन्—

(१) जनसंख्या सम्बन्धी अन्तर्क्षेत्रीय तथा बहुपक्षीय कार्यक्रमहरूको तर्जुमा एवं संचालन गर्ने।

(२) जनसंख्या सम्बन्धी विभिन्न कार्यक्रमहरू बीच समन्वय गर्ने गराउने।

(३) जनसंख्या सम्बन्धी अनुसन्धान, अध्ययन, सर्वेक्षण र तालीमको नीति निर्धारण एवं कार्यान्वयन गर्ने।

(४) जनसंख्या सम्बन्धी कार्यक्रमहरूको कार्यान्वयनको लागि सरकारी एवं गैह्र-सरकारी संघ एवं संस्थाहरूलाई प्रोत्साहित गर्ने।

(५) जनसंख्या सम्बन्धी कार्यान्वयन गरिएका कार्यक्रमहरूको नियमित एवं आवधिक समीक्षा एवं मूल्याङ्कन गर्ने गराउने ।

(६) जनसंख्या वृद्धि, बसाइँ-सराइ तथा जनसंख्या वितरण सम्बन्धी नीति एवं कार्यक्रमहरूको तर्जुमा गरी त्यसलाई कार्यान्वित गराउने ।

(७) जनसंख्या नीतिको सम्बन्धमा श्री ५ की सरकारलाई सुझावहरू दिने र सम्बन्धित निकायहरूलाई मार्गदर्शन दिने ।

Model Questions

(1) Describe the important characteristics of Nepalese population.

नेपालको जनसंख्याको प्रमुख विशेषताहरूको वर्णन गर्नुहोस् ।

(2) "Population is not only an asset but it can be a liability too." Prove this with reasons—P. C. L. 2031.

"जनसंख्या सम्पत्ति मात्र होइन, उत्तरदायित्व पनि हुन सक्छ।" कारण दिएर सावित गर्नुहोस् ।

(3) Is Nepal over populated ? Give reasons and suggest measures to solve the problem.

के नेपालमा जनाधिक्य छ ? कारण बताउनुहोस् र यसको समाधानका लागि सुझाव पेश गर्नुहोस् ।

(4) Trace the growth of population in Nepal. Suggest measures to control its rapid growth.

नेपालमा जनसंख्या वृद्धिको वर्णन गर्नुहोस् । यसको तीव्र वृद्धिको नियन्त्रणको उपाय बताउनुहोस् ।

(5) Explain the causes of population growth in Nepal. Describe the affect of population growth.

नेपालको जनसंख्या वृद्धिको कारणहरूको व्याख्या गर्नुहोस् । जनसंख्याको वृद्धिबाट पर्ने प्रभावको वर्णन गर्नुहोस् ।

(6) Describe the population policy of H. M. G.

श्री ५ को सरकारको जनसंख्या नीतिको वर्णन गर्नुहोस् ।

(7) Write short notes on—(a) Density of population (b) Populationshift (c) National Population Commission.

छोटो टिप्पणी लेख्नुहोस्—(क) जनघनत्व (ख) बसाइं-सराइ र (ग) राष्ट्रिय जनसंख्या आयोग ।

अध्याय
: ६ :

बन
(Forest)

प्राकृतिक वनस्पति अथवा रूखहरूका समूहलाई बन भनिन्छ। बन दृष्टिगोचर प्रकृतिको एउटा महत्वपूर्ण रूप हो। ध्रुवप्रदेश बाहेक भूखण्डको ४० प्रतिशत भाग प्रारम्भिक अवस्थामा बनले नै ढाकिएको थियो। तर मौलिक वनको ३३$\frac{१}{२}$ प्रतिशत भाग मानिसहरूले बाली उत्पादन, चरन आदिको लागि मासिसकेका छन्। यसरी मानव उपयोगका लागि एउटा सबभन्दा महत्वपूर्ण सम्पदा कैयौं शताब्दीदेखि मासिंदै गएको छ[१]।

बनको महत्व

रूख बिरुवाको अभावमा मानवको अस्तित्व सम्भव छैन। मानवको आर्थिक क्रियाकलाप वनद्वारा महत्वपूर्ण ढंगले प्रभावित हुन्छ। वनबाट निम्नांकित प्रत्यक्ष एवं अप्रत्यक्ष लाभहरू प्राप्त हुन्छ—

(क) **प्रत्यक्ष लाभहरू** :—बनबाट निम्नांकित प्रत्यक्ष फाइदाहरू हुन्छन्

(१) **घर बनाउनका लागि काठपातको उपलब्धि** :—बनबाट नै विभिन्न प्रकारको काठ-पात प्राप्त गरी घर बनाउने काममा प्रयोग गरिन्छ। यसरी बन हाम्रो वासको समस्यालाई समाधान गर्न सहयोग गर्दछ।

(२) **वन पैदावारको उपलब्धि** :—दियासलाई उद्योग, फर्निचर व्यवसाय, कागज उद्योगहरूलाई संचालन गर्नका निमित्त बनबाट नै विभिन्न प्रकारका वन पैदावार कच्चा मालको रूपमा उपलब्ध हुन्छ। जहाज एवं रेल-पटरी बनाउनका लागि काठ पनि जंगलबाट नै उपलब्ध हुन्छ। त्यसै गरी रंग-रोगन, वार्निस बनाउन, छाला पाको पार्ने, टायर बनाउन रबर लाहा, प्लास्टिकको लागि कच्चा माल, रेशम कीरा पालनका लागि शहतूत र जिम्बूको पात वनबाट नै उपलब्ध हुन्छ।

(३) **औषधि उद्योगको आधार**—विभिन्न प्रकारका औषधिहरूको निर्माण बन जंगलबाट संकलन गरिएको जड़ी-बूटीहरूद्वारा नै गरिन्छ। हाम्रो देशमा शाही औषधि लिमिटेडले पनि यिनै जड़ी-बूटीहरूद्वारा औषधि बनाउने काम गर्दछ।

---

[१] गुहा जे. एल. एण्ड चट्टोराज, ए न्यू ऐप्रोच टू इकोनोमिक जोग्रफी—ए स्टडी अफ रिसोर्सेज, वर्ल्ड प्रेस प्राइभेट कलकत्ता, फिफ्त एड. १९७४, पृष्ट ८५.

(४) फलहरूको उपलब्धि :—वनबाट विभिन्न प्रकारका जंगली फलहरू उपलब्ध हुन्छन् ।

(५) विभिन्न उपयोगी पदार्थहरूको उपलब्धि :—बनबाट गूँद, श्रीखण्ड चन्दन, दालचीनी, कत्था बनाउनका लागि खयर, हर्रो, क्विनाइन, निगालो आदि जस्ता विभिन्न प्रकारका उपयोगी पदार्थहरू उपलब्ध हुन्छन् ।

(६) निकासी वृद्धिमा सहयोग :—निकासी वृद्धि गरी व्यापार संतुलनको प्रतिकूलतालाई घटाउनमा वनले महत्वपूर्ण सहयोग प्रदान गर्दछ । काठ, जड़ी-बूटी, हस्तिहाड इत्यादि वन पदार्थहरू निकासी गरी हामी परिवर्त्य विदेशी मुद्रा आर्जन गर्दछौं ।

(७) पशुधनलाई घाँस पातको उपलब्धि :—जंगलबाट पशुधनलाई घाँस-पातको उपलब्धि हुन्छ । स्थानीय वासिन्दाहरूले जंगलमा आफ्ना गाई-वस्तु चराउँछन् तथा घाँस-पात पनि प्राप्त गर्दछन् ।

(८) रोजगारीमा वृद्धि :—वनका आसपासमा बस्ने मानिसहरू प्रायः गरेर रूख ढाल्ने, मुढ़ा ओसार्ने, मुढ़ा चिर्ने आदि वन सम्बन्धी आर्थिक काम-काज (Forestry or Lumbering Industry) मा लागेका हुन्छन् । वन विकास भएमा यस प्रकारको काम काजमा रोजगारीको अवसरमा वृद्धि हुन्छ ।

तालिका ६.१

संसारमा काठ-पातको उत्पादन तथा प्रयोग

प्रयोग	उत्पादन मि० मैट्रिक टनमा	प्रतिशत
दाउरा	६४०	५४.०
निर्माण कार्य	४००	३३.०
कागत	६०	५.०
रेलको पटरी	२५	२.०
खानी खोदाई	२०	१.६
नकली रेशम	५	०.४
अन्य	५०	०.४
कुल	१,२००	१००.०

(स्रोत–दुवे आर. एन एण्ड प्रानजप्पे एस. डी, इकोनोमिक एण्ड कमर्सिय जोग्रफी, किताब महल इलाहाबाद १९७३, पृष्ठ १९१.)

(ख) अप्रत्यक्ष लाभहरू :—वनबाट उपर्युक्त पैदावार प्राप्त हुनका साथ-साथै धेरै प्रकारका अप्रत्यक्ष लाभ पनि प्राप्त हुन्छ :—

१. **मानव अस्तित्वलाई रक्षा गर्नु :**—वनले मानव अस्तित्वको रक्षा गर्दछ । मानिसहरूले आफ्नो सासद्वारा कार्बनडाई आक्साइडको त्याग गर्दछ । रूख-पात यी कार्बनडाई अक्साइडहरूलाई शोषण गरी अक्सीजन (प्राण-वायु) मा परिवर्तन गर्ने काम गर्दछ । यसरी जंगलद्वारा हाम्रो अस्तित्वको रक्षा हुन्छ ।

२. **वर्षा गराउनु :**—हावामा भएको आर्द्रतालाई रोकेर वनले वर्षा गराउनमा मद्दत दिन्छ । जंगल कम भएमा वर्षाको कमीले गर्दा जग्गा मरुभूमिमा परिणत हुने हुन्छ ।

३. **माटोको घिसाइका रोकथाम गरी जग्गाका उर्वराशक्तिको रक्षा :**—वन-जंगलले जलको प्रवाह तथा हावाद्वारा हुने माटोका बगाइलाई रोकथाम गरी जग्गालाई मलिलो बनाउँछ । वन भएको ठाउँमा रूख पातका जराहरूले गर्दा मलिलो माटो बग्न सक्तैन । नेपाल मुख्य रूपले पहाडी देश भएकाले यहाँ भू-क्षयको सम्भावना अत्यधिक नै देखिन्छ । यसले कृषि उत्पादनलाई ठूलो धक्का पुऱ्याउँछ ।

४. **बाढ़ी नियंत्रण :** - वन जंगलले नदीका प्रवाहलाई कम गरी वाढ़ी नियंत्रण गर्दछ । नेपाल जस्तो देशमा जहाँ कोशी, कर्णाली, गण्डकी जस्ता द्रुतगामी नदीहरू छन् बाढी नियन्त्रण गर्नमा रूख पातको विशेष महत्व हुन जान्छ । यी नदीहरूको आस पासमा वन जंगलको विकास गरेमा बाढ़ीको विनासकारी प्रकोपमा कमी हुन सक्छ ।

५. **जग्गाको उत्पादन शक्तिमा वृद्धि :**—वन जंगलको झार-पात कुहुनाले माटोलाई नेत्रजन (नाइट्रोजन) प्राप्त हुन्छ र जग्गाको उत्पादनशीलतामा वृद्धि हुन्छ ।

६. **हावा पानीलाई अनुकूल बनाउँछ :**—वन जंगलको कारणले गर्दा गर्मीमा अत्यधिक गर्मी हुँदैन । यसले जाडोको याममा पनि हावा-पानीलाई न्यानो राख्दछ । यसरी वन जंगलले हावापानीलाई अनुकूल पार्नमा पनि सहयोग दिन्छ ।

७. **जमीन मुनी पानीको संचय गर्दछ :**—जमीन मुनि पानीका सतहलाई नजीकमा पार्ने वनको ठूलो शक्ति हुन्छ । भूमिगत जल सिंचाईका लागि बढी उपयोगी हुन्छ किनकी यस जलको उपलब्धि आवश्यक पर्ने ठाउँमा गर्न सकिन्छ । वनले गर्दा भूमिगत जलको सतह नजीकमा पर्ने हुनाले नलकूपको निर्माणमा थोरै पाइप लाग्दछ र सिंचाईका लागि भूमिगत जलको उपयोग सस्तो हुन जान्छ ।

८. **आँधी-बेहरीको वेगमा रुकावट गरी बालीको रक्षा गर्दछ :—**वनले गर्दा (बली ढाल्ने) आँधी वेहरीको वेग कम हुन जान्छ। बालुवा पनि ज्यादा मात्रामा उड्न सक्तैन। यसरी वनले बालीको रक्षा गर्दछ।

९. **पर्यटन विकास :—**वन जंगलले स्थानीय हावा पानीलाई रम्य एवं आकर्षक बनाउँछ। एकान्त प्रेमीका लागि वन विश्रामको सुविधा प्रदान गर्दछ। नेपालको वनमा अत्यन्तै आकर्षक एक सिंगे गैंडा एवं अन्य वन्यजन्तुहरू पाइन्छ। विदेशीहरूलाई शिकारको सुविधा प्रदान गरिएमा पर्यटन उद्योगलाई धेरै आय प्राप्त हुने सम्भावना देखिन्छ।

वनबाट प्राप्त हुने लाभहरू

(क) प्रत्यक्ष लाभहरू—

१. घर बनाउनका लागि काठ पातको उपलब्धि
२. वन पैदावारको उपलब्धि
३. औषधि उद्योगको आधार
४. फलहरूको उपलब्धि
५. विभिन्न उपयोगी पदार्थहरूको उपलब्धि
६. निकासी वृद्धिमा सहयोग
७. पशुधनलाई घाँस पातको उपलब्धि
८. रोजगारीमा वृद्धि

(ख) अप्रत्यक्ष लाभहरू—

१ मानव अस्तित्वलाई रक्षा गर्नु
२. वर्षा गराउनु
३. माटोको धिसाइको रोकथाम गरी जग्गाको उर्वरा शक्तिको रक्षा
४. बाढी नियंत्रण
५. जग्गाको उत्पादन शक्तिमा वृद्धि
६. हावा पानीलाई अनुकूल बनाउँछ
७. जमीन मुनि पानीको संचय गर्दछ
८. आँधी वेहरीको वेगमा रुकावट गरी बालीको रक्षा गर्दछ।
९. पर्यटन विकास

नेपालमा वनको किसिम

(Types of Forest in Nepal)

नेपालमा निम्नांकित प्रकारका वनहरू पाइन्छ :—

(१) **उष्ण प्रदेशीय सदावहार जंगल** (Trepical Decidious Forest) :—तराई, दूरे पर्वत तथा उन क्षेत्रमा ३००० फीटको उचाईसम्मको ठूलो क्षेत्रमा उष्ण प्रदेशीय सदावहार जंगल पाइन्छ। पर्याप्त वर्षा तथा उष्णताले गर्दा यस क्षेत्रमा पाइने रूखहरू छिटो बढ्ने हुन्छ। यस क्षेत्रको जंगलमा विभिन्न जातका ठूल-ठूला रूखहरूका साथै विभिन्न प्रकारका लहराहरू (climbing creepers) पनि पाइन्छन्। यी लहराहरूले गर्दा वनमा हिंड्न अत्यन्तै कठिन हुन्छ। यस जंगलमा एक साथ पतझर हुँदैन। कहिले काहीं यस प्रकारका जंगलको एउटै रूखमा साथ-साथै फूल र फल दुवै देखिन्छ। यस जंगलमा मुख्य रूपले साल, सिसौ, सतिसाल, खयर, बेत, बाँस आदि जातका रूखहरू पाइन्छन्। आर्थिक दृष्टिले योनेपालको सबभन्दा महत्वपूर्ण जंगल हो।

(२) **सम मध्य पहाड़ी जंगल** (Sub-Tropical wet Hill Forest) —महाभारत पर्वत एवं पर्वतीय क्षेत्रको ३ हजार फीट उचाईदेखि ६ हजार फीटको उचाई-सम्म-सम मध्य जंगल पाइन्छ। काठ, दाउरा तथा चरणको लागि यस जंगलको धेरै नै महत्वपूर्ण स्थान छ। यसमा मुख्य रूपले साल, सीमल, पिपल, बाँस, ओखर आदि जातका रूखहरूको साथ-साथै कागज बनाउने खालका घाँसहरू पनि पाइन्छ।

(३) **सदावहार कोणधारी वन** (Evergreen coniferous Forests) :—समुद्र तलदेखि ६ हजार फीट भन्दा माथि र १३ हजार फीट भन्दा मुनि सदावहार कोणधारी वन पाइन्छ। यस प्रकारका जंगलमा मुख्य रूपले देवदार, गुराँस, बाँस आदि जातका रूखहरू पाइन्छ। यस जंगलमा पाइने रूखहरूको पात सियो झैं तिखो हुन्छ।

(४) **लेकाली झाड़ी** (Sub-Alpine Bushes) :—समुद्र तलदेखि १२ हजार फीटको उचाईमा जिम्बु घाँस तथा गुराँसका फूलहरू पाइन्छन्। यो लेकाली तृण-भूमिको श्रेणीमा आउँछ।

नेपालमा वनको किसिम

१. उष्ण प्रदेशीय सदावहार जंगल
२. सम मध्य पहाड़ी जंगल
३. सदावहार कोणधारी जंगल
४. लेकाली जंगल

नेपालमा वन सम्पदा नाशिने कारणहरू

नेपालमा वन सम्पदा निरन्तर नाश हुँदैछ। वन सम्पदामा यस प्रकारको नाशका निम्नांकित कारणहरू छन्—

१. **जनसंख्यामा बृद्धि**—देशको जनसंख्यामा तीव्र वृद्धि भैरहेको छ। जनसंख्यामा वृद्धिले गर्दा काठ-पातको आवश्यकता दिनानुदिन बढ़दै गएको छ। जनसंख्याको यस वृद्धिले गर्दा खेती योग्य भूमिको आवश्यकतामा पनि वृद्धि भएको छ। फलस्वरूप घर बनाउन काठ एवं खेती गर्नलाई भूमिको आवश्यकताको पूर्तिको लागि वन-जंगल दिनानुदिन काटिंदै गएको हुनाले निरन्तर रूपले यसको नाश हुँदैछ।

२. **अनियंत्रित वसोवास**—पहाड़ी भाग एवं विदेशबाट नेपालको तराई भागमा वसाईं-सराइले गर्दा तराईको जनसंख्या धेरै नै तेजीले बढ़िरहेंको छ। तराईमा अवैध रूपले मानिसहरू वन जंगल काटी वसोवास गरेका छन्। ती मानिसहरू आफ्नो दैनिक इन्धन, चरन र काठ-पातको आवश्यकताहरूको पूर्ति वन जंगलबाट नै गरिरहेका छन्। फलस्वरूप वन सम्पदामा दिनानुदिन ह्रास भैरहेंको छ।

३. **ऊर्जाको वैकल्पिक स्रोतको अभाव** :—नेपालमा कोइला, मट्टी-तेल आदि ऊर्जाका वैकल्पिक स्रोतहरूको अभाव छ। जल विद्युतको अपार सम्भावना हुँदा-हुँदै पनि जल विद्युत्को पर्याप्त विकास भएको छैन। फलस्वरूप काठ नै एक मात्र उर्जाको स्रोतको रूपमा प्रयोग भएको हुनाले पनि वन सम्पदा दिनानुदिन ह्रास हुँदै छ।

४. **वन विकास कार्यक्रमको प्रगति पर्याप्त मात्रामा नभएको** :—देशमा वन विकासको लागि वृक्षारोपण, रोपी सकेको वृक्षको पर्याप्त हेर-विचार आदि कुरा पर्याप्त मात्रामा नहुने हुनाले पनि वन सम्पदामा ह्रास हुँदैछ।

वन सम्पदा नाशिने कारणहरू

१. जनसंख्यामा वृद्धि।
२. अनियंत्रित वसोवास।
३. ऊर्जाको वैकल्पिक स्रोतको अभाव।
४. वन विकास कार्यक्रमको प्रगति पर्याप्त मात्रामा नभएको।

वन सम्पदाको ह्रासका परिणामहरू

दिनानुदिन हाम्रो वन सम्पदाको तीव्र गतिले ह्रास भैरहेको छ। यसरी वन सम्पदाको विनासको भयंकर परिणाम हुन सक्छ। वन सम्पदाको विनासको निम्नांकित परिणाम हुन सक्छ—

(१) **वनबाट उपलब्ध हुने काठ-पात जडी-बूटी आदि वस्तुहरूको अभाव :—** वन सम्पदामा ह्रासले गर्दा वनबाट उपलब्ध हुने काठ-पात जडी-बूटी आदि उपयोगी वस्तुहरूको देशमा ठूलो अभाव देखा पर्न थालेको छ। हाम्रो जनसंख्या दिनानुदिन बढ़दै गएको छ। हामोसित कोइला, मट्टी-तेल आदि जस्ता ऊर्जाका वैकल्पिक स्रोतहरूको अभाव छ। जल विद्युतको विकास भएको छैन। फलस्वरूप देशमा दैनिक आवश्यकताका पूर्तिका लागि ऊर्जाको ठूलो समस्या हुने छ।

(२) **अनियमित वर्षा :—**वन जंगल मासिंदै गएको हुनाले वर्षाको अनियमितता बढ़दै गएको छ। यस अनियमित वर्षाको धेरै नै प्रतिकूल असर हाम्रो कृषिमा पर्दछ।

(३) **बाढ़ी, भूक्षय र पैरो जाने :—**देशमा बाढ़ी, भूक्षय र पहिरो जाने समस्या दिनानुदिन बढ़दै छ। बाढ़ी र पहिरोले हाम्रो धनजनको धेरै क्षति हुन्छ। भूक्षयले गर्दा प्रत्येक वर्ष हाम्रो जग्गाको उर्वरा शक्ति बगेर जान्छ। यसरी वन मासिंदै गएमा बाढ़ी, भूक्षय र पहिरो जाने समस्या दिनानुदिन गम्भीर नै हुन जाने छ।

(४) **हाम्रो अस्तित्वलाई खतरा :—**वन जंगलको विनाशले गर्दा हावा पानीमा यसको प्रतिकूल असर पर्दछ। गर्मीमा ज्यादै गर्मी र जाडोमा ज्यादै बढ़ी चीसोको समस्या पैदा हुन्छ। पर्यावरणको समस्यामा वृद्धि हुन गई हाम्रो अस्तित्वलाई नै खतरा हुन सक्छ।

वन सम्पदाका ह्रासका परिणामहरू

(१) वनबाट उपलब्ध हुने काठ-पात जड़ी-बूटी आदि वस्तुहरूको अभाव
(२) अनियमित वर्षा
(३) बाढ़ी, भू-क्षय र पहिरो जाने
(४) हाम्रो अस्तित्वलाई खतरा

योजना अवधिमा वन विकास

प्रथम पंचवर्षीय योजना

(२०१३/१४–२०१७/१८)

प्रथम पंचवर्षीय योजना कालमा वन विकासका लागि चालिएका पाइलाहरू निम्न अनुसार छन्—

(१) **निजी वन-जंगलको राष्ट्रिय करण** :—२०१३ सालमा वन राष्ट्रियकरण ऐन जारी गरी निजी वनलाई बिना क्षतिपूर्ति राष्ट्रियकरण गरियो।

(२) **२०१७ सालमा वन नीतिको घोषणा** :—यस योजनामा वन नीतिको घोषणा गरियो। यस वन नीति अन्तर्गत वनलाई तीन श्रेणीमा विभाजित गरियो—(क) **सुरक्षित वन**—पैह्रो र बाढ़ी नियंत्रणको लागि अनिवार्य हुने वनलाई सुरक्षित वनको श्रेणीमा राखियो। यस प्रकारको वनमा रूख कटानीमा प्रतिबन्ध लगाइयो। (ख) **उत्पादक वन**—श्री ५ को सरकारको आयमा वृद्धि गर्ने वनलाई उत्पादक वन अन्तर्गत राखियो तथा (ग) **सामुदायिक वन** :—स्थानीय जनताको लागि दाउरा, काठ इत्यादिको आवश्यकता पूरा गर्ने वनलाई सामुदायिक वनको श्रेणीमा राखियो।

(३) **२०१८ सालमा वन ऐन जारी गरियो** :—यस ऐन अन्तर्गत वन सीमा निर्धारण गर्ने अग्नि रेखा तथा वन पथ निर्माण गर्ने, गाउँ पंचायतलाई वन क्षेत्र प्रदान गर्ने जस्ता व्यवस्थाहरू मिलाइयो।

(४) **वनको सुव्यवस्था तथा सुरक्षा सम्बन्धी कार्य** :—यस योजना अन्तर्गत वनको सुरक्षा तथा सुव्यवस्थाको लागि तराईको डिभिजनहरूमा ९५ माइल वन सीमा निर्धारण, वन जंगललाई आगोबाट रक्षा गर्ने ४९ माइल अग्नि संरक्षण रेखा निर्माण, वन जंगलको संरक्षण तथा वैज्ञानिक व्यवस्था मिलाई वनको पैदावार सुलभ गराउन र उचित मोल प्राप्त गर्न ३६ माइल वन मार्गको निर्माण, १५२ एकड़मा वृक्षारोपन, २० एकड़मा नर्सरी लगाउने काम तथा बिरुवा वितरण कार्यहरू गरियो।

(५) **वन्य जन्तु संरक्षण व्यवस्था** :—वन्य जन्तुको संरक्षण गर्न चितवनमा महेन्द्र मृग-कुंजको स्थापना भयो तथा जंगली जीव संरक्षण ऐन लागू गरियो।

(६) **वन कर्मचारीहरूको सुविधा सम्बन्धी कार्य** :—यस योजना कालमा वन कर्मचारीहरूका सुविधाका लागि अफिस भवन, घर तथा चौकी गरी २८ वटा घरहरूको निर्माण कार्य पूरा गरियो।

(७) **वन प्रशासनलाई सुव्यवस्थित गर्ने कार्य** :—यस योजना कालमा वन क्षेत्रलाई उत्तर-दक्षिणका खण्डमा विभाजित गरी ७ सर्कल राखियो। यी सर्कलहरू अन्तर्गत तराईमा १३ डिभिजन र पहाड़मा ९ डिभिजनहरू गरी २२ डिभिजनहरूको स्थापना भए। साथै डिभिजनहरूलाई रेंज र रेंजहरूलाई विटमा विभाजित गरियो।

(८) **फरेस्टर र रेंजरको तालिमको लागि फरेस्टर इंस्टिच्यूटको स्थापना** :—यस योजना अवधिमा वन सेवालाई चाहिने कर्मचारीहरूका तालिमका लागि २०१४ सालमा नेपाल फरेस्ट इंस्टिच्यूट (Nepal Forest Institute) को स्थापना भयो।

(६) जडी-बूटी विकास :—स्वदेशी अमूल्य जड़ी-बूटीहरूको गुणस्तर बढ़ाउन तथा विदेशी तर यहाँ हुर्कन सक्ने असली जड़ी-बूटीहरूको निमित्त नयाँ योजना अन्तर्गत मणिपुर, दामन तथा धरानमा हर्बल फार्महरू खोलिए। गोदावरीमा वनस्पति उद्यान, काठमाडौंमा केन्द्रिय औषधि निर्माणशालाको लागि माल सामानहरू झिकाउने र प्रयोगशाला घर निर्माण काम प्रारम्भ गर्ने भन्ने निर्णय गरियो। जड़ी-बूटी व्यापारका लागि तराईको विभिन्न ठाउँहरूमा व्यापार केन्द्रहरूको स्थापना भयो तथा यी केन्द्रहरूबाट तथ्याङ्क संकलन गर्ने काम गरियो। योजना अवधि भित्र पहाड़का केही जिल्लाहरूमा वोटैनिकल सर्वेक्षणहरू पनि गरियो।

त्रिवर्षीय योजनामा वन विकास

(२०१९–२०२२)

दोस्रो योजना कालमा वन विकास तर्फ निम्नांकित कार्यहरू गरियो—

(१) १३ वटा तराई डिभिजन तथा ९ वटा पहाड़ी डिभिजनहरू अन्तर्गत ३८४० कि. मी. लामो वन सीमा निर्धारण भयो।

(२) जम्मा ४४८ कि. मी. लामो अग्नि रेखाको निर्माण भयो।

(३) कुल ४८० कि. मी. लामो वन पथको निर्माण भयो।

(४) काठमाडौं, त्रिशुली, चौतारा-इलाम, पोखरा-सल्यान र लुम्विनी समेत गरी २४५४ हेक्टर भन्दा बढी जग्गामा वृक्षारोपण कार्य गरियो।

(५) वैज्ञानिक तरीकाबाट वनको विकास तथा उपयोग गर्ने आधार कायम गर्ने उद्देश्यले वन सर्वेक्षण कार्य प्रारम्भ गरियो।

(६) वन्यजन्तु संरक्षणको लागि चितौन, कंचनपुर र विराटनगरमा आवश्यक व्यवस्था गरियो।

(७) योजना अवधिभित्र ११२ जवान रेञ्जर तथा २१४ फरेस्टरहरूलाई तालिम दिने कार्य गरियो।

(८) काठमाडौंमा शाही औषधि अनुसन्धान प्रयोगशाला एवं गोदावरीमा वनस्पति उद्योगको स्थापनाका साथै श्रीपुर, मणिपुर, टिष्टुङ्ग, दामन, धरान र हेटौंडामा जड़ी-बूटी फार्महरू शुरू गरियो।

तेस्रो योजनामा वन विकास कार्यक्रम

तेस्रो योजना अन्तर्गत वन सम्पदाको संरक्षण एवं विकासका लागि निम्नांकित कार्यहरू गरिए—

(१) प्रधान वन कार्यालयको स्थापना—वन कार्य योजना लागू गर्ने उद्देश्यले

वीरगंज, विराटनगर, कंचनपुर, चितौन, बाँके र वर्दिया डिभिजनहरूमा प्रधान वन कार्यालयहरूको स्थापना भयो ।

(२) तथ्याङ्क प्रकाशन एवं संकलन—वन सर्वेक्षणतर्फ तराई क्षेत्रको तथ्याङ्क प्रकाशित भयो तथा पहाड़ी क्षेत्रमा मध्यमाञ्चलको तथ्याङ्क संकलन कार्य पूरा गरियो ।

(३) माटो सर्वेक्षणको हकमा चितौन र बीरगंजको माटोको किसिम र भूप्रयोगको सर्वेक्षण प्रतिबेदन प्रकाशित भयो । जनकपुरको प्रतिवेदन पूरा भयो र बाँके र वर्दिया डिभिजनहरूको माटो र भूप्रयोगको सर्वेक्षण कार्य पनि सम्पन्न भयो ।

(४) १४९३ कि० मी० वन सीमा, ५४७ कि० मी० वन-पथ तथा २३७ कि० मी० अग्नि संरक्षण रेखा तयार भयो ।

(५) ४१५० हेक्टर जग्गामा वृक्षारोपण कार्य गरियो ।

(६) नेपाल फरेस्टरी इंस्टिच्यूटमा ६१ जवान रेञ्जर र ९६ जवान फरेस्टरलाई तालिम दिने काम भयो ।

(७) वनस्पति विभाग अन्तर्गत शाही औषधि अनुसंधानशालामा विभिन्न थरीका जड़ीबूटीहरूको अध्ययन तथा जाँच-पड़ताल कार्य सम्पन्न भयो । ३२ थरीका औषधिहरू निर्माण गरी अधिराज्यभरि बेचबिखन गर्ने कामको साथ-साथै विराटनगर, हेटौंडा, दामन, टिष्टुङ्ग, मणिपुर तथा शिवपुरीमा मेन्था, सर्वगन्धा, पाइरिथम, वेलाडोना, स्याउ, आलुबखड़ा, केशर र डिजीतालिसको खेती गरियो ।

(८) शाही वनस्पति उद्यान गोदावरीलाई मनोरम स्थल र वनस्पति विज्ञान सम्बन्धी पठन पाठनमा समेत योगदान पुऱ्याउने हेतुले उद्यानहरू निर्माण गर्ने सन्दर्भमा १० हजार भन्दा बढ़ी स्वदेशी र विदेशी बिरुवाहरू लगाउने काम गरियो र उद्यानको सुधार कार्य पनि सम्पन्न गरियो ।

(९) अधिराज्यभर प्रारम्भिक वनस्पति सर्वेक्षण कार्य समाप्त गरियो तथा संकलन गरिएका बोट बिरुवाहरूको नमूनाबाट २५ हजार भन्दा बढ़ी हर्वेरियम शीटहरू तयार गरियो । संकलित बोट बिरुवाका नमूनाका आधारमा पाँच थरीका वनस्पति सम्बन्धी (फलोरा) पुस्तकहरू प्रकाशित गरिए ।

चौथो योजनामा वन विकास

चौथो योजना अन्तर्गत वन वनस्पति विकासका लागि निम्नांकित कार्यक्रमहरू संचालित गरिए—

(१) तराईका बाँकी डिभिजनहरू जनकपुर, हनुमान नगर, झापा, कपिलवस्तु र पहाड़का दुई डिभिजन महाकाली र काठमाडौं कार्ययोजना तयार गरेर तराईका सबै डिभिजनहरूमा योजना कालभित्रै कार्य योजना कार्यान्वयन गर्ने भन्ने लक्ष्य

राखिएकोमा तराईका केवल ९ डिभिजनहरूमा मात्र वन कार्ययोजनाको कार्यान्वयन भयो । ती कार्य योजनाहरू पनि समयमा लागू हुन सकेनन् ।

(२) योजना अवधिभित्र २० हजार एकड़ भूमिमा वृक्षारोपण गर्ने लक्ष्य राखिएकोमा १९,८२५ एकड़ भूमिमा वृक्षारोपण कार्य सम्पन्न भएकाले यस कार्यक्रममा धेरै हदसम्म सफलता प्राप्त भएको भन्न सकिन्छ ।

(३) वन सीमा निर्धारणको सम्बन्धमा योजना कालमा २,५०० माइल नयाँ वन सीमा निर्धारण गर्ने र २,५०० माइल पुरानो वन सीमालाई मर्मत गर्ने भन्ने लक्ष्य राखिएकोमा योजनाभित्र २,०४५ माइल नयाँ वन सीमा निर्धारण तथा २००८ माइल पुरानो वन सीमा मर्मत गर्ने कार्य सम्पन्न भयो ।

(४) शाही औषधि अनुसन्धान शाला (अहिले शाही औषधि लिमिटेड) ले १००/१५० थरीका औषधि निर्माण गर्ने भन्ने लक्ष्य राखिएकोमा योजना अवधिभित्र १.५ करोड़ भन्दा बढ़ी ट्यावलेट, १६ लाख क्यापशुल्स तथा शिरप, मल्हम र झोल गरी ८० हजार भन्दा बढी उत्पादन गऱ्यो ।

पाँचौं योजनामा वन विकास

पाँचौं योजना अवधिमा वन विकास कार्यक्रम अन्तर्गत वन सीमा निर्धारण गर्ने, टी० एस० आईको कार्य संचालन गर्ने र वन पथ मर्मत गर्ने जस्ता कार्यक्रमहरूमा संतोषजनक प्रगति भयो । तर वन कार्य योजना लागू गर्ने, न्यूनतम वन जंगल यकीन गर्ने, वन सम्पदामा हुने वार्षिक वृद्धि र कटानी बीच उपयुक्त संतुलन कायम गर्ने, वृक्षारोपण गर्ने जस्ता पाँचौं योजना अन्तर्गत समावेश गरिएका मूलभूत कार्यक्रम एवं नीतिगत कुराहरूको सन्दर्भमा केही ठोस उपलब्धि हुन सकेन । योजना अवधिभित्र वृक्षारोपणको हकमा केवल ४८ प्रतिशत प्रगति मात्र हुन सक्यो ।

चेक डैम निर्माण तथा उन्नत घाँसहरू लगाउने लक्ष्यहरूमा क्रमशः ८७ र ८६ प्रतिशत प्रगति भए तापनि देशमा विभिन्न जलाधार क्षेत्रहरूमा भूक्षय नियंत्रण गरी देशको जलवायु स्थितिमा संतुलन कायम गर्नका लागि योजना तर्जुमा गरी व्यवस्थित तरीकाले कार्य गर्ने तर्फ केही ठोस कार्य हुन सकेन ।

जड़ी-बूटी अनुसन्धान, जड़ी-बूटी वस्तुहरूको विश्लेषण तथा गुण नियंत्रण, जड़ी-बूटीको प्रयोगात्मक खेती आदि वनस्पति विकास तर्फ योजना अवधिमा प्राप्त भएको उपलब्धि उत्साहवर्द्धक भयो । राष्ट्रिय निकुंज तथा वन्य जन्तु संरक्षण तर्फ १० स्थानहरूको शिकार क्षेत्र प्रतिवेदन तयार गरियो । शाही औषधि अनुसन्धान गुण नियंत्रण कार्यमा १७० प्रतिशत प्रगति देखिए तापनि यसबाट देशभित्रको स्थानीय माँगको १६ प्रतिशत मात्र आपूर्ति हुन सक्ने स्थितिमा पुग्न सक्यो ।

पाँचौं योजनाको केही मुख्य आयोजनाहरूको प्रगति विवरण निम्न तालिका ६.२ बाट प्रष्टिन्छ ।

तालिका ६.२

पाँचौं योजनाको केही मुख्य आयोजनाहरूको प्रगति विवरण

कार्यक्रम	एकाई	पाँचौं योजनाको लक्ष्य	प्रगति	प्रतिशत
वन सीमा निर्धारण	कि. मि.	६,४८०	५,८५३	९१
वन सीमाना मर्मत	,,	१,६००	१,६५८	१०३
वनपथ मर्फत	,,	५००	४४५	८९
टी० एस आई	हेक्टर	३,१२५	३,१०५	९९
वृक्षारोपण	,,	२०,०००	८,५९६	४८
चेक ड्याम	वटा	१,४७५	१,२८८	८७.३
उन्नत घाँस रोपन	हेक्टर	२३२	१९९	८५.७
बोट बिरुवाहरूको नमूना संकलन........	वटा	२५,०००	३०,०००	१२०
जड़ी-बूटी उद्यान प्रयोगात्मक खेती	रोपनी	१५६	१७१	११०

(स्रोत—राष्ट्रिय योजना आयोग, छैटौं-योजना, पृ० ३३३.)

छैटौं योजनामा वन विकास

यस योजनाकालमा वन विकासका लागि निम्नांकित कार्यहरू गरिए—

(१) **वन विकास ;**—यस कार्यक्रम अन्तर्गत ३७,४०० हेक्टरमा वृक्षारोपण, १,१६,८०,००० वटा बिरुवा वितरण तथा १,४७१३ कि० मि० वन सिमांकन गरियो ।

(२) **भू तथा जलाधार संरक्षण :**—यस कार्यक्रम अन्तर्गत १६७ वटा गल्छी नियन्त्रण र २८० हे० मा० गह्रा सुधार कार्य सम्पन्न गरियो ।

(३) **वनस्पति विकास :**—वनस्पति विकासका हकमा वनस्पति विकास सम्बन्धी विभिन्न अनुसन्धानात्मक कार्यहरू सम्पन्न गरिए ।

(४) **औषधि व्यवस्था तथा विकास कार्यक्रम :**—यस कार्यक्रम अन्तर्गत भौतिक प्रशासकीय तथा कानूनी पूर्वाधारहरू र जनशक्तिको व्यवस्था गरिए । यसै योजनाभित्र अधिराज्यभर औषधि दर्ता नियमावली पनि लागू गरियो ।

(५) **राष्ट्रिय निकुंज तथा वन्य जन्तु संरक्षण** :—राष्ट्रिय निकुन्ज तथा वन्य जन्तुको हकमा पर्सामा वन्य जन्तु आरक्ष, ढोरपाटनमा शिकार आरक्ष र डोल्पा तथा खप्तडमा राष्ट्रिय निकुञ्जको स्थापना भयो ।

(६) **वन पैदावार विकास** :—यस तर्फ सारनाथ वन विकास आयोजना तथा रतुवा माई वृक्षारोपण आयोजना लक्ष्य अनुसार सम्पन्न गर्नका साथै खोटो व्यवस्थापन आयोजना (रोजिन तथा टर्पेन्टाइन उद्योग) कारखाना निर्माण कार्य सम्बन्धमा प्रारंम्भिक कार्य सम्पन्न गरियो ।

(७) **जड़ी-बूटी उत्पादन एवं प्रशोधन तथा औषधि उत्पादन** :—२०३८-३९ सालमा जड़ी-बूटी उत्पादन तथा प्रशोधन कम्पनीको स्थापना गरियो तथा कारखानाका लागि आवश्यक भवन निर्माण कार्य प्रारम्भ गरियो । जड़ी-बूटी उत्पादन तथा प्रशोधन कार्य लक्ष्य अनुसार नै गरियो साथै शिरा र भ्याक्सीन बाहेक सबै आवश्यक औषधिहरूको उत्पादन लक्ष्य अनुसार भयो ।

(८) **पुनर्वास कार्यक्रम** :—पुनर्वास कार्यक्रमको हकमा योजना अवधिभित्र १७-९०० हेक्टर जग्गामा २७,१०२ परिवारलाई बसोबास गराइयो ।

सातौं योजनामा वन विकास

सातौं योजना अन्तर्गत वन विकास सम्बन्धमा निम्नांकित लक्ष्यहरू राखिएको छ—

(१) **वृक्षारोपण** :—योजना अवधिभित्र सरकारी स्तरमा ६५ हजार र जनतालाई उत्प्रेरित गरी उनीहरूको माध्यमबाट १ लाख १० हजार हेक्टर गरी जम्मा १ लाख ७५ हजार हेक्टर जग्गामा वृक्षारोपण गर्ने लक्ष्य राखिएको छ ।

(२) **बिरुवा वितरण** :—घर खेतका छेउछाउमा, स्कूल कम्पाउन्ड, कार्यालय हाता आदिमा वृक्षारोपणका लागि प्राविधिक सल्लाह उपलब्ध गराई अधिराज्य भर डाले घाँस, काठ दाउरा आदि गरी कुल २ करोड़ ४० लाख बिरुवा वितरण गर्ने छ ।

(३) **वन संरक्षण कार्यक्रम** :—प्रत्येक वन जंगलको संरक्षणको सम्भारमा व्यवस्थापन प्रणाली अपनाइने छ र यस कार्यमा जनसहभागिता परिचालन गर्ने दृष्टिकोण लिई वन जंगलको संरक्षणको महत्वबारे आवश्यक प्रचार-प्रसार कार्यक्रम संचालन गरिने छ ।

(४) **भू तथा जलाधार संरक्षण** :—योजना अवधिभित्र जनसहभागिताको दृष्टिकोण लिई अधिराज्यव्यापी भूक्षय नियंत्रण तथा जलाधार क्षेत्र संरक्षण कार्य संचालन गरिने छ ।

(५) **जड़ी-बूटी खेती विस्तार तथा प्रशोधन** :—सातौं योजना कालमा २५० हेक्टर जग्गामा जड़ी-बूटी खेती विस्तार गर्ने र १५५० मैट्रिक टन गरी जड़ी-बूटी प्रशोधन गर्ने लक्ष्य राखिएको छ ।

(६) **वनस्पति संरक्षण तथा विकास** :—वनस्पति संरक्षण तथा विकासको हकमा देशको विभिन्न क्षेत्रमा पाइने बोट बिरुवाहरूलाई संकलन गरी तिनीहरूको उपयोगिताबारे अध्ययन तथा अनुसन्धान गरी आर्थिक दृष्टिकोणबाट उपयोगी हुने बारे बिरुवाहरूको सर्वेक्षण गरी दुर्लभ हुँदै गैरहेको वनस्पतिको आवश्यक संरक्षण गर्ने लक्ष्य राखिएको छ ।

(७) **औषधि उत्पादन** :—योजना अवधिमा शाही औषधि लिमिटेडबाट ३५ थरीका नयाँ औषधिहरू उत्पादन गरिने छ ।

(८) **तालिम** :—सातौं योजना कालमा वन विकास भू तथा जलाधार संरक्षण आदि कार्यक्रमहरूलाई सफलतापूर्वक संचालन गर्नका लागि आवश्यक तालिम कार्यक्रम पनि संचालन गर्ने लक्ष्य छ ।

Model Questions

(1) Describe the importance of forest wealth in Nepal.
नेपालमा वन सम्पदाको महत्वको वर्णन गर्नुहोस् ।

(2) Describe the types of forest available in Nepal and Show its present position.
नेपालमा पाइने वनका किसिमहरूको वर्णन गर्नुहोस् र यसको वर्तमान स्थिति दर्शाउनुहोस् ।

(3) Describe the causes of deforestation in Nepal. What may be its evil consequesnces ?
नेपालमा वन सम्पदाको विनासका कारणहरूको वर्णन गर्नुहोस् । यसबाट के-के कुप्रभावहरू पर्न सक्तछन् ।

(4) What are the causes of deforestation in Nepal ? What steps have been taken by H. M. G. to develop forest wealth in plan period.

अध्याय ७ :

कृषि

(Agriculture)

कृषि क्षेत्र नेपालको अर्थव्यवस्थाको सबभन्दा ठूलो एवं अत्यधिक महत्वपूर्ण क्षेत्र हो। कुल जनसंख्याको ९१ प्रतिशत मानिस कृषिमा नै निर्भर गर्दछन्। हाम्रो जनसंख्याको कुल ५ प्रतिशत मानिसहरू शहरी क्षेत्रमा वसोवास गर्दछन्। शहरमा बस्ने मानिस मध्येबाट पनि धेरै जसो मानिसहरूले आफ्नो जीवन निर्वाह कृषिजन्य वस्तुहरूको प्रशोधन तथा खरीद बिक्री गर्ने काम गरी गर्दछन्। गरीब तथा धनी कुनै पनि अर्थ व्यवस्थाको लागि कृषि प्राथमिक क्षेत्र हुन्छ। कृषिद्वारा नै हामीलाई खाद्य पदार्थको उपलब्धि हुन्छ। साथैं यसद्वारा उत्पादित कच्चा पदार्थहरूलाई नै मानव अस्तित्वको लागि आवश्यक हुने विभिन्न वस्तुहरूमा परिवर्तित गरिन्छ। यसरी कुनै पनि मुलुकको आर्थिक विकासका लागि कृषिको स्थान महत्वपूर्ण भएकाले यसको अध्ययन आवश्यक हुन जान्छ।

आर्थिक विकासमा कृषिको महत्व

(Importance of Agriculture In Economic Development)

नेपाल जस्तो भूमिमा आधारित विकासशील देशहरूको आर्थिक विकासका लागि कृषिको महत्वपूर्ण भूमिका हुन्छ। यी देशहरूका सन्दर्भमा कृषिको महत्वलाई हामी निम्न अनुसार प्रस्तुत गर्न सक्छौं—

(१) खाद्यान्नको आपूर्ति :—विकासशील मुलुकहरूको जनसंख्या दिनानुदिन बढ्दै गएको देखिन्छ। यी देशहरूमा जनसंख्याको वृद्धिका साथ-साथै प्रतिव्यक्ति आयमा पनि वृद्धि हुँदै जान्छ। नेपालको जनसंख्या पनि वार्षिक २.७ प्रतिशतको दरले बढ्दै छ। पुनश्चः यी देशहरूमा विकसित देशहरूको दाँजोमा खाद्यान्नको माँगको आय-लोच (Income-Elasticity of Demand for food) विकसित मुलुकहरूका दाँजोमा अत्यधिक नै बढ़ी हुन्छ[1]। साथै यी देशहरूमा खानी उद्योग, व्यवसाय, यातायात जस्ता गैर कृषि क्षेत्रमा काम गर्ने मानिसहरूको संख्यामा पनि दिनानुदिन वृद्धि नै हुन जान्छ। फलस्वरूप समग्ररूपमा विचार गर्दा खाद्यान्नको माँगमा अत्यधिक

---

[1] अग्रवाल ए० एन०, इन्डियन इकोनोमी, प्रोब्लम अफ डेभलोपमेंट एण्ड प्लानिंग, विकास पब्लिसिंग हाउस १९८५ पृष्ठ २३६.

वृद्धि हुँदै जान्छ । यी शहरी क्षेत्रहरूमा खाद्यान्नको आपूर्ति समुचित रूपमा भएन भने खाद्यान्नको मूल्य अत्यधिक रूपले बढ्न जाने सम्भावनालाई अस्वीकार्न सकिंदैन । विकासशील मुलुकहरूमा कुल उपभोगको करीब ६० प्रतिशत खाद्यान्नमा नै खर्च हुन्छ । यस्तो परिस्थितिमा खाद्यान्नको मूल्य वृद्धिले गर्दा अन्य उपभोग्य वस्तुहरूको उत्पादन खर्च बढ्न गई ती वस्तुहरूका मूल्यमा पनि वृद्धि हुने हुन्छ । यसले सम्पूर्ण विकास प्रक्रियामा नै अवरोध उत्पन्न गर्दछ । कृषि विकासले खाद्यान्नको आपूर्ति बढाउँछ र त्यसको मूल्यमा स्थिरता प्रदान गरी आर्थिक विकासको प्रक्रियामा निरन्तरता प्रदान गर्दछ ।

(२) **उद्योगहरूको लागि कच्चा पदार्थको आपूर्ति** :--विकासशील मुलुकहरूको उद्योग धन्दाहरू प्रायः कृषिमा नै आधारित हुन्छ । जस्तो कपड़ा उद्योगलाई रुवा, जूट उद्योगलाई जूट, छाला उद्योगलाई कच्चा छाला, चुरोट उद्योगलाई सुर्ती एवं चामल कुट्ने, तेल पेल्ने जस्ता खाद्य प्रशोधन उद्योगहरूलाई धान एवं तोरी आदि कृषिबाट नै उपलब्ध हुन्छ । कृषिको समुचित विकास भएमा यी उद्योग धन्दाहरूलाई पर्याप्त मात्रामा कच्चा पदार्थहरू उपलब्ध हुन सक्तछ ।

(३) **निर्यात वृद्धि** :--विकासशील मुलुकहरूले योजनावद्ध तरीकाले देशको आर्थिक विकास गर्ने प्रयासमा लागेका छन् । योजनावद्ध तरीकाले आर्थिक विकासका प्रक्रियामा देशको औद्योगिकीकरणको लागि भारी मात्रामा पूँजीगत वस्तुहरू, रासायनिक वस्तु एवं औद्योगिक कच्चा पदार्थहरूको पैठारी गर्न आवश्यक पर्न गएको छ । विकास कार्यका लागि यस्ता आवश्यकीय वस्तुहरूको पैठारी मूल्यको भुक्तानी कृषिजन्य वस्तुहरूको निकासीद्वारा प्राप्त विदेशी मुद्राद्वारा गर्न सकिन्छ ।

४. **पूँजी निर्माण** :—विकासशील मुलुकहरूको आर्थिक विकासको निमित्त भारी मात्रामा पूँजीको आवश्यकता पर्दछ । देशमा उपभोग्य वस्तुहरू उत्पादन गर्ने उद्योगहरू खानी उद्योग, यातायात तथा शिक्षामा चाहिने अत्यधिक मात्रामा पूँजीको लगानी नगरिएमा आर्थिक विकास सम्भव हुन सक्तैन । कृषि क्षेत्रमा थोरै मात्राको पूँजी लगानीद्वारा उत्पादनमा अत्यधिक वृद्धि हुन सक्तछ र आर्थिक विकासको लागि आवश्यक पर्ने पूँजी कृषि क्षेत्रद्वारा अन्य क्षेत्रमा लगानी गर्न सकिन्छ ।

५. **रोजगारीमा वृद्धि** :—आर्थिक विकासको अन्तिम चरणतिर औद्योगिकीकरणद्वारा नै कुनै पनि देशमा श्रमिकहरूलाई बढ़ी आयको उपलब्धि हुन्छ र उच्च-जीवन -स्तर उपलब्ध हुन सक्तछ । त्यस अवस्थामा श्रमिकहरूको बढ़ी भाग उद्योग तिर नै जान्छन् र कृषि क्षेत्रमा थोरै मानिसहरू रहन्छन् । तर विकासको प्रारम्भिक चरणमा यी देशहरूमा कृषि पेशामा लागेका मानिसहरूको रोजगारी एवं आयमा

वृद्धि गर्ने तत्कालिन समस्यालाई कृषि विकासद्वारा सुल्झाउन सकिन्छ। कृषि क्षेत्रमा उत्पादन एवं उत्पादकताको वृद्धिले चामल कुट्ने, तेल पेल्ने, जूटका सामानहरू बनाउने आदि कृषिमा आधारित उद्योग धन्धाहरूलाई पनि प्रोत्साहित गर्दछ।

६. **औद्योगिक वस्तुको प्रभावकारी माँगमा वृद्धि :—** कृषि विकासले गर्दा कृषकहरूको मौद्रिक आयमा वृद्धि हुन्छ। वृद्धि भएको मौद्रिक आयको केही भागको बचत हुन्छ तथा पूंजी निर्माणमा वृद्धि हुन्छ। साथै आयको केही भागद्वारा उपभोक्ताहरूको माँगमा पनि वृद्धि हुन्छ। देशमा उपभोग्य वस्तुहरूको प्रभावकारी माँगमा वृद्धिले गर्दा यस क्षेत्रमा लगानीलाई प्रोत्साहन प्राप्त हुन्छ। यसरी कृषि विकासले गर्दा देशमा उद्योग-धन्धाहरूको पनि विकास हुन्छ।

आर्थिक विकासमा कृषिको महत्व

१. खाद्यान्नको आपूर्ति
२. उद्योगको लागि कच्चा पदार्थको आपूर्ति
३. निर्यात वृद्धि
४. पूंजी निर्माण
५. रोजगारीमा वृद्धि
६. औद्योगिक वस्तुको प्रभावकारी माँगमा वृद्धि

नेपालको अर्थव्यवस्थामा कृषिको महत्व

(Importance of Agriculture in Nepalese Economy)

भूमिमा आधारित अर्थ-व्यवस्था भएको कुनै पनि देशको आर्थिक विकासको निमित्त कृषि विकासको अनिवार्यता माथि नै प्रष्टि सकेको छ। नेपाली जनताको अस्तित्व नै कृषिसँग गाँसिएको तथ्य निम्न कुराहरूबाट प्रष्टिन आउँछ।

(१) **राष्ट्रिय आयको महत्वपूर्ण भागको उपलब्धि :—**राष्ट्रिय आयको सब भन्दा मुख्य स्रोत कृषि नै हो। राष्ट्रिय आयमा कृषि क्षेत्रको देन ५३ प्रतिशत छ। यस कुराले गैर कृषि क्षेत्रको विकास भएको छैन भन्ने कुरो प्रतिविम्बित गर्नका साथ-साथै कृषि क्षेत्रको प्रधानतालाई प्रष्ट्याउँछ।

(२) **रोजगारीको उपलब्धि :—**जनसंख्याको व्यावसायिक विभाजनमा विचार गर्दा देशको अर्थ व्यवस्था पूर्ण रूपले कृषि मैं आधारित छ भन्ने कुरो प्रष्ट हुन आउँछ।

हाल पनि कुल जनसंख्याको ९३ प्रतिशत भाग कृषिद्वारा नै आफ्नो जीवन निर्वाह गर्दछ भन्ने कुराद्वारा के प्रष्ट हुन आउँछ भने देशमा रोजगारीको ढाँचामा क्षेत्रीय गतिशीलताको पूर्ण अभाव छ। रोजगारीको अवसरमा धेरै वृद्धि भए पनि अर्थ-व्यवस्थाको विभिन्न क्षेत्रहरू बीच श्रमको गतिशीलतामा वास्तविक रूपले कुनै परिवर्तन देखा पर्दैन। उद्योग एवं सेवा क्षेत्रमा रोजगारीको अवसरमा नगण्य परिवर्तन भएको छ। सन् १९५० ई० मा कृषिमा ९३.८ प्रतिशत मानिस लागेका थिए जो सन् १९७१ ई० मा बढ़ेर ९४.४ प्रतिशत हुन गयो। पुनः सन् १९७९-८० मा घटेर ९३ प्रतिशत हुन गएको छ[२]। सन् १८८१ को जनगणना अनुसार कृषि क्षेत्रमा ९१ प्रतिशत मानिस लागेका छन्।

(३) खाद्यान्न एवं चारा (Fodder) को उपलब्धि :—नेपाल एउटा गरीब र कृषि प्रधान देश हो। यहाँका मानिसहरूले आफ्नो कुल आयको अधिकांश भाग खाद्यान्नमा नै खर्च गर्दछन्। कृषि क्षेत्रद्वारा नै सम्पूर्ण खाद्यान्नको आपूर्ति भएको हुनाले सम्पूर्ण अर्थ-व्यवस्थाका लागि यसको महत्वपूर्ण स्थान छ भन्ने कुरो स्वतः प्रष्ट हुन आउँछ। हालसम्म खाद्यान्नको उत्पादन माँग भन्दा बढी नै छ। सन् १९७० ई० मा देशमा खाद्यान्नको कुल उत्पादन ३७९३ हजार मैट्रिकटन थियो तथा देशमा खाद्यान्नको माँग ३४२७ मैट्रिकटन थियो। सन् १९८० ई० मा कुल खाद्यान्नको उत्पादन ४३५९ मैंट्रिकटन हुन गयो र खाद्यान्नको कुल माँग ४३०२ मैट्रिकटन हुन गएको हुनाले देशमा ५७ हजार मैट्रिकटन निकासीका लागि अतिरिक्त खाद्यान्न उपलब्ध थियो। देशमा २.३ प्रतिशत वार्षिक दरले जनसंख्या वृद्धि एवं विगत खाद्यान्नको उत्पादन दरको वृद्धिमा विचार गर्दा सन् १९९० ई० देखि कुल उत्पादन भन्दा हाम्रो घरेलु खाद्यान्नको माँग नै ४१८ हजार मैट्रिकटनले न्यून हुन जान्छ[3] जसको पूर्ति हामीले आयात गरी गर्नु पर्दछ।

कृषिद्वारा पशुधनलाई चाराको पनि उपलब्धि हुन्छ। देशभित्र ६ मिलियन गाई-गोरु, २.७ मिलियन राँगा र भैंसी, ०३.६ मिलियन बाख्रा (goat), ०.५५ मिलियन भेंडा, ०.३६ मिलियन सुंगुर तथा ८.९ मिलियन कुखुराहरू गरी कुल २१.३१ मिलियन पशुधनको संख्या छ। प्रति एकड़ पशुधनको संख्या विश्वमा सब भन्दा बढ़ी नेपालमा नै छ[४]। पशुधन नेपालको कृषिको एक महत्वपूर्ण अंग हो। यसद्वारा

---

२. ए० डी० बी० एण्ड एच० एम० जी० अफ नेपाल, नेपाल एग्रीकल्चर सेक्टर स्ट्रेटेजी स्टडी, भौल २, १९८२, एपेन्डिक्स १.९

३. घिताल बी. पी., पोपुलेशन ग्रोथ एण्ड एग्रीकलचर इन पोपुलेशन एण्ड डेभलोपमेंट इन नेपाल, सेडा १९७४, पृष्ठ ९८

४. पू. पा. टिप्पणी २, पृष्ठ ४७

दूध, डिम्मा, मासु, खेत जोत्ने तथा ढुवानी कार्यको लागि गोरु, राँगा, छाला तथा ऊन आदि उपलब्ध हुन्छ ।

(४) **कृषि एवं अन्तर्राष्ट्रिय व्यापार** :—अन्तर्राष्ट्रिय व्यापारको दृष्टिकोणले पनि कृषि अति नै महत्वपूर्ण हो । निर्यात एवं आयात दुवै दृष्टिकोणले कृषि नेपालको अर्थ व्यवस्थाको अत्यन्तै महत्वपूर्ण अंग हो ।

नेपालबाट मुख्य रूपले खाद्यान्न, अलैंची, अदुवा, कथ्था, सौलभेंट तेल, एक्ट्राक्ट, कच्चा जूट, जूटका सामान, छाला, सूठो आदि सामानहरू नै भारत एवं समुद्रपारका देशहरूमा निकासी हुन्छ । कृषि जन्य वस्तुहरूको निकासीद्वारा नेपालले आफ्नो कुल निकासी मूल्यको करीब ४० प्रतिशत प्राप्त गर्दछ । आयातको दृष्टिकोणले भन्ने हो भने पनि हामीले ट्रेक्टर, पम्पिगसेट, रासायनिक मल, बिरुवा संरक्षणका निमित्त औषधिहरू, उन्नत किसिमका बीउ-बिरुवा आदि वस्तुहरूको आयातमा धेरै मात्रामा विदेशी मुद्रा खर्च गर्नु पर्दछ ।

(५) **सरकारी बजेट एवं कृषि** :—श्री ५ को सरकारका बजेटमा पनि कृषिको प्रमुख स्थान रहेको पाइन्छ । श्री ५ को सरकारलाई सन् १९७७/७८ मा करबाट रु. १२४०.९ मिलियन प्राप्त हुन आएकोमा मालपोतबाट रु० ८८.६ मिलियन प्राप्त भयो जो कुल कर आयको ५.६ प्रतिशत हुन आउँछ । सन् १९८१/८२ ई० मा मालपोतबाट रु० १०१.७ मिलियन प्राप्त भयो जबकि कुल करबाट प्राप्त आयको मात्रा रु० २५९९.५ मिलियन थियो । यसरी अन्य करबाट प्राप्त आयको मात्रा बढ्न गएकोले प्रतिशतको रूपमा मालपोतको मात्रा घट्न गएको देखिन्छ । तर पनि पूंजी निर्माणमा यसको महत्वपूर्ण स्थान छ । कृषि कार्यसँग सम्बन्धित क्षेत्रमा नेपालले आफ्नो बजेटबाट धेरै रकम खर्च गर्नु पर्दछ । कृषि विकास, सिंचाई, भूमि-सुधार कैडेस्ट्रल सर्वे, वन विकासमा नेपालले सन् १९७६/७७ मा रु० ३०.९ मिलियन खर्च गऱ्यो जो कुल बजेटको ३०.७ प्रतिशत हुन आउँछ । यो रकम सन् १९८०/८१ ई० मा घटेर रु० २८.३ मिलियन हुन गयो जो कुल बजेटको २.१ प्रतिशत मात्र थियो ।

(६) **औद्योगिक ढाँचा यातायात व्यापार एवं अन्य सेवाहरूलाई प्रभावित गर्ने काम** :—कृषि क्षेत्रबाट अनेकौं प्रकारको कच्चा पदार्थहरू उपलब्ध हुन्छ । यी कच्चा पदार्थहरूद्वारा विभिन्न प्रकारका तयारी माल सामानहरूको निर्माण हुन्छ । नेपालमा जूट उद्योग, चामल कुट्ने, तेल पेल्ने, मैदा बनाउने सालभेंट उद्योग, चीनी उद्योग आदि सबै कृषिमा आधारित उद्योग नै छन् । कृषि उत्पादनको ढुवानीद्वारा यातायात सेवाले प्रोत्साहन पाउँछ तथा कृषि वस्तुहरूको चीनीको आधारमा व्यापारिक ब्याङ्कहरूले लगानी गर्ने अवसर प्राप्त गर्दछ । त्यसै गरी आन्तरिक व्यापारको सम्बन्धमा

पनि कृषि कम महत्वपूर्ण होइन । आन्तरिक व्यापारमा प्रायः गरी कृषिजन्य वस्तुहरूको नै क्रय विक्रय हुन्छ ।

(७) पूँजीको लगानी :––पूँजी लगानीको दृष्टिले विचार गर्दा पनि कृषि अत्यन्तै महत्वपूर्ण हो । देशको उत्पादन क्षमताको महत्वपूर्ण भाग सिंचाई साधन, ट्रेक्टर, थ्रेशर, गोदाम-घर आदि रूपमा लगानीको मात्रामा प्रति वर्ष वृद्धि हुँदै जान्छ ।

नेपालको अर्थ व्यवस्थामा कृषिको महत्व

१. राष्ट्रिय आयको महत्वपूर्ण भागको उपलब्धि
२. रोजगारीको उपलब्धि
३. खाद्यान्न एवं चाराको उपलब्धि
४. कृषि एवं अन्तर्राष्ट्रिय व्यापार
५. सरकारी बजेट एवं कृषि
६. औद्योगिक ढाँचा यातायात व्यापार एवं अन्य सेवाहरूलाई प्रभावित गर्ने काम
७. पूंजीको लगानी

नेपालमा कृषिका विशेषताहरू

(Features of Nepalese Agriculture)

नेपालमा कृषिका केही खास विशेषताहरू छन् । केही महत्वपूर्ण विशेषताहरूको उल्लेख निम्न अनुसार प्रस्तुत गरिएको छ ।

(१) मनसुनमा निर्भरता (Dependance on monsoon) :—अन्य व्यवसायहरू भन्दा कृषिलाई प्रकृतिले प्रवल रूपमा प्रभावित गर्दछ । तर सिंचाईको अभावले गर्दा नेपालमा कृषि अन्य मुलुकहरू भन्दा पनि अत्यधिक रूपमा प्रभावित हुन्छ । छैटौं योजनाका अन्तसम्म कृषियोग्य भूमिको करीब १३ प्रतिशतमा मात्र सिंचाई सुविधा उपलब्ध हुन सकेको छ । तसर्थ हाम्रो कुल कृषि योग्य भूमिको ८७ प्रतिशत भागमा वर्षाको भरमा मात्र खेती हुन्छ । यहाँ वर्षा लगातार र पर्याप्त मात्रामा हुँदैन, यसमा अनिश्चितता रहन्छ । कहीं अत्यधिक वर्षाले गर्दा बाढ़ी र पैरो जाने समस्या हुन्छ त कहीं वर्षाको अभावमा खडेरी लाग्दछ । फलस्वरूप कुनै साल राम्रो उत्पादन हुन्छ र कुनै साल उत्पादन धेरै कम हुन्छ ।

(२) परम्परागत खेती (Traditional cultivation) :—नेपालमा परम्परागत तरीकाले खेती हुन्छ । खेतीको व्यापारीकरण भएको छैन । खेती जीवन निर्वाहको लागि

गरिन्छ अर्थात् किसान बिक्री गर्ने उद्देश्यले वाली नलगाएर जोवन धान्नका निमित्त नै उत्पादन गर्दछन् । गरीबीले गर्दा आफूलाई चाहिने भन्दा कम उत्पादन भए पनि मालपोत तिर्न, चाड़-खर्च चलाउन, औषधि उपचार गर्न आदिको लागि किसानहरूले खाद्यान्नको बिक्री गर्दछन् । किसानहरूले कुन वाली कति मात्रामा लगाउने भन्ने कुराको निर्णय वजार मूल्यको आधारमा नगरी आवश्यकतानुसार गर्दछन् ।

(३) **विविध प्रकारको बाली** (Multiplicity of crop) :—नेपालमा अत्यधिक मात्रामा भौगोलिक विविधता पाइन्छ । तराई भाग गर्मी हुन्छ भने पहाड़ी भाग ठंडा हुन्छ । देशको पूर्वी भागमा वर्षा बढ़ी हुन्छ तर पश्चिमी भागमा वर्षा कम हुन्छ । विभिन्न ठाउँहरूको माटाको बनौटमा पनि भिन्नता छ । फलस्वरूप विभिन्न ठाउँहरूलाई उपयुक्त हुने विभिन्न प्रकारको बाली लगाउने चलन छ । तराईमा मुख्य रूपले धानको खेती हुन्छ भने पहाड़ी भेकमा मकैको । पहाड़को केही भाग फल-फूलको खेतीको निमित्त उपयुक्त हुने हुनाले त्यहाँ फल-फूलको खेती गरिन्छ । हिमाली भागमा पशुपालनको काम हुन्छ ।

(४) **साना किसानहरूको अधिकता** (Pre-dominance of Small Farmers) :—नेपाली कृषिको एउटा खास विशेषता के हो भने यहाँ साना किसानहरूको संख्या अत्यधिक छ ।* यहाँ ६४ प्रतिशत किसान परिवार साना एवं सीमान्त किसानको श्रेणीमा आउँछन् । यी साना एवं सीमान्त किसान परिवारका अधिकारमा देशको कुल कृषि योग्य भूमिको केवल ३४ प्रतिशत मात्र छ । यी किसानहरू मध्ये पनि ३९ प्रतिशत यस्ता किसानहरू छन् जोसँग आधी हेक्टर भन्दा पनि कम भूमि छ । तिनीहरूसँग कुल कृषियोग्य भूमिको केवल ८ प्रतिशत मात्र छ[५] । परिणामस्वरूप यी किसानहरू साना एवं छरिएका जग्गा (Thing fragmented holding) मा खेती गर्दछन् । धेरै किसानहरूसँग जग्गा नै छैन र उनीहरू अर्काको जग्गामा मोहीको रूपमा खेती गर्ने काम गर्दछन् । यी किसानहरूसँग साधनको अत्यधिक नै अभाव छ । साधनका अभावले गर्दा यी किसानहरू कृषि विकासका लागि लगानी गर्न सक्तैनन् । फलस्वरूप कृषिको स्थिति दिनानुदिन बिग्रिदै गएको देखिन्छ ।

(५) **जग्गाको असमान वितरण** (**Unequal distribution**) :—नेपालमा भूमि सुधार उप्रान्त पनि जग्गाका वितरणको असमानता अत्यधिक रूपमा विद्यमान नै छ[६] ।

---

* पहाड़ी क्षेत्रमा ०.५१ हेक्टरसम्म र तराई क्षेत्रमा २.७१ हेक्टरसम्म जग्गा हुने किसानलाई साना किसान भनिएको छ ।

५. एन. आर. पी., एग्रिकल्चरल क्रेडिट रिभ्यू सर्वे नेपाल भौल० १ पृष्ठ १३.

६. जमन एम० ए०, इभैलुएशन अफ लैंड रिफोर्म इन नेपाल एच० एम० जी०, मिनिस्ट्री अफ ल्याण्ड रिफोर्म, १९७३, पृष्ठ ३३

यहाँ ६३.५ प्रतिशत परिवारहरूसँग एक हेक्टर भन्दा पनि कम जग्गा छ। तिनीहरूसँग कुल कृषि योग्य भूमिको केवल १० प्रतिशत मात्र छ। यसको विपरीत १० हेक्टर भन्दा बढी जग्गा हुने परिवारहरूको संख्या केवल ४ प्रतिशत भन्दा केही बढ़ी मात्र छ। तर उनीहरूको अधिकारमा कुल कृषि योग्य भूमिको ३९ प्रतिशत छ[७]। भूमिको असमान वितरणको फलस्वरूप ठूला जग्गा धनीहरूले आफ्नो जग्गा मोहीहरूलाई कुत खाने गरी दिएका छन्। कृषि विकासमा ती ठूला किसानहरूको केही अभिरुचि नै छैन।

(६) जोतको आकार अनार्थिक (Uneconomic holding) :—देशमा कुल भौगोलिक क्षेत्रको १६.४९ कृषि योग्य भूमि छ। जनसंख्याको बढ्दो चापले गर्दा प्रति व्यक्ति कृषि योग्य भूमिको उपलब्धि केवल ०.१८ हेक्टर मात्र छ। पहाड़ी एवं तराई क्षेत्रलाई छुट्याएर विचार गर्ने हो भने यो अंक क्रमशः ०.११ र ०.३० हेक्टर मात्र छ[८]। यस प्रकारको अनार्थिक जोतको स्थितिमा आधुनिक तरीकाले खेती गर्न अत्यन्तै कठिन हुन्छ।

७. कृषि कार्यमा खाद्यान्नको प्रमुखता (Importance of food crops in Agricultural Activities) :—कृषि क्षेत्रमा जनसंख्याको बढ़ी चापले गर्दा यहाँ किसानहरू ससाना एवं छरिएका जग्गामा खेती गर्दछन्। उनीहरूलाई खाद्यान्नको नै सब भन्दा ठूलो समस्या हुन्छ। फलस्वरूप खाद्यान्नको तत्कालिन आवश्यकता पूर्ति गर्नका लागि उनीहरूले बढ़ी भन्दा बढ़ी जग्गामा खाद्यान्न बाली नै लगाउँछन् र बहुतै कम जग्गामा नगदेबालीको खेती हुन्छ। यसरी हाम्रो कुल कृषि योग्य भूमिको ९३.२ प्रतिशत जग्गामा खाद्यान्न र केवल ७.७ प्रतिशत जग्गामा नगदेबालीको खेती हुन्छ[९]।

(८) उत्पादकताको कमी (Low productivity) :— विभिन्न प्राविधिक, आर्थिक एवं संस्थागत कारणले गर्दा अन्य विकसित देशहरूको तुलनामा नेपालमा प्रति हेक्टर उत्पादन अत्यन्तै कम हुन्छ। नेपालमा प्रति हेक्टर धानको उत्पादन २०.८ क्विन्टल मात्र हुन्छ तर जापान, अमेरिका तथा इटलीमा धानको उत्पादन क्रमशः ५६.४, ५१.२ तथा ५३.० क्विन्टल प्रति हेक्टर हुन्छ। त्यसै गरी मकैको उत्पादन नेपालमा प्रति हेक्टर १७.४ क्विन्टल हुन्छ। तर जापान, अमेरिका इटलीमा यो अंक क्रमशः २४.२ ४५.० तथा ४३.६ छ[१०]।

---

७. ऐजन पृष्ठ ६

८. श्रेष्ठ बी. पी. एण्ड जैन एस०.सी०, रिजनल डिभलोपमेंट इन नेपाल–टेबुल २ (पृष्ठ २२) एण्ड टेबुल ३ पृष्ठ २४

९. एच. एम. जी. एग्रीकल्चरल स्टैटिस्टिक्स अफ नेपाल, काठमाडौं १९७७, चैप्टर ५, टेबुल ६

१०. एफ० ए० ओ० प्रोडक्सन इयर बुक, भौल. २४,१९७०, पृष्ठ ३७-३७

(९) बेरोजगारी (Unemployment) :—नेपालको कृषि क्षेत्रमा अत्यधिक बेरोजगारी छ। सिंचित भूमि अत्यन्तै कम छ। ८७ प्रतिशत कृषि योग्य भूमिमा सिंचाईको व्यवस्था छैन। यो जग्गामा काम गर्ने श्रमिकहरू सालमा पाँच छ महीनासम्म कुनै काम पाउँदैनन्। यस क्षेत्रमा कार्यरत मानिसहरू पनि वास्तवमा रोजगारी पाएका छन् भन्ने कुरो पनि होइन। उनीहरूको आय अत्यन्तै कम छ। यसरी नेपालको कृषि क्षेत्रमा मौसमी एवं कार्य बेरोजगारीको पर्याप्त वर्तमान छ।

नेपालका कृषिको उपर्युक्त विशेषताहरूका आधारमा हामी के निस्कर्षमा पुग्दछौं भने नेपालको कृषिको स्थिति अत्यन्तै दयनीय छ र यसका धेरै समस्याहरू छन्।

नेपालको कृषिका विशेषताहरू

१. मनसुनमा निर्भरता
२. परम्परागत खेती
३. विविध प्रकारको बाली
४. साना किसानहरूको अधिकता
५. जग्गाको असमान वितरण
६. जोतको अनार्थिक आकार
७. कृषि कार्यमा खाद्यान्नको प्रमुखता
८. उत्पादकताको कमी
९. बेरोजगारी

नेपालको कृषिका समस्याहरू

(Problems of Nepalese Agriculture)

नेपालको अर्थ व्यवस्थामा कृषिको सर्वोपरि भएपनि यसको स्थिति सन्तोषजनक छैन। कृषि क्षेत्रमा प्रति हेक्टर एवं प्रतिव्यक्ति उत्पादन कम हुन्छ। नेपालमा कृषि क्षेत्रमा उत्पादकता अन्य देशको तुलनामा अत्यन्तै कम छ। साथै देशभित्र पनि गैर कृषि क्षेत्रको तुलनामा कृषि क्षेत्रको उत्पादकता कम छ। हाम्रो देशमा ९३ प्रतिशत मानिस कृषिमा लागेका छन् र यस क्षेत्रद्वारा हाम्रो कुल राष्ट्रिय आयको ५३ प्रतिशत प्राप्त हुन्छ। तर गैह्र कृषि क्षेत्रमा हाम्रो कुल जनसंख्याको केवल ७ प्रतिशत मानिस लागेका छन् र त्यसवाट हामीलाई कुल राष्ट्रिय आयको ४७ प्रतिशत प्राप्त हुन्छ। यस तथ्याङ्कले के कुरो प्रष्ट्याउँछ भने कृषि क्षेत्रमा गैर कृषि क्षेत्रको तुलनामा प्रतिव्यक्ति उत्पादन कम छ। साथै धान, गहुँ, मकै, सुर्ती, उखू आदि बालीको प्रति हेक्टर उत्पादन पनि अन्य मुलुकहरूको तुलनामा अत्यन्तै कम छ। यसरी गैह्र कृषि क्षेत्रको

तुलनामा कृषि क्षेत्रमा उत्पादकताको तुलना गर्दा वा अन्य देशसँग नेपाली कृषिको तुलना गर्दा हाम्रो कृषि पिछड़िएको छ भन्ने तथ्य प्रष्ट छ। यसर्थ यसको कारणको अध्ययन गर्न आवश्यकता हुन जान्छ। हाम्रो कृषि कार्य पछि पर्नुका कारणहरू निम्नांकित छन्।

(१) **कृषिमा जनसंख्याको अत्यधिक दबाव (High pressure of population on Agriculture)** :—नेपालमा कृषि क्षेत्रमा संलग्न मानिसको तुलनामा कृषि योग्य भूमिको उपलब्धि पर्याप्त छैन। बढ्दो जनसंख्याले गर्दा पहाड़ी क्षेत्र र हिमाली क्षेत्रमा प्रतिव्यक्ति ०.११ हेक्टर भूमि उपलब्ध छ भने तराईमा प्रतिव्यक्ति भूमिको उपलब्धि ०.३० हेक्टर छ। नेपाल अधिराज्यमा सरदर रूपले विचार गर्दा प्रतिव्यक्ति कृषि योग्य भूमिको उपलब्धि ०.१८ हेक्टर छ। यो तथ्य निम्नांकित तालिकाद्वारा प्रष्ट हुन आउँछ।

तालिका ७.१

प्रतिव्यक्ति कृषि योग्य भूमि र प्रति हेक्टर भूमिमा मानिस
(१९७४-७५)

क्षेत्र	प्रतिव्यक्ति कृषि योग्य भूमि (हेक्टरमा)	प्रति हेक्टर कृषि-योग्य भूमिमा मानिस
हिमालय	०.११	९.२२
पहाड़ी क्षेत्र	०.११	८.६९
तराई क्षेत्र	०.३०	३.३४
नेपाल	०.१८	५.११

(स्रोत—श्रेष्ठ बी. पी. एण्ड जैन एस. सी., रिजनल डेभलोपमेन्ट इन नेपाल टेबुल २ (पृष्ठ २२) एण्ड टेबुल ३ (पृष्ठ २४) को आधारमा)

माथिको तालिकाद्वारा विभिन्न क्षेत्रहरूमा प्रति हेक्टर कृषि योग्य भूमिमा कति मानिसहरू निर्भर रहन्छन् भन्ने तथ्य पनि प्रष्ट हुन आउँछ। हिमालय क्षेत्रमा प्रति हेक्टर १० मानिस पर्दछन् भने पहाड़ी क्षेत्रमा एवं तराई क्षेत्रमा यो अंक क्रमशः ९ र ४ देखिन्छ। नेपाल अधिराज्यमा सरदर रूपले विचार गर्दा एक हेक्टरमा ५ मानिस पर्दछन्। यसरी प्रतिव्यक्ति भूमिको उपलब्धि अत्यन्तै कम छ। बढ्दो जनसंख्याले गर्दा भविष्यमा पनि प्रतिव्यक्ति भूमिको उपलब्धिमा वृद्धि सम्भव छैन। भूमिको

मात्राको स्थिरता, पूँजीको कमी तथा कृषि क्षेत्रमा जनसंख्याको निरन्तर वृद्धिले गर्दा भूमिको उत्पादनमा ह्रासशील उत्पादकताको नियम (Law of diminishing return) लागू हुन गएको हुनाले नेपालमा कृषिको उत्पादनशीलता कम हुन गएको हो।

(२) **जोतको सानो आकार** (Small size of holding) :—नेपालमा जोतको आकार सानो एवं अनार्थिक छ। किसानहरूसँग भएका थोरै जग्गा पनि एकै ठाउँमा नभएर विभिन्न ठाउँहरूमा छरिएका छन्। यस प्रकारका अनार्थिक जोतमा कृषि कार्य गरी किसानहरूले जीवन निर्वाह गर्न सक्तैनन्। प्रत्येक किसान परिवारसँग घटीमा पनि त्यति जग्गा अवश्य हुनु पर्दछ जसबाट उसले उचित जीवन स्तर कायम राख्न सकोस् र परिवारका सदस्यहरूले पूर्ण रोजगारी प्राप्त गर्न सकून्। जग्गाको उत्पादकता, सिंचाईको उपलब्धि, कृषि प्रविधि आदि धेरै कुराहरूबाट जोतको आकार प्रभावित भए तापनि साधाग्णतया यसको आकार ५ एकड़ हुनु पर्दछ।[११] एग्रीकल्चर सैम्पुल सर्वे १९६२ अनुसार नेपालमा जोतको सरदर आकार २.८३ एकड़ छ। पहाड़ी, भित्री मधेश र तराईमा जोतको आकार क्रमशः १.२ एकड़, ५ एकड़ र ५.७ एकड़ छ। तराई मध्ये पनि पूर्वी तराईमा यसको आकार ५.१३ एकड़ र पश्चिमी तराईमा ५.८५ देखि १२.५२ एकड़सम्म पर्दछ।[१२] पुनश्च : भूमिको असमान वितरणले गर्दा ६.५ प्रतिशत किसान परिवारको जोतको आकार १ हेक्टर भन्दा पनि कम छ।

(३) **छरिएको जग्गा (Fragmented holdings)** :—नेपालमा जग्गाको उप-विभाजनको साथ-साथै अपखण्डनको पनि ठूलो समस्या छ। किसानहरूसँग भएको थोरै भूमि पनि सबै एकै ठाउँमा नभएर विभिन्न ठाउँहरूमा टाढा-टाढा छरिएका छन्। कृषि कार्यमा यसले ठूलो बाधा पुऱ्याउँछ। जग्गा जोत्ने, सिंचाईको सुविधा पुऱ्याउने, रेख-देख गर्ने जस्ता काम अत्यन्तै कठिन हुन जान्छन्। उप-विभाजन एवं अपखण्डनले गर्दा नै किसानहरूको बसाइ आफ्नो खेतीमा हुँदैन, गाउँमा हुन्छ। किसानहरू गाउँमा बसेका हुनाले गाई वस्तुहरू पनि गाउँमै राख्दछन्। गाई वस्तुले गर्दा गाउँ-घरको बाटोमा गोबर एवं हिलो हुन जान्छ। टाढ़ा-टाढ़ा भूमिमा गोबर बोकेर लान सम्भव नभएको हुनाले कृषि कार्यको लागि आवश्यक हुने महत्वपूर्ण मल त्यसै खेर जान्छ। यसको प्रतिकूल असर कृषि उत्पादनमा पर्दछ।

(४) **कुतको बढ़ी-दर (Exorbitant Rent)** :—कृषि क्षेत्रमा जन-चापको वृद्धि तथा मोहीहरूको तुलनामा जग्गाको मात्रामा कमी भएको हुनाले मोहीहरूमा जग्गाको

---

११. सिन्हा सुरेन्द्र प्रसाद एण्ड ठाकुर रामानन्द, "एग्रेरियन स्ट्रक्चर इन नेपाल", योजना, (अंग्रेजी) प्लानिंग कमीशन अफ इन्डिया, नोभ. ३० १९६९, पृष्ठ २५।

१२. श्रेष्ठ बी. पी., "दि इकोनोमी अफ नेपाल", ए स्टडी इन प्रोब्लम्स अफ इन्डष्ट्रियलाजेशन, भोरा एण्ड को० बम्बे, १९६७, पृष्ठ ५१।

निमित्त प्रतियोगिता हुनु स्वाभाविक नै हो। मोहीहरू बीच यसै प्रतियोगिताले गर्दा नेपालमा कुतको दर बढी छ। यहाँ जग्गा धनीहरूद्वारा मनपरी तरीकाले कुत लिने चलन थियो। भूमि सुधार कार्यक्रम अन्तर्गत कुतको अधिकतम दर मुख्य बालीको ५० प्रतिशत निर्धारित गरियो। तर यस व्यवस्था अन्तर्गत खेती गर्दा लाग्ने सम्पूर्ण खर्च मोहीले नै बेहोर्नु पर्ने हुनाले मोहीहरूलाई खेतीबाट जीवन निर्वाहको लागि चाहिने निम्नतम मात्रा भन्दा बढ़ो आय प्राप्त हुन सक्तैन। जग्गा धनीहरूलाई जग्गाका उत्पादनको महत्वपूर्ण भाग प्राप्त गर्नका लागि केही खर्च वा परिश्रम गर्नु पर्दैन। फलस्वरूप जग्गामा बढ़ी लगानी एवं बढ़ी परिश्रम गरी कृषिलाई आधुनिकीकरणका लागि मोहीहरूमा केही प्रेरणा नै हुँदैन।

(५) **मोहियानी हकको असुरक्षा (Insecurity of Tenure)** :—बढ़ी कुतको साथ-साथै मोहियानी हक पनि असुरक्षित नै छ। जग्गा धनीहरूले मोहीहरूलाई आफ्नो इच्छानुसार निष्काशन गरिदिन्छन्। भूमि सुधार कार्यक्रम भन्दा पूर्व नेपालमा मोहियानी हक सुरक्षित थिएन। भूमि सम्बन्धी ऐन १९६४ ले मोहीहरूलाई सुरक्षा प्रदान गर्‍यो। तर पनि भूमि सुधार ऐन अन्तर्गत मोहीहरूले आफ्नो इच्छानुसार मोहियानी हक छोड्न सक्तछन् भन्ने प्रावधान भएकाले र धेरै जसो मोहीहरू अशिक्षित हुने हुनाले टाठा-बाठा भूमिपतिहरूले आफ्नो मोहीहरूलाई मोहियानीहक फिर्ता गराउनमा सफल भए। काठमाडौं उपत्यकामा जहाँ मोहीहरू संगठित छन् भूमिपतिहरूले आफ्नो जग्गाको केवल १०.८१ प्रतिशत मात्र आफूले कमाई राखेका छन्। तर पश्चिमी तराई, पश्चिमी पहाड़, पूर्वी पहाड़ र पूर्वी तराईमा यो अंक क्रमशः ८२.१२, ७४.६०, ४५.५४ र २२.८२ छ[१३]। भूमिपतिहरूले आफ्नो कुल भूमिको कति प्रतिशत आफूले नै कमाई राखेका छन् भन्ने सम्बन्धमा यस प्रकारको प्रादेशिक अन्तरले सम्भवतः के कुराको संकेत दिन्छ भने अविकशित, धेरै मात्रामा जग्गा धनीसंग जग्गा भएको एवं धेरै मात्रामा भारतीय श्रमिकहरू सजिलोसित उपलब्ध हुने ठाउँहरूमा अनौपचारिक मोही प्रथा नै बढ़ी प्रचलनमा छ[१४]। यस्तो अनौपचारिक मोही प्रथा अन्तर्गत मोहीहरूमा जग्गाको उत्पादनशीलता बढ़ाउने र जग्गाको स्थायी सुधार गर्नका निमित्त कुनै प्रेरणा हुँदैन। फलस्वरूप कृषि उत्पादनमा यसको प्रतिकूल प्रभाव पर्दछ।

(६) **मौसममा निर्भरता (Dependance on Monsoon)** :—नेपालको कृषि मौसममा नै निर्भर गर्दछ। सालभरिमा चार महिना पानी पर्दछ र अन्य समयमा सुखाको स्थिति नै रहन्छ। चार महिनाको मनसुन अवधिभित्र पनि कुनै साल अनावृष्टि

---

[१३] जमन एम० ए०, इभैल्युएशन अफ लैंड रिफौर्म इन नेपाल, मिनिष्ट्री अफ ल्याण्ड रिफौर्म, एच० एम० जी० अफ नेपाल १९७३, टेबुल ९ एनेकयर ३।

[१४] ऐजन पृष्ठ, ३६।

हुन्छ भने कुनै साल अति वृष्टिले गर्दा बाढ़ी एवं पैरो जाने समस्या हुन्छ। लगातार बाढ़ीले गर्दा प्रत्येक वर्ष नेपालको मलिलो माटो बगेर जान्छ। कृषि उत्पादनमा यसको धेरै नै प्रतिकूल प्रभाव पर्दछ।

(७) सिचाई सुविधाको अभाव (Lack of irrigation facilities) :—कृषि विकासका लागि सब भन्दा आवश्यक साधन सिंचाई सुविधाको उपलब्धि नै हो। सिचाईको अभावमा रासायनिक मल, उन्नत किसिमका बीउ-बिरुवा आदि उत्पादनको अन्य साधनहरूको प्रयोग पनि सम्भव छैन। छैटौं योजनाको अन्तमा कुल कृषि योग्य भूमिको १३ प्रतिशत भागमा मात्र सिंचाई सुविधा उपलब्ध हुन सकेको हुनाले ८७ प्रतिशत भूमि असिंचित अवस्थामा नै छ। यस्ता असिंचित भूमिमा सालमा एक बाली भन्दा बढ़ी लगाउन सक्दिैन। फलतः कृषि उत्पादमा वृद्धि हुँदैन।

(८) परम्परागत कृषि प्रणाली (Traditional Methods of Production)—उपर्युक्त दोषहरूले गर्दा नेपालका किसानहरू परम्परागत तरीकाले नै खेती गर्दछन्। पहाड़ी क्षेत्रमा भूमिका टुकड़ाहरू यति साना छन् जसमा हलो चल्न पनि मुश्किल नै पर्दछ। जोत्ने राँगा, गोरुहरू पनि रोग ग्रस्त एवं कमजोर छन्। तराईमा पनि कोही-कोहीं ठूला किसानहरूसँग मात्र ट्रैक्टर छ। प्रायः किसानहरू काठे हलोद्वारा नै खेतीको काम गर्दछन् जसबाट जोत्ने काम राम्रो हुँदैन। बढ़ी उत्पादन दिने बीउको प्रयोग नेपालमा कुल कृषि योग्य भूमिको २० प्रतिशत भागमा मात्र हुन्छ। पुरानो किसिमको बीउ कम प्रतिशतमा उम्रिन्छ र त्यसमा उत्पादन क्षमता पनि कम नैं हुन्छ। त्यसैं गरी रासायनिक मलको प्रयोग पनि नेपालमा विश्वका अन्य मुलुकहरूका दाँजोमा अत्यन्तै कमै हुन्छ। बाली संरक्षण सुविधाद्वारा कृषि पैदावारमा १० प्रतिशतसम्म वृद्धि गर्न सकिन्छ। कीटनाशक औषधिका अभावले गर्दा नेपालमा बालीलाई रोगबाट बचाउने व्यवस्थाको अभाव छ। कीटनाशक औषधिको अभावले गर्दा नेपालमा धेरै मात्रामा खाद्यान्न भकारी एवं गोदाम घरमा पुगिसके पनि नष्ट भएर जान्छ।

(९) कृषि साख सुविधाको अभाव (Lack of Agricultural Credit facilities) :—कृषिमा निम्न उत्पादन एवं पछौटेपनको मूल कारण पुरानो प्रविधिमाथिको निर्भरता नै हो। कृषि कार्य नयाँ तरीकाले गर्नका लागि बढ़ी मात्रामा पूँजीको आवश्यकता पर्दछ। प्रायः किसानहरू गरीब छन्। गरीबीले गर्दा कृषि सामग्री खरीद गर्नको लागि ऋणमा नै निर्भर गर्नु पर्दछ। तर ऋण दिने संस्थाहरूको राम्रो विकास हुन नसकेकोले किसानहरूले ऋणका लागि साहू महाजनमा नै निर्भर गर्नु पर्दछ। हाल २४ प्रतिशत किसान परिवारहरू विभिन्न संस्थाहरूबाट ऋण प्राप्त गर्दछन् र बाँकी ७६ प्रतिशत किसान परिवारहरूले ऋणको लागि साहू-महाजनहरूमा नै निर्भर गर्नु पर्दछ। ऋणको मात्राको दृष्टिकोणले भने कुल ऋणको ५८ प्रतिशत गैर संस्थाहरू-

बाट उपलब्ध हुन्छ र विभिन्न संस्थाहरू गरी कुल ऋणको ४२ प्रतिशत भागको उपलब्धि हुन्छ।[१५] कृषि ऋण दिने संस्थाहरू पनि ठूला एवं टाठा-बाठा किसानहरूको प्रभाव क्षेत्रमा पर्न गएका छन्। ऋणको बढ़ी भाग ठूला किसान परिवारहरूलाई नै प्राप्त हुन गएको छ र गरीब एवं साना किसानहरूको ऋण सम्बन्धी आवश्यकताको पूर्ति हुन सकेको छैन। फलस्वरूप प्रविधिमा सुधार सम्भव नभएकोले कृषि उत्पादन स्तर घट्न गएको छ।

(१०) **यातायात सुविधाको अभाव** (**Lack of transport facilities**)— नेपालमा यातायातका सुविधाको अभाव छ। यातायातका अभावले गर्दा कृषि सामग्रीहरू खेतसम्म पुऱ्याउन ज्यादै कठिन हुन्छ। कृषि सामग्रीहरूमध्ये पनि किसानहरूसँग भएको गोबरको वजन भारी भएकोले खेतसम्म पुऱ्याउन सकिंदैन र त्यो गोबर प्रायः खेर जान्छ वा दाउराको रूपमा प्रयोगमा आउँछ। साथै यातायातका अभावले गर्दा खेतबाट कृषि उत्पादन घरसम्म ल्याउन र घरबाट पुनः बजारमा पुऱ्याउन पनि अत्यन्तै खर्चिलो हुन्छ। यी कठिनाईहरूले कृषि उत्पादनवृद्धिलाई निरूत्साहित गर्दछ।

(११) **असंगठित कृषि बजार** (**Unorganised Agricultural market**) :— नेपालमा कृषि बजार असंगठित छ। यातायातको असुविधा एवं बजार सम्बन्धी सूचना व्यवस्थाको अभावले गर्दा कृषि बजार अत्यधिक छरिएको छ। कृषि जीवन निर्वाह मूलक भएकाले कुल उत्पादनको नगण्य भाग नै बजारमा बिक्रीको निमित्त उपलब्ध हुन आउँछ। ४६ प्रतिशत किसान परिवारहरूले वर्ष भरिमा केवल रु० २५० बराबरको कृषि जन्य वस्तुको बिक्री गर्दछन्।[१६] बीउ, रासायनिक मल, कृषि औजार आदि कृषि सामग्रीहरूको बजार पनि अत्यन्तै संकुचित छ। किसानहरूसँग गोदाम घरको अभावले गर्दा खाँचो भएका वेलामा आफ्नो उत्पादनलाई धीतो राखेर ऋण प्राप्त गर्ने सुविधा छैन। अधिकांश किसान परिवारहरूले आफूलाई चाहिनेभन्दा कम खाद्यान्न भएको अवस्थामा पनि माल-पोत, चाड-खर्च चलाउन, औषधि उपचार आदि तत्कालीन आवश्यकताको पूर्तिका लागि सस्तो भाउमा खाद्यान्न बिक्री गर्नु पर्ने हुन्छ। कृषि बजारमा धेरै बिचौलियाहरू छन्। कुल मिलाएर हामी के भन्न सक्छौं भने दोष पूर्ण कृषि बजारले गर्दा किसानहरूले बेच्ने वेलामा आफ्ना उत्पादनको उचित मूल्य पाउँदैनन् र किन्ने वेलामा मूल्यमा भई रहने मौसमी परिवर्तनले गर्दा महँगो खाद्यान्न किन्नु पर्ने हुन्छ। यसले पनि कृषि उत्पादन वृद्धिलाई निरूत्साहित गर्दछ।

---

१५. नेपाल राष्ट्र ब्याङ्क, एग्रीकलचरल क्रेडिट रिभ्यू सर्वे नेपाल भोल–१, पृ० १६०–६३.

१६. पू. पा. टिप्पणी २, पृष्ठ १४७

(१२) **कृषि अनुसन्धानको अभाव (Lack of Agricultural Researches):—** परम्परागत खेतीको सट्टा आधुनिक तरीकाले खेती गर्दा उत्पादनमा वृद्धि हुन्छ। आधुनिक तरीकाले खेती गर्नका लागि विभिन्न खालको माटो एवं जलवायुलाई उपयुक्त हुने विभिन्न प्रकारका बीउ एवं कृषि प्रणालीको अनुसन्धान भई रहनु पर्दछ। कुल कृषि योग्य भूमिको ८७ प्रतिशतमा सिंचाईको व्यवस्था नभएकोले ड्राइ कल्टिभेशनका तरीकाहरू र त्यस जग्गामा उपयुक्त हुने बीउहरूबारे अनुसन्धानद्वारा उत्पादनमा अत्यधिक वृद्धि हुन सक्तछ। तर यस प्रकारको अनुसन्धानको नेपालमा अभाव छ।

नेपालमा कृषिका समस्याहरू

१. कृषिमा जनसंख्याको अत्यधिक दवाव
२. जोतको सानो आकार
३. छरिएको जग्गा
४. कुतको बढी दर
५. मोहियानी हकको असुरक्षा
६. मौसममा निर्भरता
७. सिंचाई सुविधाको अभाव
८. परम्परागत कृषि प्रणाली
९. कृषि साख सुविधाको अभाव
१०. यातायात सुविधाको अभाव
११. असंगठित कृषि बजार
१२. कृषि अनुसन्धानको अभाव

कृषि उत्पादन वृद्धिको निमित्त श्री ५ को सरकारद्वारा गरिएका प्रयासहरू

(Steps taken by H. M. G. to increase Agricultural production)

अधिकांश जनताको जीविकोपार्जनको प्रमुख साधन कृषि नै रहेको र देशको राष्ट्रिय आयमा बढी योगदान कृषि क्षेत्रबाट नै हुने गरेकाले विगत छवटा आवधिक योजनाहरू र वर्तमान सातौं योजनामा कृषि क्षेत्रको विकासलाई नै सर्वोपरि प्राथमिकता दिइँदै आएको छ। चालू सातौं पंचवर्षीय योजनाले पनि कृषि क्षेत्रलाई केन्द्र विन्दु बनाई उद्योग र निकासी व्यापारका विकासका आधारलाई यस क्षेत्रको विकाससँग आवद्ध गरी यस प्रक्रियाद्वारा अर्थतंत्रको विकासको जगलाई वलियो वनाउने नीति

अवलम्बन गरी नै राखेको छ[१७]। चालू सातौं पंचवर्षीय योजना अवधिभित्र जम्मा विकास खर्च रु० ५०४१ करोड़ हुने अनुमान गरिएको छ। यस मध्ये रु० १७२८ करोड़ अर्थात् कुल विकास खर्चको ३४.३ प्रतिशत कृषि सिंचाई तथा वन विकासका लागि खर्च गरिने छ[१८]। श्री ५ को सरकारद्वारा कृषि विकासका लागि हालसम्म निम्न कार्यक्रमहरूको संचालन भएको छ।

१. **भूमि-सुधार (Land Reform)** :—कुनै पनि देशको भूमि व्यवस्था अन्तर्गत धेरै विचौलियाहरू भएमा, मोहियानी हक असुरक्षित भएमा वा कुतको दर बढी भएमा कृषि लगानी कम हुन जान्छ। परम्परागत तरीकाले खेती हुन्छ र यस्तो परिस्थितिमा उत्पादनमा वृद्धि हुन सक्तैन। भूमि व्यवस्थामा सुधार कृषि विकासलाई विभिन्न प्रकारले प्रभावित गर्दछ। वास्तविक रूपले जग्गा जोत्नेलाई भूमिको स्वामित्व भएमा वा मोहियानी हक सुरक्षित भएमा तथा कुतको दर उचित भएमा किसानहरूले उत्पादन बढ़ाउनका लागि प्रेरणा पाउँछ र कृषि लगानीमा वृद्धि हुन्छ। कृषि लगानीमा वृद्धि भएमा उत्पादनको प्रविधिमा परिवर्तन हुन्छ तथा परम्परागत खेतीको सट्टा आधुनिक तरीकाले खेती हुने हुनाले उत्पादनमा वृद्धि हुन जान्छ। यसै उद्देश्यले श्री ५ को सरकारले देशमा भूमि सुधार कार्यक्रम लागू गरेको छ। भूमि व्यवस्था अन्तर्गत विचौलियाहरूलाई समाप्त गरिएको छ। मोहियानी हकका सुरक्षाका हकमा पाँचौं योजना अन्तर्गत ३८ जिल्लाहरूमा मोहीहरूलाई स्थायी प्रमाण पत्र वितरण गरिएको थियो। छैटौं योजना अवधिमा नियमित कार्यक्रम अन्तर्गत मोहियानी संरक्षण कार्य भैरहेको, कुत निर्धारण तर्फ छैटौं योजनाको प्रथम चार वर्षमा १२ जिल्लाहरूमा कूत निर्धारण कार्यक्रम समाप्त भै सम्पूर्ण तराई क्षेत्रमा ठेक कूत तोकिएको, हदबन्दी भन्दा बढ़ी जग्गाहरू छान-बीन गरी टुङ्गो लगाउने तर्फ आवश्यक कानूनी व्यवस्था तयार गरियो[१९]। चालू सातौं पंचवर्षीय योजना अन्तर्गत (१) मोहीको बढ़ी संख्या भएको तराईका २१ जिल्ला, भित्री मधेशको ४ जिल्ला र नापी समाप्त भएको पहाड़ी जिल्लामा पुराना छुट भएको तथा नयाँ मोहीको लगत अद्यावधिक राख्ने कार्यक्रम सम्पन्न गरिने छ। (२) ठेक-कूत लागू भएका २७ जिल्लाहरू बाहेक मोहीको संख्या बढ़ी देखिएका पहाड़ी जिल्लाहरूमा प्राथमिकता दिएर सर्वेक्षण गरी ठेक-कूत लागू गर्ने काम सम्पन्न गरिने छ। (३) कृषि भूमिको उचित प्रयोगको लागि सातौं योजना कालमा करार वा कबुलियत खेती व्यवस्थालाई प्रोत्साहन दिने नीति रहने छ। (४) किसानहरूसँग बाँकी रहेको ऋण असूल गरी सो रकम कृषि विकास बैंक मार्फत साझा संस्थामा हस्तान्तरण गरिने छ। (५)

---

[१७] श्री ५ को सरकार राष्ट्रिय योजना आयोग सातौं योजना भाग १, पृष्ठ ८०

[१८] ऐजन पृष्ठ ९३

[१९] ऐजन पृष्ठ ४२१

मोहियानी प्रमाण पत्रको सुरक्षामा लिन सकिने व्यवस्था गरी उत्पादन वृद्धिमा अधिकाधिक कृषकहरूलाई सम्मिलित हुने वातावरण तयार गरिने (६) जग्गाको चकलावन्दी गर्ने काम प्रारम्भ गर्ने ।

२. सिंचाई सुविधा (Irrigation Facilities) :—कृषि उत्पादनमा वृद्धि गर्नका लागि उन्नत बीउ, रासायनिक मल कीटनाशक औषधि जस्ता साधनहरूको प्रयोग पनि सिंचाई सुविधाको उपलब्धिमा नै निर्भर गर्दछ । व्यवस्थित रूपमा सिंचाई सुविधा पुऱ्याउन सकेमा कृषि उत्पादनमा निकै वृद्धि हुन सक्ने अनुमान गरिएको छ । यसै कारण विभिन्न सावधिक योजनाहरूमा सिंचाई सुविधा विस्तार गर्ने नीति श्री ५ को सरकारले अपनाएको छ । पाँचौं योजनाको अन्तसम्म कुल १,९८,४८१ हेक्टर जग्गामा सिंचाई सुविधा उपलब्ध हुन सकेको थियो । छैटौं योजनाको पहिलो चार वर्षमा कुल ७३,२१२ हेक्टर जग्गामा सिंचाई सुविधा थप भएको र पाँचौं वर्षमा ६६,९७९ हेक्टरमा सिंचाई सुविधा थप हुने आशा राखिए अनुसार छैटौं योजना अवधिमा कुल १,४०,१९१ हेक्टर जग्गामा सिंचाई सुविधा थप हुने अनुमान छ । यसरी हालसम्म कुल ३,३८,६७२ हेक्टर जग्गामा जो कुल कृषि योग्य भूमिको १३ प्रतिशत हुन आउँछ सिंचाई सुविधा उपलब्ध गरिएको देखिन्छ । वर्तमान सातौं योजनाको अन्तसम्ममा २,३५,४९३ हेक्टरमा सिंचाई सुविधा थप गर्ने भन्ने लक्ष्य राखिएको छ ।

३. उन्नत बीउ, रासायनिक मल, कृषि चून एवं कृषि औजारको बिक्री वितरण (Distribution of improved seeds, chemical fertilizeres and Instruments) :—नेपालमा किसानहरूद्वारा पुरानो किसिमका बीउहरूको प्रयोग हुँदैछ । यी बीउहरूको प्रयोगले गर्दा उत्पादन कम हुन्छ । साथै धेरै दिनदेखि खेती हुँदा-हुँदै जग्गाको उब्जाउपन धेरै नै घट्न गएको छ र खेत जोत्ने काम पुरानो काठे हलोद्वारा गरिन्छ । यस्तो परिस्थितिमा उन्नत बीउ, रासायनिक मल एवं कृषि औजारहरूको प्रयोग द्वारा उत्पादनमा निकै वृद्धि हुनं सक्छ । यसै कुरोलाई दृष्टिगत गरी श्री ५ को सरकारले यी कृषि सामग्रीहरू कृषि सामग्री संस्थान र साझा संस्थानबाट किसानहरूलाई विगत योजनाहरूदेखि सुपथ मोलमा उपलब्ध गराई राखेको छ । यसै अनुरूप छैटौं योजनाको चार वर्षको अवधिमा १३०२९ मे० टन उन्नत किसिमको बीउ र १,१४,८५६ मे० टन रासायनिक मलको बिक्री वितरण गरियो । माटोमा रहेको अम्लीय-पनबाट उत्पादनमा पर्ने असर हटाउन कृषि चूनको प्रयोगले महत्वपूर्ण भूमिका राख्ने हुँदा सातौं योजना अवधिमा यस्तो कृषि चून २१ हजार मे० टन प्रयोग गराइने लक्ष्य छ । कृषि चूनको प्रयोगलाई प्रोत्साहन दिनका लागि अनुदान व्यवस्था कायम राख्ने छ । कृषि औजारको हकमा सोही अवधिभित्र रु० ५७.२२ लाखको बिक्री वितरण पनि गरियो । वर्तमान सातौं योजना कालमा ३८,६९० मे० टन प्रामाणिक बीउ, ३,९६,०५०

मे० टन रासायनिक मल र कीटनाशक औषधिको आवश्यकता मध्ये १,२४,०० लिटर झोल र ६,४०० धूलो औषधि संस्थागत माध्यमबाट आपूर्ति गराइने छ। त्यसै गरी सातौं योजना अवधिमा १ करोड़ ७६ लाख ५० हजार बराबरको साना कृषि ओजारहरूको समेत बिक्री वितरण गर्ने लक्ष्य छ। यस्ता कृषि औजारहरू मध्ये कृषि उत्पादन कार्यक्रमले जोड़ दिएका क्षेत्रमा उत्पादन वृद्धि गर्न सोझै सघाउ पुऱ्याउने खालका हलो, सिउ, ड्रिल, थ्रेशर जस्ता वैज्ञानिक कृषि औजारहरू सहुलियत दिई बिक्री वितरण गरिने छ[20] ।

४. गोदामघरहरूको व्यवस्था :— उत्पादनमा वृद्धिका साथ-साथै उत्पादित वस्तुहरूको संचय पनि आवश्यक हुन्छ। यसका लागि उत्पादन कार्यक्रमले जोड़ दिएका क्षेत्रहरूलाई प्राथमिकता दिने गरी आवश्यक पर्न आउने ठाउँहरूमा गोदामहरूको थप व्यवस्था गर्ने भन्ने नीति श्री ५ को सरकारले लिएको छ। यस सन्दर्भमा सातौं योजना अवधिमा यस्तो गोदाम निर्माण २९ हजार मे० टन क्षमतामा थप गरिने छ। यसबाट हालको ६४,४५६ मे० टन क्षमताबाट ९३,४५६ मे० टन क्षमतामा पुग्न जाने छ।

(५) कृषि प्रसार सेवा (Agricultural Extension services) :— उत्पादन प्रविधि तथा साधनहरूको उचित प्रयोग भएन भने उत्पादनमा वृद्धि गर्न सम्भव हुँदैन। यस सन्दर्भमा उन्नत कृषि प्रविधिहरू कृषकको घर दैलोमा पुऱ्याई उनीहरूको परम्परागत प्रविधिहरूमा उन्नत प्रविधिहरूको मिश्रण, नयाँ प्रविधिहरूलाई प्रयोग गर्ने तरीका तथा यसबाट किसानहरूलाई हुने लाभ आदि बारे श्री ५ को सरकारले किसानहरूलाई विगत योजना कालदेखि नै जानकारी गराउँदै आएको छ। कृषि प्रसार सेवा सम्बन्धमा चालू सातौं पंचवर्षीय योजना अवधिमा निम्नांकित कार्यक्रमहरू संचालन गरिने छ।[21]

(क) तोकिएको कृषि उत्पादन लक्ष्य हासिल गर्ने।

(ख) उत्पादन लक्ष्य हासिल गर्न उत्पादन साधन र सेवाहरू समयमा कृषक समक्ष पुऱ्याउने।

(ग) नतीजा तथा तरीका प्रदर्शन, कृषक गोष्ठी, कृषक भ्रमण तथा छल-फल, पुस्तिका वितरण, कृषक तालिम, रेडियो कार्यक्रम, उत्पादन प्रतियोगिताहरू गराई कृषि उत्पादनका उन्नत प्रविधिको व्यापक प्रचार-प्रसार गर्ने।

(घ) सेवा केन्द्र स्तरदेखि राष्ट्रिय स्तरसम्म विभिन्न बालीको उत्पादन प्रतियोगिता

---

२०. ऐजन १७, पृष्ठ ३८६

२१. ऐजन, पृष्ठ ३८९–४०४.

गराउने, उत्कृष्ट देखिएका कृषकहरूलाई पुरष्कृत गर्ने साथै प्रत्येक कृषि उत्पादकहरूलाई निर्धारित उत्पादन लक्ष्य हासिल गराएको आधारमा निजले पाउने मासिक प्रोत्साहन भत्तामा एक महीनाको भत्ता थप प्रोत्साहनको रूपमा दिने ।

(ङ) उत्पादन कार्यक्रमका तहमा मनिटरिंग तथा मूल्यांकन गर्ने र देखिएका सफलता र असफलताको आधारमा जिम्मेवार व्यक्तिलाई पुरस्कृत गर्ने र दण्ड दिने परिपाटी पनि संचालन गरिने छ र यसको लागि रु० १ करोड़को रकम छुट्याइएको छ ।

(६) **कृषि अनुसन्धान तथा प्रविधि विकास (Agricultural research and technological development** :—भूमिको उत्पाकत्वमा वृद्धि देशको प्रादेशिक जलवायु स्थिति (Agro-climatic conditions) अनुसारको उपयुक्त बाली, यस्तो बालीलाई उपयुक्त हुने उन्नत बीउ, उचित कृषि, प्रविधि, माटो अनुसारको रासायनिक मल आदिमा निर्भर हुने भएकोले यी विभिन्न पक्षहरूमा सम्बन्धित विषयहरू अनुसन्धान कार्य विगत योजना कालदेखि नै संचालन गरिंदै आएका छन् । देशको भौगोलिक र जलवायुको विभिन्नतालाई ध्यानमा राखी विभिन्न स्थानहरूमा कृषि केन्द्रहरू वा फार्महरू पनि स्थापना गरी त्यस क्षेत्रको स्थानीय विशेष कृषि समस्यालाई ध्यानमा राखी अनुसन्धान कार्य संचालन हुँदै आएको छ ।[२२] हाल अनुसन्धान कार्यक्रमलाई कृषि, प्रसारसँग एक अर्काका परिपूरक रूपमा परिचालन गराई उत्पादन वृद्धिमा टेवा पुऱ्याउन पनि अति आवश्यक भएको छ । तर स्पष्ट दिशा वोधका अभाववाट अनुसन्धान कर्ताहरूले सेवा पुऱ्याउने र निरन्तर अनुसन्धान गर्ने दुवै काम गर्दा दुवै पक्षमा प्रभावकारिता आउन नसकेको र अनुसन्धान कार्यहरू पनि खास आवश्यकता भन्दा अनुसन्धान कर्ताको रुचि र क्षमतामा निर्भर रहन गएकोले सातौं योजना अवधिमा अनुसन्धान तथा विकासमा दिशा बोध गर्ने संगठनात्मक सुधार गर्ने छ । कृषि अनुसन्धान तथा विकास कार्यक्रम संचालनका लागि हाल सुसुप्त अवस्थामा रहेको अनुसन्धान समन्वय समितिलाई सक्रिय पारी कृषि मंत्रालयमा राष्ट्रिय कृषि अनुसन्धान समन्वय समितिको रूपमा त्रिभुवन विश्वविद्यालय राष्ट्रिय विज्ञान तथा प्रविधि परिषद् समेतको समन्वय रहने गरी संचालन गरिने छ । यो समन्वय समितिले अनुमोदन नगरेका कुनै पनि समस्या उपर अनुसन्धान गराइने छैन । साथै खुमलटार स्थित हालको केन्द्रीय अनुसन्धान एकाईहरूलाई राष्ट्रिय अनुसन्वान केन्द्रको रूपमा पुनर्स्थापित गरी सक्रिय पारिने छ ।[२३]

---

[२२] श्री ५ को सरकार, राष्ट्रिय योजना आयोग, पाँचौं योजना, पृष्ठ ११३.

[२३] पू. पा. टिप्पणी १७, पृष्ठ ३९२-९३

(७) **कृषि बजार सेवा व्यवस्था** (**Management of Agricultural Marketing Services**) :—उत्पादन वृद्धि गर्न गरिने थप लगानीबाट आशातीत प्रतिफल पाउने उत्पादित वस्तुहरूले उचित मूल्य र बजार पाउनु पर्ने नितान्त आवश्यक भएको हुनाले सरकारले कृषि बजार सेवा व्यवस्थालाई वैज्ञानिक तरीकाले संगठित गर्नु पर्दछ। नेपालमा सार्वजनिक क्षेत्रमा यो काम नेपाल खाद्य संस्थान (Nepal food corporation—N. F. C.), चिया विकास निगम (Tea Development Corporation) जूट डेभलोपमेंट एण्ड ट्रेडिंग करपोरेशनद्वारा गराइन्छ। उपर्युक्त संस्थाहरूको साथ-साथै कृषि सामग्री संस्थान (Agricultural Input corporation) द्वारा किसानहरूलाई सहुलियत दरमा रासायनिक मल, बीउ आदि उपलब्ध गराउँदै छ। यसै गरी खाद्य एवं कृषि बजार सेवा विभाग (The Department of Food and Agricultural marketing services) ले बजार सम्बन्धी सूचना एवं उत्पादित खाद्यान्नलाई उचित मूल्यमा खरीद बिक्री गर्ने काम गर्दछ र व्यापार प्रवर्द्धन केन्द्र (Trade promotion centre) ले निकासी प्रवर्द्धन सम्बन्धी काम गर्दछ।

सातौं योजना कालमा कृषि मूल्य तथा बजार विकास व्यवस्थाका हकमा प्रतिवर्ष मुख्य कृषि उत्पादनहरूको कुल बजार योग्य परिमाणको १५ प्रतिशतलाई उचित मूल्य र बजारको ग्यारन्टी दिने छ। कृषि उपजहरूको उत्पादन लागत, तुलनात्मक लाभ र बिक्री मूल्यको निरन्तर अध्ययन गरी प्रत्येक वर्ष उपयुक्त समर्थन मूल्य बारे श्री ५ को सरकारलाई सल्लाह दिन विशेषज्ञहरू भएको एक सल्लाहकार समितिको गठन गरिने छ। खेतीको याम अगावै कृषकहरूलाई तोकिएको बालीहरूको समर्थन मूल्य बारे जानकारी गराई उनीहरूलाई आफ्नो उत्पादन योजनाको लेखा-जोखा गर्न सघाउ पुऱ्याउने छ र ग्रामीण अन्न बचाउ कार्यक्रमको निरन्तर आवश्यकतालाई दृष्टिगत गरी योजना अवधिमा यस कार्यक्रमलाई स्थायी रूप दिई संचालन गर्न उपयुक्त निकायको छुट्टै व्यवस्था गरिने छ।

(८) **प्रामाणिक नाप-तौलको व्यवस्था** (**Manegement of standard weight and Measurement**) :—नाप-तौलमा एकरूपताको अभाव हुँदा क्रय एवं विक्रय दुवै समयमा किसानहरूलाई नै नोक्सान पर्दछ। तसर्थ श्री ५ को सरकार नाप-तौल विभागले माना-पाथी, मन-सेरको चलन हटाई अधिराज्यभरि मैट्रिक पद्धति लागू गरेको छ।

(९) **संस्थागत कृषि साख** (**Institutional Financing of Agriculture**)—कृषिमा निम्न उत्पादकता एवं पछौटेपनका मूल कारण पुरानो प्रविधिमा निर्भरता एवं कृषि ऋणको कमी नै हो। कृषिमा बढी उत्पादन दिने बीउ, रासायनिक मल, सिंचाई इत्यादिको प्रयोग गरी आधुनिक प्रविधि प्रयोग गर्नका लागि बढी मात्रामा ऋणको आवश्यकता पर्न जान्छ। कृषकहरूले परम्परागत महाजनी प्रथाबाट चर्को ब्याजमा ऋण

लिंदै आएकोमा संस्थागत ऋण लगानी व्यवस्थाको विकासबाट परम्परागत चर्को ब्याजको मारबाट कृषकहरूलाई जोगाउन श्री ५ को सरकारको कृषि ऋण लगानी कार्यक्रमले निकै टेवा दिंदै आएको छ। सन् १९६९–७० मा सहकारी र साझा संस्था, गाउँ समिति, कृषि विकास ब्याङ्क, भूमि सुधार बचत संस्थान एवं व्यावसायिक ब्याङ्कहरूद्वारा १८·०८ प्रतिशत किसान परिवारहरू ऋण प्राप्त गर्दथे। हाल २४·०२ प्रतिशत किसानहरू यी संस्थाहरूबाट ऋण प्राप्त गर्न थालेका छन्। ऋणका मात्राको दृष्टिकोणले विभिन्न संस्थाहरू गरी कुल कृषि ऋणको ४१.७० प्रतिशतको आपूर्ति हुँदै छ।[२४] सातौं योजना अवधिमा संस्थागत-ऋण लगानीबाट कम से कम ५० प्रतिशत कृषक परिवारहरूलाई लाभान्वित गराउने गरी ऋण लगानी कार्यक्रम संचालन गर्दा साझा संस्थाहरूलाई प्राथमिकता दिई सकभर ती संस्थाहरू मार्फत नै लगानी गर्ने नीति रहने छ। यसरी योजना अवधिमा कुल ऋण लगानी रु० ३ अरब ८६ करोड़ ३८ लाख गर्ने भन्ने लक्ष्य राखिएको छ। यो ऋण लगानी छैटौं योजनाको ऋण लगानी स्थितिको तुलनामा दोब्बर भन्दा बढ़ी हुने छ।[२५]

(१०) यातायात सुविधा (Transport Facilities) :—देशको आर्थिक विकासका लागि यातायात विकास भौतिक पूर्वाधारको रूपमा भएकोले विगत योजनाहरूमा सड़क विकासलाई विशेष प्राथमिकता प्रदान गरी ठूलो मात्रामा लगानी गरियो। विगत करीब ३ दशकको योजनावद्ध विकासको अवधिमा सड़क यातायातको क्षेत्र तर्फ हासिल गरेको उपलब्धिलाई निश्चय पनि उत्साह वर्द्धक मान्नु पर्दछ। प्रथम योजनाको शुरूको आर्थिक वर्ष (२०१२/१३) मा अधिराज्यभर केवल ६२४ कि० मी० कुल सड़कको लम्बाई भएकोमा पाचौं योजनाको अन्तिम वर्ष २०३६/३७ मा आएर ४९४० कि० मी० सड़कको लम्बाई पुगेको थियो। छैटौं योजनाको चौथो वर्ष २०४०/४१ मा देशभर ५७१७ कि० मी० विभिन्न किसिमका सड़क निर्माण भएको छ र २०४१/४२ आ० व० मा सो तथ्याङ्क अनुमानित रूपमा ५९४३ कि० मी० पुग्न गएको छ।

कृषि उत्पादन वृद्धिका लागि श्री ५ को सरकारद्वारा गरिएका प्रयासहरू

१. भूमि-सुधार
२. सिचाई सुविधाको विकास
३. उन्नत वीउ, रासायनिक मल, कृषि चून एवं कृषि औजारको विक्री वितरण

---

[२४] एन० आर० बी०, एग्रीकलचरल क्रेडिट रिभ्यू सर्वे नेपाल, भौल १, पृष्ठ१६१-६३

[२५] पू. पा. टिप्पणी १७, पृष्ठ ३८४.

४. गोदाम घरको व्यवस्था
५. कृषि प्रसार सेवा
६. कृषि अनुसन्धान तथा प्रविधि विकास
७. कृषि बजार सेवा व्यवस्था
८. प्रामाणिक नाप तौलको व्यवस्था
९. संस्थागत कृषि साख
१०. यातायात सुविधा

नेपालका प्रमुख कृषि बालीहरू

(Principal Agricultural Crops of Nepal)

देशको कुल भौगोलिक क्षेत्रको १९.२६ प्रतिशत जग्गामा खेती हुन्छ[२६]। अधिकांश किसान परिवारहरू गरीब छन्। परम्परागत तरीकाले खेती हुन्छ र खाद्यान्नको आवश्यकता नै सब भन्दा बढ़ी तीव्र भएको हुनाले कुल कृषि योग्य भूमिको ९२ प्रतिशत खाद्यान्न बाली लगाइन्छ। कुल कृषि योग्य भूमिको केवल ८ प्रतिशत भागमा उखु, जूट, तेलहन, सूर्ती र आलु जस्ता नगदेबालीहरू लगाइन्छ[२७]। नेपालमा लगाइने प्रमुख खाद्यान्न एवं नगदेबालीको स्थिति निम्न अनुसार छ।

प्रमुख खाद्यान्न बालीहरू

(Chief Food Crops)

नेपालमा निम्नांकित खाद्यान्न बालीहरूको खेती हुन्छ—

१. धान (paddy) :—धान नेपालको प्रमुख खाद्यान्न बाली हो। नेपालमा चामलको प्रतिव्यक्ति वार्षिक ६१.१४ कि० ग्राम उपभोग हुन्छ जो कुल खाद्यान्न उपभोगको ४३.३५ प्रतिशत हुन आउँछ[२८]। धान बालीको लागि लगभग पाँच महीनासम्म निम्नतम ७०° फ० औसत तापमान आवश्यक हुन्छ। यसका लागि गर्मीको साथ-साथै पर्याप्त पानीको पनि आवश्यकता पर्दछ। पर्याप्त मात्रामा गर्मी र वर्षा हुने ठाउँ यस बालीको लागि उपयुक्त मानिन्छ। ४०" भन्दा कम वर्षा हुने ठाउँमा धान-

---

[२६] मल्ल यू. एम. एण्ड श्रेष्ठ सी. बी., इनभाइरोनमेंटल रिसोर्स मेनेजमेंट इन नेपाल, पृष्ठ १७.

[२७] एच. एम. जी. डिपार्टमेंट अफ फूड एग्रीकलचर एण्ड इरीगेशन एग्रीकलचरल स्टैटिस्टिक्स अफ नेपाल १९७७, पृष्ठ १५.

[२८] शर्मा सी. के., नेचुरल रिसोर्सेज अफ नेपाल, काठमाडौं १९७८, पृष्ठ ६७.

को खेती प्रायः हुँदैन । ८०'' वर्षा हुने ठाउँमा धानबाली नै सर्वप्रमुख बाली हुन्छ । धानको खेतीको लागि माटो मलिलो हुनु पर्दछ । भारी दोमट माटो (Clay Loam) यस बालीको लागि सर्वोत्तम हुन्छ । यस प्रकारको माटोमा धानका बिरुवाको जरोको राम्रो विकास हुन पाउँछ । सतहमुनि भारी चिल्लो माटो (अभेद्य वा छिद्रहीन) भएमा खेतको पानी छिटो सुक्तैन जो धानको लागि आवश्यक हुन्छ । पहाड़ी भेकमा यसको खेतीका लागि जग्गालाई गरा-गराको रूपमा बनाइएको (Terrace) हुनु पर्दछ । नेपालका ७५ जिल्लाहरूमध्ये ५३ जिल्लाहरूमा प्रमुख बालीको रूपमा धानबाली लगाइन्छ । झापा, मोरङ्ग, सुनसुरी, सप्तरी, सिरहा, धनुषा, महोत्तरी, सर्लाही, रौतहट, बारा, पर्सा, रूपन्देही, कपिलवस्तु जिल्लाहरूमा मुख्य रूपले धानको खेती हुन्छ । धान बाली पश्चिमी तराई भन्दा पूर्वी तराईमा बढ़ी हुन्छ । भित्री मधेशको उदयपुर, सिंधुली चितवन, मकवानपुर जिल्लाहरूमा पनि धान बाली लगाइन्छ । पहाड़ी क्षेत्रको ब्याँसी भागमा र पाखोमा गरा बनाई कुलोद्वारा सिंचाई गरेर धानको खेती गरिन्छ । काठमाडौं उपत्यका र पोखरामा पनि धानको खेती हुन्छ ।

तराई क्षेत्रमा माटो एवं अन्य भौगोलिक परिस्थितिको अनुकूलताले गर्दा मुख्य रूपले धानको खेती हुन्छ । यस क्षेत्रमा ८६ प्रतिशत जग्गामा धानबाली नै लगाइन्छ । पहाड़मा केवल १२ प्रतिशत जग्गामा धानको खेती हुन्छ[२९] ।

परिणामस्वरूप देशको कुल धान उत्पादनको ७३ प्रतिशत भन्दा बढ़ी उत्पादन तराईमा हुन्छ । खास गरी पूर्वी तराईमा सब भन्दा बढ़ी धान उत्पादन हुन्छ । देशको कुल धान उत्पादनको २७ प्रतिशत धान उत्पादन पूर्वी तराईमा मात्र हुन्छ ।[३०] सन् १९८३/८४ मा नेपालमा कुल १३ लाख ३४ हजार हेक्टरमा धानको खेती गरियो र कुल उत्पादन २७ लाख ५७ हजार मैट्रिक टन भयो । यसरी धानको उत्पादन प्रति हेक्टर करीब २ मैट्रिक टन हुन आउँछ ।[३१] शोध केन्द्रहरूमा धानको उत्पादन प्रति हेक्टर ५ मैट्रिक टन हुँदैछ ।[३२] धानको निम्न उत्पादकत्वको मुख्य कारण परम्परागत कृषि प्रणाली नै हो । कृषि प्रणालीलाई सिंचाई विकास, उन्नत किसिमको बीउ-वितरण, रासायनिक मल, कृषि औजार एवं कृषि कर्जाको पर्याप्त व्यवस्थाद्वारा सुधार गरी धानको उत्पादन एवं उत्पादकत्वको राम्रो सम्भावना देखिन्छ । यसै उद्देश्यले विभिन्न सावधिक योजनाहरूमा यी कुराहरूको व्यवस्था गर्ने सकभर प्रयास

---

[२९] पन्त वाई. पी. एण्ड जैन एस. सी., एग्रीकलचरल डेभलोपमेंट इन नेपाल, भोरा एण्ड को. पब्लीशर्स प्राइभेट लिमिटेड.
बोम्बे १९६९, पृष्ठ १२ ।

[३०] पू. पा. टिप्पणी २७, टेबुल ९ मा आधारित

[३१] एन. आर. बी. सम इम्पोर्टेन्ट स्टैटिस्टिक्स इन एग्रीकलचर, नेपाल १९८५

[३२] पू. पा. टिप्पणी २८ पृष्ठ ७०

गरिँदै आएको देखिन्छ । अन्य सुविधाहरूका विकासका साथ-साथै छैटौं योजनाको प्रथम चार वर्षका अवधिमा १४५७ मैट्रिक टन उन्नत किसिमका धानको विक्री वितरण गरियो । सातौं योजना अवधिभित्र भदैया र वर्षे दुवै वाली गरी ३४ लाख मैट्रिकटन धान उत्पादन गर्ने लक्ष्य राखिएको छ । यसबाट आधार वर्षको तुलनामा ६ लाख ६७ हजार टन थप धान उत्पादन हुने छ । यो उत्पादन लक्ष्य हासिल गर्ने काममा धानको कुल उत्पादकत्व २·०१ मैट्रिक टन प्रति हेक्टरबाट बढ़ी २·५ मैट्रिक टन प्रति हेक्टर पुग्ने छ । यस उद्देश्यका प्राप्तिका लागि योजना अवधिमा सिंचाई एवं अन्य सुविधाहरूमा वृद्धि गर्नका साथ-साथै उन्नत किसिमको बीउ एवं रासायनिक मल आदिको सुधार गर्ने कार्यक्रम राखिएको छ । बीउ आपूर्तितर्फ योजना कालमा सिंचाई एवं अन्य सुविधाहरूमा वृद्धि गर्नको साथ-साथै उन्नत किसिमको बीउ एवं रासायनिक मल आदिको व्यवस्थामा सुधार गर्ने कार्यक्रम राखिएको छ । बीउ आपूर्ति तर्फ योजना अवधिमा सरकारी फार्म स्टेशनहरूबाट ७०० मै० टन स्रोत बीउ उत्पादन गरिने छ । अरू बीउ कृषक स्तरबाटै आपूर्ति बढ़ाउन बीउ वृद्धि कार्यक्रम र बीउ निरीक्षण तथा प्रमाणीकरण सेवालाई प्रभावकारी तुल्याइने छ । रासायनिक मल खादको प्रयोग खास गरी सिंचाई पानी निरन्तर उपलब्ध हुने क्षेत्रमा विशेष जोड़ दिइने छ । माटोको गुण स्तर कायम राख्न यस्ता सिंचित क्षेत्रमा र अन्य क्षेत्रमा प्रांगारिक मलको गुण स्तर बढ़ाउने र त्यसको प्रयोगमा नै बढ़ावा दिइने छ । विशेषतया पकेट क्षेत्रहरूमा रासायनिक मल उपयुक्त मात्रामा प्रयोग गराउन जोड़ दिइने छ ।[३३]

मकै (Maize) :—मकै नेपालको दोस्रो महत्वपूर्ण खाद्यान्न वाली हो । पहाड़ी क्षेत्रमा सर्वसाधारण जनताको मुख्य खाद्यान्न मकै नै हो । यहाँ मकैको प्रतिव्यक्ति वार्षिक उपभोग ५१·२५ कि० ग्राम हो जो कुल खाद्यान्न उपभोगको ३५.७७ प्रतिशत हुन आउँछ ।[३४] यो गर्मी शीतोष्ण (Warm Temperate) जलवायुको अन्न हो । यस वालीका लागि ७०°F. देखि ८०° F. औसत तापमान चाहिन्छ । यसका लागि उब्जाउ दोरस माटो (Loam) को आवश्यकता पर्दछ । बिरुवा बढ्ने वेलामा पर्याप्त वर्षाको आवश्यकता हुन्छ तर माटोमा हिलो हुनु हुँदैन । ४०″ देखि ५०″ वर्षा यस वालीका लागि उपयुक्त हुन्छ । यसको उत्पादनका लागि गर्मी एवं घाम आवश्यक हुन्छ र तापमानमा धेरै अन्तर हुनु हुँदैन । पाला यस वालीका लागि धेरै नै हानिकारक हुन्छ । नेपालको पूर्वी, मध्य तथा पश्चिमी पहाड़ी क्षेत्रमा मुख्य रूपले मकै वाली लगाइन्छ । नेपालमा कुल कृषि योग्य भूमिको २५·६ प्रतिशत भागमा मकैको खेती हुन्छ ।[३५]

---

३३. पू. पा. टिप्पणी १७; पृष्ठ २८४-८५.

३४. पू. पा. टिप्पणी २८, पृष्ठ ६७

३५. पू. पा. टिप्पणी २९, पृष्ठ ५

२०४०/४१ सालमा ५ लाख ४ हजार हेक्टरमा मकैको खेती भएको र ७ लाख ६१ हजार मैट्रिक टन उत्पादन भएको देखिन्छ। यस प्रकार प्रति हेक्टर उत्पादकत्व १·५१ मैट्रिक हुन आउँछ। यो अन्य देशको तुलनामा अत्यन्तै कम देखिन्छ। केही प्रमुख देशहरूको मकैको उत्पादकत्व निम्न तालिका ७·२ मा प्रस्तुत गरिएको छ—

तालिका ७.२

प्रमुख देशहरूको मकैको उत्पादकत्व

प्रति हेक्टर मे. टनमा

देश		उत्पादकत्व
नेपाल	....	१·५१
जापान	....	३·२२
संयुक्त राज्य अमेरिका	....	४·५०
न्यूजील्याण्ड	....	७·२९
यू. ए. आर.	....	३.७३
फ्रांस	....	५.०१
इटली	....	४.३५

(स्रोत—सातौं योजना पृष्ठ २७० र प्रोडक्शन इयर बुक भौल २४, १९७०—
एफ० ए० ओ०, पृष्ठ ३७-७७)

मकै उत्पादन वृद्धिको लागि छैटौं योजना अवधिको प्रथम चार वर्षभित्र रासायनिक मल, कृषि औजार, कृषि ऊर्जा एवं सिंचाई सुविधाको विकासका साथ-साथै ६८८ में टन उन्नत किसिमको बीउ वितरण गरियो।

मकै वालीको पनि क्षेत्रफल विस्तार गर्ने सम्भावना कमै भएकोले सातौं योजना कालमा मकैको उत्पादकत्व वढ़ाउन विशेष जोड दिइने छ। यस योजना कालमा मकै उत्पादन कार्यक्रमलाई अभियानका रूपमा संचालित गरी ५ लाख ५६ हजार हेक्टर क्षेत्रफलबाट ९ लाख १६ हजार मैट्रिक टन मकै उत्पादन गर्ने लक्ष्य निर्धारित गरिएको छ। मकैको उत्पादकत्व हालको १.५१ मैट्रिक टन प्रति हेक्टरबाट बढ़ाएर १.६५ में. टन प्रति हेक्टर पुग्ने अनुमान गरिएको छ। मकै उत्पादनमा वृद्धिका लागि सातौं योजना अन्तर्गत निम्नांकित कार्यक्रमहरू संचालित गरिने छ।

(१) मकै उत्पादन कार्यक्रमलाई विशेष, पकेट, सामान्य एवं अन्य चार क्षेत्रमा बाँडी उपलब्ध साधन र स्रोतहरूलाई विशेष; पकेट सामान्य र अन्य क्षेत्रमा प्राथमिकता दिई परिचालन गरिने छ।

(क) **विशेष कार्यक्रम**—तराईको हिउँदे मकै क्षेत्र, पहाड़को वेंसी र तराईमा माघ फाल्गुनमा लगाइने क्षेत्र तथा हिउँदे बाली पछि लगाइने बसन्त मकैं क्षेत्र विशेष कार्यक्रम अन्तर्गत राखिने छ। यस क्षेत्रमा प्रति हेक्टर उत्पादकत्व २.७९ बाट बढ़ाएर योजनाका अन्तिम वर्षसम्म ३.४ मे० टन पुऱ्याउने लक्ष्य छ। यस क्षेत्रको लागि आवश्यक पर्ने सम्पूर्ण उन्नत जातका बीउ संस्थागत रूपमा उपलब्ध गराइने छ। साथै माटोमा पोषक तत्वको हकमा तराई क्षेत्रमा नाइट्रोजन र फौस्फोरसको प्रयोग मात्रा ९० : ४५ के० जी० र पहाड़ी क्षेत्रमा ६० : ३० के० जी० प्रति हेक्टर पुऱ्याउने छ।

(ख) **पकेट क्षेत्र**—पहाड़ र तराईको यातायात सुविधा भएका क्षेत्रको वर्खे मकै लगाउने क्षेत्रलाई पकेट क्षेत्रको रूपमा राखिने छ। यस क्षेत्रमा योजना अवधिमा १.६८ में टन प्रति हेक्टरबाट उत्पादकत्व बढ़ाएर २ मे० टन प्रति हेक्टर पुऱ्याउने लक्ष्य छ। यस क्षेत्रको लागि पनि विशेष क्षेत्र जस्तै आवश्यक पर्ने सम्पूर्ण उन्नत जातका बीउ संस्थागत रूपमा उपलब्ध गराइने छ। यस क्षेत्रमा नाइट्रोजन र फौस्फोरसको प्रयोग मात्रा ६० : ३० के० जी० प्रति हेक्टर पुऱ्याउने छ।

(ग) **सामान्य कार्यक्रम क्षेत्र** :—पहाड़को अन्य क्षेत्रहरूमा कार्यक्रमले सेवा पुऱ्याउने २ लाख १६ हजार हेक्टरमा सामान्य कार्यक्रम संचालन गर्ने क्षेत्रको रूपमा राखिने छ। यस क्षेत्रमा १·६ मे० टन प्रति हेक्टरबाट उत्पादकता १·६२ मे० टन प्रति हेक्टर पुऱ्याउने लक्ष्य छ। यस क्षेत्रको लागि आवश्यक पर्ने बीउ वृद्धि कार्यक्रममा संचालनमा टेवा पुऱ्याई निजी क्षेत्रबाटै गराईने छ। बीउ वृद्धि कार्यक्रमको लागि आवश्यक पर्ने प्रमाणित बीउको २० प्रतिशत मकै बाली विकास कार्यक्रमले उपलब्ध गराउने छ। अन्य बीउ कृषकहरूबाटै छनौट गरी उपलब्ध गराइने छ। बीउ वृद्धि कार्यक्रमका लागि बीउ निरीक्षण तथा प्रमाणीकरण सेवा बीउ प्रविधि तथा विकास कार्यक्रम मार्फत पुऱ्याइने छ। यस क्षेत्रमा कम से कम ५० प्रतिशत क्षेत्रलाई प्रति हेक्टर ३० के०जी० नाइट्रोजन उपलब्ध गराउन जोड़ दिइने छ।

(घ) **अन्य क्षेत्र**—उपर्युक्त क्षेत्रहरू बाहेक बाँकी रहेको क्षेत्रलाई अन्य क्षेत्रको रूपमा राखिने छ। यस क्षेत्रभित्र योजना अवधिमा उत्पादकता १·४४ मे. टन प्रति हेक्टरबाट वृद्धि गरी १·४५ पुऱ्याउने छ। यस क्षेत्रमा मलको हकमा प्रांगारिक मलको प्रयोगमैं जोड़ दिइने छ।

गहुँ (Wheat) :—नेपाली जनताका उपभोगमा धान र मकै उप्रान्त गहुँको तेस्रो स्थान आउँछ। यहाँ प्रतिव्यक्ति गहुँको वार्षिक खपत १७·४४ कि. ग्राम हुन्छ। यो हाम्रो वार्षिक खाद्यान्न उपभोगको १२·१६ प्रतिशत छ।[३६] यो बाली लगाउने बेलामा

---

[३६] ३६. पू. पा. टिप्पणी २८, पृष्ठ ६७

शीतल आर्द्र वायुको साथ-साथै २^{0}. C. भन्दा बढ़ी तापमान एवं भूमिमा नमीको आवश्यकता पर्दछ । बिरुवा बढ्ने बेलामा ५० देखि ७० से. मी. वर्षा पर्याप्त हुन्छ । सिंचाईको सुविधा भएमा २५ से.मी. वर्षा भएमा बाली राम्रो हुन्छ । बाली पाक्ने बेलामा शुष्क एवं उष्ण जलवायु अनिवार्य हुन्छ । पाला यस बालीलाई धेरै क्षति पुऱ्याउँछ । गहुँ बालीको उत्पादन माटो भन्दा पनि उपयुक्त जलवायुद्वारा बढ़ी प्रभावित भएं पनि नरम मटियार (Light clay), भारी दोमट (Heavy Loam) वा उपजाउ कालो माटो (Black soil or chermozem) यस बालीका लागि सर्वोत्तम हुन्छ ।

नेपालमा गहुँ बाली २०२१/२२ सालमा केवल १०० हजार हेक्टर जग्गामा लगाइएको पाइन्छ जो बढ़ेर २०३१/३२ मा २९१ हजार हेक्टर पुग्न गयो । २०४०/४१ सालमा ४७२ हजार हेक्टरमा गहुँ बाली लगाइयो र कुल उत्पादन ६३४ हजार मेट्रिक टन भयो । गहुँको प्रति हेक्टर उत्पादकत्व १·३४ मेट्रिक टन छ जो विश्वका अन्य मुलुकहरूका तुलनामा धेरै नै कम देखिन्छ । केही प्रमुख देशहरूको गहुँको उपादकत्व निम्न तालिका ७·२ मा प्रस्तुत गरिएको छ ।

तालिका ७.३

प्रमुख देशहरूको गहुँको उत्पादकत्व

(प्रति हेक्टर मेट्रिक टनमा)

देश	उत्पादकत्व
नेपाल	१·३४
जापान	२·०७
संयुक्त राज्य अमेरिका	२·०९
न्यूजील्याण्ड	२·६४
यू. ए. आर.	२·७७
फ्रांस	३·४४
इटली	२·३३

स्रोत—एन. आर. बी. सम इम्पोर्टेन्ट स्टैटिस्टिक्स इन एग्रीकल्चर नेपाल १९८५ र प्रोडक्सन इयर बूक भोल. २४, १९७०, एफ. ए. ओ., पृष्ठ ३७–७७

सातौं योजना कालमा क्षेत्रफल तथा उत्पादकत्व दुवै वृद्धि गरी ५ लाख ६३ हजार हेक्टरबाट ९ लाख मे. टन गहुँ उत्पादन गर्ने लक्ष्य राखिएको छ । यसबाट योजना कालमा ३ लाख मे. टन थप गहुँ उत्पादन हुने छ । यो उत्पादन वृद्धिबाट

आधार वर्ष (२०४१/४२ साल) को उत्पादकत्व १·३७ मे. टन प्रति हेक्टरमा वृद्धि भई १·६० मे. टन प्रति हेक्टर पुग्ने छ। उपर्युक्त लक्ष्य हासिल गर्न निम्न कार्य-क्रम-हरूको व्यवस्था गरिने छ।[37]

१. **बालीले ढाक्ने क्षेत्रफलमा वृद्धि**—बालीले ढाक्ने क्षेत्रफलमा १ लाख २६ हजार हेक्टर वृद्धि गरिने छ।

२. **उत्पादकत्व वृद्धि**—योजना कालमा २०४१/४२ को तुलनामा विशेष क्षेत्रमा उत्पादकत्व २·९५ मे. टन प्रति हेक्टरबाट बढ़ाई ३·२० मे. टन प्रति हेक्टर पुऱ्याउने लक्ष्य छ। पकेट क्षेत्रमा यो उत्पादकत्व १·७० मे. टन प्रति हेक्टरबाट बढ़ाई २·३० मे. टन प्रति हेक्टर पुऱ्याउने छ। यसै गरी सामान्य क्षेत्रमा १·३८ मे. टन प्रति हेक्टरबाट १·४६ मे. टन प्रति हेक्टर र अन्य क्षेत्रमा ०·५८ मे. टन प्रति हेक्टरबाट ०·६६ मे. टन प्रति हेक्टर पुग्ने छ।

३. **उन्नत बीउ**—बीउको आपूर्तिमा बीउ निरीक्षण तथा प्रमाणीकरण सेवालाई प्रभावकारी बनाई बीज वृद्धि कार्यक्रम संचालनबाट अधिकांश बीउ निजी क्षेत्रबाट आपूर्ति गराइने छ। संस्थागत बीउ वितरणले पुरानो जातको बीउ फेर्नु पर्ने अवस्थामा नयाँ जातको प्रयोग गराउने तर्फ जोर दिइने छ। यसरी बीउ वृद्धि कार्यक्रमका लागि योजना कालमा सरकारी फार्महरूबाट मात्र पर्याप्त प्रमाणिक बीउ उत्पादन गर्न नसकिने भएकाले छानिएका बीउ उत्पादक कृषकहरूलाई समावेश गरी बीउ उत्पादन गरिने छ। यसरी योजना अवधिमा केन्द्रीय स्तरबाट ५ हजार मैट्रिक टन प्रामाणिक बीउ उपलब्ध गराइने लक्ष्य छ।

४. **रासायनिक मल खाद**—माटोको गुण स्तर कायम राख्न प्रांगारिक मलको प्रयोग पनि निरन्तर गरिराख्नु पर्ने कुरामा सतर्कता ल्याइने छ। नाइट्रोजन फौस्फोरस र पोटासको प्रयोग मात्रामा क्रमशः बढ़ाउँदै विशेष क्षेत्रमा योजना अवधिको अन्तसम्ममा ८० : ४० : २० के. जी. प्रति हेक्टर प्रयोग गराइने छ। पकेट क्षेत्रमा यो मात्रा ६० : ३० : २० के. जीं र सामान्य क्षेत्रमा ५० : २५ : ० के. जी. प्रयोग गराइने छ। अन्य क्षेत्रमा मल खादको प्रयोग बढ़ाइने प्रयास गरिने छ।

५. **सिंचाई**—सिंचाई आयोजनाहरूबाट पानी वितरण व्यवस्थालाई प्रभावकारी बनाउन पानी उपयोग गर्नेहरूको समूहको व्यवस्था जनसहभागिताबाट गराइने छ। साथै सिंचाई आयोजनाहरूको मर्मत सम्भारको नियमित कार्य संचालन गर्दा गहुँ बालीलाई बाधा नपर्ने गरी सिंचाई कार्यक्रम र कृषि कार्यक्रममा समन्वय ल्याइने छ।

---

[37] ३७. पू. पा. टिप्पणी १७, पृष्ठ २९३–९४

सातौं योजनामा गहुँ उत्पादनमा वृद्धिको लागि संचालन गरिने कार्यक्रमहरू

१. उत्पादकत्व वृद्धि
२. उन्नत बीउ
३. रासायनिक मल खाद
४. सिंचाई

कोदो (Millet) :—अरू खाद्यान्न बाली नलाग्ने कम उर्वरा ठंडा र शुष्क पहाड़ी क्षेत्रमा कोदोको खेती गर्ने चलन छ। पहाड़ी क्षेत्रमा कम आय वर्ग किसानहरूको दैनिक उपभोगमा प्रयोग हुने यो निम्न कोटिको खाद्यान्न बाली हो। नेपालमा कोदोको प्रतिव्यक्ति वार्षिक उपभोग ९·२८ कि. ग्राम हो जो कुल खाद्यान्न उपभोगको ६·४७ प्रतिशत हुन आउँछ।[३८] धनकुटा, लमजुंग, स्याङ्जा, पाल्पा, नुवाकोट; गोर्खा, भोजपुर, सिन्धुपालचोक, काठमाडौं उपत्यकाको गाखा आदि ठाउँहरूमा मुख्य रूपले यसको खेती हुन्छ। २०४०/४१ को तथ्यांक अनुसार १ लाख २४ हजार हेक्टरमा कोदो बाली लगाइन्छ र यसको कुल उत्पादन १ लाख १५ हजार मैट्रिक टन हुन्छ। फलस्वरूप यस बालीको उत्पादकत्व प्रति हेक्टर ०·९३ हुन आउँछ।[३९] यस बालीको उत्पादकत्व अन्य खाद्यान्न बाली भन्दा कम हो। उन्नत प्रविधि विकास भैनसकेको हुँदा यसको उत्पादकत्व घट्दै गएको छ। सातौं योजना अवधिमा क्षेत्रफल वृद्धि नहुने अनुमानमा १ लाख २४ हजार हेक्टरमा खेती गरी १ लाख २० हजार मैट्रिक टन उत्पादन गरिनेछ। सातौं योजना अवधिमा उत्पादकत्व वृद्धिका लागि निम्न कदमहरू चालिने छ।[४०]

१. कोदो बालीको लागि आवश्यक पर्ने उत्पादन साधन र सेवाहरू सामान्य कार्यक्रमको रूपमा नगिचको सेवा केन्द्रहरू मार्फत आवधिक रूपमा पुऱ्याइने छन्।

२. योजना अवधिको तेस्रो वर्षसम्म अरू नयाँ जातको बीउ छनौट गरी चौथो वर्षदेखि व्यापक रूपमा कार्यक्रमलाई अघि बढ़ाउने छ।

३. हाल सिफारिशमा ल्याइएका जातहरू र पहाड़ी क्षेत्रका लागि सिफारिशमा ल्याइएका उन्नत जातका बीउ प्रयोग गराउन मिनीकीट समेतको माध्यमबाट प्रचार-प्रसार गरिने छ।

---

[३८] पू. पा. टिप्पणी २८, पृष्ठ ६७
[३९] पू. पा. टिप्पणी ३१
[४०] पू. पा. टिप्पणी १७, पृष्ठ २९७-९८

४. उन्नत बीउहरूको छनौट गरी कृषक-स्तरमा नै बीउ वृद्धि गर्न कृषकको खेतमा नै परीक्षण अध्ययनहरू गराइने छन्। बीउ वृद्धिको लागि सरकारी फार्महरूमा मूल बीउ उत्पादन र प्रमाणित बीउ तयार गर्ने कार्यहरू पनि गरिने छ।

५. रोग नलाग्ने बालीको विकास कार्यमा जोड़ दिनका साथ-साथै देखा परेका वर्महरूलाई कीटनाशक औषधिको प्रयोग गराई रोकथाम गरिने छ।

६. बाली विकास अन्तर्गत कोदो, फापर, जौ, उवा जस्ता पहाड़ी क्षेत्रको बालीको विकासको लागि एउटा छुट्टै एकाइको व्यवस्था गरिने छ। यसै एकाईबाट कोदो फापर बालीको प्रविधि विकासमा जोड दिइने छ।

७. पहाड़ी भेगमा तथा सीमान्त जमीनमा लगाउन सकिने पौष्टिक तत्व बढ़ी भएको तथा उत्पादन पनि बढ़ी दिने तर हाल खाद्यान्नको रूपमा खेती नगरिने लट्टे आदि बालीको पनि अध्ययन अनुसन्धान गरी खेती गराइने कार्यक्रम यस योजना अवधिमा संचालन गरिने छ।

८. मल खाद प्रयोगतर्फ प्रविधि विकास भैनसकेको प्राङ्गारिक मलको प्रयोग झैं जोड़ दिइने छ।

जौ (Barley)—नेपालमा जौ बाली कम उर्वरा भूमिमा लगाइने बाली मध्ये रही आएको छ। खाद्यान्नको रूपमा जौको खपत प्रतिव्यक्ति वार्षिक ३.२३ कि० ग्राम हुन्छ जो हाम्रो कुल खाद्यान्न उपभोगको २.२५ प्रतिशत हुन आउँछ।[४१] यो बाली देशको प्रायः सबै ठाउँमा केही मात्रामा भए पनि लगाइन्छ तर मुख्य रूपले यो बाली दोलखा, रामेछाप, सिन्धुली, सर्लाही, नुवाकोट, सिन्धुपाल्चोक, काठमाडौं, मकवानपुर, चितौन, डोटी, बझांग, कंचनपुर, डडेलधुरा, आदि जिल्लाहरूमा लगाइन्छ। यस बालीको लागि उन्नत प्रविधि विकास भैसकेको छैन। फलतः यसको क्षेत्रफल, उत्पादन र उत्पादकत्वमा सुधार भएको छैन। २०४०/४१ सालमा कुल २५ हजार हेक्टरमा जौको खेती भयो र कुल उत्पादन २२ हजार मैट्रिक टन भएको हुनाले जौ बालीको उत्पादकता ०.८८ मैट्रिक टन प्रति हेक्टर हुन आउँछ जो सबै खाद्यान्न बालीहरू मध्ये निम्नतम छ। सातौं योजना अवधिमा क्षेत्रफलमा कुनै वृद्धि नै नहुने अनुमानमा २५ हजार हेक्टरबाट २५ हजार मैट्रिक टन जौ उत्पादन गर्ने लक्ष्य राखिएको छ। यो उत्पादनबाट योजना अवधिमा आधार वर्ष (२०४१/४२) को उत्पादकत्व ०.९ मैट्रिक टन प्रति हेक्टरबाट १.० मैट्रिक टन प्रति हेक्टर पुग्ने छ। सातौं योजना अवधिमा यस बालीको हकमा निम्न कार्यक्रमहरू चालिने छ—

१. यस बालीका लागि आवश्यक पर्ने उत्पादन साधन र सेवा सामान्य कार्यक्रमको नजीकको सेवा केन्द्रहरू मार्फत आवद्धित रूपमा पुर्‍याइने छ।

---

[४१] पू० पा० टिप्पणी २८, पृष्ठ ६७

२. योजना अवधिको तेस्रो वर्षसम्म उन्नत बीउहरूको छनौट कार्य पूरा गरी असल ठहरिएका बीउहरूलाई बढ़ी से बढ़ी प्रयोग गराउन जोड़ दिइने छ ।

३. पहाड़ी बाली विकास तराईका व्यवस्थाबाट उवा, जौ जस्ता बालीको विकासको लागि मद्दत पुऱ्याइने छ ।

४. रोग नलाग्ने खालको उन्नत जातको बीउ प्रयोग गर्न लगाइने छ र बालीलाई कीराहरूबाट बचाउन कीटनाशक औंषधिहरूको प्रयोग गराइने छ ।

५. प्रविधि विकास नभएको हुनाले प्राङ्गारिक मलको प्रयोगमा नै जोड दिइने छ ।

६. देशमा स्थापित वियर कारखानाहरूको आवश्यकता पूर्ति गर्न माल्ट बनाउने खालको जौको पनि विकास गर्ने तथा उत्पादन बढ़ाउने कार्यक्रम संचालन गरिने छ ।

आलु (**Potato**) :—आलु नेपालको एक प्रमुख खाद्य वस्तु हो । मुख्य रूपले तरकारीको रूपमा यसको प्रयोग गरिन्छ । हलका दोमट माटो यस बालीको लागि उपयुक्त हुन्छ । यस बालीको लागि सिंचाई धेरै नै आवश्यक हुन्छ । यो बाली प्रायः देशको सबै भागमा लगाइन्छ । तर मुख्य रूपले यसको खेती पाँचथर, इलाम, सोलुखुम्भु, सिन्धुली (चिसापानी), रामेछाप, बागलुङ्ग र काठमाडौं उपत्यकामा हुन्छ । २०३४/३५ सालको तथ्याङ्क अनुसार नेपालमा कुल ५०.४ हजार हेक्टर भूमिमा आलुको खेती भएको थियो र यसको कुल उत्पादन २७१.१ हजार मैट्रिक टन भएको हुनाले प्रति हेक्टर उत्पादकत्व ५.३८ मैट्रिक टन थियो । भौगोलिक दृष्टिले हेर्ने हो भने सोही सालमा पहाड़ी क्षेत्रमा ४१.८ हजार हेक्टरमा आलु बाली लगाइएको थियो र कुल उत्पादन २१७.८ हजार मैट्रिकटन थियो । यसरी प्रति हेक्टर आलुको उत्पादन ५.२ मैट्रिक टन हुन आउँछ । सोही साल तराईमा आलुको खेती ८.६ हजार हेक्टरमा गरिएको पाइन्छ र कुल उत्पादन ५३.३ हजार मैट्रिकटन भएको हुनाले प्रतिहेक्टर आलुको उत्पादन तराई भागमा ६.२० मैट्रिक टन हुन आउँछ ।[४२] यसरी तराईमा आलुको उत्पादकता पहाड़ी भाग भन्दा बढ़ी छ । यसको मुख्य कारण तराई भागमा बढ़ी सिंचाई सुविधाको उपलब्धि नै हो । २०४०।४१ आर्थिक वर्षमा अधिराज्यभरिमा ५९ हजार हेक्टरमा आलु बाली लगाइयो र कुल उत्पादन एवं उत्पादकत्व क्रमशः २८३ हजार मैट्रिक टन र ६.३० मैट्रिक टन (प्र० हे०) थियो ।[४३]

---

४२. एच० एम० जी० एग्रीकलचरल मार्केटिंग संभिस, हैन्ड बूक अफ एग्रीकलचरल स्टैटिक्स अफ नेपाल, काठमाडौं १९७८ पृष्ठ १९-२०.

४३. पू० पा० टिप्पणी ३१.

सातौं योजना कालमा आलु उत्पादनमा योजना कालभित्र वर्तमान उपभोग्य स्तर २० के० जी० प्रतिव्यक्ति वर्षको आवश्यकता पूरा गर्न बाहिरबाट आयात गर्न नपर्ने गरी आत्मनिर्भर रहने उन्नत तथा स्वस्थ बीउ उत्पादनमा आत्मनिर्भर रही केही मात्रामा निकासी प्रवर्द्धनमा समेत टेवा पुऱ्याइने छ । यसका लागि योजना अवधिभित्र कुल आलु उत्पादन आधार वर्ष (२०४१।४२) को ४०९००० मैट्रिक टनबाट वृद्धि गरी ५४१४२५ मैट्रिक टन गरिने छ। यो उत्पादन लक्ष्य हासिल गर्दा सरदर उत्पादकत्व ६.९ बाट ८.७ मैट्रिक टन प्रति हेक्टर पुग्ने छ ।

जूट (Jute) :— जूट नेपालको सर्व प्रमुख नगदे बाली हो। यसका खेतीका लागि उब्जाऊ समतल भूमि, गरम जलवायु तथा सिचाई धेरै नै आवश्यक हुन्छ। नेपालको पूर्वी तराई वर्षा एवं माटो दुबै दृष्टिले यस बालीका लागि अति नै उपयुक्त भएको हुनाले यस क्षेत्रको झापा, मोरङ्ग र सुन्सरी जिल्लाहरूमा प्रमुख रूपले जूट बाली लगाइन्छ। २०३०।३१ सालको तथ्याङ्क अनुसार कुल उत्पादनको ९६ प्रतिशत जूट उत्पादन तराईमा र केवल ४ प्रतिशत जूट उत्पादन पहाड़ी क्षेत्रमा भएको पाइन्छ। तराई अन्तर्गत पनि २०२७-२८ को तथ्याङ्क अनुसार तराईको कुल उत्पादनको ९६.२ प्रतिशत उत्पादन पूर्वी तराई र केवल ३.८ प्रतिशत उत्पादन भित्री मधेशमा हुन्छ।[४४] हाल २०४२।४३ को तथ्याङ्क अनुसार राष्ट्रिय स्तरमा ४७.१९ हजार हेक्टरमा जूट को खेती हुन्छ र कुल उत्पादन ६१.१० हजार मे० टन भएको पाइन्छ।[४५] सातौं योजना कालमा ६.४ प्रतिशत वार्षिक दरले जूट उत्पादनमा वृद्धि गर्ने भन्ने लक्ष्य राखिएको छ।

तेलहन (Oil seeds) :—हाम्रा दैनिक आहारमा तेल उपभोगको महत्वपूर्ण स्थान छ। नेपालमा तेल बाली अन्तर्गत तोरी, आलस, बदाम, तील आदि बालीहरू लगाइन्छ। २०३८।३९ सालको तथ्याङ्क अनुसार नेपालमा कुल २२५ हजार हेक्टरमा तेलहनको खेती हुन्छ। यस मध्ये १५४ हजार हेक्टरमा तोरीको खेती हुन्छ जो कुल तेलहनले ढाकिएको क्षेत्रको ६८.४ प्रतिशत हुन आउँछ। ५९ हजार हेक्टरमा आलसको खेती हुन्छ। बदाम, तील एवं अन्य जातको तेलहन पनि केही मात्रामा (प्रत्येक ४ हजार हेक्टरको दरले) लगाइन्छ।[४६] यसरी तोरी नै सब भन्दा प्रमुख तेलबाली हो र यसको उत्पादन एवं निकासी सम्भाव्यता पनि धेरै नै छ। उदयपुर, सिन्धुली, मकवानपुर, चितौन, रौतहट, रूपन्देही, दाङ, देउखुरी, बाँके, वर्दिया, कैलाली आदि

---

[४४] पू. पा. टिप्पणी २८, पृष्ठ ८०

[४५] पू. पा. टिप्पणी ४२, पृष्ठ १६.

[४६] ऐजन पृष्ठ ३६.

जिल्लाहरूमा मुख्य रूपले तोरी बाली लगाइन्छ । २०४०।४१ आर्थिक वर्ष अन्तर्गत कुल ११० हजार हेक्टरमा तेलबालीको खेतीबाट ७३ हजार मे० टन उत्पादन भएको हुनाले तेलबालीको प्रति हेक्टर उत्पादकत्व ०.६६ मे० टन भएको पाइन्छ ।[४७] सातौं योजना कालमा तेलबालीमा आधार वर्ष (२०४१।४२) को १ लाख १३ हजार हेक्टरबाट १ लाख २९ हजार हेक्टर पुऱ्याई ७७ हजार मे० टन उत्पादन स्तरबाट ९५ हजार मे० टन उत्पादन गर्ने लक्ष्य छ । यसबाट योजना कालमा १८ हजार मे० टन थप तेलहन उत्पादन भै यसको उत्पादकत्व ०.६८ मेट्रिक टन प्रति हेक्टरबाट ०.७४ मे० टन प्रति हेक्टर पुग्ने छ । कुल तेलहन उत्पादनमा करीब १२ प्रतिशत बदामको देन रहने छ ।

उखु (**Sugar-cane**) :—उखु पनि हाम्रो एउटा प्रमुख नगदेबाली हो । मोरङ्ग चीनी कारखाना, बीरगंज चीनी कारखाना, मोरङ्ग सुगर एण्ड जेनरल इन्डस्ट्रीज भैरहवा जस्ता कारखानाहरूको साथ साथै घरेलु उद्योगको रूपमा रहेका सखर, चाकु उद्योगलाई पनि यसले टेवा दिंदै आएको छ । चीनी, सखर जस्ता वस्तुहरूको आयात प्रतिस्थापन गरी उखु बालीले विदेशी मुद्रा बचत गर्नमा निकै योगदान गरेको छ । उखुको खेती हुने मुख्य क्षेत्रहरू निम्न प्रस्तुत गरिएको छ ।

(क) मध्य तराई भाग :—यस क्षेत्र अन्तर्गत बारा, पर्सा रौतहट, आदि जिल्लाहरू उखु खेतीका लागि प्रसिद्ध छन् । उखु बालीले ढाकिएको क्षेत्र एवं उत्पादन दुवै दृष्टिकोणले यस बालीको सर्व प्रमुख क्षेत्र यही नै हो । २०४०।४१ सालको तथ्याङ्क अनुसार यस क्षेत्रमा १०६०० हेक्टर क्षेत्रमा उखुको खेती भएको थियो जो त्यस सालमा लगाइने अधिराज्यको कुल उखु क्षेत्र २२७४० हेक्टर क्षेत्रको ४६.६ प्रतिशत हुन आउँछ । उत्पादनको दृष्टिले हेर्ने हो भने यस क्षेत्रको उत्पादन देशको कुल उखु उत्पादनको ५१.७ प्रतिशत हुन आउँछ ।[४८]

(ख) पश्चिमी तराई :—उखु बालीको लागि यस क्षेत्रको दोस्रो स्थान छ । यस क्षेत्र अन्तर्गत नवलपरासी, रूपन्देही र कपिलवस्तु जिल्लाहरू पर्दछन् । यस क्षेत्रमा २०४०।४१ को तथ्याङ्क अनुसार कुल ६३१० हेक्टर भूमिमा उखु बाली लगाइएको थियो जो अधिराज्यको कुल उखु क्षेत्रको २९.९ प्रतिशत पर्दछ । उत्पादनको दृष्टिले पनि कुल उत्पादनको २८ प्रतिशत उत्पादन केवल यसै क्षेत्रमा नै हुन्छ ।[४९]

---

[४७] पू. पा. टिप्पणी ३१.

[४८] एच. एम. जी., एरिया एण्ड प्रोडक्सन अफ मेजर क्रौप्स (१९७०।७१–१९८५।८६), मिनिस्ट्री अफ एग्रीकलचर, एग्रीकलचरल स्टैटिस्टिक्स डिभिजन, १९८६, पृष्ठ ९६.

[४९] ऐजन पृष्ठ ९६

(ग) पूर्वी तराई :—पश्चिमी तराई उप्रान्त उखु बालीको तेस्रो स्थान पूर्वी तराईको नै आउँछ। यस क्षेत्र अन्तर्गत मोरङ्ग र सुन्सरी जिल्लाहरू उखु बालीको लागि प्रसिद्ध छन्। २०४०।४१ को तथ्यांक अनुसार यस क्षेत्रमा कुल ३१७० हेक्टरमा उखुको खेती गरिन्छ जो अधिराज्यको उखु बालीले ढाकिएको कुल क्षेत्रको १३.९ प्रतिशत पर्दछ। उत्पादनको दृष्टिले पनि देशको कुल उत्पादनको १२.१ प्रतिशत उखु यसै क्षेत्रमा उत्पादन हुन्छ।[५०]

(घ) मध्य पहाड़ :—यस क्षेत्र अन्तर्गत पनि रामेछाप, भक्तपुर, ललितपुर, काठमाडौं, धादिंग, मकवानपुर आदि जिल्लाहरूमा उखुको खेती गरिन्छ। २०४१।४२ को तथ्याङ्क अनुसार यस क्षेत्रमा १२९० हेक्टर जग्गा (अधिराज्यको कुल उखुले ढाकिएको क्षेत्रको ५.७ प्रतिशत) मा उखुको खेती गरिन्छ। अधिराज्यको कुल उखु उत्पादनको ३.९ प्रतिशत उखु उत्पादन यस क्षेत्रमा हुन्छ।[५१]

बढ्दो जनसंख्या र शहरी क्षेत्रको चीनीको माँगलाई दृष्टिगत गरी उखु उत्पादन अझै बढ़ाउँदै जानु पर्ने आवश्यकतालाई ध्यानमा राखी सातौं योजना कालमा आधार वर्ष (२०४१।४२) को २१ हजार हेक्टरबाट बढ़ाई २८ हजार ३८० हेक्टर क्षेत्रफल र उत्पादन ५ लाख मैट्रिक टनबाट बढ़ाई ८ लाख मैट्रिक टन उखु उत्पादन गरिने लक्ष्य राखिएको छ। यसबाट योजना अवधिमा ३ लाख १ हजार मे० टन उखु थप हुने छ। उखुको उत्पादकत्व पनि आधार वर्षको २४ मे० टन प्रति हेक्टरबाट बढ़ी २९ मे० टन प्रति हेक्टर पुग्ने छ।

सुर्ती (Tobacco) :—सुर्ती बाली प्रायः तराई एवं भित्री मधेशका सबै जिल्लाहरूमा हुन्छ, तर व्यावसायिक दृष्टिले भन्ने हो भने सप्तरी, सुन्सरी, मोरङ्ग, धनुषा, महोत्तरी, सर्लाही, सिरहा, पर्सा आदि जिल्लाहरूमा मुख्य रूपले यो बाली लगाइन्छ। यी जिल्लाहरूमा यस बालीका लागि आवश्यक हुने पानी नपर्ने समतल एवं बलौटे माटो भएको जग्गा प्रसस्त रूपमा पाइन्छ। वि. सं. २०२१ सालमा जनकपुर चुरोट कारखाना र २०२८ सालमा सुर्ती विकास कम्पनी लिमिटेडको स्थापनाले गर्दा यस बाली विकासलाई निकै टेवा पुगेको छ। २०४०।४१ को तथ्यांक अनुसार देशमा ९०५० हेक्टर भूमिमा सुर्ती बाली लगाइन्छ र कुल उत्पादन ६८८० मै. टन हुन्छ। यसरी हाम्रो देशमा सुर्तीको प्रति हेक्टर उत्पादकत्व ०.७६ मे. टन हुन्छ।[५२] सातौं योजना कालमा सुर्ती बालीको गुण स्तर बढ़ाउने अध्ययन अनुसन्धान गरी प्रविधि

---

[५०] ५०. ऐंजन

[५१] ५१. ऐंजन

[५२] ५२. ऐंजन

विस्तारबाट आधार वर्ष (२०४१।४२) को उत्पादकत्व ०·७६ मे. टन प्रति हेक्टरबाट बढ़ाएर ०·८२ मे. टन प्रति हेक्टर पुऱ्याउने लक्ष्य छ।

चिया (Tea) :—चियाको खेतीका लागि गरम आर्द्र जलवायु, पर्याप्त वर्षा र पानी नजम्ने ढालुआ जग्गा चाहिन्छ। पानी परिरहेमा सधैं नयाँ-नयाँ पातहरू पलाई रहन्छन् र प्रति हेक्टर उत्पादन बढ़ी हुन्छ। तर यसको जरा ज्यादै कोमल हुने हुनाले पानी जम्नु हुँदैन। फलस्वरूप पहाड़ी ढाल चिया खेतीका लागि बढ़ी उपयुक्त हुन्छ। नेपालमा चिया खेतीको इतिहास धेरै पुरानो छैन। यहाँ चिया खेती सर्व प्रथम वि. सं. १९२० सालमा इलाममा गरियो। सो साल चिया खेती गर्दा दार्जीलिङबाट झिकाइएको प्राविधिज्ञहरूको निर्देशनमा चिया खेती गरिएको थियो। त्यस पछि वि. सं. १९२२ सालमा सोक्तिममा पनि चिया खेती प्रारम्भ गरियो। वैज्ञानिक ढंगले चिया खेती संचालन गर्ने, भैरहेको चिया बगानहरूलाई सुधार गर्ने, चिया खेतीको क्षेत्रफलमा वृद्धि गर्ने, आवश्यक आर्थिक एवं प्राविधिक सहायताद्वारा सरकारी एवं निजी क्षेत्रमा चिया खेतीलाई प्रोत्साहन दिने र घरेलु उपभोगको साथ-साथै निर्यातको लागि पनि चिया उत्पादन गर्ने भन्ने उद्देश्यले कम्पनी ऐन २०२१ (Company Act 1964) अन्तर्गत वि. सं. २०२३ साल (सन् १९६६ ई०) मा ५० लाखको अधिकृत पूँजीबाट नेपाल चिया विकास निगम (Nepal Tea Development Corporation) को स्थापना गरियो। हाल यस निगमको अधिकृत पूँजी १० करोड़ छ। हाल अधिराज्यमा सरकारी क्षेत्र अन्तर्गत इलाम, सोक्तिम, कन्याम, टोक्ला, बर्ने र बारादाशी गरी ६ वटा चिया बगानहरू छन्। चिया बगानहरूको क्षेत्रफल ५६६·८ हेक्टर छ र कुल उत्पादन १२४ मेट्रिक टन हुन्छ। यसै गरी निजी-क्षेत्रमा पनि नक्कलबन्दा टी स्टेट, सत्ती घट्टा टी स्टेड, गिरी बन्धु टी स्टेड, मित्तल टी स्टेट, बुद्धकरण एण्ड सन्स प्रा. लि. र हिमालय टी गार्डेन एण्ड फार्मिङ्ग प्रा. लि. गरी ६ वटा चिया बगानहरूमा कुल १०६० हेक्टरमा चिया खेती गरिन्छ। यी निजी क्षेत्रहरूमा कुल ३१८ मेट्रिक टन चिया उत्पादन हुन्छ।[५३] उपर्युक्त चिया बगानको साथ-साथै देशको अन्य पहाड़ी भागहरूमा पनि सानो आकारमा चिया खेती गरिन्छ। हाल अधिराज्यमा चिया बोटले ढाकिएको क्षेत्रफल २०५४ हेक्टर छ र चियाको कुल उत्पादन ९०० मेट्रिक टन हुन्छ। प्रतिव्यक्ति वार्षिक १३५ ग्राम चियाको उपभोगको अनुमानमा हालको आन्तरिक उत्पादन कुल आवश्यकताको करीब ४० प्रतिशत मात्र रहेकोले आन्तरिक उपभोगको लागि चिया आयात गर्न परेको स्थिति रहेको छ। सातौं योजनाको अन्तसम्म चिया बोटले ढाकिने क्षेत्रफल

---

५३. आचार्य रामेश्वर, नेपालमा चिया खेतीको विकास र यसको वर्तमान स्थिति तथा भविष्य, नेपाल ब्याङ्क पत्रिका, नेपाल ब्याङ्क लिमिटेड, पूर्णाङ्क १३८, काठमाडौं वि. स. २०३९ चैत्र मसान्त, पृष्ठ ९–१०

निजी क्षेत्रमा क्षेत्र विस्तार समेतबाट ५४२७ हेक्टर पुऱ्याउने छ र चिया उत्पादनमा वृद्धि गरी १५६९ मेट्रिक टन पुऱ्याई देशमा चियाको आवश्यकताको ६० प्रतिशत आन्तरिक उत्पादनबाट पूरा गरी आत्मनिर्भरता बढ़ाउने लक्ष्य राखिएको छ।[५४]

अलैंची (Cardamom) :—अलैंची नेपालको एउटा महत्वपूर्ण मसला बाली हो। यसको खेती सुदूर पूर्वका पहाड़ी भेकका जिल्लाहरूमा गरिन्छ। यी जिल्लाहरूमध्ये पनि मुख्य रूपले इलाम जिल्लामा यसको खेती हुन्छ। अन्य जिल्लाहरूमध्ये पाँचथर, तेह्रथुम, तापलेजुङ्गमा यसको खेती हुन्छ। समुद्र तलदेखि २५०० फीटदेखि ६,००० फीटसम्म उंचाईका पहाड़हरूमा पानी नजम्ने बलौटे माटो केही भिरालो र चिस्यानी जग्गा यसको लागि उपयुक्त हुन्छ। यसको खेतीका लागि शेप पार्न जंगलं लगाउनु पर्ने हुन्छ। अलैंची खेतीले ढाकेको क्षेत्रफलमा दिनानुदिन वृद्धि हुँदैछँ। सन् १९७४–७५ ई० मा १७४० हेक्टरमा अलैंचीको खेती गरिन्थ्यो भने सन् १९७९–८० ई० मा अनुमानित २७४० हेक्टर जग्गामा यसको खेती गरिएको पाइन्छ। यसको उत्पादनं सन् १९७३–७५ र सन् १९७८ मा क्रमशः ५२० मेट्रिक टन र ९४० मेट्रिक टन भएको थियो। यसरी कुल कृषि उत्पादनको ०·११ प्रतिशत अलैंची खेतीबाट प्राप्त हुन्छ।[५५] सन् १९८२–८३ ई० मा रु० ५७ लाख ८० हजार मूल्य बराबरको एलाइचीको निर्यात गरियो। यो कुल समुद्रपार जूट र जूटका सामानहरूबाहेक हाम्रो कुल निकासी मूल्यको २ प्रतिशत हुन आउँछ।[५६] सातौं योजना कालमा कार्यक्रमले ढाकेका क्षेत्रबाट २००० मेट्रिक टन अलैंची उत्पादन गर्ने लक्ष्य राखिएको छ।

फल-फूल :—हाम्रो खानामा पोषक तत्त्वको अभावलाई पूर्ति गर्नमा फल-फूलको विशेष महत्व हुन्छ। जनसंख्यामा वृद्धि, पर्यटकहरूको संख्यामा वृद्धि एवं आहार-बानीमा परिवर्तनले गर्दा अधिराज्यमा फल-फूलको माँगमा दिनानुदिन वृद्धि हुँदैछ। हामोले बढ्दो फल-फूलको आवश्यकताको पूर्ति आयातद्वारा गर्नु परेको छ। तर जलवायुको भिन्नताले गर्दा देशको विभिन्न भाग विभिन्न फल-फूलको खेतीको लागि उपयुक्त छ। तराई र चूरे क्षेत्रको जलवायु गरम भएको हुनाले आँप, लिची, कटहर, मेवा, केरा आदिको लागि उपयुक्त छ र यी फल-फूलहरूको यहाँ खेती पनि हुन्छ। त्यसै गरी पहाड़ी क्षेत्रमा ठंडा जलवायुले गर्दा यी ठाउँहरूमा सुन्तला, स्याउ, भूईंकटहर आदिको खेती गरिन्छ। यी फल-फूलहरूको उत्पादनमा वृद्धि गरेमा हाम्रो खानामा पोषक तत्त्वमा

---

[५४] राष्ट्रिय योजना आयोग, सातौं योजना, पृष्ठ ३०९–१०

[५५] गुरुङ्ग नरेन्द्र कुमार, नेपालमा अलैंची खेती एक अनुभव, नेपाल बैंक पत्रिका, नेपाल बैंक लिमिटेड, पूर्णाङ्क १२२, वि. स. २०३८ मंसीर मसान्त, पृष्ठ ३१–३२

[५६] ट्रेड प्रोमोशन सेन्टर, नेपाल ओभरसीज ट्रेड स्टैटिस्टिक्स १९८२–८३, काठमाडौं, टेबुल १४, पृष्ठ १३३

वृद्धिको साथ-साथै यी फल-फूलहरूको आयातमा कमी हुन सक्छ र यसबाट धेरै मात्रामा विदेशो मुद्राको पनि बचत हुन्छ। व्यावसायिक स्तरमा फल-फूलको खेती गरेमा यसको निर्यातद्वारा विदेशी मुद्रा आर्जन गर्ने पर्याप्त सम्भावना छ। पुनश्च: नेपालको पहाड़ी भागमा पहिरो जाने समस्याको साथ-साथै कृषि विकासको सम्भावना पनि सीमित छ। ती क्षेत्रहरूमा फल-फूलहरूको खेती गरेमा फल-फूलको जरोले त्यहाँको माटोलाई अड्याई राख्न सक्छ र फलोत्पादनबाट त्यहाँका किसानहरूको आयमा पनि वृद्धि हुन सक्छ। हाल वि. सं. २०४०–४१ को तथ्याङ्क अनुसार अधिराज्यमा कुल ५१·१७६ हेक्टर जग्गामा फल-फूलको खेती गरिन्छ र देशमा फल-फूलको कुल उत्पादन ३,४३,२०४ मेट्रिक टन हुन्छ। २०४१–४२ मा देशमा फल-फूलको प्रति व्यक्ति खपत २०·५६ कि. ग्राम छ। सातौं योजनाको अन्त सम्म अधिराज्यमा फल-फूल उत्पादन गर्ने कुल क्षेत्रफलमा वृद्धि गरी ६३;१२६ हेक्टर पुऱ्याउने र कुल उत्पादन ४,६१,७४३ मे. टन गर्ने लक्ष्य राखिएको छ। प्रतिव्यक्ति फल-फूलको खपत पनि २०४०।४१ को २०.२६ के. जी. बाट वृद्धि गरी २०४६।४७ सम्म २०.४७ के. जी. पुऱ्याउने लक्ष्य छ जो निम्न तालिकाबाट प्रष्टिन्छ--

तालिका ७.४

सातौं योजनामा फल-फूल उत्पादन लक्ष्य

क्षेत्रफल-हेक्टरमा
उत्पादन मे. टनमा

विवरण	आर्थिक वर्ष २०४१।४२ सम्मको स्थिति	आर्थिक वर्ष २०४६।४७ को लक्ष्य
कुल क्षेत्रफल	५१,१७६	६३,१२६
कुल उत्पादन	३,४३,२०४	४,६१,७४३
प्रतिव्यक्ति खपत (के० जी० मा)	२०.६	२४.२७

(स्रोत—राष्ट्रिय योजना आयोग, सातौं योजना, तालिका नं० ३२ पृष्ठ ३२०)

Model Questions

1. Discuss the importance of agriculture in Nepalese economy.
नेपालको अर्थ व्यवस्थामा कृषिको महत्व बारे छल-फल गर्नुहोस्।

2. Write in short the causes of low Productivity in Nepalese agriculture.
नेपालको कृषिमा न्यून उत्पाकत्वका कारणहरू के-के हुन् ? संक्षेपमा लेख्नुहोस् ।
पी० सी० एल० एलाइड २०४०

3. Discuss the problems of Nepalese agriculture. What Measures have been taken by H. M. G. to increase agriculture production.
नेपालको कृषिको समस्याबारे विवेचना गर्नुहोस् । श्री ५ को सरकारद्वारा उत्पादनमा वृद्धिका लागि के-के प्रयासहरू गरिएको छ ।

4. Describe the characteristics of Nepalese agriculture.
नेपालको कृषिको विशेषताबारे वर्णन गर्नुहोस् ।

5. What are the importance and problems of Nepalese agriculture ?
नेपालको कृषिको महत्व एवं समस्याहरू के-के हुन् ? पी० सी० एल० २०३९

6. संक्षेपमा टिप्पणी लेख्नुहोस्
(क) नेपालका प्रमुख खाद्यान्न बालीहरू सी० एल० एलाइड २०४०
(ख) नेपालका प्रमुख नगदेबालीहरू के-के हुन्
(ग) नेपालमा चिया खेतीको महत्व सी० एल० २०४०
(घ) नेपालका मुख्य कृषि बालीहरू सी० एल० २०४०

●

अध्याय
: ८ :

कृषि-श्रम
(Agricultural Labour)

कृषि श्रमको अर्थ—कृषि श्रम हाम्रो ग्रामीण अर्थ-व्यवस्थाको महत्वपूर्ण शृंखला हो। कृषि-श्रम अन्तर्गत हामी पारिश्रमिक लिएर खेत जोत्ने, बाली लगाउने, बाली काट्ने जस्ता कृषिकार्यको साथ-साथै पशुपालन, कुखुरा पालन, माहुरी पालन आदि कामहरूमा लागेका श्रमिकहरूलाई लिन्छौं। तर हाम्रो देशमा परिश्रमको आधारमा कृषि श्रमिकलाई पारिभाषित गर्नु पूर्ण रूपले उपयुक्त देखिंदैन। यहाँको ग्रामीण क्षेत्रमा धेरै जसो मानिस वर्षको केही दिन पारिश्रमिक लिएर अर्काको खेतमा काम गर्छन् र केही दिन बेरोजगार रहन्छन् वा आफ्नै खेतमा काम गर्दछन् वा मोहीको रूपमा अर्काको जग्गा कमाउँछन्। यस परिस्थितिमा ज्याला नै मुख्य आम्दानीको स्रोत हुने सबै मानिसहरूलाई कृषि श्रम अन्तर्गत शामेल गर्न उपयुक्त देखिन्छ। तसर्थ मूल रूपले अदक्ष, असंगठित र खेतमा शारीरिक परिश्रम गरी जीविकोपार्जन गर्ने सबै मानिसहरूलाई कृषि श्रमिक भन्न सक्छौं।

कृषि श्रमिकको प्रकृति—(Nature of agricultural Labour) :—कृषि श्रमिकहरूका प्रकृति वा विशेषताहरू निम्नांकित छन्—

(१) श्रम-विभाजन एवं विशिष्टीकरणको अभाव :—कृषि क्षेत्र अन्तर्गत सम्पादित हुने खेत जोत्ने, बाली लगाउने, बाली काट्ने, दाईं गर्ने जस्ता प्रक्रियाहरू एकैसाथ सम्पादित नभई विभिन्न समयमा हुने हुनाले एकै श्रमिकले विभिन्न प्रक्रिया अन्तर्गत संलग्न रहनुपर्दछ। फलस्वरूप श्रम-विभाजन एवं विशिष्टीकरण हुन सक्तैन।

(२) कतिपय श्रमिकहरू भूमिहीन छन्—नेपालमा कतिपय श्रमिकहरू भूमिहीन अवस्थामा छन्। यी भूमिहीन श्रमिकहरू मध्ये केही श्रमिकहरू स्थायी रूपले कुनै भूमिपतिको काम गर्दछन्। भूमिपतिले आवश्यक परेको बेलामा यी श्रमिकहरूलाई कर्जा दिन्छन्। यिनका छोरा-छोरी पनि साना उमेरदेखि मालिकको घरमा धन्दा गर्ने, गाई वस्तु हेर्ने आदि काम गर्दछन्। मालिकको इच्छा विरुद्ध यी मजदूरहरूले अन्य ठाउँहरूमा काम गर्न पाउँदैनन्। यी श्रमिकहरूलाई अन्नको रूपमा परम्परादेखि चलिआएको ज्याला दिइन्छ। केही भूमिहीन श्रमिकहरू अस्थायी रूपले काम गर्दछन्। यिनीहरूको ज्याला बजार दरमा निर्धारित हुन्छ।

(३) कतिपय श्रमिकहरूसँग थोरै मात्रामा आफ्नो जग्गा पनि हुन्छ—कतिपय श्रमिकहरूसँग थोरै मात्रामा आफ्नो जग्गा पनि छ। थोरै जग्गा हुने श्रमिकहरू मोहीको रूपमा पनि मालिकको केही जग्गा कमाउँछन्। तर यी श्रमिकहरू आफ्नो ज्यादा समय ज्याला लिएर काम गर्नेमा नै लगाउँछन्।

कृषि मजदूरका समस्याहरू
(Problems of Agricultural Labour)

नेपालको कृषि क्षेत्रमा काम गर्ने श्रमिकहरूको स्थिति अत्यन्तै दयनीय छ। यी श्रमिकहरू गरीवी, बेरोजगारी, अस्वस्थता, अनिश्चितता एवं भोका नांगा अवस्थामा छन्। ती श्रमिकहरूका मुख्य समस्याहरू निम्न प्रस्तुत गरिन्छ—

(१) **बेरोजगारी**—नेपालको कृषि श्रमिकहरूमा ठूलो बेरोजगारीको स्थिति छ। श्रमिकहरूले निरन्तर काम पाउँदैनन्। स्थायी रूपले कुनै जग्गा धनी कहाँ काम गर्ने मजदूरहरू अन्य ठाउँहरूमा काम पनि गर्न पाउँदैनन्। अस्थायी श्रमिकहरूमा बेरोजगारीको समस्या अझै गम्भीर अवस्थामा छ। श्रमिकहरूको काम गर्ने अवस्था पनि अत्यन्त कष्टकारी छ। बिहानदेखि बेलुकासम्म घाम र पानीमा काम गर्नुपर्दछ। कामको घंटा पनि निश्चित छैन। औद्योगिक श्रमिकहरू झैं उनीहरू बिदा पाउँदैनन्। रोजगारीको यस अवस्थाले श्रमिकहरूको स्वास्थ्य, कार्यक्षमता आदिलाई प्रतिकूल ढंगले प्रभावित गर्दछ।

(२) **आय-स्तर**—कृषि मजदूरहरू वर्षमा धेरै दिनसम्म बेरोजगार अवस्थामा रहन्छन्। घरेलु उद्योगहरूको अभावले गर्दा केही केही अतिरिक्त आय प्राप्त गर्ने अवस्था पनि छैन। गाउँमा अधिकांश ज्याला अन्नको रूपमा नै दिने चलन छ। रोजगारी पाउने दिनको ज्याला पनि अत्यन्तै कम भएको हुनाले जीवन यापन गर्न नै अत्यन्त कठिन भएको छ।

(३) **जीवन-स्तर**—कृषि मजदूरहरू निरन्तर रूपले वर्षभरि काम पाउँदैनन्। फलस्वरूप उनीहरूको आय अत्यन्तै कम छ। खाना, लत्ता-कपड़ा, घर, बालबालिकाहरूलाई शिक्षा जस्ता निम्नतम आधारभूत आवश्यकताहरूको पूर्ति पनि हुन पाउँदैन। आफ्ना अधिकांश आय खाद्यान्नमा नै खर्च गर्दछन्। मकै-कोदो जस्ता निम्न स्तरका खाद्यान्नहरू नै खान्छन्। खानामा सब्जी, दूध, माछा, मासु जस्ता पोषक वस्तुहरूको अभाव रहन्छ। एकै घरमा 'आफू, बाल-बच्चा र आफूले पाल्ने गाई-बाख्रा पनि राख्नु पर्ने स्थितिले गर्दा पशुकै जीवन व्यतीत गर्ने स्थिति छ।

(४) **शिक्षाको अभाव**—कृषि मजदूरहरू पूर्ण रूपले अशिक्षित अवस्थामा छन्। निम्नतम शिक्षाको अभावले गर्दा मजदूरमा जात-पात, छुआ-छुत, भाग्यवादिता, जुवा खेल्ने, रक्सी खाने जस्ता नराम्रा बानीहरू बसेका छन्।

(५) **स्वास्थ्य**—अत्यधिक गरीबी, अशिक्षा आदिले गर्दा उनीहरूको स्वास्थ्य स्तर अत्यन्त दयनीय अवस्थामा छ र मजदूरहरू भयंकर रोगको शिकार पनि भएका छन्।

(६) उत्पादकता शिक्षा एवं तालिमको अभाव, कुपोषणले गर्दा स्वास्थ्यको दयनीय स्थितिको कारणबाट कृषि मजदूरहरूको उत्पादकता धेरै नै कम छ। यस निम्न उत्पादकताको स्थितिमा मालिक बढ़ी मजदूरी दिने स्थितिमा पनि छैन।

(७) ऋणग्रस्तता--कृषि मजदूरहरूको आय अत्यन्तै कम छ। निम्न आयले गर्दा मजदूरहरू धेरै नै ऋणग्रस्त छन्। उनीहरूको ऋणग्रस्तता दिनानुदिन बढ़दै गैरहेको छ। सन् १९६९/७० ई० मा प्रति साना किसान परिवारको ऋण-भार रु० ३१६ थियो जो १९७६/७७ ई० मा बढ़ेर रु० ५१३ पुग्न गएको छ[1]। ऋणग्रस्तता पुस्तेनी हुँदै गएको हुनाले काम गर्ने स्वतंत्रता पनि समाप्त हुन जान्छ र उनीहरूले दासताको जीवन व्यतीत गर्नुपर्दछ।

(८) असंगठित--कृषि मजदूरहरू असंगठित छन्। औद्योगिक मजदूरहरू झैं उनीहरूले मजदूर यूनियन बनाउन सकेका छैनन्। फलस्वरूप उनीहरूको मोल-तोल गर्ने शक्ति (Bargaining Power) कम छ र शोषणको शिकार भएका छन्।

(९) सामाजिक स्थिति--कृषि मजदूरहरू गरीबी, बेरोजगारी, अस्वस्थता आदिको स्थितिमा छन्। यस पिछड़िएको स्थितिले गर्दा समाजमा उनीहरूको केही कदर छैन।

कृषि मजदूरका समस्याहरू

(१) बेरोजगारी
(२) निम्न आय-स्तर
(३) निम्न जीवन-स्तर
(४) शिक्षाको अभाव
(५) दयनीय स्वास्थ्य स्थिति
(६) निम्न उत्पादकता
(७) ऋण-ग्रस्तता
(८) असंगठित
(९) समाजमा प्रतिष्ठाको अभाव

Model Questions

(1) Define agricultural Labour. Discuss the nature and Problems of agricultural labour in Nepal.

कृषि-श्रमको परिभाषा दिनुहोस्। नेपालका कृषि-श्रमिकको प्रकृति एवं समस्याहरूबारे छल-फल गर्नुहोस्।

---

[1] नेपाल राष्ट्र बैंक, 'एग्रीकलचरल क्रेडिट रिभ्यू सर्वे नेपाल, भौल १, काठमाडौं १९८०, पृ. १५४.

अध्याय
: ९ :

सिचाई
(Irrigation)

कृषि उत्पादन वास्तवमा उत्पादनको प्रविधि एवं उन्नत किसिमका बीउ-बिरुवा, रासायनिक मल; कीटनाशक औषधि जस्ता कृषि उत्पादनका साधनहरू (Input) को कति मात्रामा प्रयोग गरिन्छ भन्ने कुरोमा निर्भर गर्दछ। सिंचाई कृषि उत्पादनको सर्वप्रमुख साधन हो। यसको अभावमा कृषिमा नयाँ प्रविधिको प्रयोग हुन सक्तैन। यो कृषिको लागि जीवन नै हो। हाम्रो कृषि योग्य भूमिको ८७ प्रतिशत भागमा सिचाई सुविधा उपलब्ध छैन। फलस्वरूप किसानहरूको भाग्य मनसूनको दयामा नै निर्भर गर्दछ। देशमा ९१ प्रतिशत मानिस कृषिमा निर्भर छन् र कुल राष्ट्रिय उत्पादनमा कृषि क्षेत्रको योगदान ५३ प्रतिशत छ। यस्तो परिस्थितिमा कृषि क्षेत्रको विकास नभई अर्थव्यवस्थाको कुनै पनि क्षेत्रको विकास सम्भव छैन र व्यवस्थित रूपमा सिचाई सुविधा उपलब्ध भएमा कृषिमा आधुनिकीकरण हुन सक्छ र हाम्रो कृषि उत्पादन एवं उत्पादकत्वमा वृद्धि हुन सक्छ। सिचाईद्वारा हाम्रो कृषिलाई के कस्तो लाभ हुन सक्छ भन्ने कुराको संक्षिप्त वर्णन निम्न अनुसार प्रस्तुत गरिएको छ—

(१) **वर्षाको अभाव एवं त्यसको असमान वितरणबाट कृषिको रक्षा**—नेपालमा बाह्रै महीना पानी पर्दैन। यहाँ आषाढ़देखि भदौसम्म तीन महिना मात्र मनसूनको रूपमा वर्षा हुन्छ। ९०·४ प्रतिशत पानी यसै तीन महिनाभित्र पर्दछ र बाँकी ९ महीनामा केवल ९·६ प्रतिशत[1] पानी मात्र पर्ने हुनाले बालीको लागि पानीको अत्यधिक अभाव हुन जान्छ। देशको सबै भागमा वर्षाको मात्रा पनि समान छैन। पोखरामा अधिकतम ४००० मी० मी० पानी पर्दछ भने मुस्ताङ्गमा केवल २५० मी० मी०। सरदर रूपले देशमा १७०० मी० मी० पानी पर्दछ। पुनश्च: वर्षा अनियमित पनि हुन्छ। कुनै साल धेरै पानी पर्दछ त कुनै साल थोरै। यस प्रकार वर्षाको अभाव, देशमा त्यसको असमान वितरण एवं अनियमितताबाट कृषिलाई धेरै नै नोक्सान हुन्छ। सिचाईको व्यवस्थाद्वारा यी समस्याहरूको समाधान गर्न सकिन्छ।

(२) **वहु-बाली लगाउनको लागि**—हाम्रो जनसंख्या २·६६ प्रतिशतको दरले बढ्दै छ र कुल भौगोलिक क्षेत्रको १८ प्रतिशत भागमा खेती हुन्छ। बढ्दो

---

[1] शर्मा सी० के०, नेचुरल रिसोर्सेज अफ नेपाल, काठमाडौं १९७८, पृष्ठ १९०.

खाद्यान्नको आवश्यकताको पूर्तिको लागि कृषि योग्य भूमिको मात्रा बन-जंगल काटेर बढ़ाउन सम्भव छैन। बनको मात्रा अझै घट्न गयो भने वातावरणमा यसको धेरै नै प्रतिकूल असर पर्न जाने हुन्छ। तसर्थ बढ्दो खाद्यान्नको आवश्यकताको पूर्ति गहन-कृषि-प्रणाली (Intensive cultivation method) द्वारा अर्थात् जग्गामा सालमा एक बाली मात्र नलगाएर एक भन्दा बढी बाली लगाएर नै गर्नु पर्दछ। सिंचाई सुविधाको वृद्धि हुँदा एक भन्दा बढ़ी बाली लगाउन सकिन्छ अर्थात् बाली गहनता (Cropping Intensity) मा वृद्धि हुन्छ। एग्रीकलचरल क्रेडिट रिभ्यू सर्वे अनुसार सरदर रूपले असिंचित भूमिको बाली गहनता (Cropping Intensity) १३३·८४ छ तर सिंचित भूमिको बाली गहनता १४७·२४ छ।[२] यसरी बाली गहनतामा वृद्धि अर्थात् एकभन्दा बढी बाली लगाउनका लागि सिंचाई सुविधामा वृद्धि अनिवार्य देखिन्छ।

(३) कृषि उत्पादनमा वृद्धि :—उन्नत किसिमका बीउ, रासायनिक मल र आधुनिक कृषि औजारहरूको प्रयोग गरी सिंचाई सुविधा उपलब्ध भएको जग्गामा धेरै नै उत्पादन बढ़ाउन सकिन्छ। नेपाल राष्ट्र ब्याङ्कको रिभ्यू सर्वे अनुसार उन्नत किसिमको धानको उत्पादन सिंचित भूमिको दाँजोमा दोब्बर हुन्छ। त्यसै गरी स्थानीय एवं उन्नत दुवै किसिमको मकै एवं गहुँको प्रति हेक्टर उत्पादन पनि सिंचाई सुविधा नभएको जग्गा भन्दा सिंचाई सुविधा भएको जग्गामा बढ़ी हुन्छ। उखू, जूट,तोरी र आलु जस्ता नगदे बालीको प्रति हेक्टर उत्पादन पनि सिंचित भूमिमा नै बढ़ी हुन्छ।[३] यस प्रकार सिंचाई सुविधा भएमा खाद्यान्न एवं नगदेबाली दुवैको उत्पादन एवं उत्पादकत्वमा वृद्धि हुन सक्तछ।

(४) खाद्यान्न बाली बाहेक अन्य कामको लागि जग्गाको उपलब्धि :—

सिंचाईको बढ़ी सुविधा उपलब्ध भएमा प्रति हेक्टर उत्पादकतामा वृद्धि हुन गई थोरै जग्गाबाट हाम्रो खाद्यान्नको आवश्यकताको पूर्ति हुन सक्तछ। फलस्वरूप जूट, सूर्ती, चिया आदि नगदे बालीको साथ-साथै पशुपालन, बगैंचा एवं जंगल आदि लगाउनका लागि बढ़ी मात्रामा जग्गाको उपलब्धि हुन सक्तछ। बढ़ी उब्जाउ भूमिमा मात्र खाद्यान्नको खेती हुन थाल्दछ र कम उब्जाउ भूमिमा खाद्यान्नको खेती नभएर बढ़ी फाइदा हुने बगैंचा एवं जंगल लगाउनका लागि खेतीको प्रयोग हुँदा किसानहरूको आर्थिक स्थितिमा सुधार हुन सक्तछ। पुनश्चः बाटो, आवासको लागि भवन एवं औद्योगिक प्रयोगको लागि बढ़ी मात्रामा आवश्यक पर्ने जग्गाको उपलब्धि पनि सजिलोसित हुन सक्तछ।

---

[२] नेपाल राष्ट्र ब्याङ्क, एग्रीकलचरल क्रेडिट रिभ्यू सर्वे, नेपाल भौल—१, काठमाडौं १९८०, पृष्ठ १८.

[३] ऐजन, पृष्ठ १९-२१।

(५) **साना किसानलाई फाइदा र अर्थ-व्यवस्थामा गतिशीलताको सृजना** :–देशमा साना किसानको नै बाहुल्यता छ।✿ देशका कुल किसानहरू मध्ये ६४ प्रतिशत साना एवं सीमान्त किसानहरू छन्। ती किसानहरूसँग देशको कुल कृषियोग्य भूमिको केवल ३४ प्रतिशत जग्गा मात्र छ। ती साना किसानहरू मध्ये पनि ३१ प्रतिशत किसानहरूसँग १ हेक्टर भन्दा पनि कम जग्गा छ।[4] सिंचाईको सुविधाको अभावमा यी किसानहरू परम्परागत तरीकाले खेती गर्दछन् र अत्यन्तै गरीबीको स्थितिमा छन्। मौसमको भरमा यी किसानहरूको खेती एवं जीवन निर्भर रहने हुनाले स्वाभाविक रूपले हाम्रो जनमानसमा भाग्यवादिताको प्रधानताले गर्दा सम्पूर्ण अर्थ व्यवस्था नै गतिहीन (Static) हुन गएको देखिन्छ। समुचित सिंचाईको सुविधा उपलब्ध भएमा थोरै जग्गामा पनि आधुनिक प्रविधिको प्रयोगद्वारा किसानहरूलाई धेरै लाभ हुन सक्छ र ती किसानहरू भाग्यवादी नभएर मानवीय प्रयत्नमा विश्वास गर्न सक्छन् भन्ने कुरो जापान एवं ताइवानको अनुभवबाट सिद्ध भई सकेको हुनाले सिंचाईको राम्रो व्यवस्था भएमा ती हाम्रा साना किसानहरूको आर्थिक स्थितिमा सुधार हुन सक्छ र देशको अर्थ तन्त्रमा गतिशीलता आउन सक्छ भन्ने विश्वास लिन सकिन्छ।

(६) **नेपालमा मुख्य रूपले धेरै पानी चाहिने खाद्यान्न एवं नगदेबालीको खेती भएकोले** :—नेपालमा सब भन्दा प्रमुख खाद्यान्न बाली धान र नगदेबालीमा जूट र उखू नै प्रमुख छन्। यी बालीहरूलाई धेरै नै पानीको आवश्यकता पर्दछ। आधुनिक तरीकाले यी बालीहरूलाई लगाउनको लागि पर्याप्त मात्रामा सिंचाईको आवश्यकता पर्दछ।

सिंचाईबाट प्राप्त हुने लाभहरू

(१) वर्षाको अभाव एवं त्यसको असमान वितरणबाट कृषिको रक्षा।
(२) बहु-बाली लगाउनको लागि।
(३) कृषि उत्पादनमा बृद्धि।
(४) खाद्यान्न बाली बाहेक अन्य कामको लागि जग्गाको उपलब्धि।
(५) साना किसानलाई फाइदा र अर्थ व्यवस्थामा गतिशीलताको सृजना।
(६) नेपालमा मुख्य रूपले धेरै पानी चाहिने खाद्यान्न एवं नगदेबालीको खेती भएकोले।

✿ साना किसान भन्नाले पहाड़मा ०·५१ र तराईमा २·७१ हेक्टरसम्म जग्गा हुने किसान बुझिन्छ।

४. नेपाल राष्ट्र ब्याङ्क, ऐन इभैल्यूएशन स्टडी अफ स्मौल फार्मर्स डिभलोपमेंट प्रोजेक्ट अफ नेपाल, १९८२, पृष्ठ १।

सिंचाई सम्भाव्यता

(Irrigation Potentialities)

सिंचाई हाम्रो अर्थ व्यवस्थाको लागि अत्यधिक महत्वपूर्ण छ भन्ने कुरो माथि नै प्रष्ट भै सकेको छ । हाम्रो देशमा सिंचाईको सम्भाव्यता पनि पर्याप्त छ । सिंचाई उपलब्ध हुन सक्ने तराई क्षेत्रमा ठूला-ठूला नदीहरूबाट करीब १४ लाख हेक्टर, साना नदीहरू र भूमिगत प्रणालीबाट करीब ७ लाख हेक्टर एवं पहाड़ी क्षेत्रमा ५५ लाख हेक्टर गरी कुल २६·५ लाख हेक्टरमा सिंचाई सुविधा उपलब्ध हुन सक्ने देखिन्छ ।[5] तर देशमा सिंचाईको आवश्यकता एवं सम्भाव्यता अनुरूप सिंचाई साधनको विकास हुन सकेको छैन। छैटौं योजनाको अन्तसम्म सरकारी प्रयासबाट ३,३८,६७२ हेक्टरमा सिंचाई सुविधा व्यवस्था भएको अनुमान गरिएको छ । यो कुल सिंचाई योग्य जमीनको १३·०३ प्रतिशत मात्र छ । साथै उपर्युक्त प्रयास पनि प्रभावकारी रूपमा ४२ प्रतिशत भाग (कुल सिंचाई योग्य भूमिको ५·४७ प्रतिशत) मा सिंचाई उपलब्ध हुन सकेको स्थिति छ ।[6] देशमा सिंचाई सम्भाव्यता सिंचाई सुविधाको विकासको अनुपातमा विचार गर्दा हालसम्म सिंचाई सम्भाव्यताको केवल १२·७८ प्रतिशत मात्र विकसित हुन सकेको छ । यसरी १२·७८ प्रतिशत सिंचाई सम्भाव्यताको विकासद्वारा देशको १३·०३ प्रतिशत कृषि योग्य भूमिमा सिंचाईको सुविधा उपलब्ध हुन सकेको छ भने शत प्रतिशत सिंचाई सम्भाव्यताको विकास भएमा हाम्रो कुल कृषि योग्य भूमिमा सिंचाईको सुविधा हुन सक्छ भन्ने कुरो निर्विवाद छ ।

सिंचाई गर्ने तरीकाहरू

(Methods of Irrigation)

नेपालमा सिंचाई कुनै नयाँ कुरो होइन । अति प्राचीन कालदेखि नै हाम्रा किसानहरू आफ्नो बालीलाई सिंचाई गर्दै आएका छन् । देशका विभिन्न भागका प्राकृतिक बनावट एवं भौगोलिक परिस्थितिको विभिन्नताले गर्दा भिन्न-भिन्न भागहरूमा सिंचाइका भिन्न-भिन्न तरीकाहरू अपनाइन्छन् । देशका विभिन्न भागहरूमा मुख्य रूपले (१) जलाशय (Tanks), (२) इनार (Wells), (३) ट्यूबवेल (Tube-wells), (४) गरो (Terrace), (५) पहाड़ी टार सिंचाई (Lifts) र नहर (Cannals) द्वारा सिंचाईको काम हुन्छ ।

---

५. राष्ट्रिय योजना आयोग,, सातौं योजना, पृष्ठ १६७ ।

६. ऐजन

१. जलाशय (Tanks) :—सिंचाईको यो प्रणाली पहाड एवं तराई तथा भित्री मधेश सर्वैतिर प्रचलित छ। यस प्रणाली अन्तर्गत साना-तिना नदी एवं खोलाहरूमा बाँध-बाँधेर पानी जम्मा गरिन्छ। यस पानीलाई कच्चा कुलो निर्माण गरी खेत पटाउने काम गरिन्छ। नदी र खोला नभएका ठाउँमा वर्षाका याममा पोखरीमा पानी जम्मा गरी पानी नपरेका वेलामा वा पानी ढीलो परेका वेलामा त्यही पानीद्वारा सिंचाईको काम गर्ने चलन तराई एवं पहाड़ सबै भागहरूमा हुन्छ। बागमती र सहायक नदीहरूका साथ-साथ पोखराको फेवा तालबाट यसै प्रणाली-द्वारा सिंचाई हुन्छ। यस तरीका अन्तर्गत कुनै प्राविधिक कठिनाई हुँदैन र पूंजी पनि थोरै नै लाग्दछ। फलस्वरूप किसानहरू आफ्नै पूंजी एवं श्रमको प्रयोग गरी यस तरीकाद्वारा सिंचाई गर्ने काम गर्दछन्।

२. इनार (Wells) :—तराई एवं भित्री मधेशहरूका प्रायः सबै भागहरूमा खाने पानी एवं सिंचाईका लागि इनार खन्ने चलन छ। तराई र भित्री मधेशको माटो नरम भएको हुनाले इनार खन्न सजिलो एवं कम खर्च लाग्ने हुन्छ। यी भागहरूमा प्रांयः२०-२५ फीट गहिरो कुवा खन्दा नै प्रशस्त मात्रामा पानी उपलब्ध हुन्छ। इनारबाट पानी तान्ने काम मानवीय श्रमले गरिन्छ र इनार बढ़ी गहिरो भएमा धेरै बाल्टी एकसाथ जोरेर काठको चक्का र गोरुद्वारा पानी तान्ने काम गरिन्छ। कहिले काहीं इंजिनद्वारा परिचालित पर्सियन चक्का (Persian Wheel) को पनि प्रयोग हुन्छ। किसानहरू आफ्नै श्रम एवं पूंजीद्वारा यस तरीकाद्वारा सिंचाई गर्ने काम गर्दछन्।

३. ट्यूब वेल (Tube-well) :—तराईको सम्पूर्ण भागमा २० फीटदेखि ५०० फींट तलसम्म प्रशस्त मात्रामा भूमिगत जल उपलब्ध छ। कतिपय ठाउँमा त उच्च दबावको आर्टिजन वेल पनि छ जहाँ बोरिंग गर्दा स्वतः नै पानी आई रहन्छ। बोरिंग गरी पम्पिंग सेटको सहायताले पानी तानेर सिंचाई गरिन्छ। यस प्रकारको सिंचाईको प्रबन्ध प्रायः किसानहरूले आफ्नै पूंजीबाट गर्दै आएका छन्। फलामको पाइप, जाली आदि महंगो भएकोले ट्यूबेल जड़ान गर्ने धेरै नै महंगो पर्न गएको छ। हाल नल-कूप (Tube-well) जड़ान गर्ने प्रति हेक्टर २,००० अमेरिकी डलर बराबरको पूंजी लाग्दछ भने सिंचाई-व्यय प्रति हेक्टर ५० अमेरिकी डलर पर्न जान्छ। फलामे पाइपको सट्टा प्लास्टिक पाइपको प्रयोग गरेमा खर्चमा धेरै नै कमी आउन सक्तछ। एक नल-कूपबाट ८० हेक्टरसम्म जगामा सिंचाई हुन सक्छ। यस तरीका अन्तर्गत पानीको जमाव (Water Logging) भएर भूमि बर्वाद हुने जस्तो समस्या हुँदैन।

---

७. पू. पा. टिप्पणी १, पृष्ट २०९

४. गरो (Terrace)—नेपालको पहाड़ी भागमा गरोद्वारा सिंचाई गर्ने तरीका धेरै नै प्रचलित छ। यस तरीका अन्तर्गत पहाड़का पाखाहरूमा ससाना गरा तयार गरी बर्षा र खोलाको पानीलाई सबभन्दा माथिल्लो तलामा लगी क्रमैसित तलको गरामा पानी खसाली सिंचाई गर्ने काम गरिन्छ। यस तरीकाद्वारा पहाड़मा मुख्य रूपले धानवालीको सिंचाई हुन्छ।

५. पहाड़ी टार सिंचाई (Lift)—यस प्रणाली अन्तर्गत ठूलो पम्पिग स्टेशन खड़ा गरी नदीको पानीलाई पहाड़को टारहरूमा पानी तानेर सिंचाई गर्ने काम गरिन्छ। पहाड़ी भागको लागि सिंचाईको यो प्रणाली धेरै नै उपयोगी हुन्छ। चितवन जिल्लाको ११,१०० हेक्टर जग्गामा सिंचाई सुविधा पुऱ्याउने उद्देश्यले एशियाली विकास ब्याङ्कको ऋण सहायताले आ० व० २०३१।३२ मा यसै प्रकारको चितवन सिंचाई योजना चितवन प्रारम्भ भयो। यसै प्रकारको योजना नुवाकोटको बट्टार सिंचाई आयोजना पनि छ। यस आयोजना अन्तर्गत त्रिशुली नदीबाट पानी पम्प गरी बट्टार क्षेत्रको जम्मा ५०० हेक्टर भूमिमा सालभरि नै सिंचाई सुविधा उपलब्ध गराइने छ। यी आयोजनाहरू परीक्षणका रूपमा शुरू गरिएका छन्। यी दुवै आयोजनाहरू सफल भएमा अन्य पहाड़ी भेकहरूमा पनि यस प्रणालीद्वारा सिंचाई सुविधाको विस्तार गर्न सकिन्छ।

६. नहर (Cannals)—नहर सिंचाईको लागि आधुनिक एवं महत्वपूर्ण प्रणाली हो। यस प्रणाली अन्तर्गत पहाड़बाट तराईमा झर्ने ठाउँमा नदीहरूमा बाँध निर्माण गरी आवश्यक पर्ने बेलामा पानी जम्मा गरिन्छ र सो पानीलाई नहर, उपनहर र फिल्ड चैनेल्स निर्माण गरी सिंचाई गरिन्छ। हिमालयबाट निस्केकाले हाम्रो नदीमा सधैं पानी रहन्छ र साथै तराईको भूमि पनि समतल छ। फलस्वरूप हाम्रो संपूर्ण तराईको भूमि नहरद्वारा सिंचाईको लागि अत्यन्त उपयुक्त छ। तर नहर निर्माण गर्नका लागि भारी मात्रामा पूंजी एवं प्राविधिक ज्ञानको आवश्यकता पर्दछ। मित्र राष्ट्र भारत एवं एशियाली विकास ब्याङ्कको सहयोग एवं ऋण सहायताद्वारा सिंचाई विकासको लागि विभिन्न नहर परियोजनाहरूको निर्माण कार्य हाम्रो पंचवर्षीय योजना अन्तर्गत हुँदै छ। हाम्रा प्रमुख नहर सिंचाई आयोजनाहरू मध्ये कंकाई बहुमुखी सिंचाई आयोजना, कमला सिंचाई आयोजना, गण्डक सिंचाई आयोजन, कोशी पश्चिम नहर सिंचाई आयोजना आदि विशेष रूपले उल्लेखनीय छन्।

नहर सिंचाई आयोजनाबाट सिंचाई धेरै मात्रामा हुन्छ तथा प्रति एकड़ सिंचाई व्यय पनि थोरै पर्ने हुनाले यो प्रणाली कृषि विकासको लागि धेरै नै उपयोगी देखिन्छ। यस प्रणालीको सबभन्दा प्रमुख समस्या पानी जमाव (Water

Lagging) कै समस्या हो। बाँधको आस-पासका धेरै जग्गामा पानी जमेर धेरै मात्रामा जग्गा खेर जान्छ।

नेपालमा सिंचाई गर्ने तरीकाहरू

१. जलाशय
२. इनार
३. ट्यूब-वेल्स
४. गरो
५. पहाड़ी टार सिंचाई
६. नहर

योजना अवधिमा सिंचाई विकास

(Irrigation Development under Plan Period)

कृषि विकास नभई देशको आर्थिक विकास हुन सक्तैन र सिंचाईको पर्याप्त सुविधाको अभावमा कृषि विकास सम्भव छैन भन्ने कुरोलाई दृष्टिगत गरी विभिन्न आवधिक योजनाहरूमा धेरै धन राशि खर्च गंरी सिंचाई सुविधा पुऱ्याउने प्रयास हुँदै आएको छ। प्रथम पंचवर्षीय योजना शुरू हुनु भन्दा अगाडि सरकारी स्तरबाट जम्मा १४ हजार ७०० हेक्टर जग्गामा मात्र सिंचाईको व्यवस्था थियो जो निम्न तालिका नं० ९·१ द्वारा प्रष्टिन्छ—

तालिका ९ : १

प्रथम पञ्चवर्षीय योजना भन्दा पूर्व सिंचाई सुविधा

नहरको नाम	सिंचाई क्षमता (हेक्टरमा)
१. चन्द्रनहर (सप्तरी)	१३,०००
२. जगदीशपुर रिजर्भवायर (तौलिहवा)	४००
३. युद्ध नहर (रौतहट)	८१०
४. अन्य	४९०
कुल	१४,७००

(स्रोत—श्रेष्ठ बी० पी०, ऐन इन्ट्रोडक्शन टू नेपलिज इकोनोमिक्स काठमाडौं १९७४, पृष्ठ ७४)

पहिलो योजना कालमा सिंचाई विकास

पहिलो योजना अवधिमा टीका भैरव, महादेव खोला, झाँझ, तिलावे, सिर्सिया आदि परियोजनाहरूद्वारा कुल १७ हजार २०० हेक्टर जग्गामा थप सिंचाई सुविधाको विकास भयो जो निम्न तालिकामा प्रदर्शित गरिएको छ—

तालिका ९ : २

पहिलो पञ्चवर्षीय योजनामा सिंचाई

परियोजनाको नाम	स्थान	सिंचाई सुविधा (हेक्टरमा)
१. टीका भैरव	ललितपुर	१,६२०
२. महादेव खोला	भक्तपुर	९४०
३. झाझ	रौतहट	४,२००
४. तिलावे	पर्सा	४,३००
५. सिर्सियां (दुधौरा)	बारा	१३५०
६. फेवाताल	कास्की	३२०
७. विजयपुर	कास्की	१८९०
८. गोकर्ण	काठमाडौं	३२०
९. काठमाडौंका अन्य परियोजनाहरू		२,१६०
कुल		१७,२००

(स्रोत—शर्मा सी० के० नेचुरल रिसोर्सेज अफ नेपाल, काठमाडौं १९७८, पृष्ठ २०५)

दोस्रो त्रिवर्षीय योजनामा सिंचाई विकास

दोस्रो योजना कालमा ५७,२८७ हेक्टर भूमिमा थप सिंचाई सुविधाको व्यवस्था गर्ने लक्ष्य राखिएको थियो र यसको लागि १५ ओटा भन्दा वढ़ी परियोजनाहरू संचालित गरियो। तर योजना कालभित्र केवल २६,५५८ हेक्टर थप भूमिमा सिंचाईको सुविधा उपलब्ध हुन सक्यो जो निम्न तालिकाद्वारा प्रष्ट हुन आउँछ–

तालिका ९ : ३

दोस्रो योजनामा पूरा गरिएका आयोजनाहरू

योजना	जिल्ला	सिंचित (कुल जम्मा हेक्टरमा)
तिनाउ	रूपन्देही	१,४१,७००[1]
हर्दीनाथ	महोत्तरी	१९४३
डुंडवा	बाँके	१९४३[2]
युद्ध नहर	रौतहट	२०२४
खोटखू	काठमाडौं	८१०
गोदावरी	काठमाडौं	८१०
बागमती	काठमाडौं	३२४
वोसन	काठमाडौं	४८५
चन्द्रनहर	सप्तरी	४०४९
कुल	—	२६,५५८

(स्रोत—तेस्रो योजना २०२२-२७, पृष्ठ ८५-८६ र सी० के० शर्मा, नेचुरल रिसोर्सेज अफ नेपाल, काठमाडौं १९७८, पृष्ठ २०५)

तेस्रो योजनामा सिंचाई विकास

तेस्रो पंचवर्षीय योजनाको संशोधित लक्ष्य अनुसार १ लाख ३८ हजार हेक्टर जग्गामा थप सिंचाई सुविधा उपलब्ध गराउने भन्ने लक्ष्य राखिएकोमा योजनाको चार वर्षको अवधिभित्र ७४९० हेक्टर खगेरी, टोखा, सांगपतेनी, शीशाघाट टार एवं डेटगाउँ टार सिंचाई योजनाहरू तथा ५१,६०० हेक्टर लघु सिंचाई आयोजनाहरू गरी जम्मा ५९०९० हेक्टर जग्गामा अतिरिक्त सिंचाई सुविधा उपलब्ध गराइयो जो निम्न तालिकामा प्रस्तुत गरिएको छ

तालिका ९ : ४

तेस्रो योजना अवधिमा पूरा गरिएका सिंचाई आयोजनाहरू

संख्या	योजनाको नाउँ	सिंचाई सुविधा उपलब्ध गराइएको (हेक्टर जग्गामा)
१.	खगेरी सिंचाई योजना	६,०००

---

१. हाल बन्द भएको

२. हाल केही मात्रामा चालू रहेको

२. टोखा सिंचाई योजना	२९०
३. साँगेपतेनी टार सिंचाई योजना	५००
४. शीशाघाट ,, ,, ,,	३५०
५. डेट गाउँ ,, ,, ,,	३५०
६. लघु सिंचाई योजना	५१, ६००
कुल	५९०९०

(स्रोत—श्री ५ को सरकार, राष्ट्रिय योजना आयोग, चौथो योजना, पृष्ठ ७ (२))

चौथो योजनामा सिंचाई

चौथो पंचवर्षीय योजना अवधिमा विभिन्न वृहत आयोजना, साना सिंचाई आयोजना तथा ट्यूवेल आयोजनाहरू गरी जम्मा १८३,३८२ हेक्टर थप जग्गामा सिंचाई उपलब्ध गराउने भन्ने लक्ष्य राखिएकोमा योजना कालमा कुल ५४,४२४ हेक्टर थप जग्गामा सिंचाईको विकास भयो जो कुल निर्धारित लक्ष्यको २९·६३ प्रतिशत हुन आउँछ ।

तालिका ९ : ५

चौथो योजनामा थप सिंचाई सुविधा

(हेक्टरमा)

कार्यक्रम	लक्ष्य	प्रगति	प्रतिशत
१. वृहत सिंचाई आयोजना	१,४६,७००	४९०००	३३·४०
२. साना सिंचाई आयोजना	२१९३२	५०२४	२२·९०
३. ट्यूबेल सिंचाई आयोजना	१५,०००	४०००	२·६६
जम्मा	१,८३,६३२	५४,४२४	२९·६३.

(स्रोत–राष्ट्रिय योजना आयोग, चौथो योजनाको प्रगति मूल्याङ्कन, पृष्ठ १२)

चौथो योजना कालसम्म १०३०५६ हेक्टर जग्गामा सिंचाई सुविधा पुगेको थियो। यस मध्ये ९४,८२२ हेक्टर अर्थात् कुल सिंचित भूमिको ९२ प्रतिशत तराई तर्फ र ८,२३४ हेक्टर अर्थात् कुल सिंचित भूमिको करीब ८ प्रतिशत पहाड़मा सिंचाईको व्यवस्था भएको थियो ।

पाँचौं योजनामा सिंचाई

पाँचौं पंचवर्षीय योजनामा वृहत सिंचाई आयोजना, साना सिंचाई आयोजना, ट्यूबेल सिंचाई आयोजना तथा कृषकको कुलो सुधार आयोजनाहरूको कार्यान्वयन

द्वारा कुल १ लाख ४६ हजार थप जग्गामा सिंचाई सुविधा उपलब्ध गराउने भन्ने लक्ष्य राखिएकोमा ९५,४२५ हेक्टर जग्गामा थप सिंचाई सुविधा विकास भयो। यस मध्ये तराईमा ८६१०४ हेक्टर र पहाड़मा ९२२१ हेक्टर पर्न गएको थियो। यस प्रकार प्रथम योजना शुरू भएदेखि लिएर पाँचौं योजनाको अन्त्यसम्ममा पुराना आयोजनाहरूको नवीकरण तथा सुधार र नयाँ निर्माण भएका सिंचाई आयोजनाहरू समेत गरी जम्मा १,९८,४८१ हेक्टर जग्गामा सिंचाई सुविधा उपलब्ध हुन गएको देखिन्छ। यस मध्ये तराई तर्फ १,८०,८२६ हेक्टर र पहाड़ तर्फ १७,५५५ हेक्टर पर्दछ। पांचौं योजना कालमा सिंचाई सम्बन्धी प्रगति विवरण निम्न तालिकामा प्रस्तुत गरिएको छ।

तालिका ९ : ६

पांचौं योजनामा थप सिंचाई सुविधा

(हेक्टरमा)

कार्यक्रम	लक्ष्य	प्रगति	प्रगति प्रतिशत
१. वृहत सिंचाई आयोजना	१,२४,२६४	७३,८०६	५९.३९
२. साना ,, ,,	४,३१६	३,६०४	८३.५०
३. ट्यूबेल ,, ,,	१६,४२०	६,२७०	३८.१९
४. कृषकको कुलो सुधार	१,०००	११,७४५	११७४.५०
जम्मा	१,४६,०००	९५,४२५	६५.३६

(स्रोत—राष्ट्रिय योजना आयोग, छैटौं योजना, पृष्ठ २९१.)

छैटौं योजनामा सिंचाई

छैटौं योजना कालमा सम्पन्न हुने निर्माणाधीन र नयाँ निर्माण हुने विभिन्न सिंचाई आयोजनाहरूको अतिरिक्त पुराना आयोजनाहरूको मर्मत गरी जम्मा २,३३,४८२ हेक्टर भूमिमा थप सिंचाई सुविधा उपलब्ध गराउने भन्ने लक्ष्य राखिएको थियो। तर केही आयोजनाहरूको लागि आर्थिक स्रोतको व्यवस्था समयमा हुन नसकी निर्माण कार्य २।३ वर्ष पछि शुरू भएकोले र केही सिंचाई आयोजनाहरूमा आर्थिक स्रोतको व्यवस्था हुन नसकी लक्ष्यमा समावेश गरिएको १८ हजार हेक्टरमा सिंचाई आयोजनाहरूको निर्माण नै शुरू गर्न नसकिएकाले छैटौं योजनामा केवल ९४,१३३ हेक्टर जग्गामा मात्र थप सिंचाई सुविधा हुन सक्यो। यसको साथै कृषि मंत्रालयबाट संचालित ट्यूवेल बोरिंग तथा स्थानीय विकास मंत्रालयबाट संचालित आयोजनाहरूबाट छैटौं योजना अवधिमा कुल १,४०,१९१ हेक्टर

भूमिमा सिंचाई सुविधा थप हुने अनुमान गरिएको छ। यसरी छैटौं योजनाको अन्तिम वर्षसम्म जम्मा ३,३८,६७२ हेक्टर जग्गामा सिंचाई सुविधा उपलब्ध हुन गएको छ भन्ने अनुमान गरिएको छ। सिंचाई तर्फ विभिन्न योजनाहरूमा भएको प्रगति निम्न तालिकामा प्रस्तुत गरिएको छ—

तालिका ९ : ७

सिंचाई तर्फ विभिन्न योजनामा भएको प्रगति

(हेक्टरमा)

योजना प्रारम्भ हुनु भन्दा पूर्व	६,२२८
पहिलो योजना	५,२००
दोस्रो योजना	१,०३५
तेस्रो योजना	४२,८६०
चौथो योजना	३७,७३३
पाँचौं योजना	९५४२५
छैटौं योजना	१,४०,१९१ (अनुमान)
जम्मा	३,३८,६७२

(स्रोत-राष्ट्रिय योजना आयोग, सातौं योजना, पृष्ठ ४०७)

यस प्रकार हालसम्मको स्थिति अनुसार हाम्रो देशको कुल १,४७,१८१ वर्ग किलो मीटर (१,४७,१८१०० हेक्टर) भौगोलिक क्षेत्र मध्ये १८ प्रतिशत अर्थात् २६,५३३ वर्ग किलोमीटर (२६,५३३०० हेक्टर) जग्गा कृषि योग्य छ।[8] यस मध्ये ३,३८,६७२ हेक्टर जग्गा अर्थात् कुल कृषि योग्य भूमिको केवल १३ प्रतिशत भागमा मात्र सिंचाई सुविधा उपलब्ध हुन सकेको छ। ६ ओटा आवधिक योजनाहरूमा सिंचाईतर्फ हामीले धेरै मात्रामा व्यय गरी यस सम्बन्धमा हाम्रो प्रगति धेरै भए पनि हालसम्म हाम्रो कुल कृषि योग्य भूमिको ८७ प्रतिशत जग्गामा सिंचाई सुविधा उपलब्ध छैन। सिंचाई सुविधाको यसै अपर्याप्तताले गर्दा नै कृषि क्षेत्रमा मौसम प्रतिको निर्भरता अझै पनि कायमै रहने छ। साथै प्रति वर्ष हाम्रो जनसंख्या २.६६ प्रतिशतको दरले बढ्दै छ। फलस्वरूप सिंचाई सुविधाको पर्याप्त विकास भएन भने निकट भविष्यमा गम्भीर खाद्य-संकट उत्पन्न हुने सम्भावनालाई अस्वीकार्न मिल्दैन।

---

८. सेन्ट्रल ब्यूरियो अफ स्टैटिस्टिक्स, स्टैटिस्टिकल पकेट बुक नेपाल १९८६, पृष्ठ ए–३२

सातौं योजनामा सिंचाई

सातौं योजना कालमा जल-स्रोत मंत्रालयबाट १,३५,४९३ हेक्टर र कृषि मंत्रालयबाट १ लाख हेक्टर (५० हजार हेक्टर ट्यूवेल र ५० हजार हेक्टर साना सिंचाई) गरी कुल २,३५,४९३ हेक्टर जग्गामा थप सिंचाई सुविधाको व्यवस्था गरिने भन्ने लक्ष्य राखिएको छ। जलस्रोत मंत्रालयबाट सिंचाईको व्यवस्था गरिने १,३५,४९३ हेक्टर मध्ये विभिन्न चालू आयोजनाहरूबाट १,०६,००३ हेक्टरमा सिंचाईको व्यवस्था हुने र बाँकी २४,४९० हेक्टर जग्गामा नयाँ आयोजनाहरूबाट सिंचाईको व्यवस्था गरिने भन्ने लक्ष्य राखिएको छ। जलस्रोत मंत्रालयबाट निर्धारित गरिएको लक्ष्य मध्ये जिल्ला स्तरीय कार्यक्रमबाट २८०४२ हेक्टर जग्गामा थप सिंचाई सुविधा हुने भन्ने पनि अनुमान गरिएको छ। सातौं योजना कालमा जलस्रोत मंत्रालय अन्तर्गत गरिने सिंचाईको व्यवस्था मध्ये सब भन्दा बढ़ी पूर्वाञ्चलमा ४१,६२० हेक्टर जग्गामा सिंचाईको व्यवस्था गरिने र सब भन्दा कम मध्य पश्चिमाञ्चलमा (७,०६० हेक्टर जग्गामा) सिंचाईको व्यवस्था गरिने भन्ने लक्ष्य छ जो निम्न तालिकामा प्रस्तुत गरिएको छ—

तालिका ९ : ८

विभिन्न विकास क्षेत्रमा सिंचाई सुविधा

(हेक्टरमा)

विकास क्षेत्र	तराई	पहाड़	जम्मा
पूर्वाञ्चल	३९२३५	२,३८५	४१,६२०
मध्यमाञ्चल	३४,५००	२३९०	३६,८९०
पश्चिमाञ्चल	८,६६६	५२२७	१३,८९३
मध्य पश्चिमाञ्चल	५,५००	१,५६०	७,०६०
सुदूर पश्चिमाञ्चल	१०,९५०	३,४८०	१४,४३०
विकास क्षेत्र खुलाउन नमिल्ने	२१,६००	——	२१,६००
जम्मा	१,२०,४५१	१५,६४२	१,३५,५६३

(स्रोत–राष्ट्रिय योजना आयोग, सातौं योजना, भाग १, पृष्ठ ४१२.)

कृषि मन्त्रालयबाट १ लाख हेक्टरमा थप सिंचाई व्यवस्था गर्ने लक्ष्य मध्ये पहाड़ तर्फ ४० हजार हेक्टर र तराई तर्फ ६० हजार हेक्टरमा सिंचाई सुविधा थप गर्ने भन्ने पनि लक्ष्य छुट्याइएको छ।

सातौं योजनामा खर्चको अनुमान—सातौं योजनामा सिंचाई कार्यक्रमको लागि रु० २२९·६३ करोड़ र हावा-पानी तथा जलवायु विज्ञानका लागि रु० ५·२ करोड़ गरी जम्मा रु० २३४·८६ करोड़ खर्च छुट्याइएको छ ।

सिंचाईसम्बन्धी समस्याहरू

(Problems of Irrigation)

विभिन्न सावधिक योजनाहरूमा सिंचाईमा धेरै जोड़ दिइएको छ र यस क्षेत्रमा धेरै रकम पनि खर्च भएको छ । तर हालसम्म पनि पर्याप्त मात्रामा सिंचाई सुविधा उपलब्ध भएको छैन । हाम्रो कुल कृषि योग्य भूमिको केवल १३ प्रतिशत भागमा मात्र सिंचाई सुविधा उपलब्ध हुन सकेकोले ८७ प्रतिशत भूमि हालसम्म पनि असिंचित अवस्थामा नै छ । फलस्वरूप हाम्रो कृषि मौसमको पर्खाईबाट मुक्त हुन सकेको छैन । सिंचाई सम्बन्धमा हाम्रा प्रमुख समस्याहरू निम्न अनुसार छन्—

१. सिंचाई योजनाहरूको कार्यान्वयनमा कठिनाई—सिंचाई परियोजनाहरूको कार्यान्वयनमा धेरै मात्रामा आवश्यक पर्ने पूंजीको हामीसित अभाव छ र वाह्य आर्थिक स्रोतको व्यवस्था समयमा नहुँदा आफ्नो स्रोतबाट निर्माण शुरू गरिएका केही आयोजनाहरूमा सीमित बजेटबाट मात्र काम गर्नु परेकोले निर्माण कार्यमा धेरै नै समय लाग्दछ । सिंचाई परियोजनाहरूको कार्यान्वयनमा सिमेंट, छड़, जस्ता निर्माण सामग्रीको पनि हामीसित धेरै अभाव छ । योजना परिचालन गर्दा ठेक्का सम्बन्धी समस्याले गर्दा पनि लक्ष्य अनुरूप प्रगति हुँदैन । यस सम्बन्धमा विभिन्न निकायहरूबाट गरिने निर्माण कार्यको दर विश्लेषणमा एकरूपता छैन । सबैभन्दा घटी दर रेटको टेन्डर दिनेलाई नै ठेक्का दिने भन्ने एक मात्र आधार भएकाले ठेक्का बन्दोबस्त गर्दा धेरै समय लाग्दछ र काम स्तरयुक्त हुँदैन । ठेकदारहरूले काममा धेरै समय लगाउँदछन् र कहिले काहीं बीचैमा काम पनि छाड्दछन् । योजनाको कार्यान्वयनमा सर्वेक्षण सम्बन्धी समस्या पनि देखा परेको छ । सिंचाई सम्बन्धी निर्माण कार्य गर्नु भन्दा पहिले विस्तृत सर्वेक्षण डिजाइन स्टीमेट हुँदैन । फलस्वरूप निर्माण कार्य शुरू भै सके पछि आयोजनामा संशोधन गर्दा काम बढ्न जान्छ र परियोजना निर्धारित समयमा पूरा हुँदैन ।

२. सिंचाई सुविधाको केन्द्रीयकरण—देशको विभिन्न भागहरूमा सिंचाई सुविधाको विकास समान रूपले भएको छैन । ९० प्रतिशत भन्दा बढ़ी सिंचाई सुविधा तराईमा नै केन्द्रीत हुन गएको छ । फलस्वरूप पहाड़ी भागहरूमा कृषि कार्यको लागि आकाशे जलमा नै निर्भर रहनु परेको छ ।

३. सिंचाई सुविधाको अधिकतम उपयोग हुँदैन—सिंचाई विकास कार्यक्रमसँग कृषि विकास कार्यक्रमको समन्वय हुनु आवश्यक हुन्छ। एक्लै सिंचाई विकासद्वारा कृषि विकास संभव छैन। सिंचाई सुविधा विकसित हुने ठाउँहरूमा किसानहरूलाई रासायनिक मल, कृषि औजार, संस्थागत कृषि ऋण, प्राविधिक सल्लाह आदि उपलब्ध हुने ठाउँहरूमा पनि यी सुविधाहरूको अभावले गर्दा भएको सिंचाई सुविधाको पनि समुचित उपयोग हुनसकेको छैन।

४. पानी जम्ने—सिंचाई सुविधा उपलब्ध हुने ठाउँहरूमा पानी जम्ने (Water-Logging) को पनि ठूलो समस्या देखा पर्दछ। यो समस्या खास गरी नहर बनाउनका निमित्त नदीमा बाँध बाँध्ने ठाउँहरूमा देखिन्छ। पानी जम्दा धेरै कृषि-योग्य भूमि खेर जान्छ। कोशी नदी बाँध क्षेत्रमा हाम्रो धेरै जग्गा पानी जमेर नै खेर गएको छ।

५. ऊर्जाको अभाव—भूमिगत जलको प्रयोग गर्दा ऊर्जाको खाँचो ठूलो समस्याको रूपमा देखा पर्दछ। बोरिंग गरेको ठाउँहरूमा बिजुली नपुगेको हुनाले धेरै नै महंगो डिजेलको प्रयोग गर्नु पर्दा प्रति हेक्टर सिंचाई खर्च बढ्न गएको छ।

नेपालमा सिंचाईसम्बन्धी समस्याहरू

१. सिंचाई योजनाहरूको कार्यान्वयनमा कठिनाई।
२. सिंचाई सुविधाको केन्द्रीयकरण।
३. सिंचाई सुविधाको अधिकतम उपयोग हुँदैन।
४. पानी जम्ने।
५. ऊर्जाको अभाव।

Model Questions

(1) Describe the importance of irrigation in Nepalese agriculture.
नेपालको कृषिमा सिंचाईको महत्वबारे वर्णन गर्नुहोस्।

सी० एल० २०४०

(२) छोटकरीमा लेख्नुहोस्—

(क) छोटकरीमा सिंचाईको प्रगतिबारे लेख्नुहोस्

सी० एल० २०४०

(ख) नेपालमा सिंचाईका के-के साधनहरू छन्?

अध्याय : १० : कृषि साख एवं ग्रामीण ऋणग्रस्तता (Agricultural Finance and Rural Indebtedness)

कृषि साखको आवश्यकता (Need for Agricultural finance) :—

साखको सम्बंन्ध प्रायः गरी उत्पादन प्रक्रियासँग हुन्छ । कृषि कार्य संचालनको लागि बीउ, मल, हलो, कोदालो, कीटनाशक औषधि आदि विभिन्न प्रकारका कृषि सामग्रीहरूको आवश्यकता पर्दछ । उत्पादित वस्तुहरूलाई बिक्री गर्नको लागि उत्पादित वस्तुहरूको सुरक्षा गर्न गोदाम घरको पनि आवश्यकता पर्दछ । कृषि उत्पादकतामा वृद्धिको लागि सिंचाई साधनको विकास एवं अन्य प्रकारको पूंजीगत वस्तुहरूको आवश्यकता पर्न जान्छ । उपर्युक्त सामानहरूलाई क्रय गर्नको लागि किसानहरूलाई धेरै मात्रामा साखको आवश्यकता पर्दछ ।

उत्पादक एवं अनुत्पादक कर्जा (Productive and Unproductive Loan) :—किसानहरूले कृषि कार्य संचालनका लागि बीउ मल आदि क्रय गर्नु पर्ने हुन्छ । ज्यामीलाई ज्याला दिनु पर्दछ र सिंचाईका लागि पनि खर्च गर्नु पर्दछ । जग्गाको उत्पादकता बढ़ाउनका लागि किसानहरूले जग्गालाई सम्म पार्ने, सिंचाईको लागि बोरिंग गर्ने, कुलो बनाउने, आलि लगाउने आदि कार्यमा खर्च गर्नु पर्दछ र यी खर्चहरूको लागि उसले कर्जा लिनु पर्दछ । यी उत्पादक कार्यहरूमा खर्च गर्दा किसानहरूको आयमा वृद्धि हुन्छ र उनीहरूले यी कामहरूको लागि प्राप्त गरेको ऋण एवं ब्याजको भुक्तानी गर्न सक्ने भएकाले आर्थिक दृष्टिले यस प्रकारको कर्जा न्यायसंगत नै हुन्छ ।

उपर्युक्त कर्जाहरू बाहेक किसानहरूले उपभोग कार्यको लागि पनि कर्जा लिन्छन् । बाली लगाउने र बाली पाक्ने तथा त्यसलाई बिक्री गरी आय प्राप्त गर्नमा धेरै समय लाग्दछ । यस बीचमा किसानहरूलाई खर्चको आवश्यकता पर्दछ । किसानहरूले खेतमा आफ्नै श्रम लगाएका छन् भने यस प्रकारको कर्जाको केही भाग ज्यालाको रूपमा लिन सकिन्छ । फलस्वरूप यस प्रकारको कर्जाको केही भागलाई उत्पादक कर्जा भन्न सकिन्छ । यसको भुक्तानी पनि किसानहरूले बाली बिक्री गरी गर्दछन् र यस प्रकारको कर्जा पनि आर्थिक दृष्टिले न्याय संगत नै हो भन्न सकिन्छ ।

उपर्युक्त खर्चहरू बाहेक किसानहरूद्वारा बिहे, श्राद्ध, मुद्दा मामिला आदिमा आफ्नो क्षमता भन्दा बढ़ी खर्च गरिन्छ। यस प्रकारको खर्चद्वारा उत्पादनमा कुनै वृद्धि नहुने हुनाले कर्जाको भुक्तानी असम्भव नै हुन जान्छ। नेपाली किसानहरूद्वारा गरिएको यस प्रकारको खर्चलाई हामी अनुत्पादक खर्च भन्दछौं र आर्थिक दृष्टिले यो न्यायसंगत छैन। यसले गर्दा किसानहरूको ऋणग्रस्ततामा वृद्धि हुन्छ।

छोटो, मध्यम एवं लामो अवधिको साख (Short, medium and Long-term credit) :—किसानहरूलाई कृषि कार्यको लागि निम्नांकित तीन प्रकारको ऋणको आवश्यकता पर्दछ।

(१) छोटो अवधिको लागि ऋण (Short term credit) :—बालील गाउनेदेखि पाक्ने समयसम्मको लागि किसानहरूलाई बीउ, मल, कीटनाशक औषधि, ज्यालाखर्च, माल-पोत आदिको लागि साखको आवश्यकता पर्दछ। यस ऋणको केही भाग किसानहरूले वर्तमान उपभोगमा पनि खर्च गर्दछन्। यस प्रकारको ऋणको भुक्तानी पूर्ण रूपमा प्रायः १ वर्षभित्रै गरिन्छ। यसरी यस प्रकारको ऋण कृषि कार्यको वर्तमान प्रक्रियासँग सम्वद्ध हुन्छ।

(२) मध्यम अवधिको लागि ऋण (Medium term credit) :—एक वर्षको अवधिभित्र भुक्तान हुन नसक्ने कर्जालाई मध्यम अवधिको कर्जा भनिन्छ। यस प्रकारको प्रयोग प्रायः कृषि औजार, गाई-गोरु क्रय गर्न, गोठाला, सिंचाइको लागि कुवा एवं कुलो निर्माण आदिका लागि गरिन्छ। यस प्रकारको कर्जाको अवधि १ सालदेखि ४ वा ५ सालसम्मको हुन्छ।[1]

(३) लामो अवधिको लागि कर्जा (Long term credit) :—पाँच वर्ष पछि भुक्तान हुने कर्जालाई लामो अवधिको कर्जा भनिन्छ। यस प्रकारको ऋण प्रायः ट्रेक्टर, जग्गा आदि क्रय गर्न एवं नल-कूप-कुलो आदि सिंचाई साधनहरूको निर्माण कार्यको लागि उपलब्ध गराइन्छ।[2]

कृषि साखका स्रोतहरू

नेपाली किसानहरू साझा, कृषि विकास व्याङ्क तथा व्यावसायिक व्याङ्क जस्ता संस्थाहरूबाट संस्थागत ऋण (Institutional credit) प्राप्त गर्दछन्। नेपाल राष्ट्र व्याङ्कबाट गरिएको एग्रीकलचरल क्रेडिट रिभ्यू सर्वे अनुसार १९७६-७७ ई० मा २४.२ प्रतिशत कृषक परिवारहरूले विभिन्न संस्थाहरूबाट ऋण प्राप्त

---

१. नेपाल राष्ट्र व्याङ्क, एग्रीकलचरल क्रेडिट सर्वे, भौल १ काठमाडौं १९७२, पृष्ठ ११२।

२. ऐजन, पृष्ठ १३३.

गर्दछन् । सन् १९६९-७० ई० मा यी संस्थाहरूद्वारा केवल १८·०८ प्रतिशत कृषक परिवारहरूलाई मात्र ऋण प्राप्त हुन्थ्यो । यसरी सन् १९६९-७० ई० मा ८१·९२ प्रतिशत कृषक परिवार र १९७६-७७ ई० मा ७५·९८ कृषक परिवार ऋणको लागि साहू महाजन एवं भूमिपतिमा नै कृषि ऋणको लागि निर्भर गर्नु पर्ने स्थिति थियो ।[3] ऋणका मात्राको दृष्टिकोणले भन्ने हो भने सन् १९६९-७० ई० मा किसानहरूलाई कुल ऋणको २०·८७ विभिन्न संस्थाहरूबाट प्राप्त हुन्थ्यो र बाँकी ७९·१३ प्रतिशत साहू महाजन जस्ता परम्परागत स्रोतहरूबाट ऋण प्राप्त हुन्थ्यो । सन् १८७६-७७ को तथ्याङ्क अनुसार कुल ऋणको ४१·७० प्रतिशत विभिन्न संस्थाहरूबाट र बाँकी ५८·३० प्रतिशत ऋण साहू महाजनबाट प्राप्त हुन्छ ।[4] यसरी कृषि ऋणको संबंधमा संस्थागत विकास भएपनि हालसम्म ती संस्थाहरूले उपलब्ध गराएको ऋण किसानहरूका ऋणको आवश्यकताका तुलनामा अपर्याप्त नै छ । फलस्वरूप आज पनि नेपाली किसानहरूले कृषि साखको लागि मुख्य रूपले ग्रामीण साहू महाजन, ठूला किसान एवं व्यापारी जस्ता साखका परम्परागत स्रोतमा नै निर्भर रहनु परेको छ ।

ग्रामीण सहकारी समिति र साझा (Village co-operatives and Sajha)—ग्रामीण सहकारी समिति एवं साझा किसानहरूलाई उत्पादन एवं उपभोग कार्यको लागि ऋण उपलब्ध गराउँछ, कृषि सामग्री एवं कृषि उत्पादनको क्रय विक्रय गर्ने काम गर्दछ, दैनिक उपभोग्य सामग्रीहरूको विक्री वितरण गर्ने काम गर्दछ र किसानहरूद्वारा जम्मा स्वीकार गरी ग्रामीण बचतलाई परिचालन गर्ने काम गर्दछ । कुल किसान परिवारको करीब १५ प्रतिशत किसान परिवारहरू यसबाट ऋण प्राप्त गर्ने काम गर्दछन् र कुल ऋणको करीब ७ प्रतिशत ऋणको आपूर्ति यसद्वारा गरिन्छ ।[5] कृषि विकास ब्याङ्क साझाको वित्तीय नियंत्रक (Financial Controller) को रूपमा काम गर्दछ ।

व्यापारिक ब्याङ्कहरू—व्यापारिक ब्याङ्कहरूले कृषि क्षेत्रमा कृषि कार्यका लागि प्रत्यक्ष रूपले ऋण दिने गरेको छैन । शहरको गोदाममा राखेको खाद्यान्न एवं अन्य नगदेबालीको धीतोमा व्यापारी, मिल, मालिक एवं अन्य धनी व्यक्तिहरूलाई दिएको ऋणको प्रयोग कृषि क्षेत्रभन्दा व्यापारिक क्षेत्रमा नै बढ़ी हुन्छ । सुन-चाँदीको धीतोको आधारमा दिएको ऋणको प्रयोग प्रायः गरी कृषि क्षेत्रमा

---

[3] नेपाल राष्ट्र ब्याङ्क, एग्रीकलचरल क्रेडिट रिभ्यू सर्वे, भौल १, काठमाडौं १९८०, टेबुल २ पृष्ठ १६१.

[4] ऐजन, पृष्ठ १६७.

[5] ऐजन पृष्ठ १६०-६३

हुन्छ । व्यापारिक व्याङ्कहरूबाट केवल ४·१२ प्रतिशत किसान परिवार मात्र ऋण प्राप्त गर्ने काम गर्दछन् र देशमा कुल कृषि ऋणको ७ प्रतिशत व्यापारिक व्याङ्कहरूबाट प्राप्त हुन्छ ।[6] व्यापारिक व्याङ्कहरूले आफ्नो कुल निक्षेपको १० प्रतिशत कर्जा प्राथमिक क्षेत्रमा दिनु पर्दछ भन्ने नेपाल राष्ट्र व्याङ्कको निर्देशको आजसम्म पालन भएको छैन । कर्जा असूलीको दयनीय स्थिति, व्यापारको क्षेत्रको तुलनामा प्राथमिक क्षेत्रमा कर्जा दिंदा व्याज-दरको कमीले गर्दा प्राथमिक क्षेत्रहरूमा व्यावसायिक व्याङ्कहरूले कर्जा दिने प्रेरणाको अभावं भएको हुनाले व्यावसायिक व्याङ्कहरूले आफ्नो कुल निक्षेपको ४ प्रतिशत भन्दा पनि कम प्राथमिक क्षेत्रमा लगानी गर्ने काम गर्दछन् ।[7] फलस्वरूप व्यावसायिक व्याङ्कहरूबाट किसानहरूलाई अत्यन्तै थोरै मात्रामा ऋण प्राप्त हुन्छ ।

कृषि विकास ब्याङ्क (Agricultural Development Bank) :—कृषि विकास व्याङ्क किसानहरूलाई अल्प अवधि, मध्यम अविधि तथा लामो अवधिका लागि ऋण दिने काम गर्दछ । देशमा करीब ५० प्रतिशत किसान परिवारहरू कृषि विकास व्याङ्कबाट ऋण प्राप्त गर्नें काम गर्दछन् र कुल कृषि ऋणको करीव २२ प्रतिशत यस संस्थाद्वारा प्राप्त हुन्छ ।[8] यसले कुल ऋणको अधिकांश भाग साझा संस्थाहरू मार्फत र थोरै भाग मात्र प्रत्यक्ष रूपले किसानहरूलाई दिन्छ । कृषि विकास व्याङ्क साझा संस्थाहरूमाथि बित्तीय नियंत्रण राख्ने काम पनि गर्दछ । कृषि विकास व्याङ्कद्वारा संचालित साना किसान विकास परियोजना (S. F. D. P.) साना किसानहरूको आर्थिक एवं सामाजिक उत्थानको लागि एउटा अनौठो कार्यक्रम हो । यसले किसानहरूलाई भूमि, घर, अचल सम्पत्ति आदिको धीतोको आधारमा ऋण दिने काम गर्दछ । व्याङ्कको यस धीतो मूलक कर्जा प्रणाली (Security oriented credit) ले गर्दा कर्जाको मात्रा एवं कर्जा लिने परिवारको संख्या दुवै दृष्टिकोणले व्याङ्कधनी एवं टाठा-बाठाहरूको प्रभाव क्षेत्रमा पर्न गएको छ र धीतोको अभाव हुने गरीब किंसान एवं मोहीहरूको साखको आवश्यकताको पूर्ति हुन सकेको छैन ।

साहू-महाजन (Money Lenders) :—कृषि साख आपूर्तिको दृष्टिकोणले साहू-महाजन, भूमिपति व्यापारी मित्र एवं सम्बन्धीहरू जस्ता परम्परागत स्रोतहरू बढ़ी महत्वपूर्ण छन् । ग्रामीण ऋणग्रस्तता समाप्त गर्ने उद्देश्यले श्री ५ को सरकार-

---

६. ऐजन

७. एन० आर० वी ० कमर्सियल व्याङ्किङ्ग स्टैटिस्टिक्स १९८१ र क्वार्टरली इकोनोमिक बुलेटिन १९८२-८३ भौल १६-१७, पृष्ठ ४.

८. पू. पा. टिप्पणी ३, पृष्ठ १६०-६३,

को कृषि ऋण सम्बन्धी नीतिमा परिवर्तनले गर्दा यी स्रोतहरूद्वारा कृषि साखको आपूर्तिमा कमी भए तापनि संस्थागत स्रोतको दाँजोमा आज पनि यी स्रोतहरू बढ़ी महत्वपूर्ण नै छन् । सन् १९६९।७० को वर्षमा यी स्रोतहरूबाट कुल कृषि ऋणको ७९.१३ प्रतिशत उपलब्ध हुन्थ्योभने १९७६।७७ मा ५८.३० प्रतिशत ।[९]

कृषि साख आपूर्तिमा साहू महाजनको प्रधानताका कारणहरू :—कृषि साखको क्षेत्रमा साहू महाजनको प्रधानताको निम्नांकित कारणहरू छन्—

१. कृषि साख संस्थाहरूको अभाव—देशमा कृषि साख संस्थाहरूको अभाव छ । प्रति ३० हजार जनसंख्यामा एक व्यावसायिक व्याङ्कको कार्यालयको उद्देश्य अहिलेसम्म पूरा भएको छैन । २०४२ सालसम्म प्रति ४३ हजार जनसंख्यामा एक व्यापारिक व्याङ्क कार्यालय मात्र पर्दछ । व्यापारिक व्याङ्क कार्यालय शहर बजारसम्म मात्र सीमित छ । त्यसै गरी सहकारी समितिहरूको स्थिति पनि दयनीय अवस्थामा छ । सहकारी समितिहरूसँग आफ्नो कोशको अभाव छ र आफ्नो कार्यकलापको लागि कृषि विकास व्याङ्कद्वारा उपलब्ध हुन आएको ऋणमा नै निर्भर गर्नु पर्दछ । कृषि विकास व्याङ्कका कार्यालयहरू पनि ग्रामीण क्षेत्रहरूमा नभएको हुनाले र कर्जा व्यवस्था धीतो-मूलक (Security-Oriented) हुने हुनाले साना एवं सीमान्त किसान तथा मोहीहरू लाभान्वित हुन सकेका छैनन् । फलस्वरूप यी संस्थाहरूको अभावमा किसानहरू ऋणको परम्परागत स्रोतमा निर्भर गर्नु पर्दछ ।

२. साहू-महाजनहरूलाई किसानहरूको वारेमा वढ़ी जानकारी :—साहू-महाजनहरू त्यसै गाउँको निवासी भएको हुनाले उनीहरूलाई किसानहरूको वारेमा बढ़ी जानकारी हुन्छ । फलस्वरूप उनीहरूले धीतो नलिएर पनि इमान्दार किसानहरूलाई कर्जा दिन्छन् ।

३. कुनै पनि वेला ऋण दिने काम—साहू महाजनहरूको काम गर्ने समय निर्धारित हुँदैन । फलस्वरूप कुनै पनि वेला आवश्यक परेमा किसानहरू ती साहू महाजनसँग ऋण लिने काम गर्न सक्तछन् ।

४. साहू महाजनको नियम ज्यादै सरल हुन्छ—साहू महाजनको नियम ज्यादै सरल हुन्छ र उनीहरूले कुनै पनि कार्यको लागि उत्पादक होस अथवा अनुत्पादक ऋण दिने काम गर्दछन् ।

---

[९] ऐजन, पृष्ठ १६७.

साहू-महाजनका प्रधानताका कारणहरू

१. कृषि साख संस्थाहरूको अभाव
२. साहू महाजनहरूलाई किसानहरूको बारेमा बढ़ी जानकारी
३. कुनै पनि वेला ऋण दिने काम
४. साहू महाजनको नियम ज्यादै सरल हुन्छ

साहू महाजनद्वारा दिने साखका दोषहरू :—साहू महाजनहरूद्वारा आपूर्ति गरिएको साखको सम्बन्धमा उपर्युक्त सुविधाहरू भए पनि कृषि विकासका लागि यो भरपर्दो साधन होइन । यस प्रकारको ऋणका निम्नांकित दोषहरू छन्—

१. अनुत्पादक कार्यको लागि ऋणको बढ़ी प्रयोग—साहू महाजनले ऋण दिंदा ऋण कुन उद्देश्यले प्रयोग गरिन्छ भन्ने कुरोसँग वास्ता राख्दैन । फलस्वरूप किसानहरू आवश्यकता भन्दा बढी ऋण लिन्छन् र त्यसलाई अनुत्पादक कार्यहरूमा खर्च गर्दछन् । यसरी ऋण ग्रस्ततामा वृद्धि हुन्छ ।

२. बढ़ी ब्याज—साहू महाजनहरूले ऋण दिंदा बढी ब्याज लिन्छन् । कहिले काहीं यी साहू महाजनको ब्याज-दर ५० प्रतिशत र सो भन्दा पनि बढ़ी हुन्छ ।

३. बेइमानी—साहू महाजनहरू ऋण असूल गर्दा अशिक्षित एवं सोझा किसानहरूसँग हिसाब-किताब गर्दा बेइमानी पनि गर्दछन् ।

४. कृषि उत्पादनको उचित मूल्य प्राप्त नहुनु—कहिले काहीं साहू महाजन एवं व्यापारीहरूले किसानहरूलाई ऋण दिंदा किसानले महाजनलाई धेरै कम मूल्यमा कृषि उत्पादन बेच्नु पर्दछ भन्ने शर्तमा ऋण दिन्छन् । यस प्रकार उचित भन्दा कम मूल्यमा कृषि उत्पादन बेच्ने गरी कबुलियतका आधारमा ऋण प्राप्त भएकाले किसानहरूलाई आफ्नो कृषि उत्पादनको उचित मूल्य प्राप्त हुँदैन ।

साहू महाजनद्वारा दिइएको साखका दोषहरू

१. अनुत्पादन कार्यको लागि ऋणको प्रयोग
२. बढ़ी ब्याज
३. बेइमानी
४. कृषि उत्पादनको उचित मूल्य प्राप्त नहुनु

कृषि साखका समस्याहरू

(Problems of Agricultural Credit)

नेपालमा कृषि साखका मुख्य रूपले निम्नांकित समस्याहरू छन्—

१. अपर्याप्तता (Inadequacy)—कृषि साखको सम्बन्धमा सबभन्दा ठूलो समस्या संस्थागत ऋणको अपर्याप्तता नै हो । किसानहरूले साख संस्थाहरूबाट

पर्याप्त मात्रामा ऋण प्राप्त गरिराखेका छैनन् । यस सम्बन्धमा देशमा भएका व्यापारिक ब्याङ्कहरूको स्थान बचत परिचालन एवं साख सृजना (Deposit mobiliation and credit creation) को दृष्टिले प्रथम छ । तर व्यापारिक ब्याङ्कहरूको कुल ऋणको केवल १·७ प्रतिशत भाग मात्र कृषि क्षेत्रलाई उपलब्ध हुन्छ[10] । प्राथमिक क्षेत्रलाई प्रदान गरिएको कर्जा २०४१/४२ मा कुल कर्जाको ८ प्रतिशत मात्र रहेकाले नेपाल राष्ट्र ब्याङ्कले व्यापारिक ब्याङ्कहरूलाई कुल निक्षेपको १० प्रतिशत कर्जा यस क्षेत्रलाई दिनु पर्दछ भन्ने आदेशको पालनसम्म नभएको देखिन्छ । साझा संस्थाहरूको स्थिति पनि आफ्नो साधनको अभावले गर्दा दयनीय नै छ । कृषि विकास ब्याङ्कबाट उपलब्ध गराइने कर्जा पनि पर्याप्त मात्रामा साना किसानहरूलाई उपलब्ध हुन सकेको छैन । पुनश्च: हालसम्म यसले छोटो अवधिका लागि नै बढ़ी ऋण दिने काम गर्दै आएकाले ऋण उत्पादकता बढ़ाउने मध्यम अवधि एवं लामो अवधिका लागि ऋणको खाँचो ज्यादै नै गम्भीर भएको छ ।

२. **ऋणको अनुत्पादक कार्यमा प्रयोग** (Unproductive use of loan)— संस्थागत ऋण पर्याप्त मात्रामा तथा उचित समयमा उपलब्ध हुँदैन र ऋण दिने संस्थाहरूद्वारा ऋणको सुपरिवेक्षणको राम्रो व्यवस्था छैन । साथै किसानहरूले बढ़ी मात्रामा ऋणका लागि साहू-महाजनमा निर्भर गर्दछन् । ती साहू-महाजनहरूद्वारा पनि ऋणको प्रयोग कुन काममा हुन्छ भन्ने कुनै वास्ता हुँदैन । फलस्वरूप नेपालमा कृषि ऋण अनुत्पादक कार्यमा खर्च गरिन्छ ।

३. **साख वितरणमा असंतुलन** (Imbalance in credit distribution) साख वितरणमा धेरैं मात्रामा असंतुलन पाइन्छ । व्यावसायिक ब्याङ्कले दिएको ऋणको बढ़ी भाग शहर तथा थोरै भाग ग्रामीण क्षेत्रमा उपलब्ध हुन्छ । साथै तराईमा व्यापारिक ब्याङ्कहरूबाट किसानहरूलाई कुल कृषि ऋणको ७.२१ प्रतिशत प्राप्त हुन्छ भने पहाड़मा केवल ५.८० प्रतिशत । यसरी व्यापारिक ब्याङ्कको कर्जा वितरणमा क्षेत्रीय असंतुलन पनि देखिन्छ । त्यसै गरी एक किसान परिवारलाई सरदररूपले कृषि विकास ब्याङ्कद्वारा तराईमा २७१. रु० प्राप्त हुन्छ भने पहाड़ी भागमा केवल रु० २०३ मात्र ।[11]

४. **साखको बढ़ी भाग ठूला किसानहरूलाई** (Major share of credit to big farmers)—साना एवं सीमान्त किसानहरूका साखको आवश्य-

---

[10] १०. एन. आर. बी., क्वार्टरली इकोनोमिक बुलेटिन १९८२।८३, भौल १६-१७ नं० ४,१ एण्ड २, पृष्ठ १८-१९

[11] ११. पू. पा. टिप्पणी ३, टेबुल १२, पृष्ट १७१

कताको पूर्ति भएको छैन । देशको कुल किसान परिवारको ६४ प्रतिशत साना एवं सीमान्त किसान नै छन् जसको हातमा देशको कुल जग्गाको केवल ३४ प्रतिशत मात्र छ । ती किसानहरूको साखको आवश्यकता अझै बढ़ी र महत्वपूर्ण हुन्छ । तर ती किसानहरूसँग धीतोको अभाव छ । फलस्वरूप साख संस्थाहरूद्वारा उनीहरूलाई ऋण उपलब्ध हुँदैन । परिणामस्वरूप ती किसानहरू साहू महाजनहरूबाट नै ऋण प्राप्त गर्दछन् । नेपाल राष्ट्र बैंकद्वारा गरिएको एग्रीकलचरल क्रैडिट रिभ्यू सर्वेअनुसार साना एवं सीमान्त किसानहरूले आफ्नो कुल ऋणको क्रमशः १९.८९ र १३.२९ प्रतिशत भाग विभिन्न संस्थाहरूबाट प्राप्त गर्दछन् । तर ठूला एवं मध्यम दर्जाका किसानहरूले क्रमशः ६६.५८ र ३५.६४ प्रतिशत भाग संस्थागत ऋण प्राप्त गर्दछन् ।[12] साना एवं सीमान्त किसान परिवारहरूबाट साहु महाजनहरूले बढ़ी ब्याज लिन्छन् र त्यस ऋणको अनुत्पादक कार्यमा प्रयोग पनि हुने भएकोले ती साना एवं सीमान्त किसानहरू कहिल्यै ऋण मुक्त हुन पाउँदैनन् ।

५. ऋण असूल नहुनु (Large overdues) :—ऋणको सम्बन्धमा ऋण असूल नहुने भन्ने ठूलो समस्या छ । सन् १९७७-७८ को तथ्याङ्क अनुसार साझा संस्थाहरूले दिएको कुल ऋणको केवल ५८ प्रतिशत मात्र असूल भयो अर्थात् ४२ प्रतिशत रकम असूल हुन सकेन । त्यसै गरी वाणिज्य ब्याङ्कहरूद्वारा प्राथमिक क्षेत्रमा लगानी गरेको रकमको असूलीको स्थिति पनि ठीक छैन । वि०सं० २०३५ साल आषाढ़ मसान्तसम्ममा औसत कर्जा असूली वितरित रकमको मात्र १८.६ प्रतिशत थियो । लगानी गरेको रकम असूल नभएमा साख संस्थाहरूले कर्जाको विस्तार गर्न पनि असम्भव नै हुन्छ ।

कृषि ऋणग्रस्तता

(Agricultural Indeftedness)

कृषि ऋण ग्रस्तताको प्रकृति (Nature of Agricultural Indebtedness) :—उत्पादन कार्यको लागि कृषि ऋण नराम्रो कुरो होइन । कृषि उत्पादनमा वृद्धि गर्नका लागि परम्परागत कृषि प्रणालीलाई परित्याग गरी नयाँ प्रविधि अनुसार खेती गर्न आवश्यक हुन्छ । यसका लागि भारी मात्रामा पूँजीको आवश्यकता पर्दछ । फलस्वरूप कृषि कार्यको सफल संचालनको लागि कृषि ऋण आवश्यक नै हो । यसै कारण विकसित मुलुकका किसानहरूले पनि कृषि कार्यका लागि प्रशस्त ऋण लिन्छन् । तर विकसित मुलुका किसानहरूझैं नेपाली किसानहरूले केवल उत्पादन कार्यको लागि मात्र ऋण लिंदैनन् । यहाँका धेरै जसो किसानहरूले दैनिक उपभोग, विहे, श्राद्ध, जन्म, विरामी पर्दा औषधि-उपचार एवं

---

[12] ऐजन, पृष्ठ १६४.

धामी लगाउने जस्ता अनुत्पादक कार्यको लागि पनि ऋण लिन्छन् । यस प्रकारको अनुत्पादक ऋणबाट किसानहरूलाई केही आय प्राप्त नहुने हुनाले यस प्रकारको ऋणको भुक्तानी हुन सक्तैन । किसानको मृत्युपरान्त सो ऋण एवं ब्याजको रकम छोराले बोक्नु पर्ने भएकाले ऋण वंशानुगत हुन जान्छ । यहाँका किसानहरूले एकातिर पूर्वजद्वारा लिएको ऋण बोक्नु पर्दछ भने अर्कोतिर गरीबीले गर्दा आफूले पनि ऋण लिनु पर्दछ । यसरी ऋणमाथि ऋण थपिँदै जान्छ र जीवनभरि ऊ ऋण मुक्त हुन पाउँदैन । त्यसै कारण नेपाली किसान ऋण मै जन्म लिन्छ, ऋण मैं उसको पालन पोषण हुन्छ र मृत्यु पनि ऋणमैं हुन्छ भन्ने भनाइ पनि छ ।

कृषि ऋणको सम्बन्धमा सब भन्दा गम्भीर कुरो के छ भने यो मुख्य रूपले साना एवं सीमान्त किसानहरूको समस्या छ । ती साना एवं सिमान्त किसानहरूसँग थोरै मात्रामा जग्गा हुन्छ र ती थोरै जग्गा पनि विभिन्न ठाउँहरूमा छरिएका हुन्छन् । खेतीको तरीका परम्परागत भएकाले उनीहरूको आय बहुतै कम हुन्छ । आफ्नो आवश्यकीय आवश्यकताहरूको पूर्तिका लागि ती गरीब एवं साना किसानहरू व्यावसायिक ब्याङ्क, कृषि विकास ब्याङ्क, साझा संस्थानहरूबाट थोरै मात्रामा ऋण प्राप्त गर्दछन् र कुल ऋणको बढ़ी भाग साहू महाजनहरूबाट नै चर्को ब्याजमा प्राप्त गर्दछन् । यसको विपरीत ठूला किसानहरूले आफ्नो कुल ऋणको बढ़ी भाग विभिन्न संस्थाहरूबाट प्राप्त गरेका हुन्छन् र साहू महाजनहरूबाट थोरै मात्रामा ऋण लिन्छन् । विभिन्न दर्जाका किसानहरूद्वारा प्राप्त गर्ने संस्थागत एवं गैह्र संस्थागत ऋणको अनुपात निम्न तालिकाद्वारा प्रष्टिन्छ ।

तालिका १०·१

विभिन्न दर्जाका किसानहरूद्वारा प्राप्त गर्ने संस्थागत एवं गैर संस्थागत ऋणको अनुपात

			प्रतिशत	
ऋणको स्रोत	ठूलो किसान	मध्यम दर्जाका किसान	साना किसान	सीमान्त किसान
संस्थागत ऋण	६६·५८	३५·६४	१९·८९	१३·२३
गैर-संस्थागत ऋण	३३·४२ (?)	६४·३६	८०·११	८६·७७
कुल	१००·००	१००·००	१००·००	१००.००

(स्रोत-नेपाल राष्ट्र ब्याङ्क, एग्रीकलचरल क्रेडिट रिभ्यू सर्वे नेपाल, भौल १, पृष्ठ १६४)

उपर्युक्त तालिकाद्वारा के प्रष्ट हुन आउँछ भने ठूला दर्जाका किसानहरूले आफ्नो कुल ऋणको करीब ६७ प्रतिशत संस्थाहरूद्वारा प्राप्त गर्दछन् भने साना

एवं सीमान्त किसानहरूले क्रमशः २० र १३ प्रतिशत मात्र संस्थागत ऋण प्राप्त गर्दछन् ।

ऋण ग्रस्तताको परिमाण

(Magnitude of Indebtedness)

नेपाल राष्ट्र ब्याङ्कबाट गरिएको एग्रीकलचरल क्रेडिट सर्वे (१९७२ ई०) र एग्रीकलचरल क्रेडिट रिभ्यू सर्वे (१९८० ई०) मा नेपालमा ऋण ग्रस्तताको परिमाणको अध्ययन गरिएको छ । नेपाल राष्ट्र ब्याङ्कका यी अध्ययनहरूबाट अधिकांश किसान परिवारहरू ऋण ग्रस्त छन् भन्ने कुरो प्रकाशमा आएको छ। अध्ययन अनुसार १९६९।७० ई० मा ६५·१८ प्रतिशत किसान परिवारहरू ऋण ग्रस्त थिए र १९७६।७७ ई० मा ६२.२९ प्रतिशत किसान परिवारहरू ऋण ग्रस्तताको स्थितिमा पुगे । सर्वे अनुसार १९६९।७० ई० मा ४७·४७ प्रतिशत ठूला किसान परिवार, ६२·९१ प्रतिशत मध्यम दर्जाका किसान र ६८·८५ प्रतिशत साना दर्जाका किसान परिवारहरू ऋणग्रस्त थिए । सन् १९७६।७७ ई० मा ७६·३७ प्रतिशत ठूला किसानहरू, ५९·९१ प्रतिशत मध्यम दर्जाका किसानहरू र ५९·०८ प्रतिशत साना किसान परिवारहरू ऋण ग्रस्तताको स्थितिमा पुगे जो निम्न तालिकाबाट प्रष्टिन्छ—

तालिका १० : २

ऋणग्रस्त परिवारहरू

परिवारको दर्जा	प्रतिशतमा १९६९।७०	 १९७६।७७
ठूला किसान	४७·४७	७६·३७
मध्यम दर्जाका किसान	६२·९१	५९·९१
साना किसान	६८·८५	५९·०८
सबै परिवार	६५·१९	६२·२९

(स्रोत—नेपाल राष्ट्र ब्याङ्क, एग्रीकलचरल क्रेडिट रिभ्यू सर्वे नेपाल, भौल १, पृष्ठ १५२, टेबुल ३५.)

नेपाल राष्ट्र ब्याङ्कले प्रति परिवार ऋण ग्रस्तताको पनि अध्ययन गरेको छ । सन् १९६९।७० ई० को तुलनामा सन् १९७६।७७ मा प्रति परिवार ऋण ग्रस्तताको मात्रामा ११६·४७ प्रतिशतको वृद्धि भयो । ७ वर्षको यस अवधिमा ठूलो परिवारको ऋण ग्रस्ततामा १६३·८८ प्रतिशत र मध्यम एवं साना किसान परिवारको ऋणग्रस्ततामा क्रमशः ७६·०६ र ६२·३७ प्रतिशतको वृद्धि भयो । सन् १९७६।७७ मा

प्रत्येक प्रकारको सरदर ऋण ग्रस्तता तराईका तुलनामा पहाड़मा दोब्बर भन्दा पनि हुन गयो । सबै परिवारहरूलाई सम्मिलित रूपमा विचार गर्दा पहाड़ भन्दा पनि तराईमा प्रति परिवार वढ़ी ऋण ग्रस्तता थियो जो निम्न तालिकावाट प्रष्टिन्छ ।

तालिका १०.३

प्रति परिवार औसत ऋण

रुपियाँमा

परिवारको दर्जा		पहाड़	तराई	सम्पूर्ण नेपाल
सबै परिवारहरू	१९६९।७०	६५५	३०४	४१९
	१९७६।७७	६९१	९९४	९०७
	१९६९।७०	१३१४	६७६	८९७
ठूला	१९७६।७७	१०२८	४९१३	२३६७
	१९६९।७०	७७७	३८१	४९७
मध्यम	१९७६।७७	५८०	१०६७	८७५
	१९६९।७०	५०९	२२०	३१६
साना	१९७६।७७	३८४	५३७	५१३

(स्रोत—नेपाल राष्ट्र व्याङ्क, एग्रीकलचरल क्रेडिट रिभ्यू सर्वे नेपाल, भौल १, पृष्ठ १५४, टेबुल ३९.)

सर्वे अनुसार कुल उत्पादनको अनुपातमा पनि धेरै नै ऋण ग्रस्तता देखिएको छ । कुल उत्पादनका प्रतिशतको रूपमा पहाड़भन्दा तराईमा धेरै नै वढ़ी ऋण ग्रस्तता छ जो निम्न तालिकामा प्रदर्शित गरिएको छ ।

तालिका १०.४

कुल उत्पादनको अनुपातमा ऋण ग्रस्तताको परिमाण

प्रतिशतमा

क्षेत्र	१९६९।७०	१९७६।७७
पहाड़	३३.१०	१७.१४
तराई	८.६८	१३.८५
सम्पूर्ण नेपाल	१३.९५	१४.४६

(स्रोत—नेपाल राष्ट्र व्याङ्क, एग्रीकलचरल क्रेडिट रिभ्यू सर्वे, काठमाडौं १९८०, भौल १, पृष्ठ १५८, टेबुल ४६)

ग्रामीण ऋण ग्रस्तताका कारणहरू
(Causes of Rural Indebtedness)

नेपालमा ग्रामीण ऋण ग्रस्तताका कारणहरू निम्न प्रस्तुत गरिएको छ

(१) अत्यधिक गरीवी (Extreme Poverty)–ग्रामीण क्षेत्रमा अत्यधिक गरीवी छ । ग्रामीण किसानहरूका जोतको आकार अत्यन्तै सानो छ जसमा परम्परागत तरीकाले खेती गरिन्छ । मनसूनको प्रतिकूलताले गर्दा आयमा निश्चितता हुँदैन । फलस्वरूप किसानहरूलाई आफ्नो आवश्यक खर्चको पूर्ति गर्नको लागि ऋणलिन आवश्यक हुन जान्छ । लिएको ऋणको अधिकांश भाग अनुत्पादक खर्चमा नै जान्छ । गरीबी र आयको कमीले गर्दा भुक्तानी हुने स्थिति नै रहँदैन । ती किसानहरू एक यस्तो चक्रमा फँस्दछन् जसमा पुरानो ऋणको भुक्तानी पनि हुँदैन र नयाँ ऋणको आवश्यकता पनि रहिरहने हुनाले कर्जा एवं व्याजको मात्रा थपिदै जान्छ । यसरी ऋण ग्रस्तताको मात्रा बढ्दै जान्छ ।

(२) पैतृक ऋण (Inherited Debt)—नेपाली किसानहरूले पिताको मृत्यु उपरान्त पिताले लिएको ऋण बोक्नु पर्दछ र यस पैत्रिक ऋणको भुक्तानी धार्मिक दृष्टिले गर्नु पनि आफ्नो पावन कर्त्तव्य ठान्दछन् । किसानहरूले पैत्रिक ऋणको भार बोक्नुका साथै गरीबीले गर्दा आफूले पनि ऋण लिन्छन् । पैत्रिक ऋणको साथ-साथै आफूले लिएको ऋण-भार पनि बढ्दै जान्छ र ऋणको भुक्तानी सम्भव हुँदैन । मृत्युपरान्त सो ऋण फेरि छोराले बोक्नु पर्ने हुन्छ । यसरी ऋणमा जन्म लिन्छ, ऋणैमा जीवन बिताउँछ र ऋणमै मर्छ (Is borne in debt, lives in debt and dies in debt) भन्ने भारतको रोयल कमीशन औन एग्रीकल्चर (Royal commission on Agriculture) को भनाई नेपालको किसानमा पनि पूर्ण रूपले लागू हुन्छ ।

(३) सहायक पेशाको अभाव (Lack of subsidiary occupation):—नेपाली किसानहरूमा मौसमी बेरोजगारीको स्थिति छ । किसानहरू बाह्रै महिना काम पाउँदैनन् । राष्ट्रिय योजना आयोगको सर्वेक्षण अनुसार नेपालमा प्रति वर्ष प्रति पुरुष १८६ दिनसम्म बेरोजगार बस्नु पर्दछ । यस प्रकारको बेकार समयमा आफ्नो समय प्रयोग गरी केही आय प्राप्त गर्ने घरेलु उद्योगहरू विकसित नभएको हुनाले समय त्यसै खेर जान्छ । यस कारण पनि किसानहरूमा गरीबी छ र कर्जा लिनका लागि वाध्य हुनु पर्दछ ।

(४) सामाजिक रीति-स्थिति एवं धार्मिक खर्चहरू (Social customs and Religious needs) :—नेपालमा किसानहरूले आफ्नो बिहे, श्राद्ध-भोज, ब्रतवन्ध एवं अन्य धार्मिक अवसरहरूमा आफ्नो आर्थिक क्षमता भन्दा पनि बढ़ी

खर्च गर्दछन् । यस प्रकारको खर्च ऋण लिएर गर्नु पर्दछ । तर यसवाट केही आय चाहि प्राप्त हुँदैन । यस प्रकारको कर्जाको व्याज पनि दिनानुदिन वढ्दै जाँदा ऋण ग्रस्ततामा धेरै नै वृद्धि हुन्छ ।

(५) किसानहरूको अस्वस्थता (Illness of the Farmers)—गरीबीले गर्दा नेपालका किसानहरू कुपोषणको शिकार छन् । फूड एन्ड एग्रीकलचरल और-गैनाइजेशनको अध्ययन अनुसार नेपालमा प्रति वालिक प्रतिदिनको खानामा २३५० केलरीको आवश्यकता पर्दछ । तर गरीबीले गर्दा हाम्रो खानामा त्यस भन्दा थोरै केलरी रहन्छ । १९७७ को F. A. O. को अध्ययन अनुसार हाम्रो कुल जन-संख्याको ३० प्रतिशत मानिस कुपोषणको शिकार हुन गएको छ । फलस्वरूप उनीहरू विभिन्न प्रकारको रोगले ग्रस्त हुन गई औषधि उपचारका लागि धेरै मात्रामा ऋण लिनु पर्दछ । यस प्रकारको ऋण पनि अनुत्पादक ऋण नै हो जसको भुक्तानी हुन सक्तैन र व्याज थपिदै जाँदा ऋण ग्रस्ततामा वृद्धि हुँदै जान्छ ।

(६) मुद्दा-मामिला (Litigation) :—नेपाली किसानहरू धेरै मात्रामा मुद्दा मामिलाहरूमा लागेका हुन्छन् । मुद्दा मामिलाको हार-जीतलाई इज्जतकै प्रश्न बनाएर धेरै खर्च गर्दछन् । यस प्रकारको खर्च पनि अनुत्पादक खर्च नै हो जसवाट केही आय प्राप्त हुँदैन । मुद्दा मामिलाले गर्दा कृषि कार्यमा धेरै वाधा हुन गई आममा कमी हुन्छ, अनुत्पादक खर्चमा वृद्धि हुन्छ र ऋणको आवश्यकता वढ्दै जान्छ ।

(७) मालपोत एवं कुतको अत्यधिक भार (Excessive burden of land revenue and rent) :—साना एवं सीमान्त किसानमाथि मालपोत एवं कुतको अत्यधिक भार छ । निश्चित कुत निर्धारण भएका ठाउँहरूमा अतिवृष्टि वा खरेडीले वाली नहुँदा पनि मालपोत एवं कुत तिर्नु पर्दछ । वाली नभएको साल कर्जा लिएर पनि मालपोत एवं कुतको रकम तिर्दा निश्चिय नै ऋण ग्रस्ततामा वृद्धि हुन्छ ।

(८) संस्थागत साखको अभाव (Lack of Institutional credit) :—८० प्रतिशत साना एवं ८७ प्रतिशत सीमान्त किसानहरू कर्जाको लागि साहू महाजनमा नै निर्भर गर्नु पर्दछ ।[13] यी किसानहरूले कम व्याजमा संस्थागत ऋण पाउँदैनन् । साहू-महाजनहरूको व्याज-दर अत्यधिक नै चर्को हुन्छ । फलस्वरूप ऋण-ग्रस्ततामा वृद्धि हुन्छ ।

ग्रामीण ऋण ग्रस्तताका कारणहरू

१. अत्यधिक गरीबी
२. पैतृक-ऋण

---

[13] पू० पा० टिप्पणी ३, पृष्ठ १६४ ।

३. सहायक पेशाको अभाव
४. सामाजिक रीति-स्थिति एवं धार्मिक खर्चहरू
५. किसानहरूको अस्वस्थता
६. मुद्दा मामिला
७. माल-पोत एवं कुतको अत्यधिक भार
८. संस्थागत साखको अभाव

ग्रामीण ऋण ग्रस्तताका परिणामहरू
(Consequences of Agricultural Indebtedness)

ग्रामीण ऋण ग्रस्तताका धेरै कुपरिणामहरू हुन्छन् । ती कुपरिणामहरूको विवरण यस अनुसार प्रस्तुत गर्न सकिन्छ—

(क) आर्थिक परिणामहरू (Economic consequences)—ग्रामीण ऋण ग्रस्तताका निम्नांकित आर्थिक परिणामहरू हुन्छन्—

(१) उत्पादन गर्ने प्रेरणामा कमी—किसानहरूले आफ्नो उत्पादनको महत्वपूर्ण भाग साहू महाजनहरूलाई ब्याज एवं मूलधनको रूपमा तिर्नु पर्दछ र उनीहरूले उत्पादनको थोरै भाग मात्र राख्न पाउँछन् । फलस्वरूप किसानहरूमा बढ़ी उत्पादन गर्ने प्रेरणाको कमीले गर्दा कृषि उत्पादनमा नै ह्रास हुन्छ ।

(२) किसानहरूलाई उत्पादनको उचित मूल्य प्राप्त हुँदैन—किसानहरूले ऋण भुक्तानीका लागि आफ्नो वस्तु सस्तो दाममा बेच्नु पर्दछ । कहिले काहीं ऋण प्राप्त गर्दा नै साहू एवं किसानहरू बीच धेरै कम मूल्यमा कृषि उत्पादन साहूलाई बेच्नु पर्ने भन्ने कबुलियत गरिएको हुन्छ । फलस्वरूप किसानहरूले कृषि उत्पादनको उचित मूल्य पाउँदैनन् ।

(३) किसानहरू व्यापारको प्रतिकूल शर्तको शिकार हुन जान्छन्—गाउँका सांहू महाजनहरूले पसल पनि थापेका हुन्छन् । किसानहरूले ती साहूहरूसँग ऋण लिंदा तिनै साहूको पसलबाट बढ़ी मूल्यमा आवश्यक वस्तुहरू क्रय गर्नु पर्दछ । वस्तुको मूल्य अन्नको रूपमा नै दिइन्छ । यस्तो स्थितिमा अनाजको मूल्य कम र वस्तुको मूल्य बढ़ी लिंदा र ब्याज-दर चर्को हुँदा सारा नोक्सानी किसानहरूले नै बोक्नु पर्दछ । यसरी ऋणी किसानहरूको व्यापारको शर्त प्रतिकूल हुन्छ ।

(४) जग्गाको हस्तान्तरण :—गरीब किसानहरूमाथि ऋणको भार दिनानुदिन बढ्दै जान्छ । अन्तमा ऋण तिर्ने कुनै विकल्प नरहँदा किसानले आफ्नो जग्गा साहूलाई कमै मोलमा बेच्न बाध्य हुनु पर्दछ । यसरी जग्गा किसानबाट

साहूको हातमा जाँदा किसान भूमिहीन हुन जान्छ । साहूले जग्गा आफूले नकमाएको हुनाले सम्पूर्ण कृषि उत्पादनमा नै यसको प्रतिकूल असर पर्दछ ।

(ख) सामाजिक परिणामहरू (Social consequences) :—ग्रामीण ऋण ग्रस्तताले गर्दा सामाजिक जीवनमा निम्नांकित कुप्रभावहरू पर्दछन् ।

(१) साहू एवं ऋणीमा तनावपूर्ण वातावरण—साहू महाजनहरू धेरै संख्यामा हुन्छन् र शोषणको आधारमा ती साहू महाजनहरूको धनमा वृद्धि हुन जान्छ । अर्कोतिर गरीव किसानहरूको संख्या धेरै हुन्छ । दुवै शोषक र शोषित वर्गमा इर्ष्या हुन थाल्दछ । यसरी साहू महाजन र गरीव किसानहरूवीच भएको भावनात्मक सम्बन्ध घृणाको रूपमा परिवर्तित हुन्छ ।

(२) किसानहरूको सामाजिक प्रतिष्ठामा ह्रास—ग्रामीण ऋण ग्रस्तताले गर्दा ग्रामीण किसानहरूको सामाजिक प्रतिष्ठा घट्न जान्छ र सम्पूर्ण भूमि केही साहू महाजनको हातमा केन्द्रीत हुन जान्छ । फलस्वरूप समाजमा भएको आर्थिक विषमता वृद्धि हुन गई तनावको वातावरण पैदा हुन्छ ।

(३) दासताको स्थितिको सृजना—गरीब किसानहरू भूमिहीन हुन जान्छन् र केही दिन पछि आफै ऋणको भार बोक्दा बोक्दै उनीहरूको अस्तित्व नै साहू महाजनको हातमा गई दासताको स्थिति उत्पन्न हुन्छ ।

(ग) राजनैतिक परिणाम—

(१) देशको राजनैतिक वातावरण दूषित हुने डर—गरीव ऋणी किसानहरूलाई टाठा-वाठा साहू महाजनहरूले शोषण गर्नलाई जाली मुद्दा मामिला गर्ने, प्रशासनलाई आफ्नो पक्षमा लिन घूस दिने, चुनावमा ऋणीहरूलाई अनुचित दवाव दिने जस्ता घृणित व्यवहारहरूको प्रयोग गरी देशको राजनैतिक वातावरणलाई दूषित गर्ने डर हुन्छ ।

(घ) नैतिक परिणाम (Moral consequences) :—

(१) नैतिक ह्रास—अत्यधिक ऋण ग्रस्तताले गर्दा हतोत्साहित भई गरीव एवं ऋणी किसानहरूमा चोर्ने, ढाँट्ने, रक्सी खाने एवं अन्य अनैतिक काम गर्ने प्रवृत्ति पैदा हुन्छ ।

ग्रामीण ऋण ग्रस्तताका परिणामहरू

(क) आर्थिक परिणामहरू—
- (१) उत्पादन गर्ने प्रेरणामा कमी
- (२) किसानहरूलाई उत्पादनको उचित मूल्य प्राप्त हुँदैन
- (३) किसानहरू व्यापारको प्रतिकूल शर्तको शिकार हुन जान्छन्

(४) जग्गाको हस्तान्तरण

(ख) सामाजिक परिणामहरू—

(१) साहू एवं ऋणीमा तनावपूर्ण वातावरण

(२) किसानहरूको सामाजिक प्रतिष्ठामा ह्रास

(३) दासताको स्थितिको सृजना

(ग) राजनैतिक परिणाम—

(१) देशको राजनैतिक वातावरण दूषित हुने डर

(घ) नैतिक परिणाम—

(१) नैतिक ह्रास

ग्रामीण ऋण ग्रस्तता समाप्त गर्नका लागि सरकारद्वारा गरिएका प्रयासहरू

(Measures taken by government for Removal of Rural Indebtedness)

श्री ५ को सरकारद्वारा ग्रामीण ऋण ग्रस्तता समाप्त गर्नका लागि निम्नांकित कदमहरू चालिएको छ ।

(१) भूमि सुधार कार्यक्रम अन्तर्गत ऋण व्यवस्था—यस कार्यक्रम अन्तर्गत सरकारले निम्न बमोजिमका व्यवस्थाहरू गरेको छ (क) यस कार्यक्रम अन्तर्गत श्री ५ को सरकारले कुनै पनि साहूले किसानहरूबाट दिएको कृषि ऋणमा १० प्रतिशत भन्दा बढी व्याज लिन नपाउने र व्याज एवं ऋणको रकम दुवै गरी दोब्बर भन्दा बढ़ी लिन नपाउने भन्ने निर्णय गरेको छ । (ख) यस ऐन अन्तर्गत पुरानो ऋण ग्रस्तता समाप्त गर्ने सन्दर्भमा पनि प्रावधान राखिएको छ । यस प्रावधान अन्तर्गत साहूबाट लिएको पुरानो ऋणको लगत लिएर ऋणीले के कति रकम तिरेर मुक्त हुने भन्ने निर्णय भूमि सूधार अधिकारीले गर्ने भन्ने व्यवस्था गरिएको छ । यस ऐन अन्तर्गत जग्गाको भोग बन्धकीको सम्वन्धमा पनि व्यवस्था गरिएको छ । यस सम्बन्धमा कुनै साहूले जग्गाका आमदानीबाट दिएको ऋणको दोब्बर उठाइएको स्थितिमा किसानलाई ऋणमुक्त गरी उसको जग्गालाई भोग बन्धकीबाट मुक्त गरिदिने समेत प्रावधान गरिएको छ । (ग) भूमि सुधार कार्यक्रम अन्तर्गत अनिवार्य वचत योजना (Compulsory saving scheme) को पनि व्यवस्था गरिएको थियो । यस योजना अन्तर्गत जग्गाधनी एवं मोही दुवैबाट अनिवार्य रूपले वचत संकलन गरी सो वचतबाट आवश्यक पर्ने किसानहरूलाई उत्पादन कार्यका लागि सो छोटो अवधिको ऋण १० प्रतिशत ब्याज तिर्ने गरी दिने । वास्तवमा यो कार्यक्रम भूमि सुधारको एउटा धेरै आकर्षक एवं महत्वपूर्ण भाग थियो जसले नेपालमा

ग्रामीण स्तरमा संस्थागत ऋणको समुद्घाटन नै गऱ्यो भन्न सकिन्छ । तर हिसाब किताबको कठिनाईले गर्दा सन् १९६९ ई० देखि यस कार्यक्रमलाई स्थगित गरियो । (घ) यस कार्यक्रम अन्तर्गत हदवन्दि भन्दा बढ़ी जग्गाको सुकुमवासी किसानहरूमा वितरणको व्यवस्था, कुत नियंत्रण एवं मोहियानी हकको सुरक्षाद्वारा कृषि उत्पादन एवं गरीब किसानहरूको आर्थिक स्थितिमा सकारात्मक प्रभाव पर्दछ र यसबाट पनि ऋणग्रस्तता कम हुन्छ भन्न सकिन्छ ।

(२) **सहकारी र साझाऋण-व्यवस्था**—श्री ५ को सरकारले सहकारी एवं साझा संस्थाहरूद्वारा ऋण दिने व्यवस्था गरेको छ । विभिन्न सावधिक योजनाहरूमा साझा संस्थाहरूको गुणात्मक एवं संख्यात्मक वृद्धिलाई प्रोत्साहन प्रदान गरिएको छ र यसलाई वित्तीयटेवा दिनका लागि कृषि विकास व्याङ्कलाई यी संस्थाहरूको वित्तीय नियंत्रकको अभिभारा सुम्पिएको छ । सातौं योजनाकालमा ग्रामीण एवं साझा संस्थाहरू मार्फत ४३ करोड़ ५० लाख वरावरको कृषि उत्पादक ऋण सदस्यहरूमा पुऱ्याइने लक्ष्य राखिएको छ ।

(३) **साना किसान विकास परियोजना** (S.F.D.P.)–२०३२।३३ सालमा धनुषा एवं नुवाकोटमा साना किसान विकास परियोजना (SFDP) शुरू गरियो । कृषि विकास व्याङ्कद्वारा संचालित गरिएको यो अनौठो कार्यक्रम हो । यस कार्यक्रम अन्तर्गत साना किसान, मोही र भूमिहीनहरूलाई मिल्दो समूहमा संगठित गराइन्छ । तिनीहरूबाटै योजना तर्जुमा गराइन्छ र समूहका माध्यमले नै आवश्यक अन्य सुविधाहरूको साथ-साथै आवश्यक साख पनि दिइन्छ । सातौं योजना अन्तर्गत साना किसानहरूको आर्थिक स्थितिमा सुधार ल्याउन साना किसान विकास परियोजनालाई विस्तार गरी ७५ रैं जिल्लामा संचालन गरेर यस्तो योजना संख्या २०३ वंटा पुऱ्याइने छ ।

(४) **कृषि विकास व्याङ्कको स्थापना**—किसानहरूलाई अल्पकालीन, मध्यमकालीन र लामो अवधिको लागि ऋण सुविधा प्रदान गर्ने उद्देश्यले केन्द्रीय स्तरमा सन् १९६८ ई० मा कृषि विकास व्याङ्कको स्थापना गरियो । कृषि विकास व्याङ्कको स्थापना भन्दा पूर्व ग्रामीण क्षेत्रमा ऋण सुविधा प्रदान गर्ने काम सन् १९६३ ई० मा स्थापित गरिएको सहकारी व्याङ्कद्वारा गरिन्थ्यो । तर यस व्याङ्कद्वारा सहकारी संस्थाको सदस्य नहुने किसानहरूले ऋण सुविधा पाउँदैनथ्यो । फलस्वरूप सबै किसानहरूलाई साख सुविधा प्रदान गर्ने उद्देश्यले सन् १९६७ ई० मा सहकारी विकास व्याङ्कलाई कृषि विकास व्याङ्कको रूपमा परिणत गरियो र पुनः सन् १८७३-७४ ई० मा कृषि विकास व्याङ्क जस्तै काम गरिरहेको भूमि सुधार बचत संस्थान (L. R. S. C.) लाई पनि यसैभित्र गावियो । अब केन्द्रीय स्तरका यस संगठनले किसानहरूलाई सबै प्रकारको ऋण दिने काम गर्दछ ।

(५) नेपाल राष्ट्र बैंकद्वारा व्यावसायिक बैंकहरूलाई कृषि एवं अन्य प्राथमिक क्षेत्रहरूमा लगानी गर्ने निर्देशन—नेपाल राष्ट्र बैंकले २०३१ साल वैसाख १ गतेदेखि लागू हुने गरी वाणिज्य बैंकहरूलाई आफ्नो निक्षेप दायित्वको ५ प्रतिशत रकम प्राथमिक क्षेत्रमा लगानी गर्ने भन्ने निर्देशन दिएको थियो। वि० सं० २०३३ साल श्रावण १ गतेदेखि लागू हुने गरी यस क्षेत्रको लगानी प्रतिशतलाई ५ बाट बढाई ७ गर्न निर्देशन दिइयो। यस कार्यक्रमलाई सुनियोजित र समन्वयात्मक तरीकाले कार्यान्वयन गर्न २०३८ साल कार्तिक १ गतेदेखि सघन बैंकिग कार्यक्रम लागू गरियो। २०३८ सालमा पुनः नेपाल राष्ट्र बैंकद्वारा व्यावसायिक बैंकहरूले आफ्नो कुल निक्षेप दायित्वको १० प्रतिशत कर्जा प्राथमिक क्षेत्रमा प्रवाहित गर्नु पर्दछ भन्ने निर्देशन दियो। हाल उत्पादनशील क्षेत्र कर्जा कार्यक्रम अन्तर्गत वाणिज्य बैंकहरूले कुल कर्जा तथा लगानीको न्यूनतम ८ प्रतिशत कर्जा प्राथमिकता प्राप्त क्षेत्र (कृषि, उद्योग र सेवा व्यवसाय) मा लगानी गर्ने व्यवस्था भएको छ।

सातौं योजनामा ऋण व्यवस्था

सातौं योजना कालमा संस्थागत ऋण लगानीबाट कम से कम ४० प्रतिशत कृषक परिवारहरूलाई लाभान्वित गराउने गरी ऋण लगानी कार्यक्रम संचालन गर्न विशेष जोड़ दिइने छ। अधिराज्यका सबै जिल्लाहरूमा साना किसान विकास परियोजना (S. F. D .P.) लागू गरिने छ र नयाँ संगठन हुने किसान समूहमा २५ प्रतिशत महिलाहरू रहने व्यवस्था गरी महिलाहरूको सहभागिता बढ़ाउने ऋण लगानी कार्यक्रम संचालन गर्दा साझा संस्थालाई सकभर ती संस्थाहरू मार्फत नै लगानी गर्ने नीति रहने छ। योजना अवधिमा कुल ऋण लगानी ३ अरब, ८६ करोड़ ३८ लाख गर्ने लक्ष्य राखिएको छ। सो ऋण लगानी छैटौं योजनाको ऋण लगानी स्थितिको दोब्बर भन्दा बढ़ी हुने छ।[14]

ग्रामीण ऋणग्रस्तता समाप्त गर्नका लागि सरकारद्वारा गरिएका प्रयासहरू

(१) भूमि सुधार कार्यक्रम अन्तर्गत ऋण व्यवस्था।
(२) सहकारी र साझा ऋण व्यवस्था।
(३) साना किसान विकास परियोजना।
(४) कृषि विकास व्याङ्कको स्थापना।
(५) नेपाल राष्ट्र व्याङ्कद्वारा व्यावसायिक व्याङ्कहरूलाई कृषि एवं अन्य प्राथमिक क्षेत्रहरूमा लगानी गर्ने निर्देशन।

---

१४. राष्ट्रिय योजना आयोग, सातौं योजना पृ० ३८४.

Model Questions

(1) Why agriculture credit is needed ? What are the sources of agricultural credit in Nepal ?

कृषि साखको आवश्यकता किन पर्दछ ? नेपालमा कृषि साखका के-के स्रोतहरू छन् ?

(2) What are the problems of agricultural credit in Nepal ?

नेपालमा कृषि साखका के-के समस्याहरू छन् ।

(3) Describe the magnitude and causes of rural indebtedness in Nepal.

नेपालमा कृषि ऋणको परिमाण एवं कारणहरूको वर्णन गर्नुहोस् ।

(4) What are the important causes of rural indebtedness in Nepal ? Suggest some measures to solve the problem.

नेपालमा ग्रामीण ऋणग्रस्तताका प्रमुख कारणहरू के-के हुन् ? ग्रामीण ऋण कम गराउन केही सुझावहरू पनि दिनुहोस् ।

सी. एल. एलाइड २०४०.

(५) छोटकरीमा लेख्नुहोस्—

- (क) उत्पादक एवं अनुत्पादक कर्जा
  (Productive and unproductive loan)
- (ख) संस्थागत-साख
  (Institutional credit)
- (ग) ग्रामीण ऋणग्रस्तताका परिणामहरू
  (Consequences of rural indebtedness)
- (घ) ग्रामीण ऋण ग्रस्तता समाप्त गर्नका लागि श्री ५ को सरकारद्वारा चालिएका कदमहरू
  (Measures taken by H. M. G. for removal of rural indebtedness)

अध्याय
: ११ :

सहकारिता आन्दोलन

(Co-operative Movement)

सहकारिताको अर्थ—सहकारिताको साधारण अर्थ हुन्छ एकसाथ मिलेर काम गर्नु। तर अर्थशास्त्रमा यसको व्यापक अर्थ हुन्छ। अर्थशास्त्रमा सहकारिता त्यो संगठन हो जसद्वारा दुई वा दुई भन्दा बढी मानिस स्वेच्छाले मिलेर समान स्तरमा आर्थिक हितको सम्वर्धन गर्दछन्। अर्को शब्दमा भन्ने हो भने यो सामान्य आर्थिक उद्देश्यका पूर्तिको लागि समानता, इमानदारी एवं सहयोगको आधारमा संगठित गरिएको व्यक्तिहरूको एक ऐच्छिक संघ हो। सहकारिताको सिद्धान्त अनुसार गरीब एवं साधनहीन मानिस पारस्परिक रूपले मिलेर व्यापारिक सहयोगद्वारा धनी एवं साधन सम्पन्न मानिसहरूलाई उपलब्ध हुने भौतिक लाभ एवं सुख प्राप्त गरी आफ्नो नैतिक विकास गर्दछन्। सहकारिताको निम्नांकित विशेषताहरू छन्—

(१) ऐच्छिक संघ—सहकारिता मानिसहरूको एउटा ऐच्छिक संघ हो। मानिस आफ्नो इच्छाले सहकारी समितिको सदस्यता प्राप्त गर्न सक्तछ अथवा छाड्न सक्तछ। यसमा कुनै करकाप हुँदैन।

(२) प्रजातान्त्रिक प्रबन्ध—सहकारिता साधन अथवा पूंजीको संगठन होइन। यो मानिसहरूको संगठन हो। यसमा पूंजी भन्दा मानिसलाई बढ़ी महत्व दिएको हुन्छ। यसको प्रबन्ध प्रजातान्त्रिक हुन्छ। यसमा सबै व्यक्तिको अधिकार समान हुन्छ। एक व्यक्तिले जति शेयर किन्दा पनि यसको चुनावमा एक भोट मात्र दिन पाउँछ।

(३) सामान्य आर्थिक हितको वृद्धि—यसको उद्देश्य सबै सदस्यहरूको सामान्य आर्थिक हितको वृद्धि गर्नु हो। कुनै पनि व्यक्ति विशेष अथवा वर्ग विशेषको हितको लागि सहकारिताको संगठन हुँदैन।

(४) स्वावलम्बनमा आधारित—सहकारिता आफ्नो हित आफै गर्नु पर्दछ अरूमा निर्भर गर्नु हुँदैन भन्ने कुरोमा आधारित छ। तसर्थ सबै प्रत्येकको लागि र प्रत्येक सबैको लागि (All for each and each for all) भन्ने यसको सिद्धान्तले पर्न आएको समस्यालाई स्वावलम्बनको आधारमा समाधान गर्ने कुरो सिकाउँछ।

नेपालमा सहकारिताका परम्पराहरू

(Traditional Form of Co-operation in Nepal)

अधिराज्यको विभिन्न भागहरूमा जाति एवं ठाउँहरूको विविधता अनुरूप विभिन्न प्रकारका परम्परागत सहकारिताका रूपहरू पाइन्छन्। आधुनिक रूपमा यी प्रचलनहरू सहकारिता नभए पनि यसका लक्षणहरू सहकारितासँग धेरै नै मिल्दा जुल्दा छन्। नेपालमा परम्परागत सहकारिता निम्नांकित प्रकारका छन्।

(१) मंका-ज्या र पर्मा प्रथा (Manka Jya and Parma) :—नेपालको पहाड़ी भागमा विहे, श्राद्ध, हलो जोत्न, आली लगाउन बाली काट्न आदि कृषि कार्यहरूको लागि मानिसहरू मिली-जुली काम गर्दछन् जसलाई पर्मा प्रथा अथवा मंका-ज्या भनिन्छ। काठमाडौं उपत्यकामा किसानहरू कृषि कार्यको लागि समूह बनाएर काम गर्दछन्। यस्ता समूहहरूलाई मंका-ज्या वा मंका गुठी (Manka Jya or manka guthi) भन्ने चलन छ। गाई वस्तु हेर्नलाई पनि यस्ता समूह बनाउने चलन छ र २–३ मानिसले १०० गाई वस्तु चराउने काम गर्ने चलन छ। त्यसै गरी देशको उत्तरी पश्चिमी भागमा पर्मा प्रथाको चलन छ। यस प्रथा अन्तर्गत कृषि कार्यको साथ-साथै काठ काट्ने जस्ता गैर–कृषि कार्यहरूको लागि पनि मानिस मिली-जुली काम गर्दछन्[1]।

(२) ढिकुरी (Dhikuri) :—मुस्ताङ जिल्लाको थाक खोलाको आस पासमा रहेका थकालीहरू र वागलुङ्गमा यस प्रथाको प्रचलन छ। यी क्षेत्रहरूमा थकाली जातिहरूले आफ्नो व्यवसाय शुरू गर्नका लागि एउटा "ढिकुरी" को संगठन गर्दछन्। ढिकुरीको एक संचालक पनि हुन्छ जसलाई घोघा (Ghogha) भन्ने चलन छ। प्रत्येक सदस्यहरूवाट केही जिन्सी र नगद संकलन गरी एउटा कोष बनाइन्छ र यस कोषबाट सदस्यहरूलाई १० प्रतिशत व्याज-दरमा कर्जा उपलब्ध गराइन्छ।

(३) धर्म भखारी (Dharma Bakhari) :—धर्म भखारी नेपालको ग्रामीण क्षेत्रमा धेरै नै प्रचलित छ। यसलाई अन्न व्याङ्क पनि भनिन्छ। यस व्यवस्था अन्तर्गत प्रत्येक परिवारले धान बाली पाकिसके पछि कुनै निश्चित मात्रामा यस व्याङ्कमा धान जम्मा गर्दछन्। वाली पाक्नु भन्दा अगाडि अनिकाल, भोज भतेर आदि आवश्यक परेको वेलामा यस व्याङ्कले अन्नको रूपमा सदस्यहरूलाई १० प्रतिशतदेखि २५ प्रतिशत वार्षिक व्याज तिर्ने गरी ऋण दिने काम गर्दछ। यस व्याङ्कको रेख-देख गर्ने काम सदस्यहरूबाट गठन गरिएको एक कार्य परिषदले गर्दछ।

---

[1] सिन्हा वी. के., कौपरेटिभ इन नेपाल, किताव महल इलाहावाद, १९६४, पृष्ठ १

आधुनिक सहकारिताको विकास

संगठनात्मक रूपमा आधुनिक प्रकारको सहकारिताको इतिहास नेपालमा धेरै पुरानो छैन । यसको विकासको इतिहास २०१० साल (सन् १९५३ ई०) मा खाद्य एवं कृषि मंत्रालय अन्तर्गत सहकारी विभाग (Department of Co-operative) को स्थापनाद्वारा शुरू भयो । यो सहकारी विभाग एउटा सानो प्रशासकीय एकाई थियो र यसमा दक्ष जनशक्ति एवं पूँजीको अभावको ठूलो समस्या थियो । वि० सं० २०११ सालमा यसै विभाग अन्तर्गत एउटा वहुद्देशीय राप्ती भैली परियोजना शुरू गरियो । यस परियोजना अन्तर्गत सहकारी संस्था मार्फत कृषि एवं साना तथा घरेलु उद्योगहरूलाई साखको व्यवस्था गर्ने भन्ने सरकारको उद्देश्य थियो । दक्ष जनशक्तिको उपलब्धिको लागि मानिसहरूलाई तालिमको लागि भारत तथा श्रीलंकामा पनि पठाइयो । तर यो विभागले प्रभावकारी रूपमा काम गर्न सकेन । ठोस रूपमा सहकारिताको विकास प्रथम पंचवर्षीय योजनादेखि नै प्रारम्भ भयो ।

प्रथम पंचवर्षीय योजना

(२०१३।१४-२०१७।१८)

प्रथम पंचवर्षीय योजना अवधिमा ४५०० सहकारी संस्थाहरू खड़ा गर्ने उद्देश्य राखिएको थियो । तर योजना अवधिमा विभिन्न प्रकारका सहकारी संस्थाहरू गरी कुल ३७८ वटा सहकारी संस्थाहरूको स्थापना गरियो । सहकारी समितिहरूको कुल सदस्य संख्या ११५०९ थियो । यसरी सहकारी संस्थाहरूको औसत सदस्य संख्या पनि कमै (३० प्रति सहकारी समिति) थियो । प्रति सहकारी समिति प्रदत्त पूंजी पनि केवल रु० ८६० मात्र भएकोले संस्थाहरूको वित्तीय स्थिति पनि राम्रो थिएन । सहकारी संस्थाहरूलाई सरकारले रु० १६ लाख ६ हजारको ऋण प्रदान गर्‍यो । यसरी समितिहरू सरकारी सहायतामा नै निर्भर थिए । योजनाको अन्तिम वर्षसम्मको सहकारी समितिहरूको स्थिति निम्न तालिकाद्वारा प्रष्टिन्छ ।

तालिका ११·१

प्रथम योजनाको अन्तिम वर्षमा सहकारी समितिहरूको स्थिति

१. सहकारी समितिहरूको संख्या	३७८
२. सदस्य संख्या	११०५९
३. प्रति समिति सदस्य संख्या	२९.३
४. प्रति समिति पूंजी (रु० मा)	८५९.५१

(स्रोत—वज्राचार्य भुवन वज्र, ए रिभ्यू अफ दी कोपरेटिभ डिभलौपमेंट इन नेपाल, सेडा, १९८०, पृष्ठ १२ ।)

प्रथम पंचवर्षीय योजना अन्तर्गत श्री ५ को सरकारले २०१६ सालमा सहकारी ऐन जारी गऱ्यो यसका मुख्य विशेषताहरू निम्नांकित छन् ।

(१) सहकारी समिति दर्ता गराउँदा कम से कम १८ वर्ष उमेर पुगेका १० सदस्य हुनु पर्दछ । तर संशोधित नियम अनुसार समिति दर्ता गराउँदा कम से कम १६ वर्ष उमेर पुगेका २५ जना सदस्य हुनु पर्दछ ।

(२) रजिस्टर्ड भएको ऋण सहकारी संस्थामा सदस्यहरूको दायित्व असिमित तथा बहुमुखी सहकारी संस्थाहरूमा सदस्यहरूको दायित्व सीमित रहने छ ।

(३) सदस्यहरूले जति शेयर किने पनि केवल एक भोट दिने अधिकार मात्र पाउँछ ।

(४) श्री ५ को सरकारले सहकारी समितिहरूलाई आय-कर, टिकट दस्तुर, रजिस्ट्रेशन फीसबाट मुक्त गर्न सक्छ ।

(५) श्री ५ को सरकारले पनि सहकारी समितिहरूको शेयर क्रय गर्न सक्छ ।

(६) समितिहरू पूंजी प्राप्त गर्नका लागि ऋण-पत्रहरू पनि जारी गर्न सक्छन् ।

(७) सहकारी समितिको सदस्य संख्या १० भन्दा कम भएमा कुल सदस्य संख्याको दुई तिहाईले समितिलाई बन्द गर्नु पर्दछ भन्ने निवेदन दिएमा र सहकारी विभागलाई समितिमा कुप्रबन्ध भएको छ भन्ने लागेमा समितिलाई बन्द गर्न सकिन्छ ।

(८) समितिहरूलाई एक अविच्छिन्न उत्तराधिकारी वाला संगठित संस्था मानिने छ ।

पहिलो र दोस्रो योजनाको अन्तरिम वर्ष

वि० सं० २०१८।१९ (१९६१।६२ ई०)

प्रथम योजना पछि र दोस्रो योजना शुरू हुनु भन्दा पूर्वको अन्तरिम वर्षमा विभिन्न किसिमका २०३ वटा सहकारी संस्थाहरूको स्थापना भयो । फलस्वरूप २०१८-१९ को अन्तसम्म कुल सहकारी संस्थाहरूको संख्या ५८१ पुग्न गयो । त्यस्तै अन्तिम वर्षसम्म कुल सदस्य संख्या २५,८८२, प्रति समिति सरदर सदस्य संख्या ४४.५, प्रति समिति पूंजी रु० ८३७.७८ पुग्न गयो ।[2]

दोस्रो त्रिवर्षीय योजना

(२०१९।२०-२०२१।२२)

यस योजना कालमा विभिन्न प्रकारका २२०० नयाँ सहकारी समिति खोल्ने भन्ने लक्ष्य रहेकोमा योजना अवधिमा कुल ५४२ थप सहकारी संस्थाहरूको स्थापना

---

[2] वज्राचार्य भुवन वज्र, ए रिभ्यू अफ कौपरेटिभ डिभलौपमेंट इन नेपाल, सेडा, काठमाडौं १९८०, पृष्ठ १७ ।

भएकोले योजनाको अन्तिम वर्षसम्म सहकारी संस्थाहरूको कुल संख्या ११२३ पुग्न गयो। योजनाको अन्तिम वर्षमा कुल सदस्य संख्या ३९७९८ भएकोले प्रति समिति सदस्य संख्या ३५.४ हुन गयो। त्यसै गरी प्रति समिति पूंजी रु० १४८१ भयो।[3] यसै योजना अवधिमा सहकारी बैंक ऐन २०१९ अन्तर्गत २०२० सालमा सहकारी समितिहरूलाई रियायती दरमा कर्जाउपलब्ध गराउने उद्देश्यले सहकारी बैंक (Co-operative Bank) को पनि स्थापना भयो।

तेस्रो पंचवर्षीय योजना

(२०२२-२७)

तेस्रो पंचवर्षीय योजना अन्तर्गत कुल ३५० थप सहकारी समिति स्थापना गर्ने उद्देश्य राखेको थियो। योजनाको अन्तिम वर्षसम्म विभिन्न खालका समितिहरू गरी ३६६ थप सहकारी समितिहरूको स्थापना भयो। यसरी संख्यात्मक दृष्टिले विचार गर्दा योजनामा लक्ष्य भन्दा बढ़ी उपलब्धि भएको देखिन्छ। योजनाको अन्तिम वर्षसम्म कुल सहकारी समितिहरूको संख्या १४८९ पुग्न गयो। तर गुणात्मक दृष्टिले भन्ने हो भने यी समितिहरूमा रेकर्डहरू राम्रोसित नराख्ने, हिसाब किताबमा हिना-मिना हुने जस्ता धेरै कमजोरीहरू देखियो। प्रति समिति सदस्य संख्या केवल ५४.५ र प्रति सहकारी पूंजी रु०१८३० मात्र देखियो। केवल १७ प्रतिशत समितिहरूको स्थिति राम्रो थियो।[4] यसै योजना अवधिमा कृषि विकास ब्याङ्क ऐन २०२४ अन्तर्गत माघ ७ गते २०२४ सालमा कृषि विकास ब्याङ्कको स्थापना गरियो। यसै ब्याङ्कले यी समितिहरूलाई साख सुविधा उपलब्ध गराउन प्रारम्भ गऱ्यो।

चौथो योजना

(२०२७–३२)

हालसम्म सबै सहकारी समितिहरू सरकारद्वारा नै खोलिएका थिएं। यी संस्थाहरूमा पूंजीको अत्यधिक कमीको साथसाथै व्यवस्थापन पनि राम्रो भएन। फलस्वरूप २ तिहाई सहकारी समितिहरू निस्क्रिय एवं विघटन योग्य स्थितिमा पुगे र बाँकी एक तिहाईलाई सक्रिय राख्यका लागि पनि भारी मात्रामा सरकारी सहायताको आवश्यकता देखियो। तसर्थ चौथो योजना कालमा सहकारी संस्थाहरूको संख्यालाई नबढ़ाई भएका सँस्थाहरूलाई पुनर्गठन गरी निर्देशित रूपमा संचालन गर्ने नीति अपनाइयो। योजना अवधिमा नयाँ सहकारी संस्था खोल्नुको सट्टा

---

३. ऐजन, पृष्ठ १८-१९।

४. ऐजन, पृष्ठ २१-२२।

भएका संस्थाहरूलाई नै पुनर्गठित एवं सक्षम बनाउने उद्देश्य लिइएको थियो । योजना कालमा सघन कृषि विकास कार्यक्रम संचालन गरिने २८ जिल्लाहरूमा प्रत्येक जिल्लामा भएका सहकारी समितिहरूलाई गाभेर पुनर्गठित गरी १० वटा सुव्यवस्थित सहकारी संस्था संचालन गर्ने लक्ष्य निर्धारित गरियो । यस्ता निर्देशित सहकारी समितिहरू कृषि विकास व्याङ्कबाट नियुक्त दक्ष मेनेजरबाट गरिने व्यवस्था पनि गरियो । चौथो योजना कालमा २५१ वटा यस्ता निर्देशित सहकारी संस्थाहरू संचालित गरियो र यी संस्थाहरूको सदस्य संख्या ७१४३१ र सरदर पूंजी रु० २६,६१,५४४ थियो जो निम्नांकित तालिकाबाट प्रष्टिन्छ ।

तालिका ११:२

चौथो योजनामा निर्देशित सहकारी संस्थाहरूबाट उपलब्ध हुने सेवाहरू

१. जिल्लाहरू	६०
२. सहकारी संस्थाहरूको संख्या	२५१
३. पंचायतहरू ढाकेको	८१०
४. सदस्यहरूको संख्या	७१,४३१
५. कुल शेयर पूंजी (रु० मा)	२६,६१,५४४

(स्रोत—चौथो योजनाको कार्यान्वयनबाट जनजीवनमा परेको प्रभाव, पृष्ठ २७)

पाँचौं योजना

(२०३२–३७)

निर्देशित सहकारी संस्थाहरूको गठन र प्रारम्भिक व्यवस्था सहकारी विभागबाट गरिदिए पछि व्यवस्थापन सम्बन्धी सबै कार्य कृषि विकास व्याङ्कबाट नियुक्त तालिम प्राप्त व्यवस्थापकबाट हुने भएकोले यी संस्थाहरूको कार्य संचालनमा ठूलो परिवर्तन देखा पऱ्यो । फलस्वरूप पाँचौं योजना कालमा निर्देशित सहकारी संस्थाहरूको संख्यामा ३२२ थप गरी यस्ता संस्थाहरूको संख्या पाँचौं योजनाको अन्तसम्म ५७३ पुऱ्याउने भन्ने लक्ष्य निर्धारित गरियो । पाँचौं योजना अवधिमा प्रत्येक संस्थाको कार्य क्षेत्र सामान्यतः ३ पंचायत निर्धारित गरिएको थियो । यस अनुसार पाँचौं योजनाको अन्तसम्ममा जम्मा ५७३ निर्देशित सहकारी संस्थाहरूको सेवा कार्य १७१९ गाउँ पंचायतहरूमा पुग्ने अनुमान गरियो ।

ग्राम समिति—चौथो योजनामा स्थापित गरिएको ४५३ वटा निर्देशित ग्राम समितिहरूको कार्य क्षेत्रलाई बढी सक्षम र क्रियाशील तुल्याई निर्देशित सहकारी संस्था र निर्देशित ग्राम समितिको माध्यमद्वारा ३,००० भन्दा बढी गाउँ

पंचायतलाई संस्थागत ऋण सुविधा पुऱ्याउने लक्ष्य पनि पाँचौं योजनामा निर्धारित गरिएको थियो ।

तर पाँचौं योजनामा निर्धारित लक्ष्यहरूको कार्यान्वयन भएन । श्री ५ महाराजाधिराज वीरेन्द्र वीर विक्रम शाहदेवबाट वि० सं० २०३३ साल वैसाख १ गते नव वर्षको शुभारम्भमा राष्ट्रको नाउँमा बक्सेको सन्देश अनुरूप सहकारी संस्थाको सट्टा श्री ५ को सरकारद्वारा देशमा साझा कार्यक्रमको कार्यान्वयन भयो । साझा कार्यक्रमलाई ग्रामीण विकास कार्यक्रमसँग गाँसियो ।

साझाको उद्देश्य—साझाको निम्नांकित दुई उद्देश्यहरू छन्—

(१) राष्ट्रिय आयको साथसाथै किसानहरूको आयमा वृद्धि—साझाद्वारा किसानहरूलाई संस्थागत ऋण एवं कृषि सामग्रीहरूको बिक्री वितरण गर्ने । ग्रामीण स्तरमा साना एवं सीमान्त किसानहरूद्वारा साना-तिना व्यवसाय चलाउँदा उनीहरूको समूह गठन गरी सो समूहलाई ऋण एवं अन्य सुविधा उपलब्ध गराउने । यसो गर्दा किसानहरूको आयमा वृद्धिको साथ-साथै राष्ट्रिय आयमा पनि वृद्धि हुन्छ ।

(२) ग्रामीण क्षेत्रमा बचत एवं पूंजीको परिचालन गर्ने—ग्रामीण क्षेत्रमा साझा संस्थाहरूले किसानहरूलाई ब्यांकिंग सेवा उपलब्ध गराउने । यसो गर्दा किसानहरूले आफ्नो सानो-तिनो बचत साझा संस्थाहरूमा जम्मा गर्न सक्तछन् र आवश्यकता परेको बेलामा ऋण पनि लिन सक्तछन् । यस प्रकारको वैंकिंग सेवाद्वारा निश्चय नै ग्रामीण क्षेत्रमा बचत एवं पूंजीको परिचालन हुन्छ । लगानीमा यस प्रकारको वृद्धिले गर्दा देश विकासलाई पनि सघाउ हुन्छ ।

साझाको उद्देश्य

(१) राष्ट्रिय आयको साथसाथै किसानहरूको आयमा वृद्धि
(२) ग्रामीण क्षेत्रमा बचत एवं पूंजीको परिचालन

माथिका दुई उद्देश्यहरूको परिपूर्तिका लागि साझा संस्थाहरूले निम्नांकित कार्यहरूको सम्पादन गर्दछन्—

(१) किसानहरूलाई ऋण सुविधा—साझा संस्थाहरूले किसानहरूलाई बाली धीतो लिई पर्याप्त मात्रामा उत्पादक ऋणको साथ-साथै उद्योग कार्यको लागि पनि ऋण उपलब्ध गराउनु ।

(२) किसानहरूलाई कृषि पैदावारको उचित मूल्य दिलाउने व्यवस्था गर्नु—किसानहरूलाई कृषि पैदावारको उचित मूल्य प्राप्त होस भन्ने कुराको लागि यसले गोंदाम घरको व्यवस्था, कृषि उत्पादन क्रय गर्ने, वर्गीकरण गर्ने, प्रशोधन गर्ने जस्ता कामहरू गर्ने ।

(३) किसानहरूलाई कृषि उत्पादनको उचित मूल्य दिलाउने व्यवस्था गर्नु—किसानहरूलाई कृषि वस्तुको उचित मूल्य प्राप्त होस भन्ने कुरोको लागि यसले गोदाम घरको व्यवस्था, कृषि उत्पादन क्रय गर्ने, वर्गीकरण गर्ने, प्रशोधन गर्ने जस्ता कामहरू गर्दछ ।

(४) दैनिक आवश्यकताका वस्तुहरूको पूर्ति—यसले सदस्यहरूको लागि चामल, मट्टीतेल, नून, चीनी, कपड़ा, डिजेल जस्ता दैनिक आवश्यकताका वस्तुहरू उचित मूल्यमा उपलब्ध गराउने काम गर्दछ ।

(५) पूंजीको परिचालन—यसले ग्रामीण क्षेत्रमा बैंकिग सुविधाको प्रबन्ध गराउने काम गर्दछ । किसानहरूको जम्मा स्वीकार गरी देशमा पूंजीको परिचालन गर्ने काम गर्दछ ।

(६) सदस्यता प्रमाण-पत्र उपलब्ध गराउने—जम्मा हुन आएको अनिवार्य बचतलाई साझाको शेयरमा परिवर्तन गरी सम्वन्धित किसानलाई उपलब्ध गराउने ।

(७) कुटिर उद्योगको संचालनलाई प्रोत्साहन—किसानलाई कच्चा माल, आवश्यक पर्ने पूंजी एवं बजार व्यवस्था गरी कुटिर उद्योगलाई प्रोत्साहन गर्ने ।

(८) सामाजिक कार्य—प्राकृतिक प्रकोप आदि वेलामा आफ्नो क्षमता अनुसार सामाजिक सेवा उपलब्ध गराउने ।

(९) सदस्यहरूमा स्वावलम्बन, पारस्परिक सहयोग एवं मितव्ययिताको भावनाको सृजना गर्ने ।

साझाका कार्यहरू

१. किसानहरूलाई ऋण सुविधा ।
२. किसानहरूलाई कृषि पैदावारको उचित मूल्य दिलाउने व्यवस्था गर्नु ।
३. किसानहरूलाई कृषि वस्तुको उचित मूल्य दिलाउने व्यवस्था गर्नु ।
४. दैनिक आवश्यकताका वस्तुहरूको पूर्ति ।
५. पूंजीको परिचालन ।
६. सदस्यता प्रमाण-पत्र उपलब्ध गराउने ।
७. कुटिर उद्योगको संचालनलाई प्रोत्साहन ।
८. सामाजिक कार्य ।
९. सदस्यहरूमा स्वावलम्बन, पारस्परिक सहयोग एवं मितव्ययिताको भावनाको सृजना गर्ने ।

प्रारम्भमा श्री ५ को सरकारले सम्पूर्ण तराई एवं पहाड़का केही जिल्लाहरूको प्रत्येक गाउँ पंचायतमा साझा संस्था खोल्ने भन्ने कार्यक्रम थियो । तर साझा

संस्थाहरूको कार्यक्षेत्रको सम्भाव्यता सीमित देखिएकोले एक साझा संस्थाले एक भन्दा वढ़ी गाउँ पंचायत क्षेत्रलाई ढाक्ने नीतिको अनुसरण गरियो। तदनुरूप तराईका सवै निर्देशित सहकारी संस्था एवं पहाड़का केही निर्देशित सहकारी संस्थालाई साझामा परिणत गर्नका साथ-साथै केही नयाँ साझा संस्थाहरूको स्थापना पनि भयो।

साझाको संगठन

(Organisation of Sajha)

सहकारी एवं साझाका कार्यहरूमा समानता नै छ। तर यसको संगठनमा फरक छ। नयाँ साझा समितिहरू वडा स्तरदेखि नै प्रारम्भ हुन्छ। वडा स्तरमा प्रत्येक वडामा एउटा साझा उपसमितिको गठनको प्रावधान छ। यस वडा उप समितिमा वडा प्रमुख नै पदेन अध्यक्ष रहने छन्। यस उप-समिति अन्तर्गत अध्यक्ष वाहेक सहकारी विभागबाट मनोनित गरिएका दुई जना सदस्य रहने छन्।

साझा उप समितिले गर्ने काम—यस उप समितिले निम्नांकित कामहरू गर्ने छ (क) यसले आफ्नो वडामा किसानहरूवाट अनिवार्य वचत संकलन गर्ने (ख) किसानहरूलाई कर्जाको आवश्यकताबारे सहकारी समितिलाई सिफारिश गर्ने र (ग) आफ्नो वडामा किसानहरूवाट साझा समिति एवं कृषि विकास व्याङ्कले दिएको कर्जाको असूली गर्ने काम गर्ने छन्।

ग्रामीण स्तरमा वडा उप समिति भन्दा माथि एउटा साझा संचालक समिति रहने छ। सम्वन्धित गाउँको प्रधान पंच नै यस संचालक समितिको पदेन अध्यक्ष हुनेछ र उप प्रधान पंच पदेन उपाध्यक्ष हुनेछ। पंचायत अन्तर्गतका सबै वडा उप-समितिको अध्यक्ष एवं रहेका दुईजना सदस्यहरू पनि यसको सदस्य हुने छन्। यसरी यसमा २७ जना सदस्य हुने छन्। साझाको कार्य संचालनको लागि साझा संचालक समिति मध्येवाट नै एक सांझा कार्यकारिणी सभाको गठन हुने छ। यस सभामा प्रधान पंच पदेन अध्यक्ष हुने छ। उप प्रधान पंच यसको पदेन सदस्य रहने छन्। प्रत्येक वडाको एकजना प्रतिनिधि पनि यसको सदस्य रहने हुनाले यसको सदस्य संख्या १० हुने छ। प्रत्येक ग्रामीण स्तरको साझा संस्थाको रेख-देख कृषि विकास व्याङ्कको व्यवस्थापकले गर्ने छ र साथै निज यस समितिको सचिवको रूपमा पनि काम गर्ने छन्।

पंचायत स्तरीय साझा संस्था माथि जिल्लामा एउटा जिल्ला साझा विकास समिति पनि रहने छ। यस समितिले जिल्ला स्तरमा कार्यक्रम संचालन एवं समन्वय गर्ने काम गर्दछ। यस समितिको गठन निम्न अनुसार हुने छ।

जिल्ला साझा विकास समितिको संगठनात्मक स्वरूप

जिल्ला पंचायत सभापति	१ अध्यक्ष (पदेन)
व्यवस्थापक कृषि विकास बैंक	१ सदस्य सचिव
भूमि सुधार अधिकारी	१ सदस्य
जिल्ला कृषि अधिकारी	१ सदस्य
धान चामल कम्पनीको जी० एम० (जी० एम० नभएमा निजले मनोनित गरेको व्यक्ति)	१ सदस्य
जिल्ला सहकारी अधिकारी वा इन्सपेक्टर	१ सदस्य
कृषि सामग्री संस्थानको मैनेजर वा निजले मनोनित गरेको व्यक्ति	१ सदस्य
	जम्मा ७ –जना

राष्ट्रिय स्तरमा नीति निर्देशन एवं कार्यक्रम समन्वयको लागि एउटा केन्द्रिय साझा विकास समितिको व्यवस्था गरिएको छ। यसको संगठन निम्न अनुसार हुने छ।

केन्द्रीय साझा विकास समितिको संगठनात्मक स्वरूप

१. अध्यक्ष	१ भूमि सुधार खाद्य एवं कृषि मंत्री
२. सदस्य	१ गाउँ फर्क राष्ट्रिय अभियान
३. सदस्य	१ राष्ट्रिय योजना आयोग
४. सदस्य	१ नेपाल राष्ट्र बैंक
५. सदस्य	१ साझा केन्द्रीय कार्यालय
६. सदस्य	१ सचिव खाद्य कृषि एवं सिंचाई मंत्रालय
७. सदस्य	१ सचिव भूमि सुधार मंत्रालय
८. सदस्य	१ उद्योग एवं व्यापार मंत्रालय
९. सदस्य	१ रजिष्ट्रार सहकारी विभाग
१०. सदस्य	१ संचालक अध्यक्ष नेपाल खाद्य संस्थान
११. सदस्य सचिव	१ जी० एम० कृषि विकास व्याङ्क
कुल	११ जना

साझा संगठन चार्ट

(राष्ट्रिय स्तरमा)

केन्द्रीय साझा विकास समिति

अध्यक्ष—भूमि सुधार खाद्य एवं कृषि मंत्री

सदस्य सचिव—जी० एम० कृषि विकास व्याङ्क

सदस्य—९ जना

कुल—११ जना

(जिल्ला स्तरमा)

जिल्ला साझा विकास समिति

पदेन अध्यक्ष	जिल्ला पंचायत सभापति
सदस्य सचिव	व्यवस्थापक कृषि विकास व्याङ्क
सदस्यहरू	५ जना
कुल संख्या	७ जना

(पंचायत स्तरमा साझा संस्था)

पदेन अध्यक्ष—प्रधान पंच

पदेन सचिव—व्यवस्थापक कृषि विकास बैंक

साझा कार्यकारिणो सभा

अध्यक्ष १ प्रधान पंच (पदेन)

उपाध्यक्ष १ उप-प्रधान पंच (पदेन)

सदस्य २७ सवै वडा उप-समितिका सदस्यहरू

कुल २९ जना

साझा संचालक समिति

अध्यक्ष— १ प्रधान पंच (पदेन)

सदस्य — १ उप-प्रधान पंच (पदेन)

सदस्य — ९ प्रत्येक वडाका एक-एक जना प्रतिनिधि

कुल संख्या ११ जना

साझा वडा उप-समिति

अध्यक्ष —१ वडा प्रमुख पदेन

सदस्य —२ जना सहकारी विभागबाट मनोनित

कुल संख्या—३ जना

साझा कार्यक्रमको कार्यान्वयनको लागि केही प्रावधानहरू

साझा कार्यक्रमको प्रभावकारी कार्यान्वयनको लागि भूमि सुधार विभाग, कृषि सामग्री संस्थान, धान चामल कम्पनी, नेशनल ट्रेडिंग कम्पनी, साल्ट ट्रेडिंग

कम्पनी, आयल करपोरेशन, जूट विकास कम्पनी, सूर्ती विकास कम्पनी आदि संस्थानहरूले साझा संस्थालाई नै आफ्नो ग्रामीण स्तरको केन्द्र बनाएर यसको विकासलाई सहयोग गर्ने व्यवस्था गर्ने पनि प्रावधान गरिएको छ। यस सन्दर्भमा यसले संकलन भएको अनिवार्य बचतलाई शेयरमा परिणत गरी सम्बन्धित कृषकलाई सदस्यता प्रमाणपत्र उपलव्ध गराउने प्रावधान गरिएको छ। साथै कृषि सामग्री संस्थानले कृषि सामग्रीको बिक्री वितरण साझा मार्फत नै गराउनु पर्दछ र धान चामल निर्यात कम्पनीले गाउँमा धान क्रय गर्ने काम पनि यसै मार्फत गराउनु पर्दछ। त्यसै गरी नेशनल ट्रेडिङ्ग कम्पनी, साल्ट ट्रेडिङ्ग, नेपाल आयल निगम, जूट विकास व्यापार संस्थान, सूर्ती विकास कम्पनी, दूध विकास संस्थान, नेपाल खाद्य संस्थान आदिले ग्रामीण क्षेत्रको डीलरशीप साझालाई नै दिएर यसको विकासलाई सहयोग दिनु पर्दछ भन्ने प्रावधान छ।

पाँचौं योजना अवधिमा साझा संस्थाहरूको व्यवस्थापनमा केही परिवर्तन गरियो। नयाँ व्यवस्था अन्तर्गत १ गते मंसिर २०३५ सालदेखि कृषि विकास व्याङ्कको व्यवस्थापकले साझा संस्थाहरूको दैनिक व्यवस्थापनलाई नियंत्रण गर्ने र साझा कार्यकारिणी सभाको सदस्य सचिवको रूपमा काम गर्ने प्रथालाई समाप्त गरियो। नयाँ व्यवस्था अन्तर्गत सबै कामहरू साझा संस्थाहरूले आफैंले मैनेजर नियुक्त गरी गर्ने भन्ने प्रावधान गरियो।

सम्पूर्ण तराईका ३० जिल्लाहरू अन्तर्गतका सबै गाउँ पंचायत क्षेत्रमा एक-एक वटा साझा संस्था खोल्ने भन्ने श्री ५ को सरकारको नीति अनुरूप २१६ वटा निर्देशित सहकारी समिति र ३५० वटा गाउँ समितिहरूलाई साझामा परिणत गरियो। साथै ४८७ वटा नयाँ साझा संस्थाहरू पनि खोलियो। यसरी साझा संस्थाको कुल संख्या १०५३ पुग्यो। तर २ वर्षभित्र २०३४।३५ सालतिर ७७ प्रतिशत साझा संस्थाहरू घाटामा चल्न थाले। फलस्वरूप साना-साना साझा संस्थाहरूलाई ठूला-ठूला साझा संस्था अन्तर्गत गाभियो। यसरी २०३५ साल (जुलाई १९७८ ई०) मा साझा संस्थाहरूको संख्या घटेर केवल ५७१ मात्र रहन गएको पाइन्छ[5]। वि० सं० २०३६।३७ सालमा विभिन्न प्रकारको सहकारी संस्था सम्बन्धी प्रगति निम्न तालिकामा प्रस्तुत गरिएको छ—

तालिका ११.३

सहकारी संस्थासम्बन्धी प्रगति

संस्थाको किसिम	जिल्ला संख्या	संस्था संख्या	सदस्य संख्या	कारोबार सम्बन्धी आर्थिक वर्ष २०३६।३७ सम्मको शेयर पूँजी रु० मा
१. (सहकारी) साझा संस्था	६७	६७८	११,९३,७६५	१३,५०,९८,४७१

---

[5] ५. ए० डी० वी० एण्ड एच० एम० जी० अफ नेपाल, नेपाल एग्रीकलचर सेक्टर स्ट्रेटेजी स्टडी, भौल २, पृष्ठ १४३-४४।

२. साझा संघ	३३	३३
३. अन्य संघ	१४	३१

(स्रोत—राष्ट्रिय योजना आयोग, छैटौं योजना, पृष्ठ ३२० ।)

छैटौं योजना
(२०३७-४२)

छैटौं योजना कालमा साझा विकास तर्फ सघन कार्यक्रम अन्तर्गत साना किसान संस्थाको गठन गरी संचालन गर्ने, भैरहेका संस्थाहरूलाई गुणात्मक सुधार गर्ने अभियान कार्यक्रम तथा एकीकृत कार्यक्रम अन्तर्गत साझा संस्थानको सम्भाव्यता अध्ययन गरी गठन तथा पुनर्गठन गर्ने, आवश्यकता अनुसार गोदाम निर्माण कार्य गराउने तथा साझा व्यवस्थापन कार्य प्रभावकारी रूपमा संचालन गर्न साझा कार्यकर्ताहरूलाई तालिम दिन मुख्य उद्देश्यहरू रहेको थियो । यस योजना अन्तर्गत वि० सं० २०३७ साल (सन् १९८० ई०) मा साझा नियमावलीमा परिवर्तन गरियो । संशोधित नियम अनुसार साझा कार्यकारिणी सभाको पदेन प्रतिनिधित्व हुने भन्ने नियमलाई समाप्त गरी यसको गठन चुनावद्वारा हुने भन्ने व्यवस्था गरियो । नयाँ व्यवस्था अन्तर्गत यस सभामा दुई तिहाई सदस्यहरू आवश्यक रूपले साना किसानहरूबाट हुनु पर्दछ भन्ने पनि व्यवस्था गरियो । साथै २०३८ साल (सन् १९८१ ई०) मा कृषि विकास बैंकले साझा माथि आर्थिक नियंत्रण राख्ने भन्ने पनि प्रावधान गरियो ।[6] यस योजना कालमा ३२ वटा साना किसान साझा संस्था र ३७ वटा साझा संस्थाहरू गठन भयो । योजना अवधिमा ९ वटा साझा गोदाम निर्माण सम्पन्न भयो । साझा संस्थाहरूको गठन र पुनर्गठनबाट पाँचौं योजनाको अन्तमा ७४२ साझा संस्थाहरू रहेकोमा योजना अवधिको चौथो वर्षमा ७२४ कायम रहन आयो । यसको सदस्य संख्यामा वृद्धि भयो जो पाँचौं योजना अवधिमा ११,९३,७६५ रहेकोमा छैटौं योजनाको प्रथम चार वर्षमा १३,९०,१२१ पुग्न गयो । योजना अवधिमा रु० ३ करोड़, ८३ लाखको कृषि उपज बेच-बिखन कार्य पनि भयो ।

सातौं योजना

सातौं योजना अन्तर्गत साझा संस्थाहरूको विकासको सम्बन्धमा निम्नांकित कार्यक्रमहरू निर्धारित गरिएको छ—

(१) **साझा संस्थाको सुदृढ़ीकरण**—साझा संस्थाहरूको सुदृढ़ीकरणको लागि—

(क) साझा संस्थाहरूको परिचालनमा जनसहभागिता जुटाउने तथा जननेतृत्व बढ़ाउन पर्ने नियम विनियमहरू समयानुकूल तर्जुमा गर्ने (ख) सदस्य संख्यामा

---

६. ऐजन, पृष्ठ १४५ ।

वृद्धिको लागि साझा प्रचार प्रसार एवं प्रवर्द्धन कार्यक्रमको संचालन (ग) साना किसान विकास आयोजना समाप्त भए पछि ती आयोजनाहरूलाई साझा संस्थाको रूपमा परिणत गर्ने (घ) ऋण असूलीमा प्रभावकारिता ल्याउने (ङ) साझा सेवाहरूमा अभिवृद्धि गर्ने जस्ता कामहरू गर्ने ।

(२) ग्रामीण क्षेत्रमा बचत परिचालन गर्न र अन्य आय वृद्धि गराउने खालका क्रियाकलापमा संलग्न गराउनका लागि साझा मार्फत ग्रामीण बचत वैंकिंग सेवाको व्यवस्था गर्ने, खाद्य प्रशोधन, तेल पेल्ने, दूध संकलन, अलैंची, अदुवा प्रशोधन कार्यहरू साझा मार्फत संचालन गराउने ।

(३) साझा शिक्षा तथा तालिम कार्यहरू संचालन गर्ने

(४) साझा कार्यक्रम संचालन गर्न केन्द्रीय स्तरमा साझा संघको स्थापना गर्ने ।

नेपालमा सहकारिताको विकास ढीलो हुनाका कारणहरू

(**Causes of slow growth of co-operative in Nepal**)

नेपालमा वि० सं० २०१० सालदेखि मात्र आधुनिक सहकारिताको विकासको इतिहासको शुरूआत भयो । २०२७-२८ सालसम्म सहकारी समितिहरूको प्रवन्ध सदस्यहरूबाट गठन गरिएको संचालक समितिबाट हुन्थ्यो। २०२९-३० सालमा निर्देशित सहकारी समितिहरूको विकास गरियो र यसको प्रबन्ध एवं रेख-देख गर्ने काम कृषि विकास व्याङ्कबाट नियुक्त गरिएको व्यवस्थापकबाट हुन थाल्यो । तदोपरान्त पाँचौं योजनाकालमा २०३३ सालदेखि साझा कार्यक्रमको कार्यान्वयन गरी सहकारी संस्थालाई साझा संस्थामा परिणत गरियो र साझा कार्यक्रमहरूलाई ग्रामीण विकास कार्यक्रमसँग गाँसियो ।

सहकारितालाई सशक्त एवं क्रियाशील उद्देश्यले यसको विकासको इतिहासका विभिन्न चरणहरूमा कार्य प्रणालीमा परिवर्तन भए अनुसार सहकारी समिति, निर्देशित सहकारी समिति तथा साझा संस्थाहरू जस्ता विभिन्न नामहरू राखिएको पाइन्छ । प्रत्येक चरणमा कार्य प्रणालीमा परिवर्तन हुँदा यसको स्थितिमा सुधार भए पनि मूल रूपमा रहेका समस्याहरूको हालसम्म पनि समाधान नहुने हुनाले साना एवं सीमान्त किसानहरूको आर्थिक स्थितिमा सुधार, तिनीहरूमा स्वावलम्बनको विकास, साहू-महाजनहरूको शोषणबाट मुक्ति जस्ता लक्षित उद्देश्यहरूको उपलब्धि हुन सकेको छैन । नेपालमा सहकारिताको विकासका निम्नांकित त्रुटिहरूले गर्दा यसको विकासमा अवरोध उत्पन्न भएको देखिन्छ ।

(१) शिक्षाको अभाव—अधिकांश ग्रामीण जनता अशिक्षित छन् । अशिक्षित भएको हुनाले उनीहरूलाई सहकारिताको के महत्व छ भन्ने बारे थाहा छैन ।

अशिक्षाले गर्दा सहकारिताको नियम अधिनियम बारे पनि जनतालाई जानकारी छैन। प्रायः जनताहरूले यसलाई कर्जा एवं केही अन्य आवश्यक सहुलियत पाउने सरकारी संस्थानको रूपमा ठानेका छन्। फलस्वरूप यसको विकासमा चाखको अभाव हुन गएको हुनाले यसको छिटो विकास हुन सकेको छैन।

(२) **पूँजीको अभाव**—सहकारी एवं साझा संस्थाहरूसँग पूँजीको अत्यन्त अभाव छ। जनता गरीबीले गर्दा धेरै शेयर किन्न सक्तैन। साझा व्यवस्थाको प्रारम्भ भएपछि यसको पूँजीमा केही सुधार अवश्य नै भएको छ। तर पनि साझा संस्थाहरू आफ्नो शेयर पूँजीमा निर्भर हुन सकेका छैनन्। यसको कुल कोषको ५६ प्रतिशत ऋणबाट नै उपलब्ध हुन आउँछ।[7] यस प्रकार ऋण पूँजीमा निर्भरताले गर्दा पनि यसको विकासमा ठूलो कठिनाई हुन्छ।

(३) **साना कृषकहरूले नगण्य मात्रामा ऋण पाउनु**:—सहकारी समिति एवं साझा संस्थाहरूले जग्गा धीतो राखी मात्र ऋण दिन्छन्। फलस्वरूप गरीब किसानहरू जोसँग जग्गा छैन यसबाट लाभान्वित हुन सकेका छैनन्। सहकारी एवं साझा संस्थाहरू ठूला किसानहरूको प्रभाव क्षेत्रभित्र पर्न गएका छन्। ऋणको बढी भाग ठूला किसानहरूले प्राप्त गरेका छन् र साना एवं मझौला किसानहरूले साझा संस्थाहरूबाट थोरै मात्रामा मात्र ऋण पाएका छन्। साझा संस्थाहरूबाट कुल ऋणको ६४·५० प्रतिशत ठूला किसान, १४·५२ प्रतिशत मध्यम दर्जाका किसानले पाएका छन् भने साना एवं सीमान्त किसानहरूले कुल ऋणको क्रमशः १२·०१ र ८·९३ प्रतिशत मात्र पाएका छन्।[8] यो नेपाल राष्ट्र बैंकको एग्रीकलचरल क्रेडिट सर्वेको सुझावको विपरीत हो जसमा ग्रामीण स्तरका संस्थाहरूले कुल साखको ७० प्रतिशत साना एवं मध्यम दर्जाका किसानलाई तथा केवल ३० प्रतिशत मात्र ठूला किसानहरूलाई उपलब्ध गराउन पर्दछ भन्ने सुझाव दिएको थियो।[9]

(४) **दक्ष जनशक्तिको अभाव**—प्रारम्भदेखि नै सहकारी एवं साझा समितिहरूमा दक्ष जनशक्तिको अभाव रहन गएको छ। दक्ष जनशक्तिको अभावले गर्दा सहकारी संस्थाहरूको हिसाब-किताब राम्रोसँग राख्ने कामको साथ-साथै यसलाई सही नेतृत्व प्रदान गरी उचित दिशामा अग्रसर गराउने काम हुन सकेन।

---

७. नेपाल राष्ट्र बैंक, एक्टीभीटी अफ साझा इंस्टिच्यूशन, सर्वे रिपोर्ट १९८२, पृष्ठ ३.

८. नेपाल राष्ट्र बैंक, एग्रीकलचरल क्रेडिट रिभ्यू सर्वे, भोल ३, १९८०. पृष्ठ १९६३-६९ मा आधारित।

९. नेपाल राष्ट्र ब्याङ्क, एग्रीकलचरल क्रेडिट सर्वे, नेपाल भोल ३ १९७२, पृष्ठ १९४.

(५) ऋण फिर्ता नहुनु—सहकारी एवं साझा संस्थाहरूले दिएको ऋण समयमा फिर्ता पाउँदैनन् । समयमा ऋण असूल नहुँदा यसको पूंजी आधार नै कमजोर हुन्छ । फलस्वरूप यसको कार्य संचालनमा ठूलो वाधा उपस्थित हुन्छ ।

(६) सक्रिय नेतृत्वको अभाव—साझा संस्थाहरूलाई स्थानीय स्तरमा सक्रिय नेतृत्व प्राप्त हुन सकेको छैन । स्थानीय नेतृत्व ठीक व्यक्तिको हातमा पुगेका ठाउँहरूमा केही हदसम्म साझा संस्थाहरू प्रभावकारी पनि भएका छन् । तर धेरै जसो ठाउँहरूमा स्थानीय सक्रिय नेतृत्वको अभावले गर्दा संस्थाहरू प्रभावकारी हुन सकेका छैनन् ।

(७) व्यवस्थापन तर्फ लिएको नीतिको अस्थिरता—साझाको व्यवस्थापन तर्फको नीतिमा स्थिरता रहेको छैन । यसमा पटक-पटक परिवर्तन गरिएको छ । यस परिवर्तनले गर्दा साझा संस्थाहरूको व्यवस्थापनमा दक्षता एवं नियमितताको अभाव भएकोले घाटाको स्थिति वेहोर्न परेको छ ।

(८) साना एवं पिछड़िएका किसानहरूको सहभागिताको अभाव—सहकारिता आन्दोलनमा साना एवं पिछड़िएका किसानहरूको पर्याप्त मात्रामा सहभागिता प्राप्त हुन सकेको छैन ।

(९) ऋण प्राप्त गर्ने स्रोत सीमित र बैंक ब्याज-दर वढ़ी हुनु—साझा संस्थाले ऋण प्राप्त गर्ने एक मात्र स्रोत कृषि विकास बैंक हो । वैंकले असूल गर्ने ब्याज दर पनि बढ़ी छ । साझा संस्थाहरूले निजी स्रोत वा जन स्तरवाट ऋण उपलब्ध गर्न कुनै व्यवस्था छैन ।

नेपालमा सहकारिताको ढीलो विकास हुने कारणहरू

१. शिक्षाको अभाव

२. पूँजीको अभाव

३. साना कृषकहरूले नगण्य मात्रामा ऋण पाउनु

४. दक्ष जनशक्तिको अभाव

५. ऋण फिर्ता नहुनु

६. सक्रिय नेतृत्वको अभाव ।

७. व्यवस्थापन तर्फ लिइएको नीतिको अस्थिरता ।

८. साना एवं पिड़िएका किसानहरूको सहभागिताको अभाव ।

९. ऋण प्राप्त गर्ने स्रोत सीमित र व्याजदर वढी हुनु ।

Model Questions

(१) What are the causes of slow growth of co-operative in Nepal ?
नेपालमा सहकारिताको मन्द विकास हुनका कारणहरू के-के हुन् ?

(२) What are the problems of co-operative development in Nepal ? What steps have been taken by H. M. G. for its development ?
नेपालमा सहकारिताको विकासका के-के समस्याहरू छन् ? यसको विकासको लागि श्री ५ को सरकारद्वारा के-के प्रयासहरू गरिएको छ ?

(३) Describe the objectives and functions of Sajha programme.
साझा कार्यक्रमको उद्देश्य एवं कार्यहरूको वर्णन गर्नुहोस् ।

(४) छोटो टिप्पणी लेख्नुहोस् ।

(क) मंकाज्या र पर्मा प्रथा (Manka Jya and Parma)

(ख) ढिकुरी (Dhikuri)

(ग) धर्म भखारी (Dharma Bakhari)

●

अध्याय : १२ :

भूमि व्यवस्था

(Land Tenure System)

भूमि व्यवस्थाको अर्थ एवं महत्व—भूमि व्यवस्था अन्तर्गत भूमि प्रति किसानहरूको कानूनी स्थितिको अध्ययन गरिन्छ। यस अन्तर्गत हामी किसानहरूले कमाई रहेको भूमिमा उसको के कस्तो अधिकार र कर्त्तव्य हुन्छ भन्ने कुरोको अध्ययन गर्दछौं। अर्को शब्दमा भन्ने हो भने यस अन्तर्गत भूमिपति र भूमि जोत्ने मानिसहरूको भूमि प्रनिको अधिकार एवं दायित्व तथा माल-पोतको सम्बन्धमा सरकारसँगको सम्बन्वको व्याख्या गरिन्छ। भूमि व्यवस्थाद्वारा नै कुनै व्यक्तिको भूमिप्रतिको अधिकार एवं दायित्वको कुरो प्रष्ट हुन्छ। यस प्रकार भूमि व्यवस्था भूमिको स्वामित्व एवं भूमिलाई जोत्ने अधिकारलाई स्पष्ट गर्ने शर्त हो।

देशमा विद्यमान भूमि व्यवस्थाले भूमिमा लगानीको प्रकृति, कृषिको तरीका, कृषि क्षेत्रमा लाभदायकता र रोजगारीको स्थिति जस्ता कृषि विकास सम्वन्धी सम्पूर्ण क्रियाकलापलाई महत्वपूर्ण तरीकाले प्रभावित गर्ने हुन्छ। धेरै जसो विकासशील मुलुकहरूको भूमि व्यवस्था सामन्तवादी प्रथामा आधारित हुने हुनाले भूस्वामी एवं किसानहरू बीच धेरै विचौलियाहरू हुन्छन्। यसैले कृषि विकासमा धेरै नै प्रतिकूल असर पर्दछ।

नेपालमा भूमि व्यवस्था :—नेपालमा भूमि सुधार कार्यक्रमको कार्यान्वियन भन्दा पूर्व रैकर, बिर्ता, गुठी, किपट आदि विभिन्न प्रकारका भूमि व्यवस्था अन्तर्गत धेरै बिचौलियाहरू थिए। यी बिचौलियाहरूले गर्दा मोहीहरूको असुरक्षा, कुतको अत्यधिक दर आदि कुव्यवस्थाको प्रचलन थियो। फलस्वरूप सम्पूर्ण कृषि व्यवस्था नै कृषि विकासको प्रतिकूल शोषणमा आधारित थियो। नेपालमा मुख्य रूपले निम्न प्रकारको भूमि व्यवस्था रहेको देखिन्छ—

(१) रैकर भूमि (Raikar Land) :—रैकर शब्दको उत्पत्ति संस्कृतको 'राज्य' (अर्थात् सरकार) र 'कर' (अर्थात् टैक्स) बाट भएको हो। यस प्रकारको जग्गामा सरकारी स्वामित्व हुन्छ र सरकारले जग्गा जोत्नेसँग जग्गा जोते वापत केही कर लिन्छ[1]। यस प्रकारको जग्गामा श्री ५ को सरकार र आफ्ना जग्गा आफैंले कमाउने

---

[1] रेग्मी. एम. सी., ल्याण्ड टेन्योर एण्ड टैक्सेसन इन नेपाल, आर० पी० बी०, काठमाडौं, १९७८, पृष्ठ १७.

जग्गा धनी (Owner-cultivator) बीच प्रत्यक्ष सम्बन्ध हुन्छ र कुनै बिचौलिया हुँदैन। नियमित रूपले तिरो बुझाएसम्म जग्गामा पुस्तैनी अधिकार कायम रहन्छ र उसले आफ्नो जग्गा बेच्न पनि पाउँछ। तिरो नबुझाएमा उक्त अधिकार समाप्त हुन्छ। जग्गामा सरकारी स्वामित्व भएको हुनाले यस प्रकारको भूमि-व्यवस्थामा शोषण हुँदैन। सन् १९५१ ई० भन्दा पूर्व कुल कृषि योग्य भूमिको ५० प्रतिशत जग्गा मात्र यस व्यवस्था अन्तर्गत थियो[२]। तर हाल बिर्ता, जागीर, जिमिदारी आदि व्यवस्थाहरू खारेज गरी ती जग्गाहरू पनि यसै व्यवस्था अन्तर्गत ल्याइएको हुनाले कुल कृषि योग्य भूमिको ९३ प्रतिशत जग्गा रैकर-भूमिव्यवस्था अन्तर्गत नै पर्दछ[3]।

२. बिर्ता भूमि (**Birta Land**) :—बिर्ता शब्दको उत्पत्ति मूलतः संस्कृतको वृत्ति (Vritti) अर्थात् जीविका (Livelihood) बाट भएको हो। बिर्ता जग्गा सरकारद्वारा कुनै व्यक्तिलाई जीविकोपार्जनको लागि दिएको जग्गा हो[४]। नेपालमा परापूर्वकालदेखि राजभक्ति, देशभक्ति, कुनै वीरत्व वा अन्य प्रशासनिक कार्य गरेवापत प्रोत्साहनको रूपमा व्यक्तिलाई सरकारद्वारा जग्गा दिइन्थ्यो। यसरी सरकारद्वारा व्यक्तिलाई दिएको जग्गालाई "बिर्ता जग्गा" भनिन्थ्यो। विभिन्न कामको लागि दिएको जग्गालाई विभिन्न नामले पुकारिन्थ्यो; जस्तो—ब्राह्मणलाई दान दिएको बिर्तालाई कुश बिर्ता, युद्धमा सैनिकको मृत्योपरान्त उसको परिवारलाई दिएको बिर्तालाई मरवट, सरकारी कर्मचारीलाई राम्रो काम गरे वापत दिएको बिर्तालाई फिकदर यसै प्रकार माफी बिर्ता, माना चामल बिर्ता, थूक बिर्ता, राजभक्ति बिर्ता जस्ता अनेक प्रकारका बिर्ताहरू थिए। यस प्रकारको जग्गामा मालपोत तिर्नु पर्दैनथ्यो वा थोरै मात्रामा तिर्नु पर्ने प्रचलन थियो। राणाशासन कालमा आफ्ना नातेदार, चाकरीहरूलाई बिर्तास्वरूप धेरै जग्गा प्रदान गरियो। फलस्वरूप नेपालको कुल कृषियोग्य भूमिको ३६.३ प्रतिशत भूमि बिर्ता व्यवस्था अन्तर्गत नै पर्न गएको देखिन्छ।[५] वि. सं. २०१६ सालमा बिर्ता उन्मूलन ऐन जारी गरी श्री ५ को सरकारले सबै बिर्तालाई रैकरमा परिणत गरेको छ। फलस्वरूप यस प्रकारको जग्गामा पनि अब सरकारी

---

२. जमन एम. ए. इभौलुएशन अफ ल्याण्ड रिफौर्म इन नेपाल, एच० एम० जी०, १९७३ पृष्ठ ६.

३. के. सी. रामवहादुर, इम्प्लीमेंटेशन अफ ल्याण्ड रिफौर्म इन "प्रोसिडिंग्स अफ वर्कशोप औन डिभलोपमेंट सपोर्ट अफ स्मौल फार्मर्स, डी० बी० एन०, १९७४, पृष्ठ ७३.

४. पू. पा. टिप्पणी १, पृष्ठ २५.

५. पू० पा० टिप्पणी २, पृष्ठ ७.

स्वामित्व हुन गएको हुनाले श्री ५ को सरकार र किसानबीच रहेको बिचौलियाहरूको समाप्ति हुन गएको छ।

(३) गुठी भूमि (Guthi Land) :—गुठी शब्दको उत्पत्ति संस्कृतको गोष्ठी (Gosthi) बाट भएको छ जसको अर्थ हुन्छ सभा वा परिषद् (Council)। यस प्रकार गुठी जग्गाको अर्थ हुन्छ कुनै खास सार्वजनिक वा सामूहिक उद्देश्यका लागि ट्रस्ट अन्तर्गत भएको संस्थागत जग्गा[६]। सरकारले कुनै धार्मिक संस्थान, देवालय, मन्दिरलाई वा कुनै अन्य धार्मिक एवं सामाजिक कार्यको लागि दिएको जग्गालाई गुठी जग्गा भनिन्छ। यी जग्गाहरूको स्वामित्व श्री ५ को सरकारसँग हुँदैन, यी संस्थाहरूसँगै हुन्छ। गुठी जग्गाको आय श्रोत यी संस्थाहरूको खर्चको निमित्त प्रयोग गरिन्छ। गुठी पनि धेरै प्रकारका हुन्छन्। सरकारको प्रशासन अन्तर्गत रहने गुठीलाई राजगुठी र गैर सरकारी संस्थानहरूद्वारा संचालन हुने गुठीलाई दुनिया गुठी भनिन्छ। यी दुई प्रकारका गुठी बाहेक अरू पनि केही अन्य प्रकारका गुठीहरू हुन्छन्; जस्तो—फिकराना, वकस गुठी आदि। तर वि० सं० २०२१ सालको भूमि सम्वन्धी ऐन २०२१ अनुसार गुठी संस्थानको स्थापना गरी सबै प्रकारका गुठी जग्गाहरूलाई यसै संस्थानको नियंत्रण एवं संचालन अन्तर्गत ल्याइएको छ।

(४) किपट भूमि (Kipat Land) :—श्री ५ महाराजाधिराज पृथ्वीनारायण शाहदेव सरकारद्वारा पूर्वी नेपालको दूध-कोशी र तामा कोशी बीचको जग्गा त्यहाँका लिम्बूहरूलाई बक्सियो। यस जग्गालाई नै किपट जग्गा भनिन्छ। यस जग्गामा तिरो-भरो गर्नु पर्दैन र किपट पाउने व्यक्तिले परिआएको वेलामा सरकारलाई मद्दत गर्न तत्पर रहनु पर्दछ। किपटको तिरो-भरो जग्गाको क्षेत्रफलको आधारमा हुँदैन। पूर्वी पहाड़को लिम्बूआनमा प्रति लिम्बू परिवारले एक निश्चित रकम (६ रु० ५० पैसा) को दरले सरकारलाई तिर्नु पर्दछ। यस प्रकारको किपट जग्गा पूर्वी पहाड़को लिम्बूआन बाहेक पश्चिम डंडेलधुरा, पाल्पा, बैतडी, डोटी, छोटी दैलेख र जुम्लामा पनि पाइन्छ। यस प्रकारको जग्गामा जातिगत अधिकार छ र यसलाई सम्बन्धित जाति बाहेक अन्य जातिलाई वेच्न पाइँदैनथ्यो। तर भूमिसुधार संशोधन ऐन अनुसार २०२५ सालदेखि किपट जग्गा अरू रैंकर जग्गा सरह वेच-बिखन गर्न सकिने व्यवस्था गरिएको छ। अब यस संशोधन अनुसार किपट जग्गामा रैंकरको प्रचलित दर अनुसार कर समेत लगाउन सकिने व्यवस्था गरिएकोले यस जग्गाको साम्प्रदायिक चरित्र समाप्त हुन गएको छ।

(५) जागीर भूमि व्यवस्था (Jagir Land) :—जागीर भन्नाले सरकारी

---

[६] पू० पा० टिप्पणी १, पृष्ठ २७.

नोकरी भन्ने बुझिन्छ। नेपालमा प्राचीन कालदेखि सरकारी सेवामा लागेका मानिसहरूलाई मुद्राको रूपमा तलवको भुक्तानी नगरी उनीहरूलाई भूमि दिने चलन पनि थियो। यस्तो भूमि सरकारी सेवामा रहुञ्जेल दिइन्थ्यो। कहिलेकाहीं जागीरदारहरूलाई तलवको सट्टा केही जग्गाको मालपोत उठाएर लिने भन्ने अधिकार पनि दिइन्थ्यो। कर्मचारीहरूलाई सेवा मुक्त भएको वेलामा पेंसनको सट्टा केही जग्गा नै दिइन्थ्यो। यस प्रकारको जग्गालाई "पेटिया" भनिन्थ्यो। त्यसै गरी राजपरिवारका सम्बन्धीहरूलाई दिएको भूमिलाई "फारमायसी" भनिन्थ्यो। २००७ सालको क्रान्ति पछि यो व्यवस्था समाप्त भएको छ।

(६) रक़म भूमि (**Rakam Land**) :—काठमाडौं उपत्यका एवं अन्य पहाडी भागहरूमा 'रक़म' अर्थात् अनिवार्य श्रमदान (Compulsory services) लिने चलन थियो। यस प्रकारको सेवा प्रायः गरीब एवं भूमिहीन मानिसहरूसँग लिने चलन थियो र बच्चा, जागीरदार, बिर्तावाला, बूढ़ो एवं विधवाहरूसँग यस प्रकारको सेवा लिइँदैनथ्यो। राणा शासनकालमा व्यक्तिगत गृह निर्माण आदि कार्यको लागि पनि रकम सेवा लिने प्रारम्भ गरियो। यसरी रकम सेवा गर्नें वा रकम सेवा दिने मानिसहरूलाई सरकारद्वारा केही जग्गा दिइन्थ्यो। यस प्रकारको जग्गालाई रकम जग्गा भनिन्थ्यो। सन् १९६३ ई० देखि यस व्यवस्थालाई समाप्त गरिएको छ।

यस प्रकार माथिको छलफलद्वारा के कुरो प्रष्ट हुन आउँछ भने श्री ५ को सरकारले देशको सम्पूर्ण भूमि व्यवस्थालाई रैकर भूमि व्यवस्था अन्तर्गत ल्याउने र विचौलियाहरूलाई समाप्त गर्नें उद्देश्यले सन् १९५१ ई० देखि सन् १९६४ सम्मको अवधिमा बिर्ता, जागीर, रकम आदि व्यवस्था समाप्त गरेको छ। हाल हाम्रो कुल कृषि योग्य भूमिको ९३ प्रतिशत जग्गा रैकर व्यवस्था अन्तर्गत नै आइसकेको हुनाले भूमि व्यवस्थामा ठूलो परिवर्तन आएको देखिन्छ। मालपोत नलाग्ने जग्गामा पनि माल-पोत तिर्नु पर्नें व्यवस्था भएकोले श्री ५ को सरकारको आय श्रोतमा अवश्य नै यस परिवर्तनद्वारा वृद्धि हुन गएको छ। तर सामाजिक न्याय एवं कृषि उत्पादनमा वृद्धिको लागि जग्गाको वितरणमा समानता ल्याउने कामका सम्बन्धमा भूमि व्यवस्थामा अझै धेरै सुधार ल्याउन आवश्यक देखिन्छ।

नेपालमा मुख्यरूपले रहेका भूमि व्यवस्थाहरू

१. रैकर-भूमि
२. बिर्ता-भूमि
३. गुठी-भूमि

४. किपट-भूमि
५. जागीर-भूमि
६. रकम-भूमि

Model Questions

(१) Discuss the different land tenure system in Nepal.
नेपालको विभिन्न प्रकारको भूमि व्यवस्थाको विवेचना गर्नुहोस् ।

(२) संक्षिप्त उत्तर लेख्नुहोस्—
- (क) किपट भूमि व्यवस्थाबारे तपाइँ के जान्नु हुन्छ ? सी० एल० २०४०.
- (ख) विर्ता प्रथा भनेको के हो ? सी० एल० २०४०
- (ग) गुठी जग्गा भन्नाले के बुझिन्छ ? सी० एल० २०४०

Acc- २९८६२ / 21695

अध्याय

: १३ :

भूमि सुधार कार्यक्रम

(Land Reform Programme)

भूमि व्यवस्थाको कृषिको कार्य-क्षमता एवं भूमिको उत्पादकत्वमा महत्वपूर्ण प्रभाव पर्दछ । देशको भूमि व्यवस्था कृषि विकासमा सहायक र शोषण मुक्त हुनु पर्दछ । नेपाल जस्तो कृषि प्रधान देशको लागि आर्थिक जीवनमा भूमिको महत्वपूर्ण स्थान भएकोले बिचौलियाहरूको शोषणबाट मुक्त भूमि व्यवस्था हुनु अति आवश्यक छ । तर नेपालको भूमि-व्यवस्था दोषपूर्ण छ । यहाँ एक प्रकारको भूमि व्यवस्था छैन । अनेक प्रकारको भूमि व्यवस्था अन्तर्गत धेरैं बिचौलियाहरूको शोषणबाट किसानहरू पीड़ित भएको हुनाले कृषि-उत्पादनमा यसको धेरै प्रतिकूल असर पर्न गएको छ । फलस्वरूप भूमि व्यवस्थामा आमूल परिवर्तनको आवश्यकता पर्न गएको हुनाले वि० सं० २००७ सालको क्रान्ति पछि देशमा नवजागरणको लहरको साथ-साथै भूमि सुधारको लागि पनि विभिन्न पाइलाहरू चालिएको छ । वि० सं० २००७ सालपछि भूमि सुधारको सम्बन्धमा चालिएका पाइलाहरू निम्न बमोजिम छन्—

(१) जांच-बुझ आयोग (Investigation Commission) :—वि० सं० २००७ सालको क्रान्तिपछि जग्गा धनीहरूद्वारा किसानहरूलाई जग्गाबाट खोस-मोस एवं बैंठ-बेगारी, सलामी आदि असूल गर्ने प्रक्रियाको विरोधमा धेरै आवाज उठ्यो । भूमिपति एवं मोहीहरूबीच यस प्रकारको व्यापक झै-झगडाहरूको समाधानको लागि बुटवल, स्युराज, खजाहानी, र सुर्खेतहरूमा जाँच-बुझ आयोग खटाइयो । यस जाँच बुझ आयोगहरूको सुझावको आधारमा भैरहेको विवादहरूको तत्कालीन समाधानको लागि विभिन्न जिल्लाहरूमा घुम्ती अदालत पठाइयो । तर यी परम्परागत शोषणहरूलाई समाप्त गर्नमा यस प्रकारको तदर्थ प्रयासहरू प्रभावकारी ढंगले सफल हुन सकेन ।

(२) मोहियानी हकसम्बन्धी ऐन २००८ (Tenancy Right Acquisition Act 1952) :—वि० सं० २००८ सालमा रैकर जग्गामा मोहियानी हकको सुरक्षा सम्बन्धमा मोहियानी हकसम्बन्धी ऐनको प्रकाशन भयो । तर यो ऐन लागु भएन ।

(३) भूमि सुधार आयोग २००८ (Land Reform commission 1952) :–मोहियानी हकको सुरक्षा, मालपोत, कृषि साख समस्या, सहकारी समितिहरू, बैठ-बेगार, सलामी आदिको सम्बन्धमा आवश्यक तथ्याङ्क संकलन एवं यी समस्याहरूको

समाधानको लागि सुझाव पेश गर्नको लागि वि० सं० २००८ सालमा भूमिसुधार आयोगको गठन भयो। यस आयोगले उक्त समस्याहरूको बारेमा निम्नांकित सुझावहरू दियो।

(क) **मोहियानी हक** :—सरकारी रेकर्डमा दर्ता भएको व्यक्ति र उसको उत्तराधिकारीलाई रैकर जग्गाको जग्गाधनी मानियो। कुत तिर्ने आधारमा सो जग्गा जोत्नेलाई मोही मानियो। आयोगको शिफारिश अनुसार मोही र जग्गाधनी बीचको समझौताको शर्त पूरा गरी खेती गरूञ्जेल जग्गा धनीले मोहीलाई निष्काशित गर्न नपाउने। तर मोहीले १ वर्षसम्म जग्गा बाँझो राखेमा वा दुई वर्षसम्म राम्रोसँग खेती नगरेमा जग्गा धनीले मोहीलाई कानूनी प्रक्रियाबाट निकाल्न सक्ने सिफारिश गर्‍यो।

(ख) **रकम-निशेध** :—जग्गा धनीले मोहीहरूलाई कुनै प्रकारको रकम (बैठ-वेगारी, सलामी आदि) लगाउनु हुँदैन भन्ने शिफारिश गर्‍यो।

(ग) **पुरानो ऋण जाँच** :—पुरानो ऋणको सम्बन्धमा प्रत्येक जिल्लामा ऋण सम्बन्धी उजुरी हेर्ने, तमसुकको छानबीन गरी सही कारोवार प्रमाणित गर्ने र सही ऋण भएमात्र किस्तावन्दीमा तिर्ने व्यवस्था मिलाउनका लागि २ जना न्यायाधीश, २ जना कृषक र २ जना जिल्लाका प्रतिष्ठित व्यक्ति गरी ६ सदस्यीय ऋण निर्धारण समिति गठन गर्नु पर्दछ भन्ने सुझाव दिइयो। भावी ऋणको सम्बन्धमा रु० ९९ भन्दा बढ़ी रकममा र २ पक्का मन र पहाड़मा ५ मूरी भन्दा बढ़ी जिन्सी सम्बन्धी ऋणको घरायसी कारोबारलाई निशेध गर्नु पर्दछ र जग्गा धीतोमा लिने सहकारी समितिहरूको स्थापना गर्नु पर्दछ भन्ने सुझाव पनि आयोगले दियो।

(घ) **जिमिन्दारी उन्मूलन** :—मालपोत उठाउने सम्बन्धमा आयोगले जिमिन्दारी उन्मूलन गरी मालपोत उठाउने काम जिल्ला मालपोत कार्यालयद्वारा गर्न पर्दछ भन्ने सुझाव दियो।

(ङ) **विर्ता जग्गामा पनि मालपोत लगाउने**

(च) **भूमिहीन श्रमिकहरूको लागि पुनर्वासको व्यवस्था गर्नु पर्दछ।**

(४) शाही घोषणा २०१२ (**Royal Announcement of 1955**) :—भूमि सुधार आयोगको सुझावहरूको कार्यान्वयनमा ढ़ीलो हुने हुनाले कृषक तथा मोहीहरूलाई तत्कालै केही सुविधाहरू दिने उद्देश्यले स्व० श्री ५ महेन्द्र वीर विक्रम शाहदेव सरकारबाट वि० सं० २०१२ सालमा शाही घोषणा बक्सियो। शाही घोषणामा निम्नांकित कुराहरूको प्रावधान थिए—(क) कूतको अधिकतम दर भूमिको उत्पादनको ५० प्रतिशत हुने (ख) कृषि ऋणमा अधिकतम १० प्रतिशत ब्याज मात्र लिन पाउने

(ग) जग्गा धनीहरूले मोहीहरूबाट सलामी, चारदाम जस्ता रकमहरू लिन नपाउने (घ) दुई वर्षसम्म लगातार खेती गर्ने किसानहरूलाई मोहियानीहक दिने। (ङ) जग्गा धनीले पर्याप्त कारण नभई ३ वर्षसम्म जग्गा बाँझो राखेमा सो जग्गा कूतमा दिने (च) मोहीले जग्गा धनीको राय नलिई अर्कोलाई जग्गा कूतमा दिन नपाउने (छ) मालपोत जग्गाको उत्पादनको १० प्रतिशत मात्र हुने भन्ने गजटमा प्रकाशित अवैधता (ज) वैकल्पिक ऋण श्रोतको लागि मोही एवं जग्गा धनीको संयुक्त–कोष (Joint Fund) खड़ा गरी सहकारी ब्याङ्कको रूपमा परिवर्तन (झ) बिर्ता भूमिबाट प्राप्त आयमा करको व्यवस्था। (ञ) अधिराज्यभरि जग्गा धनी र मोहीहरूको नियमित रेकर्ड राख्ने व्यवस्था।

(५) भूमिसम्बन्धी ऐन २०१४ (**Land Act 1957**) :—भूमि व्यवस्थांमा सुधार गर्ने उद्देश्यले भूमि सम्बन्धी ऐन २०१४ लागू गरियो। यस ऐनमा शाही घोषणामा बुँदाहरू समेत गाभिएको थियो। यस ऐनमा निम्नांकित व्यवस्थाहरू थिए— (क) कूतको अधिकतम दर जग्गाको उत्पादनको ५० प्रतिशत हुने (ख) कृषि ऋणमा १० प्रतिशत वार्षिक ब्याज भन्दा बढ़ी लिन नपाउने (ग) किसानहरूबाट जग्गा धनीले, कुनै प्रकारको बेठ बेगारी खेताला, सलामी आदि अतिरिक्त फाइदाहरू लिन नपाउने (घ) एक वर्षसम्म कमाएको जग्गामा मोहियानी हक सुरक्षित हुने। (ङ) वर्षको अन्तमा ३५ दिनभित्र तराईमा पटवारी र पहाड़मा जिम्मावाला एवं मुखियाहरूले जिल्ला माल अड्डामा मोहीहरूको लगत तयार गरी बुझाउनु पर्ने। तर जग्गाको लगत नभएको साथ-साथै केही प्रशासकीय कठिनाईहरूले गर्दा यो ऐन कार्यान्वित हुन सकेन।

(६) बिर्ता उन्मूलन १०१६ (**Birta Abolition 1959**) वि० सं० २०१६ सालमा देशमा सामन्तवादी भूमि व्यवस्था समाप्त गरी जनतामा समानताको भावना पैदा गर्ने उद्देश्यले बिर्ता उन्मूलन ऐन जारी गरियो। यस ऐन अनुसार बिर्ता सम्बन्धी सवै ऐन, सवाल, सनद तथा अन्य (लिखतहरू) खारिज गरी बिर्ता जग्गा रैकर जग्गामा परिणत गरियो। देशमा भूमि व्यवस्थाको सुधार सम्बन्धमा यो अत्यन्तै महत्वपूर्ण ऐन हो। यस ऐनका निम्नांकित तीन महत्वपूर्ण प्रभावहरू हुन गएका छन्[1] (क) बिर्ता जग्गा रैकरमा परिणत भएकोले यस जग्गामा श्री ५ को सरकारलाई भूस्वामित्व प्राप्त हुन गयो (ख) यसमा श्री ५ को सरकारले रैकर जग्गा सरह मालपोत प्राप्त गर्ने भएको छ। यसबाट श्री ५ को सरकारको आयमा वार्षिक रु० ५.३ मिलियनको वृद्धि

---

[1] जनम एम० ए०, इभैल्युएशन अफ ल्याण्ड रिफोर्म इन नेपाल, मिनिष्ट्री अफ ल्याण्ड रिफोर्मस, हिज मैजेष्टी गभमेंट अफ नेपाल, काठमाडौं १९७३, पृष्ठ ९

गरेको छ र (ग) यस ऐनले गर्दा वास्तविक किसान र सरकार बीचको प्रथम बिचौलिया (बिर्तावाला) को समाप्ति भयो ।

(७) **शाही भूमि सुधार आयोग २०१९ (Royal Land Reform Commission 1962)** वि० सं० २०१९ सालमा वर्तमान भूमि व्यवस्थामा सुधार ल्याउनका लागि निम्नांकित कुराहरूबारे श्री ५ को सरकारलाई सुझाव दिन शाही भूमि सुधार आयोगको गठन भयो ।

(क) वर्तमान भूमि व्यवस्थाका दोषहरू र तिनमा गर्नु पर्ने सुधार (ख) बिर्ता, गुठी, किपट आदि अन्तर्गतका जग्गाहरूको तथ्याङ्क संकलन (ग) भूमिहीन किसानहरूको समस्या (घ) कृषि योग्य बाँझो भूमिको समस्या (ङ) ग्रामीण साख संगठन (च) मोही निष्काशनको समस्या (छ) भूमि सम्बन्धी ऐनमा आवश्यक परिवर्तन (ज) देशमा भूमि एवं मालपोत व्यवस्थामा एकरूपता ल्याउनका लागि सुझाव । यस आयोगले आफ्नो प्रतिवेदन पेश गर्‍यो । तर प्रतिवेदन जनसमक्ष आएन ।

(८) **कृषिसम्बन्धी नयाँ व्यवस्था ऐन २०२० (Agricultural Re-Organisation Act 1963)** वि० सं० २०२० सालमा श्री ५ को सरकारले कृषि सम्बन्धी नयाँ व्यवस्था ऐन जारी गर्‍यो । यस ऐनमा निम्नांकित व्यवस्थाहरू थिए—(क) कुनै भूमिपतिले भूमिको उत्पादनको ५० प्रतिशत भन्दा बढी कूत लिन नपाउने, तर कुनै ठाउँमा कूतको दर ५० प्रतिशत भन्दा कमै चलनमा छ भने सोही कायम रहने (ख) ऐन जारी भए पछि रु० ५० भन्दा बढ़ीको रकम उधारो दिएमा दर्ता गराउन अनिवार्य गरियो (ग) कूतसम्बन्धी कबुलियत र भुक्तानी लिखित रूपमा गर्न अनिवार्य गरियो (घ) एक वर्ष वा सोभन्दा बढ़ी समयसम्म कमाएको जग्गामा मोहियानी हक प्राप्त हुने व्यवस्था गरियो । (ङ) एक परिवारको लागि तराईमा २५ बीघा, काठमाडौं उपत्यकामा ५० रोपनी र अन्य पहाड़ी जिल्लाहरूमा ८० रोपनी जग्गाको हदवन्दी निर्धारित गरियो (च) हदवन्दी भन्दा बढी हुन गएको जग्गा सरकारले निर्धारित गरेको मुआवजा तिरी प्राप्त गर्ने र सो जग्गा किसानलाई किस्तावन्दीमा भुक्तान प्राप्त हुने गरी वितरित गर्ने । तर कृषिमा नयाँ व्यवस्था ल्याउन यस ऐनलाई अपर्याप्त देखिएको हुनाले सरकारले जारी गरेको २०१४ सालको भूमि सम्बन्धी ऐनसहित यस ऐनलाई पनि खारेज गरी वि० सं० २०२१ सालमा एक नयाँ भूमि सुधार ऐन जारी गर्‍यो ।

भूमिसम्बन्धी ऐन २०२१

(Land Act 1964)

देशका किसानहरूमा संगठनको अभाव, उचित निरीक्षण व्यवस्थाको कठिनाई एवं मोही तथा जग्गा धनीहरूको लगतको कठिनाईहरूले गर्दा २००७ सालदेखि जारी

गरिएको भूमि सम्बन्धी ऐनहरूको प्रभावकारी तरीकाले कार्यान्वयन हुन सकेन । फलस्वरूप हालसम्म लागू गरिएका भूमि सम्बन्धी ऐनहरू एवं विभिन्न आयोगहरूले पेश गरेका सुझावहरूको आधारमा एउटा विस्तृत भूमि सम्बन्धी ऐन २०२१ लागू गरियो । यस ऐनका मुख्य उद्देश्यहरू निम्नांकित छन्—

(१) देशको आर्थिक विकासको गतिमा तीव्रता ल्याउने ।

(२) मोहियानी हकको सुरक्षा, उचित ब्याज दरमा कृषि ऋणको उपलब्धि आदि प्रेरणाहरू प्रदान गरी कृषि उत्पादनमा बृद्धि ल्याउने ।

(३) जग्गा-हदबन्दी (Land Ceiling) कायम गरी हदबन्दी भन्दा बढ़ी जग्गा भूमिहीन किसानमा वितरण आदि व्यवस्थाद्वारा न्यायोचित कृषि-व्यवस्था कायम गर्ने ।

(४) ग्रामीण स्तरमा जनसाधारणको जीवनस्तरमा बृद्धि गर्ने ।

(५) भूमिबाट निष्क्रिय पूंजी एवं श्रमलाई उद्योग एवं व्यापार जस्ता अर्थ व्यवस्थाका अन्य क्षेत्रहरू तर्फ सार्ने ।

(६) मोहीहरूलाई साहु महाजनहरूको चंगुलबाट मुक्तगर्ने र उनीहरूको निमित्त कृषि साखको वैकल्पिक साधनहरूको व्यवस्था गर्ने ।

(७) मोहीहरूलाई बढ़ी कूत एवं गैर-कानूनी निष्कासनबाट सुरक्षा, प्रदान गर्ने हेतुले मोही एवं जग्गा धनीहरूको पूर्ण लागत तयार गर्ने ।

यस भूमि सुधार ऐनका मुख्य विशेषताहरू निम्नांकित छन्—

१. जग्गाको हदबन्दी (Ceiling on Ownership) :—यस ऐन अनुसार कुनै व्यक्ति वा परिवारले तराई एवं भित्री मधेशमा २५ बीघा, काठमाडौं उपत्यकामा ५० रोपनी तथा अन्य पहाड़ी भागहरूमा ८० रोपनी भन्दा बढी जग्गा राख्न पाउँदैन ।* तर यस हदवन्दी बाहेक पनि एक व्यक्ति वा परिवारले तराईको ग्रामीण क्षेत्रमा ३ बीघा र शहरी क्षेत्रमा एक बीघा, काठमाडौं उपत्यकाको ग्रामीण क्षेत्रमा ८ रोपनी र शहरी क्षेत्रमा ५ रोपनी एवं अन्य पहाड़ी क्षेत्रको ग्रामीण क्षेत्रमा १६ रोपनी तथा शहरी क्षेत्रमा १० रोपनीसम्म जग्गा घर बारीको निमित्त राख्न पाउँछ जो निम्न तालिका १३.१ द्वारा प्रष्ट हुन आउँछ ।

---

* एक परिवार भन्नाले पति-पत्नी, १६ वर्ष ननाघेको छोरा र २५ वर्ष ननाघेकी छोरी भन्ने मानिएको छ ।

तालिका १३.१

जग्गाको हदबन्दी

क्षेत्र	कृषि कार्यको लागि हदबन्दी	घरबारीको लागि	
		ग्रामीण क्षेत्र	शहरी क्षेत्र
तराई क्षेत्र	२५ बीघा	३ बीघा	१ बीघा
काठमाडौं	५० रोपनी	८ रोपनी	५ रोपनी
पहाड़ी क्षेत्र	८० रोपनी	१६ रोपनी	१० रोपनी

तर तोकिएको उपर्युक्त हदवन्दी सरकारी जग्गा, चिकित्सालय, शिक्षा एवं धार्मिक संगठन, औद्योगिक प्रयोगको लागि राखिएको जग्गा, चिया खेती जस्ता विशेष प्रकारको खेतीको लागि राखिएको जग्गा एवं सहकारी खेतीसंग सम्वन्धित जग्गामा लागु हुने छैन ।

(२) **अतिरिक्त जग्गाको प्राप्ति र क्षतिपूर्ति (Acquisition of surplus Land)** :—यस प्रकार हदवन्दी भन्दा बढ़ी भएको जग्गा श्री ५ को सरकारले क्षतिपूर्ति तिरी प्राप्त गर्‍यो । ऐनमा क्षतिपूर्तिको दर कृषि योग्य भूमि (Cultivated Land) मा मालपोतको १० गुणादेखि ३० गुणा, घ्राँस र झाड़ी भएको जग्गा (Grass and bush Land) मा ५ गुणादेखि १० गुणा र बाँझो जग्गा (Waste Land) मालपोत बराबर दिने भन्ने निर्धारित गरिएको थियो । जग्गा धनीहरूलाई क्षतिपूर्तिको रकमको १० प्रतिशत १ वर्षभित्र नगद र बाँकी ९० प्रतिशत रकम ३ प्रतिशतदेखि ५ प्रतिशत ब्याज पाउने र १० वर्ष पछि भुक्तान हुने ऋण पत्र उपलब्ध गराइयो । ऋण पत्रहरूबाट विकास ऋण किन्न सक्ने व्यवस्था पनि गरिएको थियो ।

(३) **जग्गाको वितरण (Distribution of Land)** :—हदवन्दी भन्दा बढ़ी प्राप्त हुन आएको जग्गालाई सरकारले निम्न प्राथमिकताको क्रममा वितरित गर्ने छ— (क) सो जग्गाको मोही (ख) निकटतम किसान (ग) त्यस क्षेत्रका अन्य किसान र (घ) कुनै नेपाली नागरिक । सरकारबाट जग्गा प्राप्त गर्ने क़िसानले एक मुष्ट मूल्यको भुक्तानी गरेमा जग्गाको क्षतिपूर्तिको रकमको बराबर तथा किस्तावन्दीमा दिएमा बाँकी हुने रकम १० किस्ता ननाघ्ने गरी १० प्रतिशत वार्षिक ब्याजको दरले तिर्नु पर्ने ।

(४) **मोहियानी हक (Tenancy Right)** :—यो ऐन जारी हुनुभन्दा पूर्व वा जारी भइसके पछि पनि कुनै व्यक्तिले मोहीको हैसियतले कुनै जग्गामा एक बाली कमाई

सकेको छ भने सो व्यक्तिलाई त्यस जग्गामा मोहियानी हक प्रदान गरिने छ र उसको नाममा मोहियानी हक दर्ता गरिने छ। यस ऐनले मोहियानी हक प्राप्तिको सम्वन्धमा पनि हदवन्दी तोकेको छ। विभिन्न क्षेत्रहरूको लागि मोहियानीको हदवन्दी निम्न अनुसार छ।

(क) तराई र भित्री मधेस—	४० बीघा
(ख) काठमाडौं उपत्यका—	१० रोपनी
(ग) पहाड़ी भाग	२० रोपनी

तर मोहीलाई केही आफ्नो जग्गा हुँदा दुवै गरी पनि उसले तराईमा ४ बीघा, काठमाडौंमा १० रोपनी र पहाड़ी क्षेत्रमा २० रोपनी भन्दा बढ़ी जग्गा कमाउन पाउँदैन।

(५) मोहियानी निष्कासन (Eviction of Tenant) :—यस ऐन अनुसार मोहीहरूको हक सुरक्षित भएको छ र कुनै पनि जग्गा धनीले मोहीलाई निष्कासन गर्न पाउँदैन। तर निम्नांकित अवस्थामा जग्गाधनीले मोहीलाई जग्गाबाट अदालत मार्फत निष्कासन गर्न पाउँछ—(क) प्राकृतिक संकट बाहेक निर्धारित रूपमा कूत नबुझाएमा (ख) एक वर्षसम्म खेती नगरेमा वा खेतीलाई बेवास्ता गरेमा (ग) जग्गाको मूल्य घट्ने गरी जग्गाको हेर-बिचार कार्यमा उदासीनता भएमा (घ) जग्गा धनीले स्थानीय पंचायतको स्वीकृति प्राप्त गरी कुनै जग्गाको प्रचलित बजार मूल्यको २५ प्रतिशत मूल्य मोहीलाई तिरी वसोवासको लागि मोहीबाट जग्गा रिक्त गराउन पाउँछ। वसोवासको लागि जग्गा रिक्त गराउन सीमा विभिन्न क्षेत्रको लागि निम्न अनुसार तोकिएको छ।

क्षेत्र		गाउँ पंचायत क्षेत्र		नगर पंचायत क्षेत्र
तराई र भित्रीमधेश	—	आधा बीघा	—	४ कट्ठा
काठमाडौं उपत्यका	—	५ रोपनी	—	५ रोपनी
पहाडी भाग	—	१० रोपनी	—	५ रोपनी

(६) कूत-निर्धारण (Fixation of Rent) :—कूतको न्यायपूर्ण दरको निर्धारणको अभावमा मोहियानी हकको सुरक्षाको केही सार्थकता हुँदैन। यस ऐन अन्तर्गत काठमाडौं उपत्यका बाहेक देशको सम्पूर्ण भागमा कूतको अधिकतम दर भूमिको कुल उत्पादनको ५० प्रतिशत र सो दर भन्दा कम दर प्रचलित भएमा सोही दर कायम रहने भन्ने व्यवस्था गरिएको छ। काठमाडौं उपत्यकामा विभिन्न श्रेणीको जग्गामा कूतको अलग-अलग दर निर्धारित गरिएको छ। ऐन अनुसार जग्गाधनीले कूत बुझेको भरपाई मोहीलाई दिनु आवश्यक गरिएको छ।

(७) अनिवार्य बचत योजना (Compulsory Saving Scheme) :— अनिवार्य वचत योजना यस ऐनको एउटा अनौठो कार्यक्रम थियो । यस ऐन अनुसार जग्गा धनी र मोही दुवैले प्रतिवर्ष मुख्य बालीको केही अंश अनिवार्य रूपले बचत गर्नु पर्दछ । ऐन अनुसार खाद्यान्न बालीको केही अंश अन्नकै रूपमा र नगदे बालीको केही अंश नगद रूपमा नै वार्ड कमीटोमा जम्मा गर्नु पर्दछ । वचत कर्तालाई ५ वर्ष पछि ५ प्रतिशतको दरले ब्याज र साउँ एक मुष्ट फिर्ता दिने वा यसलाई ब्याङ्कको शेयर, डिवेंचर वा सरकारी ऋणपत्रको रूपमा उपलब्ध गराउने पनि प्रावधान गरिएको थियो । यसरी उठेको रकमबाट आवश्यक पर्ने किसानहरूलाई बीउ, मल, ज्यालाखर्च आदि उत्पादक कार्यहरूको साथ-साथै उपभोग ऋण पनि १० प्रतिशत व्याज लिने गरी उपलब्ध गराउने भन्ने प्रावधान थियो । यसरी भूमि सुधारको यस कार्यक्रमले नेपालका संस्थागत ऋणको समुद्घाटन गरेको छ । यस कार्यक्रममा समय-समयमा संशोधन गरियो । विभिन्न संगठनात्मक एवं हिसाब किताब सम्बन्धी व्यावहारिक कठिनाईहरूले गर्दा श्री ५ को सरकारले अनिवार्य बचत संकलन कार्यक्रमलाई वि० सं० २०१६ साल (सन् १९६९ ई०) देखि अनिश्चित समयको लागि स्थगित गरेको छ र वचत गरिएको रकमलाई बचत गर्ने व्यक्तिको नाममा साझाको शेयरको रूपमा परिणत गरेको छ ।

(८) कृषि ऋण नियंत्रण (Regulation of Agricultural Debt) :— ग्रामीण ऋणग्रस्तता समाप्त गर्ने दिशामा यस ऐन अन्तर्गत पुरानो ऋणलाई पुनर्मूल्याङ्कन गर्ने महत्वपूर्ण व्यवस्था गरिएको थियो । यस ऐन अनुसार कृषि ऋण सम्बन्धी सम्पूर्ण कागज-पत्रहरू साहुले ऐन कार्यान्वयनको ३५ दिनभित्र भूमि सुधार अधिकारी समक्ष पेश गर्नु पर्ने र भूमि सुधार अधिकारीले ती कागज पत्रहरूलाई जाँच गरी ऋणीले तिर्नु पर्ने रकमको निर्धारण गर्ने व्यवस्था गरिएको थियो । कागज पत्रहरू जाँच गर्दा साहुले सावाँको दोब्बर व्याज लिइसकेको छ भन्ने फेला परेमा ऋण भुक्तान भइसकेको मानिने र साहुले १० प्रतिशत भन्दा बढ़ी ब्याज लिने गरेमा सावाँमा कट्टा गरिने व्यवस्था गरिएको थियो ।

(९) जिमिन्दारी उन्मूलन (Abolition of Jimindari) :—यस ऐन अनुसार जिमिन्दारी प्रथालाई समाप्त गरियो । यस प्रथाको उन्मूलन उप्रान्त जिमिन्दारहरूको सम्वन्धित मौजामा मालपोत असूल गर्ने अधिकार समाप्त भयो । यस ऐन अनुसार माल अड्डा मार्फत सम्पूर्ण माल-पोत उठाउने अधिकार श्री ५ को सरकारलाई नै प्राप्त हुन गयो । मालपोत असूल गर्ने अधिकारको समाप्तिले गर्दा उनीहरूलाई पर्न गएको आर्थिक नोक्सानी वापत श्री ५ को सरकारले क्षतिपूर्ति दिएको छ ।

(१०) उखड़ा उन्मूलन :—अधिराज्यको पश्चिमी भागको नवलपरासी, रूपन्देही

र कपिलवस्तु जिल्लाहरूमा उखड़ा प्रथा प्रचलित थियो। यस प्रथा अन्तर्गत किसानहरूको मोहियानी हक सुरक्षित नभएकोले उनीहरूलाई जथाभावी रूपले निष्कासन गर्ने चलन थियो। वि. सं. २०२१ (सन् १९६४) मा उखड़ा उन्मूलन गरी उखड़ा जग्गा मोहीहरूको नाममा दर्ता गरियो र उखड़ावालालाई पर्न गएको नोक्सानी वापत उखड़ा जग्गाको मालपोतको १० दोब्बर बराबरको रकम मोहीले उखड़ावालालाई तिर्नु पर्ने व्यवस्थागरी उखड़ा प्रथाको अन्त गरियो।

भूमि सुधार ऐन २०२१ लाई वि० सं० २०२५ सालमा संशोधित गरियो। यस भूमि सम्बन्धी दोस्रो संशोधन ऐन २०२५ का प्रमुख विशेषताहरू निम्न प्रस्तुत छ।

(क) **किपट प्रथा**—यस संशोधन अनुसार किपट भूमि लिम्बू जाति बाहिर पनि बेचबिखन गर्न सकिने भएको छ।

(ख) **स्वेच्छाले मोहियानी हक छाड़ने किसानहरूको वास्तविकता अध्ययन :**— कसैले स्वेच्छाले मोहियानी हक छाड्न चाहन्छन् भने त्यस सम्बन्धमा वास्तविकता के छ भन्ने पत्ता लगाउनका लागि प्रशासकीय अधिकारीको गठन गर्ने भन्ने व्यवस्था गरिएको छ।

(ग) **कूतसम्बन्धी संशोधन :**—यस संशोधन अनुसार कूतको अधिकतम दर भूमिको मुख्य उत्पादनको ५० प्रतिशत तोकिएको छ। वि० सं० २०२१ सालको भूमि सम्बन्धी ऐन अनुसार जग्गा धनीले सबै बालीको ५० प्रतिशतसम्म कूत लिने व्यवस्था थियो। तर यस संशोधन अनुसार केवल मुख्य बालीको ५० प्रतिशत सम्म मात्र लिन पाउने व्यवस्था भएकोले कूतको दरमा संशोधन ऐनले केही कमी ल्याएको देखिन्छ।

भूमि-सुधार कार्यक्रमको प्रगति
(Progress of Land Reform Programme)

भूमि सुधार कार्यक्रम २०२१ सालमा नेपालको १६ वटा जिल्लाहरूमा मात्र लागू गरियो। वि० सं० २०२२ सालमा २५ वटा जिल्लाहरूमा र बाँकी ३४ वटा जिल्लाहरूमा वि० सं० २०२३ सालमा यो कार्यक्रम लागू गरियो। तेस्रो योजना (२०२२-२७) सम्ममा ७,८२,९९२ हेक्टर जग्गाको नापी गर्ने काम पूरा गरियो र १३ वटा जिल्लाहरूमा भूमि प्रशासन कार्यालयको स्थापना गरियो। यस योजना कालमा २३,१३६ मोहीहरूलाई स्थायी प्रमाण पत्र दिने काम, रु० ५ करोड़ ७ लाख रकमको ऋण निर्धारण तथा १६,६८५ हेक्टर हदवन्दी भन्दा बढ़ी जग्गाको बिक्री वितरण गर्ने काम सम्पन्न भयो।[२]

---

[२] राष्ट्रिय योजना आयोग, चौथो योजना, पृष्ठ ८ (२-३)

चौथो योजनामा भूमि सुधार :—यस योजना कालमा ३ लाख ४३ हजार मोहीहरूलाई स्थायी प्रमाण पत्र वितरित गरियो। यस योजना कालमा कित्ता नापी कार्यलाई प्राथमिकता दिएको थियो। योजनाको अन्तसम्ममा ३० वटा जिल्लाहरूमा यो कार्य पूरा भएको एवं २७ वटा जिल्लाहरूमा भूमि प्रशासन समेत लागू गरियो। २०३२ साल आषाढ़ मसान्तसम्ममा लगभग रु० २० करोड़को ऋण तथा गैर कृषि ऋण निश्चित भएको र रु० ४ करोड़को ऋणबाट किसानहरूलाई मुक्त गरियो। काठमाडौं उपत्यकाका ३ जिल्ला र तराईका १२ जिल्लाहरूमा मोहीले तिर्ने कूत निश्चित परिणाममा निर्धारित गरियो[3]। यस योजना अवधिमा बचतको लेखा परीक्षण तथा पूर्ण लेखा तयार गर्ने काम र बचतको ब्याज वितरण गर्ने काम लक्ष्य भन्दा वढ़ी भयो। मोहियानी हकको स्थायी प्रमाण पत्र वितरण गर्ने, ठेक-कूत निर्धारण गर्ने, हदवन्दी भन्दा बढ़ी जग्गा प्राप्त गर्ने र वितरित गर्ने कामहरू तथा जिल्लाको हिसाबले कित्ता नापीको कार्य पनि लक्ष्य भन्दा कम भयो जो निम्न तालिकामा प्रदर्शित गरिएको छ।

तालिका १३.२

चौथो योजना अन्तर्गत भूमि-सुधार कार्यक्रम

कार्यक्रम	एकाई	चौथो योजनाको लक्ष्य	प्रगति	प्रतिशत
१. बचतको लेखा परीक्षण—वड़ा		१७०१९	२१,३२४	१२५·२९
२. बचतको व्याज वितरण—वडा		१७१८८	२७,२६७	१५८.६३
३. मोहियानी हकको स्थायी प्रमाणपत्र वितरण—	जिल्ला	२६	२३	८८.४६
४. कूत निर्धारण—	जिल्ला	२६	१२	४६.१५
५. हदबन्दी भन्दा वढ़ी जग्गाको प्राप्ति—	हेक्टर	२४०००	८,२२९	३४.३
६. प्राप्त र जफत जग्गा वितरण गर्ने—	हेक्टर	२४०.००	६,५७९	२७.४१
७. कित्ता नापी—	संख्या	२६ जिल्ला	१४ जिल्ला	५३.८४

(स्रोत—राष्ट्रिय योजना आयोग; चौथो योजनाको प्रगति मूल्याङ्कन पृष्ठ १५, तालिका नं० १४)

---

[3] राष्ट्रिय योजना आयोग, चौथो योजनाको कार्यान्वयनबाट जनजीवनमा परेको प्रभाव, पृष्ठ ९

पाँचौं योजनामा भूमि सुधार :—पाँचौं योजना अन्तर्गत मुख्य रूपले बचत संकलन, मोहियानी हकको संरक्षण, जग्गाको बिक्री वितरण, ठेक कूत, भूमि प्रशासन, भूमि सुधार सम्वन्धी अध्ययन, सर्वेक्षण र मूल्याङ्कन जस्ता कार्यक्रमहरू समावेश गरिएका थिए । चौथो योजना अवधिभित्र रु० ८.८४ करोड़ बचत तथा ऋण संकलन भै रु० ३.२ करोड़ कृषि विकास ब्याङ्कमा जम्मा भयो । मोहियानी हकको संरक्षण गर्ने कार्यक्रम अन्तर्गत ३९ वटा जिल्लाहरूमा मोहीहरूलाई स्थायी प्रमाण पत्र वितरण गरियो । यस योजना अन्तर्गत हदवन्दी भन्दा वढ़ी जग्गा बिक्री वितरण गर्ने कार्यक्रम अन्तर्गत ४५६ बिघा जमीन प्राप्त गरियो । ७ वटा जिल्लाहरूमा निश्चित अंकमा कूत तोक्ने सम्वन्धी अध्ययन सर्वेक्षण पूरा गरी प्रतिवेदन तयार गरियो । नापी तर्फ ६ लाख ६९ हजार हेक्टर जमीनमा कित्ता नापी गर्ने कार्य समाप्त गरियो ।[४] पाँचौं योजनाको अन्तसम्म भूमि सुधार सम्बन्धमा भएको प्रगतिको झलक निम्न प्रस्तुत गरिएको छ ।

तालिका १३.३

पाँचौं योजनासम्म भूमि सुधारतर्फ भएको प्रगतिको झलक

१. कृषकहरूको लगत संकलन—	२० लाख
२. हदवन्दीभन्दा बढ़ी तथा ऋण रकम निर्धारणबाट वितरणलाई प्राप्त जग्गा—	४५ हजार बिघा
३. बचत कार्यक्रमबाट संकलन—	अन्दाजी १४ करोड़ बराबर
४. कार्यक्रमको कार्यान्वयनमा सक्रिय भूमिका खेल्ने स्थानीय तहका कार्यकर्ताहरू—	करीब १ लाख भन्दा बढ़ी

(स्रोत—राष्ट्रिय योजना आयोग, छैटौं योजना, पृष्ठ ३१४)

छैटौं योजनामा भूमि सुधार :—छैटौं योजना अन्तर्गत भूमि सुधार कार्यक्रम अन्तर्गत निम्न वमोजिमको प्रगति भयो (क) मोहियानी हकको संरक्षण गर्ने काम नियमित कार्यको रूपमा—सम्पादन गरियो (ख) योजनाको प्रथम चार वर्षमा १२ वटा जिल्लाहरूमा कूत निर्धारण कार्य समाप्त भई सम्पूर्ण तराई क्षेत्रमा ठेक-कूत तोकियो । (ग) हदवन्दी भन्दा बढ़ी जग्गाहरू छानबीन गरी टुङ्गो लगाउने तर्फ आवश्यक कानूनी व्यवस्था तयार गरियो ।

---

[४] राष्ट्रिय योजना आयोग, छैठौं योजना, पृष्ठ २७

सातौं योजनामा भूमि सुधार कार्यक्रम :—सातौं योजना अवधिमा भूमि सुधार सम्बन्धी निम्नांकित कार्यक्रमहरू तोकिएको छ—

१. मोहीको संख्या बढ़ी भएको तराईका २१ जिल्ला, भित्री मधेशका ४ जिल्ला र नापी समाप्त भएका पहाड़ी जिल्लामा पुराना छूट भएका तथा नयाँ मोहीको लगत अद्यावधिक राख्ने कार्यक्रम संचालन गर्ने।

२. ठेक-कूत लागू भएका २७ जिल्लाहरू बाहेक मोहीको संख्या बढ़ी देखिएका पहाड़ी जिल्लाहरूमा प्राथमिकता दिएर सर्वेक्षण गरी ठेक-कूत लागू गर्ने काम सम्पन्न गरिने।

३. कृषि व्यवसायलाई व्यावसायिक रूपमा अघि बढ़ाउन करार तथा कबूलियत खेतीलाई प्रोत्साहन दिने।

४. वितरित ऋण असूल गर्न बाँकी ऋणहरू असूल गरी सो रकम कृषि विकास ब्याङ्क मार्फत साझा संस्थामा हस्तान्तरण गर्ने कार्य पूरा गर्ने।

५. मोहीको प्रमाण पत्रको धीतोबाट खेती-पातीको लागि ऋण लिन पाउने व्यवस्था गर्ने र ऋण नतिरेमा मोहियानी प्रमाणपत्र लिलाम गरी दिने व्यवस्थाबाट ऋणको संरक्षण गर्ने।

६. भूमिमा रहेको द्वैध स्वामित्व हटाउने व्यवस्था गर्ने।

७. चक्लावन्दी र जमीन विकास कार्यलाई प्रोत्साहन दिने।

भूमि सुधार कार्यक्रमको मूल्याङ्कन

वि. सं. २००७ सालदेखि हालसम्म भूमि सुधार कार्यक्रम मुख्य रूपले सामन्तवादी भूमि व्यवस्थाको अन्त गरी एउटा शोषण रहित भूमि व्यवस्था कायम गर्ने र कृषि उत्पादनमा वृद्धि गर्ने भूमिमा निष्क्रिय श्रम एवं पूंजीलाई गैर कृषि क्षेत्रमा परिचालन गरी देशको चौतर्फी विकास गर्ने आदि उद्देश्यले संचालित गरिएको छ। यसको लागि यस कार्यक्रम अन्तर्गत जग्गाको समान वितरण गर्ने उद्देश्यले जग्गाको हदवन्दी निर्धारण र हदवन्दी भन्दा बढ़ी जग्गाको बिक्री वितरण गर्ने कार्यक्रम पनि राखिएको छ। भूमि व्यवस्थामा बिचौलियाहरू बढ़ी भएमा स्वतः नैं बढ़ी शोषण हुने हुनाले बिर्ता, जिमिन्दारी, उखड़ा, राज्य आदि भूमि व्यवस्था उन्मूलन गरी सबै जग्गाहरूलाई रैकरमा परिणत गरी भूमि व्यवस्थामा एकरूपता ल्याइएको छ। रैकर जग्गामा सरकारी स्वामित्व हुने हुनाले यस प्रकारको जग्गामा शोषण हुँदैन। विभिन्न प्रकारको भूमि व्यवस्थाको उन्मूलनले गर्दा नै हाल रैकर जग्गा व्यवस्था अन्तर्गत कुल ९३ प्रतिशत जग्गा पर्न गएको छ जो सन् १९५१ भन्दा पहिला केवल ५० प्रतिशत मात्र थियो। त्यसै गरी ग्रामीण ऋणग्रस्तता समाप्त गर्ने उद्देश्यले १० प्रतिशत भन्दा बढ़ी

ब्याज लिन नपाउने व्यवस्था तथा पुरानो ऋण मूल्याङ्कनद्वारा धेरै परिवारहरू ऋणमुक्त पनि भएका छन् । कृषि लगानीमा वृद्धि गर्ने उद्देश्यले अनिवार्य बचत कार्यक्रमद्वारा संस्थागत ऋणको व्यवस्था गरियो । त्यसै गरी भूमि सुधार कार्यक्रम अन्तर्गत मोहियानी हक सुरक्षित गरिएको छ । यी विभिन्न सुधारात्मक पाइलाहरूले सम्पूर्ण रूपमा भूमि व्यवस्थामा निश्चित रूपले नै एकरूपता आएको छ, किसानहरूमा समानताको भावना पैदा भएको छ र साथै धेरै भूमि राख्ने प्रवृत्ति समाप्त हुन गएको छ । तर केही निम्नांकित त्रुटिहरूले गर्दा यस कार्यक्रमले बांछित उद्देश्यको पूर्ति गर्न सकेको छैन ।

(१) हदबन्दी भन्दा बढ़ी जग्गाको उपलब्धि र वितरण हुन सकेन :— हदवन्दी भन्दा बढ़ी जग्गा प्राप्त गरी त्यसको वितरण भूमि सुधार कार्यक्रमको सब भन्दा मंहत्वपूर्ण अंग थियो । तर अधिराज्यभरि एकैपल्ट यो कार्यक्रम लागू नभई विभिन्न जिल्लाहरूमा पालो-पालो गरी लागू हुने हुनाले जग्गा धनीहरूले आफ्नो जग्गा लुकाउन सफल भएकोले हदबन्दी भन्दा बढ़ी जग्गा सम्पूर्ण रूपमा प्राप्त हुन सकेन । अधिराज्यमा ९१३६ परिवारहरूसँग कुल ५०,५८० हेक्टर जग्गा हदवन्दी भन्दा बढ़ी रहेकोबाट श्री ५ को सरकारलाई केवल ३४,७०५ हेक्टर जग्गा मात्र प्राप्त हुन सक्यो । तसर्थ १५,८७५ हेक्टर जग्गा प्राप्त गर्ने काम बाँकी नै रहन गयो । श्री ५ को सरकारलाई प्राप्त हुन आएको जग्गा पनि विवादग्रस्त, पैरो गएको, बालुवा र बगर जग्गा नै थियो । उपलब्ध हुन आएको जग्गाबाट २१,०५० हेक्टर जग्गा मात्र वितरित हुन सकेको हुनाले १३,६५५ हेक्टर जग्गा भूमिपतिहरूकै नियंत्रणमा कायम रह्यो । फलस्वरूप हदवन्दी भन्दा बढ़ी जग्गाको ६० प्रतिशत भाग भूमिपतिकै प्रभावपूर्ण नियंत्रणमा कायम रह्यो ।[५]

(२) भूमि सुधार कार्यक्रमको कार्यान्वयन उप्रान्त पनि भूमिको असमान वितरण कायम नै रह्यो :— भूमि सुधार कार्यक्रमको सफलताको लागि भूमिको न्यायपूर्ण वितरण आवश्यक हुन्छ । भूमिको न्यायपूर्ण वितरणको अर्थ हुन्छ भूमिको वितरणमा असमानता अथवा केन्द्रीकरण समाप्त गर्नु । भूमि सुधार कार्यक्रमको कार्यान्वयन भन्दा पूर्व सन् १९६१ ई० को तथ्याङ्क अनुसार नेपालमा ७५ प्रतिशत किसान परिवारहरूसँग १ हेक्टर भन्दा कम जग्गा थियो र तिनीहरूको अधिकारमा देशको कुल जग्गाको २५ प्रतिशत मात्र थियो । यसको विपरीत देशमा २५ प्रतिशत ठूला किसान परिवारहरूको हातमा देशको कुल जग्गाको ७५ प्रतिशत थियो[६] । तर

---

[५] पू. पा. टिप्पणी १, पृष्ठ २७

[६] एच. एम. जी., मिनिष्ट्री अफ फूड एण्ड एग्रीकलचर, फार्म मैनेजमेंट स्टडी (१९६८-६९) काठमाडौं, १९७१, पृष्ठ १४.

जग्गाको वितरणमा यो असमानता भूमि सुधार कार्यक्रमको कार्यान्वयन पछि पनि कायमै रह्यो। भूमि सुधार लागू भए पछि देशको ६३ प्रतिशत किसान परिवारहरूसँग १ हेक्टर भन्दा कमै भूमि थियो र तिनीहरूसँग कुल कृषि योग्य भूमिको केवल १०.५ प्रतिशत मात्र थियो भने बाँकी ३६.५ प्रतिशत परिवारहरूसँग देशको कुल जग्गाको ८९.५ प्रतिशत जग्गा रहन गएकोले जग्गाको असमान वितरण कायमै रह्यो भन्न सकिन्छ[७]। जग्गाको यस असमान वितरणको स्थितिमा भूमिको वास्तविक किसान एवं मोहीहरूको शोषण हुनु स्वाभाविकै कुरो हो।

(३) जग्गा धनीले घरबारीको लागि मोहीबाट जग्गा लिन पाउने भन्ने प्राबधानबाट मोहियानी हक असुरक्षित हुन गएको :—जग्गा धनीले बसोवासको लागि सैकड़ा २५ क्षतिपूर्ति तिरी तराईको गाउँ पंचायत इलाकामा १० कट्ठा र नगर पंचायत इलाकामा ४ कट्ठा, पहाड़ी क्षेत्रमा गाउँ पंचायत इलाकामा १० रोपनी र काठमाडौं लगायत अन्य पहाड़ी क्षेत्रहरूमा ५ रोपनी जग्गा फिर्ता लिन पाउने व्यवस्थाद्वारा पनि कतिपय मोहीहरूको मोहियानी हक समाप्त हुने स्थिति भयो। भनौं कुनै मोहीले ४ जना जग्गा धनीहरूको प्रत्येकबाट १० कट्ठाको दरले जग्गा कमाएको छभने र सबैले घडेरीको लागि प्रावधान वमोजिम जग्गाको माँग गरेकोमा उसको जम्मै जग्गाको मोहियानी समाप्त हुन जाने देखिन्छ।

(४) संस्थागत ऋणव्यवस्थाको अप्रभावकारिता :—भूमि सुधार कार्यक्रम अन्तर्गत शुरू गरिएको अनिवार्य-बचत-योजना अत्यन्तै आकर्षक व्यवस्था थियो। यस व्यवस्थाले वास्तवमा नेपालमा संस्थागत कृषि ऋणको सुत्रपात गरेको थियो। तर हिसाब-किताब गर्नें कठिनाइले गर्दा यसलाई स्थगित गरियो। कृषि ऋणमा अधिन १० प्रतिशत ब्याज मात्र लिन पाउने व्यवस्थाद्वारा कृषि परम्परागत स्रोत सुक्न गयो। यस व्यवस्थामा कृषि ऋणको पूर्तिको लागि संस्थागत वैकल्पिक व्यवस्थाको अभावमा साहु महाजनमा किसानहरूको निर्भरता र साहु महाजनबाट किसानहरूको शोषण समाप्त हुन सक्तैन। कृषि क्षेत्रमा संस्थागत ऋण दिने कृषि विकास ब्याङ्क एवं साझा संस्थाहरूबाट मोही एवं साना किसानहरू भन्दा ठूला किसानहरू नै लाभान्वित भए। साना किसान एवं मोहीहरूको ऋणको आवश्यकताको पूर्ति हुन नसकेको अभाव एवं साना किसानहरूको साहु महाजन एवं ठूला किसानहरूमा रहेको निर्भरता कायमै रहन गएको देखिन्छ।

(५) कूतको बढ़ी-दर—भूमि सुधार कार्यक्रम अन्तर्गत जग्गा धनीले बढ़ीमा मुख्यबालीको ५० प्रतिशत कूत लिन पाउने व्यवस्था गरिएको छ। भूमि सुधार कार्य-

---

[७] ७. पू. पा. टिप्पणी १, पृष्ठ ६,

क्रमको यस प्रावधान अनुसार जग्गा धनीले बीउ, मल, सिंचाई आदिमा केही खर्च गर्नु पर्दैन तर उसले कुल उत्पादनको आधी भाग पाउने अधिकारी हुन्छ। कूतको यो दर मोहीहरूको लागि प्रेरणादायी छैन। कुल उत्पादनबाट आधी जग्गा धनीलाई दिइसके पछि उसँग आधुनिक तरीकाले खेती गर्न केही बचत नै हुँदैन। फलस्वरूप कूतको बढ़ी दरले कृषिको आधुनिकीकरणमा बाधा उपस्थित गर्दछ।

(६) **भूमिमा दोहोरो स्वामित्व :—**हाल एउटा जग्गामा मोही र जग्गाधनी दुवैको स्वामित्व छ। यस प्रकारको दोहोरो स्वामित्वको अवस्थामा दुवैको स्वार्थ बाझ्न गएमा झैं—झगड़ा, मामिला–मुद्दाहरू भई रहन्छ। फलस्वरूप मोही एवं जग्गा धनी दुवैको समय र सम्पत्तिको वर्बादी हुन्छ।

भूमि सुधार कार्यक्रमको मूल्याङ्कन

१. हदवन्दी भन्दा बढ़ी जग्गाको उपलब्धि र वितरण हुन सकेन।
२. भूमि-सुधार कार्यक्रमको कार्यान्वियन उप्रान्त पनि भूमिको असमान वितरण कायम नै रह्यो।
३. जग्गा धनीले घर-बारीको लागि मोहीबाट जग्गा लिन पाउने भन्ने प्रावधानबाट मोहियानी हक असुरक्षित हुन गयो।
४. संस्थागत ऋण व्यवस्थाको अप्रभावकारिता
५. कूतको बढ़ी दर
६. भूमिमा दोहोरो स्वामित्व।

Model Questions

1. What is the concept of land reform? Add a note on few important features of land act 2021.
   भूमि सुधार भनेको के हो? भूमि सुधार ऐन २०२१ का केही महत्वपूर्ण विशेषताहरूबारे छोटो टिप्पणी लेख्नुहोस्।
2. Discuss about the objectives and important features of Land Act 2021
   भूमि सम्बन्धी ऐन २०२१ को उद्देश्य एवं प्रमुख विशेषताहरूको विवेचना गर्नुहोस्।
3. Describe the different Land Reform measures undertaken in Nepal. Have they benefitted the peasants?

नेपालमा भूमि सुधारको उद्देश्यले चालिएका विभिन्न पाइलाहरूको वर्णन गर्नुहोस् । के किसानहरू यसबाट लाभान्वित भएका छन् ?

4. What Steps have been taken to Protect the rights of tenants ? What benefits are expected from fixation of ceiling on land holding ?
भूमि सुधार कार्यक्रम अन्तर्गत मोहियानी हकको सुरक्षाको लागि के-के पाइलाहरू चालिएका छन् ? कृषि भूमिको हदवन्दी निर्धारणबाट प्राप्त हुने लाभहरूको वर्णन गर्नुहोस् ।

५. छोटो उत्तर दिनुहोस्—
(क) भूमि सुधार कार्यक्रमका प्रमुख फाइदाहरू के-के हुन् ? सी. एल २०४०
(ख) भूमि सुधार कार्यक्रमको आर्थिक महत्वबारे लेख्नुहोस् ।
सी. एल मेजर २०४०
(ग) भूमि सुधार कार्यक्रमको प्रगतिबारे लेख्नुहोस् ।
(घ) भूमि सुधार कार्यक्रमको आर्थिक एवं सामाजिक प्रभाववारे छोटो टिप्पणी लेख्नुहोस् ।
(ङ) जोतको हदवन्दी भन्नाले के बुझिन्छ ?

———

अध्याय
: १४ :

कृषि बजार
(Agricultural Marketing)

कृषि बजारको अर्थ :—उचित मूल्य प्राप्त गर्ने उद्देश्यले कृषि उत्पादन क्षेत्रदेखि अन्तिम उपभोक्तासम्म खाद्यान्न एवं कच्चा पदार्थहरूको परिचालन सम्बन्धी सबै प्रक्रियाहरूलाई कृषि बजार भनिन्छ। यस अन्तर्गत कृषिजन्य वस्तुको उत्पादक एवं वस्तुको अन्तिम उपभोक्तालाई मिलाउने काम गरिन्छ। कृषि बजारमा तीन प्रकारका क्रेताहरू हुन्छन्—(क) प्रत्यक्ष रूपले चामल, गहुँ आदि उपभोग गर्ने क्रेताहरू (ख) कृषि जन्य वस्तुमा आधारित उद्योगहरूको लागि रूवा, उखु, जूट आदि कच्चा पदार्थ क्रय गर्ने क्रेताहरू तथा (ग) विदेशी निकासीका निमित्त कृषिजन्य वस्तु किन्ने क्रेताहरू। यी विभिन्न खालका क्रेता एवं विक्रेताहरूलाई मिलाउने प्रक्रियामा छरिएका वस्तुहरूलाई एकत्रित गर्नु, गुण-स्तर छुट्याउनु, गोदाम-घरको व्यवस्था गर्नु, प्रशोधन गर्नु, यातायातको व्यवस्था गर्नु तथा तथ्याङ्क संकलन गर्नु र विभिन्न संस्थाहरूको विकास गर्नु आदि सबै कामहरू कृषि बजारको अध्ययन अन्तर्गत नै आउँछन्।

कृषि बजारको महत्व एवं यसका विशिष्ट लक्षणहरू
(Importance and Peculiarities of Agricultural Marketing)

अन्य वस्तु एवं सेवाहरूको बजार भन्दा कृषि बजारका केही विशिष्ट लक्षणहरूले गर्दा यसको अध्ययन धेरै नै महत्वपूर्ण हुन्छ। कृषि बजारका विशिष्ट लक्षणहरू निम्न प्रस्तुत गरिएको छ—

१. संकलनको समस्या—औद्योगिक वस्तुहरू झैं कृषि जन्य वस्तु एकै ठाउँमा हुँदैन। यो विभिन्न ठाउँहरूमा छरिएको हुन्छ। यसलाई बिक्री गर्नको लागि एक ठाउँमा संकलन गर्नु पर्दछ।

२. गोदाम घर एवं यातायातको समस्या :—कृषि जन्य वस्तुहरू मूल्यको तुलनामा वजनी एवं धेरै ठाउँ लिने भएकोले यसमा यातायात एवं गोदाम घर सम्वन्धी समस्या औद्योगिक वस्तुहरू भन्दा बढ़ी हुन्छ।

३. सुरक्षित गरी राख्ने समस्या—औद्योगिक वस्तु झैं कृषि जन्य वस्तुको उत्पादन बाह्रै महीना हुँदैन। यी वस्तुहरूको उत्पादन खास-खास महीनामा हुन्छ तर माँग चाहिं सालैभरि भैरहने हुनाले यसलाई सुरक्षित गरी राख्नु आवश्यक हुन्छ।

४. ग्रेडिङ्ग गर्ने समस्या—कृषि जन्य वस्तुहरूमा गुण-स्तरको बढ़ी विभिन्नता हुन्छ। फलस्वरूप बिक्री गर्नका लागि ग्रेडिंग गर्नें आवश्यकता पर्दछ।

५. कतिपय कृषिजन्य वस्तुहरू छिटो बिग्रिने हुन्छन्—सागसब्जी, फल आदि कृषिजन्य वस्तुहरू छिटो बिग्रिने भएकोले त्यसको लागि कोल्ड स्टोरेज एवं छिटो छरितो यातायातको व्यवस्था गर्नु पर्दछ।

६. अत्यधिक गरीबीले गर्दा थोरै मूल्यमा बिक्री गर्ने वाध्यता—नेपालमा किसानहरू अत्यधिक गरीबीले गर्दा आफ्नो वस्तुहरू अत्यन्तै कम मूल्य (Throw-away Price) मा बिक्री गर्न वाध्य हुनु पर्दछ। तसर्थ किसानहरूले आफ्नो वस्तुको उचित मूल्य पाउन् भन्ने कुरोको लागि कृषि बजार सम्बन्धी विशेष संस्थागत व्यवस्था गर्नु आवश्यक हुन जान्छ।

७. कृषि जन्य वस्तुहरूको मूल्य निर्धारण गर्दा कृषि सामग्री एवं उपभोग्य वस्तुहरूको मूल्यमा विचार गर्नु आवश्यक :—उन्नत किसिमका मल-बीउ, कीटनाशक औषधि जस्ता कृषि सामग्रीहरूको साथसाथै उपभोग्य वस्तुहरूको मूल्यद्वारा कृषिजन्य वस्तुहरूको उत्पादन व्यय एवं किसानहरूको आर्थिक जीवन महत्वपूर्ण ढंगले प्रभावित हुन्छ। फलस्वरूप कृषिजन्य वस्तुहरूको मूल्य निर्धारण गर्दा यी वस्तुहरूको मूल्यलाई ध्यानमा राख्नु पर्दछ।

८. उत्पादन वृद्धि गर्न र उत्पादित वस्तुलाई अधिकतम मात्रामा बेच्ने प्रेरणा प्राप्त हुने गरी मूल्य निर्धारण गर्ने आवश्यकता :—देशको आर्थिक विकासको लागि कृषि उत्पादमा वृद्धिको साथ-साथै बढ़ी भन्दा बढ़ी कृषि उत्पादन बजारमा बिक्रीको लागि उपलब्ध हुनु पर्दछ भन्ने कुरो पनि आवश्यक हुन्छ। तर नेपाल जस्तो देशमा जहाँ ६४ प्रतिशत किसान परिवार साना एवं सीमान्त किसानको श्रेणीमा आउँछन्, आफ्नो उपभोग एवं बीउको लागि चाहिने आवश्यक मात्रा भन्दा बढ़ी उत्पादन (Market surplus) नै हुँदैन। देशका ४६ प्रतिशत ग्रामीण परिवारहरूले वर्षभरिमा केवल रु० २५० बराबरको कृषिजन्य वस्तुहरूमात्र बिक्री गर्दछन्[१]। फलस्वरूप शहरी जनसंख्या, औद्योगिक श्रम, कारखानाको लागि कच्चा पदार्थ एवं निर्यातको लागि कृषिजन्य वस्तुहरूको उपलब्धिको गम्भीर अभाव हुन जान्छ। फलस्वरूप कृषि जन्य वस्तुको मूल्य निर्धारण किसानहरूलाई उत्पादनमा वृद्धिगर्न र उत्पादित वस्तुलाई अधिकतम मात्रामा बेच्ने प्रेरणा प्राप्त हुने गरी गर्नु पर्दछ।

---

[१] एसियन डिभलौपमेंट ब्यांक एण्ड एच० एम० जी०, एग्रीकल्चर सेक्टर स्टैटेजी स्टडी, भौल० २, पृष्ठ १४७

कृषि बजारका विशिष्ट लक्षणहरू

१. संकलनको समस्या ।
२. गोदामघर एवं यातायातको समस्या ।
३. सुरक्षित गरी राख्ने समस्या ।
४. ग्रेडिङ्ग गर्ने समस्या ।
५. कतिपय कृषि जन्य वस्तुहरू छिटो बिग्रिने हुन्छन् ।
६. अत्यधिक गरीबीले गर्दा थोरैं मूल्यमा बिक्री गर्ने वाध्यता ।
७. कृषि जन्य वस्तुहरूको मूल्य निर्धारण गर्दा कृषि सामग्री एवं उपभोग्य वस्तुहरूको मूल्यमा विचार गर्नु आवश्यक ।
८. उत्पादन वृद्धि गर्न र उत्पादित वस्तुलाई अधिकतम मात्रामा बेच्ने प्रेरणा प्राप्त हुने गरी मूल्य निर्धारण गर्नें आवश्यकता ।

कृषि जन्य वस्तुको उचित मूल्य पाउन आवश्यक शर्तहरू

(Essential conditions for acquiring reasonable price for agricultural produce)

कृषिजन्य वस्तुहरूको उपर्युक्त विशिष्ट लक्षण एवं नेपाली कृषकहरूको गरीबीलाई विचार गर्दा नेपालमा कृषि बजारको सन्दर्भमा निम्नांकित कुराहरूमा विशेष ध्यान दिन आवश्यक छ ।

१. पर्याप्त ऋणको सुविधा (Adequate Credit Facility) —किसानहरू बाली लगाउने वेलामा साहु महाजनहरूसँग सस्तो मूल्यमा आफ्नो बाली बेच्ने कबुलियत गरी ऋण लिन्छन् । फलस्वरूप उनीहरूले बाली तयार हुनेबित्तिकै सम्बन्धित साहु महाजनहरूसँग आफ्नो बाली अत्यन्तै कम मूल्यमा बेच्न बाध्य हुनु पर्दछ । किसानहरूले आफ्नो बाली तुरन्तै वेच्न नपरोस भन्ने कुरोको लागि उनीहरूलाई बाली लगाउनेदेखि बाली वेच्ने समयसम्म पर्याप्त मात्रामा उत्पादक एवं उपभोग ऋण (Production and consumption Loan) को पर्याप्त व्यवस्था गर्नु पर्दछ । उत्पादकले साहुसँग ऋण नलिएको अवस्थामा आफ्नो वस्तु कुनै पनि व्यक्तिसँग उचित मूल्यमा बेच्न सक्तछ ।

२. उत्पादित वस्तुको गुण-स्तर (Quality of product) वस्तुको मूल्य त्यसको गुण-स्तरमा पनि निर्भर गर्दछ । फलस्वरूप राम्रो मूल्य पाउनको लागि वस्तुको गुण-स्तरमा सुधारको लागि प्रयत्न गर्नु पर्दछ । उन्नत किसिमको बीउबिरुवा लगाउँदा, कीटनाशक औषधिहरूको प्रयोग गर्दा र बाली पाकिसकेपछि विभिन्न

ग्रेडमा वस्तुहरूलाई छुट्याएर सफासँग राखेमा वस्तुहरूको गुण स्तरमा सुधार हुन्छ र किसानहरूलाई उचित मूल्य प्राप्त हुन सक्तछ ।

३. पर्याप्त एवं वैज्ञानिक गोदामघरको व्यवस्था (**Adequate and Scientific warehousing facilities**) :—बाली संरक्षित गरी राख्नका लागि पर्याप्त मात्रामा वैज्ञानिक गोदामघरको व्यवस्था हुनुपर्दछ । राम्रो गोदाम घर भएका किसानले उत्पादन गरेको वस्तु सुरक्षासाथ राख्न सक्तछ र वस्तुको गुण-स्तरमा ह्रास हुँदैन र उचित मूल्य पाएको बेलामा आफ्नो वस्तु बेच्न सक्तछ ।

४. सक्षम यातायात व्यवस्था (**Efficient Transport System**) :—देशमा यातायातको छिटो-छरितो र सस्तो व्यवस्था हुनु पर्दछ । यस्तो भएमा साग-सब्जी फल आदि छिटो बिग्रिने सामानहरू पनि एक ठाउँबाट अर्को गाउँमा सजिलोसित पठाएर किसानहरूले आफ्नो वस्तुको उचित मूल्य प्राप्त गर्न सक्तछन् । यातायात सस्तो र सक्षम भएमा किसानहरूले आफ्नो माल सामानहरू गाउँमा बिचौलियाहरूसँग बिक्री नगरी बजारमा ल्याएर उचित मूल्यमा बेच्न सक्तछन् ।

५. संगठित कृषि बजार (**Organised Agricultural Market**) —किसानहरूलाई कृषि जन्य वस्तुहरूको उचित मूल्य प्राप्त होस भन्ने कुरोको लागि कृषि बजार संगठित हुनु पर्दछ । कृषकले उत्पादन गरेको वस्तुहरूको क्रय-विक्रयको काम कुनै संगठित संस्थाबाट नै हुनुपर्दछ । नेपाल जस्तो देशमा जहाँ ६४ प्रतिशत किसान परिवारहरू साना एवं सीमान्त किसानकै श्रेणीमा आउँछन्, क्रय-विक्रय गर्ने काम व्यक्तिगत स्तरमा सफलतासँग संचालित हुन सक्तैन । प्रायः गरी यी साना एवं सीमान्त किसानहरूलाई बिचौलियाहरूले शोषण गरेको हुन्छ । तसर्थ संगठित संस्थाहरूबाट कृषि बजार सम्बन्धी काम भएमा बिचौलियाहरूले शोषण गर्न पाउँदैनन् र किसानहरूलाई आफ्नो वस्तुको उचित मूल्य प्राप्त हुन्छ । यी किसानहरूको लागि साझा मार्फत किन-बेचको काम नै सर्वोत्तम हुन सक्तछ ।

कृषिजन्य वस्तुको उचित मूल्य पाउन आवश्यक शर्तहरू

१. पर्याप्त ऋणको सुविधा ।
२. उत्पादित वस्तुको गुण स्तरमा सुधार ।
३. पर्याप्त एवं वैज्ञानिक गोदामघरको व्यवस्था
४. सक्षम यातायात व्यवस्था
५. संगठित कृषि बजार

नेपालमा कृषि बजारको संगठन एवं ढाँचा
(Organisation and Structure of Agricultural Marketing in Nepal)

नेपालको कृषि वजार व्यवस्था मुख्य रूपले असंगठित नै छ। बजार व्यवस्थामा धेरै विचौलियाहरू छन्। यहाँको बजार व्यवस्थामा तीन तह पाइन्छ—

१. ग्रामीण स्तरमा प्राथमिक बजार (Primary market at villege level)— हाम्रो बजार व्यवस्थाको पहिलो तहमा ग्रामीणस्तरमा प्राथमिक बजार छ। यसमा पल्लावाला, घोड़ावाला र साना-तिना व्यापारीहरूले कषिजन्य वस्तु क्रय-विक्रय गर्ने काम गर्दछन्!

२. हाट (Hatta) यहाँको कृषि बजारको दोस्रो श्रेणीमा हाट आउँछ जो देशको विभिन्न भागहरूमा हप्ताको एक वा दुई पटक लाग्दछ। यस्ता हाटहरूमा थोक विक्रेता, मीलवाला वा उनीहरूका एजेंटहरूले मुख्य रूपले कृषि जन्य वस्तुहरूको क्रय विक्रय गर्ने काम गर्दछन्। यस्ता हाटहरूको संख्या पहाड़मा १६९ र तराईमा ४७१ गरी कुल ६४० छ।[२]

३. थोक बजार (Wholesale market)—यस प्रकारको बजारमा मुख्य रूपले ठूल-ठूला मिल मालिक, व्यापारी एवं निर्यातक वर्गको नियंत्रण रहेको पाइन्छ।

देशको पहाड़ी भाग कृषि उत्पादनको दृष्टिले न्यून क्षेत्र रहेकोले यस क्षेत्रमा कृषि जन्य वस्तुहरूको स्थायी बजार धेरै नै कम छ। देशको तराई भागमा जसलाई "नेपालको भखारी" (Granery of Nepal) भनिन्छ, अतिरिक्त खाद्यान्नको उत्पादन हुन्छ। स्थायी बजारहरू मुख्यरूपले यसै भागमा केन्द्रित छन्। यी बजारहरू देशको पहाड़ी भागको बजारहरूको मूल्यद्वारा कम प्रभावित हुन्छन्। यी बजारहरूको मुख्य सम्बन्ध भारतको बिहार एवं उत्तर प्रदेशको मंडीहरूसँग छ। फलस्वरूप यी बजारहरूमा कृषिजन्य वस्तुहरूको मूल्य पनि बिहार एवं उत्तर प्रदेशको बजारको मूल्यद्वारा नै बढ़ी प्रभावित हुन्छ। पहाड़ी भागमा खाद्यान्नको खाँचो भएमा यी बजारहरूबाट खाद्यान्नको आपूर्ति हुँदैन। यी भागहरूमा खाद्यान्नको आपूर्ति आयात गरिएको खाद्यान्नबाट गर्नु पर्दछ।

नेपालमा मुख्य रूपले खाद्यान्नको खेती गरिन्छ र कृषि योग्य भूमिको अत्यन्तै कम भागमा नगदेबालीको खेती गरिन्छ। खाद्यान्न एवं नगदेबालीको बजार व्यवस्थाको छुट्टा-छुट्टै अध्ययन निम्न प्रस्तुत गरिएको छ।

---

[२] ऐजन ऐपेन्डिक्स ४.४०

खाद्यान्न बजार-व्यवस्था

खाद्यान्नको बजार व्यवस्था अन्तर्गत मुख्य रूपले निजी क्षेत्र नै क्रियाशील रहेको पाइन्छ। खाद्यान्नको क्रय-विक्रय गर्ने केही संगठित संस्थाहरू निम्नलिखित छन्—

१. **सहकारी समिति एवं साझा**—सहकारी संस्था एवं साझाहरूको विभिन्न उद्देश्यहरू मध्ये कृषि बजार व्यवस्था गर्नु पनि एउटा महत्वपूर्ण उद्देश्य छ। नेपालमा सहकारी एवं साझा संस्थाहरूमा आफ्नो पूँजीको धेरै नै अभाव छ। हाल पनि साझा संस्थाहरूले कृषि विकास ब्याङ्कबाट प्राप्त-ऋणद्वारा नै आफ्नो क्रियाकलापको सम्पादन गर्नु परेको छ। साथै यसमा व्यवस्थापन एवं संगठनात्मक त्रुटिहरू पनि रहेको हुनाले अत्यन्तै कम मात्रामा खाद्यान्न क्रय-विक्रय गर्न समर्थ हुन्छ।

धान चामल कम्पनी :—श्री ५ को सरकारले सन् १९७४ ई० मा ७ ओटा धान चामल कम्पनीको स्थापना गरी यसलाई चामल निर्यात गर्ने एकाधिकार सुम्पियो। तर चामलको अन्तर्राष्ट्रिय मूल्यमा कमी, दक्षिण भारतमा चामल बजारको समाप्ति र कार्य संचालनमा दक्षताको अभावले गर्दा यसलाई भारी मात्रामा नोक्सानी भयो। फलस्वरूप श्री ५ को सरकारले सन् १९७९ मा यसको एकाधिकार समाप्त गरी पुनः सन् १९८० ई० मा कम्पनीलाई नै समाप्त गर्नु पर्‍यो।

नेपाल खाद्य संस्थान :—नेपाल खाद्य संस्थान देशमा बढ़ी उत्पादन हुने ठाउँमा खाद्यान्न क्रय गरी न्यून क्षेत्रमा बिक्री वितरण गर्ने काम गर्दछ। यसले खुल्ला बजारको साथ-साथै लेभी-द्वारा पनि खाद्यान्न क्रय गर्ने काम गर्दछ।

कृषि सामग्री संस्थान :—कृषि बजार अन्तर्गत मल, बीउ, कृषि औजार जस्ता कृषि सामग्रीहरूको बजार व्यवस्थाको पनि महत्वपूर्ण स्थान हुन्छ। कृषि सामग्री संस्थानद्वारा यस्तै प्रकारका कृषि सामग्रीहरूको क्रय-विक्रय र बजार व्यवस्था गर्ने काम भै रहेको छ।

खाद्यान्न एवं कृषि बजार-सेवा विभाग (Department of Food and Agricultural Marketing Services–DFAMS) :—खाद्यान्न एवं कृषि बजार सेवा विभागले देशमा कृषि सम्बन्धी तथ्यांक एवं सूचना प्रकाशित गरी कृषि बजार व्यवस्था सम्बन्धमा धेरै नै सघाउ पुर्‍याइरहेको छ।

नगदेबाली बजार व्यवस्था

नगदेबाली बजार व्यवस्था मुख्य रूपले निजी क्षेत्रद्वारा नै संचालित भैरहेको छ; नेपालको सब भन्दा बढ़ी महत्वपूर्ण नगदेबाली जूट हो। यो हाम्रो विदेशी मुद्रा आर्जनको मुख्य स्रोत हो। यसको व्यापार पनि प्रायः निजी क्षेत्रद्वारा नै संचालित भैरहेको

छ। जूटको सम्बन्धमा कुनै समस्या आइपरेको वेलामा श्री ५ को सरकारले जूटको क्रय मूल्य नियंत्रण तथा निकासीको सम्बन्धमा आवश्यक निर्णय लिई त्यसको कार्यान्वियन गर्दछ। सन् १९७४ ई० मा जूट निकासी नियंत्रणको लागि जूट विकास एवं व्यापार संस्थान (Jute Development and Trading Corporation) को स्थापना गऱ्यो। त्यसै गरी चिया एवं सूर्तीको सम्बन्धमा पनि क्रमशः चिया विकास निगम र सूर्ती विकास निगमको स्थापना भएको छ। नेपाली किसानहरूलाई केही अतिरिक्त आय दूध उत्पादनबाट पनि हुन्छ र यसको लागि सन् १९६९ ई० मा दूध विकास संस्थान (Dairy Development Corporation) को स्थापना पनि महत्वपूर्ण नै छ।

व्यापार प्रवर्द्धन केन्द्र
(Trade promotion Centre)

निकासी प्रवर्द्धन गर्ने उद्देश्यले वि० सं० २०२७ सालमा श्री ५ को सरकारले नेपाल व्यापार प्रवर्द्धन समिति गठन आदेश जारी गरी व्यापार प्रवर्द्धन केन्द्र (Trade promotion Centre) को स्थापना गऱ्यो। यस केन्द्रले अन्य वस्तुको साथ-साथै कृषि जन्य खाद्यान्न एवं नगदेबाली बारेमा पनि अन्तर्राष्ट्रिय बजार सम्बन्धी सूचना एवं सेवा प्रदान गरी कृषि जन्य वस्तुहरूको निर्यात बढ़ाउने काम गर्दछ।

नेपालमा कृषि बजारका त्रुटिहरू
(Defects of Agricultural Marketing in Nepal)

श्री ५ को सकारले कृषि बजारलाई संगठित गर्न धेरै प्रयासहरू गरेको भए तापनि हाम्रो कृषि बजार अहिले पनि दोषपूर्ण नै छ र किसानहरूले आफ्नो उत्पादनको उचित मूल्य पाउँदैनन्। हाम्रो कृषि बजारको निम्नांकित त्रुटिहरू छन्—

१. किसानहरूमा संगठनको अभाव (Lack of Farmers Organisation)— व्यापारीहरूको चैम्बर्स अफ कमर्स झैं किसानहरूको कुनै संगठन छैन। यस प्रकारको संगठनको अभावले गर्दा कृषि जन्य वस्तुको मूल्य निर्धारण उत्पादकहरूद्वारा हुँदैन, व्यापारीहरूद्वारा नै हुन्छ। परिणामस्वरूप उत्पादन व्ययसँग वस्तुको मूल्यको कुनै सम्बन्ध हुँदैन र व्यापारीहरूबाट कृषिजन्य वस्तुहरूको थोरै दाम राखिन्छ।

२. साखको अभाव (Inadequate facilities of Credit):—किसानहरूलाई साखको अत्यन्तै अभाव छ। साखको अभावले गर्दा साना एवं सीमान्त किसानहरूले बाली लगाउने र आफ्नो उत्पादन बिक्री गर्ने अवधिभित्र साहु-महाजनहरूसँग चर्को ब्याजमा ऋण लिएको हुन्छ वा साहुसंगै थोरै मूल्यमा बाली बेच्ने कबुलियतको आधारमा ऋण लिएको हुन्छ। यस्तो परिस्थितिमा उसले आफ्नो वस्तु अरूसँग बेचन स्वतंत्र

हुँदैन र चर्को ब्याजले गर्दा बालीलाई पछि राम्रो मूल्य पाउने बेलामा बेच्नका लागि पर्खिन पनि सक्तैन । यसरी साखको अभावले गर्दा पनि किसानहरूले खास गरी साना एवं सीमान्त किसानहरूले आफ्नो वस्तु अत्यन्तै कम मूल्यमा बेच्नु पर्दछ ।

३. प्रामाणिक गुण-स्तरयुक्त वस्तुको अभाव (**Lack of grading and standardisation**) :—किसानहरूले विभिन्न किसिमका वस्तुहरूको उत्पादन गर्दछन् । यी वस्तुहरूलाई गुण-स्तर अनुसार अलग-अलग छुट्याएर राख्दैनन् । फलस्वरूप उसले राम्रो वस्तुको मूल्य पनि नराम्रो वस्तु सरह नै पाउँछ; जस्तो बासमती धान र मोटा धान मिसिएको स्थितिमा व्यापारीले मोटै धानको भाउमा त्यो धान क्रय गर्दछ ।

४. बजारका कुरीतिहरू (**Malpractices in the Market**) :—नेपालको कृषिबजारमा धेरै बिचौलिया छन् । श्री ५ को सरकारद्वारा अधिराज्यभरि नापको एउटै मैट्रिक प्रणाली लागू गरे तापनि बजारमा विभिन्न किसिमका प्रणालीहरूको प्रचलन छ । कहीं-कहीं ढुङ्गाले किन्ने बेचने प्रणाली पनि छ । किन्ने र बेच्ने ढुङ्गा तथा मानापाथीहरूमा पनि फरक पाइन्छ । देशमा भएका केही मंडीहरूमा पनि कृषि जन्य वस्तुहरू क्रय-विक्रय गर्दा मन्दिर, धर्मशाला तथा अन्य सामाजिक एवं धार्मिक क्रियाकलापहरूको लागि क्रेता एवं विक्रेताहरूसँग खर्च असूल गरिन्छ । यस प्रकारको खर्चको सम्पूर्ण भाग गरीब किसानहरूले नै बोक्नु पर्दछ । बजारका यी कुरीतिहरूबाट किसानहरूलाई नै नोक्सानी हुन्छ ।

५. यातायातको अभाव (**Inadequate Means of Transport**) :—देशमा यातायातको अत्यधिक अभाव छ । पक्की सड़क तराईको केही शहर एवं काठमाडौं उपत्यकासम्म मात्र सीमित छ र ग्रामीण क्षेत्रको अधिकांश भागमा कच्ची सड़कको पनि अभाव छ । यस्तो स्थितिमा किसानहरूले कृषि उत्पादनलाई बजारसम्म ल्याउन पाउँदैनन् र गाउँमा नै कम मूल्यमा घोड़ावाला, गाड़ीवाला आदिहरूसँग बेच्नु पर्दछ । पहाड र तराईको बीचमा बाटोको असुविधाले गर्दा पहाड़का सुन्तला एवं कागती तराईमा ल्याउँदा यातायात व्यय अत्यन्तै महँगो पर्ने भएकोले किसानहरूलाई फाइदा हुँदैन र फल-फूल, साग-सब्जी आदि वस्तुहरू बजारसम्म ल्याउँदा वढ़ी समय लाग्ने हुनाले धेरै मात्रामा कुहेर जान्छ ।

६. गोदाम घरको अभाव (**Inadequate warehousing**) :—नेपालमा वैज्ञानिक गोदाम घरको अत्यधिक नै अभाव छ । किसानहरूले कच्ची घरमा खुला रूपले खाद्यान्न राख्दछन् । यसरी खाद्यान्न राख्दा कमीला, मूसा आदि लाग्ने डर हुन्छ र माटोको चीसोले गर्दा खाद्यान्नको गुण-स्तरमा ह्रास हुन जान्छ । फलस्वरूप राम्रो

मूल्य प्राप्त गर्नको लागि किसानहरूको पर्खेर बेच्ने क्षमतामा कमी आउँछ र उनीहरूले कमै मूल्यमा आफ्नो वस्तु वेच्न वाध्य हुनु पर्दछ।

७. बजार सम्बन्धी सूचनाको अभाव (Lack of market Infermation) :— किसानहरूलाई कृषि जन्य वस्तुहरूको मूल्य, माग एवं मूल्यमा भएको परिवर्तन, वस्तुको अन्तर्राष्ट्रिय मूल्य एवं त्यस सम्बन्धमा श्री ५ को सरकारले नीति आदि सम्बन्धमा ठीक-ठीक सूचना दिने व्यवस्था छैन। फलस्वरूप किसानहरूले साहू-महाजन, व्यापारी आदिद्वारा प्राप्त गरेको गलत एवं व्यापारीहरूलाई मात्र फाइदा हुने सूचनाको आधारमा नै क्रय-विक्रय सम्बन्धी निर्णय लिने काम गर्दछन्।

८. संस्थागत बजार व्यवस्थाको अभाव (Lack of Institutional Marketing) :— देशमा संस्थागत बजार व्यवस्थाको धेरै नै अभाव छ। सहकारी समिति एवं साझा संस्थाहरूद्वारा प्रवन्ध एवं संगठनात्मक कठिनाईहरूको साथ-साथै पूँजीको अभावले गर्दा थोरै मात्रामा कृषि जन्य वस्तुहरू क्रय गर्ने काम हुन्छ। श्री ५ को सरकारद्वारा पनि प्रत्येक साल जूट जस्ता कच्चा पदार्थहरूको क्रय पर्याप्त मात्रामा हुँदैन। फलस्वरूप किसानहरूले व्यक्तिगत स्तरमा आफ्नो माल सामान मोल-तोल गर्ने शक्तिको अभावले गर्दा थोरै दाममा वेच्नु पर्दछ। बजारमा धेरै विचौलियाहरूले गर्दा पनि किसानहरूको बढ़ी शोषण हुन्छ।

नेपालमा कृषि बजारका त्रुटिहरू

१. किसानहरूमा संगठनको अभाव
२. साखको अभाव
३. प्रामाणिक गुण-स्तरयुक्त वस्तुको अभाव
४. वजारका कुरीतिहरू
५. यातायातको अभाव
६. गोदाम घरको अभाव
७. वजार सम्बन्धी सूचनाको अभाव
८. संस्थागत बजार व्यवस्थाको अभाव

कृषि बजारका समस्याहरूको समाधानका लागि श्री ५ को सरकारबाट चालिएका पाइलाहरू

(Measures taken by H. M. G. to solve the problems of Agricultural Marketing)

कृषि वजार सम्बन्धी समस्याहरूलाई समाधान गर्ने तर्फ श्री ५ को सरकारद्वारा चालिएका निम्नांकित पाइलाहरू महत्वपूर्ण छन्।

१. सहकारी बजार व्यवस्था :—सहकारी एवं साझा संस्थाद्वारा कृषि बजारको व्यवस्था गर्नु नै सब भन्दा बढ़ी महत्वपूर्ण हुन सक्तछ। यसै कुरोलाई दृष्टिगत गरी श्री ५ को सरकारले सहकारी संस्थाहरूलाई क्रियाशील गराउने प्रयत्न गर्दै आएको छ। सहकारितालाई बढ़ी क्रियाशील बनाउनलाई नै श्री ५ को सरकारले सन् १९७६ ई० मा ग्रामीण विकासको लागि साझा कार्यक्रमको संचालन गर्‍यो। त्यसै गरी नेपाल कृषि विकास व्याङ्कद्वारा यसलाई आर्थिक सहायताको साथ-साथै यसमाथि वित्तिय नियंत्रण राख्ने काम पनि यसलाई क्रियाशील गर्ने उद्देश्यले नै गरिएको छ।

२. यातायातको सुविधाको विकास :—नेपालमा कृषि बजारको स्थितिमा सुधारको लागि यातायात सुविधाको विकास आवश्यक छ। यातायात सुविधाद्वारा थोरै खर्चमा ग्रामीण क्षेत्रबाट शहरी क्षेत्रमा कृषि जन्य वस्तुहरू शीघ्र पुऱ्याउने व्यवस्था हुन सक्तछ। यसको लागि सड़क विकास नै सबभन्दा बढी महत्वपूर्ण छ। यस सन्दर्भमा श्री ५ को सरकारले सन् १९८४ ई० सम्म १९८० कि. मी. राजमार्ग, १८८३ कि. मी. सहायक मार्ग (Feeder Road), १०९४ कि. मी. जिल्ला मार्ग एवं ७६० कि मी. नगर मार्ग गरी ५,७१७ कि. मी. बाटो निर्माण गरेको छ।[3] सातौं योजना अवधिमा जम्मा ११६५ कि. मी. सड़क बनाउने लक्ष्य राखिएको छ।

३. वैज्ञानिक नाप-तौल :—अधिराज्यमा विभिन्न प्रकारका नाप-तौल प्रणालीको प्रचलन थियो। पहाड़मा माना-पाथीको प्रचलन थियो भने तराईमा सेर-मन प्रणालीको। सेर पनि कच्चा र पक्का विभिन्न प्रकारका थिए। यसबाट किसानलाई धेरै नोक्सानी थियो। तर श्री ५ को सरकारको नाप-तौल ऐन २०२५ अनुसार अधिराज्यभरि मैट्रिक पद्धतिमा आधारित नाप-तौलको प्रणाली कायम भएको छ।

४. मूल्य स्थायित्व :—देसमा मूल्य स्थायित्व कायम गर्नका लागि सरकारद्वारा कृषि जन्य वस्तुको मूल्य निर्धारण गरी सो अनुसार बाली तयार भए पछि वस्तु क्रय गर्ने काम गर्नु आवश्यक हुन्छ। श्री ५ को सरकारले यसै उद्देश्यले चामल, गहुँ एवं मकैको निम्नतम मूल्य निर्धारित गरी क्रय गर्ने काम पनि गर्दछ।

५. बजार सम्बन्धी सूचना :—बजार सम्बन्धी नवीनतम तथ्याङ्कहरूको बारेमा जानकारी भएमा किसानहरूले त्यसै अनुरूप उत्पादन एवं बिक्री सम्बन्धी निर्णय गरी लाभ उठाउन सक्तछन्। यस सम्बन्धमा बजार सम्बन्धी सूचना दिने काम खाद्य एवं बजार सेवा विभागले शुरू गरेको छ र त्यसै गरी अन्तर्राष्ट्रिय माँग एवं

---

[3] सी. बी. एस., स्टैटिस्टिकल पकेट बुक नेपाल १९८६, पृष्ठ ७८

मूल्यबारे सूचना दिने काम श्री ५ को सरकारको व्यापार प्रवर्द्धन केन्द्रले प्रारम्भ गरेको छ ।

६. गोदाम घरको व्यवस्था :—गोदाम घरको व्यवस्था राम्रो भएमा त्यसमा खाद्यान्न संचय गरी राख्न सकिन्छ र राम्रो मूल्य पाएको वेलामा बिक्री गर्न सकिन्छ । गोदाममा राखेको खाद्यान्नलाई धीतो राखी व्याङ्कबाट कर्जा पनि प्राप्त गर्न सकिने हुनाले वेच्ने हतार हुँदैन । फलस्वरूप किसानहरूको मोल-तोल गर्ने शक्तिमा वृद्धि हुन्छ । श्री ५ को सरकारले विभिन्न योजनाहरूमा गोदाम-घरको निर्माण गर्दै आएको छ । छैटौं योजनाको अन्तसम्म हाम्रो कुल गोदाम क्षमता ८७ हजार मैट्रिक टन पुगेको छ । सातौं योजनामा यसमा ८५ हजार मैट्रिक टन थप गरी जम्मा १७२ हजार मैट्रिक टन पुऱ्याइने लक्ष्य राखिएको छ ।

७. खाद्य वस्तुको प्रशोधन प्रविधि तथा गुण-स्तर निर्धारण :—खाद्य वस्तुको प्रशोधन प्रविधि दोषपूर्ण हुँदा पनि खाद्य वस्तुको गुण-स्तरमा ह्रास हुन्छ । प्रशोधन प्रविधि राम्रो भएमा र विभिन्न गुण-स्तरको वस्तुलाई विभिन्न ग्रेडमा राख्दा पनि किसानलाई राम्रो मूल्य प्राप्त हुन्छ । अधिराज्यमा प्रशोधन प्रक्रिया अन्तर्गत सालमा ६० हजार मैट्रिक टन खाद्यान्न खेर जान्छ । खाद्यान्नको राम्रो ग्रेडिंगद्वारा यस प्रकारको नोक्सानीबाट बाच्न सकिन्छ ।[४] कृषि पैदावारको प्रशोधन प्रविधिमा सुधार गर्नको लागि खाद्य तथा कृषि मंत्रालय अन्तर्गत खाद्य तथा कृषि बजार सेवा विभागको स्थापना भएको छ । कृषि उत्पादनको संचय र प्रशोधन प्रविधिहरूमा विभिन्न परीक्षणात्मक अध्ययन गरी खाद्य उपलब्धता बढाउने, प्रशोधित पदार्थहरूमा मिशावट रोकी गुण-स्तर कायम गर्ने कार्यक्रमलाई उचित प्राथमिकता दिई संचालन गर्ने भन्ने सातौं योजनाको लक्ष्य पनि छ ।

८. साख-व्यवस्था :—बाली लगाउने समयदेखि बिक्री गर्ने समयसम्म किसानहरूलाई धेरैं प्रकारको कर्जाको आवश्यकता पर्दछ । संस्थागत रूपमा कर्जा उपलब्ध भएमा किसानहरूले आफ्नो उत्पादन कम मूल्यमा बेच्ने हतार हुँदैन । यसको लागि श्री ५ को सरकारले साझा, कृषि विकास व्याङ्क तथा व्यावसायिक व्याङ्कहरू मार्फत किसानहरूलाई कर्जा दिने व्यवस्था गरेको छ । आषाढ़ २०४२ सम्म वाणिज्य बैंकहरूबाट रु. २४.३८ करोड़ र कृषि विकास बैंकबाट रु. ९५.७२ करोड़ गरी कुल १२०.१० संस्थागत कृषि कर्जा (कृषिजन्य उद्योग र घरेलु उद्योगहरूको कर्जा समावेश नगरी) उपलब्ध गराइयो । विं० सं० २०४७ आषाढ़सम्म वाणिज्य बैंकबाट रु० ८४.८९ करोड़

---

[४] एप्रोस, फूड पलिसी ईसू अफ नेपाल, प्रोसिडिंग्स अफ फूड पलिसी सेमिनार, ३०–३१ अगस्त सन् १९८४ ई० पृष्ठ १०.

र कृषि विकास बैंकबाट रु. १८५.६८ करोड़ गरी रु. २७०.५७ करोड़ संस्थागत कृषि कर्जा उपलब्ध गराउने लक्ष्य राखिएको छ।[5]

Model Questions

1. What is meant by agricultural marketing ? Describe the organisation and structure of agricultural marketing in Nepal.

   कृषि बजार भन्नाले के बुझिन्छ ? नेपालको कृषि बजारको संगठन एवं ढाँचाको वर्णन गर्नुहोस्।

2. Explain about the importance of agricultural marketing.

   कृषि बजारको महत्वबारे व्याख्या गर्नुहोस्। सी० एल० २०४४

3. What are the important problems of Nepalese agricultural marketing ?

   नेपालको कृषि बजारका मुख्य समस्याहरू के-के छन् ? पी० सी० एल० २०३९

4. Describe the defects of agricultural marketing in Nepal ? What steps have been taken by H. M. G. to solve the problem of agricultural marketing in Nepal ?

   नेपालमा कृषि बजारका दोषहरूको वर्णन गर्नुहोस्। नेपालमा कृषि बजारका समस्याहरूको समाधानका लागि श्री ५ को सरकारद्वारा के-के कदमहरू चालिएका छन् ?

---

५. राष्ट्रिय योजना आयोग, सातौं योजना, पृष्ठ ८४५.

अध्याय

: १५ :

खाद्य समस्या

(Food Problem)

खाद्यान्नको महत्व :—खाद्यान्न जीवन रक्षाको लागि चाहिने आवश्यकताहरूमध्ये सर्वप्रमुख आवश्यकता अन्तर्गत आउँछ । यसको अभावमा मानिस जीवित रहन सक्तैन । यसको उपलब्धि आवश्यकता भन्दा कम भएमा मानिसलाई अनिवार्य मात्रामा कैलरीको उपलब्धि हुँदैन र जनता कुपोषणको शिकार हुन जान्छ । पौष्टिक आहारको अभावले बच्चाहरूको विकास हुँदैन र उसको उचाई कम हुन्छ, मानिसको नेत्र दोष उत्पन्न हुन्छ, बहिरो हुन्छ र शरीरको वजनमा कमी हुन्छ । छोटकरीमा भन्ने हो भने मानिसको स्वास्थ्यको स्तरमा कमी हुन्छ र कार्यक्षमता घटेर जान्छ । यसको अभावमा कृषि, उद्योग वा सम्पूर्ण अर्थव्यवस्थाको साथै मानवीय विकासमा नै अवरोध पैदा हुन्छ।

खाद्य समस्याको प्रकृति

(Nature of Food Problem)

वर्तमान समयमा खाद्य समस्या मुख्यरूपले क्रय शक्तिको अभाव हुने गरीबहरूको नै समस्या हो । देशमा प्रतिव्यक्ति खाद्यान्नको उपलब्धतामा कमीको साथसाथै त्यसमा पोषक तत्त्व, प्रोटिन, भिटामिन, खनिज तत्त्वहरूको अभावको स्थिति छ । पुनश्च : देशमा उपलब्ध खाद्यान्न पनि गरीब जनतालाई क्रय शक्तिको अभावमा उपलब्ध नहुने हुनाले वितरणको समस्या पनि ठूलै छ । फलस्वरूप हामीले नेपालमा खाद्य समस्याको अध्ययन (क) परिमाणात्मक (quantitative), (ख) गुणात्मक (qualitative) अथवा पोषक तत्त्व (Nutritive Element) र (ग) गरीबहरूसँग क्रय शक्तिको अभाव (Lack of purchasing power with the poor) भन्ने तीनै दृष्टिकोणले गर्नु आवश्यक हुन जान्छ।

खाद्यान्नको परिमाणात्मक अपर्याप्तता

(Quantitative Inadequacy of Food-grains)

देशमा खाद्यान्नको परिमाणात्मक उपलब्धिको पक्ष धेरै नै महत्वपूर्ण हुन्छ । यसको उपलब्धि पर्याप्त मात्रामा नभएमा मानिसलाई कैलरीको निम्नतम आवश्यकताको पूर्ति हुँदैन । राष्ट्रिय स्तरमा हाम्रो कुल खाद्यान्नको उपलब्धि आवश्यकता भन्दा बढी

छ। तर जनसंख्याको वृद्धि भन्दा खाद्यान्नको उत्पादन वृद्धि दर कम छ। फलस्वरूप अतिरिक्त खाद्यान्नको उपलब्धिको मात्रा दिनानुदिन घट्दै छ र केही दिन पछि सन् १९९० ई० देखि नै हामीले बाहिरबाट खाद्यान्न आयात गरी आफ्नो आवश्यकताको पूर्ति गर्नु पर्ने देखिन्छ जो निम्नांकित तालिका १५.१ बाट प्रष्ट हुन आउँछ।

तालिका १५.१

नेपालमा जनसंख्या, खाद्यान्न उत्पादन एवं उपभोगको स्थिति

(सन् १९७० देखि २००० सम्म)

(हजार मैट्रिक टनमा)

	१९७०	१९८०	१९९०	२०००
१. जनसंख्या वृद्धि (वार्षिक प्रतिशतमा)…………	२·३	२·३	२·३	२·३
२. उत्पादन……………………	३७९३	४३५९	५००९	५८१३
३. खाद्यान्नको माँग……………	३४२७	४३०२	५४२७	६८७३
४. बचत (+) वा न्यून (–)……	+ ३६६	+ ५७	– ४१८	– १०६६.

(स्रोत—धिताल बी. पी., पोपुलेशन ग्रोथ एण्ड एग्रीकलचर इन पोपुलेशन एण्ड डिभलौपमेंट इन नेपाल, सेडा, १९७४, पृष्ठ ९८.)

माथिको तालिकाबाट के प्रष्ट हुन आउँछ भने सन् १९७० ई० मा हामीसित ३६६ हजार मैट्रिक टन अतिरिक्त खाद्यान्न उपलब्ध थियो जो घटेर सन् १९८० मा ५७ हजार हुने र सन् १९९० मा हाम्रो आवश्यकताको तुलनामा खाद्यान्न उपलब्धि ४१८ हजार मैट्रिक टन र सन् २००० मा १०६६ हजार मैट्रिक टन न्यून हुने छ। खाद्यान्न स्थितिको यो गणना २·३ प्रतिशत वार्षिक जनसंख्या वृद्धिको दरले गरिएको छ। तर हालको जनगणना प्रतिवेदन अनुसार हाम्रो जनसंख्या वृद्धि २·७ प्रतिशत वार्षिक दरले भए अनुसार हिसाब गर्दा भविष्यमा खाद्यान्नको स्थिति अझै गम्भीर हुने आशंका लिन सकिन्छ।

राष्ट्रिय स्तरमा हामीसित खाद्यान्नको उपलब्धि पर्याप्त भएपनि विभिन्न भौगोलिक क्षेत्रको दृष्टिले स्थितिमा धेरै नै भिन्नता छ। पहाड़ी भाग जो देशको कुल भौगोलिक क्षेत्रको ६८ प्रतिशत भागमा फैलिएको छ, खाद्यान्न आपूर्तिको दृष्टिले न्यून क्षेत्र नैं हो। पहाड़ी क्षेत्रमा खाद्यान्नको आपूर्ति एवं उपभोगको स्थिति निम्न तालिकामा प्रस्तुत गरिएको छ—

तालिका १५·२
पहाड़ी क्षेत्रमा खाद्यान्न उत्पादन र उपभोग
(१९७०–१९९० ई०)
(हजार मैट्रिक टनमा)

	१९७०	१९७५	१९८०	१९८५	१९९०
१. उत्पादन	१५५३	१६२७	१७६०	१८७१	२००८
२. आवश्यकता	१७८१	१८७४	२०२७	२२०८	२३४५
३. बचत (+) वा न्यून (–)	– २२८	– २४७	– २६७	– ३३७	– ३३७

(स्रोत :—धिताल बी. पी., पौपुलेशन ग्रोथ एण्ड एग्रीकलचर इन पौपुलेशन एण्ड डिभलौपमेंट इन नेपाल, सेडा, १९७४ पृष्ठ १०५.)

अधिराज्यका विभिन्न विकास क्षेत्रहरूमा खाद्यान्नको उत्पादन र उपभोग

हाल हाम्रो कुल उपभोग भन्दा कुल उत्पादन बढी भएपनि विकास क्षेत्रको दृष्टिकोणले स्थिति भिन्न नै छ । पूर्वाञ्चल एवं मध्यमाञ्चल विकास क्षेत्रमा खाद्यान्नको कुल उपभोग भन्दा कुल उत्पादन बढी भए तापनि बाँकी पश्चिमाञ्चल, मध्य पश्चिमाञ्चल र सुदूर पश्चिमाञ्चल तीनै विकास क्षेत्रहरूमा खाद्यान्नको उत्पादन उपभोग भन्दा कम हुन्छ जो निम्न तालिकाबाट प्रष्टिन्छ ।

तालिका १५·३
अधिराज्यका विभिन्न विकास क्षेत्रहरूमा खाद्यान्न उत्पादन र उपभोग
(मैट्रिक टनमा)

सन् १९८३–८४

विकास क्षेत्रहरू	खाद्यान्न उत्पादन	खाद्यान्न उपभोग	बचत + न्यून —
पूर्वाञ्चल	७,००,९३४	५,५८,५०३	+ १,४२,४३१
मध्यमाञ्चल	१०,१७,०००	८,२८,१३०	+ १,८८,८७०
पश्चिमाञ्चल	५,०८,१४५	५,२७,१५९	– १९०१४
मध्य पश्चिमाञ्चल	३,१५,०७६	३,६८,८०६	– ५३,७३०
सुदूर-पश्चिमाञ्चल	२,०१,३३६	२,१६,७३७	– १५,४०१
कुल	२७,४२,४९१	२४,९९,३३५	+ २,४३,१५६

(स्रोत—सी. बी. एस., स्टैटिस्टिकल पकेट बुक नेपाल, १९८६ पृष्ठ ११५, टेबुल ७० मा आधारित)

माथिको तालिकाद्वारा के प्रष्ट हुन आउँछ भने सन् १९८३-८४ को तथ्याङ्क अनुसार देशमा कुल खाद्यान्न उपभोग भन्दा कुल उत्पादन २,४३,१५६ मैट्रिक टन बढ़ी हुन्छ तर अधिराज्यको पश्चिमाञ्चल; मध्य पश्चिमाञ्चल र सुदूर पश्चिमाञ्चल विकास क्षेत्र-हरूमा क्रमशः १८०१४ मै० टन, ५३,७३० मै० टन र १५,४०१ मै० टनले उपभोग भन्दा उत्पादन कम हुन्छ ।

गुणात्मक वा पोषक तत्त्वको अभाव

(Qualitative or Nutritive Deficiency)

खाद्य समस्याको अध्ययन गुण-स्तरको दृष्टिकोणले पनि अति नै महत्वपूर्ण हुन्छ । खाद्यको गुण-स्तर अन्तर्गत हामी खानामा क्यालोरी, प्रोटिन, चिल्लो पदार्थ (Fat) आदि पोषक तत्त्वहरूको पर्याप्तताको अध्ययन गर्दछौं । अधिकांश नेपालीहरूको खानामा पोषक तत्त्वहरूको अत्यधिक नै अभाव देखिन्छ । सन् १९७७ ई० को F. A. O. को अध्ययन अनुसार नेपालमा ३० प्रतिशत मानिस कुपोषणको शिकार छन् ।[1] हाम्रो खानामा यस पोषक तत्त्वको अभावले गर्दा श्रमको कार्य क्षमतामा धेरै नै प्रतिकूल असर पर्दछ । नेपालमा धेरै मानिसहरू नेत्रदोष, कर्णदोष, रगतको कमी जस्ता कुपोषणका रोगहरूबाट पीड़ित छन् । राष्ट्र संघको फूड एण्ड एग्रीकलचरल औरगेनाइजेशन (F. A. O.) को अध्ययन अनुसार नेपालीको खानामा प्रतिव्यक्ति प्रतिदिन २२०० क्यालोरी एवं ५५ ग्राम प्रोटिनको आवश्यकता पर्दछ । श्री ५ महाराजाधिराज सरकार-बाट सन् २००० सम्ममा मुलुकलाई एशियाली मापदण्डमा पुऱ्याउन बक्सेको मार्गदर्शन अनुसार श्री ५ को सरकारद्वारा प्रकाशित अधारभूत आवश्यकता सम्बन्धी कार्यक्रम अन्तर्गत खाद्यान्नमा नेपाल अधिराज्यको विभिन्न भागको भौगोलिक विविधतालाई ध्यानमा राखी सरदर प्रतिदिन प्रतिव्यक्ति आवश्यकता २२५० क्यालोरी निर्धारित गरिएको छ । तर हाम्रो खानामा यस स्तर भन्दा क्यालोरी एवं प्रोटिनको मात्रा धेरै नै कम छ । सन् १९६५–६६ को स्वास्थ्य सर्वेक्षण (National Health and Nutrition Survey 1965-66) को तथ्यांक अनुसार हाम्रो खानामा सरदर रूपले प्रतिव्यक्ति प्रतिदिन २४४२ मात्रा क्यालोरी, ६६·३ ग्राम प्रोटिन तथा ३५ ग्राम चिल्लो (Fat) छ । तर F. A. O. कै सन् १९७८-८० ई० को अध्ययन अनुसार हाम्रो खानामा केवल १९१४ मात्रामा क्यालोरी, ४५·७ ग्राम प्रोटिन तथा २६.६ ग्राम चिल्लो पाइन्छ । त्यसै गरी बजार सेवा विभागको अध्ययन (D. F. A. F. S. 1980-81) अनुसार पनि हाम्रो खानामा यी पोषक तत्त्वहरूको अभाव छ । यस अध्ययनको आधारमा हाम्रो

---

[1] एसियन डिभलौपमेंट ब्याङ्क एण्ड एच. एम. जी. अफ नेपाल, नेपाल एग्रीकलचर सेक्टर स्ट्रेटेजी स्टडी, भौल-२, १९८२, पृष्ठ १९५.

खानामा प्रति-व्यक्ति प्रतिदिन १८०५ संख्यामा क्यालोरी ५० ग्राम प्रोटिन तथा २३.४ ग्राम चिल्लो उपलब्ध छ। यसरी दुवै अध्ययनको आधारमा हाम्रो खानामा पोषक तत्त्वको कमी छ भन्ने कुरो सिद्ध हुन आउँछ। विभिन्न अध्ययनहरू अनुसार हाम्रो खानामा पाइने पोषक तत्वहरूको मात्रा निम्न तालिकामा प्रस्तुत गरिएको छ—

तालिका १५.४

नेपालमा प्रतिदिन प्रतिव्यक्ति पोषक तत्त्वको उपलब्धि

	क्यालोरी	प्रोटिन (ग्राममा)	चिल्लो पदार्थ (ग्राममा)
सन् १९६५।६६ को नेपाल स्वास्थ्य सर्वेक्षण अनुसार	२४४२	६६.३	३५.०
सन् १९७८/८० खाद्य एवं कृषि संगठन (F.A.O.) अनुसार	१९१४	४५.७	२७.७
बजार सेवा विभाग सन् १९८०/८१ (DFAMS. १९८०/८१ अनुसार	१८०५	५०.०	२३.४

(स्रोत :—एसियन डिभलौपमेंट ब्याङ्क एण्ड एच० एम० जी० अफ नेपाल, नेपाल एग्रीकलचर सेक्टर स्ट्रेटेजी स्टडी, भौल २ दिसम्बर १९८२, पृष्ठ १९३. टेबुल ५.१० तथा एपेन्डिक्स ५.१३ (पृष्ठ २) को आधारमा)

क्रयशक्तिको अभाव

(Lack of purchasing power)

खानामा प्रतिदिन प्रतिव्यक्ति औसत रूपले पोषक तत्त्वको अभाव भन्ने कुरोले क्रय-शक्तिको कमीले गर्दा जनताको उपभोग स्तरमा असमानताको कुरोको व्याख्या गर्दैन। देशमा धेरैं नैं आर्थिक असमानता छ। देशको कुल किसान परिवारमध्ये ६८.८ प्रतिशत किसान परिवारहरू साना एवं मध्यम दर्जाका किसानहरू छन्। यी किसानहरूको औसत प्रतिव्यक्ति दैनिक आय १ रु० २५ पैसा मात्र छ[२]। सन् १९७६/७७ ई० मा राष्ट्रिय योजना आयोगद्वारा गरिएको रोजगारी, आय एवं उपभोगको ढाँचा सम्बन्धी गरिएको सर्वेक्षणद्वारा न्यूनतम जीवन निर्वाह खर्चलाई प्रतिव्यक्ति प्रतिदिन रु० २/—

---

[२] श्रेष्ठ बी. पी. एण्ड जैन एस० सी०, रिजनल डेभलौपमेंट इन नेपाल, डिभलौपमेंट पब्लिसर्स डेलही, १९७८, पृष्ठ ६,

मानिएको आधारमा हाम्रो कुल जनसंख्याको ४०.२६ प्रतिशत मानिस गरीबी सीमा रेखा भन्दा तल नै छन् । क्रय शक्तिको अभावले गर्दा ती गरीबी रेखाभन्दा मुनिका मानिसहरूको खानामा गरीबी रेखाभन्दा माथिका मानिसहरूको तुलनामा केवल आधी मात्रामा मात्र क्यालोरीको उपलब्धि हुन्छ[3] ।

यसरी माथिका विश्लेषणहरूद्वारा के प्रष्ट हुन आउँछ भने (क) हाल अधिराज्यमा सम्पूर्ण रूपले खाद्यान्नको उपभोग भन्दा उत्पादन केही मात्रामा बढी भए पनि देशको पहाड़ी भागमा खाद्यान्नको उत्पादन उपभोग भन्दा कम छ, (ख) विकास क्षेत्रको दृष्टिकोणले अधिराज्यका पाँच विकास क्षेत्रहरूमध्ये तीन विकास क्षेत्रहरू—पश्चिमाञ्चल, मध्य पश्चिमाञ्चल र सुदूर पश्चिमाञ्चल विकास क्षेत्रहरूमा खाद्यान्नको उत्पादन उपभोग भन्दा कम छ (ग) हाम्रो खानामा सरदर रूपलें पोषक तत्वको अभाव छ र (घ) क्रयशक्तिको अभावले गर्दागरीबी रेखाभन्दा तल परेका ४० प्रतिशत भन्दा बढी जनसंख्याको खानामा पोषक तत्वको स्थिति दयनीय छ र उनीहरू अत्यन्तै कष्टमय जीवन व्यतीत गर्दछन् ।

श्री ५ को सरकारको खाद्य नीति

(Food Policy of H. M. G.)

श्री ५ को सरकारले खाद्य समस्याको समाधानको लागि समय-समयमा विभिन्न पाइलाहरू चाल्दै आएको छ । सरकारद्वारा चालिएका पाइलाहरूले खाद्य समस्याका विभिन्न पहलूहरूलाई छुएको देखिन्छ र ती सबैको सम्मिलित रूपलाई हामी सरकारको खाद्य नीति भन्दछौं । श्री ५ को सरकारद्वारा चालिएका प्रमुख पाइलाहरू निम्नलिखित छन्—

१. **खाद्य आपूर्तिमा वृद्धि** :—एक स्थायी आकारको खाद्यान्न उत्पादनको वृद्धिले खाद्य समस्याको समाधानको दिशामा स्थायी आधार तयार गर्दछ । फलस्वरूप यस समस्याको समाधानको लागि सबभन्दा महत्वपूर्ण पाइला खाद्यान्न उत्पादन एवं आपूर्तिमा वृद्धि नै हुन्छ । श्री ५ को सरकारले समय समयमा खाद्यान्न उत्पादनमा वृद्धिको लागि निम्नांकित पाइलाहरू चालेको छ—(क) सिंचाई सुविधाको विकास—श्री ५ को सरकारले कृषि उत्पादनमा वृद्धिको लागि विभिन्न आयोजनाहरूमा सिंचाई सुविधाको विकास गर्दै आएको र छैटौं योजनाको अन्तसम्म ३,३८,६७२ हेक्टर जग्गामा सिंचाई सुविधाको विकास गरेको छ (ख) उन्नत जातका बीउबिरुवाहरूको विकास—श्री ५ को सरकारले कृषि उत्पादनमा वृद्धिको लागि उन्नत किसिमका बीउबिरुवाहरूको उत्पादन, वितरण एवं प्रचार-प्रसार गर्ने काम गर्दछ । (ग) संस्थागत

---

[3] पू० पा० टिप्पणी १, पृष्ठ १९३.

ऋण व्यवस्था—श्री ५ को सरकारले कृषि उत्पादन बढ़ाउनका लागि कृषि क्षेत्रमा लगानी वृद्धि गर्ने उद्देश्यले कृषि विकास ब्याङ्क, साझा संस्था एवं व्यावसायिक ब्याङ्कहरूद्वारा किसानहरूलाई संस्थागत ऋण व्यवस्था गर्दै आएको छ। (घ) खाद्यान्न प्रशोधनको हकमा आधुनिक किसिमको चामल एवं दाल मिलहरूको स्थापनालाई प्रोत्साहित गरिएको छ। मिलहरूको आधुनिकीकरण भएमा खाद्यान्नको पोषक तत्व कायम रहन्छ र प्रशोधनको क्रममा खाद्यान्नको नोक्सानी कम हुन्छ। (ङ) खाद्यान्नको उचित संचय व्यवस्थाको लागि श्री ५ को सरकारले हालसम्म ६४,४५६ मैट्रिक टन क्षमताको गोदाम घरको व्यवस्था गरेको छ जसलाई सातौं योजनाको अन्तसम्म ९३,४५६ मैट्रिक टन गर्ने लक्ष्य छ। (च) श्री ५ को सरकारले अधिराज्यको पहाड़ी भागलाई फल-फूलको खेती र हिमाली क्षेत्रलाई पशु विकासको लागि विकसित गर्ने नीति लिएको छ। पशुधनको विकास र फल-फूलको उत्पादनमा वृद्धिले हाम्रो खानामा गुणात्मक सुधार ल्याउँछ। (छ) उपर्युक्त कार्यहरूको साथ-साथै अतिवृष्टि वा अनावृष्टि भै खाद्यान्न उत्पादन कम भएको वेलामा श्री ५ को सरकारले विदेशवाट पनि खाद्यान्न आयात गरी न्यून क्षेत्रमा बिक्री वितरण व्यवस्था पनि गर्दै आएको छ।

२. खाद्यान्न वितरणमा सुधार :—खाद्यान्न वितरणको सम्बन्धमा पनि श्री ५ को सरकारले विभिन्न कदमहरू चालेको छ। खाद्यान्न न्यून क्षेत्रमा श्री ५ को सरकारले नेपाल खाद्य संस्थान मार्फत सहुलियत दरमा खाद्यान्न बिक्री वितरण गर्ने काम गर्दछ। यसको लागि जिल्लाहरूलाई तीन भागहरूमा विभाजित गरिएको छ-–(१) "क" क्षेत्र यस अन्तर्गत अति दूर्गम उच्च पहाड़ी जिल्लाहरू राखिएको छ जसमा बाजुरा, अछाम, गुल्मी, मुस्ताङ्ग, पाँचथर, सोलुखुम्भू, हुम्ला, मुगु, कालीकोट र तापलेजुङ्ग जिल्लाहरू पर्दछन्। यी जिल्लाहरूमा श्री ५ को सरकारले धेरै सहुलियत दरमा खाद्यान्न उपलब्ध गराउने नीति लिएको छ। यस नीति अन्तर्गत कुल बिक्री मूल्यको १४२ प्रतिशत आर्थिक सहायता (Subsidy) प्रदान गरी चामल बिक्री गरिन्छ। (२) "ख" क्षेत्र अन्तर्गत पहाड़का "क" क्षेत्रका जिल्लाहरू बाहेक अन्य सबै जिल्लाहरू राखिएको छ र यी जिल्लाहरूमा पनि श्री ५ को सरकारले कुल बिक्री मूल्यको अनुपातमा ९६ प्रतिशत सहुलियत (Subsidy) प्रदान गरी चामल बिक्री वितरण गर्ने काम गर्दछ। (३) "ग" क्षेत्र अन्तर्गत काठमाडौं उपत्यकालाई राखिएको छ। यस क्षेत्रमा पनि श्री ५ को सरकारले कुल बिक्री मूल्यको अनुपातमा ५९ प्रतिशत सहायता (Subsidy) राखी चामल बिक्री गर्ने काम गर्दछ। यस नीति अनुरूप श्री ५ को सरकारले नेपाल खाद्य संस्थान मार्फत सन् १९७९-८० मा "क" क्षेत्रमा ७०५९ मैट्रिक टन, "ख" क्षेत्रमा ७३६०५ मैट्रिक टन र "ग" क्षेत्रमा ८९,०५५ मैट्रिक टन गरी कुल १६९७१९ मैट्रिक टन खाद्यान्नको बिक्री वितरण सहुलियत दरमा गऱ्यो।[४]

---

[४] ऐजन, पृष्ठ १८५ र एपेन्डिक्स ४.४१ वी.

३. मूल्य-स्थायित्व :—खाद्यान्न समस्याको समाधानको सम्बन्धमा खाद्यान्नको मूल्य स्थायित्व पनि धेरै नै महत्वपूर्ण हुन्छ। नेपालमा खाद्यान्न मूल्य स्थायित्वको लागि सरकारले निम्नांकित पाइलाहरू चालेको छ—(१) निम्नतम समर्थन मूल्यमा क्रय तथा सहुलियत दरमा खाद्यान्नको बिक्री—खाद्यान्नको मूल्यको स्थायित्वको लागि श्री ५ को सरकारले न्यून क्षेत्रमा सहुलियत दरमा खाद्यान्न उपलब्ध गराउनका साथ-साथै प्रत्येक साल चामल एवं गहुँको निम्नतम समर्थन मूल्य निर्धारित गरी सो दरमा खाद्य संस्थान मार्फत खाद्यान्न क्रय गर्दछ। यस निम्नतम समर्थन मूल्य निर्धारणको निम्नांकित उद्देश्यहरू छन्—(क) निम्नतम समर्थन मूल्यमा किसानहरूको उत्पादनलाई सरकार क्रय गर्न तत्पर रहन्छ। फलस्वरूप सो मूल्य भन्दा कम मूल्य बजारमा हुन पाउँदैन। यसरी किसानहरूलाई आफ्नो वस्तुको उचित मूल्य प्राप्त हुन्छ। (ख) यस मूल्यमा सरकारले खाद्यान्न क्रय गरी न्यून क्षेत्रमा वितरणको लागि जगेड़ा गर्दछ। (ग) श्री ५ को सरकारले न्यून क्षेत्रहरूमा निम्नतम समर्थन मूल्यमा क्रय गरेको मूल्य भन्दा कम मूल्यमा खाद्यान्नको बिक्री गर्दछ। यस कार्यक्रमले गर्दा ती क्षेत्रहरूमा खाद्यान्नको मूल्यमा धेरै वृद्धि हुन पाउँदैन र यसरी उपभोक्ताको हितको सुरक्षा हुन्छ (२) न्यून क्षेत्रहरूमा प्रेरणा मूल्य (Incentive-price) मा खाद्यान्न क्रय गर्ने नीति—सन् १९८४-८५ को वजेटमा श्री ५ को सरकारले पहाड़का न्यून खाद्यान्न क्षेत्रहरूमा किसानहरूलाई बढ़ी उत्पादन गर्ने भन्ने प्रेरणाका लागि बढ़ी मूल्यमा खाद्यान्न क्रय गर्न खाद्य संस्थानलाई आदेश दिएको थियो। यस कदमले गर्दा किसानहरूलाई बढ़ी उत्पादनको लागि प्रेरणा प्राप्त हुन्छ र साथै सरकारलाई पनि यी क्षेत्रहरूमा अन्य क्षेत्रहरूबाट खाद्यान्न ल्याई वितरण गर्ने ढुवानी खर्चको पनि बचत हुन्छ। (३) धान-चामल कम्पनीको स्थापना—श्री ५ को सरकारले सन् १९७४ ई० मा सातवटा धान चामल कम्पनीको स्थापना गरेको थियो। यस कम्पनीको मुख्य उद्देश्य थियो—(क) किसानहरूलाई खाद्यान्नको उचित मूल्य उपलब्ध गराउनु (ख) खाद्यान्नको निर्यात व्यापार नियंत्रण र (ग) खाद्यान्न निकासी-करको चुहावट रोकी श्री ५ को सरकारको आय बढ़ाउनु। प्रारम्भिक वर्षमा यस कम्पनीलाई धेरै सफलता प्राप्त भयो तर पछि यसलाई धेरै नोक्सानी भयो र सन् १९८० को जुलाई महीनादेखि यस कम्पनीलाई बन्द गरियो।

४. खाद्यान्नको माँगमा नियंत्रण :—श्री ५ को सरकारले खाद्यान्नको माँगमा नियंत्रणको लागि परिवार नियोजन कार्यक्रमलाई अपनाई जनसंख्या नियंत्रण गर्ने प्रयत्न गरिरहेको छ। यस कार्यक्रमबाट जन्म दरमा कमी हुन गई जनसंख्या वृद्धिको दर कम हुन्छ। यस नीतिले गर्दा भविष्यमा खाद्यान्नको माँगमा नियंत्रण हुन्छ। राष्ट्र-नायक श्री ५ महाराजाधिराज सरकारबाट सन् २००० सम्ममा मुलुकलाई एशियाली मापदण्डमा पुऱ्याउन बक्सेको मार्गदर्शन अनुसार श्री ५ को सरकारले स्वास्थ्य तर्फ

जनसंख्याको वृद्धिलाई २ प्रतिशत भन्दा कममा ओराल्ने लक्ष्यलाई प्रमुखता दिने भन्ने निर्णय गरेको छ।

५. गरीबी उन्मूलन कार्यक्रम :––श्री ५ को सरकारद्वारा माथि उल्लेख गरिएका कार्यक्रमहरू खाद्य-समस्याको समाधानका लागि प्रत्यक्ष रूपले सहायता गर्दछ। ती प्रत्यक्ष तरीकाहरूको साथ-साथै श्री ५ को सरकारद्वारा गरीबी उन्मूलनको लागि चलाइएका पनि केही कार्यक्रमहरू छन् जसको खाद्य समस्याको समाधानको दिशामा अप्रत्यक्ष असर पर्दछ। खाद्य समस्या मुख्य रूपले गरीबहरूको समस्या हो। गरीब मानिसहरूले क्रय शक्तिको अभावले गर्दा खाद्यान्न क्रय गर्न सक्तैनन्। यसर्थ खाद्य समस्याको समाधानको लागि गरीबहरूको आयमा वृद्धि गर्ने उपाय गर्नु आवश्यक हुन्छ। श्री ५ को सरकारद्वारा चलाइएका धेरै कार्यक्रमहरूबाट गरीबहरूको आयमा वृद्धि हुन्छ। ती कार्यक्रमहरू यस प्रकार छन्—(क) भूमि सुधार कार्यक्रम—यस कार्यक्रम अन्तर्गत भूमिहीन एवं मोहीहरू बीच अतिरिक्त भूमिको वितरण, मोहीयानी हकको सुरक्षा, कूतको अधिकतम दर (कुल उत्पादनको ५० प्रतिशत) को निर्धारण, कृषि ऋणको सम्बन्धमा १० प्रतिशत अधिकतम ब्याज दरको निर्धारण जस्ता पाइलाहरू गरीबहरूको आर्थिक स्थितिमा सुधारको लागि अपनाइएको छ (ख) साना किसान विकास परियोजना (Small Farmers Development project–S. F. D. P.)—साना एवं सीमान्त किसानहरूको आर्थिक स्थितिमा सुधारको लागि वि. सं. २०३२-३३ सालमा धनुषा र नुवाकोटमा साना किसान विकास परियोजना (S. F. D. P.) शुरू गरियो। सातौं योजनामा यस कार्यक्रमलाई विस्तार गरी अधिराज्यको ७५ रैं जिल्लाहरूमा संचालन गरेर यस्तो आयोजनाहरूको संख्या २०३ वटा पुऱ्याउने लक्ष्य छ। यसबाट गरीबहरूको आर्थिक स्थितिमा सुधार हुन्छ। उनीहरूको क्रय शक्तिमा वृद्धि हुन्छ र उनीहरूले बढ़ी मात्रामा खाद्यान्नको उपभोग गर्न सक्तछन्।

श्री ५ को सरकारको खाद्य नीति

१. खाद्य आपूर्ति वृद्धि।
२. खाद्य वितरणमा सुधार।
३. मूल्य स्थायित्व।
४. खाद्यान्नको माँगमा नियंत्रण।
५. गरीबी उन्मूलन कार्यक्रम।

खाद्य समस्याको समाधानका लागि केही परामर्शहरू

श्री ५ को सरकारद्वारा निम्नांकित पाइलाहरू चालिएमा खाद्य समस्याको समाधान अझै प्रभावकारी हुन सक्छ—

१. खाद्य उत्पादनमा वृद्धि :—खाद्य उत्पादनमा वृद्धिको दिशामा भूमि सुधार कार्यक्रमलाई अझै प्रभावकारी तरीकाले लागू गर्नु पर्दछ। कृषि ऋण व्यवस्थामा सुधार गरी संस्थागत ऋणको बढ़ी भाग साना एवं सीमान्त किसानहरूलाई उपलब्ध होस् भन्ने कुरोको लागि समुचित व्यवस्था गर्नु पर्दछ। त्यसै गरो सिंचाई सुविधामा समुचित विकासको साथ-साथै उन्नत जातका वीउ विरुवा, रासायनिक मल आदिको प्रयोगमा अझै व्यापकता ल्याउने प्रयास गर्नु पर्दछ।

२. साझा संस्था एवं नेपाल खाद्य संस्थानको कोषमा सुधार :—साझा संस्था एवं नेपाल खाद्य संस्थानको कोषमा व्यापकसुधार ल्याउन आवश्यक देखिन्छ। कोषको अभावमा यी संस्थाहरूले श्री ५ को सरकारद्वारा घोषित निम्नतम समर्थन मूल्यमा पर्याप्त मात्रामा खाद्यान्न क्रय गर्न सकेका छैनन्। यी संस्थाहरूले पर्याप्त मात्रामा क्रय गर्न सकेमा किसानहरूलाई खाद्यान्नको उचित मूल्य प्राप्त होस् भन्ने निम्नतम समर्थन मूल्यको उद्देश्य प्रभावकारी रूपले पूरा हुन सक्तछ।

३. निम्नतम समर्थन मूल्य बजारको चालू मूल्य भन्दा बढ़ी हुनु पर्दछ :—हालसम्म श्री ५ को सरकारद्वारा घोषित गरेको निम्नतम समर्थन मूल्य वजार-मूल्य (Prevailing market price) भन्दा कम रहेको छ। फलस्वरूप किसानहरू यस प्रकारको मूल्य निर्धारणबाट लाभान्वित हुन सकेका छैनन्। यसर्थ कार्यक्रमको प्रभावकारी कार्यान्वियनको लागि निम्नतम समर्थन मूल्यलाई चालू बजार मूल्य भन्दा बढ़ी राख्नु पर्दछ।

४. निम्नतम समर्थन मूल्यको निर्धारण बाली लगाउनु भन्दा पूर्व गर्नु पर्दछ—श्री ५ को सरकारले किसानहरूद्वारा बाली लगाउनु भन्दा पूर्व नै निम्नतम समर्थन मूल्यको घोषणा गर्नु पर्दछ। निम्नतम समर्थन मूल्य वाली लगाउनु भन्दा पूर्व र बजारको चालू दर भन्दा बढ़ी भएमा किसानहरूले बढ़ी उत्पादन गर्ने प्रेरणा पाउन सक्छन्। यसबाट उत्पादनमा वृद्धि भई खाद्य समस्या समाधान तर्फ एउटा स्थायी आधारको सृजना हुन सक्दछ।

५. गोदाम घर व्यवस्था एवं खाद्यान्न प्रशोधन प्रविधिमा सुधार :—खाद्य समस्याको समाधान तर्फ गोदाम घर व्यवस्था एवं खाद्यान्न प्रशोधन प्रविधिमा सुधार ल्याउन आवश्यक देखिन्छ। हाल सालमा २२७ हजार मैट्रिकटन खाद्यान्न मूसा, कीरा आदिद्वारा नष्ट भैरहेको छ वा प्रशोधनको क्रममा खेर जान्छ। प्रशोधन प्रविधिमा सुधार एवं वैज्ञानिक गोदाम व्यवस्थाद्वारा यी खाद्यान्नहरूको बचत हुन सक्तछ।

६. अन्न दिएर खाद्यान्न बोकाउने व्यवस्था :—दुर्गम क्षेत्रहरूमा बिक्री वितरणको लागि खाद्यान्न पठाउँदा खाद्यान्न बोकेर पुऱ्याए वापत अन्न दिने (Participalory Transportation) को व्यवस्था गरेमा गरीबहरूलाई बढ़ी फाइदा हुन सक्छ।

७. खाद्यान्न निर्यात व्यापारलाई नियंत्रित गरी तराई एवं पहाड़को बजारमा पारस्परिक सम्बन्ध कायम गर्नु पर्दछ :—हाल तराईको कृषि बजार पहाड़को कृषि बजारसंग सम्बद्ध छैन । तराईका बजारहरू भारतको उत्तर प्रदेश र विहारका मंडीहरूसंग बढ़ी सम्बद्ध भएको देखिन्छ । फलस्वरूप देशमा खाद्यान्नको अभावको स्थितिमा पनि हाम्रो खाद्यान्न ती बजारहरूमा जान्छ र हामीले आयात गरिएको खाद्यान्नबाट आफ्नो आवश्यकताको पूर्ति गर्नु पर्दछ । तसर्थ खाद्यान्न निर्यात व्यापारलाई नियन्त्रित गरी तराईको बजारलाई पहाड़को बजारसँग जोड्ने प्रयास प्रभावकारी तरीकाले गर्नु पर्दछ ।

खाद्यान्न समस्याको समाधानका लागि परामर्शहरू

(१) खाद्य उत्पादनमा वृद्धि ।
(२) साझा संस्था एवं नेपाल खाद्य संस्थानको कोषमा सुधार ।
(३) निम्नतम समर्थन मूल्य बजारको चालू मूल्य भन्दा बढ़ी हुनु पर्दछ ।
(४) निम्नतम समर्थन मूल्यको निर्धारण बाली लगाउनु भन्दा पूर्व गर्नु पर्दछ ।
(५) गोदाम घर व्यवस्था एवं खाद्यान्न प्रशोधन प्रविधिमा सुधार
(६) अन्न दिएर खाद्यान्न बोकाउने व्यवस्था
(७) खाद्यान्न निर्यात व्यापारलाई नियंत्रित गरी तराई एवं पहाड़को बजारमा पारस्परिक सम्बन्ध कायम गर्नु पर्दछ ।

Model Questions

(1) What is the nature of food problem in Nepal ?
नेपालमा खाद्य समस्याको प्रकृति के हो ? सी० एल० २०४०

(2) Describe the Present food policy of H. M. G. of Nepal.
श्री ५ को सरकारको वर्तमान खाद्य नीतिको वर्णन गर्नुहोस् ।

(3) Describe the nature of food Problem of Nepal; What steps have been taken by H. M. G. to solve the food Problem ?
नेपालमा खाद्य समस्याको वर्णन गर्नुहोस् । श्री ५ को सरकारद्वारा खाद्य समस्याको समाधानका लागि के के पाइलाहरू चालिएका छन् ?

(4) संक्षिप्त उत्तर दिनुहोस्—
(क) नेपालको खाद्य स्थिति कस्तो छ ? सी० एल० २०४०
(ख) नेपालमा खाद्य समस्याको समाधानका लागि परामर्शहरू बताउनुहोस् । सी० एल० २०४०
(ग) नेपालमा खाद्य समस्याको गुणात्मक पक्षको वर्णन गर्नुहोस् ।

अध्याय : १६ :

पंचायत विकास

(Punchayat Development)

(ग्रामीण विकास एवं विकेन्द्रीकरण)

कुनै पनि देशको आर्थिक योजना त्यस देशको सम्विधानले निर्धारित गरेको दीर्घकालीन सामाजिक नीति अनुरूप नै हुनु पर्दछ। नेपाल अधिराज्य र नेपाली जनताको सर्वोत्तम हित र समुन्नतिका निमित्त लोकसम्मतिको अनुकूल शासन व्यवस्था चलाउनु वांछनीय भएको र त्यस्तो व्यवस्था जनजीवनमा आधारित राष्ट्रिय प्रतिभा र परम्परा सुहाउँदो तलदेखि उठी सम्पूर्ण जनताको क्रियाशील सहयोग पाउन र विकेन्द्रीकरणको सिद्धान्तलाई अँगाल्न दल-विहीन प्रजातांत्रिक पंचायत प्रणालीद्वारा मात्र सम्भव छ भन्ने हाम्रो सम्बिधानको प्रस्तावनाद्वारा पंचायत व्यवस्थाले विकेन्द्रीकरणको सिद्धान्तलाई अंगीकार गरेको छ भन्ने कुरो प्रष्ट हुन आउँछ। केन्द्रीय सरकारमा रहेका स्थानीय स्तरका अधिकार तथा कर्त्तव्य स्थानीय निकायहरूमा हस्तान्तरण गरेर स्थानीय प्रकृतिका कार्यहरू गर्ने जिम्मा सुम्पिनु नै विकेन्द्रीकरण हो। कति अधिकार र कर्त्तव्य विकेन्द्रीकरण प्रक्रियामा तल्लो निकायमा दिइन्छ भनेर किटान गर्न सकिन्न तापनि स्थानीय प्रकृतिका कामहरू गर्ने जिम्मा सुम्पिदै जाने प्रक्रिया विकेन्द्रीकरण प्रक्रिया हुन जान्छ। यस बाहेक जिल्ला वा गाउँमा अधिकृतहरूलाई केन्द्रमा रहेको अधिकार तथा कर्त्तव्यलाई प्रत्यायोजित गरी गरिने कार्य पनि विकेन्द्रीकरण हो।[1]

यसै विकेन्द्रीकरण सिद्धान्त अनुकूल नै स्थानीय जनताको विकासका लागि उनीहरूकै चेतन- अनुरूप आपसी सहयोगद्वारा संचालित हुने कार्यक्रमहरूलाई त्रिभुवन ग्राम विकास कार्यक्रमको नामले वि० सं० २००८ सालदेखि नैं प्रारम्भ गरिएको थियो। पछि यस कार्यक्रमलाई योजनावद्ध स्वरूप प्रदान गर्न प्रथम पंचवर्षीय योजनामा समावेश गरियो। प्रथम पंचवर्षीय योजनामा यस कार्यको लागि रु० ४२५ (योजनामा जम्मा खर्चको लक्ष्यको १२.८ प्रतिशत) को रकम पनि छुट्याइएको थियो। योजना कालमा गाउँ विकास कार्यक्रमलाई निम्नलिखित तीन चरणहरूमा कार्यान्वित गर्ने कार्यक्रम थियो—(१) स्थानीय विकास—यस चरणमा स्थानीय साधन एवं सरकारी सहायताको आधारमा कुवा, पाठशाला, भवन, बाटो-घाटो आदि जस्ता स्थानीय महत्वका

---

१. पन्त हरेराम, विकेन्द्रीकरणको अवधारणा र व्यवहार, पंचायत नीति तथा जाँच बुझ समिति, ज्ञानेश्वर, काठमाडौं २०४४ पौष; पृष्ठ—२

योजनाहरू चालू गर्ने भन्ने लक्ष्य थियो (२) देहात विकास—देहात विकास चरण अन्तर्गत उन्नत बीज, कृषि औजार, रासायनिक मल; कीटनाशक औषधि वितरण गर्ने खाने पानीको प्रबन्ध, कुखुरा पालन आदिको व्यवस्था मिलाउने भन्ने लक्ष्य थियो र (३) ग्राम विकास—ग्राम विकास चरणमा घरेलु उद्योग धन्धा, स्वास्थ्य, शिक्षासँग सम्बन्धित आयोजनाहरू चालू गर्ने लक्ष्य थियो। यो कार्यक्रम प्रारम्भिक अवस्थाको हुनाले देशको सीमित स्थानमा मात्र लागू गरिएको हुँदा त्यसबाट खास उपलब्धि प्राप्त हुन सकेको थिएन।

यस्तै अवस्थामा देशमा पंचायती व्यवस्था प्रादुर्भूत भए पछि स्थानीय पंचायतहरूको कार्यक्षेत्र र भौगोलिक क्षेत्रसँग सम्बद्ध गरी नयाँ ढंगले चालू गरियो। सो बमोजिम त्रिवर्षीय योजना कालमा श्री ५ को सरकारबाट स्थानीय पंचायतहरूको लागि दिइने विभिन्न अनुदान तथा सहायता कार्यक्रम र तालीम कार्यक्रम यी पंचायतहरूका कार्यक्रमहरू एक नियमित रूपमा संचालन गर्नमा प्रशस्त मात्रामा सहायक भयो। तर पनि यी कार्यहरू शक्ति विकेन्द्रीकरणको सिद्धान्तको अनुकूल स्थानीय पंचायतहरूलाई स्थानीय सरकारको रूपमा विकास गर्ने कार्यमा विशेष सहायता हुन सकेन।[२] फलस्वरूप देशको आर्थिक विकासमा जनतालाई पंचायत मार्फत संलग्न गराउने उद्देश्यले तेस्रो योजना कालमा सरकारी र गैर-सरकारी क्षेत्रका अतिरिक्त पंचायत क्षेत्र भन्ने एउटा छुट्टै क्षेत्रको व्यवस्था गरियो। तर चौथो योजना कालसम्म सरकारी अनुदान एवं प्राविधिक मद्दतबाट स्थानीय आवश्यकताहरूलाई पूरा गर्न केही सीमित कार्यसम्म मात्र यो क्षेत्र सीमित रहेको थियो। पाँचौं योजना कालसम्म यो क्षेत्र कार्यक्रम लगानीको दृष्टिबाट निकै ठूलो आकार लिएको पाइन्छ। छैटौं योजना कालमा यस क्षेत्रलाई भरपूर महत्वपूर्ण स्थान दिइएको थियो। यस योजना अन्तर्गत "विकेन्द्रीकरण ऐन २०३९ र विकेन्द्रीकरण कार्य व्यवस्था नियमावली २०४१" तर्जुमा गरी कार्यान्वयन गरियो। वि० सं० २००८ सालमा प्रारम्भ भएको यस कार्यक्रमले छैटौं योजना कालसम्म प्राप्त गरेको विकसित स्वरूपको झलक निम्न प्रस्तुत छैटौं योजनाको उपलब्धिबाट प्रष्ट हुन आउँछ।

१. खाने पानी :—खाने पानीको संचालनबाट ग्रामीण क्षेत्रमा दैनिक ३ करोड़ ३१ लाख लीटर पानी उपलब्ध भई थप ७ लाख ३७ हजार जनसंख्या लाभान्वित हुने अनुमान छ।

२. सिंचाई कार्यक्रम :—यस योजना कालमा गरा सिंचाई, विभिन्न एकीकृत ग्रामीण विकास परियोजनाहरू एवं दुर्गम विकास क्षेत्र कार्यक्रमहरू गरी जम्मा १८७

---

[२] राष्ट्रिय योजना आयोग, तेस्रो योजना, पृ. ८९

चटा सिंचाई आयोजनाहरू संचालित गरियो। साथै कोशी पहाड़ी क्षेत्र विकास परियोजनाबाट ३१३४ हेक्टर तथा सघन पहाड़ी क्षेत्र विकास परियोजनाबाट ८२५ हेक्टर जग्गामा सिंचाई सुविधा उपलब्ध हुने अनुमान गरिएको छ। यस प्रकार यी दुई आयोजनाहरू समेत स्थानीय विकास कार्यक्रम अन्तर्गत योजना अवधिमा जम्मा ६६९९ हेक्टर क्षेत्रमा सिंचाई सुविधा उपलब्ध हुने अनुमान छ।

३. ग्रामीण यातायात :—यस योजना कालमा स्थानीय विकास कार्यक्रमबाट जम्मा १८२३ कि० मी० बाटो, १५० वटा झोलुङ्गेपुल तथा १६ वटा काठेपुलको निर्माण हुने अनुमान गरिएको छ।

४. शिक्षा :—यस योजना कालमा पंचायत प्रशिक्षण केन्द्रद्वारा ४२९४ जनालाई गाउँ पंचायत सचिव, प्राविधिक सहायक, खाने पानी मिस्त्री तथा ५ वटा महिला प्रशिक्षण केन्द्रबाट ६२८७ जनालाई विभिन्न किसिमको तालिम प्रदान गरियो।

५. प्रजा विकास कार्यक्रम :—पिछडिएका जनजातिहरूको विकासका लागि आर्थिक. शैक्षिक तथा सामाजिक सम्वन्धी १५५ वटा विभिन्न आयोजनाहरूको सम्पादन लक्ष्य अनुसार गरियो।

६. महिला नैयायिक सेवा :—महिला नैयायिक सेवा परियोजना अन्तर्गत ३ वटा कार्यालय स्थापना, १७०३ महिलाहरूलाई निःशुल्क कानूनी सेवा, १६५० जना महिलालाई कानूनी साक्षरता प्रदान गर्ने तथा पुस्तकालय विस्तार आदि कार्यहरू पूरा गरियो।

सातौं योजना अन्तर्गत ग्रामीण विकास एवं विकेन्द्रीकरण

विकेन्द्रीकरणको परिप्रेक्षमा जिल्ला विकास योजना :—सातौं योजना अन्तर्गत विकेन्द्रीकरण ऐन २०३९ अनुरूप जिल्ला स्तरीय कार्यक्रमको निमित्त बहु विषय युक्त जिल्ला विकास योजना तर्जुमा गर्ने विकेन्द्रित योजनाको नीतिको प्रतिपादन गरिएको छ। यस नीति अनुसार जिल्ला विकासको लागि जिल्लावासीको सामान्य हित र कल्याणको लागि जिल्लामा गरिने सम्पूर्ण विकास कार्यको जिल्ला स्तरीय र बाँकी आयोजनाहरू केन्द्रीय स्तरबाट संचालन हुने व्यवस्था गरिएको छ। जिल्ला स्तरमा संचालन हुने आयोजनामा जिल्लाको आफ्नो साधनको साथै श्री ५ को सरकारबाट प्राप्त हुने अनुदान तथा जिल्ला स्तरीय विभिन्न विषयगत कार्यको निमित्त विनियोजित हुने साधन समावेश हुने व्यवस्था भएको छ। प्रत्येक जिल्लामा पंचवर्षीय जिल्ला विकास योजना तर्जुमा गर्नुको साथै त्यसको आधारमा प्रत्येक वर्ष वार्षिक जिल्ला विकास योजना तर्जुमा गर्ने छ। यी आवधिक तथा वार्षिक जिल्ला विकास योजना तर्जुमा गर्न केन्द्रबाट उपलब्ध हुने साधनको अनुमान सम्बन्धित मंत्रालयलें समय-

मैं जिल्लाहरूलाई उपलब्ध गराउनुको साथै जिल्ला पंचायतले पनि स्थानीय रूपले परिचालन हुने साधनको अनुमान गरी केन्द्रीय र स्थानीय साधनको समष्टिलाई स्थानीय आवश्यकता अनुसार विकेन्द्रीकरण ऐन नियममा व्यवस्था गरिएको प्रक्रिया अनुसार जिल्ला विकास योजनामा लगानी गर्ने व्यवस्था छ। स्थानीय योजना तर्जुमाको निमित्त सम्बन्धित मंत्रालयबाट आवश्यक मार्ग दर्शनहरू पठाउने पनि व्यवस्था गरिएको छ[3]।

सातौं योजना अन्तर्गत विकेन्द्रित योजना तर्जुमाका उद्देश्य र नीतिहरू :— यस योजना कालमा विकेन्द्रित योजना तर्जुमाको उद्देश्य र नीतिहरू निम्नांकित छन्[4]।

उद्देश्य :—

१. स्थानीय जनताको संगठित प्रतिभा तथा सृजनात्मक शक्तिको प्रयोगद्वारा स्थानीय अर्थव्यवस्था, विशेष गरेर ग्रामीण अर्थव्यवस्थाको पछौटेपन हटाई आर्थिक समुन्नतिको अभिवृद्धि गर्न स्थानीय कृषि तथा गैर कृषि व्यवसायको उत्पादकत्व वृद्धि गर्ने।

२. ग्रामीण क्षेत्रमा कायम रहेको अर्धबेरोजगारीको स्थितिमा सुधार ल्याई स्थानीय जनताले आफ्नो आर्थिक स्थितिमा सुधार ल्याउने प्रक्रियामा व्यापक रूपले सहभागी बन्न रोजगारीको अवसरलाई अधिकतम रूपले अभिवृद्धि गर्ने।

३. स्थानीय जनतालाई आवश्यक न्यूनतम सुविधाहरू उपलब्ध गराउने दिशामा स्थानीय साधन समेतको परिचालन गरी सामाजिक सेवाको स्तर तथा व्यापकतामा अभिवृद्धि गर्ने।

४. स्थानीय जनताको आर्थिक तथा सामाजिक समुन्नतिको अधिकरणको निम्ति स्थानीय वातावरणको संतुलनलाई कायम तथा सुदृढ़ तुल्याउन आवश्यक भएकोले स्थानीय जनताको संगठनात्मक क्षमता तथा उपयुक्त भू-उपयोगको माध्यमबाट ग्रामीण क्षेत्रमा देखिएको वातावरणको ह्रासलाई नियंत्रण गरी उपयुक्त संतुलन कायम गर्ने।

नीति—उपर्युक्त उद्देश्यहरू हासिल गर्न सातौं योजना कालमा निम्नांकित नीतिहरू अवलम्बन गरिने छन्—

१. विकेन्द्रीकरणको नीति अनुकूल स्थानीय पंचायतहरूको संस्थागत विकासगरी स्थानीय विकास प्रक्रियालाई आत्मनिर्भर तुल्याउँदै लैजाने।

२. स्थानीय विकास आयोजनाहरू बीच आपसी निर्भरताको सम्बन्ध रहने हुनाले विकेन्द्रीकरणको नीति अनुरूप स्थानीय स्तरमा विकेन्द्रित तथा एकीकृत योजना तर्जुमा, संचालन, अनुगमन तथा मूल्याङ्कनको नीति अनुशरण गर्ने।

---

[3] राष्ट्रिय योजना आयोग, सातौं योजना (२०४२-४७) एक झलक, पृ. ५-६

[4] राष्ट्रिय योजना आयोग, सातौं योजना, पृ. ७७४-७५.

३. स्थानीय विकास योजनालाई क्षेत्रीय र राष्ट्रिय विकास योजनाहरूसँग उचित संयोजन गरी तिनीहरूलाई एक आपसमा परिपूरक तथा परिपोषक तुल्याउने ।
४. स्थानीय जनताको विकास सम्वन्धी आवश्यकताहरूको अधिकतम परिपूर्तिको निमित्त स्थानीय विकास प्रयासमा स्थानीय साधनको अधिकतम परिचालन गर्ने तथा स्थानीय स्तरबाट यसरी साधन परिचालन गर्न सम्भव तुल्याउन स्थानीय साधनको आधारलाई विस्तृत तुल्याउँदै लैजाने ।
५. स्थानीय विकासको लागि वहु-क्षेत्रीय (Multi-sectoral) कार्यक्रम संचालन गर्नु आवश्यक भएकोले स्थानीय विकासको योजना तर्जुमा र कार्यान्वयनमा समन्वयको निमित्त संस्थागत व्यवस्था गर्ने ।
६. असन्तुलित तवरले बढ्दै गरेको स्थानीय वातावरणलाई स्थानीय स्तरमै गरिने योजनाको परिधिभित्र उपयुक्त भू उपयोगको अनुशरणद्वारा वातावरणको संरक्षण र सम्वर्द्धन गर्ने ।
७. उपलब्ध स्थानीय प्रविधि ज्ञान शीपको अधिकतम उपयोग गर्नुको साथै नयाँ उपयुक्त प्रविधिको खोज, अध्ययन तथा प्रसार गर्ने ।
८. ग्रामीण विकासको निमित्त योजना तर्जुमा, संचालनलाई टेवा पुऱ्याउन र त्यसबाट निश्चित हुने प्रभावकारितालाई विस्तृत तुल्याउन ग्रामीण क्षेत्रमा आवश्यक स्थानहरूमा साना शहरी (सेवा) केन्द्रहरूको स्थापना तथा विकास गरी शहरी र ग्रामीण क्षेत्रबीच गतिशील तथा परिपोषण सम्वन्ध विकास गर्ने ।

पंचायत विकासका समस्याहरू :—पंचायत विकासको सम्बन्धमा मुख्य समस्याहरू निम्नांकित छन्—

१. यातायात एवं संचार सुविधाको अभाव :—यातायात एवं संचार विकासको लागि एक आवश्यक पूर्वाधार हो । हाम्रो देशको अधिकांश भाग जटिल पहाड़ले ढाकिएको हुनाले देशमा यातायात एवं संचारको साधनको अत्यन्तै अभाव छ । अधिकांश गाउँहरू यातायात एवं संचार साधनबाट जोड़िएका छैनन् । फलस्वरूप ती पंचायतहरूमा परियोजनाको कार्यान्वयन धेरै नै कठिन भएको छ ।

२. शिक्षाको अभाव :—ग्रामीण क्षेत्रमा अधिकांश जनता अशिक्षित छन् । अशिक्षाले गर्दा ग्रामीण क्षेत्रहरूलाई रूढ़िवादिता, जाति प्रथा, भाग्यवादिता आदि संकुचित विचारहरूले घेरिएका छन् । फलस्वरूप यस प्रकारका समाजमा नयाँ प्रविधि, शीप एवं विकासको लागि पारस्परिक सहयोग भावनाको अभाव देखिन्छ ।

३. दक्ष जनशक्तिको अभाव—ग्रामीण विकास परियोजनाहरूको कार्यान्वयनको लागि आवश्यक मात्रामा दक्ष जनशक्तिको पनि देशमा अभाव छ ।

४. पूँजीको अभाव :—ग्रामीण क्षेत्रमा पूँजीको अभावले गर्दा पनि कार्यक्रम लागू गर्नमा कठिनाइ हुन्छ र साधन र स्रोतको परिचालन हुँदैन ।

५. मंत्रालय, विभाग तथा संस्थाहरूबीच समन्वयको अभाव :—एकीकृत ग्रामीण विकास परियोजनाहरूको सफल कार्यान्वयनको लागि विभिन्न मंत्रालय, विभाग एवं विभिन्न संस्थाहरूबीच समन्वय आवश्यक हुन्छ । यस प्रकारको समन्वयको अभावले गर्दा कार्यक्रमको कार्यान्वयनमा धेरै कठिनाइ भैरहेको छ र लक्षित जनता लाभान्वित हुन सकेका छैनन् ।

सुझावहरू :—पंचायत विकासको लागि निम्नांकित सुझावहरू दिन सकिन्छ—

१. यातायात एवं संचारको विकास :—ग्रामीण क्षेत्रहरूमा यथासम्भव छिटो यातायात एवं संचारको विकास गर्नु पर्दछ ।

२. भूमि-सुधार :—भूमि सुधार कार्यक्रमलाई अझै प्रभावकारी तरीकाले लागू गरी सामाजिक ढाँचामा परिवर्तन ल्याउन आवश्यक छ । भूमि सुधारको प्रभावकारी कार्यान्वयनद्वारा कृषकहरूको स्थितिमा सुधार एवं उनीहरूको क्रय शक्तिमा वृद्धि गर्न सकिन्छ ।

३. साझा कार्यक्रमको विकास :—साझा कार्यक्रमलाई विकसित गरी किसानहरूलाई साझा मार्फत समयमा आवश्यक ऋणको व्यवस्था गरी साहु महाजनको शोषणबाट मुक्त गर्नु पर्दछ । साझा संस्थाहरूको विकासद्वारा किसानहरूको लागि रोजगारी मूलक उद्योग-धन्धाहरू खोल्न सकिन्छ र उचित मूल्यमा उपभोक्ता वस्तुहरू पनि उपलब्ध गर्न सकिन्छ ।

४. शिक्षा एवं तालिमको व्यवस्था :—ग्रामीण क्षेत्रमा शिक्षाको प्रचार प्रसार गर्नु पर्दछ र परियोजनाहरूको सफल कार्यान्वयनका लागि पर्याप्त मात्रामा तालिम दिने व्यवस्था गर्नु पर्दछ ।

५. जनतालाई न्यूनतम सुविधा :—सर्वसाधारण जनतालाई स्वास्थ्य, शिक्षा, खाने-पानी, झोलुङ्गेपुल आदि जस्ता न्यूनतम सुविधाहरू उपलब्ध गराउनु पर्दछ ।

Model Questions

1. Describe the objective and policy of decentralization.
विकेन्द्रीकरणको उद्देश्य एवं नीतिको वर्णन गर्नुहोस्

२. छोटो टिप्पणी लेख्नुहोस्—
(क) जिल्ला विकास योजना (District Development plan), (ख) पंचायत विकासका समस्याहरू (problems of punchayat Development) (ग) पंचायत विकास कार्यक्रमको लागि केही सुझावहरू दिनुहोस्.
(Give suggestations for punchayat development).

अध्याय : १७ :

यातायात तथा संचार

(Transport and Communication)

यातायात तथा संचार कुनै पनि अर्थव्यवस्थाको एक प्रमुख अंग हुन्छ। यसको अभावमा कृषि, उद्योग, वाणिज्य, पर्यटन जस्ता कुनै पनि क्षेत्रको विकास सम्भव नहुने हुनाले यसलाई अर्थव्यवस्थाको भौतिक पूर्वाधार भनिन्छ। यसबाट निम्नांकित आर्थिक, सामाजिक एवं राजनैतिक लाभ प्राप्त हुन्छ।

१. उत्पादनमा बृद्धि :—यातायात एवं संचारको सुविधाको अभावमा कृषि एवं औद्योगिक उत्पादनमा वृद्धि गर्न सम्भव छैन। यातायातको सुविधाको अभावमा उन्नत किसिमका बीउ बिरुवा, रासायनिक मल, सिंचाईका साधनहरूलाई जग्गासम्म पुऱ्याउन सम्भव नहुने हुनाले कृषिको आधुनिकीकरण सम्भव छैन। त्यसै गरी कच्चा माल, मेशीन एवं अन्य सामानहरू यातायातको सहुलियत भएमा मात्र उत्पादन केन्द्रसम्म पुऱ्याई औद्योगिक उत्पादनमा वृद्धि गर्न सकिन्छ। यातायातको सुविधाले गर्दा उद्योगको स्थानीयकरण हुन्छ र वस्तुको उत्पादनमा वृद्धि एवं उत्पादन व्ययमा कमी हुन्छ। यातायात सुविधाको अभावमा कुनै स्थान विशेषमा कुनै खास वस्तु धेरै मात्रामा उत्पादन गरी अन्य ठाउँमा पठाउन सम्भव हुन सक्तैन। यातायातको सुविधाले गर्दा नै कम उपयोगी ठाउँबाट वढी उपयोगी हुने ठाउँमा वस्तु एवं सेवा पुऱ्याउँदा स्थान उपयोगिताको सृजना हुन्छ र य सरी उत्पादनमा वृद्धि हुन्छ।

२. उत्पादित वस्तुको वितरण :—यातायात एवं संचारको सुविधाद्वारा नै थोक विक्रेता, खुदरा विक्रेता एवं निर्यातकर्ताहरू देश एवं विदेशमा कृषिजन्य वस्तुको साथ-साथै कारखानाद्वारा उत्पादित वस्तु एवं सेवाहरूको बिक्री वितरण गर्ने काम गरी समाजमा वस्तु एवं सेवाको माँगको पूर्ति गर्दछन्। यातायात एवं संचार व्यवस्था सुव्यवस्थित भएमा विभिन्न ठाउँहरूमा ती ठाउँहरूमा नपाइने वस्तुहरूको पूर्तिको निश्चिततामा वृद्धि हुन जान्छ। फलस्वरूप समाजमा नयाँ-नयाँ वस्तु एवं सेवाहरूको माँगको सृजना हुन्छ। यसरी यातायात एवं संचार व्यवस्थाद्वारा वर्तमान माँगको पूर्तिको साथ-साथै भविष्यमा नयाँ-नयाँ वस्तु एवं सेवाहरूको माँगको पनि सृजना एवं अभिवृद्धि हुन्छ।

३. देशको योजनाबद्ध आर्थिक विकास :—यातायात एवं संचारको सुव्यवस्थाद्वारा श्रम, पूंजी एवं उत्पादनका अन्य साधनहरू योजनाको प्राथमिकता

अनुसार एक ठाउँबाट अर्को ठाउँमा लान लैजान सजिलो हुन्छ। श्रम एवं पूँजी समयानुकूल पर्याप्त मात्रामा गतिशील भएमा अर्थव्यवस्थाको सबै अंगहरूको विकास योजनाले तोकेको लक्ष्य अनुरूप हुन जान्छ र यसरी सम्पूर्ण अर्थव्यवस्थामा नै संतुलन उत्पन्न हुन्छ। दुर्गम ग्रामीण क्षेत्रहरू बाह्य सम्पर्कमा आउँछन्। ती क्षेत्रहरूमा पनि उत्पादनमा वृद्धि, बजारको विकास एवं आर्थिक सक्रियतामा वृद्धिले गर्दा क्षेत्रीय असंतुलन मात्र हुन्छ।

४. राष्ट्रिय आय, रोजगारी एवं देशको औद्योगिकीकरण गतिमा वृद्धि :––यातायात एवं संचारको विकासको क्रममा इंजिन, बैगन, बस, ट्रक, हवाइजहाज आदि वस्तुहरूको साथ-साथै संचार साधनको विकासको लागि पनि धेरै वस्तुहरूको आवश्यकतामा वृद्धि हुन गई देशमा इंजिनियरिंग उद्योगको विकास हुन्छ। यी वस्तुहरूको उत्पादनमा वृद्धिले गर्दा समाजमा रोजगारी एवं आयको सृजना हुन्छ। यसरी यातायात एवं संचारको विकासद्वारा देशमा आय एवं रोजगारीको साथ-साथै औद्योगिकीकरणको गतिमा पनि वृद्धि हुन्छ।

५. प्राकृतिक साधनहरूको विकास :––यातायात तथा संचारको साधनको समुचित विकास भएमा विभिन्न ठाउँहरूमा छरिएका खानीहरूबारे पत्ता लगाउन सजिलो हुन्छ। फेला परिसकेका खनिज सम्पदाहरूको उपयुक्त गति, ढाँचा एवं तरीकाले मूल्याङ्कन र उपयोग गर्न पनि सजिलो हुन्छ। यातायातको अभावमा प्राकृतिक सम्पदाहरूको प्रयोगमा धेरै कठिनाइ हुन्छ। हाल रसुवा जिल्लाको गणेश हिमाल शीशाखानी तथा प्रशोधन कारखानाको निर्माण कार्य पछि परेको मुख्य कारण नै सड़क निर्माण कार्य पूरा नहुनाले हो।

६. पर्यटन उद्योगको विकास :—देशमा पर्यटन उद्योगको विकासको लागि यातायातका साधनको विकास आवश्यक हुन्छ। यातायात एवं संचार साधनको विकास भएमा विदेशी पर्यटकहरू देशमा आउँदा विभिन्न भागमा रहेका रमणीय एवं ऐतिहासिक स्थानहरू हेर्न जाने भएकोले पर्यटकहरूको बढ़ी आगमन हुनुको साथ-साथै ती पर्यटकहरू देशमा बढ़ी समय बिताउने हुन्छन्। फलस्वरूप पर्यटन उद्योगबाट हाम्रो आयमा वृद्धि हुन्छ।

७. विदेशी आक्रमणबाट देशको सुरक्षा एवं आन्तरिक शान्ति :—विदेशी आक्रमणबाट देशको सुरक्षा एवं आन्तरिक शान्तिको लागि विभिन्न ठाउँहरूमा सेना एवं प्रहरी पठाउनका लागि पनि यातायात एवं संचारको धेरै नै महत्व हुन्छ। आन्तरिक शान्ति कायम राख्न देशमा प्रशासन व्यवस्थामा सुधार गर्न नीति, निर्णय, निर्देशनहरू पठाउनका लागि यातायात एवं संचार व्यवस्थाको विकास अपरिहार्य नै हो।

८. सामाजिक लाभहरू :—यातायात एवं संचार साधनको विकास हुँदा धेरै प्रकारका सामाजिक लाभहरू प्राप्त हुन्छन् । यातायातको समुचित विकास भएमा देशका विभिन्न भागहरूमा बस्ने मानिसहरूको आवत-जावत र भेट-घाट भई रहन्छ । यस प्रकारको भेट-घाठद्वारा विभिन्न ठाउँ एवं जातको भाषा, संस्कृति, रीति-थिति आदिको समन्वय हुन्छ । एक अर्काको भाषा र संस्कृति आदि प्रति आदरको भाव पैदा हुन्छ; जाति प्रथा एवं छुआछूतका दुर्गुणहरू कम भएर जान्छन् र यसको सट्टा सामाजिक एकीकरण एवं राष्ट्रिय भावनाको विकास हुन्छ ।

९. अकाल, बाढ़ी जस्ता प्राकृतिक विपदको बेलामा सहायक :—अकाल, बाढ़ी, तुफान आदि प्राकृतिक विपदको बेलामा खाद्यान्न, औषधि एवं अन्य राहत सेवा पुऱ्याउनका लागि पनि यातायात एवं संचार साधनले धेरै नै मद्दत पुऱ्याउँदछ । यातायात साधनको अभावमा राहत कार्यको संचालन हुन सक्तैन ।

यातायात एवं संचारको महत्व

(१) उत्पादनमा वृद्धि
(२) उत्पादित वस्तुको वितरण
(३) देशको योजनाबद्ध आर्थिक विकास
(४) राष्ट्रिय आय, रोजगारी एवं देशको औद्योगिकीकरणको गतिमा वृद्धि
(५) प्राकृतिक साधनहरूको विकास
(६) पर्यटन उद्योगको विकास
(७) विदेशी आक्रमणबाट देशको सुरक्षा एवं आन्तरिक शान्ति
(८) सामाजिक लाभहरू
(९) अकाल बाढ़ी जस्ता प्राकृतिक विपदको बेलामा सहायक

नेपालमा यातायातका साधनहरू

नेपालमा यातायातका निम्नांकित चार साधनहरू छन्—

(क) सड़क (Road),
(ख) रेलवे (Railways),
(ग) रज्जु मार्ग (Ropeways) र
(घ) हवाई यातायात (Airways)

उपयुक्त यातायातका साधनहरूमध्ये सबभन्दा प्रमुख यातायातको साधन सड़क नै छ । यसको कारण के छ भने हाम्रो देश मुख्य रूपले पहाड़ै पहाड़ले घेरिएकोछ । पहाड़ी भागमा बग्ने नदीहरू गठ्याङ्ग-गुठुङ्ग, अग्लो-होचो धरातलमा बग्ने हुनाले त्यसमा धेरै नै वेग हुन्छ । फलस्वरूप ती नदीहरू जलमार्गको लागि

उपर्युक्त हुँदैनन् । साथै यी पहाड़ी भागहरूमा रेलवेको विकास पनि अनुपयुक्त र वढ़ी खर्चिलो हुन्छ । पुनश्च हवाई यातायात पनि महँगो भएकोले धनी एवं उच्च वर्गको लागि मात्र उपयुक्त हुन्छ । हाम्रो देशमा जहाँ ४० प्रतिशत जनसंख्या पूर्णरूपले गरीवी रेखा भन्दा मुनि छन्, हवाई यातायातको प्रयोग गर्न सक्तैनन् । त्यसै गरी रज्जु मार्ग पनि पहाड़ी क्षेत्रको लागि धेरै उपयोगी हुन्छ, तर लाभ लागतको दृष्टिकोणले हालको स्थितिमा यसको वृहत विकासको सम्भावना कमै देखिन्छ । फलस्वरूप हालको स्थितिमा यातायातको एकमात्र भरपर्दो साधन सड़क मार्ग नै देखा पर्दछ ।

सड़कको वर्गीकरण

योजना आयोगले चौथो योजना कालमा मोटर चल्ने सड़कलाई मार्ग र मोटर नचल्ने सड़कलाई बाटो भनेर नेपालमा सड़कलाई दुई भागमा विभाजित गरिएको थियो । मोटर चल्ने सड़कलाई पनि राजमार्ग, मुख्य मार्ग र क्षेत्रीय मार्गमा विभाजित गरिएको थियो तथा मोटर नचल्ने बाटोलाई चक्रेटो, घोरेटो र गोरेटोमा विभाजित गरिएको थियो । तर पाँचौं योजना कालमा यसलाई सरलीकृत गरियो । पाँचौं योजना कालमा सड़कलाई (क) राष्ट्रिय स्तरको सड़क तथा (ख) स्थानीय स्तरको बाटो भनेर दुई भागमा बाँडियो ।

राष्ट्रिय स्तरको सड़क

सम्पूर्ण राष्ट्रको लागि महत्वपूर्ण हुने यस सड़कको निर्माण श्री ५ को सरकारको सम्पूर्ण खर्चमा गरिने भन्ने नीति निर्धारण गरियो । यस अन्तर्गत निम्नांकित तीन किसिमका सड़कहरू राखिएका छन् ।

१. **राजमार्ग**—यस अन्तर्गत राष्ट्रिय दृष्टिकोणले महत्वपूर्ण हुने पूर्व पश्चिम तथा उत्तर दक्षिण मूल सड़कलाई राखिको छ ।

२. **सहायक मार्ग**—यस मार्ग अन्तर्गत राजमार्गहरूसँग अंचल, जिल्लाका सदरमुकाम तथा मुख्य-मुख्य व्यापारिक केन्द्र, ऐतिहासिक धार्मिक स्थल वा पर्यटन केन्द्रहरूलाई जोड़ने सड़क तथा अन्तर जिल्लाका सड़कहरू समेतलाई राखिएको छ ।

३. **मुख्य शहरी मार्ग**—यस अन्तर्गत काठमाडौं उपत्यका तथा क्षेत्रीय, अंचलीय एवं जिल्लाका सदरमुकाममा बन्ने तथा अन्य ठूला व्यापारिक केन्द्रहरूमा बन्ने सड़कलाई राखिएको छ ।

स्थानीय सड़क

एक पंचायतवाट अर्को पंचायतमा जाने स्थानीय महत्वको वाटोलाई श्री ५ को सरकारले दिएको अनुदानवाट अथवा स्थानीय स्रोतवाट पंचायतहरूले निर्माण गर्ने

नीति लिइएको छ। यी बाटाहरू स्थानीय जिल्ला प्रशासन अन्तर्गत सार्वजनिक निर्माण शाखाको प्राविधिज्ञहरूको निर्देशन र रेखदेखमा निर्माण गरिने भन्ने नीति निर्धारित गरिएको छ। स्थानीय सड़कलाई पुनः (१) तराईमा चक्रेटो (गाड़ा अथवा जीप चल्न सक्ने) (२) पहाड़मा घोरेटो (दोहरो घोड़ा हिड्न सक्ने) र गोरेटो एकहोरो घोडा हिड्न सक्ने भन्ने तीन भागमा बाँडिएको छ। हाम्रो सड़क विभाजन निम्न तालिकामा प्रदर्शित गरिएको छ[1] ।



सड़क सुविधाको विकासक्रम

प्रजातंत्र आएको वर्ष (वि० सं० २००७ साल) मा सड़कको स्थिति— प्रजातंत्र आएको वर्ष वि० सं० २००७ सालमा अधिराज्यमा कालोपत्र ५ कि० मी०, खण्डास्मित ८३ कि० मी० र कच्ची चक्रेटो २८८ कि० मी० गरी जम्मा ३७६ कि० मी० सड़क थियो।

प्रथम पंचवर्षीय योजना प्रारम्भ हुनु भन्दा पूर्व अधिराज्यमा कुल ६२४ कि० मी० सड़क थियो जसमा कालोपत्र १३७ कि० मी०, खण्डास्मित १२२ कि० मी० र बाँकी ३६५ कि० मी० कच्ची चक्रेटो बाटो थियो।

प्रथम पंचवर्षीय योजना—प्रथम पंचवर्षीय योजना कालमा यातायात संचारलाई प्रथम प्राथमिकता प्रदान गरिएको थियो र ४८० कि० मी० पक्की र ९६० कि० मी० कच्ची गरी कुल १४४० कि० मी० सड़क निर्माण गर्ने लक्ष्य राखिएको थियो।

---

१. राष्ट्रिय योजना आयोग, पाँचौं योजना, पृष्ठ—२९४

प्रगति—योजना अवधिमा सड़क निर्माण गर्ने सम्वन्धमा लक्ष्य अनुसार प्रगति हुन सकेन । यस योजना कालमा १७० कि० मी० कालोपत्रे, १७३ कि० मी० खण्डास्मित र ५६८ कि० मी० कच्ची गरी जम्मा ९१२ कि० मी० सड़क निर्माण हुन सक्यो ।

प्रथम र दोस्रो योजनाको अन्तरिमकाल (वि० सं० २०१८-०१९)—यस अन्तरिम वर्षमा कुल १७८ कि० मी० सड़क निर्माण गरियो जस मध्ये ७७ कि० मी० पक्की र १०१ कि० मी० कच्ची सड़क थियो ।

दोस्रो त्रिवर्षीय योजना :—यस योजना कालमा व्ययको दृष्टिकोणले यातायात एवं संचारलाई प्रथम स्थान दिइएको थियो । योजना अवधिमा ११२० कि० मी० कच्ची र ३२० कि० मी० पक्की गरी जम्मा १४४० कि० मी० सड़क निर्माण गर्ने लक्ष्य राखिएको थियो ।

प्रगति :—यस योजना अवधिमा वि० सं० २०१९ साल वैशाख १ गतेको दिन स्व० श्री ५ महेन्द्र वीर विक्रम शाहदेव सरकारका बाहुलीबाट पूर्व पश्चिम राजमार्गको उद्घाटन गरिबक्से पछि नेपालमा सड़क विकासका इतिहासमा एउटा नयाँ युगको नै शुभारम्भ भयो । योजना अवधिमा यस पूर्व पश्चिम राजमार्गमा ६२१ कि० मी० कच्ची सड़कको निर्माण कार्य पूरा गरियो । त्यसै गरी यस योजनामा काठमाडौं-कोदारी राजमार्ग, सुनौली–पोखरा राजमार्ग, रक्सौल भैंसे आदि प्रमुख सड़कहरुको विकास भयो । योजना कालमा ७१ कि० मी० पक्की र ८५६ कि० मी० कच्ची गरी जम्मा ९२७ कि० मी० सड़क निर्माण भयो ।

तेस्रो योजना :

लक्ष्य—तेस्रो संशोधित पंचवर्षीय योजना अनुसार ७५८ कि० मी० पक्की र ६०७ कि० मी० कच्ची गरी जम्मा १३६५ कि० मी० सड़क निर्माण गर्ने लक्ष्य राखिएको थियो ।

प्रगति—यस योजनाको अन्तिम वर्षसम्म ४०५ कि० मी० पीच, २०३ कि० मी० खण्डास्मित र ४५५ कि० मी० कच्ची गरी जम्मा १०९० कि० मी० सड़क निर्माण कार्य भयो । यसरी सड़क निर्माण कार्यमा लक्ष्यको ८० प्रतिशत प्रगति हुन सक्यो ।

चौथो योजना :

लक्ष्य—चौथो योजना कालमा ५८५ कि० मी० कालोपत्रे, ९७३ कि० मी० खण्डास्मित र २७२ कि० मी० कच्ची गरी जम्मा १८३० कि० मी० सड़क निर्माण गर्ने लक्ष्य राखिएको थियो ।

प्रगति—यस योजना अवधिमा कालोपत्रे ७२८ कि० मी०, खण्डास्मित २३२ कि० मी० र कच्ची २३० कि० मी० गरी जम्मा ११९० कि० मी० सड़क निर्माण कार्य सम्पन्न भयो । यो कुल निर्धारित लक्ष्यको करीब ६५ प्रतिशत थियो । चौथो योजना कालमा महेन्द्र राजमार्गको अधिकांश भागहरूको निर्माण पूरा भई पूर्वदेखि पश्चिम बुटवलसम्म सड़क यातायातको सुविधा उपलब्ध भयो ।

पाँचौं योजना :

लक्ष्य—पाँचौं योजना अन्तर्गत पनि सड़क विकासलाई उच्च प्राथमिकता दिइएको थियो र यसतर्फ सरकारी क्षेत्रको कुल न्यूनतंम लगानी मध्ये १८·३४ प्रतिशत छुट्याइएको थियो । योजना अवधिमा न्यूनतम कार्यक्रममा कालोपत्रे ४९० कि० मी०, खण्डास्मित ५८० कि० मी० र कच्ची सड़क १३७ कि० मी० गरी जम्मा १२०७ कि० मी० देखि अधिकतम १६२४ कि० मी० सड़क निर्माण गर्ने लक्ष्य राखिएको थियो ।

प्रगति—पाँचौं योजना कालमा कालोपत्रे ४६५ कि० मी०, खण्डास्मित २५४ कि० मी० र कच्ची एवं चक्रेटो १०४८ कि० मी० गरी जम्मा १७६७ कि० मी० सड़क निर्माण कार्य पूरा भयो ।

छैटौं योजना :

लक्ष्य—छैटौं योजना कालमा कुल १९५० कि० मी० सड़क निर्माण गर्ने लक्ष्य राखिएको थियो । कुल सड़कमा कालोपत्रे ६७२ कि० मी०, खण्डास्मित ७७५ कि० मी० र कच्ची चक्रेटो स्तरको ५०३ किलोमीटर सड़क निर्माण गर्ने लक्ष्य थियो । यसको अतिरिक्त विश्व खाद्य कार्यक्रम अन्तर्गत संचालित १२२ कि० मी० पहाड़ी मूल बाटोको रूपमा रहेको घोरेटो बाटो (हिल ट्रेल) को निर्माण गर्ने पनि लक्ष्य थियो ।

प्रगति—छैटौं योजनाको चौथो वर्ष २०४०-४१ सम्ममा कालोपत्रे ६०१ कि० मी०, खण्डास्मित ४४४ कि० मी० र कच्ची चक्रेटो ४७१ कि० मी० गरी कुल १५१६ कि० मी० सड़क निर्माण गरियो । योजनाको अन्तिम वर्ष २०४१-४२ मा निर्धारित गरेको लक्ष्यको आधारमा हुन सक्ने प्रगतिलाई विचार गर्दा योजना अवधिमा कुल १७४९ कि० मी० प्रगतिको अनुमान गरिएको छ जो कुल निर्धारित लक्ष्यको ८९·६९ प्रतिशत हुन आउँछ । छैटौं योजनाको लक्ष्य एवं प्रगतिको तालिका निम्न प्रस्तुत गरिएको छ—

तालिका १७·१

सड़क यातायात तर्फ छैटौं योजनाको लक्ष्य र अनुमानित प्रगति २०३७-४२

(लम्बाइ किलोमीटरमा)

सड़कको स्तर	छैटौं योजनाको लक्ष्य	छैटौं योजनाको प्रथम चार वर्षको प्रगति	छैटौं योजनाको अन्तिम चार वर्षमा हुने अनुमानित प्रगति	पाँच वर्षको अनुमानित प्रगति	*लक्ष्यको दाँजोमा अनुमानित प्रगति (प्रतिशतमा)
क. कालोपत्रे	६७२	६०१	५६	६५७	९७.७७
ख. खण्डास्मित	७७५	४४४	८०	५२४	६७·६१
ग. कच्चीचक्रेटो	५०३	४७१	९७	५६८	१११·५३
कुल	१,९५०	१,५१६	२३३	१,७४९	८९·६९

* प्रारम्भिक अनुमान गरिएको

(स्रोत—राष्ट्रिय योजना आयोग, सातौं योजना, पृष्ठ ४५४)

सड़क यातायातमा हालसम्मको सुधार तथा विकास

यातायात क्षेत्रमा शुरूका योजनाहरूमा विशेष प्राथमिकता प्रदान गरी कार्यक्रमको संचालन तथा कार्यान्वयनले गर्दा अधिकांश भागहरूमा जान-आउन विदेशी भूभागको प्रयोग गर्नें वाध्यता समाप्त भएको छ। यो उपलब्धि निश्चय नै उत्साहवर्द्धक छ। प्रजातंत्र वर्ष २००७ सालमा देशमा कुल ३७६ किलोमीर सड़क मात्र थियो। त्यसै गरी प्रथम पंचवर्षीय योजनाको शुरूको आर्थिक वर्षमा अधिराज्यभर केवल ६२४ कि० मीटर सड़क थियो। तर योजनावद्ध प्रयासले गर्दा चालू छैटौं योजनाको अन्तिम वर्ष (२०४०।४१) मा देशभरमा ५७१४ कि० मी० विभिन्न किसिमको सड़क निर्माण भएको देखिन्छ। हालसम्म सड़कको स्थितिमा विस्तारको तालिका (२००७–२०४२) निम्न प्रस्तुत गरिएको छ—

तालिका १७ : २

सड़कको स्थितिमा सुधार तथा विकास (२००७–०४२)

(किलोमीटरमा)

सड़कको किसिम	प्रजातंत्र वर्ष २००७	योजना शुरू हुनु अघिको वर्ष २०१२-१३	तेस्रो योजनाको अन्तिम वर्ष २०२४-२५	चौथो योजनाको अन्तिम वर्ष २०३१।३२	पाँचौं योजनाको अन्तिम वर्ष २०३६।३७	छैटौं योजनाको चौथो वर्ष २०४०।४१	अनुमानित २०४१–४२
१. कालोपत्रे	५	१३७	८२१	१५४९	२०४४	२६४५	२७०१
२. खण्डास्मित	८३	१२२	४३५	६६७	५६४	८१५	८९५
३. कच्ची	२८८	३६५	१४७४	९५७	२३२२	२२५७	२३४७
कुल	३७६	६२४	२७३०	३१७१	४९४०	५७१७	५९४३

(स्रोत–राष्ट्रिय योजना आयोग, छैटौं योजना पृष्ठ ३६१ र सातौं योजना पृष्ठ ४५०,)

विकास क्षेत्र अनुसार सड़कको लम्बाई प्रभावित जनसंख्या तथा सड़कले प्रभावित क्षेत्रफल (२०४०–४१)

वि० सं० २०४०।४१ को तथ्याङ्क अनुसार अधिराज्यमा कुल ५७१७ कि० मी० सड़क निर्माण भइसकेको छ। राष्ट्रिय स्तरमा प्रति एक कि० मी० सड़कवाट २८८२ जनसंख्या र २५ वर्ग किलोमीटर क्षेत्रफल प्रभावित हुन गएको छ। पूर्वाञ्चल विकास क्षेत्रमा कुल १३२२ कि० मी० सड़क छ। यस क्षेत्रमा प्रति किलोमीटर सड़कबाट ३०७३ जनसंख्या र २१ वर्ग किलोमीटर क्षेत्रफल प्रभावित हुन्छ। त्यसै गरी मध्यमाञ्चल विकास क्षेत्रमा सब भन्दा बढी सड़क (२१०९ कि०मी०) भएकोले प्रति किलोमीटर सड़कबाट केवल २५५७ जनसंख्या र १३ वर्ग किलोमीटर क्षेत्रफल प्रभावित हुन्छ। विभिन्न विकास क्षेत्रमा सड़कको लम्वाई र प्रति किलोमीटर सड़कबाट प्रभावित जनसंख्या एवं क्षेत्रफल निम्न तालिकामा प्रस्तुत गरिएको छ—

तालिका १७ : ३

विकास क्षेत्रहरूमा सड़कको लम्बाई र प्रभावित जनसंख्या तथा क्षेत्रफल

विकासक्षेत्र	सड़कको लम्बाई (कि०मी०मा)	प्रति किलोमीटर सड़कले प्रभावित जनसंख्या	प्रति कि० मी० सड़कले प्रभावित क्षेत्रफल (वर्ग कि० मी० मा)
पूर्वाञ्चल	१३२२	३०७३	२१
मध्यमाञ्चल	२१०८	२५५७	१३
पश्चिमाञ्चल	१०९७	३१३५	२६
मध्य-पश्चिमाञ्चल	७२५	२९५५	५८
सुदूर पश्चिमाञ्चल	४६४	३१०१	४१
नेपाल	५७१७	२८८२	२५

(स्रोत—श्री ५ को सरकार, निर्माण तथा यातायात मंत्रालय, सड़क विभाग, नेपाल संड़कको स्थिति २०४१, पृष्ठ २)

सातौं योजनामा सड़क विस्तार

चालू सातौं योजना अवधिमा कालोपत्र ४३२ कि० मी०, खण्डास्मित ७३४ कि० मी० र ट्रक चल्ने कच्ची स्तरको ८१५ कि० मी० गरी जम्मा १९८१ कि० मी० सड़क निर्माण गर्ने लक्ष्य राखिएको छ। साथै यस योजना अन्तर्गत पुल तथा

झोलुङ्गे पुल तर्फ २१ वटा मोटर चल्ने पुलहरूको निर्माणको साथ-साथै जिल्ला योजना अन्तर्गत ३७३ वटा झोलुङ्गे पुलहरू पनि निर्माण गर्ने लक्ष्य राखिएको छ।

नेपालका प्रमुख राजमार्गहरू

१. महेन्द्र राजमार्ग :—यो राजमार्ग पूर्व मेचीदेखि पश्चिम महाकालीसम्म पुग्ने एक पार्श्ववर्ती वा लेटरल राजमार्ग हो। यस राजमार्गको निर्माण कार्य सन् १९६१ मा प्रारम्भ गरिएको थियो। यसको कुल लम्बाई १०५४ कि० मी० छ। यसको निर्माण कार्य भारत, अमेरिका, रूस, र ब्रिटेन सरकारबाट भएको छ। वि० सं २०४१ सम्म यस राजमार्गको ८३२ कि० मी० कालोपत्रे, २५ कि० मी० खण्डास्मित र २६ कि० मी० माटे गरी जम्मा ९१३ कि० मी० निर्माण कार्य पूरा भएको छ र १४१ कि०मी० निर्माण कार्य पूरा गर्न बाँकी छ। यस राजमार्गको निर्माणले गर्दा नेपालमा एक भागबाट अर्को भागमा जानका लागि विदेशी भूमि भई जाने बाध्यता समाप्त भएको छ।

२. अरनिको राजमार्ग (काठमाडौं कोदारी राजमार्ग) :—यस राजमार्गको निर्माण कार्य सन् १९८३ मा शुरू गरिएको थियो। यसको निर्माण मित्र राष्ट्र चीनको सहयोगबाट गरिएको छ। नेपालको काठमाडौंदेखि तिब्बत (चीन) को कोदारीसम्म यस बाटोको कुल लम्बाई ११४ कि० मी० छ। यसको निर्माण कार्य सन् १९६७ मा पूरा भयो। यस राजमार्गको ८७ कि० मी० कालोपत्रे र बाँकी २७ कि०मी० माटे सड़क हो।

३. त्रिभुवन राजमार्ग :—बीरगंजदेखि काठमाडौंसम्मको यस राजमार्गको निर्माण मित्रराष्ट्र भारतको सहयोगबाट भएको छ। नेपालको तराई एवं पहाड़ी भागलाई जोड़ने यस राजमार्गको कुल लम्बाई १९० कि०मी० छ। राजधानीसम्म पुग्ने यो मार्ग अति नै महत्वपूर्ण छ। यस मार्गको निर्माणले गर्दा काठमाडौं एवं अन्य पहाड़ी भागहरूमा खाद्यान्न एवं अन्य सामग्रीहरूको साथ-साथै दैनिक उपभोग, उद्योग-धन्धाहरूको लागि कच्चा पदार्थहरू पुऱ्याउन सजिलो भएको छ।

४. पृथ्वी राजमार्ग :—पृथ्वी राजमार्गको निर्माण मित्र राष्ट्र चीनको सहयोगबाट भएको छ। यस राजमार्गले पोखरा एवं मध्य पहाड़ी भागका धेरै जिल्लाहरूलाई देशको राजधानी काठमाडौंसँग जोड्दछ। काठमाडौंदेखि नौबिसेसम्म २६ कि०मी० मा यो त्रिभुवन राजमार्गसंग नै खप्टिएको छ। नौबिसेदेखि पोखरासम्म यसको लम्बाई १७४ कि० मी० छ। यस प्रकार काठमाडौंदेखि पोखरासम्म यसको कुल लम्बाई २०० कि० मी० हुन आउँछ। त्रिशूली, माँदी र सेती नदीको किनाराहरूबाट यस बाटोको निर्माण भएको हुनाले यसको उचाई धेरै छैन। यसबाटोको निर्माणले गर्दा पोखरा उपत्यका एवं यस मार्गमा पर्ने अन्य जिल्लाहरूको विकास एवं पर्यटन उद्योगलाई ठूलो मद्दत पुगेको छ।

५. सिद्धार्थ राजमार्ग-सुनौली-पोखरा राजमार्ग :—सुनौली पोखरा राजमार्गको नाम हाल सिद्धार्थ मार्ग राखिएको छ । सुनौलीदेखि पोखरासम्मको १८४ कि०मी० लामो यस बाटोको निर्माण कार्य मित्रराष्ट्र भारतको सहयोगबाट सन् १९६४ मा प्रारम्भ गरियो । सन् १९७२ मा यस बाटोको निर्माण कार्य पूरा भयो । तराईको लुम्बिनी अंचलबाट पश्चिम पहाड़को अभावग्रस्त क्षेत्रहरूमा खाद्यान्न ढुवानी एवं पर्यटन उद्योगको विकासको लागि यो बाटो अत्यन्तै महत्वपूर्ण छ । अधिराज्यको यो सब भन्दा व्यस्त सड़क छ । यसमा ट्राफिक संख्या एक दिनको ६,३१८ छ ।[2]

६. सुर्खेत राजमार्ग—यो राजमार्ग भेरी अंचलमा पर्दछ । ९२ कि० मी० लामो यस बाटोको निर्माण कार्य श्री ५ को सरकारद्वारा सन् १९७५ मा प्रारम्भ गरियो । यस सड़कले राजमार्गको कोहलपुरसँग विरेन्द्रनगरलाई जोड्दछ । वि० सं० २०४१ सालसम्म यस राजमार्गको १३ किलोमीटरमा कालोपत्रे र १६ कि० मी० खण्डास्मित सड़क तथा बाँकी ६३ किलोमीटरमा कच्ची सड़कको निर्माण कार्य भइसकेको छ । सातौं योजना अवधिमा यस सड़कको बाँकी सम्पूर्ण भागलाई खण्डास्मित स्तरको सड़क निर्माण गर्ने लक्ष्य छ ।

७. जोगबनी-धरान-धनकुटा राजमार्ग—जोगबनी-धरान-धनकुटा राजमार्गको निर्माण मित्रराष्ट्र संयुक्त-अधिराज्यको सहयोगद्वारा भएको छ । यस राजमार्गको दुई खण्ड छ । यसको प्रथम खण्ड जोगबनी-धरान ५० किलोमीटर लामो बाटो सम्पूर्ण रूपमा कालोपत्रे नै थियो । ५० किलोमीटर लामो यसको दोस्रो धरान-धनकुटा खण्डको निर्माण कार्य संयुक्त अधिराज्यकै सहयोगमा सन् १९७६ ई० मा प्रारम्भ भयो र सन् १९८५ ई० मा यसको निर्माणकार्य पूरा भयो । सम्पूर्ण रूपमा कोशी अंचलमा पर्ने यस राजमार्गले पूर्वी पहाड़ एवं तराईमा सम्पर्क गर्ने काम गर्दछ । पूर्वी पहाड़मा उत्पादन हुने फल-फूल, अदुवा, अलैंची, तेजपात आदिको बजार विस्तारको साथ-साथै तराईबाट अभाव ग्रस्त पूर्वी पहाड़मा खाद्यान्न ढुवानीको लागि यस बाटोको विशेष महत्व छ ।

८. धनगढ़ी–डडेलधुरा राजमार्ग—सेती र महाकाली अंचलमा पर्ने यस राजमार्गको कुल लम्बाई १४० कि० मी० छ । यसले कैलाली र डडेलधुरालाई जोड्दछ । अमेरिकी सहयोगबाट यसको निर्माण कार्य सन् १९६७ मा प्रारम्भ गरियो । यस सड़कमा २५ कि० मी० कालोपत्रे, २५ कि० मी० खण्डास्मित र ९० कि० मी० कच्ची स्तरको सड़क निर्माण कार्य पूरा भइसकेको छ । सातौं

---

२. श्री ५ को सरकार, सड़क विभाग, नेपालको सड़क स्थिति २०४१, पृष्ठ ३०.

योजना अवधिमा यसको सम्पूर्ण भागलाई कालोपत्रे स्तरको बनाउने कार्यक्रम छ ।

रेलवे यातायात

नेपालको भौगोलिक परिस्थिति रेलवे विकासको लागि उपयुक्त छैन । पहाड़ैपहाड़ले घेरिएको हाम्रो देशमा रेलवे सेवाको विकास ज्यादै नै खर्चिलो हुन्छ । फलस्वरूप रेलवे सेवा उपलब्ध हुने ESCAFE देशहरू मध्ये सबभन्दा थोरै रेलवे हाम्रो देशमा नै छ । नेपालको तराई प्रदेशमा भएका केही रेलवेंहरू विभागीय प्रबन्ध अन्तर्गत थिए । अब रेलवेको प्रबन्ध सन् १९६४ मा स्थापित गरिएको नेपाल यातायात संस्थान (Transport corporation of Nepal) अन्तर्गत हुँदैछ । नेपालमा निम्नांकित रेलवेहरू छन्—

१. नेपाल गभर्मेन्ट रेलवे (Nepal Government Railway—N. G. R.)—अमलेखगञ्जदेखि रक्सौलसम्म २९ माइल लामो यस नैरोगेज रेलवेको निर्माण वि० सं० १८८५ (सन् १९२७) मा भयो । यसलाई नेपाल गभर्मेन्ट रेलवे (N. G. R.) भनिन्छ र यो नेपालको सबभन्दा पुरानो रेलवे हो । हाल बीरगञ्जदेखि अमलेखगञ्जको लाइन स्थगित गरिएको छ । बीरगञ्जदेखि अमलेखगञ्जसम्मको ८ कि० मी० लाइनको प्रयोग माल सामान ढुवानी गर्नेमा प्रयोग गरिएको छ । छैटौं योजना अन्तर्गत बीरगञ्ज अमलेखगञ्ज रेलवेको पुनः स्थापना गर्ने तथा बीरगञ्ज-रक्सौल खण्डलाई उपयुक्त गेजमा परिणत गर्ने सम्बन्धी सम्भाव्यता अध्ययन कार्य शुरू गरियो । सातौं योजना अन्तर्गत रक्सौल अमलेखगंजको पुनः स्थापना सम्बन्धी भएको प्रारम्भिक अध्ययनको आधारमा आवश्यक थप अध्ययन कार्य गर्ने लक्ष्य राखिएको छ ।

२. जयनगर-जनकपुर-विजलपुरा रेलवे—नेपाल-भारत सीमानामा रहेको जयनगरदेखि जनकपुर र जनकपुरदेखि विजलपुरासम्मको नैरोगेज रेलमार्ग वि० सं० १९९२ साल (सन् १९३५) मा निर्माण गरिएको थियो । जयनगरदेखि विजलपुरासम्म यस रेलवेको लम्बाई करीब ५३ कि० मी० छ । यसको रेल एवं रौलिङ्गस्टौकहरू ज्यादै पुरानो भएको हुनाले यसको सुदृढ़ीकरण गर्ने कार्य पाँचौं पंचवर्षीय योजनामा शुरू गरियो । यो सुदृढ़ीकरण कार्य छैटौं योजनाको अन्तसम्म धेरै जसो पूरा भइसकेको छ । सातौं योजना अवधिमा बाँकी रहन गएको सुदृढ़ीकरण कार्य नेपाल यातायात संस्थानबाट पूरा गराइने लक्ष्य राखिएको छ ।

उपर्युक्त दुईवटा रेलवेहरूको साथ-साथै कोशी प्रोजेक्टद्वारा नेपाल भारतको सीमानादेखि चतरासम्म बालुवा-ढुङ्गा ढुवानी गर्ने एउटा ३५ कि० मी० लामो नैरो-गेज रेलमार्गको संचालन गरिएको छ ।

छैटौं योजना अवधिमा रेलमार्ग विकासको लागि पूर्वाञ्चलमा प्रस्तावित जोगबनी-विराटनगर, पश्चिमाञ्चलमा नौतनवा-भैरहवा-बुटवल तथा मध्य-पश्चिमाञ्चलमा रूपैंडिया-नेपालगञ्ज रेलवेको सम्भाव्यता अध्ययन तर्फ प्रारम्भिक अध्ययन कार्य गरियो ।

रोपवे

(Ropeway)

नेपाल एक पहाड़ी मुलुक भएकोले यहाँको यातायात व्यवस्थामा रोपवेको महत्वपूर्ण स्थान छ । वि० सं० १९८५ मा धुर्सिङ्गदेखि मातातिर्थसम्म २२·५ कि० मी० लामो मोनोकेवुल रोपमार्ग निर्माण गरी रोपवे सेवा प्रारम्भ गरियो । वि० सं० २००४ सालमा यस सेवालाई काठमाडौंको टेकूसम्म विस्तार गरियो। यसको प्रारंभिक वहन क्षमता प्रति घंटा ८ टन थियो । तर यसको बहन क्षमता घट्दै ५ टन प्रतिघंटा भन्दा कम हुन गयो । तराईदेखि काठमाडौंसम्म सड़क-सुविधाको अभाव र विदेशी व्यापारमा वृद्धिले गर्दा तराईबाट काठमाडौं र काठमाडौंबाट तराईसम्म ओसार्नु पर्ने माल सामानहरूको मात्रामा वृद्धिले गर्दा यस रोपमार्ग सेवामा वृद्धि गर्ने आवश्यकता महसूस गरियो फलस्वरूप प्रथम पंचवर्षीय योजनामा काठमाडौंदेखि हेटौंडासम्म नयाँ रोपलाइन निर्माण गर्नेलक्ष्य निर्धारित गरियो । तेस्रो योजना कालमा अमेरिकी सहायताबाट ४४·१४ कि० मी० लामो प्रति घंटा वहन क्षमताको यस रोपवेको निर्माण कार्य पूरा भयो । पुरानो रोपमार्गलाई बन्द गरी यस मार्गबाट वि० सं० २०२१ सालदेखि नै रोपवे सेवा शुरू भएको छ । यसको संचालन कार्य नेपाल यातायात संस्थानद्वारा भैरहेको छ । चौथो योजनाकालदेखि नै यसको सम्भार तथा सुधार हुँदै आएको छ । सम्भाव्यता अध्ययनवाट उपयुक्त ठहरिन आएमा यसको क्षमता वृद्धि गरी अमलेखगंजसम्म विस्तार गर्ने कार्यक्रम छ ।

जलमार्ग

(Waterways)

यातायातका साधनहरूमध्ये जलमार्ग अत्यन्तै सजिलो र सस्तो साधन हो । नेपालका नदीहरूको उत्पत्ति हिमालयबाट भएको छ । यी नदीहरूमा वाह्रै महिना पानी रहन्छ । पहाड़ी भागहरूमा अग्लो होंचो धरातलले गर्दा नदीहरूको धार अत्यधिक तेज हुने हुनाले यातायातको लागि यी नदीहरू उपयुक्त छैनन् । तर कोशी नारायणी र गण्डकी जस्ता केही नदीहरू यातायातको लागि उपयुक्त छन् । कोशी तथा कर्णाली नदीहरूमा निजी क्षेत्रवाट डुङ्गाहरू संचालन गरी यात्रु सेवा उपलब्ध

हुँदै आएको छ। वर्षा याममा केही नदीहरूको प्रयोग भारत-नेपाल सीमा बीच धान चामलको ढुवानी आदि कार्यको लागि प्रयोग गरिन्छ र कहीं-कहीं काठको ठूलो मुढ़ालाई जंगलबाट बगाएर ल्याउने काम पनि हुन्छ। तर निजी क्षेत्रमा डुङ्गा सेवाहरूमा न्यूनतम सुरक्षा सम्बन्धी केही व्यवस्था नहुने हुनाले दुर्घटनाहरू पनि भइरहन्छ। सातौं योजना कालमा निजी क्षेत्रलाई सेवा पुऱ्याउन आधुनिक डुङ्गाहरूको प्रबन्ध विकास सम्बन्धी अध्ययत गरिने छ। साथै विगत योजना कालमा सप्तकोशी, नारायणी र कर्णाली नदीहरूको प्रारम्भिक सर्वेक्षण अनुसार यी जदीहरूलाई यानायातको रूपमा प्रयोग गरी बंगालको खाड़ीसम्म पुग्ने सम्भावना देखिएको छ। सातौं योजना अवधिमा यी नदीहरूका केही खण्डको विस्तृत आर्थिक तथा प्राविधिक सम्भावना अध्ययन गरी सम्भाव्य देखिएका नदीहरूको खण्डमा जलमार्गको विकासको लागि आवश्यक कदम समेत चालिने भन्ने लक्ष्य निर्धारित गरिएको छ।

हवाई यातायात

नेपालको अधिकांश भूभाग पहाड़ले ढाकिएको छ। यी पहाड़ी भागहरूमा सबै ठाउँहरूमा सड़क निर्माण गर्न धेरै नै खर्चिलो हुन्छ र सड़क निर्माण गर्न समय पनि धेरै नै लाग्दछ। ती स्थानहरूमा सुगम र छिटो आवागमनको लागि हवाई यातायातको विशेष महत्व छ। देशको एक भागबाट अर्को भागमा आवागमनको आवश्यकताको साथ-साथै विश्वका अन्य मुलुकहरूसँग पनि सम्पर्क स्थापना गर्ने आवश्यकतामा पनि प्रतिदिन वृद्धि हुँदै जाने भएकोले र पर्यटन उद्योगको विकासको लागि हाम्रो देशमा हवाई यातायातको धेरै नै महत्व छ। हवाई यातायातको यसै महत्वलाई दृष्टिगत गरी हाम्रो विभिन्न सावधिक योजनाहरूमा हवाई यातायातको विकासलाई महत्व दिंदै आइरहेको छ।

इन्डियन एयरलाइन्स करपोरेशनद्वारा वि० सं० २००६ साल (सन् १९५०) मा पटना काठमाडौं बीच साप्ताहिक विमान सेवाको प्रारम्भ भए पछि हाम्रो देशमा हवाई सेवाको समुद्घाटन भएको हो। वि० सं० २००८ सालदेखि वि० सं० २०१४ साल (सन् १९५२–५८ ई०) सम्म भारतको हिमालय एभिएशन (Himalayan Aviation) ले नेपालमा आन्तरिक विमान सेवा संचालन गऱ्यो। प्रथम पंचवर्षीय योजना शुरू हुनु भन्दा पूर्व अधिराज्यमा काठमाडौं, पोखरा, सिमरा, भैरहवा र विराटनगर गरी जम्मा पाँच ठाउँहरूमा मात्र हवाई सेवा उपलब्ध थियो। यी पाँच ठाउँहरूमध्ये काठमाडौंको विमानस्थल पक्की थियो र अन्य विमान स्थलहरू कच्ची स्तरका थिए।

प्रथम पंचवर्षीय योजना—प्रथम पंचवर्षीय योजना अवधिमा भरतपुर, धनगढ़ी, नेपालगंज, दाङ्ग, राजविराज, जनकपुर र पालुङ्गटार गरी जम्मा ७

स्थानहरूमा कच्ची हवाई मैदान स्थापना गरी हवाई सेवामा वृद्धि गरियो । काठमाडौं, भैरहवा र विराटनगर विमानस्थलहरूको सुधार कार्य गरियो । यस योजना अन्तर्गत श्री ५ को सरकारले विमान सेवालाई राष्ट्रियकरण गर्ने नीतिको अनुकरण गरी वि० सं० २०१५ साल (सन् १९५८ ई०) मा वायु सेवामा ५१ प्रतिशत नियंत्रण प्राप्त गऱ्यो र २०१६ सालमा हवाई सेवालाई नियमित गर्न नेपाल वायु सेवा निगम (R. N. A. C.) को स्थापना गरी वायु सेवामा सम्पूर्ण नियंत्रण स्थापित गऱ्यो । यस योजना अन्तर्गत हवाई सेवामा विकास कार्यमा रु० ६० लाख खर्च गर्ने लक्ष्य रहेकोमा कुल रु० ७० लाख ७१ हजार खर्च गरियो ।

दोस्रो योजना—दोस्रो त्रिवर्षीय योजना अवधिमा हवाई यातायात विकासमा करीब रु० १·६ करोड़ खर्च गरी झापा र सुर्खेतमा कच्ची विमानस्थल, जुम्ला, जिरी, रुम्जाटार र तुम्लींगटार गरी ४ ठाउँहरूमा सानो विमानस्थल निर्माण तथा जनकपुर र भैरहवा विमानस्थलहरूलाई धेरै मात्रामा पक्की गर्ने काम गरियो ।

तेस्रो योजना—तेस्रो पंचवर्षीय योजना अवधिमा हवाई मैदानको विकासको लागि विराटनगर, भैरहवा र जनकपुर विमानघाटहरूलाई पक्की गरियो । काठमाडौं-को त्रिभुवन विमानस्थललाई अन्तर्राष्ट्रिय विमानस्थलको रूपमा विकसित गर्न टयाक्सी-वे, कार-पार्किङ्ग, विश्राम-गृह एवं अन्य सुधारकार्यहरू गरियो । सिमरा, दाङ, झापा, भरतपुर, धनगढ़ी आदि विमानघाटहरूमा विस्तार तथा थप सुविधा-हरू उपलब्ध गरियो । यस योजना कालमा ११ वटा साना स्टल विमानघाटहरूको पनि निर्माण गरियो ।

चौथो योजना—चौथो पंचवर्षीय योजना अवधिमा बझाङ्ग, डोल्पा, रूकुम, ताप्लेजुंग र जोमसोम गरी पाँच स्थानहरूमा साना हवाई मैदान निर्माण कार्य पूरा गरियो । त्रिभुवन विमानस्थलको धावन मार्ग विस्तार कार्य, विराटनगर र भैरहवा-को विमानस्थलमा धावन मार्ग विस्तार गरी टर्मिनल भवन सुधार गर्ने काम पूरा गरियो । यस योजना कालमा एउटा मध्यम श्रेणीको जेट विमान सेवा पनि चालू गरियो ।

पाँचौं योजना—पाँचौं योजना अवधिमा हवाई सेवा विकास तर्फ निम्नांकित कार्यहरू गरिए ।

१. विमानस्थल निर्माण तथा सुदृढ़ीकरण—यस योजना कालमा पोखरा, नेपालगञ्ज, सुर्खेत र धनगढ़ी विमानस्थललाई नयाँ स्थानमा पक्की एभ्रो स्तरको विमान उत्रन सक्ने विमानस्थलको निर्माण गर्ने भन्ने लक्ष्य राखिएको थियो । यस सम्बन्धमा नेपालगंजमा निर्माण चालू रहेको धनगढ़ीमा कच्ची तिर्माण कार्य पूरा

गरियो। त्रिभुवन विमान स्थलको ६,६०० फीटको धावन मार्गलाई विस्तार गरी १०,००० फीट गरियो तथा भैरहवा एवं विराटनगरको बाँकी काम पूरा गरियो।

२. नवीकरण तथा थप सुविधा—त्रिभुवन विमानस्थल, विराटनगर, भैरहवा, जनकपुर, राजविराज, चन्द्रगढ़ी (झापा), दाङ्ग र सिमरामा गरी सात विमानस्थलहरूमा भौतिक सुविधाहरूमा वृद्धि गरियो।

३. साना हवाई मैदान निर्माण तथा थप सुविधा—हुम्ला, वैतडी, भोजपुर, रोल्पा, बझांग, मनांग र लुक्ला गरी ६ वटा साना हवाई मैदान निर्माण गरियो। डोल्पा, सोमजोम, जुम्ला र रूकुम हवाई मैदानहरूमा टर्मिनल भवन र आवास गृह बनाउने लक्ष्य रहेकोमा डोल्पा र सोमजोममा चट्टान हटाउने कार्य, जुम्लामा टर्मिनल भवनको पुनः निर्माण र रूकुममा टर्मिनल भवन र आवासगृह निर्माण गरियो।

४. संचार तथा उड्डयन सहायक—१२ विमानस्थलहरूमा र ११ साना हवाई मैदानहरूमा संचार तथा उड्डयन सहायक उपकरणहरूको स्थापना कार्य अधिकांश रूपमा पूरा गरियो।

५. अग्नि निवारक तथा जीवनोद्धार सेवा—काठमाडौंको त्रिभुवन विमानस्थल, विराटनगर र भैरहवामा फोमटेन्डरहरू उपलब्ध गराउने कार्य सम्पन्न गरियो।

छैटौं योजना—छैटौं योजना कालमा हवाई यातायातको विकास कार्यको लागि रु० ७८ करोड़को रकम छुट्याइएकोमा छैटौं योजनाको प्रथम चार वर्षमा रु० ४७ करोड़ १६ लाख खर्च भएको र अन्तिम वर्ष रु० १७ करोड़ १२ लाख (अनुमानित) समेत गरी रु० ६४ करोड़ ६८ लाख कुल खर्च (अनुमानित) गरियो। यस योजना अन्तर्गत निम्नांकित कार्यहरू गरिए।

१. साना हवाई मैदान निर्माण—योजनाको प्रथम चार वर्षमा एउटा साना हवाई मैदान निर्माण कार्य सम्पन्न गरियो र अर्को एउटा निर्माण कार्य आ० व० २०४१।४२ मा सम्पन्न हुने देखिन्छ।

२. निर्माण एवं सुदृढ़ीकरण कार्य—त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थल, नेपालगंज, पोखरा, सुर्खेत र धनगढ़ी गरी ५ वटा विमानस्थलहरूमा निर्माण तथा सुदृढ़ीकरण कार्य गरियो।

३. धावनमार्ग विस्तार कार्य—लामटाँग, फाप्लु र रामेछाप हवाई मैदानहरू गरी ३ वटाको धावनमार्ग सहितको विस्तार कार्य पूरा गरियो।

हवाई यातायातको हालसम्मको प्रगति

नेपालमा प्रथम पंचवर्षीय योजना भन्दा पूर्व केवल ५ वटा विमानस्थल मात्र थिए। पाँचौं योजनाको अन्तिम वर्ष २०३६।३७ मा विमानस्थल एवं साना हवाई मैदानहरू गरी विमानस्थलहरूको संख्या ३९ पुग्न गएको देखिन्छ। छैटौं योजना शुरू हुनु भन्दा पूर्व यी ३९ हवाई मैदानहरूबाट हवाई सेवा प्रदान गर्ने कार्य भएको देखा पर्दछ। यी ३९ हवाई मैदानहरू मध्ये १२ वटा (३१ प्रतिशत) तराईमा र अन्य बाँकी २७ वटा (६९ प्रतिशत) पहाड़ी भागमा पर्दछन्। त्यसै गरी आ० ब० २०४०।४१ सम्म अधिराज्यको ४१ वटा हवाई मैदानहरूमध्ये १२ वटा (अर्थात् २८ प्रतिशत) तराईमा र बाँकी ३० वटा (७२ प्रतिशत) पहाड़ी क्षेत्रमा पर्दछ। हालका हाम्रा ४१ वटा हवाई मैदानहरूमध्ये ४ वटा पक्की, १४ वटा कच्ची तथा २३ वटा साना हवाई मैदानहरू छन्। नेपालमा वि० सं० २०१२ सालदेखि वि० सं० २०४१ सालसम्मको हवाई मैदानको स्थिति निम्न तालिकामा प्रस्तुत गरिएको छ।

तालिका १७.४

नेपालमा हवाई मैदानको स्थिति
(२०१२–२०४१)

हवाई मैदान–को स्थिति	२०१२।१३	२०२६।२७	२०३१।३२	२०३६।३७	२०४१।४२
१. कच्ची	१	४	४	४	४
२. पक्की	४	११	१२	१४	१४
३. साना हवाई मैदान	—	६	१२	२१	२३[1]
कुल	५	२१	२८	३९	४१

(स्रोत—राष्ट्रिय योजना आयोग, सातौं योजना, पृ० ४९८.)

यी ४१ हवाई मैदानहरूमध्ये पूर्वाञ्चल विकास क्षेत्रमा ११, मध्यमाञ्चलमा ८, पश्चिमाञ्चलमा ७, मध्य पश्चिमांचलमा ८ र सुदूर पश्चिमांचलमा ७ वटा पर्दछन्। विकास क्षेत्र अनुसार हवाई मैदानको स्थिति निम्न तालिकामा प्रस्तुत गरिएको छ—

---

[1] हवाई विभागबाट स्वीकृति प्राप्त बागलुङ्गको डोर पाटन हवाई मैदान समावेश गरिएको।

तालिका १७.५

विकास क्षेत्रअनुसार हवाई मैदानको स्थिति

विकास क्षेत्रहरू	२०१२।१३	२०२६।२७	२०३१।३२	२०३६।३७	२०४०।४१
पूर्वांचल	१	४	७	११	११
मध्ममांचल	२	६	६	८	८
पश्चिमांचल	२	४	५	६	७
मध्य पश्चिमांचल	—	७	१०	८	८
सुदूर-पश्चिमांचल	—	—	—	६	७
कुल	५	२१	२८	३९	४१

(स्रोत—राष्ट्रिय योजना आयोग, सातौं योजना, पृ० ४९९.)

सातौं योजना—सातौं योजना अन्तर्गत हवाई सेवा विकास गर्ने निम्नांकित लक्ष्यहरू निर्धारित गरिएको छ।

१. विमानस्थल निर्माण, विस्तार तथा सुदृढ़ीकरण—त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थल र नेपालगंज विमान स्थलहरूको विभिन्न निर्माण कार्यहरू गरिने छन्।

२. भौतिक सुविधा विस्तार—यस योजना कालमा ८ वटा विमानस्थलहरूमा र १७ वटा साना हवाई मैदानहरूमा विभिन्न प्रकारका भौतिक सुविधाहरू प्रदान गर्ने लक्ष्य छ।

३. साना हवाई मैदान निर्माण, विस्तार तथा सुदृढ़ीकरण—पहाड़ी क्षेत्रमा पिलाटस हवाई मैदानहरूलाई मात्र उपयुक्त भएका हवाई मैदानहरूलाई ट्वीनेटर समेत उपयुक्त हुने गरी विस्तार गर्ने नीति छैटौं योजना जस्तै सातौं योजनामा पनि कायम नै राखिएको छ। पाप्लु हवाई मैदान समेत अन्य ३ वटा साना हवाई मैदानको धावन मार्गलाई विस्तार गर्ने।

४. विमान सेवालाई बढ़ी भरपर्दो र सुरक्षित पार्नुका साथै नियमित बनाउन यस योजनामा, संचार, उड्डयन र अग्नि निवारक तथा जीवनोद्धार सेवाहरूको व्यवस्था गर्ने।

५. यस योजना अवधिमा विभिन्न प्रकारका विमानस्थल उपकरणहरूको उपलब्धि, आर्थिक तथा प्राविधिक अध्ययन, हवाई उडान सुरक्षा तथा सूचना सेवा आयोजना आदि कार्यक्रमहरू समावेश गरिएका छन्।

उपर्युक्त कार्यक्रमहरूको संचालनको लागि योजना अवधिमा ८३ करोड़ ९० लाख खर्चको रकम पनि छुट्याइएको छ।

संचार

(Communication)

संचार सेवा पनि यातायात सेवा झैं देशको सर्वाङ्गीण विकासको पूर्वाधार हुन्छ। छिटो छरितो एवं विश्वसनीय संचार व्यवस्थाको अभावमा सक्षम एवं स्वस्थ प्रशासन व्यवस्था, व्यावसायिक क्रियाकलाप एवं औद्योगिक विकास सम्भव छैन। हाम्रो देश मुख्य रूपले पहाड़-पहाड़ले भरिएको छ। यातायातको समुचित व्यवस्था नभएकोले आज पनि देशका धेरै भागहरू बाह्य सम्पर्कबाट बंचित छन्। हामीले अपनाएको प्रशासनिक विकेन्द्रीकरणको सफल संचालनको लागि जिल्ला एवं केन्द्रमा राम्रो सम्पर्क व्यवस्थाको आवश्यकता पर्दछ। फलस्वरूप संचार व्यवस्थाको अभावमा विकेन्द्रीकरण एवं अविकसित क्षेत्रहरूको आर्थिक विकास सम्भव छैन। हाम्रो देशमा संचारका निम्नांकित माध्यमहरू छन्—(क) हुलाक-सेवा (Postal services), (ख) टेलीफोन (Telephone) र (ग) आकाशवाणी (Wireless)।

हुलाक सेवा

(Postal Service)

नेपाल हुलाक सेवाको प्रारम्भ वि० सं० १९३५ सालमा भयो। तर त्यस बेला हुलाक सेवा सरकारी कामको लागि मात्र सीमित थियो। ३ साल उप्रान्त वि० सं० १९३८ सालमा गोश्वारा हुलाकको स्थापना गरी विभिन्न मूल्यका टिकटहरू प्रकाशित गरियो। वि० सं० १९३८ साल सम्म अधिराज्यमा कुल ४३ वटा हुलाक कार्यालयहरू मात्र थिए। वि० सं० २००७ सालको क्रान्ति पछि हुलाक सेवाको विकासमा गति आएको देखिन्छ। वि० सं० २०१३ साल वैसाख १ गते हुलाक प्रशासनलाई विश्व हुलाक संघको सदस्यता प्राप्त भयो। २०१२।१३ सालमा प्रथम पंचवर्षीय योजना शुरू हुनु भन्दा पूर्व अधिराज्यमा १ गोश्वारा हुलाक र १२३ वटा अतिरिक्त हुलाक गरी जम्मा १२४ वटा हुलाक कार्यालय थिए।

प्रथम पंचवर्षीय योजना :—यस योजना अन्तर्गत वि० सं० २०१५ सालमा आन्तरिक हवाई डाक सेवा र २०१६ सालमा अन्तर्राष्ट्रिय हवाई डाक सेवा शुरू भयो। वि० सं० २०१७ सालमा पोस्टल सर्कलको सट्टा ७ वटा अंचल हुलाक नियंत्रण कार्यालयको स्थापना भयो र राष्ट्रिय एवं अन्तर्राष्ट्रिय हुलाक टिकट संकलन (फिलाटेलिक) बजारमा नेपाली हुलाक टिकटको बिक्री बढ़ाउने उद्देश्यले हुलाक टिकट संकलन कार्यालय (फ़िलाटेलिक ब्यूरियो) को स्थापना गरियो। यस योजना कालमा देशका विभिन्न भागहरूमा ५४ वटा शाखा हुलाक ३७ वटा

साधारण हुलाक र १९४ वटा सहकारी हुलाक गरी कुल २८५ वटा हुलाक कार्यालयहरूको स्थापना गरियो ।

दोस्रो योजना :—यस योजना अवधिमा वि० सं० २०१९ सालमा हुलाक प्रशिक्षण केन्द्रको स्थापना, आन्तरिक डाकमा शीघ्रता ल्याउनका लागि केही डाकहरूलाई भारतीय रेलमार्गबाट पठाउने व्यवस्था र आन्तरिक बीमाको शुरूआत गरियो । अन्तर्राष्ट्रिय नियमहरूसंग मिल्ने गरी हुलाक ऐन २०१९ जारी गरियो । वि० सं० २०२० साल वैसाख १ गतेदेखि अधिराज्यभर पुनः बैरङ सेवा चालू गरियो । २०२२ साल वैसाख १ गते अन्तर्राष्ट्रिय बीमा पुलिन्दा सेवा शुरू गरियो तथा १५० वर्ष पुरानो भारतीय दूतावास हुलाक बन्द गरियो ।

तेस्रो योजना—यस योजना अवधिमा वि० सं० २०२२ सालमा आश्विन १ गते डाक केन्द्रको स्थापना भयो । वि० सं० २०२३ सालमा हुलाक निरीक्षण कार्यालय र हुलाक जिन्सीखानाको स्थापना गरियो तथा हुलाक आदेश सेवा प्रारंभ भयो । यसै योजनाभित्र ठेगाना पत्ता नलागेका चिट्ठीहरू छानी विशेष किसिमहरूबाट जाँची पुनः वितरण गर्न २०२५ सालमा फिर्ता चिट्ठी केन्द्रको स्थापना भयो ।

चौथो योजना—चौथो योजना अन्तर्गत ४४ वटा छोटी हुलाक, ५४८ वटा अतिरिक्त हुलाक, २ ओटा जिन्सी खानाको क्षेत्रीय शाखा, २ वटा क्षेत्रीय फिर्ता चिट्ठीकेन्द्र र एउटा हुलाक संग्रहालयको स्थापना गरियो । यस योजनाभित्र २५ वटा डाक सेवा विस्तार गर्ने कामको साथसाथै विभिन्न ठाउँहरूमा १४ वटा भवन निर्माणको काम पूरा गरियो । चौथो योजनाको अन्तिम वर्ष २०३१/३२ सालसम्म देशमा एउटा गोश्वारा हुलाक, ७४ वटा जिल्ला हुलाक, २५४ छोटी हुलाक र ६७८ ओटा अतिरिक्त हुलाक गरी देशमा हुलाकहरूको संख्या कुल १,००७ पुग्न गयो ।

पाँचौं योजना—पाँचौं योजना कालमा लक्ष्य अनुसार नै ३२ वटा छोटी हुलाक, ३५६ वटा अतिरिक्त हुलाक र १५ ओटा डाक रेखाको स्थापना भयो । योजना अवधिमा ४९ जिल्लाहरूमा धनादेश सेवा तथा २५ जिल्लाहरूमा बचत वैंक सेवा (Saving Bank Service) उपलब्ध गराइयो । ११ वटा हुलाक भवनको निर्माणको साथ-साथै ४ वटा भवनको विस्तार कार्य भयो । योजना अवधिमा नेपाल भारत बीच धनादेश-सेवा शुरू गरियो । पाँचौं योजनाको अन्तिम वर्षसम्म देशमा हुलाकहरूको संख्या १३५८ पुग्न गयो ।

छैटौं योजना—छैटौं योजना अन्तर्गत हुलाक सेवा विकासको सम्बन्धमा निम्नांकित भौतिक लक्ष्यहरू हासिल गरियो—

१. हुलाक स्थापना—योजना कालमा छोटी हुलाक ८० वटा अतिरिक्त हुलाक ४०० वटा गरी जम्मा ४८० वटा हुलाक स्थापना गर्ने लक्ष्य रहेकोमा योजनाको ४ वर्षको अवधिसम्म ८१ वटा छोटी हुलाक, ३२० वटा अतिरिक्त हुलाक गरी जम्मा ४०१ वटा हुलाकको स्थापना भयो। योजनाको अन्तिम वर्षसम्म छोटी हुलाक ३० वटा र अतिरिक्त हुलाक ४० वटा गरी अझै ७० वटा हुलाक स्थापना गर्ने लक्ष्य देखिएकोले पाँच वर्षको अवधिमा कुल ४७१ वटा हुलाक स्थापना हुने देखिन्छ।

२. डाक परिवहन विकास—डाक परिवहन विकासको हकमा योजनाको प्रथम चार वर्षमा २४ वटा डाक रेखाहरू स्थापना गरियो र अन्तिम वर्षमा ६ वटा यस्ता डाक रेखाहरू स्थापना गर्ने लक्ष्य रहेकोले पाँच वर्षको अवधिमा ३० वटा डाक रेखा स्थापना हुने देखिन्छ।

३. आर्थिक सेवा—योजनाको अन्तिम ४ वर्षको अवधिमा धनादेश सेवा १०९ वटा हुलाकहरूवाट र बचत व्याङ्क सेवा ५० वटा हुलाकहरूवाट उपलब्ध गराइयो।

४. भवन निर्माण—योजनाको प्रथम चार वर्षको अवधिमा ८५ वटा भवन निर्माण गरियो र अन्तिम वर्षमा २३ वटा भवन निर्माण गर्ने लक्ष्य थियो।

५. विविध—योजनाको प्रथम चार वर्षमा ४८० जवानलाई तालिम दिने काम पूरा गरियो र २५०० पोस्ट वक्स थप गर्ने तथा १५०० पत्र मंजूषा वृद्धि गर्ने लक्ष्य अनुसारको उपलब्धि हासिल गरियो।

छैटौं योजनाको अन्तिम वर्ष (२०४०/४१ साल) सम्म अधिराज्यभर विभिन्न हुलाकहरूको संख्या १८२१ पुगेको थियो।

यस प्रकार योजनावद्ध प्रयासले गर्दा देशमा हुलाक सेवाको स्थितिमा निकै सुधार भएको देखिन्छ। प्रथम योजना शुरू हुनु भन्दा अघिदेखि छैटौं योजनाको अन्तिम वर्षसम्म अधिराज्यमा हुलाक कार्यालयहरूको स्थिति निम्न तालिकामा प्रस्तुत गरिएको छ।

तालिका १७.६

अधिराज्यमा हुलाक कार्यालयको स्थिति

(वि० सं० २०१२–२०४१)

हुलाक कार्यालयको किसिम	प्रथम योजना शुरू हुनु भन्दा अघि	तेस्रो योजना-को अन्तिम वर्ष	चौथो योजना-को अन्तिम वर्ष	पाँचौं योजना को अन्तिम वर्ष	छैटौं योजना-को चौथो वर्ष	छैटौं योजना को अन्तिम वर्ष २०४०।४१ को अनुमानित स्थिति
१. गोश्वारा हुलाक	१	१	१	१	१	१
२. जिल्ला हुलाक	—	१४	७४	७४	७४	७४
३. छोटी हुलाक	—	९०	२५४	२८६	३६७	३९७
४. अतिरिक्त हुलाक	१२३	१५३	६७८	९९७	१३७९	१४१९
५. अन्य	—	४४८	—	—	—	—
कुल	१२४	७०६	१००७	१३५८	१८२१	१८९१

(स्रोत—राष्ट्रिय योजना आयोग, सातौं योजना, पृष्ठ ५४९)

माथिको तालिकावाट के प्रष्टिन्छ भने प्रथम योजना शुरू हुनु भन्दा अघि देशमा विभिन्न प्रकारका हुलाकहरूको संख्या १२४ वटा थियो। विभिन्न प्रकारका हुलाकहरूको संख्या छैटौं योजनाको अन्तिम वर्षमा अनुमानित १८९१ पुग्न गयो अर्थात यसमा १५ दोव्बर भन्दा पनि बढ़ी वृद्धि भएको छ।

सातौं योजना—सातौं योजना अवधिमा हुलाक सेवाको विकास सम्वन्धमा छोटी हुलाक १७५ र अतिरिक्त हुलाक ४७४ गरी जम्मा ६४९ ओटा हुलाक कार्यालयको स्थापना गर्ने कार्यक्रमको साथसाथै डाक परिवहन तथा सुधारको थप ३० वटा डाक रेखाहरूको स्थापना तथा बिस्तार गर्ने लक्ष्य राखिएको छ। योजना अवधिमा डाक ढुवानी तथा डाक वितरण र आवश्यक रेख-देखको लागि डाक गाड़ी, स्कूटर भैन, साइकिल जस्ता सवारीहरू उपलब्ध गरांइने लक्ष्य राखिएको छ। यस योजना अवधिमा नयाँ १२ वटा भवन निर्माणको साथसाथै छैटौं योजनादेखि बन्दै आएका तर पूरा नभएका १२ वटा भवन निर्माण कार्यलाई समेत पूरा गर्ने लक्ष्य राखिएको छ। यस योजना अवधिमा हुलाक विकास सम्बन्धी विभिन्न कार्यहरूको लागि रु० ३ करोड २१ लाख खर्चको रकम छुट्याइएको छ।

दूर-संचार

(Tele-Communication)

नेपाल जस्तो पहाड़ी भू वनौट तथा शहर र हवाई यातायातको पर्याप्त सुविधा नभएको देशको आर्थिक, सामाजिक, राजनैतिक र प्रशासनिक क्षेत्रको विकासको लागि टेलीफोन, आकाशवाणी, माइक्रोवेभ ट्रंक संचार प्रणाली, टैलेक्स, टेलीप्रीन्टर्स आदि आधुनिक दूर-संचारका माध्यमहरूको ठूलो महत्व हुन्छ। यी दूर-संचारका माध्यमहरूको विकासको अभावमा देशको उद्योग वाणिज्य एवं व्यापारको विकास सम्भव छैन।

सर्व प्रथम वि० सं० १९७१ सालतिर काठमाडौंदेखि रक्सौलसम्म ११० कि० मी० ट्रंक टेलीफोनको स्थापनाबाट आधुनिक दूर-संचारको प्रारम्भ भयो। वि० सं० १९९२ सालमा २५ तन्तु पथको स्वचालित टेलीफोन लाइनको जडान गरियो। यस उप्रान्त वि० सं० १९९३ सालमा काठमाडौं धनकुटा बीच ५१८ कि० मी० र २००७ सालमा काठमाडौं पाल्पा बीच २४० कि० मी० लामो टेलीफोन लाइनको जडान भयो। वि० सं० २००७ सालसम्म टेलीफोन सेवा सरकारी कामको लागि मात्र उपलब्ध थियो। सर्वप्रथम २००८ सालमा १०० लाइनको हाते टेलीफोन जडान गरी सर्वसाधारण जनताको लागि टेलीफोन सेवाको स्थापना गरियो। वि० सं० २०१० सालमा पाल्पा भैरहवा र काठमाडौं धुलीखेल (२९ कि० मी०) टेलीफोन लाइन जडान गरियो।

आकाशवाणी सेवाको प्रारम्भ वि० सं० २००६ सालदेखि भएको देखिन्छ। त्यस बेला अधिराज्यको काठमाडौं, नेपालगंज, भैरहवा, इलाम, धनकुटा र विराटनगर ६ जिल्लाहरूमा आकाशवाणी सेवा उपलब्ध थियो। वि० सं० २००८ सालमा ७ नयाँ ठाउँहरूमा र वि० सं० २००९ सालमा पुनः १४ ठाउँहरूमा नयाँ आकाशवाणी केन्द्रहरू थपियो।

प्रथम योजना शुरू हुनु भन्दा पहिले वि० सं० २०१२/१३ सालमा दूर-संचारको स्थितिमा विचार गर्दा ३५० ओटा स्थानीय टेलीफोन एक्सचेंज, ७ स्थानहरूमा ट्रंक-टेलीफोन सेवा, २८ वटा आकाशवाणी केन्द्र र केवल एक देशसँग मात्र अन्तर्राष्ट्रिय दूर-संचार सेवा (सीधा सम्पर्क) उपलब्ध थियो। सम्पूर्ण संचार सेवा हुलाक सेवा विभागको नियन्त्रणमा नै थियो।

प्रथम योजना—यस योजना अवधिमा १२० लाइन क्षमताको सिंहदरबार र १००० लाइन क्षमताको काठमाडौंका अन्य ठाउँहरूमा तथा १८२० लाइन क्षमताको देशका अन्य ठाउँहरूमा गरी कुल ३ हजार लाइन क्षमताको आधुनिक स्वचालित टेलीफोन एक्सचेंजको व्यवस्था गरियो। वि० सं० २०१६ सालमा दूर संचार विभाग खड़ा गरियो तथा हुलाक सेवा विभागको नियन्त्रणमा रहेको दूर संचार सेवालाई यस विभाग अन्तर्गत राखियो।

दोस्रो योजना—यस योजना कालमा विराटनगरमा लोकल एक्सचेंज सहित ३०० लाइन खडा गर्ने काम पूरा गरियो तथा काठमाडौंमा ४०० थप लाइन जडान गर्ने काम प्रारम्भ गरियो। आकाशवाणीको विकासको सम्वन्धमा यस योजना कालमा ७ जिल्लाहरूमा क्षेत्रीय अड्डाहरू (क्षेत्रीय स्याटेलाइट स्टेशनहरू) तथा ५० ठाउँहरूमा शाखा अड्डाहरू (शाखा स्याटेलाइट स्टेशनहरू) खोलियो। अन्तर्राष्ट्रिय आकाशवाणी सेवाको लागि दिल्ली र कलकत्तामा दुई सर्क्युटको स्थापना गरियो। खबरको छिटो आदान प्रदान गर्ने उद्देश्यले २ वटा दूर मुद्रण यन्त्र पनि चालू गरियो।

तेस्रो योजना—तेस्रो योजना कालमा काठमाडौंमा ४००० र पाटनमा ६०० टेलीफोन लाइन जडान गरियो। विराटनगरमा ३०० सी० वी० लाइनमा १०० वटा थप गरी लाइनहरूको संख्या ४०० पुन्याइयो। रक्सौल-काठमाडौं बीच ट्रंक सेवा प्रारम्भ भयो। योजनाको अन्तसम्म १४ अंचल र ७५ जिल्लामा आकाशवाणी सेवा उपलब्ध हुन गयो।

चौथो योजना—चौथो योजनामा दूर संचार क्षेत्रमा निम्नांकित प्रगतिहरू भए।

(क) काठमाडौं टैलेक्स सेवा—काठमाडौंमा ६० चैनेल क्षमताको टैलेक्स सेवा स्थापित गरी चालू गरियो ।

(ख) स्थानीय टेलीफोन सेवा—१४०० स्वचालित टेलीफोन स्थापना गरी चालू गरियो । १३०० स्वचालित टेलीफोन जडान गर्ने कार्य चालू गरियो तथा २१५० मैनुअल टेलीफोन स्थापना भयो ।

(ग) काठमाडौं रक्सौल तथा काठमाडौं नेपालगंज (एच. एफ.) रेडियो लिंक स्थापना भयो ।

(घ) माइक्रोवेभ संचार प्रणाली सेवा—काठमाडौं, वीरगंज, जनकपुर, राजविराज, विराटनगर, धरान, भद्रपुर र पोखराहरूमा माइक्रोवेभ संचार सेवा स्थापना गरी परीक्षणका रूपमा चालू गरियो ।

पाँचौं योजना—पाँचौं योजना कालमा थप ३ शहरहरूमा टेलीफोन सेवा उपलब्ध गराइयो । यस अवधिमा थप ४७५० टेलीफोन लाइन जडान गरियो । पाँचौं योजना कालमा टेलीफोन लाइनको संख्या १३,६७० र टेलीफोन एक्सचेंजको संख्या १८ पुगे । माइक्रोवेभ संचार व्यवस्था अन्तर्गत नयाँ लिंकहरू स्थापना गर्ने तर्फ रूट सर्वेक्षण गरी अधिकांश कार्यहरू पूरा गरियो तथा ८ जिल्लाहरूमा पुराना आकाशवाणी उपकरणहरू हटाई नयाँ ट्रांज़िस्टराइज्ड सेट र सोलर सेलहरू उपयोग गर्ने व्यवस्था गरियो । अधिराज्यका ८० विभिन्न ठाउँहरूमा आकाशवाणी सेवा उपलब्ध गराइयो । अन्तर्राष्ट्रिय दूर-संचार सेवा तर्फ काठमाडौंबाट हङ्कङ् जापानसम्म रेडियो सम्पर्क कायम भयो ।

छैटौं योजना—छैटौं योजनाको अन्तिम वर्ष (२०४०/४१) सम्म स्थानीय टेलीफोन एक्सचेन्जको संख्या २०,५८० हुन गयो । आकाशवाणीको संख्या ८२ पुगेको देखिन्छ । ४० वटा आकाशवाणी केन्द्रहरू सौर्यशक्तिबाट संचालित भएका छन् । माइक्रोवेभ संचार सेवामा १२० चैनेलबाट उपलब्ध गर्न गरेकोमा थप ८४ चैनेल वृद्धि हुन गई २०४ चैनेल पुगेको छ । टैलेक्स एक्सचेंज तर्फ मैनुअल एक्सचेंजबाट सेवा पुऱ्याई रहेकोमा ५१२ लाइन क्षमताको स्वचालित टैलेक्स एक्सचेंन्जको स्थापना गरियो । विगत दशकको खास-खास वर्षहरूमा दूर-संचार सेवाको स्थिति निम्न तालिकामा प्रस्तुत गरिएको छ ।

तालिका १७·७

दूर-संचार सेवाको स्थिति
(वि० सं० २०१२–२०४०।४१)

आयोजनाको नाम	आ. व. २०१२/१३	आ. व. २०२६/२७	आ. व. २०३१/३२	आ. व. २०३६/३७	आ. व. २०४०/४१	आ. व. २०४१/४२ अनुमानित
१. स्थानीय टेलीफोन एक्सचेंज	३५०	६०००	८९२०	१३,८८०	२०५८०	२७७८०
२. आकावाणी केन्द्र	२८	७०	७३	८०	८२[1]	८२[1]
३. टेलीफोन सेवा (स्थानमा)	७	७	११	११	३७	३७
४. माइक्रोवेभ संचार सेवा						
जिल्ला	—	—	—	११	१६	१६
च्यानेल	—	—	—	१२०	२०४	६९६
५. टैलेक्स एक्सचेंज सेवा						
मैनुअल लाइन	—	—	६०	९५		
स्वचालित लाइन	—	—	—	—	५१२	५१२
६. अन्तर्राष्ट्रिय दूर-संचार सेवा (सीधा सम्पर्क मुलुकहरू)	१	२	३	५	५	५

(स्रोत—राष्ट्रिय योजना आयोग, सातौं योजना, पृ० ५३२)

सातौं योजना—वर्तमान सातौं योजनामा निम्नांकित लक्ष्यहरू निर्धारित गरिएको छ—

(क) स्थानीय टेलीफोन एक्सचेंज—४०,८२० लाइन टेलीफोन एक्सचेंज थप गर्ने ।

(ख) ग्रामीण दूर-संचार—२०० वटा पब्लिक कल अफिस र सब्सक्राइवर कनेक्सनहरू स्थापना गर्ने ।

---

[1] ८२ आकाशवाणी केन्द्र मध्ये ४२ साधारण एवं सौर्यशक्तिमा आधारित छन् ।

(ग) भू उपग्रह संचार केन्द्र—यसमा थप २४ चैनेल वृद्धि गरी ५४ चैनेल सेवा उपलब्ध गर्ने ।

(घ) स्वचालित एक्सचेंज विस्तार—यस तर्फ १९६ लाइन वृद्धि गर्ने र फ्रिकवेंसी मैनेजमेंट र रेडियो मौनिटरीको व्यवस्था गरिने ।

उपर्युक्त कार्यहरूको लागि कुल रकम मध्ये संस्थानलाई रु० ५० करोड़ ५६ लाख लगानीको रूपमा श्री ५ को सरकारको तर्फवाट उपलब्ध गराइने छ । बाँकी खर्चको व्यवस्था संस्थानको आफ्नै स्रोत र ऋणद्वारा गरिने छ ।

Model Questions

(१) Discuss the importance of transport and communication in economic life of Nepal.

नेपालको आर्थिक जीवनमा यातायात एवं संचारको महत्वको विवेचना गर्नुहोस् ।

(२) Describe the economic importance of roadways in our country. What progress have been made in this respect during plan period ?

सड़क यातायातको महत्वको वर्णन गर्नुहोस् । योजना अवधिमा यस सन्दर्भमा के-के उपलब्धिहरू हासिल हुन सकेका छन् ?

(३) छोटो उत्तर दिनुहोस्—

(क) नेपालमा सड़क यातायातको महत्व (Importance of road transport in Nepal) । सी० एल २०४० ।

(ख) सातौं योजना कालमा हुलाक सेवा विकास ।

(Postal service development in seventh plan)

(ग) नेपालमा जलमार्गको सम्भावना (Feasibility of water-ways in Nepal) ।

अध्याय : १८ :

ग्रामीण तथा घरेलु उद्योग

(Village and Cottage Industries)

ग्रामीण तथा घरेलु उद्योगको अर्थ—नेपाल एक कृषि प्रधान देश हो। मौसमी वर्षामा निर्भर यहाँका किसानहरू सालमा ४-५ महिना मात्र खेतमा काम गर्दछन् र बाँकी समय बेरोजगार भएर बस्नु पर्दछ। यस बेकार समयमा किसानहरूले आफ्नो आवश्यकताको पूर्तिको लागि स्थानीय कच्चा समानहरूलाई प्रयोग गरी परिवारका सदस्यहरूको श्रमवाट कपड़ा बुन्ने, कागज बनाउने, धातुका भाँड़ा-कुडा बनाउने, फर्निचर बनाउने, जुत्ता बनाउने आदि जस्ता व्यवसायहरूको संचालन गर्दै आएका छन्। यी व्यवसायहरू श्रम-प्रधान छन्। यस्ता व्यवसायहरूको संचालनमा थोरै पूँजीको आवश्यकता पर्दछ। यस प्रकारको व्यवसायद्वारा उनीहरूको आफ्नो आवश्यकताको पूर्तिको साथ-साथै केही आय पनि प्राप्त हुन्छ। हामी यस्तै प्रकारका व्यवसायहरूलाई ग्रामीण तथा घरेलु उद्योग भन्दछौं। औद्योगिक व्यवसाय (दोस्रो संशोधन) ऐन २०४४ अनुसार घरेलु उद्योग भन्नाले देहायका उद्योगहरू सम्झनु पर्दछ[1]।

(१) मुख्य कच्चा पदार्थको लागि परिवर्त्य विदेशी मुद्रा आवश्यक पर्ने, २ लाख रुपैयाँसम्मको मेशीन औजार तथा यंत्र उपकरण समेत गरी कुल ७ लाख रुपैयाँसम्मको स्थिर जेथा भएको कुल वार्षिक उत्पादन १५ लाख रुपैयाँ ननाघ्ने तथा १० अश्व शक्ति भन्दा वढ़ी उर्जा प्रयोग नहुने उद्योग।

(२) मुख्य कच्चा पदार्थ स्थानीय रूपमा नै उपलब्ध हुने, सात लाख रुपैयाँसम्मको स्थिर जेथा भएको र कुल वार्षिक उत्पादन २५ लाख रुपैयाँ ननाघ्ने उद्योग।

(३) अधिकतम श्रम-मूलक, देशको परम्परा, कला वा संस्कृतिसँग सम्बद्ध र खास सीप वा स्थानीय कच्चा पदार्थ र साधन परिचालन गर्ने परम्परागत किसिमका भनी श्री ५ को सरकारले राजपत्रमा सूचना प्रकाशित गरी तोकेको उद्योग।

ग्रामीण तया घरेलु उद्योगको महत्व (Importance of village and Cottage Industries):—नेपाल जस्तो कृषि प्रधान देशमा जहाँ औद्योगिक विकासका लागि पूर्वाधारको रूपमा आवश्यक पूंजी, प्राविधिक ज्ञान, दक्ष जन-

---

[1] श्री ५ को सरकार, नेपाल राजपत्र भाग २, खण्ड ३७, अतिरिक्ताङ्क ३५, मिति २०४४।७।१।

शक्ति विद्युत-शक्ति आदि कुराहरूको अभाव छ, ठूला उद्योगहरूको माध्यमबाट औद्योगिक विकास सम्भव छैन। हाम्रो देशमा जनताको आय एवं रोजगारीमा वृद्धि, स्थानीय शीपको विकास, छरिएका प्राकृतिक साधनहरूको प्रयोग आदिको लागि ग्रामीण एवं घरेलु उद्योगको महत्वपूर्ण स्थान छ। हाम्रो अर्थतन्त्रको विकासमा घरेलु उद्योगको योगदान निम्न अनुसार छ।

१. रोजगारीको दृष्टिले :—नेपालका किसानहरू सालमा ४-५ महिना खेती-पाती गरिसकेपछि सालभरि वेकार नै रहन्छन्। देशमा व्यापक रूपले बेरोजगारी, अर्धबेरोजगारी एवं मौसमी बेरोजगारीको स्थिति छ। देशमा पूंजीको अत्यधिक अभाव पनि छ। यस उद्योगलाई संचालन गर्न थोरै मात्रामा पूंजी चाहिन्छ र धेरै मात्रामा यसबाट रोजगारीको अवसर उपलब्ध हुन्छ। किसानहरू कृषि कार्यको साथ-साथै यस प्रकारका उद्योगहरूमा पनि काम गर्न सक्छन्। यस प्रकारको उद्योगद्वारा बेरोजगारलाई रोजगारी प्राप्त हुन्छ, अर्धबेरोजगारहरूले बढ़ी काम पाउँछन् र कृषि कार्य नहुने समयमा किसानहरूलाई अतिरिक्त आय प्राप्त हुन्छ। एक अध्ययन अनुसार वि० सं० २०३४।३५ सालमा घरेलु उद्योगमा १२ लाख १५ हजार मानिस लागेका थिए जो कुल औद्योगिक रोजगारीको ९६·६ प्रतिशत हुन आउँछ। औद्योगिक एकाईको संख्याको दृष्टिले कुल औद्योगिक एकाईको संख्यामा घरेलु उद्योगको संख्या ९९·५ प्रतिशत रहेको छ।

२. गैर-कृषि आर्जन बढ़ाउने :—हाम्रो देशमा किसानहरू अत्यन्तै गरीब छन्। कृषि कार्यबाट किसानहरूलाई जीवन निर्वाहको साथ-साथै औषधि उपचार, केटा-केटीहरूको लागि शिक्षा आदिमा खर्च गर्न पर्याप्त आम्दानी हुँदैन। घरेलु एवं साना उद्योगहरूको विकास भएमा नियमित रूपले किसानहरूलाई केही आय प्राप्त हुन सक्छ र उनीहरूको जीवन स्तरमा सुधार हुन सक्छ।

३. स्थानीय शीप एवं कलाको विकास :—नेपालको विभिन्न भागहरूमा ढुङ्गाको मूर्ति बनाउने, भाँडा बनाउने, काठमा कलात्मक काम गर्ने, खुकुरी बनाउने जस्ता अनेकौं प्रकारका कलात्मक समान बनाउने कालीगड़हरू छन्। ग्रामीण एवं घरेलु उद्योगको विकास भएमा ती कालीगड़हरूको शीप एवं जाँगरको सदुपयोग हुन सक्दछ। यसरी स्थानीय शीप एवं कलाको विकासको लागि ग्रामीण एवं घरेलु उद्योगको विकासले महत्वपूर्ण योगदान दिन सक्छ।

४. स्थानीय कोरामालको अधिकतम प्रयोग :—अधिराज्यको विभिन्न भागहरूमा कलात्मक वस्तु निर्माण गर्न ढुङ्गा, फर्निचर बनाउने काठ-बाँस, कागत बनाउने घाँस, जुत्ता बनाउने छाला जस्ता अनेकौं कोरामालहरू प्रशस्त मात्रामा पाइन्छ। घरेलु उद्योगधन्धाहरूको विकास भएमा स्थानीय रूपले पाइने यी विभिन्न

प्रकारका कोरामालहरू खेर जाँदैनन् र यी कोरामालहरूको उपयोगद्वारा राष्ट्रिय आयमा धेरै मात्रामा वृद्धि गर्न सकिन्छ ।

५. उद्योग खड़ा गर्न विदेशी मुद्राको आवश्यकता हुँदैन :—ग्रामीण एवं घरेलु उद्योगको स्थापना एवं संचालन स्थानीय कोरामाल एवं जनशक्तिद्वारा हुन्छ । यसको लागि कुनै विदेशी प्राविधिज्ञ एवं ठूला-ठूला मेशीनहरूको आवश्यकता पनि पर्दैन । फलस्वरूप विदेशी मुद्राको आवश्यकता नै नपर्ने हुनाले यस उद्योगको लागि विदेशी स्रोतमा निर्भर रहन पर्दैन ।

६. निकासी बृद्धि :—ग्रामीण एवं घरेलु उद्योगको विकास भएमा ढुङ्गावाट वनेका कलात्मक सामानहरू, राड़ी, पाखी, गलैंचा आदि जस्ता वस्तुहरूको निकासीद्वारा प्रशस्त मात्रामा विदेशी मुद्रा आर्जन गर्ने सम्भावना छ । अहिले घरेलु उद्योगले उत्पादन गर्ने वस्तुहरूको निकासी प्रति वर्ष रु० ११ करोड़ बराबर जतिको छ ।

७. उपभोग्य वस्तुको आपूर्ति :—ठूला उद्योगहरूमा पूंजीगत वस्तुहरूको उत्पादन हुन्छ र उत्पादन कार्यमा धेरै लामो समय पनि लाग्दछ । ग्रामीण एवं घरेलु उद्योग धन्धाहरूमा स्थानीय आवश्यकताहरूको पूर्तिका लागि धेरै प्रकारका वस्तुहरूको उत्पादन हुन्छ र उत्पादनमा समय पनि थोरै लाग्दछ । यस प्रकार स्थानीय वजारमा उपभोक्ता वस्तुहरूको आपूर्तिको लागि ग्रामीण एवं घरेलु उद्योग अति नै महत्वपूर्ण छ ।

८. आर्थिक क्रियाकलापको विकेन्द्रीकरण :—ठूला-ठूला उद्योग-धन्धाहरू वाटो-घाटो, बिजुली आदिको सुविधा हुने ठाउँहरूमा नै केन्द्रित हुन जान्छ र यी पूर्वाधारहरूको अभाव हुने ठाउँहरूमा कुनै औद्योगिक लगानी हुँदैन । यसै कारणले गर्दा हाम्रो औद्योगिक लगानी पनि यी सुविधाहरू उपलब्ध हुने तराईका केही शहर एवं काठमाडौं उपत्यकासम्म मात्र सीमित रहन गई देशको औंद्योगिक विकासमा क्षेत्रीय असन्तुलन (Regional Imbalance) को समस्या पैदा भएको छ । तर ग्रामीण एवं घरेलु उद्योग-धन्धाहरू वाटो-घाटो, बिजुली आदि भौतिक पूर्वाधार उपलब्ध नहुने पहाड़ी भागहरूमा पनि स्थापित हुन सक्छ र देशमा भएको क्षेत्रीय असंतुलन हटाउनमा धेरै नै मद्दत पुऱ्याउँछ ।

ग्रामीण एवं घरेलु उद्योगको महत्व

१. रोजगारीको दृष्टिले
२. गैर-कृषि आर्जन बढ़ाउने
३. स्थानीय शीप एवं कलाको विकास

४. स्थानीय कोरामालको अधिकतम उपयोग
५. उद्योग खड़ा गर्न विदेशी मुद्राको आवश्यकता हुँदैन ।
६. निकासी वृद्धि
७. उपभोक्ता वस्तुको आपूर्ति
८. आर्थिक क्रियाकलापको विकेन्द्रीकरण

नेपालमा ग्रामीण तथा घरेलु उद्योगको ऐतिहासिक झलक

(Historical Glimpse of village and cottage Industries in Nepal)

नेपाल धेरै ससाना राज्यहरूमा विभाजित थियो । एक पर्वतीय भूपरिवेष्ठित देश भएको हुनाले एक वस्ती वा समुदायको अर्कोसँग सम्पर्क थिएन । फलस्वरूप मानिसले आफ्ना सीमित आवश्यकताहरूको पूर्ति आफैले गर्नु पर्थ्यो । यस भौगोलिक विकटता एवं राजनैतिक परिस्थितिले गर्दा यहाँ घरेलु उद्योगको विकास भएको थियो । प्राचीन ग्रन्थहरूमा भएको उल्लेख अनुसार किरात कालमा कृषि भन्दा पनि घरेलु एवं शिल्प उद्योग बढ़ी विकसित थियो । चौथो शताब्दीमा कौटिल्यले नेपालबाट विभिन्न प्रकारका वस्तुहरू विदेशमा निकासी हुन्थ्यो भन्ने उल्लेख गरेको छ । त्यसै गरी सातौं शताब्दीमा प्रसिद्ध चिनियाँ यात्रुहरूको वर्णनबाट यहाँको उत्पादन हुने वस्तुहरूबारे पुष्टि मिल्छ । सातौं शताब्दीमा बनेपा-कुती मार्ग चालू भएकोले तिब्बतको बजारमा नेपाली शिल्पकलाका वस्तुहरूको निकासीमा निकै वृद्धि भयो । फलस्वरूप त्यस समयमा यहांका शिल्प कला उद्योगको द्रुततर विकास हुन गयो ।

नेपालका अनेकौं प्राचीन मन्दिर, स्तूप र भवनहरूमा प्राचीन नेपाली कलाको प्रदर्शन हुन्छ । यस सन्दर्भमा ललितपुरको कृष्णमन्दिर उल्लेखनीय छ । त्यसै गरी बूढ़ानिलकण्ठका विष्णु र पशुपति ढुङ्गाका मूर्तिहरू, स्वयम्भूका बौद्ध मूर्तिहरू, सिद्ध पोखरीका सूर्य तथा चन्द्र मूर्तिहरूको साथ-साथै यत्र तत्र पाइने शिला स्तम्भ, लिंग तथा अनेकौं ढुङ्गाका मूर्तिहरूबाट यहाँको ढुङ्गा सम्बन्धी हस्तकला धेरै नै विकसित थियो भन्ने प्रमाण प्राप्त हुन्छ ।

मध्यकालीन मल्ल कालमा काष्ठकला एवं धातु उद्योग धेरै नै विकसित थियो । कूटो, खुर्पी, कोदालो जस्ता कृषि औजारको साथ-साथै धातुका भाँड़ा-कुडा, मन्दिरको लागि घंटी आदि सर-सामानहरू प्रशस्त मात्रामा तयार गरिन्थ्यो । त्यसै गरी देशभित्र कपासको खेती गरी त्यसबाट कपड़ा तयार गर्ने एवं देशका विभिन्न भागहरूमा हाते कागत तयार गर्ने काम पनि हुन्थ्यो ।

श्री ५ महाराजाधिराज पृथ्वीनारायण शाहदेव सरकारद्वारा विदेशी कपडाको प्रयोग, आयात एवं विदेशी व्यापारीहरूको आवागमनमा नियंत्रण लगाइबक्सी घरेलु उद्योगधन्धालाई विकसित गर्नु पर्ने आवश्यकतामाथि "दिव्य उपदेश"मा जोड़ दिइबक्सी संरक्षात्मक नीतिले गर्दा देशभित्रको व्यवसायलाई फष्टाउने पर्याप्त अवसर प्राप्त भयो ।

घरेलु उद्योग-धन्धाको पतनसम्बन्धी कारणहरू

नेपालमा घरेलु उद्योग धेरै नै विकसित थियो । तर १९ सौं शताब्दीको प्रारम्भदेखि नै यसको पतन शुरू भयो । घरेलु उद्योगको पतन सम्वन्धी कारणहरू निम्न प्रस्तुत गरिएका छन् ।

१. **भारतसँग वढ्दो सम्पर्कले गर्दा आयातमा वृद्धि**—सन् १८१४-१६ ई० को नेपाल-भारत युद्ध उपरान्त नेपाल-भारत सम्पर्क वढ्न गएको हुनाले मेशीनबाट उत्पादित विदेशी सामान नेपालमा पैंठारी हुन थाल्यो । सन् १८५० ई० मा प्रधानमंत्री जंगवहादुर राणाको बिलायत यात्रा पछि विदेशी सामानहरूको आयातमा अझै वृद्धि हुन गयो । यहाँका घरेलु उद्योगमा तयार भएका माल सामानहरू ती विदेशी वस्तुहरूको प्रतिस्पर्द्धामा टिक्न सकेनन् ।

२. **भारत र तिब्वत बीच चुम्बी उपत्यका मार्गको प्रारम्भ**—सन् १८०४ ई० मा भारत-तिब्वत शान्ति सन्धि अनुसार दुवै देश वीच चुम्वी उपत्यका मार्ग खुल्न गयो । यस मार्गद्वारा तिब्बतमा भारतीय माल सामान जान थाल्यो । नेपाली घरेलु उद्योगमा निर्मित वस्तुहरू तिव्वती बजारमा निर्मित वस्तुहरूको प्रतियोगितामा टिक्न सकेन् । फलस्वरूप यस मार्गको निर्माणले गर्दा हाम्रा वस्तुहरूको तिब्वती बजार समाप्त हुन गयो ।

३. **इस्ट इन्डिया कम्पनीको दुर्भावनापूर्ण प्रवृत्ति**—इस्ट इन्डिया कम्पनीले नेपालका घरेलु उद्योगहरूलाई समाप्त गर्ने उद्देश्यले सस्तो दरमा माल सामान वेच्न प्रारम्भ गऱ्यो । यस प्रकार यस कम्पनीको कलुशित अमैत्रिपूर्ण नीतिले गर्दा पनि हाम्रा घरेलु उद्योगहरूको पतन हुन गएको हो ।

४. **सन् १९२३ को नेपाल भारत सन्धि एवं स्वतंत्र व्यापार नीतिको अनुसरण**—सन् १९२३ ई० नेपाल भारत सन्धि अनुसार नेपालले स्वतंत्र व्यापारको नीतिको अनुसरण गऱ्यो । यस प्रकारको व्यापारिक नीति लागू भएपछि नेपालमा अनियंत्रित रूपले मेशीन निर्मित सस्ता वस्तुहरू आयात हुन थाले । नेपालका घरेलु उद्योगमा निर्मित वस्तुहरू यस प्रतियोगितामा टिक्न सकेनन् र यस उद्योगको ह्रास हुन गयो ।

५. **राणा सरकारको उदासीन नीति**—वि० सं० १९०३ देखि वि० सं० २००७ सम्मको १०४ वर्षको लामो राणा शासन कालमा घरेलु उद्योगको विकासको लागि केही पनि काम भएन । यस लामो अवधिमा वाह्य मुलुकसँग सम्पर्कको अभाव रह्यो र देशभित्र घरेलु उद्योग धन्धाहरूको विकास गर्ने मानिसहरूलाई अनेकौं प्रकारले पीड़ा एवं दण्ड सजाय दिने काम गरियो । राणा सरकारको घरेलु उद्योग प्रतिको उदासीन एवं प्रतिकूल नीतिले गर्दा घरेलु उद्योगधन्धाहरूको ह्रास हुन गयो ।

६. **पश्चिमी जीवन पद्धति**—राणा एवं अन्य धनी मानिसहरू पश्चिमी जीवन-सँग प्रभावित भएर मशीनद्वारा निर्मित वस्तुहरूको प्रयोग गर्न थालेपछि देशका मध्यम वर्गी परिवारहरूले पनि यसको अनुसरण गर्न थाले । देशको जीवन पद्धति नै पश्चिमी देशहरूबाट प्रभावित हुन गयो । यसको प्रतिकूल असर घरेलु उद्योग-द्वारा निर्मित वस्तुहरूको माँगमा पर्न गएकोले पनि घरेलु उद्योगधन्धाहरूको ह्रास भयो ।

घरेलु उद्योग-धन्धाको पतनसम्बन्धी कारणहरू

१. भारतसँग वढ्दो सम्पर्कले गर्दा आयातमा वृद्धि ।
२. भारत र तिव्वत बीच चुम्बी उपत्यका मार्गको प्रारम्भ ।
३. इष्ट इण्डिया कम्पनीको दुर्भावनापूर्ण प्रवृत्ति ।
४. सन् १९२३ को नेपाल भारत सन्धि एवं स्वतंत्र व्यापारको अनुसरण ।
५. राणा सरकारको उदासीन नीति ।
६. पश्चिमी जीवन पद्धति ।

केही प्रमुख ग्रामीण तथा घरेलु उद्योषहरू

१. **घरेलु ऊनी-सूती कपड़ा उद्योग**—सूती-ऊनी धागो कात्ने र कपड़ा बनाउने नेपालको अति महत्वपूर्ण एवं परम्परागत घरेलु उद्योग हो । काठमाडौं, गोर्खा तथा पोखरामा नेवारहरू सकली ढाका, चार कुने खद्दर आदि राम्रा खालका सूती कपड़ा तयार गर्नमा धेरै नै सिपालु छन् । काठमाडौं उपत्यकामा देशी फ्लाइंग शट्ल तथा देशी तानको प्रयोग सूती कपड़ा तयार गर्नमा गरिन्छ । पहाड़ी क्षेत्रमा केही मात्रामा कपास उत्पादन गरेर पनि धागो बनाई कपड़ा उत्पादन गर्ने काम हुन्छ । तर ज्यादा मात्रामा यस्ता कपड़ाहरू आयात गरिएको धागोबाट नै तयार गर्ने चलन छ ।

सूती कपड़ा जस्तै ऊनबाट धागो बनाउने र कपड़ा बुन्ने काम पनि यहाँका भोटे, गुरुङ र तामाङ जातका मानिसहरूले परम्परागत रूपले गर्दै आएका छन् । यहाँ-

का भोटेहरूद्वारा तयार गरिएको पसमीना अति नै प्रसिद्ध छ । त्यसै गरी देशको उत्तरी लेखाली भागमा तामाङ, शेर्पा र गुरुङ जातका मानिसहरूले गलैंचा, राड़ी, पाखी, ज्याकेट आदि बनाउने काम गर्दछन् । यहाँका घरेलु उद्योगमा निर्मित यी पसमीना, राडी, पाखी गलैंचा, स्वेटर, पंजा, शेर्पा ज्यांकेट आदि वस्तुहरूको प्रयोग देशका विभिन्न भागहरूमा हुन्छ । यी वस्तुहरूको माँग भारतको साथसाथै समुद्र पारीका देशहरूमा पनि धेरै नै छ ।

देशमा सूती कपड़ा उद्योग कच्चा मालको अभाव एवं विदेशी मिल निर्मित कपड़ासँग पर्न गएको प्रतियोगिताले गर्दा लोप हुँदै गएको छ । देशमा रुवाको खेती, प्रारम्भ गरी यस उद्योगलाई आधुनिकीकरण गरिएमा यस उद्योगको विकासको राम्रो सम्भावना देखिन्छ । उनी उद्योगको हकमा देशको पहाड़ी भागमा प्रशस्त मात्रामा कच्चा माल उपलब्ध छ । साथै पहाड़ी भागमा यस उद्योगको परम्परा रहेकोले दक्ष जनशक्ति पनि हामीसित पर्याप्त मात्रामा उपलब्ध छ । फलस्वरूप यस उद्योगमा उन्नत औजार, प्राविधिक परिवर्तन एवं संगठनात्मक सुधार ल्याउन सकेमा उद्योगको विकासको पर्याप्त सम्भावना देखिन्छ ।

२. कागज उद्योग—नेपालको पहाड़ी भागमा खास गरी डोटी, वुटवल, लमजुङ्ग आदि ठाउँहरूमा नेपाली हाते कागज उद्योग परम्परागत व्यवसायको रूपमा रहेको छ । डोटीको सिलगुडी आज पनि नेपाली कागजको लागि प्रसिद्ध छ । हस्त निर्मित यो कागज खस्रो हुन्छ र यसमा छपाइको काम हुँदैन । तर यो कागज धेरै नै बलियो हुन्छ । । प्रायः पैकिंग गर्ने काममा यस कागजको प्रयोग गरिन्छ । सन् १९५१ ई० भन्दा पूर्व सरकारी कार्यालयहरूमा यसै कागजको नै प्रयोग गरिन्थ्यो । तर हाल सरकारी कार्यालय एवं निजी क्षेत्र सवैतिर आयात गरिएको मेशिन-निर्मित कागजको प्रयोगले गर्दा यो उद्योग प्रायः समाप्त हुन लागेको छ । यस उद्योगको लागि आवश्यक पर्ने सेवई घाँस, वाँस, पराल, गहूँको भूस आदि कच्चा पदार्थहरू देशमा पर्याप्त मात्रामा पाइन्छ । साथै परम्परागत रूपले काम गर्ने श्रमिकको पनि देशमा खाँचो छैन । फलस्वरूप उत्पादनको प्रविधि एवं संगठनात्मक सुधार भएमा यस उद्योगको विकासको पर्याप्त सम्भावना देखिन्छ ।

३. तेल पेल्ने, धान कुट्ने, पीठो पिस्ने तथा दाल बनाउने उद्योग—अधिराज्यका प्रायः सवै भागहरूमा घरेलु उद्योगको रूपमा तेल पेल्ने काम हुन्छ । परम्परागत रूपले देशको खाने तेलको सम्पूर्ण माँगको पूर्ति घरेलु उद्योगद्वारा नै हुन्थ्यो । तर अचेल तेलहनको निकासी, देशमा ठूला तेल मिलहरूको स्थापना एवं विदेशवाट सस्तो तेलको पैठारीले गर्दा यो उद्योग लोप हुँदै गएको देखिन्छ । देशका विभिन्न भागहरूमा काठ एवं ढुङ्गाको कोलवाट तेल पेल्ने काम हुन्थ्यो । तर अचेल

साना-साना मेशीनहरूद्वारा पनि घरेलु उद्योगको रूपमा तेल पेल्ने काम हुन्छ । मुख्य रूपले तराईमा नै तोरीको खेती हुन्छ । फलस्वरूप सप्तरी, मोरङ्ग, चितवन, बाँके, बर्दिया आदि ठाउँहरूमा ठूला मीलको साथ-साथै घरेलु उद्योगको रूपमा पनि तेल पेल्ने काम हुन्छ । काठमाडौं उपत्यकाको साथ-साथै त्यसको वरी-परी ठिमी, भक्तपुर, थानकोट, कालीमाटी, आदि ठाउँहरू पनि यस उद्योगका लागि प्रसिद्ध छन् । तेल पेल्ने उद्योगको साथ-साथै देशको विभिन्न भागहरूमा चामल कुट्ने, चिउरा कुट्ने, गहूँको पीठो पिस्नें, दाल बनाउने र उखुबाट गुड बनाउने आदि घरेलु उद्योगहरू पनि चलिरहेका छन् ।

४. धातु-उद्योग (Metal Works)—धातु उद्योग पनि नेपालको परम्परागत उद्योग हो । पाटन, पाल्पा, तानसेन पित्तलको भाँडा-वर्तन, भोजपुर, प्यूठान, इलामको खुकुरी र बीरगंजको फलामे ताप्के भिन्न-भिन्न ठाउँमा प्रयोग गरिन्छ । पीत्तल र तामाको कलात्मक मूर्तिको लागि पाटन अति नै प्रसिद्ध छ । सामाजिक, सांस्कृतिक एवं धार्मिक स्थिति दर्शाउने यी धातुका मूर्तिहरू पर्यटन उद्योगको लागि धेरै नै आकर्षक भएका छन् । काठमाडौं, विराटनगर, जनकपुर र बीरगंज आदि ठाउँहरूमा सुन एवं चाँदीका अति आकर्षक गहनाहरू बनाइन्छ । तराई एवं पहाड़ी भागका विभिन्न ठाउँहरूमा कामीहरूद्वारा हँसिया, खुर्पी, कुटो-कुदालो, हलोको फाली जस्ता साधारण कृषि औजारहरूको निर्माण एवं मर्मत गर्ने कामहरू गरिन्छ । कच्चा मालको कमी एवं भारतबाट अल्मुनियम एवं अन्य धातुको सस्तो भाँड़ा-कुडा-आयातले गर्दा यस उद्योगलाई धेरै नै क्षति पुगेको छ । यस उद्योगको विकासको लागि यसको प्रतियोगितात्मक शक्तिमा वृद्धि गर्न आवश्यक छ । यसको लागि श्री ५ को सरकारले संरक्षण नीतिको अनुसरण गरी विदेशबाट आउने सस्तो भाँड़ा-वर्तनमा पैठारी करमा वृद्धि गर्नु पर्दछ र यस उद्योगलाई सहकारिताको आधारमा संगठित गरी उत्पादनमा पुरानो प्रणालीको सट्टा नयाँ प्रविधि अपनाउनु पर्दछ । यस्तो गरेमा यस उद्योगको विकासको धेरै नै राम्रो सम्भावना देखिन्छ ।

५. माटोको भाँडा बनाउने उद्योग—नेपाल एउटा गरीब मुलुक भएकोले घर-घरमा माटोको भाँडाको प्रयोग गरिन्छ । माटोको भाँडा बनाउने काम कुम्हाले जातिका मानिसहरूले गर्दछन् । यस भाँडालाई पकाउने काम पराल एवं गोबरद्वारा गरिन्छ । काठमाडौंको ठिमी एवं भादगाउँमा तयार गरिएको माटोको सुराही, घड़ा, घ्याम्पो, अटल धेरै नै प्रसिद्ध छन् । यहाँ माटोको पाइप पनि बनाइन्छ । तराई एवं पहाड़का विभिन्न भागहरूमा कुम्हाले जातिका मानिसहरूले दैनिक प्रयोगमा आउने घड़ा, सुराही आदिको साथ-साथै घर छाउनलाई खपड़ा (एक प्रकारको सानो टायल) बनाउने काम गर्दछन् । यो उद्योग परम्परागत तरीकाले नै चल्दैछ ।

यस उद्योगको उत्पादन प्रविधिमा कुनै परिवर्तन भएको छैन। भारतवाट आयात भएको आल्मुनियमको भाँडा एवं चाइना क्लेको पालिस भएको भाँडाको प्रतियोगिताले गर्दा यस उद्योगलाई धेरै नैं क्षति भएको छ। यस उद्योगको विकासको लागि आधुनिक प्रविधिको प्रयोगद्वारा पालिश भएको भाँडा-वर्तनहरूको उत्पादन गर्नु पर्दछ। यस्तो गरेमा यस उद्योगको बजार सम्बन्धी समस्याको समाधान हुन सक्तछ।

६. **छाला उद्योग**—नेपालको पहाड़ी भागमा सार्की र तराई भागमा चमार छाला जुत्ता व्यवसायमा लागेका छन्। यहाँ प्रशस्त मात्रामा गाई-वस्तु पालन गर्ने काम हुन्छ। फलस्वरूप कच्चा मालको रूपमा यहाँ धेरैं नै छाला उपलब्ध छ। काठमाडौंमा मुसलमान व्यापारीहरूले छाला जुत्ता बनाउने काम संचालित गरेका छन् जसमा यहाँका धेरै मात्रामा सार्कीहरूले रोजगार पाएका छन्। तर ठेक्का व्यवस्था अन्तर्गत कच्चा छाला धेरै मात्रामा विदेशमा निर्यात गर्नाले यहाँ कच्चा मालको कमी हुनुका साथै धेरै मात्रामा विदेशवाट तयारी छाला जुत्ता, सैंडल आदि आयात गरिन्छ। यहाँका सार्की एवं चमारहरूले विदेशवाट आयात गरिएको महँगो छालाद्वारा जुत्ता चप्पल वनाउने काम गर्दछन्। फलस्वरूप विदेशी प्रतियोगितामा टिक्न नसक्नाले यस उद्योगको ह्रास हुँदैछ। साझा सिद्धान्तको आधारमा यस उद्योगलाई संगठित गरी कालीगढ़हरूलाई तालिम एवं कच्चा मालको व्यवस्था गरेमा उद्योगको विकासको उज्वल सम्भावना देखिन्छ।

७. **घरेलु काष्ठ उद्योग**—नेपालमा काष्ठ उद्योग पनि परम्परागत रूपले चलिआएको घरेलु व्यवसाय हो। प्राचीन एवं मध्यकालीन नेपालमा काष्ठ कार्यमा अपूर्व मौलिक शैलीको विकास भएको थियो। काठमाडौं, पाटन, भक्तपुरका मंदिर, मल्ल दरवार एवं अन्य भवनहरूका झ्याल, ढोका, दलिन इत्यादिमा काष्ठ कलाको मौलिक एवं अपूर्व नमूनाहरू पाइन्छ। सन् १८९० उप्रान्त सिमेन्टद्वारा पश्चिमी शैलीका घरहरू वन्न थाले पछि नेपाली शैलीको काष्ठकला लोप हुँदै गयो। हाल अधिराज्यभरि फर्निचर उद्योगको विकास हुँदैछ। सिकर्मीहरूले फर्निचर वनाउने काममा रोजगारी पाएका छन्। केही कालीगढ़हरू कपड़ामा छपाई कामको लागि ब्लक वनाउने काम पनि गर्दछन्। तराईमा फर्निचरको साथ-साथै वयलगाड़ी पनि काठद्वारा वनाइन्छ।

८. **बेत, बाँस र निगालोसम्वन्धी उद्योग**—हाम्रो देश कृषि प्रधान देश हो र कृषि कार्यमा संलग्न किसानहरूलाई नाम्ला, दाम्ला, भकारी, ढाकी, टोक्री, डोको, मान्द्रो, भाँग्रो आदि विभिन्न वस्तुहरूको आवश्यकता पर्दछ। आफ्नो घरेलु आवश्यकताको पूर्तिको साथ-साथै स्थानीय बजारमा बिक्री समेत गर्नका लागि

लेक, पहाड़ र तराईका सबै ठाउँहरूमा वेत, बाँस, निगालो, पटेर आदिबाट विभिन्न वस्तुहरू बनाउने काम हुन्छ । काठमाडौंमा बाँस र निगालोबाट फर्निचर-बनाइन्छ र तराईमा पटेरबाट मान्द्रो बनाइन्छ । त्यसै गरी पहाडमा पाटबाट भाँग्रा, बाँसबाट डोको मुढा आदि बनाउने काम हुन्छ ।

९. बीड़ी उद्योग—नेपालको पहाड़ी एवं तराई क्षेत्रमा स्थानीय माँग पूर्तिका लागि घर-घरमा स्थानीय पात एवं सूर्तीको प्रयोग गरी बीड़ी बनाउने काम हुन्छ । गरीब किसान परिवारहरूलाई यो एउटा सहायक पेशा हो र यसबाट उनीहरूलाई केही अतिरिक्त आय प्राप्त हुन्छ ।

१०. घरेलु दूध उद्योग—नेपालको हिमाली प्रदेशमा शेर्पा चौंरी गाई र भेंडा पालन गर्दछन् र त्यसको दूधबाट घिउ, मक्खन, चीज आदि तयार गर्ने काम हुन्छ । यो प्रदेश यसको लागि धेरै नै महत्वपूर्ण छ । यस क्षेत्रमा पशुपालन व्यवसायलाई संगठित गरेमा घरेलु दूध उद्योग विकासको धेरै नै सम्भावना छ । त्यसै गरी देशको तराईमा पनि गाई भैंसी पालन हुन्छ र किसान परिवारलाई यसबाट केही अतिरिक्त आय पनि प्राप्त हुन्छ ।

ग्रामीण तथा घरेलु उद्योगका समस्याहरू
(Problems of village and cottage Industries)

नेपालको अर्थव्यवस्थामा घरेलु उद्योगको अति नै महत्वपूर्ण स्थान छ । तर यो उद्योग सुसंगठित एवं विकसित हुन सकेको छैन । यसका कारणहरू निम्न अनुसार छन्—

१. कच्चा मालको समस्या—यहाँको घरेलु उद्योगलाई कच्चा मालको अभाव छ । धातु उद्योग एवं सूती कपड़ा उद्योगलाई कच्चा मालको रूपमा धातु, रुवा एवं धागोको देशमा अभाव छ । उद्योगको लागि पनि नेपालबाट कच्चा छालाको अत्यधिक मात्रामा ठेक्का व्यवस्था अन्तर्गत निर्यात हुन गएकोले देशमा कच्चा छालाको अभाव नै हुन्छ र देशमा जुत्ता चप्पल बनाउने सार्की एवं चमारहरूले विदेशबाट आयात गरिएको महँगो छालाबाट जुत्ता चप्पल बनाउनु पर्दछ ।

२. साखको अभाव :—घरेलु उद्योग संचालन गर्ने गरीब किसानहरूलाई पूँजीको अभाव छ । फलस्वरूप उद्योगको संचालनको लागि उनीहरूलाई साखको आवश्यकता पर्दछ । तर उनीहरूको लागि संस्थागत साखको संगठन भएको छैन । नेपाल राष्ट्र व्याङ्कले देशको व्यावसायिक व्याङ्कहरूलाई आफ्नो कुल निक्षेपको १० प्रतिशत कृषि एवं प्राथमिक क्षेत्रलाई कर्जा दिनु भन्ने निर्देश दिएको छ र यसलाई कार्यान्वयनको लागि सघन ब्याकिंग विकास कार्यक्रम (Intensive Banking Development Programme) को शुरूआत पनि भएको छ। तर हालसम्म सो आदेश अनुसार ब्याङ्कहरूवाट प्राथमिक क्षेत्रमा साखको उपलब्धि भएको छैन। फलस्वरूप घरेलु उद्योगधन्धाहरूमा साखको अभावले गर्दा उत्पादन एवं बजार सम्बन्धी क्रियाकलापहरूमा धेरै नै प्रतिकूल असर पर्दछ।

३. बजारसम्बन्धी समस्या :—सानातिना उत्पादकहरूलाई बजार सम्बन्धी समस्या पनि छ। घरेलु उत्पादनमा उत्पादित वस्युको बिक्री वितरणको लागि सहकारिताको आधारमा कुनै संस्थागत व्यवस्थाको विकास भएको छैन। फलस्वरूप उत्पादकले उत्पादन कार्यको साथ-साथै वस्तुको बिक्री वितरण गर्ने काम पनि गर्नु पर्दछ। साना उत्पादकहरूसँग पूंजीको अभाव हुन्छ। पूंजीको अभाव हुनाले माल सामान बिक्रो गर्दा उसको मोल तोल गर्ने शक्ति (Bargaining power) कम हुन्छ र उसले थोरै मूल्यमा आफ्नो वस्तु साहु-महाजन अथवा अन्य-व्यक्तिसँग बेच्न वाध्य हुनु पर्दछ। वस्तुको बिक्री वितरणमा धेरै समय लाग्ने हुनाले उत्पादन एवं वस्तुको गुण-स्तरमा पनि यसको प्रतिकूल असर पर्दछ।

४. उत्पादनको पुरानो प्रविधि :—ग्रामीण एवं घरेलु उद्योग-धन्धाको क्षेत्रमा उत्पादकहरू गरीव एवं अशिक्षित छन्। उनीहरूलाई नयाँ प्रविधिको ज्ञान छैन र नयाँ प्रविधि अन्तर्गत उत्पादन गर्नका लागि आवश्यक मेशीनहरू क्रय गर्ने पूंजीको अभाव पनि छ। फलस्वरूप उत्पादनमा निम्नकोटिको प्रविधिको प्रयोग हुन गई उत्पादन कम हुन्छ, उत्पादन व्यय वढी गर्दछ र वस्तुको गुण-स्तर पनि राम्रो हुँदैन।

५. क्षमताभन्दा कम उत्पादन :—घरेलु उद्योग धन्धाहरूमा उत्पादित वस्तुको माँगको अभाव, पूंजीको अभाव, कच्चा माल सम्बन्धी कठिनाइ आदिले गर्दा उत्पादन गर्न सक्ने क्षमता भन्दा थोरै उत्पादन हुन्छ।

६. ठूलो उद्योगसित प्रतियोगिता :—नेपालमा घरेलु उद्योगमा निर्मित वस्तु ठूलो उद्योगमा बनेको वस्तुको प्रतियोगितामा टिक्न सक्तैन। घरेलु उद्योगमा परम्परागत तरीकाले उत्पादन हुन्छ। तर ठूलो कारखानाहरूमा आधुनिक प्रविधिको प्रयोगद्वारा राम्रो गुण-स्तरको वस्तु सस्तो दरमा तयार गरिन्छ।

७. दक्ष कालीगड़हरूको अभाव :—नेपालको घरेलु उद्योगमा काम गर्ने कालीगड़हरू खेतीमा काम नभएको वेलामा घरेलु उद्योगमा काम गर्द्दछन्। तालिमको अभावले गर्दा ती कालीगड़हरूद्वारा उत्पादित वस्तु गुण स्तरको दृष्टिले निम्नकोटिको हुन्छ। फलस्वरूप यस्ता वस्तुहरूको माँग नै हुँदैन।

८. **विज्ञापनको अभाव** :—घरेलु उद्योगमा उत्पादित गरिएका वस्तुहरूको विज्ञापन हुँदैन। यसको कारण के छ भने वस्तु थोरै मात्रामा तयार गरिन्छ र विज्ञापन गर्दा प्रतिवस्तु विज्ञापन खर्च बढ्न जान्छ। तर ठूलो उद्योग धन्धामा धेरै मात्रामा वस्तुहरूको उत्पादन भएकोले प्रतिवस्तु विज्ञापन खर्च कम पर्दछ। यस प्रकार विज्ञापनको अभावले गर्दा पनि वस्तुहरूको माँगमा वृद्धि हुँदैन।

९. **संरक्षणको अभाव** :—नेपालमा सस्तो दरमा विदेशका मेशिन निर्मित वस्तुहरू धेरै मात्रामा आयात गरिन्छ। नेपालमा घरेलु उद्योगमा हातले पुरानो प्रविधि अन्तर्गत निर्मित वस्तुहरू महँगा पर्दछन् राम्रो गुण-स्तरका हुँदैनन्। वस्तुहरूको आयातलाई वन्दगरी वा भारी मात्रामा संरक्षणात्मक आयात कर लगाई यहाँकै वस्तु बिक्री हुने संरक्षणात्मक नीतिको अभाव छ। फलस्वरूप यहाँका घरेलु उद्योग धन्धामा बनेका वस्तुहरू बिक्री हुँदैनन्।

१०. **यातायातको अभाव** :—नेपालमा घरेलु उद्योग ग्रामीण क्षेत्रमा सहायक पेशाको रूपमा फैलिएको छ। यी ग्रामीण क्षेत्रहरूमा यातायातको सुविधाको विकास भएको छैन। फलस्वरूप कच्चा मालको उपलब्धि, तयार माललाई बजारसम्म पुऱ्याउनका साथ-साथै अन्य धेरै प्रकारका कठिनाइहरू पर्दछन्।

११. **अन्य कठिनाइहरू** :—उपर्युक्त समस्याहरूका साथ-साथै यहाँका ग्रामीण एवं घरेलु उद्योगहरूलाई बिजुलीको अभाव एवं दक्ष मेनेजरको समस्या पनि छ। साथै घरेलु एवं ग्रामीण उद्योगद्वारा उत्पादित वस्तुहरूका सम्बन्धमा उत्पादन खर्च कसरी घटाउने, वस्तुहरूको गुण-स्तर कसरी बढ़ाउने आदि सम्बन्धमा शोधहरूको पनि अभाव छ।

ग्रामीण तथा घरेलु उद्योगका समस्याहरू

१. कच्चा मालको समस्या
२. साखको अभाव
३. बजार सम्बन्धीं समस्या
४. उत्पादनको पुरानो प्रविधि
५. क्षमता भन्दा कम उत्पादन
६. ठूलो उद्योगसित प्रतियोगिता
७. दक्ष कालीगड़हरूको अभाव
८. विज्ञापनको अभाव
९. संरक्षणको अभाव
१०. यातायातको अभाव
११. अन्य कठिनाइहरू

घरेलु उद्योगको विकासको लागि गरिएका प्रयासहरू

(Efforts for the Development of village and cottage Industries)

सर्वप्रथम वि० सं० १९९२ सालमा कृषि उद्योग एवं व्यापारको विकासको लागि देशमा उद्योग परिषदको स्थापना गरियो। तदोपरान्त वि० सं० १९९६ सालमा नेपाली कपड़ा र घरेलु इलम प्रचार अड्डा (घरेलु विभाग) को स्थापना भयो। यस अड्डाले उद्योगको विकासको लागि भोटे-तान, लेकाली-तान र नेवारी तान जस्ता परम्परागत तानको सट्टा देशी तानको विकास गरी वागलुङ्ग, वन्दीपुर, पोखरा, धनकुटा, बनेपा र जनकपुरमा वस्त्र बुनाइमा तीव्रता ल्याउने काम गर्‍यो। साथै यस विभागले तालिम प्रदान गरी कालीगढ़हरूद्वारा रुवा एवं धागो वितरण गरी उनीहरूकै घरमा उत्पादन कार्य गराउने उद्देश्यले काठमाडौं एवं पहाड़ तथा तराईका केही ठाउँहरूमा तालिम तथा उत्पादन केन्द्रको स्थापना पनि गर्‍यो। विभागले काठमाड़ौं केन्द्रीय जेलका कैदीहरू एवं महिलाहरूलाई तालिम दिनका लागि पनि यस प्रकारको केन्द्रको स्थापना गर्‍यो। केंही छात्रहरूलाई तालिम दिनका लागि भारतको लुधियाना, भागलपुर, वर्धा एवं शान्ति निकेतनमा पनि पठाइयो। विभिन्न केन्द्रहरूमा उत्पादन भएका वस्तुको विक्री वितरणको लागि काठमाडौंमा "घरेलु इलम प्रचार विक्री भंडार" भन्ने विक्री केन्द्र पनि खोलियो। प्रयोगको रूपमा देशको पूर्वी भागमा कपासको खेती प्रारम्भ गरियो तथा सन् १९३८, १९४० र १९४५ ई० मा औद्योगिक प्रदर्शनीहरूको पनि आयोजना गरियो। वि० सं० २०१२ साल (सन् १९५४ ई०) मा श्री ५ को सरकार र अमेरिकी फोर्ड फाउन्डेशन वीचको समझौता अनुसार नेपाललाई घरेलु एवं साना उद्योगको विकासको लागि आर्थिक एवं प्राविधिक सहयोग प्राप्त भयो।

प्रथम पंचवर्षीय योजना अन्तर्गत घरेलु उद्योग (वि० सं० २०१३-१८)– प्रथम पंचवर्षीय योजना अन्तर्गत ग्रामीण एवं घरेलु उद्योगको विकासको लागि विभिन्न कार्यक्रमहरू अन्तर्गत निम्न वमोजिमका कामहरू भए।

(क) उपत्यका घरेलु इलम केन्द्र—उपत्यका घरेलु इलम केन्द्रलाई विस्तार गरियो। ग्रामीण तालिम केन्द्रको लागि प्रशिक्षकको आवश्यकताको पूर्ति गर्ने उद्देश्यले प्रशिक्षक तालिम कार्यक्रम प्रारम्भ गरियो र यस कार्यक्रम अन्तर्गत १४४५ जवानलाई तालिम दिइयो।

(ख) जेल कारखाना तालिम कार्यक्रम—कैदीहरूमा रचनात्मक प्रवृत्ति जागरण गराई उनीहरूलाई स्वस्थ नागरिक जीवन व्यतीत गर्ने उद्देश्यले यस योजना कालमा ९० कैदीहरूलाई तालिम दिई उत्पादन शुरू गरियो।

(ग) असहाय कल्याण केन्द्र—पशुपति, पंचखेल, पूर्णेश्वर आदिका असहाय बालक बालिकालाई तालिम दिन पूर्णेश्वरमा असहाय कल्याण केन्द्र खोली १२५ असहाय बालक बालिकाहरूलाई होजियरी बुनाइ, रंगाइ, छपाइमा तालिम दिई उत्पादन कार्यमा लगाइयो।

(घ) ग्रामीण तालिम केन्द्र—२० वटा जिल्ला केन्द्रहरूमा तालिम दिने कार्यक्रम संचालित रह्यो।

(ङ) घरेलु शिल्पकला बिक्री भंडार—घरेलु उद्योगहरूमा उत्पादित वस्तुहरूको बिक्री गर्न र ऋण व्यवस्था गर्न काठमाडौंमा एउटा घरेलु शिल्पकला बिक्री भंडार खोलियो।

(च) अनुसन्धान शाखा—यस शाखाले महेन्द्र चर्खाको डिजाइन तयार गऱ्यो। फलस्वरूप बुनाइ क्षमतामा वृद्धि भयो।

(छ) घुम्ती तालिम कार्यक्रम—घरेलु उद्योग सम्बन्धी नयाँ प्रविधि एवं औजारहरूको प्रचार प्रसारको लागि योजना अवधिमा केही ठाउँहरूमा घुम्ती तालिम कार्यक्रम पनि संचालित गरियो।

त्रिवर्षीय योजनामा घरेलु उद्योग—त्रिवर्षीय योजना अन्तर्गत घरेलु उद्योगको लागि रु० १ करोड़ छुट्याइएकोमा योजना अवधिमा रु० ९२ लाखको रकम खर्च भयो। योजना कालमा निम्नांकित कार्यहरू गरियो—

(क) घरेलु उद्योग केन्द्रमा १,८०० मानिसलाई तालिम दिइयो।

(ख) चालू घरेलु इलम केन्द्रहरूको आंशिक रूपमा कार्य विस्तार गर्ने कार्य गरियो।

(ग) योजना कालमा उद्योग व्यवसायीहरूलाई ऋण एवं आर्थिक सहायता दिने कार्य गरियो।

तर तालिम प्राप्त व्यक्तिहरूलाई काम दिलाउने राम्रो व्यवस्था हुन सकेन। योजना कालमा साना उद्योगको केही मात्रामा प्रगति भए पनि घरेलु तथा ग्रामीण उद्योग तर्फ विशेष प्रगति हुन सकेन।

तेस्रो पंचवर्षीय योजनामा घरेलु उद्योग—घेरेलु उद्योगको विकासको सम्बन्धमा तेस्रो योजनामा निम्नांकित उद्देश्यहरू निर्धारित गरिएको थियो—

(१) मौसमी बेरोजगार रहेका कृषकहरूलाई रोजगार दिने।

(२) ग्रामीण उद्योगहरूको यथासम्भव विकास गर्ने र केही औद्योगिक वस्तुमा आत्मनिर्भर हुने।

(३) परम्परागत हस्तकलालाई संरक्षण प्रदान गरी विकसित गर्ने ।

(४) विदेशी मुद्रा कमाउन सम्भाव्य भएको ग्रामीण एवं हस्तकला उद्योगको विकास गर्ने ।

(५) कालीगड़हरूलाई सहकारिताको आधारमा संगठित पार्ने ।

(६) विकास गर्न सकिने खालका उद्योग धन्धाहरूलाई समुचित विकास तथा बिस्तार गर्ने ।

उपर्युक्त उद्देश्यको पूर्तिका लागि तालिम, प्रसारकार्य, वजार-व्यवस्था, अनुसन्धान तथा डिजाइन केन्द्र, ग्रामीण उद्योगलाई ऋणको व्यवस्था, कैदीहरूलाई आवश्यक तालिम दिई उत्पादक कार्यमा लगाउने, अनाथ वच्चाहरूलाई व्यावसायिक तालिम दिने कार्य गरी राख्ने व्यवस्था पनि गरिएको थियो । तर हालसम्म कतिपय कारणले गर्दा तालिम प्राप्त व्यक्तिहरू केही काम नगरी त्यसै बेरोजगार वसेको तेस्रो योजना अन्तर्गत यस प्रकारको अनमेलहरू नहुन एवं प्रभावकारी तरीकाले घरेलु उद्योगको संचालन होस भन्ने उद्देश्यले विदेशी विशेषज्ञहरूको सहायताद्वारा तयार गरिएका प्रतिवेदन अनुसार कार्यक्रम तयार गरियो । उक्त कार्यक्रमहरू तयार गर्न विदेशी सहांयतामा सम्बद्ध गराइयो । तर सहायताको रकम समयमा र आयोजना अनुरूप उपलब्ध हुन नसकेवाट कार्यक्रमहरू अधिकांश रूपमा कार्यान्वयन हुन सकेन र घरेलु ग्रामीण तथा साना उद्योगको विकासको गति तेस्रो योजनामा पनि एक प्रकारले अबरुद्ध नै रहन गयो ।[२]

चौथो योजना—चौथो पंचवर्षीय योजना अन्तर्गत घरेलु उद्योगको विकास सम्बन्धी नीतिमा परिवर्तन ल्याइयो । यस योजनामा स्थापित भै सकेको उद्योगलाई आवश्यक सेवाहरू प्रदान गरी वढ़ी सक्षम एवं उपयोगी बनाउने कुरोमा जोर दिइयो । यस योजनाले नयाँ उद्योग खोल्दा कच्चा मालको उपलब्धि, वजार आदि कुराहरूमा पूर्ण विचार गरी सम्भाव्य भएमा मात्र नयाँ उद्योग खोल्ने भन्ने नीति राखेको थियो । साथै तालिम प्राप्त व्यक्तिलाई उपयोगमा ल्याउन सकिने सम्भाव्यताको आधारमा मात्र तालिम दिने नीतिको अवलम्बन गरियो । यस योजना अन्तर्गत घरेलु उद्योग विकास कार्यक्रमलाई निम्नांकित क्षेत्रहरूमा विभाजित गरिएको थियो ।

१. औद्योगिक तथा प्राविधिक सेवा कार्यक्रम—यस कार्यक्रम अन्तर्गत स्थापित भई सकेका र नयाँ उद्योगहरूको विकासको लागि सहुलियत दरमा साखको व्यवस्था, किस्तावन्दीमा मूल्य तिर्ने गरी मेशीन एवं औजारहरूको आपूर्ति

---

२. राष्ट्रिय योजना आयोग, चौथो योजना, पृष्ठ १६ (२) ।

र एउटा साना उद्योग आर्थिक व्यवस्था निगम (Small Industries Finance Corporation) को स्थापना गर्ने भन्ने कार्यक्रम थियो ।

२. **ग्रामीण उद्योग कार्यक्रम**—योजना अवधिमा देशका विभिन्न भागमा संचालित ग्रामीण उद्योगहरू तथा गलैंचा, पश्मीना, हाते कागज आदि जस्ता खास विशेषता भएका ग्रामीण उद्योगहरूको पुनरुत्थान र ग्रामीण आर्थिक विकासको लागि ग्रामीण उद्योग योजना संचालित गर्ने कार्यक्रम थियो ।

३. **तालिम कार्यक्रम**—चौथो योजना कालमा जनशक्तिको खाँचोको पूर्ति गर्ने तालिमलाई बढ़ी उपयोगी बनाउन तालिम व्यवस्थामा आमूल परिवर्तन गर्न आवश्यक देखिएकोले तालिम कार्यक्रमलाई (क) प्राविधिक तालिम एवं ग्रामीण उपयोग तालिममा विभाजित गरियो । प्राविधिक तालिमलाई पनि पुनः उच्च तालिम, साधारण तालिम तथा सेवा कालिन तालिमहरूमा विभाजित गरियो ।

४. **हस्तकला डिजाइन**—नेपाली कला तथा संस्कृतिलाई प्रतिविम्वित गर्ने सामानहरूको बढ़ी प्रचार प्रसार गरी त्यसको बिक्री वितरण वृद्धि गर्ने र आफ्नो कला र संस्कृतिलाई प्रत्यक्ष र अप्रत्यक्ष रूपमा सजिव तुल्याई राख्ने उद्देश्यले तयारी चित्रहरूको अनुसन्धान र अन्वेषण गराउने कार्य गर्ने ।

५. **बिक्री व्यवस्था**—अधिराज्यमा र अधिराज्य बाहिर बिक्री हुन सक्ने वस्तुलाई मात्र उत्पादन गर्न प्रोत्साहन दिने । प्रोत्साहित गरिएका वस्तुहरूको बिक्रीको लागि काठमाडौं बाहिर १३ वटा केन्द्रहरूमा सहकारी संस्थाको स्थापना गराई ऋण सहुलियत एवं प्राविधिक सल्लाहद्वारा बिक्री र बजार व्यवस्था मिलाइयो । साथै काठमाडौं उपत्यकामा घरेलु शिल्पकला बिक्री भंडार (प्रा० लि०) ले घरेलु उद्योग विभागको सर सल्लाह र निकटतम सम्बन्धमा मात्र खरीद बिक्री गराउने प्रवन्ध गर्ने ।

प्रगति—यस योजना कालमा घरेलु कार्यक्रम अन्तर्गत निम्नांकित कार्यहरू गरियो—

(क) २६५५ जनालाई मैकेनिक्स, इलेक्ट्रिशियन, सिकर्मी, सेरामिक्स र गलैंचा बुन्ने जस्ता कार्यहरूमा साधारण तथा विशेष तालिम दिइयो ।

(ख) रु० १ करोड़ ३ लाख बराबरको माल सामानको उत्पादन गरियो ।

(ग) ग्रामीण तथा घरेलु उद्योग विभागबाट ४५ वटा विभिन्न उद्योगहरूका लागि रु० ५,२१,८५७ बराबरको ऋण प्रदान गरियो ।

पाँचौं योजना—यस योजना कालमा घरेलु उद्योगको विकासको लागि न्यूनतम कार्यक्रमको हकमा रु० ५ करोड़ ८६ लाखको रकम छुट्याइएको थियो ।

योजना अवधिमा निम्नांकित १० वटा आयोजनाहरू संचालन गर्ने लक्ष्य पनि थियो ।

१. **औद्योगिक सेवा**—औद्योगिक सेवाको हकमा २५ जिल्लामा औद्योगिक सर्वेक्षण, ५ स्थानमा सम्भाव्यता अध्ययन गरी प्रतिवेदन तयार गर्ने, उद्योगहरूको माँग अनुसार स्कीम तयार गरी वितरित गर्ने र प्राविधिक सहयोग प्रदान गर्ने भन्ने लक्ष्य थियो ।

२. **हस्तकला प्रदर्शन**—३०० थान डिजाइन तथा नमूना तयार गर्ने, ५ प्रकारका यंत्र तथा औजार अनुसन्धान गर्ने, ५ पटक हस्तकला प्रदर्शनी, १० प्रकारका हस्तकला वस्तुको सर्वेक्षण तथा नमूना संकलन गर्ने आदि जस्ता लक्ष्यहरू थिए ।

३. **प्राविधिक प्रशिक्षण**—१३७५ जवानलाई आधारभूत वा साधारण तालिम (१ वर्षे), १०० कर्मचारीलाई सेवा कालीन तालिम (३६ महीने) र ५ पटक व्यवस्थापन विषयमा प्रशिक्षण गोष्ठी गर्ने ।

४. **उत्पादन**—योजना कालमा रु० ४५ लाख मूल्यका विभिन्न प्रकारका सूती-उनी कपड़ा, काठे फर्निचर, विभूषण, क्यूरियो वस्तु, नेपाली कागज र उनी गलैंचा तयार गर्ने ।

५. **कारागार कारखाना**—३०० जवान कैदीलाई प्राविधिक प्रशिक्षण प्रदान गरी रु० ९३ लाख बराबर मूल्यका विभिन्न सामानहरू उत्पादन गर्ने ।

६. **ऋण सहायता**—रु० २ करोड़ ५३ लाख बराबरको आर्थिक तथा प्राविधिक ऋण सहायता प्रदान गर्ने ।

७. **पाइलट प्रोजेक्ट**—पाँचौं योजना कालमा सम्भाव्यताको आधारमा धनकुटा, सुर्खेत र पोखरा विकास क्षेत्रमा एक-एकवटा पाइलट प्रोजेक्ट स्थापना गर्ने ।

८. **कोरा माल एवं बिक्री व्यवस्था**—योजना कालमा धनकुटा, पोखरा, सुर्खेत, भरतपुर, धरान र अन्य दुई पहाड़ी क्षेत्रमा समेत गरी जम्मा ७ वटा एकाईहरूका माध्यमद्वारा देशका विभिन्न स्थानमा भएका र नयाँ स्थापना हुने घरेलु उद्योगहरूलाई चाहिने कोरा सामान दिलाउने र तयारी मालको बिक्री गरी दिने व्यवस्था गर्ने ।

९. **क्षेत्रीय तथा जिल्ला कार्यालयहरूको स्थापना एवं संचालन**—योजना कालमा चालू ३ क्षेत्रीय र २१ जिल्ला कार्यालयहरूको संचालन तथा प्रस्तावित ५ जिल्ला कार्यालयहरूको स्थापना तथा संचालन गर्ने ।

१०. **भवन निर्माण**—यस योजना कालमा क्षेत्रीय तथा जिल्ला कार्यालयहरूको आफ्नै भवनहरूको स्थानीय वस्तुहरू प्रयोग गरी उपलब्ध साधनको आधारमा क्रमश: निर्माण गर्ने लक्ष्य थियो ।

प्रगति—योजना अवधिमा घरेलु उद्योगको स्थिति के कस्तो रह्यो भन्ने सम्बन्धमा तथ्याङ्कको अभाव छ । वि० सं० २०२९/३० सालमा केन्द्रीय तथ्याङ्क विभागले र वि० सं० २०३४/३५ सालमा औद्योगिक सेवा केन्द्रले गरेको सर्वेक्षणको आधारमा वि० सं० २०२९/३० र २०३४/३५ को ५ वर्षको अवधिमा घरेलु उद्योगको संख्या ३ लाख ७७ हजारबाट ७ लाख ५० हजार पुगेकोले घरेलु उद्योगको संख्यामा ३ लाख ७३ हजारले बृद्धि भएको छ । यस क्षेत्रमा रोजगारी पाएको संख्यामा १० लाखबाट १२ लाख पुगेको हुनाले २ लाखले बृद्धि भएको छ । रु० ३४ करोड़ ११ लाखको औद्योगिक लगानीमा रु० १४.३१ को बृद्धि हुन गई रु० १९ करोड़ ८० लाख पुग्न गएको छ । वि० सं० २०३४/३५ मा उद्योगको वार्षिक उत्पादन पनि रु० ७१ करोड़ पुगेको छ जो वि० सं० २०२९/३० मा केवल ३० करोड़ मात्र थियो ।

पाँचौं योजना कालमा घरेलु उद्योग विभागबाट संचालित घरेलु उद्योग विकास कार्यक्रमहरू मुख्यतया तालिम र प्रचार तथा प्रसारमा केन्द्रित रहेको थियो । योजना कालमा २८५३ जवानहरूलाई तालिम प्रदान गरियो, ४०९२ वटा घरेलु उद्योग सम्बन्धी स्कीम तयार गरी वितरण गरियो तथा थप ५ नयाँ जिल्ला कार्यालयहरू खोलियो[३] ।

छैटौं योजना—यस योजना अन्तर्गत घरेलु उद्योग सम्बन्धी कार्यक्रम संचालन गर्नका लागि अधिराज्यलाई (क) सघन घरेलु विकास जिल्ला र (ख) अन्य जिल्लाहरूमा बाँडिने लक्ष्य थियो ।

(क) सघन घरेलु विकास जिल्लाहरू—योजना अवधिमा ४५ जिल्लाहरूमा सघन विकास कार्यक्रम लागू गर्ने र यी जिल्लाहरूमा घरेलु उद्योग स्थापना र संचालनको लागि उद्यमीहरूलाई स्थिर र चालू पूंजीको व्यवस्था वाणिज्य बैंकहरू र कृषि विकास ब्याङ्कहरू मार्फत गराउने ।

(ख) अन्य जिल्लाहरू—बाँकी रहेका अन्य जिल्लाहरूमा घरेलु विकास सम्बन्धी विस्तृत सर्वेक्षण सम्पन्न गर्ने ।

यस योजना कालमा घरेलु उद्योगको विकासको लागि निम्नांकित कार्यक्रमहरू संचालन गर्नें लक्ष्य थियो ।

(१) औद्योगिक विस्तार—योजना अवधिमा कुल २८,९५० जवानलाई शीप विकास तालिम दिने, २० वटा जिल्लामा औद्योगिक सर्वेक्षण गर्नें, ३ वटा पाइलट प्रोजेक्ट संचालन गर्नें आदि लक्ष्य थियो ।

---

[३] राष्ट्रिय योजना आयोग, छैटौं योजना, पृष्ठ ५१२-१३ ।

(२) उत्पादन—योजना कालमा रु० १७ करोड़ बराबरका विभिन्न सामानहरूको उत्पादन गर्ने।

(३) हस्तकला प्रदर्शन—३०० थान विभिन्न प्रकारका नयाँ डिजाइन विकास गर्ने, १५ पटक प्रदर्शनी गर्ने आदि लक्ष्य थियो।

(४) ऋण असूली र वितरण—रु० १५ लाख पुरानो ऋण असूल गर्ने र सघन घरेलु उद्योग विकास लागू हुने जिल्लाहरूमा रु० १५ करोड़को ऋण वितरण गर्ने।

(५) बिक्री भंडार—स्थापित बिक्री भंडारबाट रु० ६ करोड़ बराबरका कच्चा पदार्थहरू ऋणको रूपमा दिने र रु० ९ करोड़ बराबरका उत्पादित वस्तुहरू क्रय गर्ने।

(६) कार्यालय संचालन—७५ जिल्ला कार्यालय, ३ क्षेत्रीय कार्यालय र विभागहरूको कार्यालय संचालन गर्ने। यी कार्यालयहरू अन्तर्गत् प्रशिक्षण दिने र अन्य उपयोगका लागि भवन निर्माण कार्य गर्ने।

उपर्युक्त कार्यको लागि योजनामा रु० ५० करोड़को रकम पनि छुट्याइएको थियो।

प्रगति—छैटौं योजना कालमा ग्रामीण एवं घरेलु उद्योगको सम्वन्धमा निम्नांकित प्रगतिहरू भए।

१. उद्योगहरू दर्ता—यस योजना कालमा १३,३६० उद्योगहरूको दर्ता भएको छ, जस मध्ये ५८४ (४.४ प्रतिशत) उद्योगहरू विदेशबाट पैंठारी गरिने कच्चा पदार्थमा आधारित छन्। यी उद्योगहरूको औसत प्रति एकाई वार्षिक उत्पादन रु० २० लाख र कुल वार्षिक उत्पादन रु० ११७ करोड़ बराबरको छ।

२. सघन उद्योग कार्यक्रम र एकीकृत ग्रामीण विकास योजना—२० वटा जिल्लाहरूमा सघन उद्योग कार्यक्रम लागू गरियो तथा यस अन्तर्गत विश्व व्याङ्कको सहयोगद्वारा वागमती र गण्डकी अंचलका ९ जिल्लाहरूमा लागू गरिएको घरेलु तथा साना उद्योग कार्यक्रम तथा एकीकृत ग्रामीण विकास योजना लागू भएका जिल्लाहरू समावेश गरिएको थियो।

३. प्राविधिक एवं व्यावसायिक तालिम—योजना कालमा साधारण कार्यक्रम अन्तर्गत जम्मा १५,६२६ जवान र सघन कार्यक्रम अन्तर्गत ११,५१४ जवान गरी कुल २७,१४० जवानलाई विभिन्न प्राविधिक एवं व्यावसायिक तालिम प्रदान गरियो।

४. औद्योगिक प्रवर्द्धन एवं विकास—योजना कालमा १० विषयको सम्भाव्यता, ३ वटा पाइलट प्रोजेक्ट संचालन, २८२७ औद्योगिक प्रतिष्ठानलाई प्रावि-

धिक सहयोग, ९७१९ वटा स्कीम तयारी तथा वितरण ७४ औद्योगिक प्रवर्द्धन सम्बन्धी सहयोग र १८८ वटा प्रवर्द्धनात्मक सेवा प्रदान गरियो ।

५. हस्तकला प्रवर्द्धन—८७३ वटा डिजाइन विकास गरी ९९ वटा मोडेल तयारी, ४ विषयमा अनुसन्धान र १२ पटक प्रदर्शनी आयोजित गरियो ।

६. ऋण वितरण—योजनाको चौथो वर्षसम्ममा विश्व व्याङ्कको ऋण सहायतामा जम्मा १४१३ वटा उद्योगहरूलाई रु० ६ करोड़ ६९ लाख ३९ हजार ऋण स्वीकृत भई रु० ४ करोड़ ६४ लाख १३ हजार वितरण गरियो । यसको अतिरिक्त सघन व्याङ्किङ्ग कार्यक्रम अन्तर्गत वाणिज्य व्याङ्कहरू तथा कृषि विकास व्याङ्कवाट समेत रु० ३ करोड़ ३ लाख प्रदान गरियो ।

७. विक्री भंडार—स्थापित विक्री भंडारवाट रु० १४ करोड़ १४ लाख ६४ हजार वरावरको उत्पादित वस्तुहरू उद्यमीहरूवाट खरीद गरियो ।

८. ढुवानी अनुदान व्यवस्था—श्री ५ को सरकारले २०३९/४० सालमा ४० वटा दुर्गम जिल्लाहरूको लागि औद्योगिक कच्चा पदार्थ वाहिरवाट मगाउँदा र तयारी वस्तु विक्रीका लागि वाहिर पठाउँदा कठिनाइ भएका निश्चित स्थानसम्मका लागि ९० प्रतिशतसम्म ढुवानी अनुदान दिने व्यवस्था गर्‍यो ।

सातौं योजना—वर्तमान सातौं योजना अन्तर्गत ग्रामीण एवं घरेलु उद्योगविकास कार्यक्रमलाई निम्नांकित तीन भागमा बाँडिएको छ—

(क) साधारण कार्यक्रम—साधारण कार्यक्रम घरेलु तथा ग्रामीण उद्योग विभाग अन्तर्गत संचालित गरिने छ। यस कार्यक्रम अन्तर्गत योजना कालमा निम्नांकित कार्यहरू गरिने छ—

(१) तालिम—यस योजना कालमा व्यावसायिक तालिम १३४० जना, एडभांस तालिम टेक्सटाइल ३४५ जना, बन्दी तालिम २७५ जना, घुम्ती तालिम ९२०० जना, व्यावसायिक तालिम ६२० जना र प्रशिक्षण तालिम १०३० जना गरी कुल १२,८१० जनालाई तालिम दिइने छ ।

(२) हस्तकला उद्योग र विकास—यस सन्दर्भमा निम्नांकित लक्ष्यहरू तोकिएको छ—

विवरण	संख्या
डिजाइन विकास गर्ने	३६०
विकास गरिएका डिजाइनका मोडेल तयार गर्ने	१२०
डिजाइन वितरण	२४०
अनुसन्धान गर्ने विषय	१५
प्रदर्शनी गर्ने	१०

(३) प्रवर्द्धन एवं विकास कार्य—घरेलु तथा ग्रामीण उद्योगको प्रवर्द्धन एवं विकासको लागि निम्न अनुसारको लक्ष्य निर्धारित गरिएको छ—

औद्योगिक सर्वेक्षण	१५ जिल्लाहरूमा
सर्वेक्षण भएका जिल्लाहरूको प्रतिवेदन तयारी	३० जिल्ला
स्कीम तयारी	५०० वटा
प्राविधिक सहयोग	३८० उद्योगलाई
पाइलट प्रोजेक्ट संचालन	४ वटा
सम्भाव्यता अध्ययन	५ विषयमा
अनुसन्धान	५ विषयमा
मेला प्रदर्शनी	२० वटा
उत्पादन	रु० १ करोड़ २५ लाख बराबरको ।

(४) औद्योगिक तथ्याङ्क तथा प्रशासन—१० वटा तथ्याङ्कहरूको प्रोफाइल तयार गर्ने, ५०० उद्योगहरूको निरीक्षण गर्ने, २५ वटा गोष्ठी आयोजना गर्ने र २० पटक रिफ्रेशर तालिमको व्यवस्था गर्ने ।

(ख) सघन कार्यक्रम—उद्योग विकास समितिले सघन कार्यक्रम अन्तर्गत निम्नांकित कार्यक्रमहरू संचालित गर्ने छ—

(१) तालिम—यस योजना कालमा ५,५०० जनालाई उद्योग उत्प्रेरक उद्यमी विकास र व्यवस्थापन तालिम र ९,६०० जनालाई शीप विकास तालिम दिने ।

(२) २७१० वटा स्कीम तयार गरी वितरण गर्ने ।

(३) १३८० उद्योगहरूलाई प्राविधिक सेवा प्रदान गर्ने ।

(४) रु० १ करोड़ ५२ लाख ५० हजार मूल्य बराबरको कच्चा पदार्थ, औजार-उपकरण उपलब्ध गराउने र उद्योगहरू द्वारा उत्पादित सामानहरू खरीद गरी बिक्री गर्ने ।

(ग) प्रवर्द्धनात्मक कार्यहरू—योजना कालमा यस कार्यक्रम अन्तर्गत सेरामिक्स आयोजना, उद्यमी विकास कार्यक्रम र ग्रामीण लाभदायक आयोजनाहरू संचालन गर्ने लक्ष्य छ । अधिराज्यका विभिन्न भागहरूमा १३ वटा आयोजना संचालित गरी त्यसबाट विभिन्न कच्चा पदार्थ, कृषि औजार उपकरण र औद्योगिक उत्पादन खरीद बिक्री गर्ने लक्ष्य छ ।

(घ) विकेन्द्रीकरण आयोजना—७५ रै जिल्ला शाखा कार्यालय अन्तर्गत स्थानीय रूपमा विकसित गर्न सकिने उद्योगहरू निर्धारण गर्ने, परीक्षार्थीहरू छनौट गर्ने तथा शीप विकास तालिम तथा उद्योग प्रवर्द्धनमा जनसहभागिता जुटाउने ।

उपर्युक्त सबै कार्यक्रमहरूको लागि योजना अवधिमा रु० ३९ करोड़ ९४ लाख रकम खर्च गर्ने भन्ने छुट्याइएको छ ।

Model Questions

1. What part can the village and cottage industry play in the economic development of Nepal ? Explain

   नेपालको आर्थिक विकासमा ग्रामीण तथा साना उद्योगको भूमिकाको व्याख्या गर्नुहोस् । सी० एल० २०४०

2. Explain the importance of village and cottage industries in the industrial structure of Nepal. What steps have been taken by H. M. G. of Nepal to improve their position during the plan period ?

   नेपालको औद्योगिक व्यवस्थामा घरेलु एवं साना उद्योगहरूको महत्वको समीक्षा गर्नुहोस् । श्री ५ को सरकारले यसको स्थिति सुधार्नको लागि योजना कालमा के कस्ता कार्यहरू गरेको छ ।

3. What is the importance of village and cottage industries in the Nepalese economy ? What are the problems of these industries ? Suggest remedies.

४. छोटो उत्तर प्रश्न—

   (क) घरेलु उद्योगको महत्व दर्शाउनुहोस् । सी० एल० २०४०

   (ख) घरेलु उद्योगको विकासको लागि सुझावहरू पेश गर्नुहोस् ।

   (ग) नेपालमा घरेलु उद्योगको पतनका कारणहरूको उल्लेख गर्नुहोस् ।

●

अध्याय : १९ :

संगठित उद्योगहरू
(Organised Industries)

संगठित उद्योगको महत्व
(Importance of Organised Industries)

भौतिक समृद्धि एवं औद्योगिक विकासमा घनिष्ठ सम्बन्ध हुन्छ भन्ने कुरो उद्योग प्रधान देशहरूको आर्थिक विकासद्वारा सिद्ध भइसकेको छ। विकासशील मुलुकहरूमा उद्योगको अभाव एवं अत्यधिक गरीबीको स्थितिले पनि उद्योगको विकास आर्थिक समृद्धिको लागि आवश्यक हो भन्ने कुरोको पुष्टि गर्दछ। नेपाल जस्तो कृषि प्रधान देशमा पनि औद्योगिक विकास आवश्यक छ। निम्नांकित कारणहरूले गर्दा नेपालमा औद्योगिकीकरण गर्न आवश्यक देखिन्छ—

१. आयमा बृद्धि (Raising Income)—कृषि उत्पादन अतिवृष्टि, बाढ़ी, अनावृष्टि जस्ता प्राकृतिक प्रकोपहरूबाट धेरै नै प्रभावित हुन्छ। फलस्वरूप मानिसहरूले जति परिश्रम गरे पनि कृषि क्षेत्रमा बढ़ी आमदानी प्राप्त गर्न सक्तैनन्। यसको विपरीत उद्योग क्षेत्रमा प्राकृतिक प्रकोपहरू हुँदैनन्। उद्योगमा ठूलो मात्राको उत्पादन, श्रम-विभाजन, वैज्ञानिक प्रबन्ध, आधुनिक प्रविधिको प्रयोगद्वारा वढ़ी आमदानी प्राप्त गर्न सकिन्छ। यसै कारण जापान, अस्ट्रेलिया, अमेरिका, कनाडा आदि जस्ता उद्योग प्रधान देशहरूको प्रतिव्यक्ति वार्षिक आय ११४३० अमेरिकन डलर छ भने विकासशील गरीब मुलुकहरूको प्रतिव्यक्ति वार्षिक आय २६० अमेरिकन डलर (सन् १८८४ ई० को तथ्याङ्क अनुसार) मात्र रहेको छ।[1] यस कुरोवाट आयमा वृद्धि एवं औद्योगिक विकासमा प्रत्यक्ष सम्बन्ध छ भन्ने कुरो सिद्ध हुन आएको हुनाले हाम्रो देशमा पनि आयमा वृद्धिको लागि औद्योगिकीकरण आवश्यक छ।

२. उपभोग्य वस्तुको उत्पादनको लागि—हामीले लत्ता-कपड़ा, रेडियो, घड़ी, बिजुलीका सामान, घर बनाउने सामानहरू जस्ता जम्मै उपभोग्य सामग्रीहरू विदेशवाट आयात गर्नु पर्दछ। आयमा वृद्धिको साथ-साथै यी वस्तुहरूको माँगमा पनि वृद्धि हुन्छ। फलस्वरूप देशमा दैनिक आवश्यकताका वस्तुहरूको आपूर्तिका लागि पनि उद्योग-धन्धाहरूको विकास गर्न आवश्यक देखिन्छ।

---

[1] वर्ल्ड व्याङ्क, वर्ल्ड डिभलोपमेंट रिपोर्ट १९८६, पृ० १८०-८१।

३. रोजगारीको अवसरको सृजना (Creation of Employment Opportunities)—नेपालमा अन्य रोजगारीको अवसर नभएकोले ९१ प्रतिशत मानिसहरू कृषि पेशामा नै लागेका छन् । जनसंख्यामा वृद्धिले गर्दा कृषि क्षेत्रमा जन चाप दिनानुदिन बढ्दै जाने सम्भावना पनि छ । यसरी कृषि क्षेत्रमा श्रमिकहरूको उत्पादकता अत्यन्तै कम छ । कृषिमा आधुनिकीकरण हुँदै जाँदा कृषि क्षेत्रमा थोरै मानिसको आवश्यकता पर्न जान्छ । यस प्रकार कृषि क्षेत्रबाट जनसंख्यालाई अन्य उत्पादक क्षेत्रतिर सार्नलाई पनि औद्योगिकीकरण आवश्यक छ । उद्योग धन्धाहरूको विकास भएमा कृषि क्षेत्रमा भएका अनावश्यक श्रम-शक्तिलाई उद्योगतिर उत्पादनशील कार्यमा लगाउन सकिन्छ ।

४. कृषि विकासको आवश्यकताको पूर्तिको लागि (To meet the requirements for the development of agriculture)—कृषि विकासको लागि आधुनिक कृषि औजार, सिंचाइका साधनहरू, रासायनिक मल, कीटनाशक औषधि, गोदाम एवं यातायात व्यवस्था आवश्यक हुन्छ । यी साधनहरूको विकासको लागि पनि देशमा उद्योग धन्धाहरूको विकास गर्नु आवश्यक हुन्छ ।

५. देशको अर्थव्यवस्थालाई बलियो पार्नका लागि (For strengthening the Economy)—उद्योग धन्धाहरूको विकास भएका देशको उत्पादन प्रविधिमा परिवर्तन हुन्छ । औद्योगिक सभ्यताको विकासले गर्दा मानिसहरूको विचारधारामा परिवर्तन आउँछ । यस प्रकारको स्वस्थ आर्थिक वातावरणले गर्दा देशको अर्थव्यवस्थामा नै गतिशीलता आउँछ । फलस्वरूप यातायात एवं संचारका साधन, डैम, विजुली आदिको विकास हुन गई देशको अर्थव्यवस्था नै बलियो हुन्छ ।

६. आयातमा कमी तथा निर्यातमा वृद्धि—देशको औद्योगिकीकरण भएमा देशमा दैनिक आवश्यकताका वस्तुहरू बाहिरबाट पैठारी गर्नु पर्दैन । साथै कतिपय उद्योग धन्धाहरूमा उत्पादन भएका माल सामान विदेशमा निकासी हुने हुन्छ । यस प्रकार देशको निर्यातमा वृद्धि तथा आयातमा कमीद्वारा हाम्रो शोधनान्तर स्थितिमा सुधार हुन सक्तछ ।

७. राष्ट्रिय सुरक्षा—देशभित्र केवल प्राथमिक वस्तुहरू मात्र उत्पादन गरी अन्य औद्योगिक वस्तुहरू बाहिरबाट झिकाउने भन्ने नीति देशको सुरक्षाको लागि उचित हुँदैन । संकटकालीन परिस्थितिमा विदेशबाट रक्षात्मक सामग्रीहरू (Defence goods) उपलब्ध हुन सक्तैन । यस्तो स्थितिमा देशको राजनैतिक स्वतंत्रतालाई नै खतरा उत्पन्न हुन सक्छ । त्यसै गरी देशको आर्थिक विकासको लागि आवश्यक पूंजीगत माल (Capital Goods) पनि समयमा उपलब्ध नभएमा

आर्थिक योजनाहरूको सफल कार्यान्वयन हुन सक्तैन । फलस्वरूप यस्ता वस्तुहरू देशभित्र नै उत्पादन गर्नु पर्दछ ।

८. स्थानीय शीप र साधनको परिचालनको लागि (For the mobilisation of local skill and resources)—देशमा उद्योग धन्धाहरूको विकास नभएमा देश अन्तर्गत छरिएका प्राकृतिक साधनहरूको साथ-साथै स्थानीय शीप पनि खेर नै जान्छ । फलस्वरूप स्थानीय शीप एवं प्राकृतिक साधनहरूको उपयोगको लागि पनि देशमा उद्योग धन्धाहरूको विकास आवश्यक छ ।

संगठित उद्योगको महत्व

१. आयमा वृद्धि ।
२. उपभोग्य वस्तुको उत्पादनको लागि ।
३. रोजगारीको अवसरको सृजना ।
४. कृषि विकासको आवश्यकताको पूर्तिको लागि ।
५. देशको अर्थ व्यवस्थालाई बलियो पार्नका लागि ।
६. आयातमा कमी तथा निर्यातमा वृद्धि ।
७. राष्ट्रिय सुरक्षा ।
८. स्थानीय शीप र साधनको परिचालनको लागि ।

संगठित उद्योग विकासको इतिहास

(Historical Development of Organised Industries)

नेपालमा संगठित उद्योगको इतिहास लामो छैन । हाम्रो औद्योगिक विकासको इतिहासलाई निम्नानुसार विभाजित गर्न सकिन्छ—

द्वितीय विश्वयुद्ध पूर्व (सन् १९३६-३९)—राणा शासन कालमा सन् १९३६ ई० मा सर्वप्रथम कम्पनी कानून जारी गरियो र विकास वोर्डको पनि गठन भयो । सोही साल विराटनगरमा केही भारतीय उद्योगपतिहरूद्वारा संयुक्त पूंजी कम्पनीको रूपमा विराटनगर जूट मिलको स्थापना भयो । यस प्रकार विराटनगर जूट मिलको स्थापनाद्वारा नै देशमा संगठित औद्योगिक विकासको समुद्घाटन भएको हो । १५० तान राखी सानो स्तरमा शुरू गरिएको यस मिलले प्रारम्भदेखि नै नाफा कमाई सफलता हासिल गरेकोले नेपालमा संयुक्त पूंजी खोल्ने हौसला बढ्नु स्वाभाविक नै हो । यस मिलको सफलताबाट प्रेरित भै संयुक्त पूंजी कम्पनीको रूपमा वीरगंज जुद्ध मैच फ्याक्टरी, विराटनगर कटन मिल, विराटनगर हाइड्रो इलेक्ट्रिक सप्लाई कम्पनी लिमिटेड लगायत ५ वटा उद्योगहरू स्थापित भए । द्वितीय विश्वयुद्धले गर्दा वाहिरबाट माल-सामानको आयात भएन र

अभावको स्थितिमा औद्योगिक वस्तुहरूको माँगमा वृद्धि भयो। तत्कालीन सरकारबाट मेशीनरी, कच्चा पदार्थ तथा अन्य निर्माण सामग्रीको लागि आवश्यक पर्ने वस्तुहरूको आयातमा भंसार महसूलमा छूट दिने जस्ता केही सहुलियत दिए तापनि बलियो औद्योगिक आधारको अभावले गर्दा विराटनगर जूट मिल र सलाई फ्याक्टरी बाहेक अन्य कुनै पनि उद्योग सफल हुन सकेन।

द्वितीय विश्वयुद्ध काल (१९३९-४५)—द्वितीय विश्व युद्धले गर्दा विदेशबाट माल सामानहरूको आयात बन्द हुन गएको हुनाले देशमा अति नै अभावको स्थिति उत्पन्न भयो। सरकारद्वारा आवश्यक वस्तुहरूको सन्दर्भमा मूल्य नियंत्रण नीति लागू गरे पनि उपभोग्य वस्तुहरूको मूल्य अप्रत्याशित रूपले बढ्न गयो। यस अभाव एवं चर्किएको मूल्य स्थितिबाट प्रोत्साहित भएर विराटनगरमा मोरङ्ग कटन मिल र बीरगंजमा वीरगंज कटन मिल लि० लगायत बिजुली, साबुन, सेरामिक्स, खानी, कागज आदिका १४ वटा उद्योगहरू स्थापित भए। युद्धको वेलामा भारतमा सूती कपड़ाको मूल्यमा धेरै वृद्धि भएकोले मोरङ्ग कटन मिललाई प्रारम्भमा धेरै फाइदा भयो तर युद्ध समाप्त भएपछि यसलाई धेरै नोक्सानी भयो। वीरगंज कटन मिल चाहिं लगत्तै बन्द भयो। मोरङ्ग हाइड्रो इलेक्ट्रिक कम्पनी राम्रोसँग चल्दै गयो। खनिज वस्तु निकाल्नको लागि स्थापित हिमालय माईनिंग सिन्डिकेट लि० लाई फाइदा नभएकोले चल्न नसकी वन्द भयो। युद्ध उपरान्त अभावको स्थिति समाप्त हुन गएको हुनाले युद्ध कालमा स्थापित अन्य सबै उद्योगहरू पनि बन्द हुने स्थितिमा पुगे।

युद्धोत्तर काल (सन् १९४६-५०)—मूल्यमा धेरै वृद्धि हुन गएको हुनाले युद्धोत्तर कालमा धेरै नै उद्योगहरू खुले र गठनका साथै बन्द पनि भए। यस अवधिमा विभिन्न क्षेत्रहरूमा ३५ वटा कम्पनीहरू खुले। यी कम्पनीहरू मध्ये १५ वटा धान कुट्ने, तेल पेल्ने, दाल बनाउने मिलहरू थिए। यी मिलहरू मध्ये आधी लगत्तै वन्द पनि भए। विराटनगर जूट मिलको सफल संचालन र भारतमा जूट वस्तुको मूल्य वृद्धिले प्रोत्साहित भएर २ वटा अरू जूट मिलहरू खुले। तर एउटाले काम नै शुरू नगरी बन्द भयो र अर्को रघुपति जूट मिलले चाहिं सन् १९५४ देखि उत्पादन कार्य प्रारम्भ गऱ्यो। यस अवधिमा प्रायः जसो उद्योगहरू खुल्ने वित्तिकै बन्द भए र सफल हुने विराटनगर जूट मिल र मोरङ्ग कटन मिलले आफ्नो क्षमतामा वृद्धि गऱ्यो।

सन् १९५१ पछि र प्रथम योजना शुरू हुनु भन्दा अघि—यस अवधिमा कुनै पनि पब्लिक लिमिटेड कम्पनीको स्थापना भएन र खुलिसकेका कम्पनीहरू पनि वन्द हुने स्थितिमा पुगे। केही उद्योगहरू घाटामा चलि रहेका थिए। धेरै

उद्योगहरूको असफलताले गर्दा नैराश्यपूर्ण वातावरणको सृजना हुन गयो। उद्योग धन्धामा लगानी गर्ने इच्छाको लोप भयो। यस अवधिमा प्रजातांत्रिक भावनाको जागृतिले गर्दा व्यवस्थापक एवं श्रमिकहरू बीच झैंझगड़ा वढ़ी औद्योगिक अशान्तिको स्थिति पनि पैदा भयो। यसै अवधिमा सन् १९३६ को नेपाल कम्पनी ऐनलाई विस्तृत रूपमा संशोधन गरियो।

प्रथम योजना काल (सन् १९५६-६१)—प्रथम योजना अन्तर्गत वि० सं० २०१४ सालमा औद्योगिक नीति (Industrial policy 1957) को घोषणा भयो। यस औद्योगिक नीति अन्तर्गत कृषि एवं उद्योग बीच समन्वय राखी मिश्रित अर्थ-व्यवस्थाको माध्यमद्वारा आर्थिक विकास गर्ने भन्ने नीति अपनाइयो। यस योजना कालमा नेपाल कारखाना र कारखानामा काम गर्ने मजदूर सम्वन्धी ऐन २०१६ (Factory and Factory-Workers Act 1959) लागू गरियो। यस ऐनद्वारा मजदूरहरूलाई सर्वप्रथम यूनियन बनाउन पाउने अधिकार प्राप्त हुन गयो। यस ऐनं अन्तर्गत कारखानाको सुव्यवस्था, मजदूरहरूको सुविधा, सुरक्षा, व्यवस्थापक र मजदूरहरूमा हुने झगड़ा छिन्ने आदि सम्वन्धमा प्रावधानहरू मिलाइयो। यसै योजना अवधिमा सन् १९५८ ई० मा औद्योगिक सेवा केन्द्र (Industrial Development Centre) को स्थापना भयो। यसलाई सन् १९५९ ई० मा औद्योगिक विकास निगम (Industrial Development Corporation) को रूपमा परिवर्तित गरियो। यसको मुख्य उद्देश्य निजी क्षेत्रका उद्योगहरूलाई कर्जा एवं शेयर पूँजी क्रय गरी आर्थिक सहायता प्रदान गर्नु हो। यस योजना कालमा यसले उद्योगहरूलाई रु० ४ लाख ५४ हजारको ऋण एवं रु० ८९ हजारको इक्वीटी लगानी गरी जम्मा रु० ५ लाख ४३ हजारको आर्थिक सहायता प्रदान गऱ्यो। यस योजना कालमा जूट मिललाई आर्थिक संहायता प्रदान गरियो तथा चिनी, चुरोट र सलाई जस्ता ठूला कारखानाहरूको आधुनिकीकरण गरियो। यसै योजना कालमा सन् १९५९ ई० (वि० सं० २०१६ साल) मा अमेरिकी सहयोगवाट वालाजू औद्योगिक क्षेत्रको स्थापना गरियो।

दोस्रो योजना काल (२०१९-२२)—यस योजना कालमा सरकारी क्षेत्र अन्तर्गत वि० सं० २०२१ सालमा मित्र राष्ट्र रूसको सहयोगले जनकपुर चुरोट कारखाना लिमिटेड एवं २०२२ सालमा वीरगंज चिनी कारखाना लिमिटेड एवं वाँसवारी छाला जुत्ता कारखानाको स्थापना गरियो। नेपाल औद्योगिक करपोरेशन (N. I. D. C.) ले यस योजना कालमा रु० ३ करोड़ १६ लाखको ऋण, इक्वीटीं लगानी तथा औद्योगिक क्षेत्रमा लगानी गऱ्यो। पाटन औद्योगिक क्षेत्रको दोस्रो चरण पूरा गरी हेटौंडा औद्योगिक क्षेत्रमा काम शुरू गरियो। यस योजना

कालमा गैर सरकारी क्षेत्रमा चिनी, सूती कपड़ा, विस्कुट, उनी कपड़ा, कार्पेट, आदि उद्योगहरू स्थापना गर्ने तर्फ काम भयो। त्यसै गरी सलाई, पर्यटन, होटल आदि उद्योगहरूको क्षमता बढ़ाउने दिशामा कार्यहरू गरियो।

तेस्रो योजना (२०२२-२७)––तेस्रो योजना कालमा सरकारी तथा गैर सरकारी दुवै क्षेत्रमा औद्योगिक विकासको लागि प्रयत्न जारी राख्ने भन्ने उद्देश्य थियो। गैर सरकारी क्षेत्रमा औद्योगिक विकासको लागि यथा.सम्भव सहुलियत र प्रोत्साहन दिने उद्देश्य भएको नीति जारी राख्ने लक्ष्य थियो। यस योजना कालमा कागज, सीमेंट, चिनी आदि जस्ता स्थानीय कच्चा पदार्थको उपयोग बढ़ाउने र आयात घटाउने उद्योगहरू, स्टील रिरौलिंग, फाउन्ड्री जस्ता आयात गर्दा पनि पर्याप्त मात्रामा पूर्ति हुन नसक्ने उद्योगहरू, कपड़ा तेल जस्ता आतम-निर्भर हुने उद्योगहरू, जूट, चीया जस्ता निर्यात बढ़ाउने उद्योगहरू एवं मल-खाद, कृषि औजार जस्ता विकासका आधारभूत वस्तु उत्पादन गर्ने उद्योगहरूलाई प्राथमिकता दिइएको थियो।

यस यगेजना अन्तर्गत जूट एवं चिनीको उत्पादनमा वृद्धि गर्नका साथ-साथै हेटौंडा सिमेंट कारखानाको स्थापना, झापामा कागज कारखानाको स्थापना गर्ने तर्फ प्रारम्भिक कार्य पूरा गर्ने, वीरगंज चिनी कारखानाबाट प्राप्त हुने खुदोबाट सरकारी क्षेत्रमा अलकोहल बनाउने, हेटौंडा र काठमाडौंमा गहुँको पीठोपिस्ने मील-हरूको स्थापना, विराटनगर हेटौंडा र धनगढ़ीमा प्लाइउड कारखानाको स्थापना, नेपालगंज सौलभेन्ट एक्स्ट्रैक्टको साथ-साथै विभिन्न ठाउँहरूमा ब्रुअरी, साबुन, पेंट, वार्निस, ऊनी-सूती कपड़ाको कारखाना एवं कोल्ड स्टोरेज प्लान्ट खड़ा गर्ने लक्ष्य थियो।

प्रगति––तेस्रो योजना कालमा योजनामा नपरेका र आर्थिक विकासमा कमै मात्र सहायक हुने खालका स्टेनलेस-स्टील, नाइलौन बटन, साबुन जस्ता उद्योग-हरूको संख्यामा वृद्धि हुन गयो। काठमाडौंमा सिमेंट कारखानाको निर्माणको शुरूआत भयो र भैरहवामा सूती कपड़ा मीलको स्थापना सम्बन्धी प्रारम्भिक कार्य-का लागि निजी क्षेत्रमा विशेष सुविधाहरू प्रदान गर्न थालियो। तराई र भित्री मधेश क्षेत्रको वन साधनको सर्वेक्षण पूरा गरियो र यसको औद्योगिक उपयोगको सम्भावनाबारे विस्तृत गर्ने व्यवस्था गरियो। यस योजना अवधिमा औद्योगिक विकास करपोरेशनले रु० ११ करोड ५० लाख ५० हजारको ऋण स्वीकृत गरी रु० ४ करोड़, १० लाख, ४५ हजारको ऋण भुक्तानी गर्ने काम गर्‍यो। यस बाहेक विभिन्न उद्योगहरूको परिचालनमा यस करपोरेशनको तर्फबाट रु० १ करोड़ २३ लाख ५५ हजारको इक्वीटी लगानी गरी सहयोग गरियो।[२]

---

[२] राष्ट्रिय योजना आयोग, चौथो योजना, पृष्ठ १५ (२–४)

चौथो योजना (२०२७–३२)––चौथो योजना कालमा उद्योगको स्थापना गर्दा मुख्य रूपले निजी क्षेत्रलाई नै प्रोत्साहित गर्ने भन्ने उद्देश्य राखिएको थियो। सरकारी क्षेत्र अन्तर्गत आवश्यकता परेमा एक दुई उद्योगहरू खोल्ने र स्थापित भई सकेका उद्योगहरूको क्षमतामा वृद्धि गर्ने भन्ने मात्र उद्देश्य राखिएको थियो। निजी क्षेत्रमा उद्योगको स्थापनाको लागि निम्नांकित प्राथमिकताको आधारमा प्रोत्साहन दिने भनिएको थियो।

(१) जूट र चिया जस्ता स्वदेशी कच्चा पदार्थमा आधारित निर्यात मूलक कृषि उद्योग।

(२) कागज, प्लाइउड, फार्मास्यूटिकल्स जस्ता वन पैदावार तथा वनस्पति जस्ता स्वदेशी प्राकृतिक साधनमा आधारित उद्योग।

(३) मल, खाद, फलाम, सिमेंट जस्ता आधारभूत एवं निर्यात मूलक खनिजमा आधारित उद्योग।

(४) सूती कपड़ा जस्ता आवश्यकीय दैनिक उपभोगका आयात प्रतिस्थापन (Import-substitute) उद्योगहरू।

(५) मल-खाद, कृषि औजार, सिमेंट जस्ता विकासका लागि आधारभूत वस्तु उत्पादन गर्ने उद्योगहरू।

चौथो योजना अन्तर्गत उत्पादनको प्रविधिको हकमा उद्योग स्थापना गर्दा श्रम-प्रधान (Labour-Intensive) उद्योगलाई वढ़ी प्राथमिकता दिने कुरा पनि उल्लेख गरिएको थियो। योजना अवधिमा बीरगंज चिनी मिल, भैरहवा चिनी मिल, जनकपुर चुरोट कारखाना तथा बीरगंज स्थित कृषि औजार कारखानाको उत्पादन क्षमतामा करीब ५० प्रतिशतको वृद्धि गर्ने भन्ने लक्ष्य राखिएको थियो। त्यसै गरी बाँसवारी छाला जुत्ता कारखाना, हरसिद्धि स्थित ईंट-टायल कारखानाको उत्पादन क्षमता दोब्बर गर्ने भन्ने उल्लेख गरिएको थियो। चिया खेतीको सम्बन्धमा नेपाल चिया विकास करपोरेशनले तराईको चिलिमकोटमा तथा झापा जिल्लामा नै पूर्व पश्चिम राजमार्गको नजीक भूमि जंगल उपलब्ध गरी चिया खेती गर्नका साथ-साथै पहाड़को इलाम जिल्लाको कन्याम इलाकामा भूमि उपलब्ध गरी चिया खेती गर्ने भन्ने पनि लक्ष्य राखिएको थियो। योजना कालमा पाटन औद्योगिक क्षेत्रको विस्तार एवं एउटा औद्योगिक सेवा केन्द्रको व्यवस्था गर्ने भन्ने पनि लक्ष्य अन्तर्गत उल्लेख गरिएको थियो।

चौथो योजनामा गैर-सरकारी क्षेत्रका उद्योगहरूलाई रु० १२ करोड़को रकम ऋणको रूपमा उपलब्ध गराइने लक्ष्य थियो। सरकारी क्षेत्रमा योजना अन्तर्गत विभिन्न औद्योगिक कार्यक्रम संचालन गर्नका लागि रु० १० करोड़ ८५ लाख खर्च गर्ने कार्यक्रम थियो।

प्रगति :—यस योजना कालमा स्थापित भई सकेका उद्योगहरूको क्षमता बढ़ाउने सन्दर्भमा बीरगंज चिनी कारखानाको मेशीन जडान कार्य शुरू गरियो, जनकपुर चुरोट कारखानाको मेशीन जड़ान कार्य प्रायः समाप्त गरियो, बाँसवारी छाला जुत्ता कारखानाका मेशीनहरूको अर्डर दिने काम गरियो र हरसिद्धि ईंटा-टायल कारखानाको उत्पादन क्षमता बढ़ाउने सट्टा अर्कै त्यतिकै उत्पादन क्षमताको ईंटा-टायल कारखाना भक्तपुरमा स्थापना गर्नका लागि सो तर्फ प्रारम्भिक कारवाही गरियो। बीरगंज चिनी कारखाना र बाँसबारी छाला जुत्ता कारखानाहरूमा उत्पादन क्षमता बढ़ाउनलाई ठूलो लगानी गरियो तर उत्पादन क्षमताको पूर्ण उपयोग नभएकोले यी कारखानाहरूमा योजनाको पहिलो वर्ष (२०२७।२८) को तुलनामा योजनाको अन्तिम वर्षमा उत्पादन कम हुन गएको देखियो। सरकारी क्षेत्रमा केही उद्योगहरूको उत्पादन क्षमता निम्न तालिकामा प्रस्तुत गरिएको छ।

तालिका १९·१
सरकारी क्षेत्रका केही उद्योगहरूको उत्पादन

योजनाको नाम	एकाई	२०२७।२८	२०३१।३२
१. बीरगंज चिनी कारखाना	मे० टन	९४१७	६७९१
२. जनकपुर चुरोट कारखाना	हजार खिल्ली	१८,०२,३४६	२०,८०,३४०
३. ईंटा टायल कारखाना	हजार गोटा	२४९०३	२५,५७५
४. बाँसबारी छाला जुत्ता कारखाना			
(क) जुत्ता	जोर	५५,९७२	४८९५७
(ख) छाला, प्रशोधन	के० जी०	१,५२,०००	५४८७३

(स्रोत—राष्ट्रिय योजना आयोग, चौथो योजनाको प्रगति मूल्याङ्कन, पृष्ठ २०)

सरकारी क्षेत्रमा हिमालय सिमेंट कम्पनीको स्थापना कार्य सम्पन्न भई योजनाको अन्तिम वर्षदेखि उत्पादन शुरू गरियो तथा वनसपति घ्यू, कृषि चून र सूती कपड़ा उद्योगको निर्माण कार्य शुरू गरियो।

गैर सरकारी क्षेत्रमा उद्योग खोल्ने इजाजत पत्र प्रदान गरियो तर वास्तवमा योजना कालमा केवल १०।१२ वटा साना र मजौला खालका उद्योगहरू मात्र खुले। औद्योगिक लगानी प्रोत्साहन गर्ने तर्फ नेपाल औद्योगिक विकास करपोरेशनले योजना अवधिभित्र ३१४ वटा उद्योगहरूका लागि रु० ३०·९६ करोड़को ऋण स्वीकृत गरिए तापनि वास्तवमा २४६ वटा आयोजनाहरूको लागि रु० १०·४८

करोड़ ऋण मात्र दिन सक्यो। नेपाल औंद्योगिक विकास निगमले योजना अवधि अन्तर्गत ७ वटा उद्योगहरूमा रु० १·८६ करोड़ शेयर लगानी पनि गऱ्यो।[३]

पाँचौं योजना :—पाँचौं पंचवर्षीय योजना अन्तर्गत औद्योगिक विकासको लागि औद्योगिक उत्पादन र उत्पादकत्वमा परिमाणात्मक वृद्धि र गुणात्मक सुधार, औद्योगिक रोजगारीमा वृद्धि, स्थानीय पूँजी, शीप र साधनको अधिकतम परिचालन, अत्यावश्यक उपभोग्य एवं केही निर्माण सामग्रीहरूमा आत्म निर्भरता, प्रादेशिक आर्थिक संतुलन तथा निर्यात वृद्धि एवं आयात प्रतिस्थापन प्रक्रियाबाट शोधनान्तर स्थितिमा सुधार गर्ने भन्ने उद्देश्य राखिएको थियो र यी उद्देश्यहरूको पूर्तिको लागि योजना कालमा निम्नांकित कार्यक्रमहरू संचालन गर्ने भन्ने उद्देश्य थियो।

(१) सरकारी क्षेत्रमा कृषि औजार कारखाना, सूर्ती विकास निगम, छाला जुत्ता कारखाना चालू रहेका उद्योगहरूको मेशीन उपकरणमा हेर-फेर गरी उत्पादन क्षमतामा सुधार गर्ने र टोक्लामा ५०० एकड़ र वारादसीमा ५०० एकड़मा चिया लगाउने कार्यक्रम थियो।

(२) हेटौंडा सूती कपडा. काठमाडौं तथा जोगीमाराको कृषि तथा औद्योगिक चून, हेटौंडाको वनस्पति घ्यू, भक्तपुरको ईंटा कारखाना र बुटवलको वनस्पति तेल जस्ता चौथो योजनामा शुरू भई पाँचौं योजनामा सम्पन्न हुने उद्योगहरूलाई पूरा गर्ने कार्यक्रम राखिएको थियो।

(३) यस योजना अवधिमा कैलालीमा रोजिन एण्ड टर्पेन्टाइन, हेटौंडामा सिमेंट तथा मल खाद उत्पादन गर्ने र चीसापानी वा अन्यस्थानमा पेपर एण्ड पल्प उत्पादन गर्ने नयाँ उद्योग स्थापित गर्ने पनि भनिएको थियो।

(४) नेपालगंज, धरान, पोखरा, बुटवल, पाटन, हेटौंड़ा र बालाजू औद्योगिक क्षेत्रको विस्तार गर्ने र नयाँ औद्योगिक नीतिअनुसार यी क्षेत्रहरूको संचालन औद्योगिक सेवा केन्द्रबाट गरिने लक्ष्य थियो।

(५) इंस्टिच्यूट अफ स्टैंडर्ड स्थापना गरी देशका औद्योगिक उत्पादनको गुण नियंत्रण गर्न आवश्यक व्यवस्था गरिने।

(६) गैर-सरकारी क्षेत्रमा कृषिमा आधारित ५०, वनमा आधारित १२, खानीमा आधारित १३ र विविध ५२ समेत गरी १२७ वटा सम्भावित उद्योगहरूमा रु० ४०।५० करोड़ लगानी हुने अनुमान गरेकोमा रु० ३३ करोड़ ७० लाख यस योजना कालमा नेपाल औद्योगिक विकास निगम ऋण तथा शेयर लगानी हुने अनुमान गरिएको थियो। यस मध्ये रु० १४ करोड़को रकम निगमलाई श्री ५ को सरकारले उपलब्ध गराउने लक्ष्य थियो।

---

[३] राष्ट्रिय योजना आयोग, चौथो योजना प्रगति मूल्याङ्कन, पृ० २१।

प्रगति—यस योजना कालको पछिल्लो दुई वर्षमा विद्युत आपूर्ति सम्बन्धी कठिनाइ एवं मजदूरहरूको हड़तालले गर्दा औद्योगिक क्षेत्रमा संतोषजनक प्रगति भएन। वि० सं० २०४४ सालमा आधा भन्दा बढ़ी उद्योगहरू बढ़ीमा ५५ प्रतिशतसम्मको क्षमतामा मात्र चलिरहेका थिए। सरकारी क्षेत्रमा हेटौंडा कपड़ा कारखाना, भक्तपुर ईंटा कारखाना र कृषि चून उद्योग गरी जम्मा ३ वटा मात्र नयाँ उद्योगहरू स्थापित भए। निजी क्षेत्रमा बिस्कुट, मैदा, सौलभेंट, पशु वधशाला, कीटाणुनाशक औषधि, ग्याँस, खयर, रिरौलिंग मील र साबुन उद्योगहरू स्थापित भए। नेपाल औद्योगिक विकास निगमद्वारा पनि वार्षिक रु० ४·६७ करोड़ ऋण वितरण गर्ने काम भयो। तर अधिकांश ऋण होटेल र लज स्थापनाको लागि मात्र दिइयो। औद्योगिक प्रवर्द्धन सम्बन्धी संस्थागत विकास तर्फ वस्तुहरूको गुणस्तर सुधार गर्नको लागि नेपाल गुग-स्तर निर्धारण समिति र संगठित पूँजी बजारको विकास गर्ने सेक्युरिटी खरीद बिकी केन्द्र खडा गरियो।[4]

छैटौं योजना—छैटौं योजनामा औद्योगिक विकासका लागि निम्न उद्देश्य र नीति निर्धारित गरिएको थियो[5]—

(क) औद्योगिक विकासको माध्यमबाट कृषि क्षेत्रमा आश्रित आवश्यकता भन्दा बढ़ी श्रम-शक्तिलाई औद्योगिक रोजगारीका अवसरहरू दिलाई स्थानान्तरण गर्ने।

(ख) आर्थिक लाभको आधारमा दैनिक उपभोगका लागि आवश्यक वस्तुहरू र केही निर्माण सामग्रीहरूमा यथाशीघ्र आत्मनिर्भर हुने र

(ग) निकासी मूलक उद्योगहरूको विकास गरी देशको शोधनान्तर स्थितिमा सुधार गर्ने।

भौतिक लक्ष्य—यस योजना कालमा औद्योगिक उत्पादनमा वार्षिक १० प्रतिशतका दरले बृद्धि गर्ने लक्ष्य राखिएको थियो। योजना अवधिमा नयाँ उद्योग खोल्ने सन्दर्भमा उदयपुरमा सीमेंट उद्योग स्थापनाको लागि प्रारम्भिक अध्ययन गर्ने, खरी ढुङ्गामा मैग्नेसाइट उद्योगको स्थापना, रसुवामा वार्षिक २५ हजार टनसम्म प्रशोधित सीसा, जस्ता, धाउ उत्पादन क्षमताको गणेश हिमाल सीसा जस्ता उद्योगको स्थापना र नवलपरासीमा दैनिक १० टन उत्पादन क्षमताको कागज कारखाना खोल्ने लक्ष्य थियो। त्यसै गरी रु० ४ करोड़ ५० लाख मूल्य बराबरको कृषि औजारहरूको उत्पादन र कृषि चूनको उद्योगबाट १० हजार मैट्रिक टन कृषि

---

[4] राष्ट्रिय योजना आयोग, छैटौं योजना, पृष्ठ ४९०

[5] ऐजन, पृष्ठ ४९३

चूनको उत्पादन गर्ने लक्ष्य पनि थियो। हिमाल सिमेंट कारखानाको विस्तार, हेटौंडा सिमेंट कारखानाको सम्पूर्ण निर्माण कार्य पूरा गरी उत्पादन शुरू गर्ने, जनकपुर चुरोट कारखानाको आधुनिकीकरण गर्ने जस्ता लक्ष्यहरू राखिएको थियो। यस योजना कालमा अन्य चालू औद्योगिक क्षेत्रमा निर्माण कार्यहरूको साथ-साथै सुर्खेतमा नयाँ औद्योगिक क्षेत्रको लागि १०० रोपनी जग्गा अधिग्रहण गरी ८० औद्योगिक भवन एवं ७ यूनिलिटी भवन निर्माण गर्ने तथा धनकुटामा औद्योगिक क्षेत्रको लागि सम्भाव्यता अध्ययन गरी औद्योगिक पूर्वाधार जुटाउनको साथै ४ औद्योगिक भवन निर्माण गर्ने लक्ष्य थियो। निजी क्षेत्रमा उद्यमीहरूलाई उद्योग स्थापना गर्नमा प्रोत्साहन दिन नेपाल औद्योगिक विकास करपोरेशनबाट रु० ५०·२७ करोड़को वित्तीय सहायता उपलब्ध गराउने पनि लक्ष्य थियो।

प्रगति—औद्योगिक वस्तुहरूको उत्पादनमा योजना अवधिको प्रथम चार वर्षमा वार्षिक औसत वृद्धि १०·४ प्रतिशत रहेको पाइन्छ र अन्तिम बर्षमा हासिल गर्ने अनुमानित प्रगतिलाई समेत विचार गर्दा औद्योगिक उत्पादन वार्षिक १०·३ प्रतिशतले बढ्ने देखिन्छ। योजना कालमा नयाँ उद्योग स्थापना गर्ने तर्फ हेटौंडा सिमेंट कारखानाको निर्माण कार्य पूरा गरियो। हिमाल सिमेंटको क्षमता विस्तार गर्ने कार्य केही पछाड़ि पर्न गयो। उदयपुर सिमेंट कारखानाको स्थापना सम्बन्धी कार्यमा केही प्रगति हुन सकेन। बुटवल सूती धागो उद्‌योगको स्थापनाको लागि प्रारम्भिक कार्य गरियो। लुम्बिनी चिनी कारखानाको स्थापना कार्य प्रारम्भिक चरणमा नै रहेको छ। गणेश हिमाल सीसा, जस्ता र खरीढुङ्गा मैग्नासाइट उद्योगको र कैलालीमा स्थापना गरिने रोजिन टर्पेन्टाइनको निर्माण कार्य सुस्त रहेको छ। विस्कुट, कन्फेक्सनरी, लुगा धुने साबुन, वनस्पति घ्यू, मैदा, पोलिथिन पाइप, चुरोट, सलाई, हवाई चप्पल, मदिरा, चिनी पेंट आदिमा पूर्ण रूपले आत्मनिर्भर हुने संकेत देखा पर्‍यो। नेपाल औद्योगिक करपोरेशनबाट योजना अवधिको पहिलो चार वर्षमा केवल रु० २०·४३ करोड़को मात्र औद्योगिक कर्जाको वितरण भएको देखिन्छ। योजनाको अन्तिम वर्षमा रु० ८ करोड़को औद्योगिक ऋण वितरण हुने अनुमान गरिएको छ। निजी क्षेत्रलगानी कर्ताहरूलाई औद्योगिक विकासमा लगानी आकर्षित गर्न योजना अवधिमा औद्योगिक व्यवसाय ऐन २०३८, विदेशी लगानी तथा प्रविधि सम्बन्धी ऐन २०३९, औद्योगिक कर सम्बन्धी अध्यादेश २०४० जस्ता महत्वपूर्ण कदमहरू योजना अवधिमा चालियो।[6]

सातौं योजना—सातौं योजना अन्तर्गत औद्योगिक लगानीको लागि निम्न बमोजिमका उद्देश्यहरू राखिएका छन्।[7]

---

[६] राष्ट्रिय योजना आयोग, सातौं योजना, पृ० ५६-५७

[७]. ऐजन पृष्ठ ५७३-७४

१. राष्ट्रिय उत्पादनमा गैर कृषि क्षेत्र मध्ये उद्योग क्षेत्रको योगदानमा अभिवृद्धि गर्ने ।

२. सर्वसाधारण जनताका न्यूनतम आधारभूत आवश्यकता पूर्ति गर्दै जान उद्योगको विकास तथा विस्तार गर्ने ।

३. उत्पादनशील रोजगारीका अवसरहरू बढ़ाई क्रय शक्ति बढ़ाउने घरेलु तथा साना उद्योगको विकास तथा विस्तारमा जोड़ दिने ।

४. केही औद्योगिक उत्पादित वस्तुको निर्यात बढ़ाउन तथा आयात प्रतिस्थापन गर्न औद्योगिक वस्तुहरूको उत्पादन तथा उत्पादकत्व वृद्धि गर्ने ।

उपर्युक्त उद्देश्यको पूर्तिको लागि सातौं योजना अन्तर्गत निम्नांकित कार्यहरू संचालित गरिने छन्[8]—

सरकारी क्षेत्र—१. यस योजना कालमा भृकुटी कागज कारखाना, हेटौंडा सिमेंट उद्योग, नेपाल मेटल कम्पनी आदि जस्ता चालू उद्योगहरूको निर्माण कार्य पूरा गरी व्यावसायिक उत्पादनमा लैजाने ।

२. यस योजना अवधिमा लुम्बिनी चिनी कारखाना, नेपालगंज कागज उद्योग तथा बुटवल सूती धागो उद्योगको निर्माण पूरा गरी परीक्षण उत्पादन गर्ने ।

३. उदयपुर सिमेंट उद्योग र एकीकृत कपड़ा उद्योगको स्थापना गर्ने ।

४. स्थापित औद्योगिक क्षेत्रहरूमा निर्मित भवन तथा जग्गा र नयाँ औद्योगिक क्षेत्रको पूर्वाधार सृजना गरी निजी क्षेत्रमा हस्तान्तरण गर्नका लागि एउटा योजनाबद्ध कार्यक्रमको तर्जुमा गरी कार्यान्वयन गर्ने ।

५. औद्योगिक सेंवा केन्द्रलाई सुधार गरी राष्ट्रिय उत्पादकत्व परिषदमा परिणत गर्ने ।

६. नेपाल औद्योगिक विकास करपोरेशनले योजना अवधिमा कुल रु० ७० करोड़ लगानी गरी २·०१ अरब बराबरको उद्योग प्रवर्द्धन गर्ने ।

७. नेपाल गुण-स्तर विकास समिति तथा सेक्युरिटी खरीद बिक्री केन्द्रलाई सुदृढ़ गरी यसका सेवाहरू विस्तार गर्ने ।

८. कपास विकास कार्यक्रम संचालन गर्ने ।

९. उद्योग मंत्रालयमा टेक्सटाइल र लेडर जस्ता औद्योगिक वस्तु सम्बन्धी एकाईहरू राखिने व्यवस्था गर्ने ।

निजी क्षेत्र—निजी क्षेत्र अन्तर्गत योजना कालमा (घरेलु स्तर बाहेक) जम्मा १५९ उद्योगहरू प्रवर्द्धन गर्ने ।

---

[8] राष्ट्रिय योजना आयोग, सातौं योजना सारांश, पृ० १४४-४६

सातौं योजनाबाट हुने उपलब्धिहरू

यस योजना अन्तर्गत मुख्य रूपले निम्नांकित उपलब्धिहरू प्राप्त गर्ने अनुमान गरिएको छ—

(१) ९५,२५५ व्यक्तिहरूलाई रोजगारी उपलब्ध हुने ।

(२) रु० ६९८ करोड बराबर थप औद्योगिक उत्पादन गर्ने ।

(३) वार्षिक औद्योगिक उत्पादनमा १२·७ प्रतिशतले वृद्धि हुने ।

(४) कुल राष्ट्रिय उत्पादनमा उद्योग क्षेत्रको योगदान छैटौं योजनाको ४·५ प्रतिशतको तुलनामा ६ प्रतिशत पुग्ने ।

(५) प्रवर्द्धन गरिएका उद्योगहरूबाट रु० ३४० करोड़ले निकासी वृद्धि हुने र रु० ३५८ करोड़ बराबरको आयात प्रतिस्थापन गर्ने ।

उपर्युक्त कार्यक्रमहरूको संचालनको लागि योजना अवधिमा जम्मा रु० २०१८३ लाख खर्च गर्ने भन्ने छुट्याइएको छ ।

नेपालमा औद्योगिकीकरणका समस्याहरू

(Problems of Industrialisation in Nepal)

कुनै पनि देशको संतुलित विकासको लागि औद्योगिक क्षेत्रले पनि प्रमुख स्थान ग्रहण गरेको हुनु पर्दछ । हाम्रो देशमा जनसंख्याको चाप दिनानुदिन बढ्दै गएकोले औद्योगिक वस्तुहरूको माँग पनि बढ्दै गएको छ । यस बढ्दो वस्तु एवं सेवाहरूको माँगलाई टेवा दिई आर्थिक आत्मनिर्भरता प्राप्त गर्न तथा कृषि क्षेत्र-बाट विचलन भएको श्रमलाई विकास प्रयासको प्रभावबाट उद्योगको क्षेत्रमा परिचालन गर्नका लागि देशको औद्योगिकीकरण अपरिहार्य हुन आउँछ । तर विभिन्न कठिनाइहरूले गर्दा अन्य विकशित एवं विकासशील मुलुकहरूको दाँजोमा हाम्रो देशमा उद्योगको विकास कम भएको छ । नेपालमा औद्योगिकीकरणका निम्नांकित समस्याहरू छन्—

१. **राणा सरकारको उदासीन नीति**—नेपालमा लामो अवधिको राणा जहानियाँ शासनकाल उद्योगहरूको विकास तर्फ उदासीन रहेको थियो । उद्योग धन्धाहरूको विकासको लागि केही प्रयत्न भएन । राणा शासकहरूलाई आवश्यक पर्ने औद्योगिक वस्तुहरूको पूर्ति आयातद्वारा गरियो । राणा सरकारको उद्योग प्रतिको यस उदासीन नीतिले गर्दा देशमा औद्योगिक विकास हुन सकेन ।

२. **यातायात एवं संचारको अभाव**—कच्चा माल झिकाउन, तयारी मालको विक्री व्यवस्था गर्न, मेशीन एवं श्रमिकहरूको उपलब्धिको लागि यातायात एवं संचार साधन आवश्यक हुन्छ । हाम्रो देशमा योजनाबद्ध आर्थिक विकासको

कार्यान्वयन हुनु भन्दा पूर्व यातायात एवं संचार साधनको अत्यन्तै अभाव थियो। आज पनि देशका धेरै पहाड़ी भागहरू यातायात एवं संचार सुविधाबाट वञ्चित नै छन्। यस यातायात एवं संचार सुविधाको कठिनाईले गर्दा पनि देशको औद्योगिकोकरण हुन सकेको छैन।

३. शक्ति-साधनको अभाव—देशको औद्योगिकीरणको लागि पर्याप्त मात्रामा सस्तो शक्तिको साधनको आवश्यकता पर्दछ। हामीसित कोइला र पेट्रोल जस्ता खानी जन्य शक्तिको साधनको अभाव छ। देशमा जल विद्युत विकासको सम्भाव्यता भए पनि पूंजी, प्राविधिक ज्ञान आदिको अभावले गर्दा यसको विकास समुचित मात्रामा हुन सकेको छैन। फलस्वरूप उद्योग संचालनको लागि शक्तिको धेरै नै अभाव भएकोले देशको औद्योगिकीकरणमा धेरै कठिनाइ भै रहेको छ।

४. पूंजीको अभाव—नेपालमा अत्यधिक गरीबीले गर्दा बचत एवं लगानीको अभाव छ। हाम्रो कुल राष्ट्रिय आय (G. D. P.) बाट बचत एवं विनियोगको दर क्रमशः १० एवं १९ प्रतिशत मात्र छ जो अन्य मुलुकहरूको तुलनामा अत्यन्तै कम देखिन्छ।[9] बचत एवं विनियोगको यस्तो दयनीय स्थितिमा उद्योगहरूलाई पूंजीको अभाव हुनु स्वाभाविकै हुन आउँछ। पूंजीको अभावले गर्दा उद्योग धन्धा खोल्न पनि सकिदैन र खोले पनि बन्द हुन जान्छ। औद्योगिक गणना २०३० साल अनुसार अस्थायी रूपमा बन्द भएका जम्मा ८७५ उद्योगहरू मध्ये ६.७ प्रतिशत राष्ट्रिय कार्यशील पूंजीको अभावबाट बन्द हुन गयो। यस्तै किसिमबाट २०३४ को औद्योगिक गणना अनुसार अस्थायी रूपमा बत्द भएका जम्मा १९५२ उद्योग मध्ये २५·६७ प्रतिशत स्थायी सम्पत्तिको लागि दीर्घकालीन ऋणको अभावबाट र ४·३७ प्रतिशत स्वदेशी कार्यशील पूंजीको अभावबाट बन्द भए। वि० सं० २०३९ को औद्योगिक गणना अनुसार अस्थायी रूपमा बन्द भएका जम्मा उद्योग संख्या २३८३ मध्ये ५·७५ प्रतिशत राष्ट्रिय कार्यशील पूंजीको अभाव र ५·४६ स्थायी सम्पत्तिको लागि दीर्घकालीन ऋणको अभावको कारणबाट बन्द हुन गएको देखिन्छ।[10]

५. कच्चा मालको अभाव—नियमित रूपले कच्चा मालको उपलब्धिको समस्या पनि उद्योगहरूले भोग्नु परेको छ। कतिपय उद्योगहरूको लागि हामीसित भएका कच्चा पदार्थहरू एकै ठाउँमा नभएर विभिन्न ठाउँहरूमा थोरै-थोरै मात्रामा

---

[9] वर्ल्ड ब्याङ्क, वर्ल्ड डिभलोपमेंट रिपोर्ट १९८६, पृष्ठ १८८.

[10] श्री ५ को सरकार केन्द्रीय तथ्याङ्क विभाग, औद्योगिक गणना एक समीक्षा, २०४३ असार, पृष्ठ २५-२७.

छरिएका छन् जसलाई यातायातको कठिनाइले गर्दा संकलन गर्नमा नै कठिनाइ हुन्छ । कतिपय कच्चा पदार्थहरूको गुण-स्तर नै राम्रो छैन । त्यसै गरी केही उद्योगहरूको लागि कच्चा पदार्थको आपूर्तिको लागि हामीले विदेशी आयातमा निर्भर गर्नु पर्दछ । हाम्रो देशमा प्रमुख र रासायनिक पदार्थ पैठारी गरी संचालित उद्योगहरू हुन्—पशु आहार, पाउरोटी, विस्कुट, ब्रुअरी, डिस्टीलरी, औषधि उत्पादन, स्टील फर्निचर, बुनाई-सिलाई सम्बन्धी उद्योग, सलाई, धातुका भाँडा-कुँडा, प्रेस, प्लास्टिक, रबर, पोलिथिन पाइप, साबुन, कपड़ा, फलामका सामान एवं जड़ान सम्बन्धी उद्योगहरू । विदेशबाट कच्चा पगार्थ झिकाउँदा महँगो पर्दछ । कच्चा पदार्थ पैठारी गर्दा कहिले काहीं पर्न सक्ने कानूनी समस्या (Licence problem) र विदेशी मुद्राको अभावले गर्दा आपूर्तिमा नियमितता हुँदैन । औद्योगिक गणना वि० सं० २०३० अनुसार हाम्रो देशमा अस्थायी रूपले बन्द भएका उद्योगहरू मध्ये २५·७१ प्रतिशत कच्चा मालको अभावबाट बन्द हुन गए । यस्तै वि० सं० २०३४ सालको औद्योगिक गणना प्रतिवेदन अनुसार देशमा अस्थायी रूपमा बन्द भएका उद्योगहरू मध्ये पनि ३७·५८ प्रतिशत कोरामालको अभाववाट नै बन्द भएका छन् । हाल भएको २०३९ सालको औद्योगिक गणना अनुसार पनि देशमा अस्थायी रूपमा बन्द भएका जम्मा २३८३ उद्योगहरू मध्ये २६·५६ प्रतिशत कोरामालको अभावको कारणबाट बन्द हुन गएको देखिन्छ । वि० सं० २०३४ सालको तुलनामा वि० सं० २०३९ सालमा कच्चा मालको अभावबाट बन्द भएका उद्योगहरू ३७·५८ प्रतिशतबाट घटी २६·५६ प्रतिशतमा पुगेको तथ्यलाई दृष्टिगत गर्दा स्वदेशमै उपलब्ध कच्चा मालहरूको उपयोग गरी विभिन्न उद्योगहरू आत्मनिर्भर हुँदै गएको देखिन्छ । उदाहरणको लागि धागोको कारखानाले (उत्पादित धागो) बुनाई उद्योगलाई टेवा दिने, पीठो, आँटाको उद्योगले पाउरोटी विस्कुट उद्योगलाई समेत टेवा दिने आदि क्रियाकलापले गर्दा कच्च माल सम्बन्धींको समस्या घट्दै गएको देखिन्छ ।[11]

६. **श्रमिकको अभाव**—उद्योगको सफलताको लागि श्रमिक र खास गरी तालिम प्राप्त दक्ष श्रमिकको उपलब्धि आवश्यक हुन्छ । नेपालको उद्योगमा श्रमिकको पनि ठूलो समस्या छ । श्रमिकको अभावले गर्दा पनि हाम्रा कतिपय उद्योगहरू असफल हुन जान्छन् । औद्योगिक गणना २०३० अनुसार अस्थायी रूपमा बन्द भएका जम्मा ८७५ उद्योगहरू मध्ये ४·५७ प्रतिशत तालिम प्राप्त श्रमिकको अभावबाट हुन गए । २०३४ सालको औद्योगिक गणना अनुसार पनि तालिम प्राप्त जनशक्तिको अभावमा उद्योगहरू बन्द भएका देखिन्छन् । सो प्रतिवेदन अनु-

---

[11] ऐजन, पृष्ठ २५-२६.

सार देशमा अस्थायी रूपमा बन्द भएका जम्मा १९५२ वटा उद्योगहरू मध्ये ४·७० प्रतिशत दक्ष श्रमिकको अभाववाट बन्द भएका थिए। त्यसै गरी २०३९ सालको औद्योगिक गणना अनुसार पनि देशमा अस्थायी रूपमा बन्द भएका उद्योगहरूमध्ये १४·०६ प्रतिशत श्रमिकको अभाव र ६·८८ प्रतिशत उद्योगहरू तालिम प्राप्त श्रमिकको अभाववाट बन्द भएका छन्। यसरी विभिन्न औद्योगिक गणनावाट देशका उद्योग धन्धाहरूमा श्रमिकको समस्या दिनानुदिन वढ्दै गएको कुरो प्रष्टिन आउँछ।[12]

७. वजारको अभाव—औद्योगिक वस्तुहरूको उत्पादन बिक्रीको लागि हुन्छ। उत्पादित वस्तुहरूको विक्री भएन भने उद्योग सफल हुन सक्तैन। फलस्वरूप उद्योगको विकासको लागि उद्योगले उत्पादन गरेको वस्तुहरूको विस्तृत आन्तरिक एवं वाह्य वजार हुनु पर्दछ। नेपालमा जनताको आय अत्यन्तै कम भएको हुनाले औद्योगिक वस्तुहरूको माँग अत्यन्तै कम छ। पुनश्चः हाम्रा उद्योग धन्धाहरूमा उत्पादित वस्तुहरू महँगो पर्न गएको हुनाले र वस्तुहरूको गुण-स्तर पनि निम्न भएको हुनाले विदेशी बजारमा प्रतिस्पर्द्धा गर्न सक्तैनन्। यस प्रकार नेपाली वस्तुको आन्तरिक एवं बाह्य दुवै बजार संकुचित भएको हुनाले पनि उद्योग धन्धाहरू असफल हुन जान्छन्। औद्योगिक गणना २०३० एवं २०३४ अनुसार अस्थायी रूपमा वन्द भएका उद्योहगरू मध्ये क्रमशः ४·५७ र ६·९७ प्रतिशत उद्योगहरू बजारको अभाववाट वन्द भएका देखिन्छन् भने औद्योगिक गणना २०३९ साल अनुसार बजारको अभाववाट ४·८७ प्रतिशत उद्योगहरू र आन्तरिक बजार प्रतिस्पर्द्धा एवं बाहिरी वजार प्रतिस्पर्द्धाबाट क्रमशः ३·१९ एवं १·१३ प्रतिशत उद्योगहरू अस्थायी रूपले बन्द भएका छन्[13]।

अनुसन्धानको अभाव—औद्योगिक सफलताको लागि थोरै व्ययमा राम्रो गुण-स्तरको वस्तु कसरी उत्पादन गर्ने, खेर गएका वस्तुहरूलाई अन्य प्रयोगमा कसरी ल्याउने, वस्तु एवं सेवाहरूको बजारको माँग अनुसार बनाउने, प्रयोगमा आइरहेका कच्चा पदार्थहरूको सट्टा अर्कै नयाँ कच्चा पदार्थहरूद्वारा नयाँ-नयाँ वस्तुहरू वनाउने जस्ता कुराहरूमा अनुसन्धान भई रहनु आवश्यक हुन्छ। नेपालमा यस प्रकारको औद्योगिक अनुसन्धानको अभाव छ।

९. आधारभूत उद्योगहरूको अभाव—औद्योगिक विकासको लागि देशमा फलाम, स्टील, रसायन, उद्योगको लागि चाहिने मेशीन एवं पार्ट-पुर्जा आदि आधारभूत उद्योगको विकास आत्यावश्यक हुन्छ। नेपालमा यस प्रकारका उद्योग-

---

[12] १२. ऐजन पृष्ठ २७.

[13] १३. ऐजन, पृष्ठ २७.

हरूको अभाव छ। फलस्वरूप उद्योगहरूको लागि औद्योगिक रसायन, मेशीन र पार्ट पुर्जा जम्मै विदेशबाट आयात गर्दा महँगो पर्दछ र समयमा उपलब्ध पनि हुँदैन। वि० सं० २०३९ को औद्योगिक गणना अनुसार देशमा अस्थायी रूपमा बन्द भएका जम्मा २३८३ उद्योगहरू मध्ये २१·२३ प्रतिशत यांत्रिक पार्ट पुर्जा (Spare Parts) को अभावको कारणवाट बन्द हुन गएको[14] तथ्यबाट आधारभूत उद्योगहरूको अभावले हाम्रो औद्योगिक विकासमा ठूलो बाधा उपस्थित गर्दछ भन्ने कुरो स्वतः नै प्रष्ट हुन आउँछ।

१०. **व्यवस्थापक एवं उद्यमीको अभाव**—औद्योगिक विकासको लागि यातायात, बिजुली जस्ता आधारभूत कुराहरूको साथ-साथै दक्ष व्यवस्थापक एवं उद्यमीहरूको पनि आवश्यकता पर्दछ। उद्योग-धन्धा संचालन गर्दा विभिन्न प्रकारका जोखिमहरू वेहोर्नु पर्दछ। यस प्रकारका जोखिमहरू वेहोर्ने देशमा साहसी वर्गको आवश्यकता पर्दछ। त्यसै गरी उद्योगको संचालन गर्दा त्यसको सफलताको लागि कच्चा पदार्थको व्यवस्था गर्नु, वजार-व्यवस्था गर्नु, श्रमिक एवं मालिकमा राम्रो सम्बन्ध कायम राख्नु जस्ता कुराहरूको लागि व्यवस्थापकको पनि आवश्यकता पर्दछ। नेपालमा यस प्रकारको जोखिम वेहोर्ने साहसी वर्ग एवं उद्योगको कुशल संचालनको लागि दक्ष व्यवस्थापकको अत्यन्तै अभावले गर्दा औद्योगिक विकासमा ठूलो बाधा उपस्थित भएको छ।

११. **अनुकूल औद्योगिक नीति तथा औद्योगिक व्यवसाय सम्वन्धी ऐन-हरू**—देशको द्रुततर औद्योगिक विकासको लागि अनुकूल एवं स्पष्ट किसिमको औद्योगिक नीति एवं औद्योगिक व्यवसाय सम्वन्धी ऐन हुनु पर्दछ। औद्योगिक नीति अन्तर्गत उद्योगको विभाजन पनि वैज्ञानिक आधारमा हुनु आवश्यक हुन्छ। नेपालमा २०३७ साल भन्दा पूर्व जारी गरिएका औद्योगिक नीतिहरू अन्तर्गत उद्योगहरूको परिभाषा एवं वर्गीकरण वैज्ञानिक आधारमा गरिएको थिएन। औद्योगिक इजाजत दिने विधि पनि जटिल थियो। वि० सं० २०३७ सालमा जारी गरिएको औद्योगिक व्यवसाय सम्वन्धी ऐन अन्तर्गत उद्योगको परिभाषालाई बढ़ी स्पष्ट गरियो। यस अन्तर्गत उद्योगहरूको वर्गीकरण पनि वैज्ञानिक आधारमा गरियो र उद्योगहरूका लागि इजाजत दिने सम्वन्धमा जटिलता समाप्त गरी यसलाई बढ़ी छरितो बनाइयो। यस ऐनलाई वि० सं० २०४४ सालमा संशोधन गरी औद्योगिक विकासको लागि अझै अनुकूल गर्ने प्रयास गरिएको छ।

१२. **विदेशी मुद्राको अभाव**—नेपालमा उद्योगहरूका लागि मेशीन, कल पुर्जा, यांत्रिक पार्ट पुर्जा (Spare-parts) विदेशबाट झिकाउँदा विदेशी मुद्राको

---

१४. ऐजन पृष्ठ २७

आवश्यकता पर्दछ । वेलामा विदेशी मुद्रा उपलब्ध नहुँदा पनि उद्योग धन्धाहरूलाई ठूलो समस्या पर्दछ र उद्योग बन्द हुने स्थितिमा पुग्दछ । औद्योगिक गणना २०३०, २०३४ र २०३९ अनुसार अस्थायी रूपमा बन्द भएका उद्योगहरू मध्ये क्रमशः ०·८, ०.३८ र ०·३४ प्रतिशत उद्योगहरू विदेशी मुद्राको अभावको कारणबाट बन्द हुन गएको देखिन्छ[15] ।

१३. संस्थागत साख सुविधाको अभाव—नेपालमा उद्योगहरूलाई पूँजीको अभावको ठूलो समस्या छ । यस समस्याको समाधानको लागि नेपाल औद्योगिक विकास निगम (N. I. D. C.) द्वारा उपलब्ध गराइने ऋण पनि पर्याप्त मात्रामा उपलब्ध हुन सकेको छैन ।

१४. मजदूर हड़ताल—औद्योगिक विकासको लागि श्रमिक एवं उद्योगपतिहरूमा मधुर सम्बन्ध रहनु आवश्यक हुन्छ । दुवैमा राम्रो सम्बन्ध नभएमा हड़ताल एवं तालावन्दीको स्थिति उत्पन्न हुँदा उत्पादन बन्द हुन्छ र श्रमिकहरूमा वेरोजगारीको स्थिति उत्पन्न भएकोले मजदूरहरूको आय घट्न जान्छ । नेपालमा २०३० साल र २०३४ सालको औद्योगिक गणना अनुसार अन्य देशहरू झैं मजदूर हड़तालले गर्दा उद्योगहरू बन्द भएको देखा परेको छैन तर २०३९ सालको औद्योगिक गणना अनुसार चाहिं अस्थायी रूपमा बन्द भएका उद्योगहरूमध्ये १·५५ प्रतिशत उद्योगहरू मजदूर हड़तालको कारणले वन्द भएको देखिन्छ[16] ।

१५. क्षमताभन्दा कम उत्पादन—हाम्रा उद्योगहरूमा क्षमताभन्दा कम उत्पादन हुन्छ । सन् १९८३।८४ ई० को तथ्याङ्क अनुसार जूट र चुरोट उद्योग वाहेक जहाँ क्रमशः १०७ र १०३ प्रतिशत क्षमताको उपयोग हुन्छ अन्य सबै उद्योगहरूमा क्षमता भन्दा धेरै नै कम उत्पादन हुन्छ । चिनी उद्योगमा ७२ प्रतिशत, छाला जुत्तामा ७९ प्रतिशत, दियासलाईमा ८३ प्रतिशेत, सिमेंट उद्योगमा ८१ प्रतिशत, ईंटा टायलमा ७४ प्रतिशत क्षमताको उपयोग भएको पाइन्छ[17] । औद्योगिक विकासको लागि लगानीमा वृद्धि गर्नु भन्दा पनि वर्तमान क्षमताको पूर्ण उपयोग गरी उत्पादन वढ़ाउने तर्फ बढ़ी ध्यान केन्द्रित गर्नु आवश्यक देखिन्छ ।

१६. उद्योगहरूलाई लाइसेंस एवं अन्य सहुलियत दिनमा ढीला सुस्ती—उद्योगहरूलाई लाइसेंस, ऋण एवं अन्य सहुलियत दिने प्रक्रिया धेरै नै जटिल एवं खर्चिलो छ । भएका सहुलियतहरू प्राप्त गर्नका लागि पनि विभिन्न कार्यालय-

---

[15] १५. ऐजन पृष्ठ २७.

[16] १६. ऐजन

[17] १७. सी बी० एस०, स्टैटिस्टिकल पकेट बुक १९८६ पृ० १४५.

हरूको जटिल प्रक्रिया एवं औपचारिकताहरू पूरा गर्दा समय पनि धेरै लाग्दछ। फलस्वरूप उत्पादकलाई धेरै नै कठिनाई हुन्छ।

नेपालमा औद्योगिकीकरणका समस्याहरू

(१) राणा सरकारको उदासीन नीति
(२) यातायात एवं संचारको अभाव
(३) शक्तिको साधनको अभाव
(४) पूंजीको अभाव।
(५) कच्चा मालको अभाव।
(६) श्रमिकको अभाव।
(७) बजारको अभाव।
(८) अनुसन्धानको अभाव।
(९) आधारभूत उद्योगको अभाव।
(१०) व्यवस्थापक एवं उद्यमीको अभाव।
(११) अनुकूल औद्योगिक नीति तथा औद्योगिक व्यवसाय सम्वन्धी ऐनहरू
(१२) विदेशी मुद्राको अभाव
(१३) संस्थागत साख सुविधाको अभाव
(१४) मजदूर हड़ताल
(१५) क्षमता भन्दा कम उत्पादन
(१६) उद्योगहरूलाई लाइसेंस एवं सहुलियत दिनमा ढीला-सुस्ती।

नेपालमा उद्योगको स्थानीयकरण

(Localisation of Industries in Nepal)

हाम्रो देश एक कृषि प्रधान देश हो। यहाँ औद्योगिक विकासको इतिहास अत्यन्तै छोटो छ। देशमा कृषिमा आधारित केही साना एवं घरेलु उद्योगको साथ-साथै जूट, चिनी, चुरोट, दियासलाई आदि केही संगठित उद्योगहरूको विकास हुन थालेको छ। अन्य विकसित मुलुकहरू झैं हाम्रो देशमा खनिजमा आधारित ठूल-ठूला उद्योगहरूको अत्यन्तै अभाव छ। अर्थव्यवस्थामा औद्योगिक क्षेत्रको विकासको अभावको साथ-साथै भएका उद्योगहरूको वितरण पनि सम्पूर्ण देशमा संतुलित रूपले भएको छैन। काठमाडौं उपत्यका एवं तराईका केही शहरी क्षेत्रमा मात्र यी उद्योगहरू केन्द्रित भएका छन्। देशमा मुख्य रूपले तीन ओटा औद्योगिक क्षेत्रहरू छन्—(क) मध्यमाञ्चलमा काठमाडौं-हेटौंडा–वीरगंज क्षेत्र, (ख) पूर्वाञ्चलमा सुनसरी—सप्तरी–विराटनगर-झापा औद्योगिक क्षेत्र र (ग) पश्चिमाञ्चलमा भैर-

हवा-बुटवल-पोखरा क्षेत्र। सन् १९७२।७३ ई० सम्म देशमा भएका ४,३६१ उद्योगहरूमध्ये ८० प्रतिशत उद्योगहरू माथिका तीन क्षेत्र (काठमाडौं–पोखरा र तराईका केही शहरहरू) मा मात्र केन्द्रित भएको पाइन्छ।[18] काठमाडौं, पोखरा र तराईमा उद्योगहरूको स्थानीय करण निम्नांकित कारणहरूले गर्दा भएको छ।

१. यातायात एवं संचार सुविधा :—उद्योगहरूको स्थापना एवं विकासको लागि यातायात एवं संचार साधनको उपलब्धि सब भन्दा बढ़ी महत्वपूर्ण तत्त्व हुन्छ। यातायात एवं संचारको विकसित साधन उपलब्ध भएमा कच्चा माल, मेशीन आदि झिकाउन सजिलो हुन्छ र उत्पादित माल बजारसम्म पुऱ्याउनमा केही कठिनाइ हुँदैन। तराईका शहरहरूमा रोड-सेवाको साथ-साथै भारतीय रेलवे स्टेशनहरू पनि नजीक भएको हुनाले जूट, चिनी, कपड़ा, दियासलाई आदि उद्योगहरूको स्थापना भएको छ। काठमाडौं एवं पोखरामा पनि यातायातको सुविधाले गर्दा नै उद्योगहरू खुलेका छन्।

२. वजारको सुविधा :—काठमाडौं एवं पोखरा उपतयका तथा तराईका शहरहरूमा कारखानामा उत्पादित समानको बिक्री हुन सक्तछ। यातायातको साधन उपलब्ध हुने हुनाले देशको अन्य भागमा पनि सामानहरू बिक्रीको लागि पठाउन सकिन्छ र विदेशमा निर्यात गर्न पनि सजिलो हुन्छ। फलस्वरूप यी स्थानहरूमा बजारको सुविधाले गर्दा कारखानाहरूको स्थापना भएको छ।

३. कच्चा मालको आपूर्ति :—उद्योगहरूका लागि कच्चा माल आवश्यक हुन्छ। कच्चा मालको नियमित पूर्ति हुन नसकेमा उत्पादन बन्द हुन गई उद्योगपतिहरूलाई नोक्सानी हुन्छ। फलस्वरूप साधारणतया कच्चामाल सजिलैसित उपलब्ध हुने ठाउँहरूमा उद्योगहरूको स्थापना हुने प्रवृत्ति पाइन्छ। कच्चामाल पनि दुई किसिमका हुन्छन्—(क) यस्तो कच्चामाल जसद्वारा उत्पादित वस्तुको वजन कच्चा मालको वजन भन्दा कम हुन्छ; जस्तो उखु, तोरी, धान आदि। यी वस्तुहरूद्वारा उत्पादित वस्तु चिनी, तेल र चामलको वजन क्रमशः उखु, तोरी र धानको वजन भन्दा निकै कम हुन्छ। फलस्वरूप यस्ता वस्तुहरूको कारखाना कच्चा माल पाइने ठाउँमा नै हुन्छ। तर यसको विपरीत केही शुद्ध-कच्चा पदार्थ (Pure Raw Material) पनि हुन्छन्। यस्ता कच्चा पदार्थहरूबाट तयारी वस्तुहरूको वजन धेरै घट्दैन। यस्ता वस्तुहरूको कारखाना कच्चा पदार्थ पाइने ठाउँमा नै होस् भन्ने आवश्यक छैन। यस्ता वस्तुहरूको कारखाना बजार, यातायातका साधन एवं अन्य तत्त्वहरू उपलब्ध हुने ठाउँमा पनि हुन सक्तछ।

---

१८. श्रेष्ठ बी० पी० एन्ड जैन एस० सी०, रिजनल डेभलौपमेंट इन नेपाल—एन. एक्सरसाइज इन रियलिटी, डिभलौपमेंट पब्लिसर्स डेलही, १९७८, पृष्ट ४४।

धान, तोरी, उखु, जूट आदिको खेती तराईमा नै भएको हुनाले यी वस्तुहरूको उद्योग तराईमा केन्द्रित भएका छन्। जूट वस्तुको वजन जूट वस्तु भन्दा धेरै फरक नपरे तापनि यी उद्योगहरू विराटनगरमा नै खुल्ने मूल कारण के छ भने यहाँ जूटको साथ-साथै यातायात, विजुली, बजार, श्रमिक आदि अन्य सुविधाहरू पनि उपलब्ध छन्।

४. श्रमिकको उपलब्धि :—उद्योगको सफलताको लागि पर्याप्त मात्रामा कुशल एवं अकुशल श्रमिकहरूको उपलब्धि आवश्यक हुन्छ। श्रमिकहरू सजिलोसित उपलब्ध नभएमा उद्योग बन्द नै हुन जान्छ। काठमाडौं एवं तराईका शहरहरूमा यातायातको सुविधाले गर्दा पर्याप्त मात्रामा श्रमिकहरू पाइन्छन्। तराईका शहरहरूमा नागरिक श्रमिकको साथ-साथै गैर-नागरिक श्रमिकहरू पनि उपलब्ध हुने भएकाले श्रमिकहरू सम्बन्धी समस्या पैदा हुँदैन। फलस्वरूप यी क्षेत्रहरूमा उद्योगहरूको स्थापना हुन गएको हो।

५. शक्तिको साधन :—उद्योगको सफलताको लागि पर्याप्त मात्रामा सस्तो शक्तिको साधन उपलब्ध हुनु आवश्यक हुन्छ। शक्तिको साधनको आपूर्तिमा रूकावट भएमा उद्योग नै बन्द हुन्छ र उद्योगपतिलाई हानि हुन्छ। नेपालमा कोइला एवं पेट्रोलको अभाव छ र जलविद्युतको विकास भएको छैन। फलस्वरूप कोइला एवं पेट्रोल बाहिरबाट झिकाउनु पर्दछ। तराईका शहरहरूमा भारतीय रेलद्वारा तथा काठमाडौंमा ट्रकद्वारा यी वस्तुहरू झिकाउन सकिन्छ। फल स्वरूप यी भागहरूमा उद्योगहरूको केन्द्रीकरण हुन गएको छ।

६. पूंजी :—उद्योगहरूको स्थापना एवं संचालनको लागि मेशीन क्रय गर्न, भवन निर्माण गर्न, कच्चा माल आदिको व्यवस्था गर्न भारी मात्रामा पूंजीको आवश्यकता पर्दछ। तराई भागमा देशी उद्योगपतिको साथ-साथै भारतका उद्योगपतिहरू पनि आफ्नो पूंजी लगानी गर्न रुचाउँछन्। फलस्वरूप तराई एवं काठमाडौंमा पूंजीको उपलब्धिले गर्दा पनि उद्योगहरूको केन्द्रीकरण हुन गएको छ।

७. सरकारी नीति—श्री ५ को सरकारद्वारा संचालित विभिन्न योजनाहरू अन्तर्गत काठमाडौं एवं तराई भागहरूमा बाटो-घाटो, बिजुली, वैंकिंग व्यवस्था आदि पूर्वाधारहरूको विकास हुन गएकोले पनि यी क्षेत्रहरूमा उद्योगहरू केन्द्रित हुन गएका छन्।

८. व्यक्तिगत तत्व—कहिले काहीं कारखानाको स्थापनामा आर्थिक तत्व भन्दा पनि व्यक्तिगत तत्व बढ़ी प्रभावशाली हुन्छ। विराटनगरमा सुगर मिलको स्थापना पनि व्यक्तिगत तत्वबाट प्रभावित भएर नै भएको छ। आर्थिक दृष्टिकोणले सुगर मिलको स्थापना सब भन्दा बढ़ी उखु उत्पादन हुने बुटवल (मध्य पश्चिम

तराई) मा हुनु पर्ने थियो । तर विराटनगर जूट मिल स्थापना गर्ने उद्योगपतिहरू-द्वारा नै मोरङ्ग सुगर मिलको स्थापना भएकोले उखु उत्पादन नै नहुने ठाउँ विराटनगरमा गरियो ।

काठमाडौं, पोखरा र तराईमा उद्योगहरूको स्थानीयकरणका कारणहरू

(१) यातायात एवं संचार सुविधा ।
(२) बजारको सुविधा ।
(३) कच्चा मालको आपूर्ति ।
(४) श्रमिकको उपलब्धि ।
(५) शक्तिको साधन ।
(६) पूँजी ।
(७) सरकारी नीति ।
(८) व्यक्तिगत तत्व ।

Model Questions

(१) Discuss the importance of industrialisation in Nepal.
नेपालमा औद्योगिकीकरणको महत्व बारे विवेचना गर्नुहोस् ।

(२) Discuss the problems of industrialisation in Nepal. What steps have been taken by H. M. G. in this direction during plan period ?
नेपालमा औद्योगिकीकरणको समस्याबारे छल-फल गर्नुहोस् । यस दिशामा श्री ५ को सरकारद्वारा योजना कालमा के कस्ता प्रयासहरू भएका छन् ।

(३) Why most of the large scale industries have been localised in Kathmandu and Tarai area ?
काठमाडौं एवं तराईमा नै नेपालका अधिकांश उद्योगहरू किन केन्द्रित भएका छन् ? कारण दिनुहोस् ।

(४) Discuss the problem of industrialisation in Nepal.
नेपालको औद्योगिकीकरणको समस्याबारे विवेचना गर्नुहोस् ।

सी० एल० २०४०

अध्याय

: २० :

नेपालमा ठूला उद्योगहरू
(Large Scale Industries in Nepal)

जूट-उद्योग
(Jute Industry)

जूट उद्योग नेपालको सबभन्दा पुरानो एवं निर्यातमूलक उद्योग हो। हाम्रो देशमा वि० सं० २०४२/४३ सालको तथ्याङ्क अनुसार ४७·१९ हेक्टर जग्गामा जूटको खेती हुन्छ। हालसम्म जूटका सामानहरू उत्पादनका लागि श्री ५ को सरकारको उद्योग विभागले ३८ वटा लाइसेंस दिइसकेको भए तापनि आर्थिक वर्ष २०४२।४३ सम्म देशमा ४ वटा जूट मिलहरू संचालित छन्। यी जूट मिलहरूको कुल वार्षिक उत्पादन क्षमता २७,२६० मे० टन छ। तर विभिन्न कठिनाइहरूले गर्दा यी जूट मिलहरूको केवल ६० प्रतिशत क्षमताको उपयोग भैं रहेको छ। आर्थिक वर्ष २०४२/४३ सालमा देशमा कुल १६,३९७ मैट्रिक टन जूट वस्तुको उत्पादन भयो। रोजगारीको दृष्टिले पनि यो उद्योग धेरै नै महत्वपूर्ण छ। यस उद्योगमा ४४६० मानिसले रोजगारी पाएका छन्[1]। जूट उद्योग विदेशी मुद्रा आर्जनको प्रमुख श्रोत पनि हो। नेपालबाट प्रत्येक वर्ष कच्चा जूटको साथ-साथै जूट कटिङ्ग, हैसियन, सुतली, बोरा आदि जूटका वस्तुहरू विदेशमा निकासी हुन्छ। हाम्रो जूट निकासी स्थिति निम्न तालिकामा प्रस्तुत गरिएको छ—

तालिका २०·१

कच्चा जूट एवं जूटका सामानहरूको निकासी स्थिति

(२०३७/३८—२०४१/४२)

(रु० लाखमा)

वस्तु	आ० व० २०३७/३८	आ० व० २०३८/३९	आ० व० २०३९/४०	आ० व० २०४०/४१	आ०व०* २०४१/४२
कच्चा जूट	१५८८·०	१२४२·१	१०४३·७	६०२·५	५८३·०

---

[1] मिनिस्ट्री अफ इन्डस्ट्रीज, इन्डस्ट्रियल स्टैटिस्टिक्स, मैनुफैक्चरिंग इन्डस्ट्रीज, एफ०/वाई २०४३/४४, पृष्ठ ४५।

जूटका सामान	४१८·५	८३४·६	१७९७·४	१८८२·८	१३२३·४
कुल	२००६·५	२०७६·७	२८४१·१	२४८५·३	१९०६·४

★ अनुमानित

(स्रोत—राष्ट्रिय योजना आयोग, सातौं योजना पृष्ठ ६१८, अनुसूची १ मा आधारित)।

माथिको तालिकाबाट हाम्रो कच्चा जूटको निर्यात लगातार घट्दै छ र जूटका सामानहरूको निर्यात मूल्य आ० व० २०४१/४२ बाहेक बढ्दै गएको छ भन्ने कुरो, प्रष्ट हुन आउँछ। कच्चा जूट एवं जूटको सामानहरूको निर्यातबाट प्राप्त हुने आयमा पनि आ० व० २०४०/४१ देखि कमी हुन गएको देखिन्छ।

हाल अधिराज्यमा संचालित सबै जूट मिलहरू पूर्वी तराईमा नै केन्द्रित छन्। पूर्वी तराईमा नै सबै जूट मिलहरू संचालित हुने कारणहरू निम्न प्रस्तुत गरिएको छ—

जूट उद्योग पूर्वी तराईमा केन्द्रित हुने कारणहरू

(Causes of localisation of Jute Industry in Eastern Tarai)

पूर्वी तराईमा जूट उद्योगको केन्द्रीकरणका कारणहरू यस प्रकार छन्—

(१) **जूटको खेतीको केन्द्रीकरण**—हाम्रो जूट उत्पादनको ९६ प्रतिशत जूट उत्पादन तराईमा र तराईको कुल जूट उत्पादनको ९६·२ प्रतिशत पूर्वी तराईमा नै हुन्छ[2]। फलस्वरूप पूर्वी तराईमा कच्चा मालको रूपमा जूट पर्याप्त मात्रामा उपलब्ध हुने भएकोले जूट मिलहरूको केन्द्रीकरण पूर्वी तराईको विराटनगरमा नै हुन गएको हो।

(२) **वजार**—जूट एउटा शुद्ध कच्चा पदार्थ (Pure-Raw Material) हो। फलस्वरूप जूट उद्योगको स्थापना कच्चा माल पाइने स्थानमा नै हुन्छ भन्ने आवश्यकता छैन। अन्य सुविधाहरू उपलब्ध भएमा यसको स्थापनामा बजारको निकटता पनि महत्वपूर्ण तत्व हुन्छ। पूर्वी तराईको मोरङ्ग जिल्ला एउटा व्यापारिक केन्द्र पनि हो। साथै भारतको प्रमुख व्यापारिक केन्द्र एवं कलकत्ता बन्दरगाह विराटनगरसँग सड़क एवं रेल सुविधाबाट जोड़िएको हुनाले विदेशी बजार तत्व पनि विराटनगरमा जूट मिलको स्थापनाको लागि प्रमुख निर्धारक तत्व हुन गएको हो।

---

२. शर्मा सी० के० नेचुरल रिसोर्सेज अफ नेपाल काठमाडौं १९७८, पृ० ८०

(३) यातायात सुविधा—पूर्वी तराईको विराटनगरलाई जोगवनीसम्म रेल सुविधा एवं सड़क यातायात दुवै उपलब्ध भएको हुनाले मेशीन, कल-पूर्जा, आदि सामानहरू बाहिरबाट झिकाउँदा सजिलो भएकोले यहाँ जूट मिलको स्थापना हुन गएको हो।

(४) सिमाना नजीक भएकोले संचालकलाई सजिलो—यस उद्योग अन्तर्गत सबभन्दा पुरानो मिल 'विराटनगर जूट मिल' को स्थापनामा सबभन्दा ठूलो देन भारतीय उद्योगपति रामकृष्ण चमरियाको छ, जसले ३० वर्षसम्म यस मिलको संचालन गरे। विराटनगर सीमाना नज़ीक पर्न गएको हुनाले पनि भारतीय संचालकलाई सजिलो पर्न ग़एकोले यहाँ जूट मिलको स्थापना हुन गएको हो।

(५) श्रमिकको उपलब्धि—भारतीय सीमाना नजीक पर्न गएकोले विराटनगरमा भारतीय श्रमिकहरू प्रशस्त मात्रामा उपलब्ध छन्। नेपाली श्रमिकको साथसाथै गैर-नेपाली श्रमिक पनि उपलब्ध हुने हुनाले यहाँ श्रमिकको उपलब्धताको समस्या पर्दैन। आज पनि विराटनगर जूट मिल एवं रघुपति जूट मिलहरूमा कुल श्रमिकको ४४ प्रतिशत भारतीय श्रमिक नै छन्।

यस उद्योग अन्तर्गत हाल चार ओटा मिलहरू छन् जसको संक्षिप्त विवरण निम्न प्रस्तुत गरिएको छ—

विराटनगर जूट मिल-लिमिटेड

(Biratnagar Jute Mill Ltd.)

विराटनगर जूट मिल लि० अधिराज्यको सब भन्दा पुरानो जूट मिल हो। यो मिल मिल्स एरिया विराटनगरमा अवस्थित छ। यसको स्थापना ३० आषाढ़ वि० सं १९९३ साल (सन् १९३६ ई०) मा रु० ५२ लाखको पूंजीले शुरू गरिएको थियो। यस मिलले जेष्ठ १९९४ सालदेखि नियमित रूपले उत्पादन शुरू गऱ्यो। प्रारम्भमा यस मिलमा २०० तानहरू थिए। यो एउटा पब्लिक लिमिटेड कम्पनी हो। दोस्रो महायुद्धको कारणले सृजना भएको वस्तुको अभावको स्थितिले गर्दा जूटको तयारी मालको माँग एवं मूल्य बढ़ेकोले यस मिललाई शुरूदेखि नै बढ़दो परिमाणमा नाफा प्राप्त भयो। हाल यस मिलको अचल पूंजी (Fixed Capital) रु० १·६७ करोड़ र कार्यशील पूंजी (Working Capital) रु० १३·१८ लाख गरी कुल पूंजी रु० १·८० करोड़ पुग्न गएको छ। यस मीलमा हाल ३६० तान छद् र मिल तीन शिफ्ट चल्दै छ। यसको वार्षिक उत्पादन क्षमता १२ हजार मैट्रिक टन छ। वि० सं० २०३८।३९ सालमा यस मिलमा २९४४ टन

हैसियन, ६६९६ टन सैकिंग्स (Sackings) र १९१ टन सुतली (Twine) उत्पादन भयो। रोजगारीको दृष्टिले यो मिल बढ़ी महत्वपूर्ण देखिन्छ। यसमा २००० नागरिक र १३३७ विदेशी श्रमिक गरी कुल ३३३७ श्रमिकहरूले रोजगारी पाएका छन् ।[३]

रघुपति जूट मिल

(Raghupati Jute Mill)

रघुपति जूट मिलको स्थापना निजी क्षेत्रमा वि० सं० २००३ सालमा गरियो। यसमा श्री ५ को सरकारको शेयर थोरै नैं थियो। यो मिल विराटनगरको रानीमा छ। दोस्रो विश्व युद्ध उप्रान्तको तेजी कालमा यस मिललाई धेरै नै फाइदा भयो। तर युद्ध उप्रान्तको अनुकूल परिस्थितिहरू समाप्त हुने बित्तिकै यसको स्थिति सन्तोषजनक हुन सकेन र मिलले नोक्सान समेत सहनु पऱ्यो। कार्यशील पूंजीको कमी भई मिल आर्थिक संकटको स्थितिमा पुग्न गयो। यस परिस्थितिमा श्री ५ को सरकारले सन् १९५९ ई० मा अधिकांश शेयर क्रय गरी यस मिलको व्यवस्थापन आफ्नो हातमा लियो। सन् १९७६-७७ मा यस मिलको आधुनिकीकरणद्वारा यसको उत्पादनमा वृद्धि भयो। मिल तीन शिफ्ट चलिरहेको छ। हाल यसको अधिकृत पूंजी रु० १ करोड़ ६० लाख र दैनिक उत्पादन क्षमता २० मैट्रिक टन छ। आर्थिक वर्ष २०४२।४३ मा यसमा हैसियन, सैकिंग्स, ट्विन आदि आदि गरी कुल ५,४९७ मैट्रिक टन जूट-वस्तुहरूको उत्पादन भयो। हाल यस मिलमा कुल २२३१ मानिसहरूले रोजगारी पाएका छन् ।

हाल यस उद्योग अन्तर्गत उपर्युक्त दुई ठूला मिलहरू बाहेक मझौला आकारको विराटनगरको हरीमा वि० सं० २०३७ सालदेखि गुहेश्वरी ट्वीन प्लान्ट (Guheshwari Twine plant) र विराटनगरकै टंकी सिनुवारीमा वि० सं० २०३२ सालदेखि नेपाल जूट इन्डस्ट्रीज प्राइवेट लिमिटेड (Nepal Jute Industries (P.) Ltd.) पनि संचालित छन् ।

जूट उद्योगका समस्याहरू

(Problems of Jute Industries)

जूट उद्योगका निम्नांकित समस्याहरू छन् :—

१. सिन्थेटिक फाइबरको विकासले गर्दा प्रतियोगिता :—जूट उद्योगको सब भन्दा प्रमुख समस्या सिन्थेटिक फाइबरको विकासले गर्दा अन्तर्राष्ट्रिय बजारमा

---

[३] एच० एम० जी० डिपार्टमेंट अफ इन्डस्ट्रीज, इन्डस्ट्रियल प्रोफाइल, फिस्कल इयर २०३९।४०, पृ० १०७-८।

उत्पन्न हुन गएको प्रतियोगिता हो। अन्तर्राष्ट्रिय बजारमा सिन्थेटिक फाइवरको विकासले गर्दा जूटको माँग धेरै नै प्रभावित हुन गएको छ।

२. आधुनिकीकरणको समस्या :—हाम्रा जूट मिलहरूका मेशीनहरू पुराना हुन गएकाले यसको क्षमता घट्न गएको छ र उत्पादन व्यय पनि बढ़ी हुन्छ। आधुनिक किसिमका मेशीनहरू जड़ान गरी यसको उत्पादन क्षमतामा वृद्धि एवं उत्पादन व्ययमा कमी ल्याउन सकिन्छ।

३. चल्ती पूँजीको समस्या :—जूट मिलहरूलाई जूट खरीद गर्न तथा ज्याला आदि खर्चको लागि भारी मात्रामा चल्ती पूँजीको आवश्यकता पर्दछ। नेपाल राष्ट्र ब्याङ्क एवं अन्य वित्तीय संस्थानहरूद्वारा उपलब्ध हुन गएको ऋण अपर्याप्त हुन गएको हुनाले जूट मिलहरूले जूट क्रय गर्नमा कठिनाइको सामना गर्नु परिरहेको छ।

४. जूटको मूल्य परिवर्तनशील :—अन्तर्राष्ट्रिय बजारमा जूटको मूल्यमा परिवर्तन भई रहन्छ। हामीसित पर्याप्त वफ़र स्टक व्यवस्थाको अभावले गर्दा जूट मूल्यको परिवर्तनको प्रतिकूल असर हाम्रो उद्योगमा पर्न जान्छ।

५. जूट प्रशोधनको समस्या :—जूट प्रशोधन गर्ने कार्य वैज्ञानिक तरीकाले भै रहेको छैन। फलस्वरूप जूट प्रशोधन गर्दा धेरै मात्रामा जूट खेर जान्छ।

६. यातायातसम्वन्धी कठिनाइ :—समुद्र पार जूट निकासी गर्दा हामीले भारतीय रेलको प्रयोग गर्नु पर्दछ। भारतीय रेलवेको जोगबनीसम्म व्रोड़गेज नभएकोले हामीले मीटर गेजमा माल लोड गरेर पुनः व्रोडगेजमा लोडिंग गर्न धेरै खर्च एवं समय लाग्दछ र यसरी हाम्रो निर्यात व्यय नै बढ़ेर जान्छ।

७. जूट खेतीमा आधुनिकीकरणको समस्या :—नेपालमा अन्य बाली झैं जूट बाली पनि परम्परागत तरीकाले नै लगाइन्छ। जूटको मूल्यमा अस्थायित्वले गर्दा जूटको खेती एवं उत्पादन पनि दिनानुदिन घट्दै गएको देखिन्छ। सन् १९८१ ई० मा देशमा ४३ हजार मैट्रिक टन जूटको उत्पादन भयो तर सन् १९८२।८३ मा ३९ हजार मैट्रिक टन। सन् १९८३।८४ र १९८५।८६ ई० मा क्रमशः २५ हजार टन र ३३ हजार टन जूट उत्पादन भएको देखिन्छ। फलस्वरूप जूट उत्पादनमा वृद्धिको लागि जूट खेतीको आधुनिकीकरण गर्न आवश्यक देखिन्छ।

सलाई उद्योग

सलाई उद्योग बनमा आधारित आयात प्रतिस्थापक उद्योग हो। यस उद्योगलाई कच्चा मालको रूपमा सीमल काठ देशमा पर्याप्त मात्रामा उपलब्ध छ र

फाराफिन, वेक्स, रेड फौस्फोरस, पोटैसियम कोलोराइड जस्ता केमिकल एवं कागजहरू भारत एवं अन्य मुलुकहरूबाट आयात गरिन्छ। यस उद्योगको विकासले गर्दा सलाई जस्तो दैनिक आवश्यकताको पूर्तिको लागि धेरै मात्रामा विदेशी मुद्राको बचत हुन्छ। हालसम्म यस उद्योग अन्तर्गत १६ वटा उद्योगहरूका लागि लाइसेन्स दिइएको छ र आ० व० २०४२।४३ सम्म ८ वटा कारखानाहरूको संचालन भएको छ। हाल संचालित ८ वटा कारखानाहरूको कुल उत्पादन क्षमता १६८० हजार ग्रस दियासलाई छ। आर्थिक वर्ष २०४२।४३ मा कुल १०४३ हजार ग्रस दियासलाईको उत्पादन भयो। सरदर रूपले यस उद्योग अन्तर्गतका कारखानाहरूको ६२ प्रतिशत क्षमताको प्रयोग हुन्छ। रोजगारीको दृष्टिले पनि यो उद्योग महत्वपूर्ण छ र हाल ११७६ मानिसहरूले यस उद्योग अन्तर्गत रोजगारी पाएका छन्।[4] यस उद्योग अन्तर्गत हाल मुख्य कारखानाहरू निम्न अनुसार छन्।

जुद्ध मैच फ्याक्टरी वीरगंज (Biraganj Juddha Match Factory)— जुद्ध मैच फ्याक्टरी नेपालको सबभन्दा पुरानो सलाई कारखाना हो। यस फैक्टरीको स्थापना वि० सं० १९९३ साल (सन् १९३८ ई०) मा भयो। यस कारखानालाई विदेशी प्रतियोगिताबाट बचाउन सरकारद्वारा धेरै नै संरक्षण प्रदान गरियो। सलाई उद्योगमा यसको एकाधिकार हुन गएकोले यसलाई शुरूदेखि नै धेरै नाफा प्राप्त भयो। सन् १९४६ ई० मा यस फैक्टरीको एक शाखा विराटनगरमा पनि संचालित गरियो। सन् १९५२ ई० मा विराटनगर शाखालाई वीरगंज फैक्टरीबाट अलग गरियो। तदोपरान्त जुद्ध मैच फैक्टरी विराटनगर स्वतन्त्र व्यवसायको रूपमा संचालित भयो।

जुद्ध मैच फैक्टरी विराटनगर (The Juddha Match Factory Biratnagar)—जुद्ध मैच फैक्टरी विराटनगरको स्थापना वि० सं० २००३ सालमा गरियो र सोही सालदेखि यसले उत्पादन पनि प्रारम्भ गर्‍यो। यो फैक्टरी सानो उद्योगको श्रेणीमा आउँछ। यसको कुल पूंजी रु० ४० लाख ६० हजार छ। यो एक शिफ्ट मात्र चल्दछ। यस फैक्टरीको वार्षिक उत्पादन क्षमता ४५ लाख ग्रस दियासलाई हो। आर्थिक वर्ष २०३८/३९ मा यस कारखानामा २ लाख ६० हजार ग्रस दियासलाईको उत्पादन भयो जसको कुल मूल्य रु० ६५३७ लाख हुन आउँछ। यस कारखानामा १८५ नेपाली नागरिक तथा ५८ विदेशी नागरिक गरी कुल २४३ मानिसहरू काम गर्दछन्।

धनावत मैच फ्याक्टरी (Dhanawat Match Factory)— नगरको पोखरियामा वि० सं० २०३५ सालमा मझौला उद्योगको रूप राट- संचालित

---

४. पू० पा० टिप्पणी संख्या १, पृ० ४५.

भएको धनावत मैच फ्याक्टरीले सोही सालदेखि नै उत्पादन पनि शुरू गर्‍यो। यसमा अचल पूंजी २० लाख र कार्यशील पूंजी रु० ३१ लाख गरी कुल रु० ५१ लाख पूंजीको लगानी गरिएको छ। एक शिफ्ट मात्र चल्ने यस कारखानाको वार्षिक दियासलाई उत्पादन गर्ने क्षमता ३ लाख ग्रुस हो। २०३८/३९ आर्थिक वर्षमा यस कारखानामा कुल २८४,०६४ ग्रुस दियासलाईको उत्पादन भयो जसको कुल मूल्य रु० ६५ लाख हुन आउँछ। यस कारखानामा १९३ नागरिक र ३४ गैर नागरिक गरी कुल २२७ मानिसहरूले रोजगारी पाएका छन्।

लुम्बिनी मैच इन्डस्ट्री (Lumbini Match Industry)—लुम्बिनी मैच इन्डस्ट्रीको स्थापना वि० सं० २०३६ सालमा भयो। सोही सालदेखि यसले उत्पादन पनि शुरू गर्‍यो। यो कारखाना पखलिहवा भैरहवामा पर्दछ। मझौला खालको यस उद्योगमा कुल रु० ३५ लाखको लगानी भएको छ। यसको अचल पूंजी रु० ३० लाख र कार्यशील पूंजी रु० ५ लाख छ। एक शिफ्ट मात्र संचालित हुने यस कारखानाको वार्षिक दियासलाई उत्पादन गर्ने क्षमता १५० हजार ग्रुस हो। २०३८/३९ सालमा यस कारखानामा ५७,८४७ ग्रुस दियासलाईको उत्पादन भयो। यस कारखानामा १०५ जनाले रोजगारी पाएका छन्।

नेपालगंज मैच फैक्टरी प्राइवेट लिमिटेड—नेपालगंज मैच फैक्टरीको स्थापना वि० सं० २०१६ सालमा भयो। यसले वि० सं० २०१८ सालदेखि उत्पादन शुरू गर्‍यो। यस अन्तर्गत कुल २८ लाख ४७ हजारको पूंजी लगानी भएकोले यो उद्योग साना आकारको उद्योगको श्रेणीमा पर्दछ। यो कारखाना एक शिफ्ट संचालित हुन्छ र एक शिफ्टमा यस कारखानाको उत्पादन क्षमता एक हजार ग्रस दियासलाई छ। यसको वार्षिक उत्पादन क्षमता २८६ हजार ग्रस दियासलाई हो। २०३८/३९मा यस कारखानामा १,३१,९५९ ग्रस दियासलाईको उत्पादन भयो। यस कारखानामा ९७ नागरिक र ६२ गैर-नागरिक गगी कुल १५९ जनाले रोजगारी पाएका छन्।

सलाई उद्योगका समस्याहरू

नेपालमा सलाई उद्योगका मुख्य समस्याहरू निम्नांकित छन्—

(१) **कच्चा पदार्थको अभाव**—यस उद्योगको मुख्य कच्चा पदार्थ वनमा पाइने सीमल हो। वन दिनानुदिन मासिदै गएको हुनाले भविष्यमा कच्चा माल सम्बन्धी ठूलो समस्या यस उद्योगलाई उत्पन्न हुने सम्भावना देखिन्छ।

(२) **रासायनिक पदार्थको समस्या**—यस उद्योगले पाराफिन वैक्स, पोटैशियम कोलोराइड, रेड-फौस्फोरस जस्ता रासायनिक पदार्थ एवं पेपर भारत र

Nepal Sanskrit Unïversity, Balmeeki Campus, Kathmandu

अन्य मुलुकहरूबाट आयात गर्नु पर्दछ। यी वस्तुहरूको आयात गर्दा आयात लाइसेंस लिने जटिल प्रणालीको सामना यस उद्योगले गर्नु पर्दछ र आयात गर्दा समयमा यी वस्तुहरूको पूर्ति नभएमा उद्योगलाई ठूलो समस्या हुन्छ।

(३) **विजुलीको समस्या**—यस उद्योगले बिजुलीको आपूर्तिको समस्या पनि भोग्नु परेको छ। हाल विराटनगर, बीरगन्जमा बिजुलीको समस्या नभए पनि नेपालगन्जमा बिजुलीको समस्याले गर्दा यस उद्योगको उत्पादन कार्यमा धेरै कठिनाइ हुन्छ।

(४) **पूंजी एवं कुशल व्यवस्थापकको अभाव**—यस उद्योगमा पूंजीको अभावको साथ-साथै सफलतापूर्वक व्यवसायको संचालनको लागि कुशल व्यवस्थापकको पनि अभाव छ।

चिनी उद्योग

(Sugar Industry)

चिनी उद्योग कृषिमा आधारित एक प्रमुख उद्योग हो। यस उद्योग हाम्रो दैनिक आवश्यकताको पूर्ति गरी आत्मनिर्भरता प्राप्त गर्नमा सहायता गर्दछ। यसरी यस उद्योगले आयातमा कमी गरी भारी मात्रामा विदेशी मुद्राको वचत गर्दछ। हाल नेपालमा ९ वटा चिनी एवं खाण्डसारी उद्योगहरू छन्। यी उद्योगहरूमध्ये पश्चिमाञ्चलको महेन्द्र सुगर एण्ड जेनरल इन्डस्ट्रीज प्राइवेट लिमिटेड भैरहवा र मध्यमाञ्चलको बीरगञ्ज सुगर फैक्टरी ठूला खालका उद्योगहरू हुन्। यस्तै गरी पूर्वाञ्चलको कोशी खाण्डसारी र मोरङ्ग सुगर मिल्स, पश्चिमाञ्चलको परासी खाण्डसारी जेनरल इन्डस्ट्रीज र मध्यमाञ्चलको वागमती खाण्डसारी सुगर मिल्स र इन्दु खाण्डसारी चिनी उद्योगहरू मध्यम खालका उद्योग समूहमा पर्दछन्। पश्चिमाञ्चलको नेपाल खाण्डसारी इन्डस्ट्रीज र शिव खाण्डसारी मिल्स साना उद्योग समूहमा पर्दछन्। आर्थिक वर्ष २०४२/४३ को तथ्याङ्क अनुसार देशमा संचालित चिनी उद्योगहरूको कुल वार्षिक चिनी उत्पादन गर्ने क्षमता ३५,७७० मैट्रिक टन छ। आर्थिक वर्ष २०४२/४३ मा देशमा कुल १५,०१९ मैट्रिक टन चिनी उत्पादन भयो। यसरी हाम्रो चिनी मिलहरूको पूर्ण उत्पादन क्षमताको उपयोग भैं रहेको छैन। हाल सरदर रूपले हाम्रा मिलहरूको ४१ प्रतिशत क्षमताको उपयोग भै रहेको देखिन्छ। चिनी मीलहरू रोजगारीको दृष्टिले पनि महत्वपूर्ण छन् र हाल १८२५ मानिसहरूले चिनी मीलहरूमा विभिन्न प्रकारका रोजगारी पाएका छन्।[5] देशमा प्रमुख चिनी मीलहरूको संक्षिप्त विवरण निम्न प्रस्तुत गरिएको छ।

---

[5] ऐजन पृ० ४४, टेबुल २०

मोरङ्ग सुगर मिल्स (Morang Sugar Mills)—मोरङ्ग सुगर मिल्स अधिराज्यको सबभन्दा पुरानो चिनी मिल हो। यसको स्थापना वि० सं० २००३ साल पौष २१ गते पब्लिक लिमिटेड कम्पनीको रूपमा १४ लाखको अधिकृत पूँजीबाट गरियो। वि० सं० २००५ सालदेखि यस मिलमा नियमित रूपले उत्पादन कार्य प्रारम्भ भयो। यो मध्यम खालको उद्योग समूहमा पर्दछ। हाल यस मिलमा रु० ४०.९ लाख अचल पूँजी र रु० ६.७१ लाख कार्यशील पूँजी गरी कुल रु० ४७.६२ लाखको लगानी गरिएको छ। तीन शिफ्ट चल्ने यस मिलको वार्षिक चिनी उत्पादन गर्ने क्षमता ३७५० मैट्रिक टन हो। आर्थिक वर्ष २०३८/३९ सालमा यस मिलमा २८०६ टन चिनी तथा १५५३ टन खुदोको उत्पादन भयो। यस मीलमा ४४३ जना नागरिक र ५८ जवान गैर-नागरिक गरी ५०१ जनाले रोजगारी र ३६४ जनाले सिजनल रोजगारी पाएका छन्[6]।

वीरगंज सुगर फैक्टरी (Birganj Sugar Factory Limited)—देशमा बढ्दो चिनीको माँगको पूर्ति गर्न मित्र राष्ट्र सोंभियत रूसको प्राविधिक एवं आर्थिक सहयोगमा १० करोड़को अधिकृत पूँजीमा वि० सं० २०२० साल (सन् १९६४ ई०) मा वीरगंज सुगर मिल्सको स्थापना गरियो। यो ठूलो उद्योग समूहमा पर्दछ र अधिराज्यको चिनी कारखानाहरू मध्ये यो सबभन्दा ठूलो हो। यस मीलको प्रारम्भिक दैनिक उत्पादन क्षमता १०० मैट्रिक टन थियो। देशमा ६० प्रतिशत चिनीको माँगको पूर्ति यस कारखानाले गर्दछ। हाल यस चिनी कारखानाको अधिकृत पूँजी रु० १५ करोड़ गरिएको छ। उत्पादन क्षमता वृद्धि कार्यक्रम पूरा भई सकेपछि यसको वार्षिक चिनी उत्पादन क्षमता २२,७७० मैट्रिकटन पुगेको छ। आर्थिक वर्ष २०४२/४३ मा यस कारखानामा ९,४२९ मैट्रिकटन चिनीको उत्पादन भयो। रोजगारीको दृष्टिले पनि यो कारखाना महत्वपूर्ण छ र यसमा १५७२ मानिसले विभिन्न स्तरको रोजगारी पाएका छन्[7]।

महेन्द्र सुगर एण्ड जेनरल इन्डस्ट्रीज प्राइवेट लिमिटेड (Mahendra Sugar and General Industries Pvt. Ltd.)—ठूलो उद्योग समूहमा पर्ने यस उद्योगको स्थापना १२ आषाढ़ २०१७ सालमा भयो। यो कारखाना पश्चिमी विकास क्षेत्रको सिद्धार्थ नगर भैरहवामा पर्दछ। यस कारखानाले वि० सं० २०२२ सालदेखि नियमित रूपले उत्पादन शुरू गर्‍यो। यस कारखानामा रु० २.०१ करोड़को अचल-पूँजी (Fixed Capital) र रु० ७.५० करोड़को कार्यशील-पूँजी

---

६. पूर्व पाद टिप्पणी संख्या ३, पृष्ठ १३९-४०।

७. पूर्व पाद टिप्पणी संख्या १, टेबुल नं० १९ पृष्ठ ४१.

(Working Capital) गरी रु० ८.५१ करोड़को कुल लगानी गरिएको छ। यसलाई नेपाल व्याङ्क लिमिटेडद्वारा रु० ७.४० करोड़को ऋण सहायता पनि उपलब्ध भएको छ। यस कारखानाको वार्षिक चिनी उत्पादन क्षमता ५५ हजार क्विन्टल छ। यस कारखानालाई कच्चा पदार्थको रूपमा उखु स्थानीय स्रोतबाट नै उपलब्ध हुन्छ तर लाइम र पोटास आदि विदेशवाट आयात गर्नु पर्दछ। यस कारखानामा चिनीको साथ-साथै उच्च कोटिको अलकोहल पनि तयार हुन्छ। आर्थिक वर्ष २०३८/३९ मा यस कारखानामा ५०,१५४ क्विन्टल चिनी एवं १६० १८७.६७ LPI उच्चकोटिको अलकोहलको उत्पादन भयो। यस कारखानामा ६५५ जवान नेपाली तथा १६१ जवान विदेशी गरी कुल ८१६ मानिसले रोजगारी पाएका छन्। कच्चा मालको कठिनाइले गर्दा यस कारखानामा क्षमता भन्दा कम उत्पादन हुन्छ।

चुरोट उद्योग

(Cigarette Industry)

चुरोट उद्योग कृषिमा आधारित आयात प्रतिस्थापक उद्योग हो। यस उद्योगको विकासले गर्दा देशभित्र चुरोटको आवश्यकताको पूर्ति हुने हुनाले भारी मात्रामा विदेशी मुद्राको बचतको साथ-साथै सूर्ती खेतीको विकासले पनि प्रोत्साहन पाउँछ र यसरी सूर्ती खेती गर्ने किसानहरूको आयमा पनि वृद्धि हुन्छ। हाल चुरोट उद्योगको संचालनको लागि ५ वटा लाइसेंस दिइसके पनि आर्थिक वर्ष २०४२/४३ सम्म ३ वटा कारखानाहरू मात्र संचालित छन्। यी तीनै कारखानाहरूको वार्षिक चुरोट उत्पादन क्षमता ९०,००० लाख खिल्ली छ। आर्थिक वर्ष २०४२/४३ मा देशमा ४७,४०२ लाख खिल्ली चुरोटको उत्पादन भयो। हाम्रो चुरोट उद्योगमा प्रतियोगिता एवं बजार सम्बन्धी समस्याले गर्दा कुल क्षमताको ५२ प्रतिशतको उपयोग भई रहेको छ। रोजगारीको दृष्टिकोणले पनि चुरोट उद्योग धेरै महत्वपूर्ण छ। यस उद्योगमा हाल २७८२ मानिसहरूले रोजगारी पाएका छन्[८]। यस उद्योग अन्तर्गतका कारखानाहरूको संक्षिप्त विवरण निम्न प्रस्तुत गरिएको छ—

जनकपुर चुरोट कारखाना (Janakpur Cigarette Factory Ltd.)— प्रथम योजनाको प्रारम्भदेखि नै स्वदेशी कच्चा मालमा आधारित आयात प्रतिस्थापन तथा निर्यात मूलक उद्योगहरूको स्थापनाको लागि उच्च प्राथमिकता दिदै आएको नीति अनुरूप वि० सं० २०२१ साल मंसिर ३ गते सरकारी क्षेत्रमा जनकपुर चुरोट कारखानाको स्थापना भयो। ठूला उद्योग समूहमा पर्ने यस कार-

---

[८] ऐजन पृष्ठ ४५।

खानाले वि० सं० २०२१ साल पौष -२९ गतेदेखि नियमित रूपले उत्पादन शुरू गऱ्यो । मित्रराष्ट्र सोभियत संघको सहयोगद्वारा निर्मित यस उद्योगको अधिकृत पूँजी ८ करोड़ छ। यस उद्योगको स्थापनामा रु० २ करोड़ ६७ लाख ३० हजार खर्च भयो । अधिराज्यमा हालसम्म स्थापित चुरोट उद्योगहरूमध्ये यो सब भन्दा ठूलो एवं आधुनिक मेशीनले युक्त कारखाना हो। यस कारखानाको वार्षिक चुरोट उत्पादन क्षमता ३ अरब खिल्ली छ। तीन शिफ्ट चल्ने यस कारखानाले आर्थिक वर्ष २०४२।४३ सालमा कुल उत्पादन लक्ष्य ३ अरब ५१ करोड़ खिल्ली राखेकोमा वास्तविक उत्पादन ४ अरब ७२ करोड़ २० लाख भएको थियो भने आ० व० २०४३।४४ मा यसले आफ्नो उत्पादनलाई वढ़ाएर ५ अरब २६ करोड़ खिल्ली पुऱ्याएको छ[९] ।

रोजगारीको दृष्टिले यो कारखाना धेरै नै महत्वपूर्ण छ । हाल यस कारखानामा १८३१ मानिसहरूले विभिन्न स्तरको रोजगारी पाएका छन्[10] । यस कारखानाले अन्तःशुल्क, बिक्री कर एवं आय करको रूपमा वार्षिक करीव रु० ४० करोड़को रकम श्री ५ को सरकारलाई राजस्वको रूपमा बुझाउँदछ। यस कारखानाले सूर्ती उत्पादक किसानहरूलाई प्रोत्साहन प्रदान गरी देशलाई सूर्ती उत्पादनमा आत्मनिर्भरता प्रदान गर्ने प्रयत्न गर्दै आएको छ । यसले सुर्ती विकास कम्पनी, बुटवल धागो कारखाना, सेती चुरोट कारखाना लिमिटेड (धनगढ़ी) जस्ता उद्योगहरूको शेयर क्रय गरी देशमा उद्योगहरूको स्थापना गर्नमा पनि ठूलो सहयोग दिनका साथ-साथै विभिन्न आर्थिक र सामाजिक कार्यहरूमा पनि प्रशस्त रूपले सहभागी हुँदै आएको छ ।

नेपाल सिगरेट फ्याक्टरी—निजी क्षेत्र अन्तर्गत वि० सं० १९९५ सालमा वीरगंजको नेपाल सिगरेट फ्याक्टरी अधिराज्यको सवभन्दा पुरानो चुरोट उद्योग हो । यसले २००४ सालमा नियमित रूपले उत्पादन शुरू गऱ्यो । यस उद्योगमा अचल-पूंजी रु० ४८ लाख र कार्यशील पूंजी रु० १२ लाख ७८ हजार गरी कुल रु० ६० लाख ७८ हजारको पूंजी लगानी भएको छ। मध्यम खालको उद्योग समूहमा पर्ने यो कारखाना एक शिफ्ट मात्र संचालित हुन्छ र यसको चुरोट उत्पादन क्षमता प्रति शिफ्ट १० लाख हो । यस कारखानाले आर्थिक वर्ष २०३८।३९ मा १६ लाख ७८ हजार खिल्ली चुरोट उत्पादन गऱ्यो जसको मूल्य रु० ३५ लाख ६७ हजार हुन आउँछ। यस कारखानामा १०६ नेपाली नागरिक तथा ६ विदेशी गरी कुल ११२ मानिसहरूले रोजगारी पाएका छन् ।

---

[९] देशान्तर साप्ताहिक, वि० सं० २०४४ कार्तिक २२ गते ।

[१०] पू० पा० टिप्पणी संख्या १, पृष्ठ ४०.

नेपाल टूवैको कम्पनी प्रा० लि० (Nepal Tobacco Company Pvt. Ltd.)—नेपाल टूवैको कम्पनी प्रा० लि० को स्थापना वि० सं० २०२४ साल भाद्र ६ गते भयो। यसले आफ्नो नियमित उत्पादन कार्तिक २०२४ सालदेखि शुरू गऱ्यो। यो उद्योग हेटौंडा औद्योगिक क्षेत्र अन्तर्गत पर्दछ। यस कम्पनीको कार्यालय घंटाघर काठमाडौंमा छ। यो उद्योग मझौला उद्योग समूह अन्तर्गत आउँछ। तीन शिफ्ट चल्ने यस उद्योगमा अचल पूंजी रु० ८५ लाख र कार्यशील पूंजी रु० ३० लाख गरी कुल रु० १ करोड़ १५ लाखको लगानी गरिएको छ। यस कम्पनीको वार्षिक चुरोट उत्पादन क्षमता रु० ९२ करोड़ खिल्ली छ। आर्थिक वर्ष २०३८।३९ मा यसले रु० ३ करोड़ ७३ लाख खिल्ली चुरोट उत्पादन गऱ्यो। यस उद्योगले स्थानीय सुर्तीको प्रयोग गर्दछ। तर सेलोफोन, अलमुनियम फोआयल जस्ता सहायक कच्चा पदार्थहरू भारतबाट आयात गर्दछ। यस कारखानामा ४२ नेपाली तथा ५ विदेशी गरी ४७ जनाले रोजगार पाएका छन्।

कपड़ा उद्योग

(Textile Industry)

कपड़ा उद्योग जनताको दैनिक आवश्यकता पूर्ति गर्ने महत्वपूर्ण उद्योग हो। यस उद्योगले वार्षिक करोड़ौं रुपियाँको आयात ह्रास गरी विदेशी मुद्राको बचत गर्दछ। नेपालमा घरेलु उद्योगको रूपमा कपड़ा उद्योग प्राचीन-कालदेखि नै संचालित हुँदै आएको छ। तर संगठित उद्योगको रूपमा कपड़ा उद्योगको विकास दोस्रो महायुद्ध कालमा कपड़ाको अभाव एवं त्यसको मूल्य वृद्धिले गर्दा भएको हो। यस उद्योग अन्तर्गत पनि सूती कपड़ा उद्योग (Cotton Textile) र सिन्थेटिक टेक्सटाइल्स (Synthetic Textile) दुई प्रकारका कपड़ा उद्योगहरू छन्। अधिराज्यमा हालसम्म ७८ वटा सूती कपड़ाको र ४१ वटा सिन्थेटिक कपड़ा उद्योगहरू गरी कुल ११९ वटा कपड़ा उद्योग संचालनको लागि लाइसेंस दिइएको भए तापनि आ० व० २०४२/३३ सम्म, कुल १५ वटा सूती कपड़ा उद्योग र १२ वटा सिन्थेटिक कपड़ा उद्योगहरू संचालित छन्। आ० व० २०४२/४३ सम्म अधिराज्यका सबै सूती कपड़ा उद्योगहरूको वार्षिक कपड़ा उत्पादन गर्ने क्षमता २,६५,२२७ हजार मिटर र सिन्थेटिक कपड़ा उत्पादन गर्ने उद्योगहरूको वार्षिक कपड़ा उत्पादन गर्ने क्षमता १३१३४ हजार मिटर छ। दुवै गरी देशमा विभिन्न कारखानाहरूको वार्षिक कपड़ा उत्पादन गर्ने क्षमता २,७८,३६१ मिटर हुन आउँछ। तर विभिन्न कठिनाइहरूले गर्दा यी उद्योगहरू आफ्नो पूर्ण क्षमताको उपयोग गरिरहेका छैनन्। सूती कपड़ा उद्योगहरू एवं सिन्थेटिक कपड़ा उद्योगहरूले आफ्नो कुल

क्षमताको क्रमशः ५३ प्रतिशत र ४८ प्रतिशत मात्र उपयोग गरिरहेको पाइन्छ। आर्थिक वर्ष २०४२/४३ मा देशमा १४,११८ हजार मीटर सूती कपड़ा तथा ६,४२४ मीटर सिन्थेटिक कपड़ाहरूको उत्पादन भयो। यी उद्योगहरू रोजगारीको निमित्त पनि धेरै नै महत्वपूर्ण छन्। हालसम्म देशमा संचालित विभिन्न सूती कपड़ा उद्योगमा ३,६५६ र सिन्थेटिक कपड़ा उद्योगहरूमा २,१४६ गरी कुल ५,८०२ मानिसहरूले विभिन्न स्तरका रोजगारी पाएका छन्।[11] केही महत्वपूर्ण कपड़ा उद्योगहरूको संक्षिप्त विवरण निम्न प्रस्तुत गरिएको छ।

गणपति कटन मिल विराटनगर (Ganapati Cotton Mill Biratnagar)—गणपति कटन मिल विराटनगरको स्थापना मिलस एरिया विराटनगरमा वि० सं० २०३१ साल कार्तिक २५ गतेका दिन भयो। यस कारखानाले सोही दिनदेखि उत्पादन पनि प्रारम्भ गर्‍यो। यो ठूला उद्योग समूह अन्तर्गत पर्दछ। यसको अधिकृत पूंजी रु० ४० करोड़ छ। यस अन्तर्गत स्थायी पूंजी रु० २.१६ करोड़ र कार्यशील पूंजी रु० १·५१ करोड़ गरी कुल रु० ३.६७ करोड़को पूंजी लगानी भैसकेको छ। यो कारखाना एक शिफ्ट मात्र संचालित हुन्छ। यसको प्रति शिफ्ट सूती र सिन्थेटिक कपड़ा तयार गर्ने क्षमता क्रमशः ८ हजार मिटर र १५०० मीटर छ। आर्थिक वर्ष २०३८/३९ मा यसले २०·८५ लाख मीटर सूती कपड़ाको उत्पादन गर्‍यो। यस कारखाना अन्तर्गत २०२ नेपाली तथा २७७ विदेशी नागरिक गरी जम्मा ४७९ जनाले विभिन्न स्तरको रोजगारी पाएका छन्। आर्थिक वर्ष २०३८।३९ मा यसको कुल उत्पादनको ६७ प्रतिशत उत्पादन विक्री भयो। यस उद्योगले भारत एवं समुद्र पारका मुलुकहरूबाट कच्चा माल मगाउनु पर्ने हुनाले कच्चा मालको उपलब्धि सम्बन्धी विभिन्न समस्याहरूको सामना गर्नु पर्दछ। कच्चा मालको समस्याको साथ-साथै बजारमा उत्पादनलाई बिक्री गर्दा प्रतिस्पर्धाको पनि समस्या यस उद्योगलाई छ।

हेटौंडा कपड़ा उद्योग लिमिटेड (Hetauda Kapada Udyog Ltd.)—हेटौंडा कपड़ा उद्योगको स्थापना सरकारी क्षेत्रमा गणवादी चीन सरकारको आर्थिक सहायताद्वारा वि० सं० २०३२ मा हेटौंडा औद्योगिक क्षेत्र अन्तर्गत भयो। यसको कार्यालय लाजिम्पाट काठमाडौंमा छ। यस उद्योगले आर्थिक वर्ष २०३५।३६ देखि उत्पादन शुरू गर्‍यो। ठूलो उद्योग समूह अन्तर्गत पर्ने यस उद्योगको अधिकृत पूंजी रु० २०·४ करोड़ छ। यसले नेपाल व्याङ्क लिमिटेडबाट रु० २० लाखको ऋण सहयोग पनि प्राप्त गरेको छ। यस उद्योगको वार्षिक उत्पादन क्षमता रु० १ करोड़

---

११. ऐजन पृष्ठ ४५।

१० लाख मीटर सूती कपड़ा र २५० टन धागो छ। यसरी सूती धागो उत्पादन गरी यस उद्योगले अन्य सूती कपड़ा उद्योगहरूको लागि कच्चा माल तयार गरी सूती कपड़ा उद्योगको विकासमा सहयोग पुऱ्याउँदछ। विभिन्न कठिनाइहरूले गर्दा यस उद्योगले आर्थिक वर्ष २०३७।३८ मा आफ्नो कुल उत्पादन क्षमताको केवल २८·७५ प्रतिशत मात्र उपयोग गर्दथ्यो तर आर्थिक वर्ष २०४१।४२ मा यसको क्षमता उपयोग ६८ प्रतिशत पुग्न गएको छ।[12] आर्थिक वर्ष २०४२।४३ मा यस कारखानाले ६८ लाख मीटर कपड़ा उत्पादन गऱ्यो। रोजगारीको दृष्टिले विचार गर्दा यस कारखानामा १२३२ मानिसहरूले विभिन्न स्तरको रोजगारी पाएका छन् [13]।

बालाजू कपड़ा उद्योग (Balaju Textile Industry)—सरकारी क्षेत्र अन्तर्गत बालाजू कपड़ा उद्योग मध्यम श्रेणीको उद्योग हो। यो उद्योग काठमाडौं-को बालाजूमा अवस्थित छ। यसको स्थापना वि० सं० २०२७ साल फाल्गुन ७ गते भएको थियो। यसको अधिकृत पूंजी रु० २·५ करोड़ छ[14]। यस उद्योग अन्तर्गत सूती कपड़ा तयार हुन्छ। यसको वार्षिक सूती कपड़ा तयार गर्ने क्षमता १२ लाख मीटर छ। तर यस उद्योगको पूर्ण क्षमताको उपयोग भैं रहेको छैन। आर्थिक वर्ष २०४२।४३ मा यस कारखाना अन्तर्गत ८·७२ लाख मीटर कपड़ा तयार भयो। हाल यस उद्योग अन्तर्गत २८५ जनाले विभिन्न स्तरको रोजगारी पाएका छन्।

अशोक टेक्सटाइल इन्डस्ट्रीज प्रा० लि० (Ashok Textile Industries Pvt. Ltd.)—अशोक टेक्सटाइल इन्डस्ट्रीज निजी क्षेत्रमा ठूलो उद्योग समूह अन्तर्गत पर्दछ। यो कारखाना विराटनगरको रानी मिल एरियामा पर्दछ। यसको स्थापना वि० सं० २०१९ साल माघ ८ गते भएको थियो। यसले वि० सं० २०२० साल मार्गदेखि नियमित रूपले उत्पादन शुरू गऱ्यो। यस उद्योग अन्तर्गत स्थायी पूंजी रु० २·७० करोड़ र कार्यशील पूंजी रु० ९५·५ लाख गरी कुल रु० ३·६५५ करोड़को लगानी भएको छ। यो उद्योग हाल ३ शिफ्ट चल्दैछ। यसको वार्षिक नाइलन शुटिंग उत्पादन गर्ने क्षमता ५० लाख मिटर छ। आर्थिक वर्ष २०३८/३९ मा यस उद्योगले करीब २४ लाख ४० हजार मिटर नाइलन शुटिंगको उत्पादन गऱ्यो। यस उद्योगले कच्चा मालको रूपमा प्रयोग गर्ने सिन्थेटिक धागो जापान, सिंगापुर, बैंकक र साउथ कोरियाबाट प्राप्त गर्दछ। यस कारखानामा ११९ जना नेपाली तथा ४३ जना विदेशी गरी कुल १६२ जनाले रोजगारी पाएका छन्।

---

१२. राष्ट्रिय योजना आयोग, सातौं योजना, पृष्ठ ५७०।

१३. पूर्व पाद टिप्पणी, संख्या १, टेबुल १९ पृष्ठ ४१

१४. पूर्व पाद टिप्पणी, संख्या ३, पृष्ठ ३३७-३८

कपड़ा उद्योगका समस्याहरू

(Problems of Textile Industry)

नेपालमा कपड़ा उद्योगले सामान्यतया निम्नांकित समस्याहरूको सामना गर्नु पर्दछ—

१. **कच्चा मालको अभावको समस्या**—नेपालमा संचालित कपड़ा उद्योगहरूले कच्चा मालको अभावको समस्याको सामना गर्नु पर्दछ। यो समस्या सूती र सिन्थेटिक दुवै प्रकारका कपड़ा मीलहरूको छ। कपड़ा उत्पादन गर्ने मीलहरूले रुवाको आयात विदेशबाट गर्नु पर्दछ। विदेशबाट रुवाको आयात गर्दा महँगो पर्ने र समयमा उपलब्ध नहुने समस्या हुन्छ। तर यस दिशामा केही प्रयास भई रहेको छ। यस सन्दर्भमा सातौं योजना कालमा कपास विकास समिति आफैले हेटौंडा कपड़ा उद्योग र स्वदेशी घरेलु तथा साना उद्योगहरूको लागि आवश्यक धागो बनाउने कपास स्वदेशमै आपूर्ति गराउने उद्देश्यले ५०० हेक्टर जग्गामा कपासको खेती गर्ने लक्ष्य राखेको छ। साथै यस समितिले यस सातौं योजना कालको प्रसार कार्यक्रम अन्तर्गत १० हजार हेक्टरमा कपास खेती गराउन लगाउने, १५,२५० टन कपासरेशा तथा ३०५०० मैट्रिक टन कपास बीउ उत्पादन गराउने भन्ने पनि लक्ष्य छ। यी कारखानाहरूका लागि कच्चा मालको रूपमा धागो आपूर्तिको लागि सातौं योजना कालमा बुटवल सूती धागो लि० कारखानाको निर्माण कार्य पनि पूरा गरी ४ हजार ९ सय मैट्रिक टन विभिन्न काउन्टको धागो उत्पादन गर्ने लक्ष्य राखिएको छ। यस्तै प्रकारले देशमा सिन्थेटिक कपड़ा तयार गर्ने कारखानाहरूले पनि नाइलन धागो, रंग आदि सामानहरू विदेशबाट मगाउँदा धेरै नै कठिनाइ भै रहेको छ।

२. **पूंजीको अभाव**—सूती एवं सिन्थेटिक कपड़ा उद्योगमा मेशीन, भवन निर्माण एवं कच्चा पदार्थ क्रय गर्नका लागि भारी मात्रामा पूंजीको आवश्यकता पर्दछ। नेपाल औद्योगिक विकास निगम (N. I. D. C.) बाट उपलब्ध हुने साख पर्याप्त नभएकोले यी उद्योगहरूले पूंजी अभावको समस्या पनि सामना गर्नु पर्दछ।

३. **बिजुली अभावको समस्या**—कारखानाको सफलताको लागि पर्याप्त मात्रामा लगातार बिजुलीको उपलब्धि आवश्यक हुन्छ। हाम्रो देशमा संचालित धेरै जसो सूती एवं सिन्थेटिक कारखानाहरूले बिजुली अभावको समस्या पनि सामना गर्नु पर्दछ। बिजुली उपलब्ध नभएको वेलामा कारखाना बन्द रहँदा धेरै नै नोक्सानी हुन्छ।

४. **बजारको समस्या**—कारखानामा उत्पादित वस्तु बिक्री नभएमा ठूलो नोक्सानी हुन्छ। विदेशी कपड़ाहरूको आयातले गर्दा देशमा उत्पादित कपड़ाहरूको

बिक्रीको हकमा उद्योगहरूले ठूलो प्रतिस्पर्द्धाको सामना गर्नु पर्दछ। देशी कपड़ा कारखानाहरूलाई प्रतियोगिताबाट बचाउन पर्याप्त संरक्षणको व्यवस्था छैन। फलस्वरूप यी कारखानाहरूको विकासमा ठूलो कठिनाइ भै रहेको छ।

५. यातायात—नेपालका धेरै ठाउँहरूमा यातायातको सुविधा नभएकोले हाम्रा कपड़ा उद्योगहरूले बिक्री वितरणको लागि बजारमा सामान पठाउँदा धेरै नै कठिनाइ हुन्छ।

६. श्रमिक सम्बन्धी समस्या—देशमा कपड़ा उद्योग सम्बन्धी तालिम प्राप्त जनशक्तिको पनि ठूलो अभाव छ। फलस्वरूप हाम्रा कपड़ा कारखानाहरूमा दक्ष श्रमिकको ठूलो अभाव छ। यसै अभावले गर्दा धेरै जसो कपड़ा उद्योगहरूमा आज पनि विदेशी श्रमिकहरू नै लागेका छन्।

७. मेशीन एवं पार्ट-पुर्जाको अभाव—उद्योगको लागि आधुनिक मेशीन एवं स्पेयर्स पार्टको आवश्यकता पर्दछ। यी मेशीन एवं स्पेयर्स पार्टस विदेशबाट मगाउन महँगो पर्दछ र कहिले काहीं वेलामा उपलब्ध नहुँदा हाम्रो उद्योगलाई ठूलो कठिनाइ हुन्छ।

छाला एवं जुत्ता उद्योग

(Leather and Shoe Industries)

छाला तथा जुत्ता उद्योग हाम्रो स्थानीय कच्चा मालमा आधारित उद्योग हो। यसले हाम्रो जुत्ता, चप्पल जस्ता दैनिक वस्तुहरूको आवश्यकताको पूर्ति गरी आयात घटाउँदछ र यसरी करोड़ौं रुपियाँ बराबरको विदेशी मुद्राको बचत गर्दछ। यस उद्योगको राम्ररी विकास गर्न पाएमा प्रशोधित छाला एवं जुत्ता निकासी गरी प्रशस्त मात्रामा विदेशी मुद्रा पनि आर्जन गर्न सकिन्छ। रोजगारीको दृष्टिले पनि यो उद्योग धेरै नै महत्वपूर्ण छ। यस उद्योगमा प्राचीन कालदेखि नै सार्की एवं चमारहरू जातिगत आधारमा यस पेशामा संलग्न रहेको पाइन्छ। यस उद्योगको विकास भएमा प्रशस्त मात्रामा विभिन्न स्तरको रोजगारीको सृजना हुने सम्भावना छ। हालसम्म यस उद्योग अन्तर्गत छाला प्रशोधन कार्यको लागि १६ वटा र छाला जुत्ता (आधुनिक किसिमको) कारखानाको लागि ६ वटा गरी जम्मा २२ वटा लाइसेंस प्रदान गरिएको छ। आर्थिक वर्ष २०४२/४३ सालसम्म देशमा ४ वटा छाला प्रशोधन कारखाना तथा ८ वटा छाला जुत्ता कारखाना गरी जम्मा १२ वटा कारखानाहरू छन्। अधिराज्यमा संचालित जम्मा ८ वटा छाला प्रशोधन कारखानाहरूको वार्षिक छाला प्रशोधन क्षमता १ करोड़ ८९ लाख ६ हजार वर्ग फीट छ। तर यी कारखानाहरूको पूर्ण क्षमताको उपयोग भै रहेको छैन। हाल यी कारखानाहरूको ४२ प्रतिशत क्षमताको उपयोग भै रहेको छ। आर्थिक वर्ष २०४२/४३ मा हाम्रा छाला प्रशोधन कारखानाहरूद्वारा कुल ८० लाख ३ हजार वर्ग

फीट छाला प्रशोधनको काम गरियो। त्यसै गरी अधिराज्यमा संचालित ४ वटा आधुनिक किसिमका जुत्ता कारखानाहरूको वार्षिक जुत्ता उत्पादन गर्ने क्षमता १ लाख ६३ हजार भए पनि यी कारखानाहरूले आर्थिक वर्ष २०४२/४३ मा जम्मा १ लाख १२ हजार जुत्ता उत्पादन गऱ्यो। हाल यी कारखानाहरूको केवल ६८ प्रतिशत क्षमताको उपयोग भैरहेको छ। रोजगारी सृजनाको सम्बन्धमा विचार गर्दा हाल यस उद्योग अन्तर्गत छाला प्रशोधन कारखानाहरूमा ४८४ र आधुनिक छाला जुत्ता कारखानाहरूमा ६०९ गरी जम्मा १०९३ मानिसहरूले रोजगारी पाएका छन्[15]। जुत्ता निर्माण एवं छाला प्रशोधन गर्ने महत्वपूर्ण कारखानाहरूको विवरण निम्न प्रस्तुत गरिएको छ।

बाँसबारी छाला तथा जुत्ता कारखाना लिमिटेड (Bansbari Leather and Shoe Factory Limited)—वि० सं० २०२२ सालसम्म नेपालमा कुनै संगठित छाला जुत्ताको कारखाना थिएन। नेपालबाट प्रतिवर्ष भारतमा ठूलो परिमाणमा कच्चा छाला निर्यात गरिन्थ्यो र भारतबाट भारी मात्रामा जुत्ताको आयात गरिन्थ्यो। देशमा प्रशस्त मात्रामा कच्चा मालको उपलब्धिको साथ-साथै देशभित्र जुत्ताको माँग पनि धेरै नै देखिएको हुनाले यहाँ छाला जुत्ता सम्बन्धी उद्योगको विकासको राम्रो सम्भावना देखियो। फलस्वरूप चीन सरकारको सहयोगमा वि० सं० २०१९ सालमा बाँसबारी छाला जुत्ता कारखानाको निर्माण कार्य प्रारम्भ गरियो। वि० सं० २०२१ साल कार्तिक २० गतेदेखि यस कारखानाले नियमित रूपले उत्पादन शुरू गऱ्यो। वि० सं० २०२३ सालमा यसलाई कम्पनी ऐन अन्तर्गत पब्लिक लिमिटेड कम्पनीको रूपमा परिणत गरियो। यस कारखानाका कामहरू यस प्रकार छन्—

(१) अधिराज्यभरि राम्रो किसिमको छालाको संकलनको लागि व्यवस्था गर्ने।
(२) जुत्ता एवं छालाद्वारा उत्पादित अन्य वस्तुहरूको बिक्री वितरणलाई प्रोत्साहित गर्ने।
(३) पशु वधशालाको स्थापना गर्ने।
(४) कारखानाको लागि पर्याप्त मात्रामा कर्मचारीहरूलाई तालिम दिने व्यवस्था गर्ने।

सम्पूर्ण श्री ५ को सरकारको स्वामित्व भएको यस कारखानाको अधिकृत पूँजी रू० २.५ करोड़ छ। यस कारखानाको वार्षिक उत्पादन क्षमता ९० हजार जोड़ा जुत्ता तथा १८ लाख वर्गफीट छाला प्रशोधन छ। यस कारखानाको वास्तविक उत्पादन निम्न तालिकामा प्रस्तुत गरिएको छ—

---

[15] पू० पा० टिप्पणी संख्या १, पृष्ठ ४५।

तालिका २०·२

उत्पादन

(२०३७/३८-२०४२/४३)

आर्थिक वर्ष	जुत्ता (जोरमा)	छाला प्रशोधन (वर्ग फ़ीटमा)
२०३७/३८	८८,८८४	१७,४३,३६१
२०३८/३९	७७,६६६	१५,२८,७२८
२०३९/४०	७९,५५९	१५,२५,८९५
२०४०/४१	६६,६७४	१९,४१,४४६
२०४१/४२ (अनुमानित)	८०,०००	१७,००,०००
२०४२/४३*	९०,९२२	१५,२०,०००

* मिनिष्ट्री अफ इन्डस्ट्री, इंन्डस्ट्रियल स्टैटिस्टिक्स, एफ/वाई २०४३/४४, टेबुल १९, पृष्ठ ४१।

(स्रोत—राष्ट्रिय योजना आयोग, सातौं योजना, पृ० ५८८.

उपर्युक्त तथ्याङ्क अनुसार जुत्ताको उत्पादन बढ़दै गई हाल वि० सं० २०४२/४३ सालमा क्षमता भन्दा पनि केही बढ़ी उत्पादन भएको देखिए तापनि छाला प्रशोधन क्रमशः घट्दै गएको देखिन्छ ।

यो कारखाना एक शिफट मात्र संचालित हुन्छ र यसमा ५२० जना मानिसले विभिन्न स्तरको रोजगारी पाएका छन् ।

यस कारखाना अन्तर्गत सातौं योजना कालमा ४ वटा आयोजनाहरू संचालित गर्ने भएको छ । यस अन्तर्गत जुत्ता उत्पादन विभागलाई आधुनिकीकरण गरी २ लाख ७० हजार जोर जुत्ता उत्पादन गर्ने, छाला प्रशोधन विभागलाई आधुनिकीकरण गरी १ लाख ३५ हजार थान काँचो छाला प्रशोधन गर्ने, १ लाख ५० हजार थान काँचो छाला ब्लूटेन् गरी संरक्षण प्रशोधन गर्ने र ९ लाख जोर क्यानभास जुत्ता उत्पादन गर्नुका साथै प्रदूषणले प्रशोधन (एकाई) कार्यक्रम संचालन गरिने छ ।[16]

हेटौंडा लेदर इन्डस्ट्रीज लिमिटेड (Hetauda Leather Industries Ltd.) :—हेटौंडा औद्योगिक क्षेत्रमा रहेको हेटौंडा लेदर इन्डस्ट्रीज लिमिटेड सरकारी क्षेत्र अन्तर्गत मध्यम दर्जाको उद्योग समूहमा पर्ने उद्योग हो। यस

---

१६. पूर्व पाद टिप्पणी, संख्या १२, पृष्ठ ५७७.

उद्योगले २०३८ साल वैशाखदेखि नियमित रूपले उत्पादन शुरू गऱ्यो । प्रारम्भमा यसको अधिकृत पूंजी रु० १ करोड़ थियो । हाल यसको अधिकृत पूंजीमा वृद्धि गरी रु० ५ करोड़ पुऱ्याइएको छ । एक शिफ्ट चल्ने यस उद्योग अन्तर्गत छाला प्रशोधन तथा लेदर वार्ड उत्पादन गर्ने काम हुन्छ । यस कारखानाले दैनिक ५०० थान छाला प्रशोधित गर्न सक्तछ । आर्थिक वर्ष २०४२।४३ सालमा यस कारखाना अन्तर्गत ९ लाख ७१ हजार वर्ग फीट छाला प्रशोधन गरियो । हाल यस कारखानाले ११४ जना श्रमिकहरूलाई रोजगारी उपलब्ध गराएको छ ।[17] उपर्युक्त कारखानाहरूको साथ-साथैं यस उद्योग अन्तर्गत एभरेस्ट ट्यानिङ्ग उद्योग प्रा० लि० लहान सिराहा, नेपाल ट्यानिङ्ग विराटनगर आदि नियमित रूपले उत्पादन गर्दछन् ।

छाला उद्योगका समस्याहरू
(Problems of Leather Industries)

नेपालमा छाला उद्योगको विकासको राम्रो सम्भावना भए तापनि यसका प्रमुख समस्याहरू निम्नांकित छन् ।

१. कच्चामालको अभाव :—यहाँका छाला जुत्ता कारखानाहरूमा कच्चा मालको अभाव पाइन्छ । देशमा छाला समेतको मासु खाने र अवैज्ञानिक तरीकाले छाला काटिने परम्पराले गर्दा धेरै मात्रामा छाला नोक्सान भएर जाने हुनाले छालाको कमी हुन जान्छ । ट्यानिग उद्योगहरूले छाला प्रशोधन कार्यको लागि केमिकलहरू पनि विदेशबाट नै झिकाउनु पर्दछ । देशमा प्रशोधित छालाको अभाव भएकोले आज पनि जुत्ता उत्पादकहरूले विदेशबाट छालाको आयात गर्नु पर्दछ ।

२. आधुनिक मेशीनको अभाव—आधुनिक किसिमको छाला जुत्ता कारखानाको लागि आवश्यक पर्ने मेशीन एवं पार्ट-पुर्जाहरू देशमा पाईंदैन । यी मेशीनहरू विदेशबाट झिकाउनमा धेरै नै औपचारिकता पुऱ्याउनु पर्ने हुनाले समय धेरै लाग्दछ र मेशीन आई पुग्दा धेरै नै महँगो पर्दछ ।

३. तालिम प्राप्त जनशक्तिको अभाव—हाम्रो छाला उद्योग जातिगत पेशाको रूपमा तराईमा चमार एवं पहाड़ी भेगमा सार्की जातका मानिसहरूबाट संचालित हुँदै आएको छ । यिनीहरूमा छाला उतार्ने, काँचो छालालाई नबिग्रिने गरी राख्ने, विभिन्न किसिमका जुत्ता चप्पलहरूको डिजाइन तयार गरी जुत्ता चप्पल उत्पादन गर्ने आदि सम्वन्धमा प्राविधिक ज्ञानको अत्यन्तै अभाव छ । यसरी यस

---

[17] १७. पू० पा० टिप्पणी संख्या १, टेबुल १९, पृष्ठ ४१ ।

उद्योगको विकासको लागि आवश्यक हुने दक्ष श्रमिकको अभावले गर्दा पनि उद्योगको विकास वांछित रूपले भइरहेको छैन ।

४. पूँजीको अभाव––अन्य उद्योगहरूझैं यस उद्योगमा पनि पूँजीको अभाव छ । यस उद्योगको लागि पनि उद्योग खोल्नलाई भारी मात्रामा कारखाना भवन, मेशीन आदिको लागि अचल पूँजीको साथ-साथै कच्चामाल, ज्याला खर्च आदिको लागि पर्याप्त मात्रामा संस्थागत ऋणको व्यवस्था भएको छैन ।

५. वजार सम्वन्धी कठिनाइ––विभिन्न कठिनाइहरूले गर्दा हाम्रा छाला उद्योगहरूबाट उत्पादित सामानहरू गुण स्तरको दृष्टिकोणले उच्चकोटिको हुन सकेको छैन, साथै महँगो पनि पर्दछ । हाम्रा उद्योगहरूमा उत्पादित यी छालाका जुत्ता-चप्पलहरू गुण-स्तर एवं मूल्य कुनै पनि दृष्टिले विदेशबाट आयात गरिएका वस्तुहरूसँग प्रतियोगतामा टिक्न सक्तैनन् । वजार सम्वन्धी यस कठिनाइले गर्दा पनि हाम्रो छाला उद्योगको विकासमा कठिनाइ भै रहेको छ ।

छाला उद्योगका समस्याहरू

(१) कच्चा मालको अभाव ।
(२) आधुनिक मेशीनको अभाव ।
(३) तालिम प्राप्त जनशक्तिको अभाव ।
(४) पूँजीको अभाव ।
(५) बजार सम्वन्धी कठिनाइ ।

कागज उद्योग

(Paper Industry)

कागज उद्योग वनमा आधारित उद्योग हो । शिक्षाको विकासको साथ-साथै यसको माँगमा पनि दिनानुदिन वृद्धि भइरहेको छ । यसको लागि कच्चा मालको रूपमा प्रयोग हुने वाबियो, गहुँको छ्वाली, बाँस आदि देशमा प्रशस्त मात्रामा उपलब्ध हुने हुनाले यहाँ यस उद्योगको विकासको पर्याप्त सम्भावना छ । हाल हाम्रो कागजको आवश्यकताको पूर्ति भारत, चीन, वंगलादेश, कोरिया आदि देशबाट आयात गरी गर्नु पर्दछ । कागज उद्योगको विकास भएमा आन्तरिक उपयोगको लागि बाहिरबाट कागजको आयात गर्नु नपर्ने हुनाले धेरै मात्रामा विदेशी मुद्राको बचत हुन सक्छ । साथै बढी मात्रामा कागज उत्पादन गरी विदेशमा निर्यात गरेमा विदेशी मुद्रा आर्जनको पनि धेरै सम्भावना देखिन्छ । हाल यस उद्योग अन्तर्गत संचालित कारखानाहरूबाट श्री ५ को सरकारलाई करको रूपमा रु० ३ लाख ४१

उद्योगले २०३८ साल वैशाखदेखि नियमित रूपले उत्पादन शुरू गर्‍यो। प्रारम्भमा यसको अधिकृत पूंजी रु० १ करोड़ थियो। हाल यसको अधिकृत पूंजीमा वृद्धि गरी रु० ५ करोड़ पुर्‍याइएको छ। एक शिफ्ट चल्ने यस उद्योग अन्तर्गत छाला प्रशोधन तथा लेदर वार्ड उत्पादन गर्ने काम हुन्छ। यस कारखानाले दैनिक ५०० थान छाला प्रशोधित गर्न सक्तछ। आर्थिक वर्ष २०४२।४३ सालमा यस कारखाना अन्तर्गत ९ लाख ७१ हजार वर्ग फीट छाला प्रशोधन गरियो। हाल यस कारखानाले ११४ जना श्रमिकहरूलाई रोजगारी उपलब्ध गराएको छ।[17] उपर्युक्त कारखानाहरूको साथ-साथैं यस उद्योग अन्तर्गत एभरेस्ट ट्यानिङ्ग उद्योग प्रा० लि० लहान सिराहा, नेपाल ट्यानिङ्ग विराटनगर आदि नियमित रूपले उत्पादन गर्दछन्।

छाला उद्योगका समस्याहरू

(Problems of Leather Industries)

नेपालमा छाला उद्योगको विकासको राम्रो सम्भावना भए तापनि यसका प्रमुख समस्याहरू निम्नांकित छन्।

१. कच्चामालको अभाव :—यहाँका छाला जुत्ता कारखानाहरूमा कच्चा मालको अभाव पाइन्छ। देशमा छाला समेतको मासु खाने र अवैज्ञानिक तरीकाले छाला काटिने परम्पराले गर्दा धेरै मात्रामा छाला नोक्सान भएर जाने हुनाले छालाको कमी हुन जान्छ। ट्यानिग उद्योगहरूले छाला प्रशोधन कार्यको लागि केमिकलहरू पनि विदेशबाट नै झिकाउनु पर्दछ। देशमा प्रशोधित छालाको अभाव भएकोले आज पनि जुत्ता उत्पादकहरूले विदेशबाट छालाको आयात गर्नु पर्दछ।

२. आधुनिक मेशीनको अभाव—आधुनिक किसिमको छाला जुत्ता कारखानाको लागि आवश्यक पर्ने मेशीन एवं पार्ट-पुर्जाहरू देशमा पाईंदैन। यी मेशीनहरू विदेशबाट झिकाउनमा धेरै नै औपचारिकता पुर्‍याउनु पर्ने हुनाले समय धेरैं लाग्दछ र मेशीन आई पुग्दा धेरै नै महँगो पर्दछ।

३. तालिम प्राप्त जनशक्तिको अभाव—हाम्रो छाला उद्योग जातिगत पेशाको रूपमा तराईमा चमार एवं पहाड़ी भेगमा सार्की जातका मानिसहरूबाट संचालित हुँदै आएको छ। यिनीहरूमा छाला उतार्ने, काँचो छालालाई नबिग्रिने गरी राख्ने, विभिन्न किसिमका जुत्ता चप्पलहरूको डिजाइन तयार गरी जुत्ता चप्पल उत्पादन गर्ने आदि सम्बन्धमा प्राविधिक ज्ञानको अत्यन्तै अभाव छ। यसरी यस

---

[17] पू० पा० टिप्पणी संख्या १, टेवुल १९, पृष्ठ ४१।

उद्योगको विकासको लागि आवश्यक हुने दक्ष श्रमिकको अभावले गर्दा पनि उद्योगको विकास वांछित रूपले भइरहेको छैन ।

४. पूँजीको अभाव—अन्य उद्योगहरूझैं यस उद्योगमा पनि पूँजीको अभाव छ । यस उद्योगको लागि पनि उद्योग खोल्नलाई भारी मात्रामा कारखाना भवन, मेशीन आदिको लागि अचल पूँजीको साथ-साथै कच्चामाल, ज्याला खर्च आदिको लागि पर्याप्त मात्रामा संस्थागत ऋणको व्यवस्था भएको छैन ।

५. वजार सम्वन्धी कठिनाइ—विभिन्न कठिनाइहरूले गर्दा हाम्रा छाला उद्योगहरूबाट उत्पादित सामानहरू गुण स्तरको दृष्टिकोणले उच्चकोटिको हुन सकेको छैन, साथै महँगो पनि पर्दछ । हाम्रा उद्योगहरूमा उत्पादित यी छालाका जुत्ता-चप्पलहरू गुण-स्तर एवं मूल्य कुनै पनि दृष्टिले विदेशबाट आयात गरिएका वस्तुहरूसँग प्रतियोगतामा टिक्न सक्तैनन् । बजार सम्बन्धी यस कठिनाइले गर्दा पनि हाम्रो छाला उद्योगको विकासमा कठिनाइ भै रहेको छ ।

छाला उद्योगका समस्याहरू

(१) कच्चा मालको अभाव ।
(२) आधुनिक मेशीनको अभाव ।
(३) तालिम प्राप्त जनशक्तिको अभाव ।
(४) पूँजीको अभाव ।
(५) बजार सम्वन्धी कठिनाइ ।

कागज उद्योग

(Paper Industry)

कागज उद्योग वनमा आधारित उद्योग हो । शिक्षाको विकासको साथ-साथै यसको माँगमा पनि दिनानुदिन वृद्धि भइरहेको छ । यसको लागि कच्चा मालको रूपमा प्रयोग हुने वाबियो, गहुँको छ्वाली, बाँस आदि देशमा प्रशस्त मात्रामा उपलब्ध हुने हुनाले यहाँ यस उद्योगको विकासको पर्याप्त सम्भावना छ । हाल हाम्रो कागजको आवश्यकताको पूर्ति भारत, चीन, वंगलादेश, कोरिया आदि देशबाट आयात गरी गर्नु पर्दछ । कागज उद्योगको विकास भएमा आन्तरिक उपयोगको लागि बाहिरबाट कागजको आयात गर्नु नपर्ने हुनाले धेरै मात्रामा विदेशी मुद्राको बचत हुन सक्छ । साथै बढ़ी मात्रामा कागज उत्पादन गरी विदेशमा निर्यात गरेमा विदेशी मुद्रा आर्जनको पनि धेरै सम्भावना देखिन्छ । हाल यस उद्योग अन्तर्गत संचालित कारखानाहरूबाट श्री ५ को सरकारलाई करको रूपमा रु० ३ लाख ४१

हजार प्राप्त हुन्छ।[18] यस उद्योग अन्तर्गत संचालित कारखानाहरूको संक्षिप्त विवरण निम्न प्रस्तुत गरिएको छ।

भृकुटी पेपर लिमिटेड (Bhrikuti Paper Factory Ltd.) :—भृकुटी कागज कारखाना नवलपरासी जिल्लाको गैंडाकोटमा जनवादी गणतंत्र चीन सरकारको सहयोगमा स्थापित भएको छ। यस कारखानाको अधिकृत पूंजी रु० २५ करोड़ छ। १० मैट्रिकटन दैनिक कागज उत्पादन गर्ने सक्ने क्षमताको यस कारखानाको निर्माण कार्य पूरा भै सकेको छ र यसले श्रावण २०४३ सालदेखि उत्पादन कार्य शुरू गरिसकेको छ। यस कारखानामा हाल ३८४ जनाले रोजगारी पाएका छन्[19]। यस उद्योगवाट सातौं योजना कालमा १५ हजार मे० टन कागज उत्पादन गर्ने लक्ष्य राखिएको छ। यस उद्योगलाई उपयुक्त आर्थिक एकाईको रूपमा विस्तार गरी संचालन गर्ने सिलसिलामा दैनिक ३० मैट्रिक टन कागज उत्पादन गर्ने गरी क्षमता विस्तार गर्ने लक्ष्य राखिएको छ।[20]

नेपाल पेपर इन्डस्ट्रीज लिमिटेड :—बाँके जिल्लाको नेपालगंजमा खुल्ने नेपाल पेपर इन्डस्ट्रीज लिमिटेड निर्माणाधीन अवस्थामा छ। यस कारखानाको अधिकृत पूंजी रु० ५० करोड़ छ। यसको दैनिक कागज उत्पादन गर्ने क्षमता प्रतिदिन ३० मैट्रिक टन हुने छ।[21]

ईंटा-टायल उद्योग

(Brick and Tile Industries)

ईंटा-टायल एउटा महत्वपूर्ण निर्माण सामग्री हो। बाटो निर्माण, पूल निर्माण, कारखाना, कार्यालय, आवास आदिको लागि भवन निर्माणमा यसको धेरै आवश्यकता पर्दछ। आर्थिक विकास एवं शहरीकरणमा वृद्धिले गर्दा इंटा-टायलको आवश्यकता दिनानुदिन बढ्दै छ। अधिराज्यको तराई भागमा इंटाको पूर्ति निजी क्षेत्रद्वारा उत्पादित ईंटाद्वारा हुन्छ। निजी क्षेत्रमा चिम्नी भट्टा र ठाड़ो भट्टाद्वारा इंटाको उत्पादन हुन्छ। तर यी भट्टाहरूद्वारा उत्पादन गरिएको इंट एकनासको हुंदैन। गुण-स्तरको दृष्टिले पनि यसमा धेरै फरक पर्दछ। निर्माण कार्यको लागि ईंटको बढ्दो आवश्यकतालाई दृष्टिगत गरी श्री ५ को सरकारले ईंट उद्योगको आधुनिकीकरण गर्ने उद्देश्यले सरकारी क्षेत्र अन्तर्गत दुईवटा आधुनिक किसिमका

---

१८. पू० पा० टिप्पणी संख्या १, पृ० ५९

१९. ऐजन, पृ० ४१

२०. पू० पा० टिप्पणी, संख्या १२,५७९

२१. पू० पा० टिप्पणी संख्या १, पृ० ४३

ईंटा टायल कारखानाको स्थापना गरेको छ। हाल अधिराज्यमा संचालित जम्मा दुई ईंटा टायल कारखानाहरूको कुल ईंटा उत्पादन गर्ने वार्षिक क्षमता ४ करोड़ ५० लाख ईंट छ। आर्थिक वर्ष २०४२/४३ मा यी दुवै कारखाना अन्तर्गत जम्मा २ करोड़ ७८ लाख ३९ हजार इंटको उत्पादन गरियो। हाल सरदर रूपले यी कारखानाहरूको ६१ प्रतिशत क्षमताको उपयोग हुँदै छ। यी आधुनिक कारखानाहरूमा हाल जम्मा ८७२ जनाले विभिन्न स्तरको रोजगारी पनि पाएका छन्[22]। हाल संचालित आधुनिक ईंट टायल कारखानाहरूको संक्षिप्त विवरण निम्न प्रस्तुत गरिएको छ।

इंट टायल कारखाना लि० हरसिद्धि (Brick and Tile Factory Limited Harisiddhi) :—उच्च कोटिको ईंटा टायल निर्माण गर्ने यस कारखानाको निर्माण जनवादी गणतंत्र चीन सरकारको आर्थिक एवं प्राविधिक सहयोगद्वारा वि० सं० २०२२ सालमा गरिएको थियो। यस कारखानाले वि० सं० २०२६ साल (सन् १९६९ ई०) देखि उत्पादन प्रारम्भ गर्‍यो। वार्षिक २ करोड़ ५० लाख ओटा ईंट र ५ लाख ओटा छानाको लागि टायल उत्पादन गर्ने क्षमता भएको यस उद्योगको अधिकृत पूंजी रु० २ करोड़ छ। आर्थिक वर्ष २०४२/४३ मा यस कारखानामा रु० १ करोड़ ४२ लाख ओटा ईंट तथा ६ लाख ओटा टायलको उत्पादन भयो। हाल यस कारखानाले सातौं योजना अवधिमा १२ करोड़ ५५ लाख ओटा ईंट र २५ लाख ओटा छाना छाउने टायल उत्पादन गर्ने लक्ष्य राखेको छ।

भक्तपुर इंट कारखाना लिमिटेट (Bhaktapur Brick Factory Ltd.)—काठमाडौंमा भवन निर्माण एवं अन्य निर्माण कार्यको लागि बढ्दो ईंटको अभाव केही हदसम्म पूर्ति गर्ने उद्देश्यले जनवादी गणतंत्र चीन सरकारको आर्थिक एवं प्राविधिक सहयोगद्वारा पाँचौं योजनाकालमा भक्तपुरमा ईंट कारखाना लिमिटेडको स्थापना भयो। सन् १९७५ ई० मा पब्लिक लिमिटेड कम्पनीको रूपमा दर्ता भए पनि यसको संचालन सन् १९७९ ई० मा भयो। यस कारखानाको अधिकृत पूंजी रु० ४ करोड़ र वार्षिक उत्पादन क्षमता २ करोड़ ईंट रहेको छ। आर्थिक वर्ष २०४२/४३ मा यस कारखाना अन्तर्गत १ करोड़ ३५ लाख ईंटको उत्पादन भयो। यस उद्योगले कुल ४५० जना मानिसलाई विभिन्न स्तरको रोजगारी उपलब्ध गराएको छ। सातौं योजना कालमा यस उद्योग अन्तर्गत ९ करोड़ ओटा ईंट उत्पादत गर्ने लक्ष्य रहेको छ।

---

[22] २२. पू० पा० टिप्पणी संख्या १, पृ० ४४

सीमेंट उद्योग

(Cement Industries)

सीमेंट उद्योग खनिजमा आधारित महत्वपूर्ण आधारभूत उद्योग हो। वाटोघाटो, पूल, भवन निर्माण कुनै पनि काम सीमेंटको अभावमा सम्भव छैन। फलस्वरूप आर्थिक विकासमा यस उद्योगको ठूलो भूमिका रहेको छ। हाम्रो देशमा सीमेंटको आवश्यकताको पूर्ति भारत, कोरिया, चीन आदि देशहरूबाट आयात गरी पूरा गर्नें पर्दछ। हाल अधिराज्यमा हिमाल सीमेंट कम्पनी र हेटौंडा सीमेंट उद्योग भन्ने दुई ओटा कारखानाहरू छन् र उदयपुरमा तेस्रो सीमेंट कारखाना स्थापना गर्नें कुरो छ। हाल अधिराज्यमा संचालित सीमेंट कारखानाहरूको वार्षिक सीमेंट उत्पादन क्षमता ३२१ हजार मैट्रिकटन छ। तर विभिन्न कठिनाइहरूले गर्दा पूर्ण क्षमताको उपयोग भै रहेको छैन। हाल सीमेंट कारखानाहरूको केवल २९ प्रतिशत क्षमताको उपयोग भैरहेको छ। आर्थिक वर्ष २०४२।४३ मा देशमा कुल ९६०४३ मैट्रिक टन सीमेंट उत्पादन भयो। यस उद्योग अन्तर्गत हाल १७०० मानिसहरूले विभिन्न स्तरका रोजगारी पाएका छन्।[28] देशमा संचालित सीमेंट कारखानाहरूको संक्षिप्त विवरण निम्न प्रस्तुत गरिएको छ।

हिमाल सिमेंट कम्पनी (Himal cement Company (P.) Ltd.)— ठूलो उद्योग समूहमा पर्ने हिमाल सिमेंट प्रा० लि० को स्थापना वि० सं० २०२३ साल भदौ ८ गतेको दिन भयो। यो कारखाना काठमाडौंको चोभारमा छ। यस कारखानामा अचल पूंजीको रूपमा ३ करोड़ ३८ लाख र कार्यशील पूंजीको रूपमा १ करोड़ ७८ लाखको लगानी भएको छ। यसको अधिकृत पूंजी रु० १२ करोड़ छ। यस कारखानाले वि० सं० २०३१ साल फाल्गुन ६ गते उत्पादन कार्य शुरू गर्‍यो। यस कारखानाले चून ढुङ्गा, ब्रिज कोक क्ले र क्ले, जस्ता कच्चा पदार्थहरू प्रयोग गरी सिमेंट र क्लिकर जस्ता आवश्यक निर्माण सामग्रीहरूको उत्पादन गर्दछ। यस कारखानालाई श्री ५ को सरकारबाट कर्जा स्वरूप रु० २ करोड़ ९३ लाखको रकम पनि प्राप्त भएको छ। यस कारखानाको वार्षिक सिमेंट उत्पादन गर्नें क्षमता दैनिक १६० मैट्रिक टन वा वार्षिक ४८ हजार मैट्रिक टन थियो। यस उद्योगको उत्पादन क्षमतामा विस्तार गरिएको छ र हाल यसको वार्षिक सिमेंट उत्पादन गर्नें क्षमता १ लाख २० हजार मैट्रिक टन पुग्न गएको छ। वि० सं० २०४२/४३ मा यस कारख़ाना अन्तर्गत ३२,५३७ मैट्रिक टन सिमेंटको उत्पादन भयो। यस उद्योगमा हाल ७३६ मानिसले रोजगारी पाएका छन्।[24] सातौं योजना अवधिमा यस

---

२३. ऐजन, पृष्ठ ४४.

२४. ऐजन, पृष्ठ ४०.

कारखानाबाट ४ लाख ५८ हजार ३ सय २० मैट्रिक टन सिमेंट उत्पादन गर्ने लक्ष्य राखिएको छ।

हेटौंडा सिमेंट उद्योग (Hetauda Cement Udyog Ltd.)—हेटौंडा सिमेंट उद्योग लि० नेपालको दोस्रो सिमेंट कारखाना हो। आकारको दृष्टिकोणले विचार गर्ने हो भने यो हाम्रो सबभन्दा ठूलो कारखाना हो। यस कारखानाको स्थापना वि० सं० २०४२ सालमा भएको हो। यस कारखानालाई निर्माण गर्दा रु० १ अरब ३८ करोड़ खर्च भएको छ। यसले असौज २०४२ सालदेखि नियमित रूपले उत्पादन शुरू गऱ्यो। यस कारखानाको अधिकृत पूंजी रु० १५ करोड़ र वार्षिक सिमेंट उत्पादन गर्ने क्षमता २ लाख ६४ हजार मैट्रिक टन छ। कारखानाको पूर्ण क्षमताको उपयोग भएमा यस कारखानाले देशको कुल सिमेंट आवश्यकताको ६५ प्रतिशत पूरा गर्न सक्छ भन्ने विश्वास गरिएको छ। आर्थिक वर्ष २०४२/४३ मा यस कारखाना अन्तर्गत ६३,५०६ मैट्रिक्र टन सिमेंटको उत्पादन भयो। आ० व० २०४२/४३ देखि यस कारखानाको ४८ प्रतिशत क्षमताको उपयोग हुँदै आएकोमा गत आर्थिक वर्ष (आ० वर्ष २०४३/४४) मा यस कारखानाको केवल २५ प्रतिशत क्षमताको मात्र उपयोग भयो। पूर्ण क्षमताको उपयोग गरेमा यस कारखानालाई कच्चा माल सम्बन्धी समस्या पर्ने भन्ने अनुमान गरिएको छ।[25] हाल यस कारखानामा ९८७ मानिसले रोजगारी पाएका छन्। यस उद्योगबाट सातौं योजना कालमा १० लाख ९२ हजार सिमेंट उत्पादन गर्ने लक्ष्य निर्धारित गरिएको छ। यसका साथै यस उद्योगको उत्पादन क्षमता वृद्धि गर्न आवश्यक अध्ययन गराई विस्तारको व्यवस्था गर्ने पनि लक्ष्य छ।

उदयपुर सिमेंट उद्योग—मध्यमाञ्चल विकास क्षेत्रको उदयपुर भन्ने ठाउँमा एउटा सिमेंट कारखाना खोलिने कुरो छ। सातौं योजना अन्तर्गत यस प्रस्तावित कारखानाको सम्भाव्यता अध्ययनका आधारमा हालसम्मको कार्य प्रगतिको सिंहावलोकन गरी कारखाना स्थापना गर्ने तर्फ आवश्यक कदम चालिने भन्ने लक्ष्य राखिएको छ।

सिमेंट उद्योगका समस्याहरू

(Problems of Cement Industries)

सिमेंट उद्योग एउटा आधारभूत उद्योग हुने हुनाले देशको आर्थिक प्रगतिको लागि यसको विकास अत्यन्तै आवश्यक हुन्छ। तर निम्नांकित कठिनाइहरूले गर्दा देशमा हालसम्म यस उद्योगको पर्याप्त विकास हुन सकेको छैन।

---

२५. देशान्तर साप्ताहिक वि० सं० २०४४, कार्तिक २२ गते।

१. पूंजीको अभाव:—सिमेंट उद्योगको लागि धेरै मात्रामा पूंजीको आवश्यकता पर्दछ। निजी क्षेत्र अन्तर्गत त्यति रकम लगानी गर्ने उद्योगपतिहरू छैनन्। अनुकूल शर्त एवं अन्य केही कठिनाइहरूले गर्दा विदेशी पूंजीको लगानी पनि यस क्षेत्रमा भैरहेको छैन। फलस्वरूप यस उद्योगको विकासको लागि केवल श्री ५ की सरकारद्वारा मात्र लगानी भै रहेको छ। फलस्वरूप पूंजीको अपर्याप्तता यस उद्योगको विकासमा ठूलो वाधाको रूपमा देखिन्छ।

२. दक्ष जनशक्तिको अभाव:—यस उद्योगको विकासको लागि सम्भाव्यता अध्ययन एवं कारखाना संचालनको लागि उच्च प्राविधिज्ञहरूको देशमा अभाव छ। यस कामको लागि हामीले विदेशी जनशक्तिमा निर्भर गर्नु परेको छ।

३. मेशीन एवं कल-पुर्जाको अभाव:—यस उद्योगको लागि आवश्यक हुने मेशीन, कल-पुर्जा आदि सामानहरू देशमा उपलब्ध छैनन्। सबै समानहरू विदेशबाट आयात गर्दा विभिन्न कठिनाइहरू हुन्छ।

४. कच्चामाल सम्बन्धी कठिनाइ :—यस उद्योगको लागि चाहिने ब्रिज कोक (Breeze coke), जिप्सम (Gypsum) आदि कच्चा मालको रूपमा प्रयोग हुने वस्तुहरूको लागि विदेशी निर्भरताले गर्दा पनि उद्योगको विकासमा ठूलो कठिनाइ हुन्छ। विदेशबाट यी वस्तुहरू झिकाउँदा महँगो पर्दछ र झिकाउनमा समय पनि धेरै लाग्दछ।

५. यातायात सम्बन्धी कठिनाइ :—यस उद्योगको लागि आवश्यक हुने लाइम स्टोन दुर्गम पहाड़ी क्षेत्रमा पाइन्छ। यातायातको अभावले गर्दा लाइम स्टोनलाई एक ठाउँ भेला गरी कारखाना खोल्नमा ठूलो कठिनाइ भै रहेको छ।

कृषि औजार कारखाना लिमिटेड

(Agricultural Tools Factory Limited)

नेपाल एक कृषि प्रधान देश भएकोले देशको आर्थिक विकासको लागि कृषि औजारको विशेष महत्व छ। यस कुरोलाई दृष्टिगत गरी प्रथम पंचवर्षीय योजना अन्तर्गत नेपाली किसानहरूको लागि सस्तो दरमा उन्नत किसिमको कृषि औजार देशभित्र उत्पादन गरी उपलब्ध गराउनु पर्दछ भन्ने कुरा अनुभव गरियो। फलस्वरूप वि. सं. २०२१ मा श्री ५ को सरकार र सोभियत सरकारका बीच सम्पन्न भएको सम्झौता अन्तर्गत वि. सं. २०२५ साल चैत्र २२ गते यस कारखानाको स्थापना भयो। यस कारखानाको स्थापना कम्पनी ऐन २०२१ साल अन्तर्गत भएको हो। कारखाना वीरगंजको पिप्रामा अवस्थित छ।

यस कारखानाको उद्देश्य—यस कारखानाका उद्देश्यहरू निम्नांकित छन्—

(१) सबै उन्नत किसिमका कृषि औजारहरूको डिजाइन तयार गरी उत्पादन र विक्री वितरण गर्नु।

(२) यी कृषि औजारहरू नेपाली कृषकहरूलाई सस्तो दरमा उपलब्ध गराउनु।

हाल यस कारखानाको अधिकृत पूंजी रु० ३ करोड़ छ र कृषि औजार उत्पादन गर्ने वार्षिक क्षमता ४५० मैट्रिक टन छ। हाल यस कारखानाले २७३ जनालाई विभिन्न स्तरको रोजगारी पनि सुलभ गराएको छ।

यस कारखानाको उत्पादन–यस कारखानामा हलो, रिजर, कोदालो, थ्रेशर, ट्रेलर आदि जस्ता विभिन्न किसिमका कृषि औजारहरूको उत्पादन हुन्छ। केही वर्षको उत्पादन तथ्याङ्क निम्न तालिकामा प्रस्तुत गरिएको छ––

तालिका २०·३

कृषि औजार कारखाना लिमिटेडको उत्पादन

आर्थिक वर्ष	उत्पादन (मे० टनमा)
२०३७/३८	८६
२०३८/३९	१५३
२०३९/४०	३६८
२०४०/४१	५५०
२०४१/४२ (अनुमानित)	––
२०४२/४३ (अनुमानित)	३८५*

(स्रोत––राष्ट्रिय योजना आयोग, सातौं योजना पृष्ठ ५८८

* इन्डस्ट्रियल स्टैटिस्टिक्स, मिनिस्ट्री अफ इन्डस्ट्रीज, काठमाडौं, एफ/वाई २०४३/४४, पृ० ४०।

यस कारखानाको मूल समस्या बिक्री वितरणको समस्या हो। बिक्री वितरणको समस्याले गर्दा यसको उत्पादनमा घटी-बढ़ी भएको देखिन्छ।

कृषि चून उद्योग लि०

(Agriculture Lime Industries Ltd.)

माटोको उर्वरा शक्तिमा वृद्धि ल्याउन कृषि चून आवश्यक भएकोले कम्पनी ऐन २०२१ अन्तर्गत वि० सं० २०३० सालमा यस उद्योगको स्थापना भएको हो। यो कारखाना काठमाडौंको चोभारमा छ। यो मध्यम दर्जाको उद्योग समूहमा पर्दछ। यसको अधिकृत पूंजी रु० १ करोड़ छ। यस कारखानाले अचल पूंजीको रुपमा रु० ३० लाख ५ हजारको रकम लगानी गरेको छ। यस कारखानाले वीरगंज चिनी कारखानाको लागि औद्योगिक चूनको आवश्यकताको पूर्ति गर्न एवं केमिकल ग्रेड चून उत्पादन गर्नको लागि धादिङ जिल्लाको जोगिमारामा एउटा शाखाको स्थापना पनि गरेको छ। यस कारखानाको वार्षिक उत्पादन क्षमता कृषि

चून ६ हजार मैट्रिक टन र रासायनिक चून ६ हजार मैट्रिक टन छ। यसले औसत रूपमा कृषि चून उत्पादन गर्ने क्षमताको केवल ७.८३ प्रतिशत र रासायनिक चून उत्पादन गर्ने क्षमताको ९४.६७ प्रतिशत उपयोग गर्दछ।[26] यस कारखानाको केही वर्षको उत्पादन तथ्याङ्क निम्न तालिकामा प्रस्तुत गरिएको छ——

तालिका २०.४

कृषि चून लि० को उत्पादन

(मेंं० टनमा)

उत्पादनको नाम	२०३७/३८	२०३८/३९	२०३९/४०	२०४०/४१	२०४१/४२ अनुमानित
कृषि चून	—	३७३	५२१.२५	५५४.४५	१,०००
रासायनिक चून	३,०००	५४००	७,०००	७,०००	६,०००
निर्माण सामग्री	१५४.३	६२८	७६०	११३२	३३००

स्रोत——राष्ट्रिय योजना आयोग,, सातौं योजना, अनुसूची २, पृष्ठ ५८८ र इन्डस्ट्रियल प्रोफाइल, फिस्कल इयर २०३९।४० पृष्ठ २३३-३४।

यस कारखानाले कच्चा मालको रुपमा प्रयोग हुने लाइम स्टोन र ब्रिक बैट स्थानीय स्तरमा र स्टीम कोइला भारतबाट आयात गर्नु पर्दछ। यस कारखानामा कुल ६८ जनाले रोजगारी पाएका छन्। २०३८।३९ को तथ्याङ्क अनुसार कारखानाले उत्पादन गरेको केवल ७५ प्रतिशत उत्पादनको मात्र बिक्री हुन सकेको हुनाले वजार सम्बन्धी समस्या नै यसको सबभन्दा ठूलो समस्या हो भन्ने देखिन्छ।

Model Questions

(१) नेपालमा सलाई उद्योगको महत्वबारे लेख्नुहोस्। सी० एल० २०४०
(२) नेपालमा जूट उद्योगको महत्वबारे दर्शाउनुहोस्। सी० एल० २०४०
(३) नेपालमा चिनी उद्योगको बारेमा लेख्नुहोस्। सी० एल० २०४०
(४) नेपालमा चुरोट उद्योगको महत्वबारे प्रकाश पार्नुहोस्।
(५) नेपालमा कपड़ा उद्योगका के-के समस्याहरू छन्?
(६) नेपालमा सिमेंट उद्योगको वर्तमान स्थिति एवं समस्याबारे छल-फल गर्नुहोस्।

●

---

[26] पू० पा० टिप्पणी संख्या १२, अनुसूची ३, पृष्ठ ५८९।

अध्याय
: २१ :

औद्योगिक क्षेत्रहरू
(Industrial Estates)

देशको आर्थिक विकासको लागि औद्योगिक विकास अनिवार्य हुन्छ। हाम्रो देशमा साना एवं मझौला उद्योग स्थापना गर्नका लागि आधारभूत सुविधाहरूको व्यवस्था सबै भागमा भएको छैन र यी सुविधाहरूको व्यवस्था गर्न समय पनि निकै लाग्ने हुन्छ। यस कमीलाई हटाउन तथा क्षेत्रीय विकासको आवश्यकतालाई समेत ध्यानमा राखी विभिन्न ठाउँहरूमा औद्योगिक क्षेत्रहरू स्थापना गर्ने नीति श्री ५ को सरकारले लिएको छ। श्री ५ को सरकारको यस नीति अनुरूप स्थापित गरिएका औद्योगिक क्षेत्रहरू अन्तर्गत साना एवं मझौला उद्योगहरूको लागि विकसित जग्गा, कारखाना स्थापित गर्ने भवन, गोदाम घर, पानी, बिजुली, वर्कशप, आवासगृह आदि सबै आधारभूत आवश्यकताहरू सहुलियत भाड़ामा उपलब्ध गराइन्छ। यी औद्योगिक क्षेत्रहरूको प्रबन्ध औद्योगिक सेवा केन्द्र (Industrial Service Centre—I.S.C.) द्वारा गरिन्छ। उद्योगमा लगानी गर्ने इच्छुक व्यक्तिले यी औद्योगिक क्षेत्रहरू अन्तर्गत उद्योग खोल्न चाहेमा उद्योग खोल्न पाउने लाइसेंससँग के कति सुविधाहरू चाहिन्छ भन्ने विवरण समेतको निवेदन औद्योगिक क्षेत्रको मेनेजर कहाँ दिएर ती सुविधाहरू प्राप्त गर्न सक्तछ। नेपालमा भएका औद्योगिक क्षेत्रहरूको विवरण निम्न प्रस्तुत गरिएको छ—

१. **बालाजू औद्योगिक क्षेत्र (Balaju Industrial State)** :—बालाजू औद्योगिक क्षेत्र नेपालको पहिलो औद्योगिक क्षेत्र हो। यसको स्थापना अमेरिकी सरकारको सहयोगद्वारा नेपाल औद्योगिक करपोरेशनले वि० सं० २०१६ सालमा गरेको हो। यो औद्योगिक क्षेत्र काठमाडौं शहरदेखि ३.५ कि० मी० उत्तर नागार्जुनको फेदीमा बालाजू भन्ने ठाउँमा पर्दछ। यो औद्योगिक क्षेत्र ३५.४१ हेक्टर क्षेत्रमा फैलिएको छ र थप उद्योगको स्थापनाको लागि यसलाई अरू जग्गा विस्तारको आवश्यकता छ। यस उद्योग अन्तर्गत हाल फर्निचर, बिस्कुट, चकलेट, सौफ्ट ड्रिंक, घड़ी, कपड़ा, बुनाइ-रंगाइ, प्रेस, पोलिथिन पाइप, वर्कशप आदि जस्ता ४७ उद्योगहरू छन्[१]।

२. **हेटौंडा औद्योगिक क्षेत्र (Hetauda Industrial District)** :—अमेरिका सरकारको सहयोगद्वारा वि. सं. २०२० सालमा स्थापित गरिएको यो औद्योगिक क्षेत्र

---

[१] इन्डस्ट्रियल सर्भिस सेन्टर, इन्डस्ट्रियल गाइड टू नेपाल, काठमाण्डू दिसम्बर १९८२, पृ. ३९

बालाजू औद्योगिक क्षेत्र भन्दा पछि स्थापित भएको दोस्रो र अधिराज्यको सबभन्दा ठूलो औद्योगिक क्षेत्र हो। यस औद्योगिक क्षेत्रले १३२ हेक्टर जग्गालाई ढाकेको छ। यस अन्तर्गत मझौला एवं ठूला उद्योगहरूको लागि प्रशस्त ठाउँ उपलब्ध छ। यो औद्योगिक क्षेत्र नारायणी अंचलको मकवानपुर जिल्ला अन्तर्गत पशुपतिनगरमा पर्दछ। पूर्व पश्चिम राजमार्गको छेउमा पर्ने यो औद्योगिक क्षेत्र काठमाडौंदेखि १३५ कि. मी. दक्षिणमा पर्दछ र यसको ३० कि. मी. दक्षिणमा नै सिमरा हवाई मैदान पनि छ। काठमाडौंसँग यहाँबाट ट्रंक सेवा उपलब्ध छ। यातायात, ट्रंक लाइन, पर्याप्त ठाउँ आदि सबै सुविधाहरूले गर्दा यो औद्योगिक क्षेत्र अधिराज्यको अग्रणी औद्योगिक क्षेत्रको रूपमा विकसित हुँदै छ। यस औद्योगिक क्षेत्र अन्तर्गत साबुन, मैदा मील, शीशा, चुरोट कपड़ा आदि उद्योगहरू जस्ता २६ वटा विविध उद्योगहरू छन्।[२]

३. पाटन औद्योगिक क्षेत्र (**Patan Industrial Estate**) :—पाटन औद्योगिक क्षेत्र ललितपुर जिल्लाको मंगलबजारबाट १·५ कि. मी. दक्षिणमा पाटन सीटीमा पर्दछ। यसको स्थापना मित्रराष्ट्र भारतको सहयोगबाट वि. सं. २०२० सालमा भएको हो। यस औद्योगिक क्षेत्रले १३·६९ हेक्टर जमीन ढाकेको छ। हालसम्म यस अन्तर्गत धातुका भाँडाकुडा बनाइने, फर्निचर उद्योग, टूथपेस्ट आदि जस्ता ५३ वटा विविध उद्योगहरू संचालित भएका छन्। सातौं योजना अन्तर्गत यस औद्योगिक क्षेत्रमा औद्योगिक भवन एक र कालोपत्रे सड़क १·५ कि. मी. निर्माण गर्ने भन्ने लक्ष्य निर्धारित गरिएके छ।

४. धरान औद्योगिक क्षेत्र (**Dharan Industrial Estate**) : धरान औद्योगिक क्षेत्र कोशी अंचलको सदरमुकाम विराटनगरदेखि ५० कि. मी. उत्तरमा पर्ने धरान बजारको दक्षिणमा पर्दछ। पूर्वाञ्चल विकास क्षेत्रमा निजी क्षेत्रका घरेलु तथा साना उद्योगलाई औद्योगिक पूर्वाधार प्रदान गरी एकै ठाउँमा उद्योग संचालन गर्ने उद्देश्यले यस उद्योगको स्थापना वि. सं. २०२९ सालमा गरिएको हो। यस औद्योगिक क्षेत्रले ढाकिएको १०·१८ हेक्टर क्षेत्रफल मध्ये ५·२६ हेक्टर पूर्ण रूपले विकसित भै सकेको छ। यसमा १६ वटा औद्योगिक भवनहरूको निर्माण भई उद्योगहरू स्थापना भएका छन्। यसमा सञ्चालित उद्योगहरू मध्ये पोलिथिन पाइप, वर्कशप, जुत्ता उद्योग, पशु-पक्षीका दाना तयार गर्ने, फर्निचर, ह्यूम पाइप, प्लावर मील, हैंडलूम, फल-फूल प्रशोधन आदि छन्। सातौं योजना कालमा यस औद्योगिक क्षेत्रको लागि ५ हेक्टर जग्गा अधिग्रहण गर्नै, १० वटा भवन निर्माण गर्ने, जमीन सम्याउने र ७५० मीटर पर्खाल लगाउने, २ कि. मी. ढल निकास, २ कि. मी. सड़क निर्माण, २० हजार ग्यालन

---

[२] ऐजन, पृष्ठ ३९

पानी अटाउने ट्यांकी निर्माण गर्ने, २५० के. भी. ए. ट्रांसफर्मर जडान गर्ने, २० वटा कलभर्ट बनाउने र २ कि. मी. बिजुलीको लाइन तान्ने लक्ष्य रहेको छ।[३]

५. पोखरा औद्योगिक क्षेत्र (**Pokhara Industrial Estate**) :–निजी क्षेत्रका उद्योगहरूलाई प्रश्रय दिई उपभोग्य एवं अन्य सामानहरू आपूर्ति गराउने उद्देश्यले वि. सं. २०३१ सालमा यस औद्योगिक क्षेत्रको स्थापना गरियो। यो औद्योगिक क्षेत्र पृथ्वी राजमार्गको छेउमै पोखरा उपत्यकाको मुख्य बजारबाट ५ कि. मी. पूर्वमा पर्दछ। हाल यस औद्योगिक क्षेत्रले २५·२० हेक्टर क्षेत्रलाई ढाकेको छ। यस औद्योगिक क्षेत्रले बिस्कुट, कन्फेक्सनरी, नूडलस, टेक्टाइल, मेटेल, मेशीनरी, होजियरी आदि जस्ता उद्योगहरूलाई १७ वटा औद्योगिक भवनहरू दिई सकेको छ। डेरी, प्लाँस्टिक, पशुको लागि चारा तयार गर्ने, सीमेंट ब्लक उद्योगहरूलाई जग्गा पनि दिएको छ। हाल यस औद्योगिक क्षेत्र अन्तर्गत १३ वटा उद्योगहरू संचालित पनि भैसकेका छन्। यस औद्योगिक क्षेत्रमा सातौं योजना अवधिमा औद्योगिक भवन ६ वटा, कार्यालय यूनिलिटी भवन २ वटा, पानी वितरण लाइन २२४० मिटर, कालोपत्रे सड़क २४०० मीटर, खण्डास्मित सड़क १००० मीटर निर्माण गर्ने, एउटा ट्रांसफर्मर, एल. टी. लाइन ३·३ मीटर, ढल ६०० मिटर, सीमाना पर्खाल ८० मीटर, अन्डर ग्राउन्ड पानी टंकी एक र ओभरहेड पानी टंकी एक निर्माण गर्ने लक्ष्य छ।[४]

६. नेपालगंज औद्योगिक क्षेत्र (**Nepalgang Industrial Estate**) :–नेपालगंज औद्योगिक क्षेत्र नेपाल भारत सिमाना रूपैडिहाबाट ६ कि० मी० उत्तरमा अवस्थित छ। यसंको उत्तरमा सुर्खेत राजमार्ग पर्दछ। यस औद्योगिक क्षेत्रको स्थापना वि० सं० २०३० सालमा भयो। यसलाई दक्षिणपट्टिबाट भारतीय रेल सुविधा उपलब्ध छ भने उत्तर तर्फ सुर्खेत राजमार्ग पर्न गएको हुनाले सड़क यातायातको पनि सुविधा छ। यसले ९.३१ हेक्टर क्षेत्रलाई ढाकेको छ र ३ हेक्टर जग्गा विस्तार गर्ने प्रस्ताव पनि छ। यस औद्योगिक क्षेत्र अन्तर्गत टेक्टाइल उद्योग, फर्निचर उद्योग, बेकरी, होजियरी, डेयरी, आलमुनियम, भाँडा-कुडा, कृषि औजार, अदुवा प्रशोधन आदि जस्ता १७ वटा उद्योगहरू स्थापना भइसकेका छन्। यस औद्योगिक क्षेत्र अन्तर्गत सातौं योजना अवधिमा १०० रोपनी जग्गा अधिग्रहन गर्ने, १० वटा औद्योगिक भवन, ५ वटा यूनिलिटी भवन र एक प्रशासकीय भवन निर्माण गर्ने, १२०५ मिटर सड़क कालोपत्रे गर्ने, २५३८ मिटर सतह ढ़ल निर्माण गर्ने, ३० वटा कलभर्ट निर्माण गर्ने, एउटा ओभरहेड र अर्को अण्डरग्राउन्ड पानी ट्याङ्की एउटा निर्माण गर्ने, १४१९ मिटर

---

[३] राष्ट्रिय योजना आयोग, सातौं योजना, पृ. ५८०

[४] ऐजन, पृष्ठ ५८०.

विद्युत लाइन तान्ने, १५ मिटर पानीको पाइप बिछ्याउने र एउटा ४″ पानी बोरिंग गर्ने लक्ष्य राखिएको छ।

७. बुटवल औद्योगिक क्षेत्र (**Butwal Industrial District**) :—बुटवल औद्योगिक क्षेत्र बुटवल-नारायणघाट राजमार्गको शुरूको ठाउँबाट २.३ कि० मी० पूर्वमा पर्दछ। यस औद्योगिक क्षेत्रको स्थापना वि० सं० २०३२ सालमा भएको हो। यस औद्योगिक क्षेत्रले १५.२४ हेक्टर क्षेत्रलाई ढाकेको छ। बुटवल शहरको विकास एउटा व्यापारिक केन्द्रको रूपमा हुँदैछ। फलस्वरूप यस औद्योगिक क्षेत्र अन्तर्गत आफ्नै कच्चा मालमा आधारित आयात प्रतिस्थापन उद्योगहरूको विकासको पर्याप्त सम्भावना देखिन्छ। यो औद्योगिक क्षेत्र निर्माणाधीन छ। यसमा भौतिक पूर्वाधार करीब-करीब पूरा भइसकेको छ। यस औद्योगिक क्षेत्र अन्तर्गत वायर, केबुल, पेंट, ह्यूम पाइप, बिजुलीका सामान, मेशीनरी पार्ट-पुर्जा, काठका सामानहरू उत्पादन गर्ने कार्यक्रम छ। यस औद्योगिक क्षेत्रको लागि सातौं योजना कालमा १५ हेक्टर जग्गा अधिग्रहण र १५ हेक्टरमा जमीन सम्याउने, १५ मीटर सीमाना बार लगाउने, ८०० मीटर सीमाना पर्खाल लगाउने, २.७ किलोमीटर कालोपत्रे सड़क, ३ कि० मी० खण्डास्मित सड़क निर्माण गर्ने, ६०० मी० मुख्य ढ़ल र १५ मीटर सतह ढ़ल निर्माण, ४२ वटा कलभर्ट, पानी वितरण पम्प एक वटा जड़ान गर्ने, पानी टंकी १ निर्माण गर्ने, विद्युत वितरणमा ३ वटा ट्रांसफर्मर, ३ कि० मी० एल० टी० लाइन तान्ने, स्वीच गेयर २ वटा, स्टील ट्यूवलर पोल २५० वटा, जेनरेटर एउटा जड़ान गर्ने, कारखाना भवन १० वटा, यूनिलिटी भवन १५ वटा निर्माण गर्ने लक्ष्य निर्धारित गरिएको छ।

८. साना उद्योग क्षेत्र भक्तपुर :—घरेलु तथा साना उद्योगको स्थापनाको लागि छैटौं योजना कालमा १५ हेक्टर जमीन अधिग्रहण गरी २० वटा औद्योगिक भवन तथा ७ वटा प्रशासकीय तथा यूनिलिटी भवन निर्माण गर्ने तथा अरू भौतिक सुविधाहरू उपलब्ध गराउने लक्ष्य राखी भक्तपुरमा साना उद्योग क्षेत्र भक्तपुरको स्थापना गरियो। हाल यो उद्योग क्षेत्र निर्माणाधीन अवस्थामा छ। यस उद्योग क्षेत्रमा सातौं योजना कालमा ५० रोपनी जग्गा अधिग्रहण गर्ने, एउटा प्रशासकीय भवन, ४५० के० भी० ए० को विद्युतीकरण सम्बन्धी कार्य, सड़क निर्माण र पानी आपूर्ति आदि गरी औद्योगिक पूर्वाधार निर्माण कार्य पूरा गर्ने भन्ने लक्ष्य निर्धारित गरिएको छ।

९. धनकुटा औद्योगिक क्षेत्र :—छैटौं योजना कालमा पूर्वाञ्चल विकास क्षेत्रको सदरमुकाम धनकुटामा वि० सं० २०४१ सालमा धनकुटा औद्योगिक क्षेत्रको स्थापना गरियो। यो औद्योगिक क्षेत्र पनि निर्माणाधीन अवस्थामा छ। सातौं योजना अवधिमा ४ वटा औद्योगिक भवन तथा ९ वटा अन्य भवन निर्माण गर्ने १२५० मिटर खण्डास्मित सडक, ४०७ मीटर ढ़ल निर्माण, १५ वटा पुलेसा, ५० हजार लिटर क्षमताको

एउटा ओभरहेड पानी ट्यांकी र यस्तै एउटा अन्डरग्राउन्ड पानी ट्यांकी निर्माण गर्ने, २५ हजार पावरको पम्प एक जड़ान गर्ने, ३०० मीटर पानी वितरण लाइन तान्ने र ४.६४ कि० मी० विद्युत लाइन तान्ने भन्ने लक्ष्य निर्धारित गरिएको छ।

१०. **प्राइममुभर इन्डस्ट्रीज प्रोजेक्ट सुर्खेत** :—सुदूर पश्चिमाञ्चल विकास क्षेत्रको सुर्खेत उपत्यकामा निजी घरेलु तथा साना उद्योगहरूलाई सुविधा पुऱ्याउने उद्देश्यले वि० सं० २०३८ सालमा १०० रोपनी जग्गा अधिग्रहण गरी स्थापना गरिएको प्राइममुभर इन्डस्ट्रीज प्रोजेक्ट सुर्खेत निर्माणाधीन अवस्थामा छ। यस औद्योगिक क्षेत्रमा सातौं योजना कालमा ०.२५ कि० मी० खण्डासिमत सड़क निर्माण गर्ने, ५०० मिटर ढ़ल तथा कलभर्ट निर्माण गर्ने, २०० मिटर पानी वितरण लाइन तान्ने, ०.२० कि० मी० विद्युत वितरण लाइन तान्ने, ४ वटा प्रशासकीय भवन तथा यूनिलिटी भवन, १५ वटा कारखाना भवन र इत्राम खोलामा २५० मिटर ग्वाडिन वाल निर्माण गर्ने लक्ष्य राखिएको छ।

११. **धनगढ़ी औद्योगिक क्षेत्र** :—धनगढ़ी औद्योगिक क्षेत्रको स्थापना वि० सं० २०४१ सालमा गरियो। सातौं योजना कालमा यस उद्योगको लागि १५ हेक्टर जग्गा अधिग्रहण गरी ३४ रोपनी जग्गा विकास गर्नका साथ-साथै सड़क, ढ़ल, कलभर्ट, पानी वितरण ८ वटा औद्योगिक भवन, ८ वटा कार्यालय भवन आदि निर्माण गर्ने लक्ष्य राखिएको छ।

१२. **राजविराज औद्योगिक क्षेत्र** :—पूर्वाञ्चल विकास क्षेत्रको राजविराजमा वि० सं० २०४१ सालमा राजविराज औद्योगिक क्षेत्रको स्थापना गरियो। सातौं योजना कालमा यस औद्योगिक क्षेत्रमा २३ बीघा जग्गा अधिग्रहण गरी जमीन विकास, सड़क, कलभर्ट निर्माण, सीमाना बार लगाउने, पानी वितरण लाइन तान्ने, २ वटा टंकी निर्माण, १८ वटा औद्योगिक भवन निर्माण, ७ वटा प्रशासकीय भवन निर्माण आदि गर्ने भन्ने लक्ष्य राखिएको छ।

उपर्युक्त औद्योगिक क्षेत्रहरू बाहेक सातौं योजनाकालमा ९४ रोपनी जग्गा अधिग्रहण गरी पाँचखाल औद्योगिक क्षेत्र र ३०० रोपनी जग्गा अधिग्रहण गरी घोराही औद्योगिक क्षेत्रहरु पनि स्थापना गर्ने लक्ष्य रहेको छ।

Model Question

1. What is the importance of Industrial Estates for industrialisation of Nepal? Give a short introduction of important Industrial Estates of Nepal.

   नेपालको औद्यागिक विकासको लागि औद्योगिक क्षेत्रको के महत्व छ? नेपालका महत्वपूर्ण औद्योगिक क्षेत्रहरूको छोटो परिचय दिनुहोस्।

Tourism पर्यटन
Tourist- पर्यटक

अध्याय
: २२ :

पर्यटन
(Tourism)

पर्यटनको अर्थ :—मानिसहरू आफ्नो इच्छा एवं आकांक्षाको पूर्तिका लागि एक राष्ट्रबाट अर्को राष्ट्रमा गइरहन्छन्। मानिसहरूको इच्छा, आकांक्षा, विचारधारा, चाहना आदिमा फरक पर्दछ। फलस्वरूप कसैलाई मनोरम प्राकृतिक दृश्य हेर्ने रहर हुन्छ त कसैलाई ऐतिहासिक स्थलहरूको अध्ययन गर्ने इच्छा हुन्छ। यस्तै प्रकार अरूको संस्कृतिसँग परिचित हुने, स्वास्थ्य लाभ गर्ने, मनोरंजन गर्ने, छुट्टी बिताउने, विद्याध्ययन, धार्मिक स्थलहरूको दर्शन, खेल-कुद, व्यापार-व्यवयाय, सरकारी काम, विदेशमा बस्ने परिवार एवं इष्ट मित्रसँग भेट्ने आदि उद्देश्यले मानिसहरू एक राष्ट्रबाट अर्को राष्ट्रमा गइरहन्छन्। उपर्युक्त उद्देश्यले एक राष्ट्रबाट अर्को राष्ट्रमा जाने क्रियालाई पर्यटन (Tourism) भनिन्छ र यसरी घुम्ने मानिसहरूलाई पर्यटक (Tourist) भनिन्छ। उपर्युक्त उद्देश्यहरूले विदेशी मानिसहरूको देशमा आगमन हुँदा अदृश्य-निर्यात (Invisible Export) को रूपमा मुलुकलाई पर्याप्त मात्रामा विदेशी मुद्रा प्राप्त हुन्छ। फलस्वरूप विकासोन्मुख एवं विकसित मुलुकहरूको अर्थतन्त्रमा पर्यटनलाई एउटा महत्वपूर्ण उद्योगको रूपमा लिइन्छ। अचेल विकसित र विकासोन्मुख सबै राष्ट्रहरूले पर्यटनको महत्वलाई स्वीकार गरेका छन्। अमेरिका, आष्ट्रिया, स्वीडेन, कनाडा, स्पेन, स्वीटजरल्याण्ड आदि देशहरूमा सब भन्दा बढी पर्यटकहरू पुग्दछन्।

पर्यटन उद्योगको महत्व :—आज पर्यटन उद्योगलाई विकसित एवं विकासशील सबै राष्ट्रहरूको लागि धेरै नैं महत्वपूर्ण उद्योगको रूपमा लिइन्छ। नेपालमा पर्यटन उद्योगको महत्व निम्न अनुसार छ—

१. दुर्लभ विदेशी मुद्रा आर्जन गर्ने स्रोत :—हाम्रो व्यापार-संतुलन एवं भुक्तान-संतुलनको स्थिति दिनानुदिन प्रतिकूल हुँदै गएको छ। हामी पर्यटन उद्योगको विकासद्वारा धेरै मात्रामा विदेशी मुद्रा कमाउन सक्छौं र यसरी हाम्रो शोधनान्तर स्थितिमा सुधार हुन सक्छ। पर्यटन उद्योगबाट वि. सं. २०४०-४१ सालमा ३२५४४ यू. एस. डलर बराबरको विदेशी मुद्रा प्राप्त भयो। पर्यटन उद्योगबाट प्राप्त हुने विदेशी मुद्रा आय निम्न तालिका नं. २२.१ मा प्रदर्शित गरिएको छ—

तालिका २२·१

पर्यटनबाट भएको विदेशी मुद्राको आय (२०३५।३६-२०४०।४१)

(हजार यू. एस. डलरमा)

आर्थिक वर्ष	प्राप्त विदेशी मुद्रा
२०३५।३६	३५,००७
२०३६।३७	४४,७१६
२०३७।३८	५१,८३१
२०३८।३९	३८,१४९
२०३९।४०	३५,०७१
२०४०।४१	३२,५४४

(स्रोत—राष्ट्रिय योजना आयोग, सातौं योजना, पृ० ६३५ र सी. बी. एस. स्टैटिस्टिकल पकेट बुक, नेपाल १९८६ पृ. ७५)

२. रोजगारका अवसरहरूको सृजना :—नेपाल एक गरीब कृषि प्रधान देश हो। यहाँ औद्योगिक विकास नभएकोले विभिन्न किसिमको वेरोजगारीको समस्या गम्भीर भएको छ। पर्यटन उद्योगको विकास भएमा यस उद्योगसँग प्रत्यक्ष रूपले सम्बन्धित एरलाइन्स, ट्राभल एजेन्सी, होटल, ट्रैकिङ्ग, पथ-प्रदर्शक, कलात्मक वस्तुहरूको उत्पादन आदि विभिन्न प्रकारको व्यवसायको विकास हुन सक्छ। यी उद्योगहरूमा धेरैं मानिसहरूले काम पाउन सक्छन्। यस प्रकार पर्यटन उद्योगको विकासद्वारा देशमा रोजगारीको अवसरको सृजना हुन सक्छ।

३. विकास नभएका स्थानहरूको विकासमा सहायक :—देशमा धेरै पहाड़ी भागहरूको आर्थिक विकास हुन सकेको छैन। बाटो-घाटोको असुविधा, उद्योगहरूको अभाव आदि कारणहरूले गर्दा ती क्षेत्रका मानिसहरूको लागि रोजगारीको अवसरको अत्यधिक नै अभाव छ। फलस्वरूप ती क्षेत्रहरूमा मानिसहरूको आय एवं जीवन स्तर अत्यन्तै निम्न अवस्थामा रहेको छ। तर पर्यटन उद्योगको विकास भएमा यस्ता दुर्गम स्थानहरूका मनोरम प्राकृतिक दृश्य, त्यहाँका विशिष्ट सांस्कृतिक परम्परा एवं सरल निश्चल जीवन उच्च स्तरको पर्यटकहरूको केन्द्र बन्न सक्छ। यस्ता ठाउँहरूमा पर्यटकहरू बढी पुगेमा स्वतः नै ती क्षेत्रहरूको विकास हुन सक्छ। यस प्रकार पर्यटन उद्योगद्वारा देशमा क्षेत्रीय आर्थिक असन्तुलन कम हुन सक्छ।

४. घरेलु उद्योगको विकास :—देशमा पर्यटन उद्योगको विकास भएमा विदेशी पर्यटकहरू यहाँको घरेलु उद्योगमा निर्मित कलात्मक वस्तुहरू क्रय गरी लान्छन्। यस

प्रकार घरेलु र हस्तकला उद्योग निर्मित वस्तुको माँगमा वृद्धि हुन्छ र यस उद्योगसँग सम्बन्धित मानिसहरूको आय एवं रोजगारीमा वृद्धि हुन जान्छ ।

५. सांस्कृतिक आदान-प्रदानद्वारा जीवन पद्धतिमा गतिशीलताको सृजना :- पर्यटकहरूको आगमनद्वारा हाम्रो नेपाली संस्कृति एवं विदेशी संस्कृतिमा पारस्परिक आदान-प्रदान हुन्छ । विदेशीहरू हाम्रा विशिष्ट सांस्कृतिक परम्पराबाट परिचित हुन्छन् भने हामीहरूले पनि विदेशीहरूको रहन-सहन एवं संस्कृतिबाट केही राम्रा कुराहरू सिक्ने मौका पाउँछौं । यसरी सांस्कृतिक आदान-प्रदानद्वारा सहयोग एवं सद्भावनाको विकास हुन्छ तथा परम्परागत रूढ़िवादी विचारधारा समाप्त हुन जान्छ ।

पर्यटन उद्योगको महत्व

१. दुर्लभ विदेशी मुद्रा आर्जन गर्ने स्रोत ।
२. रोजगारका अवसरहरूको सृजना ।
३. विकास नभएका स्थानहरूको विकासमा सहायक ।
४. घरेलु उद्योगको विकास ।
५. सांस्कृतिक आदान-प्रदानद्वारा जीवन पद्धतिमा गतिशीलताको सृजना ।

नेपालमा पर्यटन उद्योग विकासको सम्भावना

नेपालमा संख्यात्मक दृष्टिले पर्यटकहरूको आगमन बढ्दै गए पनि यसबाट प्राप्त हुने विदेशी मुद्रा आय दिनानुदिन घट्दै गएको हुनाले यस उद्योगमा नकारात्मक प्रवृत्ति देखा पर्दछ । तर यस उद्योगलाई योजनावद्ध तरीकाले विकसित गर्न सकेमा यसबाट प्राप्त हुने विदेशी मुद्रा आर्जनमा निरन्तर वृद्धि हुने पर्याप्त सम्भावना देखिन्छ । यहाँ पर्यटन उद्योगको विकासको लागि निम्नांकित आधारभूत साधनहरू पर्याप्त मात्रामा उपलब्ध छन् ।

(१) प्राकृतिक सौन्दर्य :—नेपाल प्राकृतिक सौन्दर्यले भरिएको छ । यहाँ पर्याप्त मात्रामा मनोरम ताल, नदी, झरना, जंगलमा उपलब्ध दुर्लभ वन्य-जन्तु, तातो पानीको कुण्ड र गुफाहरूको साथ-साथै पराक्रमीहरूको लागि चुनौतीपूर्ण सगरमाथा, कंचनजंघा गौरीशंकर जस्ता सर्वोच्च शिखरहरू छन् । यी प्राकृतिक सौन्दर्यहरू अवश्य नै पर्यटकहरूको लागि ठूलो आकर्षण हो ।

(२) प्राचीन ऐतिहासिक एवं धार्मिक स्थलहरू :—नेपालमा धेरै मात्रामा प्राचीन ऐतिहासिक एवं धार्मिक स्थलहरू छन् । बुद्धको जन्मस्थान लुम्बिनी, जगत्-जननी सीताको जन्मस्थान जनकपुर, काठमाडौंको पशुपति नाथको मन्दिर, हनुमान-ढोका, पाटनको कृष्ण मन्दिर एवं तानसेनका प्राचीन दरबारहरूको साथ-साथै अनेकौं

शिलालेखहरू नेपालमा छन् । यी स्थानहरू तीर्थ यात्री एवं ऐतिहासिक अध्ययन गर्ने पर्यटकहरूको लागि धेरै नै आकर्षक छन् ।

(३) सांस्कृतिक विभिन्नता एवं विशिष्ट सांस्कृतिक परम्परा :—नेपालमा विभिन्न जाति एवं बेग्ला-बेग्लै सांस्कृतिक परम्पराका मानिसहरू बस्दछन् । तराईमा थारू एवं राजवंशी संस्कृतिका मानिसहरू छन् भने पहाड़मा राई, लिम्बू, नेवार, बाउनहरूका आफ्ना अलग-अलग भाषा एवं संस्कृतिहरू छन् । यी भाषा एवं संस्कृतिको अध्ययन गर्ने पर्यटकहरू पनि नेपालमा प्रशस्त मात्रामा आउन सक्छन् भन्ने सम्भावना देखिन्छ ।

(४) सरल एवं निश्चल ग्रामीण जीवन :—नेपालका अधिकांश जनता गाउँमा बस्दछन् । ती ग्रामीण जनताहरू राग-द्वेष, ईर्ष्या, छलप्रपंच आदिबाट मुक्त अत्यन्तै सरल एवं निश्चल जीवन व्यतीत गरिरहेका छन् । पश्चिमी औद्योगिक देशहरूमा अत्यधिक शहरीकरणले गर्दा यस प्रकारको जीवन-दर्शन दुर्लभ हुन गएको छ । भौतिक सुविधाको पर्याप्तताले गर्दा वाक्क भइसकेका पश्चिमी देशका मानिसहरूको मानसिक शान्तिको लागि यस प्रकारको जीवन सम्पर्कमा आउनु धेरै नै आकर्षक कुरो हुन्छ ।

(५) जलवायु विभिन्नता :—नेपालमा जलवायुको विविधता धेरै नै पाइन्छ । यहाँ तराईमा गर्मी पर्दछ भने देशको पहाड़ी भाग शीतल र हिमाली भाग अत्यन्तै चीसो । फलस्वरूप विभिन्न प्रकारका पर्यटकहरूको लागि हाम्रो देश अत्यन्तै आकर्षक छ ।

यसरी उपर्युक्त विभिन्न आकर्षणहरूले गर्दा नेपाल पर्यटकहरूको लागि स्वर्णिम स्थल हुन सक्छ भन्ने पर्याप्त सम्भावना देखिन्छ ।

नेपालमा पर्यटन उद्योगको विकासको सम्भावनाका आधारहरू

(१) प्राकृतिक सौन्दर्य
(२) प्राचीन ऐतिहासिक एवं धार्मिक स्थलहरू
(३) सांस्कृतिक विभिन्नता एवं विशिष्ट सांस्कृतिक परम्पराहरू
(४) सरल एवं निश्चल ग्रामीण जीवन
(५) जलवायु विभिन्नता

नेपालमा पर्यटन उद्योगको विकास

वि. सं. २००७ सालभन्दा पूर्व राणाशासन कालमा नेपाल प्रवेश खुला गरिएको थिएन । २००७ सालमा प्रजातंत्रको आगमन उप्रान्त वि. सं. २००८ सालमा नेपाल-

लाई अन्तर्राष्ट्रिय भ्रमण संस्थाको सदस्यता प्राप्त भयो र विदेशी पर्यटकहरूलाई नेपालमा भ्रमण गर्ने स्वतंत्रता प्रदान गरियो ।

पहिलो योजना :—यस योजना अन्तर्गत सर्वप्रथम २०१४ सालमा पर्यटन विकास समितिको गठन गरियो । वि. सं. २०१५ सालमा एउटा छुट्टै पर्यटन विभागको स्थापना भयो । यसका साथै यस योजना कालमा पर्यटन सूचना केन्द्रको स्थापना, होटल सर्वेक्षण, पर्यटनहरूको लागि पथ प्रदर्शकको तालिम आदि जस्ता कार्यक्रमहरूको संचालन पनि गरियो ।

दोस्रो योजना :—यस योजना कालमा पर्यटन विकासको लागि होटेल एवं पर्यटन बंगलाहरूको स्थापना गरियो । यसै योजना अन्तर्गत पर्यटन विकासको लागि पर्यटन ऐन २०२१ लागू गरियो ।

तेस्रो योजना :—यस योजना अन्तर्गत गौचर हवाई स्थलको विकास, होटल एवं पर्यटन बंगलाहरूको निर्माण, विमान सेवामा वृद्धि, अन्तर्राष्ट्रिय जगतमा नेपालको बढ्दो प्रचार जस्ता कार्यहरू गरिए । यस योजनाको अन्तसम्म काठमाडौंमा स्थापना भएका विभिन्न स्तरका करीब ८०० होटल बेडहरू (जसमध्ये २०६ पाँच ताराको र १०८ चार ताराका) पुग्न गए । यस योजना कालमा नगरकोट र ककनी जस्ता दर्शनीय स्थानहरूको विकास कार्य पनि गरियो ।

चौथो योजना:—यस योजना अन्तर्गत पर्यटन विकास गुरु योजना (Master plan for developing tourism) तयार गरियो । यसमा पर्यटक आकर्षक स्थलको निर्माण र पर्यटकहरूको भ्रमणलाई लम्ब्याउने उद्देश्यले पर्यटक होटलको व्यवस्था गर्ने लक्ष्य थियो । पर्यटकको संख्यामा वृद्धि गराउने उद्देश्यले पर्यटन सम्बन्धी प्रचार-प्रसार, चलचित्र निर्माण, सूचना केन्द्रको विस्तार, पर्यटन केन्द्रको विस्तार, तालिम आदिको व्यवस्था गर्ने पनि लक्ष्य थियो ।

पाँचौं योजना :—यस योजना कालमा नेपाल औद्योगिक विकास निगमबाट पर्यटन उद्योगको विकासको लागि रु० ११.५४ करोड़ वित्तीय सहायता उपलब्ध गराइयो । होटल व्यवस्थापन तथा तालिम केन्द्रबाट योजना अवधिमा पर्यटन विकासको लागि जम्मा १०९५ जवानलाई तालिम दिइयो । पर्यटन विभागबाट अन्तर्राष्ट्रिय पर्यटन प्रचार-प्रसारमा बढ़ी जोड दिनुको साथ-साथै पोखरा र तातो पानीमा पर्यटन विकास सम्बन्धी कार्यक्रमहरू कार्यान्वियन गरियो र विभिन्न ठाउँहरूमा पर्यटन सूचना केन्द्र स्थापना गरियो[1] ।

---

[1] राष्ट्रिय योजना आयोग, छैटौं योजना, पृष्ठ ३२,

छैटौं योजना :—यस योजना कालमा पर्यटन विकास सम्बन्धी समस्या र सम्भाव्यताहरूको अध्ययन गरी एक सुनियोजित पर्यटन विकास योजना तर्जुमा गर्नें यूरोपीय आर्थिक समुदायको सहयोगबाट अध्ययन कार्य सम्पन्न गरिएको छ। बढ़ी पर्यटकहरू आकर्षित गर्ने तर्फ सरकारो स्तरमा संचालित कार्यक्रमहरूमा मुख्यतः प्रचार-प्रसार कार्यक्रमहरू रहे। छैटौं योजना अवधिमा होटल व्यवस्थापन तथा पर्यटन तालिम केन्द्रद्वारा ६२५ जवानलाई पर्यटन व्यवसाय सम्बन्धी विभिन्न किसिमका तालिम दिने लक्ष्य रहेकोमा ६०३ जवानलाई तालिम दिइयो। पर्यटक आगमन संख्यामा वृद्धि गर्नें उद्देश्यले निजी क्षेत्रमा वाह्य चार्टर विमान सेवा संचालन गर्न अनुमति प्रदान गरियो[२]।

सातौं योजना :—वर्तमान सातौं योजना अन्तर्गत हिमाली क्षेत्र पर्वतीय पर्यटन विकास, ३० वटा सम्भाव्य पर्यटक स्थलहरूको सर्वेक्षण गर्नें, ४ वटा पर्यटन सम्बन्धी तथ्याङ्क पुस्तिका प्रकाशित गर्ने, रिजोर्ट एरिया विकाश, पर्यटन सेवा सुदृढ़ीकरण गर्ने, पोखरा पर्यटन विकास, प्रचार सामग्री उत्पादन तथा वितरण कार्यक्रम छ। त्यसै गरी पर्यटन प्रवर्द्धनको लागि यस योजना कालमा नेपाल आउने पर्यटकहरूलाई नेपालबारे जानकारी दिन विश्वका विभिन्न पत्र पत्रिकामा १७५ पटक विज्ञापन दिने, ५ पटक टेलीभिजनबाट विज्ञापन दिने, १०० पटक अन्तर्राष्ट्रिय क्षेत्रीय पर्यटन प्रवर्द्धन मेला-हरूमा भागलिने। सोलुखुम्भूको नाम्चे तथा मुस्ताङ्गको जोमसोममा नयाँ सूचना केन्द्र खोलिने, होटल व्यवस्थापन तथा पर्यटन सम्बन्धी तालिम दिने, पर्यटन सेवा एवं पर्यटन क्षेत्र विस्तार, घुम्तो पर्यटन प्रहरी आदिको व्यवस्था गर्ने कार्यक्रम छ। उपर्युक्त कार्यक्रमहरूको संचालनको लागि यस योजनाभित्र रु० ७ करोड़ ४४ लाख रकम खर्च गर्ने भन्ने व्यवस्था पनि गरिएको छ।

नेपालमा पर्यटकहरूको आगमन, बसाइ अवधि एवं विदेशी मुद्रा आर्जन

नेपालमा पर्यटकहरूको आगमनमा दिनानुदिन वृद्धि हुँदै छ। वि. सं. २०३१-३२ मा ९२४४० जना पर्यटकहरूको आगमन भयो जो बढेर वि. सं. २०३९।४० मा १,७९,४०५ पुग्न गयो। तर २०४०।४१ मा पर्यटकहरूको आगमन १,७६,६३४ मात्र भयो। पर्यटकहरूको संख्या बढ़े पनि पर्यटकहरूको बसाइ अत्यन्तै कम छ। प्रति पर्यटकको बसाइ वि. सं. २०३१।३२ देखि २०४०।४१ सम्म सरदर ११ दिनदेखि १२ दिनसम्म मात्र रहेको पाइन्छ। पर्यटकहरूको आगमन संख्या, वार्षिक वृद्धि र प्रति पर्यटक सरदर बसाइ अवधि निम्न तालिका २२.२ बाट प्रष्ट हुन आउँछ—

---

[२] राष्ट्रिय योजना आयोग, सातौं योजना, पृष्ठ ५८,

तालिका २२·२

वर्ष	पर्यटक संख्या	वार्षिक वृद्धि (प्रतिशतमा)	प्रति पर्यटकको सरदर बसाइ अवधि (दिनमा)
२०३१ पौष २०३२ पौष	९२४४०	१२·०	१३·१
२०३७ पौष '०३८ पौष	१६१६६९	−०·८	१०·५
२०३८ पौष '०३९ पौष	१७५४४८	८·५	१३·३
२०३९ पौष '०४० पौष	१७९४०५	२·३	११·५
२०४० पौष '०४१ पौष	१७६६३४	−१·५	१२·०

(स्रोत—भट्टराई गोविन्दप्रसाद, नेपालको आर्थिक विकासमा पर्यटन उद्योग, मिर्मिरे, अंक ५८, वैशाख २०४३, पृ. १३७, नेपाल राष्ट्र ब्याङ्क, ब्याङ्कर्स क्लब ।

विदेशी पर्यटकहरूको बसाइ अवधि छोटो भएको हुनाले पर्यटन उद्योगबाट विदेशी मुद्रा आर्जन सन्तोषप्रद हुन पाउँदैन । आर्थिक वर्ष २०३१।३२ मा पर्यटन उद्योगबाट रु० १४·३४ करोड़को विदेशी मुद्रा प्राप्त भयो जो आर्थिक वर्ष २०३८।३९ मा बढ़ेर रु० ८४·४२ पुग्न गयो । आर्थिक वर्ष २०३९।४० मा पर्यटन उद्योगबाट विदेशी मुद्रा आर्जन घट्न गयो र त्यसबाट हामीले केवल रु०. ५७·४७ करोड़ बराबरको विदेशी मुद्रा पाउन सक्यौं । पर्यटन उद्योगबाट २०३०।३१ सालमा कुल अर्जित विदेशी मुद्राको ८·३ प्रतिशत प्राप्त हुन्थ्यो भने २०३८।३९ सालमा १५·१ प्रतिशत । २०३९।४० सालमा कुल अर्जित विदेशी मुद्राको ८·६ प्रतिशत पर्यटन उद्योगबाट प्राप्त भयो । पर्यटन उद्योगबाट प्राप्त विदेशी मुद्रा २२·३ तालिकामा प्रदर्शित गरिएको छ ।

तालिका २२·३

पर्यटन क्षेत्रबाट अर्जित विदेशी मुद्रा

(रु० करोड़मा)

आर्थिक वर्ष	अर्जित विदेशी मुद्रा	कुल अर्जित विदेशी मुद्राको अनुपात (प्रतिशतमा)
२०३०।३१	१४·३४	८·३
२०३५।३६	६३·६८	१५·६
२०३६।३७	७७·३४	१५·१
२०३७।३८	७४·१५	१५·३
२०३८।३९	८४·४२	१५·१
२०३९।४०	५७·४७	८·६

(स्रोत—गोविन्दप्रसाद भट्टराई, 'नेपालको आर्थिक विकासमा पर्यटन उद्योग' 'मिर्मिरे', अंक ५८, वैशाख २०४३, पृ० १४३, नेपाल राष्ट्र ब्यांक, बैंकर्स क्लब ।)

नेपालमा पर्यटकहरूको आगम :

नेपालमा आउने विदेशी पर्यटकहरू मुख्य रूपले हवाई मार्गको नै प्रयोग गर्दछन्। वि. सं. २०३५।३६ मा नेपालमा आउने पर्यटकहरू मध्ये ८५·४ प्रतिशतले हवाई मार्ग र बाँकी १४·६ प्रतिशतले स्थल मार्गको प्रयोग गरे। त्यसै गरी वि. सं. २०३८।३९ र २०४०।४१ सालमा क्रमशः ८७·५ प्रतिशत र ८४·९ प्रतिशत यात्रीहरूले हवाई मार्ग प्रयोग गरे। यसबाट बढ़ी भन्दा बढ़ी मात्रामा पर्यटकहरूलाई आकर्षित गर्न र पर्यटन उद्योगबाट विदेशी मुद्रा आर्जनमा बृद्धि गर्नका लागि विभिन्न राष्ट्रहरूसित हवाई मार्गको व्यवस्था गर्नु आवश्यक देखिन्छ। पर्यटकहरूको आगमन मार्ग २२·४ तालिकामा व्यक्त गरिएको छ—

तालिका २२·४

पर्यटकहरूको आगमन मार्ग

आर्थिक वर्ष	स्थल मार्ग	हवाई मार्ग	जम्मा
२०३५।३६ पौष	१३४४५	७८९९५	९२४४०
	(१४·६)	(८५·४)	(१००·०)
२०३८।३९ पौष	२१,९३९	१५३५०९	१,७५,४४८
	(१२·५)	(८७·५)	(१००·०)
२०४०।४१ पौष	२६७१४	१४९९२०	१७६६३४
	(१५·१)	(८४·९)	(१००·०)

(स्रोत—गोविन्दप्रसाद भट्टराई, 'नेपालको आर्थिक विकासमा पर्यटन उद्योग "मिर्मिरे", अंक ५८, वैशाख २०४३, पृष्ठ १४१ नेपाल राष्ट्र ब्यांक, बैंकर्स क्लब।)

प्रमुख क्षेत्रअनुसार पर्यटक आगमन संख्या

पश्चिमी युरोप तथा भारत नै नेपालको सब भन्दा प्रमुख पर्यटक बजार हो। वि. सं. २०४०।४१ मा सब भन्दा बढ़ी पर्यटक पश्चिमी युरोपबाट (३३·८ प्रतिशत) नै नेपालमा आए। पश्चिमी युरोपपछि दोस्रो स्थान भारत एवं भारत बाहेक अन्य एशियाली देशहरूको आउँछ। वि. सं. २०४०।४१ मा भारतबाट कुल पर्यटकको ३३·३ प्रतिशत र भारतबाहेक अन्य एशियाली देशहरूबाट १३·९ प्रनिशत पर्यटकहरूको आगमन भएको पाइन्छ। त्यसै गरी सोही अवधिमा उत्तरी अमेरिकाबाट १२·५ र बाँकी अन्य देशहरूबाट पर्यटकहरू नेपालमा आए भन्ने कुरो निम्न तालिकाद्वारा प्रष्ट हुन्छ।

तालिका २२·५

प्रमुख क्षेत्रअनुसार पर्यटक आगमन

(वि० सं० २०४०।४१)

देश	प्रतिशत
उत्तर अमेरिका	१२·५
मध्य तथा दक्षिण अमेरिका	०·५
पश्चिम युरोप	३३·८
पूर्वी युरोप	१·०
अफ्रिका	०·४
भारत	३३·३
भारत बाहेक अन्य एशियाली देशहरू	१३·९
आष्ट्रेलिया एवं प्रशान्त क्षेत्र	३·२
अन्य	१·४
कुल	१००·०

(स्रोत—गोविन्दप्रसाद भट्टराई, "नेपालको आर्थिक विकासमा पर्यटन उद्योग, 'मिर्मिरे', अंक ५८, वैशाख २०४३; पृष्ठ १४०, नेपाल राष्ट्र ब्यांक, ब्यांकर्स क्लब।

भ्रमण उद्देश्यअनुसार पर्यटक आगमन

नेपालमा सब भन्दा बढी पर्यटकहरू मनोरंजनको उद्देश्यले नै आउँछन्। वि. सं. २०४०।४१ को तथ्यांक अनुसार कुल पर्यटकहरूको ७९·६ प्रतिशत पर्यटकहरू मनोरंजनको दृष्टिले नै आएको पाइन्छ। यसै अवधिमा पदयात्रा र पर्वतारोहणको दृष्टिले ८·५ प्रतिशत, व्यापारको दृष्टिले ४·६ प्रतिशत, औद्योगिक उद्देश्यले ५·३ प्रतिशत पर्यटकहरू अन्य उद्देश्यले नेपालमा आएको पाइन्छ जो २२·६ तालिकाद्वारा प्रष्टिन्छ—

तालिका २२.६

भ्रमण उद्देश्यअनुसार पर्यटक आगमन

२०४०।४१

उद्देश्य	प्रतिशत
मनोरंजन	७९.६
पदयात्रा र पर्वतारोहण	८.५
व्यापार	४.६
औपचारिक	५.३
अन्य	२.०

(स्रोत—गोविन्दप्रसाद भट्टराई, 'नेपालको आर्थिक विकासमा पर्यटन उद्योग' 'मिर्मिरे', अंक ५८, वैशाख २०४३, पृष्ठ १३८, नेपाल राष्ट्र ब्याङ्क, ब्याङ्कर्स क्लब।)

पर्यटन उद्योगका समस्याहरू

हाम्रो देश प्राकृतिक सौन्दर्य, प्राचीन ऐतिहासिक एवं धार्मिक स्थलले भरिएको छ। साथै पर्यटकहरूलाई रुचाउने विशिष्ट सांस्कृतिक परम्परा एवं विभिन्नता पनि भएको हुनाले पर्यटक उद्योगको विकासको पर्याप्त सम्भावना छ। तर निम्नांकित समस्याहरूले गर्दा यस उद्योगको वांछित विकास हुन सकेको छैन।

(१) यातायात एवं संचार सम्बन्धी कठिनाइहरू—नेपालमा यातायात एवं संचारको समुचित विकास हुन सकेको छैन। पर्यटकहरूले मन पराउने धेरै स्थानहरूमा यातायातको सुविधा नहुने हुनाले यी स्थानहरूमा पर्यटकहरू पुग्न सक्तैनन्। पर्यटकहरूको बसाइ प्रायः काठमाडौं, पोखरा आदि सुविधाजनक ठाउँहरूमा मात्र सीमित रहन्छ। पुनश्चः यहाँ ८५ प्रतिशत पर्यटकहरू हवाई मार्गद्वारा नै नेपाल प्रवेश गर्दछन्। फलस्वरूप नेपाल प्रति पहिलो प्रभाव विमानस्थलमा नैं पर्दछ। विमानस्थलहरूमा अन्तर्राष्ट्रिय स्तरका सुविधाहरू उपलब्ध छैनन्।

(२) आधुनिक सुविधाहरूले युक्त होटलहरूको अभाव :—नेपालमा आधुनिक सुविधाले युक्त तारे स्तरका होटेल तथा सैया संख्यामा त्रि० सं० २०३६।३७ देखि आ० व० २०४०।४१ सम्म कुनै प्रकारको वृद्धि भएको छैन। तारे-स्तर वाहेक टूरिस्ट स्तरका होटल एवं सैया संख्यामा पनि नगण्य रूपले नै वृद्धि भएको छ। पर्यटन उद्योगको प्रवर्द्धनको दिशामा यो तथ्य निश्चय पनि संतोषजनक विषय छैन[3]। पर्यटकहरूलाई कतिपय ठाउँहरूमा स्वच्छ पिउने पानी, शौचालय र बिजुली आदिको पनि सुविधा उपलब्ध हुँदैन।

(३) पर्यटन स्थलहरूको विकास नभएको :—देशका विभिन्न स्थानमा रहेका लुम्बिनी, जनकपुर, वराहक्षेत्र जस्ता ऐतिहासिक एवं धार्मिक स्थलहरूको समुचित विकास हुन सकेको छैन। रारादह, दुग्धकुण्ड, गोसाई कुण्ड जस्ता अनुपम तालहरूको साथ-साथै टिकापुर चीसा पानी क्षेत्र; अन्तुडाँडा, ढोर पाटन, धनकुटाको हिले जस्ता पर्यटकहरूको लागि आकर्षक हुने ठाउँहरू पनि अविकसित अवस्थामा नै छन्। उपर्युक्त स्थलहरूको समुचित विकास नभएकोले पनि देशमा पर्यटकहरूको आगमन संख्या एवं बसाइ अवधिमा वृद्धि हुन सकेको छैन।

(४) पर्यटन सूचना केन्द्रको अभाव :—सूचना केन्द्रको अभावमा पर्यटकहरूलाई खास गरी पदयात्रामा जाने पर्यटकहरूलाई आवश्यक जानकारी र सेवा उपलब्ध नभएको हुनाले यस उद्योगको विकासमा धेरै कठिनाइ भै रहेको छ।

---

३. भट्टराई गोविन्दप्रसाद, "नेपालको आर्थिक विकासमा पर्यटन उद्योग", "मिर्मिरे", वि० सं० २०४३, अंक ५८, पृ० १४४-४५, नेपाल राष्ट्र ब्याङ्क, बैंकर्स क्लब।

(५) प्रचार सामग्रीको उत्पादन तथा वितरणको अभाव :—नेपालको प्राकृतिक, सामाजिक, सांस्कृतिक तथा ऐतिहासिक पक्ष झल्काउने पुस्तिका, पोस्टर, वृत्तचित्र, भिडियो फिल्म आदिको पर्याप्त उत्पादन एवं वितरणको अभावले गर्दा पनि यस उद्योगको विकासमा ठूलो बाधा उपस्थित भै रहेको छ।

(६) मनोरंजनको अभाव :—नेपालमा ८० प्रतिशत पर्यटकहरू मनोरंजनको उद्देश्यले नै नेपाल प्रवेश गर्दछन्। पर्यटकहरू जाने ठाउँहरूमा क्लब, नृत्य तथा अन्य प्रकारका सांस्कृतिक कार्यक्रमहरूको अभावले गर्दा पर्यटकहरूको बसाइ छोटो हुन्छ र यस उद्योगबाट आम्दानीमा वृद्धि हुन पाउँदैन।

(७) तालिम प्राप्त पथ-प्रदर्शकको अभाव :—नेपालमा विभिन्न भाषा जान्ने तालिम प्राप्त पथ-प्रदर्शकको अत्यधिक अभाव छ। हिमालय क्षेत्रको लागि विशेष रूपमा तालिम प्राप्त दक्ष पथ-प्रदर्शकको अभावले गर्दा यस क्षेत्रका पर्यटकहरूलाई धेरै कठिनाइ भै रहेको छ।

(८) घरेलु एवं कुटिर उद्योगको अभाव :—पर्यटन उद्योगसँग प्रत्यक्ष वा परोक्ष रूपले सम्बन्धित हस्तकला, कार्पेट, क्यूरियो तथा अन्य घरेलु र कुटिर उद्योगहरूको पर्याप्त विकास भएको छैन। यी उद्योगहरूको विकासको अभावले गर्दा पर्यटन उद्योगबाट हाम्रो आम्दानीमा वृद्धि हुन पाउँदैन।

(९) अन्तर्राष्ट्रिय आतंकवाद :—हालका वर्षहरूमा अन्तर्राष्ट्रिय आतंकवादको विगविगी बढ्दै गएको हुनाले सबै देशहरूमा पर्यटकहरूका लागि सुरक्षाको समस्या पैदा हुन गएको छ। बस अपहरण, विमान अपहरण, बमकाण्ड आदि घटनाहरू पर्यटन उद्योगका लागि अन्तर्राष्ट्रिय समस्या बन्न गएका छन्।

पर्यटन उद्योगका समस्याहरू

१. यातायात एवं संचार सम्बन्धी कठिनाइ।
२. आधुनिक सुविधाहरूले युक्त होटलहरूको अभाव।
३. पर्यटन स्थलहरूको विकास नभएको।
४. पर्यटन सूचना केन्द्रको अभाव।
५. प्रचार सामग्रीको उत्पादन तथा वितरणको अभाव।
६. मनोरंजनको अभाव।
७. तालिम प्राप्त पथ-प्रदर्शकको अभाव।
८. घरेलु एवं कुटिर उद्योगको अभाव।
९. अन्तर्राष्ट्रिय आतंकवाद।

पर्यटन उद्योगको विकासका लागि सुझावहरू

नेपालमा पर्यटन उद्योगको विकासका लागि निम्नांकित सुझावहरू दिन सकिन्छ —

१. नयाँ पर्यटन गुरु-योजना :—यस उद्योगको विकासको लागि विभिन्न अर्थशास्त्री, सामाजिक कार्यकर्ता, पंच एवं विदेशी विशेषज्ञ आदिलाई सरीक गराई दीर्घ कालीन ठोस गुरु-योजना (Long Term Master-Plan) तयार पारी कार्यान्वयन गर्नु पर्दछ ।

२. महत्वपूर्ण धार्मिक एवं ऐतिहासिक स्थलहरूलाई छिटो विकसित गर्नु पर्दछ, साथै पर्यटकहरूलाई रुचाउने रमणीय स्थलहरूलाई विकसित गरी ती ठाउँहरूमा यातायात एवं संचारको समुचित विकास गर्नु पर्दछ ।

३. विमानसेवाहरूलाई बढ़ी प्रभावकारी एवं आधुनिक सुविधा-सम्पन्न बनाउनु पर्दछ । साथै आन्तरिक विमान सेवामा वृद्धि गर्नु पर्दछ ।

४. तारे-स्तर एवं तारेदेखि बाहेक टुरिस्ट स्तरको होटल एवं शौचालयमा वृद्धि गर्नु आवश्यक छ । यस प्रकारको होटल उद्‌योगको विकास नभएमा पर्यटकहरूलाई धेरै कठिनाइ हुन्छ र उनीहरूको यात्रा लम्बिन पाउँदैन ।

५. नेपालमा ८० प्रतिशत पर्यटकहरू मनोरंजनको उद्देश्यले नेपाल प्रवेश गर्दछन् । या यात्रीहरूको यात्रा लम्ब्याउनका लागि नृत्य, संगीत आदि सांस्कृतिक कार्यक्रमहरूको आयोजना हुनु पर्दछ ।

६. पर्यटन उद्‌योगसँग सम्बन्धित साना एवं घरेलु उद्‌योगको विकास गर्नु पर्दछ । यी उद्‌योगहरूमा कलात्मक वस्तुहरूको उत्पादन हुन्छ । पर्यटकहरूले यी वस्तुहरू क्रय गरेमा हाम्रो आम्दानीमा वृद्धि हुन सक्छ ।

७. नेपालको प्राकृतिक, सामाजिक,सांस्कृतिक तथा ऐतिहासिक पक्ष झल्काउने पुस्तिका, पोस्टर, वृत्त चित्र, भिड़ियो फिल्म आदिको उत्पादन एवं वितरणमा बढ़ी जोड दिनु पर्दछ ।

८. भिसा, भंसार आदि औपचारिकताहरूलाई छिटो छरितो गराउनु पर्दछ ।

९. पर्यटन उद्‌योग सम्बन्धि सरकारी निकाय एवं ट्राभल एजेन्सी, होटल आदि निजी क्षेत्रहरूमा सक्रिय सामञ्जस्य कायम गर्नु पर्दछ ।

Model questions

1. What is meant by Tourism? Describe the importance of Tourism for Nepal.

   पर्यटन उद्योग भन्नाले के बुझिन्छ ? नेपालको लागि पर्यटन उद्योगको वर्णन गर्नुहोस् ।

2. Discuss about the prospects for the development of tourism in Nepal, what steps have been taken by H. M. G. for its development in plan period ?

   नेपालमा पर्यटन विकासको सम्भावनाबारे विवेचना गर्नुहोस् । यसको विकासको लागि योजना अवधिमा श्री ५ को सरकारद्वारा के कस्ता कदमहरू चालिएका छन् ?

3. What are the problems tourism in Nepal ? Suggest remedies.

   नेपालमा पर्यटन उद्योगका के-के समस्याहरू छन् ? यसको समाधानका लागि सुझावहरू बताउनुहोस् ।

●

अध्याय
: २३ :

औद्योगिक वित्त

(Industrial Finance)

औद्योगिक वित्तको अर्थ :—उत्पादन कार्यको लागि कारखाना-भवन, मेशीन, कच्चा पदार्थ आदि विभिन्न भौतिक वस्तुहरूको साथ-साथै श्रमिकहरूको आवश्यकता पर्दछ । उत्पादन कार्य यी भौतिक वस्तुहरूको अभावमा हुन सक्तैन । यी वस्तुहरूको उपलब्धि एवं उत्पादन कार्यको संगठन मुद्राको अभावमा सम्भव छैन । मुद्राको सहायताले उत्पादनका यी साधनहरूलाई भेला गरी उत्पादकहरूले वस्तु एवं सेवाहरूको उत्पादन गर्ने काम गर्दछन् । उत्पादक स्वयंले पनि साधन जुटाउने काम गर्न सक्तछ । तर उत्पादकहरूद्वारा नै साधन जुटाउने काम व्यक्तिगत एवं साझेदारी व्यवसायहरूमा मात्र सीमित हुन्छन् । तर आधुनिक किसिमका ठूला उद्योग धन्धाहरूमा उद्योगपति स्वयंले उद्योगको संचालनका लागि आवश्यक पर्ने पूंजीको व्यवस्था गर्न सक्तैनन् । संयुक्त पूंजी कम्पनीमा भारी मात्रामा आवश्यक पर्ने पूंजीको व्यवस्थाको लागि मुद्रा-बजार एवं साख-संस्थाहरूद्वारा नै सम्भव हुन्छ । औद्योगिक वित्त भन्नाले उद्योग धन्धाहरूका लागि आवश्यक पर्ने वास्तविक साधन (Real Resources) को व्यवस्था एवं संगठनको लागि ऋणको व्यवस्था भन्ने बुझिन्छ । यस प्रकारको ऋणको व्यवस्था व्यक्ति, ब्याङ्क, मुद्रा-बजार तथा पूंजी बजार जस्ता संस्थाहरूद्वारा हुन्छ ।

औद्योगिक वित्तको प्रकार :—उद्योगहरूलाई साधारणतया तीन प्रकारको ऋणको आवश्यकता पर्दछ—(१) लामो अवधिको लागि ऋण (Long Term Finance), (२) मध्यम अवधिको लागि ऋण (Medium Term Finance) र (३) छोटो अवधिको ऋण (Short Term Finance)

१. लामो अवधिको लागि ऋण :—उद्योगहरूलाई कारखानाको भवन निर्माण एवं मेशीन आदि क्रय गर्न लामो अवधिको लागि ऋणको आवश्यकता पर्दछ । यस प्रकारको ऋणको भुक्तानी लामो अवधिमा गरिन्छ ।

२. मध्यम अवधिको लागि ऋण :—उद्योग धन्धाहरूलाई मेशीन औजारको मर्मत, सम्भार जस्ता कार्यहरूको लागि मध्यम अवधिको कर्जाको पनि आवश्यकता पर्दछ । यस प्रकारको कर्जाको भुक्तानो प्रायः एक डेढ़ वर्ष भन्दा पछि हुन्छ तर कर्जा भुक्तानीमा धेरै लामो समय लाग्दैन ।

३. छोटो अवधिको कर्जा :—उद्योग धन्धाहरूलाई मजदूरहरूलाई ज्याला दिन कच्चा माल एवं चल सम्पत्ति क्रय गर्न एक डेढ़ वर्षमा भुक्तान हुने गरी छोटो अवधिको ऋणको पनि आवश्यकता पर्दछ ।

औद्योगिक वित्तको महत्व

नेपाल जस्तो विकासोन्मुख देशमा उद्योग-धन्धाहरूको विकासको लागि औद्योगिक ऋणको व्यवस्था अत्यन्तै आवश्यक हुन्छ । उत्पादन कार्य संचालन गर्न आवश्यक भौतिक साधनहरूको व्यवस्था औद्योगिक ऋणद्वारा नै सम्भव हुन्छ । नेपालको लागि औद्योगिक ऋणको व्यवस्था निम्नांकित कारणहरूले गर्दा विशेष महत्व राख्दछ—

१. संस्थागत औद्योगिक साख व्यवस्थाको अभाव :—नेपालमा संस्थागत औद्योगिक साख व्यवस्थाको धेरै नै अभाव छ । व्यावसायिक बैंकहरूद्वारा प्रायः व्यापारिक माल-सामानहरूको क्रय-विक्रयको लागि व्यापारिक ऋण मात्र उपलब्ध गराउने काम हुँदै आएको छ । व्यापारिक बैंकहरूबाट थोरै मात्रामा उद्योग धन्धाहरूलाई छोटो अवधिको ऋण मात्र उपलब्ध हुन्छ । साहु-महाजनहरूद्वारा उपलब्ध गराइने परम्परागत कर्जा पनि उत्पादन कार्यको लागि हुँदैन । फलस्वरूप उद्योग धन्धाहरूको शेयर क्रय-विक्रय गर्ने कामहरूको लागि सेक्युरिटी खरीद-बिक्री संस्थान जस्ता संस्थाहरूको समुचित विकासद्वारा पूंजीबजारलाई विकसित गर्न एवं लामो अवधिको ऋणको लागि नेपाल औद्योगिक विकास निगम जस्ता संस्थाको समुचित विकास एवं क्रियाशीलता आवश्यक छ। देशका उद्योग धन्धाहरूको लागि छोटो अवधिको ऋणको माँगको पूर्ति नेपाल बैंक लिमिटेड, राष्ट्रिय वाणिज्य बैंक, नेपाल अरब बैंक आदि जस्ता व्यापारिक ब्याङ्कहरूद्वारा गर्न सकिन्छ ।

२. जनताको साना-तिना बचतलाई परिचालन गर्न :—देशको औद्योगिकीकरण एवं द्रुततर आर्थिक विकासको लागि साना-तिना बचतहरूलाई परिचालन गर्न आवश्यक छ । जनतामा बचत एवं लगानी गर्न विश्वासको भावना पैदा गरी प्रोत्साहित गर्ने संस्थाको अभावमा साना-तिना बचतको परिचालन सम्भव छैन । थोरै-थोरै मूल्यका विभिन्न प्रकारका शेयरको उपलब्धिको साथ-साथै यी शेयर एवं डिबेन्चर आदिको सरल र सुलभ रूपमा बिक्री गराउने सेक्युरिटी खरीद बिक्री केन्द्र जस्ता संस्थानको समुचित विकास एवं सक्रियताद्वारा उद्योगहरूको लागि प्रशस्त मात्रामा वित्तीय साधन जुटाउन सकिन्छ ।

३. आर्थिक योजनाको उद्देश्यको पूर्तिका लागि :—हाम्रो देशमा मिश्रित अर्थ व्यवस्थाको अवलम्बन गरिएको छ । औद्योगिक लगानीको महत्वपूर्ण भाग निजी

क्षेत्रबाट पनि उपलब्ध हुन्छ । फलस्वरूप योजनाको उद्देश्य अनुरूप निजी क्षेत्र एवं सरकारी क्षेत्रबाट उपलब्ध हुने पूंजीको लगानी गर्न देशमा संशक्त वित्तीय संस्थाहरूको विकास गर्नु अत्यन्तै आवश्यक छ ।

४. औद्योगिक संस्कृतिको विकास :—नेपाल केवल औद्योगिक विकासको दृष्टिले मात्र पिछड़िएको होइन । यहाँ औद्योगिक संस्कृतिको पूर्णतया अभाव छ । फलस्वरूप यहाँ उद्योगहरू स्थापित गर्नाले मात्र औद्योगिक विकास सम्भव छैन । उदयोग धन्धा एवं औद्योगिक संस्कृतिको विकासको लागि उद्योगहरूको निमित्त संस्थागत ऋण उपलब्ध गराउने संस्थाहरूको साथ-साथै पूंजो बजार (Capital market) को विकासको लागि विशेष सरकारी प्रयास आवश्यक देखिन्छ ।

नेपालमा संस्थागत औद्योगिक ऋण व्यवस्थाको महत्वका कारणहरू

(१) संस्थागत औद्योगिक साख व्यवस्थाको अभाव
(२) जनताको साना-तिना बचतलाई परिचालन गर्न
(३) आर्थिक योजनाको उद्देश्यको पूर्तिका लागि
(४) औद्योगिक संस्कृतिको विकास

व्यावसायिक ब्याङ्क एवं औद्योगिक ऋण

वाणिज्य ब्याङ्कहरूले मुख्य रूपले पर्याप्त धीतोको आधारमा व्यापारिक कर्जा दिने काम गर्दछन् । तर नेपाल राष्ट्र बैंकले २०३१ साल वैशाख १ गतेदेखि लागू हुने गरी वाणिज्य बैंकहरूलाई आफ्नो निक्षेप दायित्वको ५ प्रतिशत रकम प्राथमिक क्षेत्रमा प्रवाह गर्ने भन्ने निर्देशन दिएको थियो । वि. सं. २०३३ साल श्रावण १ गतेदेखि लागू हुने गरी यस क्षेत्रको लगानी प्रतिशतलाई ५ बाट बढ़ाई ७ गर्न निर्देशन दिइयो । यस कार्यक्रमलाई सुनियोजित र समन्वयात्मक ढंगले लागू गर्न वि. सं. २०३८ साल कार्तिक १ गतेदेखि सघन बैंकिंग कार्यक्रम लागू गरियो । २०३८ सालमा पुनः नेपाल राष्ट्र बैंकद्वारा व्यावसायिक बैंकहरूले आफ्नो कुल निक्षेप दायित्वको १० प्रतिशत कर्जा प्राथमिक क्षेत्रमा प्रवाहित गर्नु पर्दछ भन्ने निर्देशन दिइयो । हालको उत्पादनशील क्षेत्र कर्जा कार्यक्रम अन्तर्गत वाणिज्य बैंकहरूले कुल कर्जा तथा लगानीको न्यूनतम ८ प्रतिशत कर्जा प्राथमिकता प्राप्त क्षेत्र (कृषि, उद्योग र सेवा व्यवसाय) मा समेत गरी कम्तीमा २५ प्रतिशत रकम उत्पादन शील क्षेत्रमा लगानी गर्नु पर्ने व्यवस्था भएको छ । यस प्रकार हाम्रो व्यावसायिक बैंकहरूले प्राथमिकता क्षेत्र अन्तर्गत पर्ने घरेलु उद्योगहरूलाई कर्जा दिने काम गर्दछन् । व्यावसायिक व्याङ्कहरूद्वारा सघन बैंकिंग कार्यक्रम अन्तर्गत घरेलु उद्योगहरूलाई दिने कर्जा निम्न तालिकाबाट प्रष्टिन्छ ।

तालिका २३.१

सघन बैंकिंग कार्यक्रम अन्तर्गत घरेलु उद्योगमा भएको लगानी

(रु० हजारमा)

आ. व.	लगानी		असुली	बाँकी
	संख्या	रकम		
२०३८।३९	१४१	२९५६	११७	२८३९
२०३९।४०	३६४	७४५३	९१३	९३७८
२०४०।४१	९३०	२२२१५	३३१६	२८२७८
२०४१।४२	१५३३	४७८०४	९३७२	६६७१०
२०४२।४३	१५६३	७२१०४	१७५६८	१२१२४६
२०४३।४४*	९८३	६४८५०	२२५४२	१६३५५४
जम्मा	५५१४	२१७३८५	५३८२८	१६३५१४

* अपरिष्कृत

(स्रोत—नेपाल राष्ट्र बैंक, प्राथमिकता क्षेत्र समाचार, २०४४ कार्तिक, अंक २ काठमाडौं, अनुसूची ११.)

उपर्युक्त तालिका अनुसार वाणिज्य बैंकहरूबाट सघन बैंकिंग कार्यक्रम अन्तर्गत २०३८।३९ सालमा १४१ वटा घरेलु उद्योग धन्धाहरूलाई रु. २९ लाख ५६ हजारको ऋण सुविधा उपलब्ध भयो। बैंकहरूबाट घरेलु उद्योग धन्धालाई ऋण वितरणको काम क्रमशः बढ्दै गई २०४२।४३ सालमा १५६३ वटा उद्योगहरूलाई ७ करोड़, २१ लाख ४ हजारको ऋण सुविधा उपलब्ध भयो। २०४३।४४ मा बैंकहरूबाट ९८३ वटा घरेलु उद्योगहरूलाई रु. ६ करोड़ ४८ लाख ५० हजारको ऋण उपलब्ध भयो। यसरी २०३८।३९ देखि २०४३।४४ को ६ वर्षको अवधिमा व्यावसायिक बैंकहरूबाट ५५१४ वटा उद्योग धन्धाहरूलाई जम्मा रु. २१ करोड़ ७३ लाख ८५ हजारको ऋण उपलब्ध भएको छ। वि० सं० २०३८।३९ देखि २०४३।४४ सम्म यस क्षेत्रमा वितरण गरिएको ऋणबाट रु. ५ करोड़, ३८ लाख २८ हजार मात्र असुली भएको र रु. १६ करोड़ ३५ लाख ५४ हजार उठाउन बाँकी रहेको छ। यस प्रकार यस क्षेत्रमा वितरण गर्ने ऋणमा असुलीको ठूलो समस्या देखिन्छ।

व्यावसायिक बैंकहरूबाट सरकारी उद्योगहरूलाई ऋण सुविधा

व्यावसायिक बैंकहरूद्वारा रघुपति जूट मिल, जनकपुर सिगरेट फैक्ट्री, हेटौंडा सिमेंट फैक्टरी, बाँसबारी छाला जुत्ता कारखाना, हेटौंडा कटन फैक्ट्री, नेपाल फूड करपोरेशन, कृषि विकास बैंक, टूवैको डेभलोपमेंट कम्पनी आदि सरकारी उद्योग एवं संस्थानहरूलाई वि० सं०, २०४० सालमा रु. १००९.८ मिलियन, ऋण सुविधा उपलब्ध भयो भने २०४१ र २०४२ सालमा क्रमशः रु. ८५०.८ मिलियन र रु. १०५७.६ मिलियन ऋण उपलब्ध भयो।[1]

शेयर र ऋण पत्र लगानी

व्यावसायिक बैंकहरूद्वारा नेपाल आयल करपोरेशन, नेशनल इन्स्योरेन्स करपोरेशन, कृषि परियोजना सेवा केन्द्र, कटेज इन्डस्ट्रीज एण्ड हैन्डीक्राफ्ट सेल डिपो जस्ता सरकारी निगम र कम्पनी तथा नेपाल इन्स्योरेन्स एण्ड ट्रांसपोर्ट कम्पनी, कर्जा सुरक्षण निगम जस्ता गैर सरकारी करपोरेशन र कम्पनीहरूको शेयर पनि क्रय गरी औद्योगिक कर्जामा सहुलियत दिने कार्य गरिन्छ। त्यसै गरी व्यावसायिक बैंकहरूबाट कृषि विकास बैंक एवं नेपाल औद्योगिक विकास निगमहरूको ऋण-पत्रमा पनि लगानी गरी औद्योगिक ऋण सहुलियत दिंदै आएको छ। यी शेयर एवं ऋण पत्रहरूको क्रयद्वारा व्यावसायिक बैंकहरूले २०४० मा रु० २५·६ मिलियन र २०४१ र २०४२ सालमा क्रमशः रु० ६·१ मिलियन र ४७.१ मिलियन लगानी गरेको पाइन्छ[2]।

वाणिज्य बैंकहरूद्वारा दिइएको कुल औद्योगिक ऋण

हाम्रा वाणिज्य बैंकहरूले अन्य मुलुकहरूका वाणिज्य बैंकहरू झैं मुख्य रूपले आफ्नो लगानी व्यापार क्षेत्रमा केन्द्रित गरे तापनि देशको उद्योग धन्धाहरूलाई पनि ऋण-सुविधा उपलब्ध गराउँदै आएका छन्। वाणिज्य बैंकहरूको कुल कर्जामा औद्योगिक कर्जाको अंशमा दिनानुदिन वृद्धिको प्रवृत्ति देखा पर्दछ। वि. सं. २०३२ सालमा वाणिज्य बैंकहरूद्वारा कुल कर्जा वितरण रु० १०१·४० करोड़ भएको थियो। यसबाट उद्योग क्षेत्रलाई रु० ५·१५ करोड़ प्राप्तभयो जो कुल व्यावसायिक बैंकहरूको कर्जाको ५ प्रतिशत थियो। वि. सं. २०४३ सालमा बैंकहरूबाट कुल रु० ५९७·४२ कर्जा वितरण गर्ने काम भयो जसवाट उद्योग धन्धाहरूलाई रु० १७३·६८ प्राप्त भयो। यो

---

१. नेपाल राष्ट्र बैंक, कमर्शियल बैंकर्स स्टैटिस्टिक्स, मे १९८५ नं० १७ टेबुल २५ र मार्च १९८६ नं० २१ पृ० ७१.

२. ऐजन, कमर्शियल बैंक स्टैटिस्टिक्स मे १९८५ नं० १७ टेवुल नं० २६ र मार्च १९८६ नं० २१ पृ० ७२,

वाणिज्य बैंकहरूद्वारा कुल विवरण गरिएको कर्जाको २९·१ प्रतिशत थियो। यसरी वि. सं. २०३२ देखि वि. सं. २०४३ को ११ वर्षको अवधिमा बैंकहरूद्वारा दिने कुल कर्जाको मात्रामा करीब ६ दोब्बर वृद्धि भयो भने बैंकहरूद्वारा दिने औद्योगिक कर्जामा करीब ३४ दोब्बरको वृद्धि हुन गएको देखिन्छ। यस प्रकार हाम्रा व्यावसायिक बैंकहरूले परम्परागत तरलता र लाभदायकता (Liquidity and Profitability)को सिद्धान्तमा पूर्ण रूपले सीमित नरही देशको औद्योगिक एवं आर्थिक विकासमा पनि व्यावसायिक बैंकहरूले आफ्नो सहभागिता बढ़ाउँदै जानुपर्दछ भन्ने नयाँ सोचाइतिर लम्किने स्वस्थ लक्षण देखिन्छ। वाणिज्य बैंकहरूद्वारा कुल कर्जा वितरण एवं उद्योग क्षेत्रलाई दिइएको कर्जा निम्न तालिकामा प्रस्तुत गरिएको छ—

तालिका २३·२

वाणिज्य बैंकहरूद्वारा कर्जाको वितरण

रु० करोड़मा

साल	कुल कर्जा वितरण	उद्योगहरूलाई दिएको कर्जा	कुल कर्जामा औद्योगिक कर्जाको प्रतिशत
२०३२	१०१·४०	५·१५	५·०
२०३५	१७२·२५	२६·६३	१५·५
२०४०	३३८·३६	५६·८५	१६·८
२०४१	३५२·६०	४७·५१	१३·५
२०४२	४५३·४१	८५·११	१८·८
२०४३	५९७·४२	१७३·६८	२९·१

(स्रोत – श्री ५ को सरकार अर्थ मंत्रालय, आर्थिक सर्वेक्षण, आर्थिक वर्ष २०४३।४४, तालिका ७·३, पृ० ४७ मा आधारित।)

नेपाल औद्योगिक विकास निगम र औद्योगिक कर्जा*

निज़ी क्षेत्रका सम्भाव्य परियोजनाहरूमा लगानी गर्ने उद्येश्यले नेपाल औद्योगिक विकास निगमको स्थापना गरियो। यसले निजी क्षेत्रमा उद्योगहरूको स्थापना, विकास तथा आधुनिकीकरणका लागि वित्तीय तथा प्राविधिक सहयोग प्रदान गर्दछ। यसले घरेलु तथा मझौला उद्योगहरूको ऋण सुविधा उपलब्ध गराउनका साथ-साथै ती

---

* यस निगमको स्थापना, गठन, पूंजी आदिको विवरण अध्याय ३० मा प्रस्तुत गरिएको छ।

उद्योगहरूको शेयर क्रय गरी र ऋण जमानत बसी वित्तीय सहायता दिने काम गर्दछ। यस बैंकले आफ्नो स्थापना कालदेखि २०४२ आषाढ़ मसान्तसम्म ४६७ वटा साना, मझौला तथा ठूला उद्योगहरूलाई रु० ७४ करोड़ १२ लाख र घरेलु तथा साना उद्योगहरूलाई रु० ८७ लाख गरी जम्मा रु० ७४ करोड़ ९९ लाख ऋणसुविधा उपलब्ध गरीएको छ। यी ऋण सुविधाहरू मध्ये रु० ६१ करोड़ २३ लाख (८१·६ प्रतिशत) ऋणको रूपमा र रु० ९ करोड़ ५२ लाख (१२·७ प्रतिशत) शेयर क्रय गरी र बाँकी रु० ४ करोड़ २४ लाख ऋणको जमानत बसी वित्तीय सहयोग गरेको छ।

यसले कुल ऋण रकमको ३५·७ प्रतिशत कृषि जन्य, ५·४ प्रतिशत वन जन्य, १३·४ प्रतिशत खानी-जन्य ३४ प्रतिशत पर्यटन र ११·५ प्रतिशत अन्य उद्योगहरूलाई दिएको छ।

विकास क्षेत्रको दृष्टिले नेपाल औद्योगिक विकास निगमको लगानीमा विचार गर्दा यसले २०४२ सम्म गरेको कुल रु० ७४ करोड़ ९९ लाखको रकमबाट पूर्वाञ्चल क्षेत्रमा २०४ ओटा उद्योगहरूलाई रु० ८ करोड़ २७ लाख (११ प्रतिशत), मध्यमाञ्चल क्षेत्रमा ३७७ ओटा उद्योगहरूलाई रु० ५६ करोड़ ७ लाख (७४·८ प्रतिशत), पश्चिमाञ्चल क्षेत्रमा २०३ ओटा उद्योगहरूलाई रु० ७ करोड़ ८३ लाख (१०·४ प्रतिशत), पश्चिमाञ्चल विकास क्षेत्रमा ७१ ओटा औद्योगिक एकाईहरूलाई रु० १ करोड़ ६९ लाख (२·३ प्रतिशत) र सुदूर पश्चिमाञ्चल क्षेत्रमा २६ वटा औद्योगिक एकाईहरूलाई रु० १ करोड़ १३ लाख (१·५ प्रतिशत) ऋण सुविधा प्रदान गरेको छ।

निगमको स्थापनादेखि २०४२ आषाढ़ मसान्तसम्म यसबाट भएको वित्तीय लगानी निम्न तालिकामा प्रस्तुत गरिएको छ—

तालिका २३·३

निगमको स्थापना कालदेखि २०४२ आषाढ़ मसान्तसम्म भएको वित्तीय लगानी

(रु० लाखमा)

(क) उद्योगको किसिम अनुसार—

उद्योग	एकाई	रकम
साना, मझौला तथा ठूला उद्योग	४६७	७४,१२·००
घरेलु तथा साना उद्योग	४१४	८७·००
जम्मा	८८१	७४,९९·००

(ख) लगानीको किसिम अनुसार—

विवरण	रकम	प्रतिशत
ऋण	६१,२३·००	८१·६
हिस्सा लगानी	८,५२·००	१२·७
जमानत ऋण	४,२४·०९	५·७
जम्मा	७४,९९·००	१००·००

(ग) १. उद्योग समूहगत भुक्तानी

उद्योग समूह	एकाई	रकम	प्रतिशत
कृषि जन्य	१३९	३६,४८.००	३५.७
वन जन्य	३४	४,०३.००	५.४
खानी तथा खनिज जन्य	३६	९,९४.००	१३.४
पर्यटन जन्य	८७	२५,१९.००	३४.०
विविध	१७१	८,४८.००	११.५
जम्मा	४६७	७४,१२.००	१००.०
२. साना घरेलु तथा ग्रामीण उद्योग	४१४	८७.००	१०००.०
जम्मा	८८१	७४९९.००	१००.०

(घ) विकास क्षेत्रगत भुक्तानी *

साना, मझौला तथा ठूला उद्योग

विकास क्षेत्र	एकाई	रकम	प्रतिशत
पूर्वाञ्चल	२०४	८,२७.००	११.०
मध्यमाञ्चल	३७७	५६,०७ ००	७४.८
पश्चिमाञ्चल	२०३	७,८३.००	१०.४
मध्य पश्चिमाञ्चल	७१	१,६९.००	२.३
सुदूर पश्चिमाञ्चल	२६	१,१३.००	१.५
जम्मा	८८१	७४,९९·००	१००·०

× घरेलु तथा ग्रामीण उद्योगमा प्रदान गरिएको ऋण रकम समेत समावेश छ।

* घरेलु तथा ग्रामीण उद्योग समेत समावेश गरिएको छ।

(स्रोत—ने. औ. वि. नि., नेपाल, औद्योगिक विकास निगम, एक परिचय, तृतीय संस्करण, काठमाडौं आषाढ़ २०४३ पृ. १४-१५)

औद्योगिक वित्तका समस्याहरू

नेपालका उद्योग धन्धाहरूमा पूंजीको ठूलो समस्या छ। औद्योगिक वित्तका समस्याहरू निम्न बमोजिम छन्—

१. **बचतको अभाव**—हाम्रो प्रतिव्यक्ति आय १६० डलर मात्र छ। विश्वका अत्यन्त गरीब मुलुकहरूको श्रेणीमा हाम्रो स्थान चौथो रहेको छ। हाम्रो देशमा बचत गर्ने क्षमताको अभावको साथ-साथै बैंकिंग विकास, विकसित सेक्युरिटी बजार आदिको अभावले गर्दा बचत गर्ने सुविधाको पनि अभाव छ। फलस्वरूप बचतको अभावले गर्दा औद्योगिक लगानीको दर पनि अत्यन्तै कम छ।

२. **सरकारको अस्थिर औद्योगिक नीति** :—औद्योगिक लगानीमा वृद्धिको लागि स्थिर औद्योगिक नीति आवश्यक हुन्छ। तर हाम्रो औद्योगिक नीतिमा संशोधन र परिवर्तन भै रहने हुनाले औद्योगिक लगानी गर्ने तिर विश्वासको भावनामा दृढताको अनुभव हुन गएको छ।

३. **विकसित पूंजी बजारको अभाव** :—औद्योगिक वित्त व्यवस्थाको लागि शेयर, वण्ड, डिवेञ्चर आदि खरीद बिक्री हुने विकसित पूंजी बजार आवश्यक हुन्छ। नेपालमा पुराना तथा नयाँ उद्योग एवं कम्पनीहरूको शेयर खुल्ला रूपले दोस्रो बजारमा बिक्री हुने र स्वतंत्र रूपले सेक्युरिटीहरूको किन बेच हुन सक्ने स्थितिको सृजना हुन सकेको छैन। वि. सं. २०३३ सालमा सेक्युरिटी खरीद बिक्री केन्द्र लि० को स्थापना भएको छ। तर सेक्युरिटीको खरीद बिक्री गर्ने काम शिथिल रहेको हुनाले शेयरमा भएको लगानी कम तरल रहेको छ। फलस्वरूप सर्वसाधारण जनताले शेयर किन्नमा चाख देखाएका छैनन्।

४. **औद्योगिक ज्ञानको अभाव** :—सर्वसाधारण जनतामा औद्योगिक कुराहरूको ज्ञानको ज्यादै नै अभाव छ। औद्योगिक लगानीको सम्बन्धमा जानकारीको अभाव भएको हुनाले पनि सर्वसाधारण जनताहरूद्वारा उद्योगहरूमा लगानी हुँदैन। फलस्वरूप अधिकांश मानिसहरूले आफ्नो बचतलाई, घर, जग्गा, सुन, चाँदी, गहना व्यापारिक माल आदि क्रय गर्नमा लगानी गर्दछन्।

५. **उद्योग क्षेत्रमा 'मुनाफाको निम्न-दर** :—सुन, चाँदी, व्यापारिक माल सामान आदिमा लगानी गर्दा बढ़ी नाफा हुन्छ। हाम्रो देशमा औद्योगिक लगानीमा अन्य क्षेत्रहरू भन्दा मुनाफा थोरै हुने हुनाले पनि उद्योग क्षेत्रमा लगानी गर्न सर्वसाधारण मानिसहरूले प्रोत्साहन पाउँदैनन्।

६. **चालू उद्योगहरूको दयनीय स्थिति** :—देशमा धेरै जसो चालू उद्योगहरूको स्थिति राम्रो छैन। कतिपय उद्योगहरू क्षमता भन्दा कम उत्पादन गर्दछन् भने

कतिपय उद्योगहरू घाटामा चलिरहेका छन्। यस्तो परिस्थितिमा उद्योगहरूमा लगानी गर्दा जनतामा घाटा उत्पन्न हुने आशंका उत्पन्न हुनु स्वाभाविक नै हो। यसरी वर्तमान उद्योगहरूको दयनीय स्थितिले गर्दा पनि औद्योगिक क्षेत्रको लगानीमा प्रतिकूल असर परेको छ।

७. विदेशी लगानी पर्याप्त मात्रामा आकर्षित नहुनु :—पटक-पटक औद्योगिक नीतिमा परिवर्तन, कच्चा मालको असुविधा, संकुचित बजार आदिले गर्दा विदेशी लगानी कर्ता नेपालमा पर्याप्त मात्रामा आकर्षित हुन सकेका छैनन्।

औद्योगिक वित्तका समस्याहरू

१. बचतको अभाव।
२. सरकारको अस्थिर औद्योगिक नीति।
३. विकसित पूंजी बजारको अभाव।
४. औद्योगिक ज्ञानको अभाव।
५. उद्योग क्षेत्रमा मुनाफाको निम्न दर।
६ चालू उद्योगहरूको दयनीय स्थिति।
७. विदेशी लगानी पर्याप्त मात्रामा आकर्षित नहुनु।

Model questions

1. Define industrial finance and discuss the importance for the development of institutional system of industrial for Nepal.
   औद्योगिक साखको परिभाषा दिनुहोस् र नेपालको लागि संस्थागत औद्योगिक ऋण व्यवस्थाको महत्वको विवेचना गर्नुहोस्।
2. Discuss the role played by commercial banks and Nepal Industrial Development Corporation for financing the industries of Nepal.
   नेपालको उद्योग धन्धाहरूको लागि साख-आपूर्तिको सम्बन्धमा व्यवसायिक बैंक र नेपाल औद्योगिक विकास निगमले खेलेको भूमिकाबारे विवेचना गर्नुहोस्।
3. Discuss the problem of industrial finanse in Nepal.
   नेपालमा औद्योगिक वित्तका समस्याहरूबारे छल-फल गर्नुहोस्।

★

अध्याय
: २४ :

औद्योगिक नीति
(Industrial Policy)

औद्योगिक नीतिको अर्थ एवं महत्व :—नेपालको औद्योगिक नीतिको विभिन्न पक्षहरूमा छल-फल गर्नु भन्दा पूर्व औद्योगिक नीतिको अर्थ एवं यसको महत्वको जानकारी आवश्यक हुन्छ। औद्योगिक नीतिको सम्वन्ध देशमा उद्योग-धन्धाको स्थापना, यसको सफल संचालन एवं विकास सम्बन्धी कार्यहरूसँग हुन्छ। पुरातन अर्थशास्त्रीहरूले मुक्त व्यापारवादी आर्थिक नीति (Free Trade Policy or Laissez Fair) लाई मान्यता प्रदान गरेका थिए। यी पुरातन अर्थशास्त्रीहरूको विचारमा स्वार्थ भावनाले प्रेरित भएर नै कुनै कार्य गर्नु राम्रो भएकोले सरकारद्वारा कुनै प्रकारका हस्तक्षेप गर्नु उचित हुँदैंन। तर औद्योगिक विकास सम्बन्धी समस्त कार्यहरूलाई पूर्ण रूपले निजी उद्योगपतिहरूको इच्छामा छाड्नु उचित हुँदैन भन्ने कुरो औद्योगिक देशहरूको अनुभवबाट सिद्ध भइसकेको छ। आज समाजवादी देशहरूमा सम्पूर्ण उद्योग धन्धाहरू सरकारको हातमा छ भने पूँजीवादी अर्थ व्यवस्था भएका देशहरूको औद्योगिक विकासको क्षेत्रमा पनि सरकारको महत्वपूर्ण हात रहेको पाइन्छ। फलस्वरूप मिश्रित अर्थ व्यवस्था (Mixed Economy) को सिद्धान्त अनुशरण गरेको हाम्रो देशमा पनि श्री ५ को सरकारले उद्योग धन्धाहरूको क्षेत्रमा विभिन्न प्रकारका साना, मझौला एवं ठूला उद्योगहरू खोल्ने प्रक्रियाहरूलाई नियंत्रण गर्ने नियम, सरकारी एवं निजी क्षेत्रहरूमा क्षेत्रहरूमा उद्योग धन्धाहरूको विभाजन, विदेशी लगानी सम्बन्धी नीति, उद्योगहरूलाई दिने संरक्षण आदिको सम्बन्धमा स्पष्ट नीतिको तर्जुमा एवं कार्यान्वयन गर्नु आवश्यक देखिन्छ। योजनावद्ध तरीकाले आर्थिक विकासको कार्य संचालन गर्ने नेपाल जस्तो विकासशील मुलुकहरूमा औद्योगिक विकासको लागि स्पष्ट औद्योगिक नीतिको घोषणा गरी सरकारी हस्तक्षेप निम्नांकित कारणहरूले आवश्यक देखिन्छ—

१. आर्थिक स्रोतको परिचालन :—देशको औद्योगिकीकरण एवं आर्थिक विकासको लागि देशमा भएका साधन एवं स्रोतको परिचालनको लागि औद्योगिक नीतिको घोषणा एवं कार्यान्वयनद्वारा सरकारी हस्तक्षेप आवश्यक हुन्छ। यसको लागि प्रतिरक्षा सम्बन्धी उद्योग, रोड, हवाई यातायात, बिजुली विकास जस्ता पूर्वाधारहरू सरकारी क्षेत्र अन्तर्गत राखिन्छ। थोरै पूंजी लाग्ने र छिटो फाइदा हुने खालका उपभोग्य

वस्तुहरू उत्पादन गर्ने उद्योगहरू निजी क्षेत्रमा राखिन्छ र त्यसै गरी केही उद्योगहरूको विकास सरकारी र निजी क्षेत्रको संयुक्त प्रयासद्वारा गरिन्छ ।

२. निजी क्षेत्रको नियंत्रण (Regulation of Private Sector) :—सरकारले औद्योगिक नीतिको घोषणा गरी निजी क्षेत्रमाथि नियंत्रण पनि राख्नु पर्दछ । देशमा कुनै साधन सीमित मात्रामा उपलब्ध छ भने त्यसको प्रयोग प्राथमिकता प्रदान गरिएको क्षेत्रमा मात्र गर्नु पर्दछ । सरकारले ती साधनहरूलाई गैर-प्राथमिकता क्षेत्र (Non priority sector) मा गर्ने अनुमति दिनु हुँदैन ।

३. विदेशी लगानीको नियंत्रण (Regulation of Forign Investment) :—विकासको प्रारम्भिक चरणमा विदेशी पूंजीको सहभागिता पनि धेरै नै महत्वपूर्ण हुन्छ । तर विदेशी पूंजीको प्रयोगद्वारा आन्तरिक आर्थिक क्रियाशीलतामा धेरै विपरीत प्रभाव पर्ने सम्भावना हुन्छ । यस कारण आन्तरिक पूंजी उपलब्ध नहुने देशहरूमा मात्र विदेशी पूंजीको प्रयोग उपयुक्त हुन्छ । फलस्वरूप आर्थिक विकास योजनाको उद्देश्य अनुरूप घरेलु एवं विदेशी पूंजीको समन्वय एवं नियंत्रणको लागि औद्योगिक नीतिको आवश्यकता पर्दछ ।

४. क्षेत्रीय असन्तुलन कम गर्न (To Reduce Regional Imbalance) :—देशको कुनै भागको बढी विकास र कुनै भागमा विकास सम्बन्धी क्रिया कलापको अभाव भएमा देशमा क्षेत्रीय आर्थिक असंतुलन पैदा हुन्छ । यस प्रकारको स्थिति उचित हुँदैन । उचित औद्योगिक नीतिको अनुशरण एवं कार्यान्वयनद्वारा यस प्रकारको विषमताको सृजनालाई रोकिन्छ ।

नेपालको लागि स्पष्ट औद्योगिक नीतिको आवश्यकताका कारणहरू

१. आर्थिक स्रोतको परिचालन
२. निजी क्षेत्रको नियंत्रण
३. विदेशी लगानीको नियंत्रण
४. क्षेत्रीय असंतुलन कम गर्न

नयाँ औद्योगिक नीति २०४४

नेपालमा सर्वप्रथम वि० सं० २०१७ सालमा राष्ट्रिय औद्योगिक नीतिको घोषणा गरियो । यसलाई वि० सं० २०२५ सालमा र पुनः २०३० सालमा संशोधन गरियो । यसमा आवश्यक संशोधन गरी वि० सं० २०३७ सालमा नयाँ औद्योगिक नीतिको घोषणा गरी उद्योगको परिभाषा र वर्गीकरणलाई स्पष्ट र वैज्ञानिक गराइयो । यस औद्योगिक नीति अन्तर्गत उद्योगहरूलाई इजाजत दिने प्रणालीलाई पनि सरल र

छरितो बनाइयो तथा उद्योगहरूलाई प्रदान गरिने प्रोत्साहन सुविधाहरूलाई पनि स्पष्ट किटान गरियो। यसलाई २०३८ सालमा पुनः संशोधन गरियो। तर २०३८ सालको नीतिबाट उद्योग क्षेत्रमा लगानी गर्ने प्रवृत्तिमा वृद्धि भए पनि उद्योगहरूलाई दिइएको प्रभावकारी संरक्षणमा निकै अन्तर पर्न गई विकृतिहरू पनि उत्पन्न हुन गए। केही उद्योगहरूले २०० प्रतिशतसम्म संरक्षण पाएको देखियो भने देशले प्राथमिकता प्रदान गरी प्रवर्द्धन गर्न चाहेका उद्योगहरूमा यो संरक्षण ज्यादै न्यून रहन गयो। यसरी राष्ट्रिय आवश्यकताका उद्योगहरू बाहेर पनि आउन सकेनन् तर बढी संरक्षण पुग्न गएका उद्योगहरू स्थापना गर्न लगानीकर्ताहरू स्वभावतः बढी आकर्षित भए। यसका साथै अत्यधिक संरक्षणबाट विदेशी मुद्राको माँगमा बढी चाप पर्न गयो र राजस्वमा पनि प्रतिकूल असर पर्‍यो। फलस्वरूप औद्योगिक नीतिलाई पुनः वि० सं० २०४४ मा संशोधन गरियो। यो नयाँ औद्योगिक नीति तर्जुमा गर्दा आधारभूत आवश्यकताका वस्तु उत्पादन गर्ने उद्योगहरूलाई प्राथमिकता दिनुका साथै अन्य उद्योगहरूको तुलनात्मक लाभको आधारमा विकास गर्नु पर्ने सिद्धान्तलाई अवलम्बन गरिएको छ। उद्योगहरूले पाउने सुविधाहरू एकैद्वार "औद्योगिक प्रवर्द्धन समिति" मार्फत उपलब्ध गराइने छ। यस औद्योगिक नीतिका उद्देश्यहरू निम्न प्रस्तुत छन्—

औद्योगिक नीति २०४४ का उद्देश्यहरू :—श्री ५ को सरकारले लागू गरेको वर्तमान औद्योगिक नीतिका उद्देश्यहरू यस प्रकार छन्—

१. आधारभूत आवश्यकताका वस्तु उत्पादन गरी आत्मनिर्भरता बढाउने।

२. राष्ट्रिय उत्पादनमा उद्योग क्षेत्रको योगदान बढाई अर्थतंत्रको संरचनामा परिवर्तन ल्याउने र जनताको जीवन स्तर उकास्ने।

३. उद्योग क्षेत्रमा रोजगारीका अधिकतम अवसरहरू सिर्जना गर्ने र कृषिमा आश्रित बढी जनशक्तिहरूलाई स्थानान्तरण गर्ने।

४. आयात प्रतिस्थापन तथा निर्यात वृद्धिद्वारा देशको शोधनान्तर स्थिति सुधार्ने।

निहित उद्देश्य :—उक्त उद्देश्यहरू परिपूर्ति गर्न औद्योगिक नीति २०४४ का निहित उद्देश्यहरू निम्न हुने छन्—

१. उपलब्ध स्रोतहरूको समुचित उपयोगलाई सघाउ पुग्ने गरी उद्योगहरूलाई प्रभावकारी संरक्षण (Effective protection) उपलब्ध गराउने।

२. क्षेत्रीय आर्थिक संतुलन र ग्रामीण विकासमा उद्योगको भूमिकालाई सुदृढ गर्ने।

३. राष्ट्र लाभान्वित हुने वृहत्तर मापदण्ड अपनाउने र त्यस्तो मापदण्ड अनुरूप उद्यमीहरूलाई उद्योगको स्थापना एवं विविधिकरणमा स्वतन्त्र निर्णय गर्न प्रोत्साहन गर्ने।

४. उद्योगहरूलाई कच्चा पदार्थको आपूर्ति सुलभ गराउन स्वदेशी साधन परिचालनलाई संरक्षण दिने र आवश्यकता अनुसार विदेशी मुद्राको प्रवाह बढ़ाउने ।

५. उत्पादन मूलक उद्योग (Manufecturing Industries) को अतिरिक्त राष्ट्रिय प्राथमिकता योग्य कृषि, ऊर्जा, खनिज, पर्यटन र साखसँग सम्बन्धित उद्यमहरूको विकास गर्ने ।

कार्य नीति—माथिका उद्देश्यहरू हासिल गर्न निम्न कार्यनीतिहरू अपनाइने छन्—

(१) आधारभूत आवश्यकताका वस्तुहरू उत्पादन गर्ने उद्योगलाई प्राथमिकता दिने ।

(२) रोजगारी एवं उत्पादन दुवै दृष्टिले फाइदा हुने उद्योगहरूलाई प्राथमिकता दिने ।

(३) आयात प्रतिस्थापन एवं निर्यात प्रवर्द्धन किसिमका उद्योगहरूको समान स्तरमा विकास गर्ने ।

(४) राष्ट्रिय प्राथमिकता प्राप्त र स्थानीय श्रम र स्रोत परिचालन गर्ने उद्योगलाई बढी प्रोत्साहन दिने ।

(५) औद्योगिक संरक्षण व्यवस्था सरल र स्पष्ट गर्ने ।

(६) उद्योग स्थापनाका लागि इजाजत र दर्ता व्यवस्था सरल, छिटो र स्पष्ट गर्ने । यसका लागि विकेन्द्रीकरणको सिद्धान्त अनुसार अधिका र प्रत्यायोजन गर्दै जाने ।

(७) उद्योगहरूमा आपसी सम्बद्धता बढाउने र एक अर्कामा आधारित सहायक वा सहयोगी उद्योग प्रवर्द्धनलाई प्रोत्साहन दिने ।

(८) विदेशी लगानीलाई प्रोत्साहन दिने ।

(९) उद्योगहरूलाई मेशीन, औजार, कच्चा पदार्थ एवं पानी, विद्युत जस्ता पूर्वाधारहरू सरल र सुलभ तरीकाले उपलब्ध गराई सक्षम र प्रतिस्पर्द्धात्मक बनाउने ।

(१०) देशमा अविकसित क्षेत्रमा पनि औद्योगिक लगानी प्रोत्साहन गर्ने ।

(११) उद्योगहरूलाई तालीम तथा अनुसन्धान कार्यमा अभिप्रेरित गर्न प्रोत्साहन दिने ।

(१२) पुनर्लगानीलाई प्रोत्साहन गर्न थप सुविधा दिने ।

(१३) उद्योगहरूलाई अस्वस्थता वा रूग्ण स्थितिबाट बचाउन एवं संरक्षणको हेर-फेरले पर्न सक्ने प्रतिकूल असरलाई सुधार्न संक्रमण कालको लागि विशेष सहयोग जुटाउने ।

(१४) उद्यमशीलता, व्यवस्थापन, प्रविधि, प्राविधिक क्षमता तथा उत्पादकत्व विकास गर्ने वित्तीय सुविधा उपलब्ध गराउने निर्यात प्रवर्द्धन गर्ने एवं विदेशी लगानी आकर्षित गर्ने निकायहरूलाई सक्षम, प्रतिस्पर्धात्मक एवं प्रभावकारी बनाउने ।

(१५) स्वदेशी साधनको उपयोग सम्भावनाको अध्ययन एवं साधन विकास परिचालन र उपयोगलाई बढावा दिन संस्थागत व्यवस्था निकायगत समन्वय र सम्बद्धता सुदृढ गर्ने ।

(१६) उत्पादकत्व अभियानलाई अगाडी बढाउने ।

(१७) उद्योगको स्थापना, विस्तार एवं विविधीकरण गर्दा पर्यावरण नहुने वा प्रदुषणको प्रभावलाई न्यूनतम गर्ने उपायहरू लागू गर्ने ।

(१८) शीपयुक्त जनशक्तिको विकासका लागि कार्यक्रम संचालन गर्ने ।

(१९) घरेलु तथा साना उद्योग नेपाली नागरिकको लागि मात्र आरक्षित राख्ने ।

(२०) विदेशी प्रविधि हस्तान्तरणको व्यवस्था कुनै पनि उद्योगमा गर्न दिने

(२१) सरकारी क्षेत्रका उद्योगहरूलाई सुदृढ गर्ने र निजी क्षेत्रलाई हस्तान्तरण गर्दै जाने ।

(२२) स्वदेशी उत्पादनको उपभोगलाई बढ़ावा दिने ।

(२३) आधारभूत आवश्यकता सम्बन्धी उद्योगहरूबाट देशका तल्लो वर्गका अद्यमीहरूलाई बढ़ी मात्रामा लाभान्वित गराउन वर्गीय संगठन वा पंचायतका निकायहरूलाई साना वा मझौला उद्योगमा संलग्न हुन प्रोत्साहित गर्ने ।

यस औद्योगिक नीतिका प्रमुख विशेषताहरू

(Special Featuros of This Industrial policy)

यस औद्योगिक नीतिका निम्नांकित प्रमुख विशेषताहरू छन्—

(१) उद्योगको वर्गीकरण :—यस औद्योगिक नीति अन्तर्गत उद्योगहरूलाई उत्पादन मूलक, कजा-मूलक, कृषि जन्य विशेष उद्योग, खनिज उद्योग, पर्यटन उद्योग र सेवा उद्योग गरी छ भागमा वर्गीकरण गरिएको छ ।

(२) उद्योगहरूको स्तर विभाजन :— यस औद्योगिक नीति अनुसार उद्योग धन्धाहरूलाई निम्नानुसार चार भागमा विभाजित गरिएको छ—

(क) घरेलु उद्योग—घरेलु उद्योग अन्तर्गत निम्नांकित उद्योगहरूलाई समावेश गरिएको छ—(अ) देशको परम्परा, कला र संस्कृतिसँग सम्बद्ध र खास गरी शीप वा स्थानीय कच्चा पदार्थ र साधन परिचालन गर्ने परम्परागत किसिमका उद्योगहरू (ब) मुख्य कच्चा पदार्थका लागि परिवर्त्य विदेशी मुद्रा आवश्यक पर्ने बढ़ीमा रु. २ लाख सम्मको मेशीन औजार तथा यंत्र उपकरणहरू उपयोग गरी कुल स्थिर पूँजी रु. ७ लाखसम्म भएको र कुल वार्षिक उत्पादन रु. १५ लाख ननाघ्ने गरी १० अश्व शक्ति भन्दा बढ़ी ऊर्जा शक्ति प्रयोग नहुने गरी संचालित उद्योगहरू र (स) मुख्य कच्चा पदार्थ स्थानीय रूपमा नैं उपलब्ध हुने रु. ७ लाखसम्म स्थिर पूँजी लगानी भएको र कुल वार्षिक उत्पादन रु. २५ लाख ननाघ्ने उद्योगहरू ।

(ख) **साना उद्योग**—घरेलु उद्योग वाहेक रु० ३० लाखसम्म स्थिर पूँजी लगानी भएको उद्योगलाई साना उद्योग अन्तर्गत राखिएको छ।

(ग) **मझौला उद्योग**—यस श्रेणीमा रु० ३० लाख भन्दा बढ़ी रु० १ करोड़सम्म स्थिर पूंजी लगानी भएको उद्योगहरूलाई राखिएको छ।

(घ) **ठूला उद्योग**—यस श्रेणीमा रु० १ करोड़ भन्दा बढ़ी स्थिर पूंजी लगानी भएको उद्योगलाई राखिएको छ।

(३) **क्षेत्र विभाजन** :—प्रतिरक्षा सम्बन्धी वाहेक अन्य सबै उद्योगहरू निजी क्षेत्रमा स्थापना गर्ने अनुमति दिइने छ।

(४) **विदेशी लगानी कर्तालाई अनुमति** :—यस औद्योगिक नीतिमा घरेलु र साना उद्योगलाई नेपाली नागरिकहरूको लागि सुरक्षित राखी मझौला र ठूला उद्योगमा विदेशी लगानीका लागि निम्नानुसार अनुमति दिइने छ—

(क) मझौला उद्योगमा कुल लगानीको बढ़ीमा ५० प्रतिशत।

(ख) ठूला उद्योगमा (अ) उत्पादनको न्यूनतम ९० प्रतिशत निकासी गर्नेलाई शत प्रतिशत र (आ) अन्य ठूला उद्योगमा बढ़ीमा ८० प्रतिशत विदेशी पूंजी लगानी हुन दिने। तर नेपालीको लागि छुट्याइएको २० प्रतिशत शेयर बिक्री हुन नसके विदेशी लगानी कर्ताले लिन पाउने छ।

५. **विदेशी मुद्रा फिर्ता लैजाने सम्बन्धमा**—विदेशी मुद्रा फिर्ता लैंजाने सम्वन्धमा निम्नांकित व्यवस्था गरिएको छ—

(क) लाभांशको हकमा प्रतिवर्ष शत प्रतिशत।

(ख) उद्योग संचालन भए पछि शेयर बिक्री बाट प्राप्त पूंजीको हकमा प्रति वर्ष २० देखि २५ प्रतिशत।

(ग) विदेशी कामदारको ज्यालाको हकमा ७५ प्रतिशत।

६. **इजाजत र दर्ता** :—इजाज्त र दर्ताको सम्बन्धमा निम्नांकित व्यवस्थाहरू गरिएका छन्—(क) घरेलु उद्योगको स्थापना गर्न इजाजत लिनु पर्ने छैन दर्ता भने जिल्लामैं गराउनु पर्ने छ। (ख) मुख्य कच्चा पदार्थलाई परिवर्त्य विदेशी मुद्रा आवश्यक नपर्ने साना र मझौला स्तरसम्मका उद्योगहरूको स्थापना, विस्तार एवं आधुनिकीकरणको लागि इजाजत आवश्यक पर्ने छैन। (ग) इजाजत लिनु पर्ने अन्य साना र मझौला उद्योगको स्थापना, विस्तार, आधुनिकीकरण वा विविधीकरणको लागि विभागले इजाजत प्रदान गर्ने छ। (घ) ठूला र कच्चा एवं सहायक पदार्थ वार्षिक खपतको ४० प्रतिशत वा रु० २० लाख ननाघ्ने गरी परिवर्त्य विदेशी मुद्रा प्रयोग हुने

उद्योगहरूको लागि औद्योगिक प्रवर्द्धन समितिको इजाजत आवश्यक पर्ने छ। (ङ) ठूला उद्योग सीमित दायित्वको कम्पनीको रूपमा दर्ता गराउनु पर्ने छ।

७. उद्योगहरूमा नेपाली नागरिकको नियुक्ति :—उद्योगका सब कामदार र कर्मचारी नेपाली नागरिक हुनु पर्ने तर दक्ष कामदार र व्यवस्थापकका पदका लागि नेपाली नागरिक नपाई तालिम दिएर दक्ष जनशक्ति तयार गर्न आवश्यक परेमा श्रम विभागको अनुमति लिएर उक्त विभागले तोकिदिएको अवधिसम्मका लागि मात्र विदेशी नागरिकलाई त्यस्ता पदमा राख्न पाइने।

८. संरक्षण व्यवस्था :—यस नीति अनुसार संरक्षण व्यवस्था कायम गरिने छ—(क) आयात प्रतिस्थापन र निर्यात मूलक उद्योगको मूल्य अभिवृद्धिको सामान्यतया ३० प्रतिशतको स्तरमा संरक्षण-दर कायम गरिने छ। आधारभूत आवश्यकता परिपूर्ति गर्ने खाद्यान्न, लत्ता-कपड़ा, आवास, शिक्षा, स्वास्थ्य आदि प्राथमिकता प्रदान गरेका उद्योगहरूलाई बढ़ी संरक्षण दिने छ। (ख) उद्योगहरूलाई मूलतः पैठारी भंसारको माध्यमद्वारा संरक्षण दिइने छ। अन्तः शुल्क, बिक्री कर र अन्य कर लगाउँदा उद्योगलाई तोकिएको संरक्षण स्तर कायम राखिने छ। उद्योगी अथवा निकासी कर्तालाई उत्पादन सामग्रीमा तिरी सकेको प्रिमियम, भंसार महशूल, अन्तः शुल्क र बिक्री कर निर्यात गरेको परिमाणको अनुपातमा फिर्ता दिइने छ। निर्यात हुने औद्योगिक वस्तुमा प्रयोग गरिने माध्यमिक वस्तु उत्पादन गरिने उद्योगलाई उत्पादन सामग्रीमा लागेको प्रिमियम, भंसार महसूल, बिक्री कर र उत्पादनमा लागेको अन्तः शुल्क र बिक्री कर आदि निर्यात भएको परिमाणमा फिर्ता दिइने छ। नेपालबाट औद्योगिक उत्पादनको निकासीमा क्रिबी-कर र अन्तः शुल्क माफी गरिने र भंसार महशूल सामान्यतया १ प्रतिशत भन्दा बढ़ी हुने गरो लगाइने छैन।

९. प्रोत्साहन र सुविधा :—

(क) आयकर सम्बन्धमा :—उत्पादन मूलक घरेलु र साना उद्योगहरू तथा आधारभूत एवं ऊर्जा र खनिज मूलक ठूला उद्योगहरूलाई उत्पादन प्रारम्भ गरेको सामान्यतः ५ वर्षदेखि ८ वर्षसम्म आयकर मिन्हा दिइने छ। साथै- पब्लिक लिमिटेड कम्पनीहरूलाई कर्पोरेट करमा पनि सामान्यतः ५ प्रतिशत छूट दिइने छ।

(ख) अन्तः शुल्क र बिक्री कर सम्बन्धमा :—घरेलु उद्योगहरूलाई सामान्यतः अन्तः शुल्क र बिक्री कर लाग्ने छैन। अन्य उद्योगहरूको हकमा नेपालमा उत्पादन नै नभएको कुनै नयाँ वस्तु उत्पादन गर्ने उद्योगीहरूलाई बढ़ीमा ३ वर्षसम्म अन्तः शुल्क मिह्ना गरिने छ। साथै अन्तः शुल्क र बिक्री कर दोहरो नलाग्ने व्यवस्था पनि गरिएको छ।

(ग) कर्जा सुविधा :—प्राथमिकता र उपयुक्तता बमोजिम घरेलु उद्योगहरूलाई ८० प्रतिशतसम्म र अन्य उद्योगहरूलाई ६५ प्रतिशतसम्म कर्जा उपलब्ध गराउने व्यवस्था गरिएको छ। अविकसित एवं अल्प विकसित क्षेत्रहरूमा क्रमशः ९० प्रतिशत र ७० प्रतिशतसम्म कर्जा उपलब्ध गराइने छ।

(घ) अन्य सुविधा :—उद्योगहरूलाई अवस्था र प्रकृति हेरी विद्युत् महशूल र र भंसार महशूलहरूमा विशेष सुविधा दिइने छ।

(१०) उद्योगको राष्ट्रियकरण सम्बन्धमा :—राष्ट्रिय हित वा सुरक्षाको दृष्टिले बाहेक स्वदेशी वा विदेशी कुनै पनि उद्योगको राष्ट्रियकरण गर्ने छैन। आवश्यकता अनुसार कुनै उद्योगलाई राष्ट्रियकरण गर्न परेमा न्यायोचित मूल्याङ्कणको आधारमा ६ महीनाभित्र मुआवजा दिइने छ र विदेशी मुद्रा वापस लैजानको लागि कुनै पनि कर वा बन्देज लगाइने छैन।

Model question

(1) What are the main features of industrial policy of H. M. G. of 2044.

श्री ५ को सरकारको २०४४ सालको औद्योगिक नीतिका के-के प्रमुख विशेषताहरू छन् ?

अध्याय
: २५ :

औद्योगिक श्रम
(Industrial Laboure)

वर्तमान स्थिति :—नेपालमा प्राचिन कालदेखि नै उद्योगहरुको स्थापना भएको देखिन्छ। तापनि आधुनिक उद्योगको इतिहास ई० सन् १९३६ देखि प्रारम्भ भएको हो। त्यसपछि क्रमशः आधुनिक उद्योग स्थापना हुने क्रम जारी रहेको छ। योजना प्रणाली वि. सं. २०१३ सालमा लागू भएदेखि यता औद्योगिक विकासको लागि विशेष प्रयास भई रहेको छ। तर पनि उल्लेखनीय रूपमा उद्योगहरू स्थापना हुन सकिरहेका छैनन्।

वि. सं. २०३९ सालको औद्योगिक गणना बमोजिम नेपालमा ४९०३ उद्योगहरू कार्यरत छन्। यी उद्योगहरूमा जम्मा ८१०५० जना श्रमिकहरू कार्यरत छन्। उक्त संख्या मध्ये ७१३४५ (८८.० प्रतिशत) पुरुष र ९७०५ (१२.० प्रतिशत) महिला छन्। कुल श्रमिकहरू ६५२९१ (८० प्रतिशत) स्वदेशी र १५७५९ (२० प्रतिशत) विदेशी श्रमिकहरू कार्यरत छन्। कुल श्रमिकहरूमध्ये १६,९१५ श्रमिकहरू प्राविधिक र अरू गैर-प्राविधिक पदमा कार्यरत छन्। श्रमिकहरू ७३७१८ (९१ प्रतिशत) ज्यालादार र बाँकी स्वयं-रोजगार (Self Employed) अवस्थामा छन्।

मुख्य-समस्याहरू :—कारखानामा काम गर्ने श्रमिकहरूका विभिन्न समस्याहरू छन्।। मजदूरहरूका प्रमुख समस्याहरू देहाय बमोजिम छन्—

(१) **शिक्षा** :—श्रमिकहरू अधिकांशतः अशिक्षित छन्। कुनै पनि काम राम्रोसंग गर्नका लागि मजदूरहरूमा निम्नतम स्तरको शिक्षा पनि आवश्यक हुन्छ। शिक्षाको अभावले गर्दा मजदूरहरूको रहन-सहन, उत्पादकता, मजदूर संगठनको कुशल संचालन आदिमा प्रतिकूल प्रभाव पर्दछ। अशिक्षित मजदूरहरूले मालिकसँग मोल-तोल (Bargaining) पनि राम्रोसँग गर्न सक्तैनन्।

(२) **तालिम** :—मजदूरहरूमा तालिमको अभाव छ। तालिमको अभावले गर्दा हामीहरूले उच्च-दक्ष जनशक्ति बाहिरबाट मगाउनु पर्दछ। देशका मजदूरहरूमा तालिमको अभावले गर्दा मजदूरहरूको उत्पादकता एवं ज्यालाको दर कम छ।

(३) **संगठनको अभाव** :—यहाँका कारखानाहरूमा काम गर्ने मजदूरहरू सुसंगठित छैनन्। अशिक्षा एवं गरीबीले गर्दा मजदूरहरूमा फूट हुन्छ। मजदूर संगठन

दरो हुँदैन । मजदूर संगठन सुसंचालित अवस्थामा नहुँदा मजदूरहरू मालिकद्वारा शोषित हुनु स्वाभाविक नै हो ।

(४) **आय** :—नेपालको कारखानामा काम गर्ने मजदूरहरूमा तालिमको अभाव छ । स्वास्थ-स्तरको स्थिति एवं कार्यक्षमता कम छ, मजदूर-संगठन पनि दुर्वल अवस्थामा छन् । फलस्वरूप कारखानामा काम गर्ने मजदूरहरूको आय-स्तर धेरै नै कम छ । आय कम हुने हुनाले उनीहरूको स्वास्थ्य, कार्य क्षमतामा पनि दिनानुदिन कमी हुँदै जान्छ ।

(५) **आवासको असुविधा** :—कारखानामा काम गर्ने मजदूरहरूलाई आवासको ठूलो असुविधा छ । आवासको असुविधाले गर्दा एकै कोठामा धेरै मजदूरहरू बस्नु पर्दछ । मजदूरहरू बस्ने ठाउँहरूमा वरिपरि फोहोर रहन्छ । यस प्रकारको निस्सासिएको वातावरणमा उनीहरूको स्वास्थ्य राम्रो रहन सक्तैन ।

(६) **केटा-केटीलाई पढ्ने सुविधाको अभाव** :—गरीवीले गर्दा मजदूरहरूले आफ्ना बाल-बालिकालाई पढ़ाउन सक्तैनन् । सानै उमेरदेखि उनीहरूले आफ्ना छोरा-छोरीहरूलाई कुनै न कुनै काममा लगाउन चाहन्छन् । कारखानाको वरि-परि राम्रो स्कूलको अभावले गर्दा पनि बाल बालिकाहरूलाई पढ़ाउन असुविधा हुन्छ ।

(७) **लत-सुधारको समस्या** :—शिक्षाको अभावले गर्दा मजदूरहरूमा तास खेल्ने, जुवा खेल्ने, रक्सी खाने, साना-तिना कुराहरूका लागि परस्परमा झगड़ा गरिरहने जस्ता खराव लतहरू लागेका छन् । खराव लतले गर्दा मजदूरहरूका वाल बालिकाहरूको आचरणमा पनि नराम्रो प्रभाव पर्दछ ।

कारखानामा काम गर्ने मजदूरहरूका प्रमुख समस्याहरू

(१) शिक्षा
(२) तालिम
(३) संगठनको अभाव
(४) आय
(५) आवासको असुविधा
(६) केटा-केटीहरूलाई पढ़ने सुविधाको अभाव
(७) लत-सुधारको समस्या

मजदूरहरूको समस्या समाधानतर्फ श्री ५ को सरकारद्वारा चालिएका कदमहरू

मजदूरहरूको समस्या समाधान गर्ने तर्फ श्री ५ को सरकारद्वारा निम्नकदमहरू चालिएका छन् —

(१) **कारखाना र कारखानामा काम गर्ने मजदूर सम्बन्धी ऐन २०१६ :—** वि. सं० २०१६ सालमा लागू भएको यस ऐन अन्तर्गत कारखानाका मालिकहरूले काम गर्ने श्रमिकहरूलाई दिनु पर्ने सुविधा र सहुलियतको व्यवस्था गर्नुका साथै श्रमिकहरूको हक र हितको संरक्षण गर्ने व्यवस्था पनि मिलाइएको छ ।

(२) **कारखाना र कारखानामा काम गर्ने मजदूर सम्बन्धी नियम २०१९:—** यस नियम वमोजिम कारखानाका मालिकहरूले श्रमिकहरूलाई दिनु पर्ने सुविधा र सहुलियतको व्यवस्था गर्ने र त्यस्ता सहुलियत र सुविधाहरूको संरक्षण गर्न आवश्यक नियम एवं निकायहरू स्थापना गर्ने व्यवस्था भएको छ ।

(३) **अन्तर्राष्ट्रिय श्रम-संगठनको सदस्यता (I. L. O. Membership-—** नेपालका मजदूरहरूलाई अन्तर्राष्ट्रिय स्तरको सुविधा र सहुलियत दिलाउन एवं अन्तर्राष्ट्रिय भेलाहरूमा भाग लिन समेत आवश्यक देखी श्री ५ को सरकारले वि० सं० २०२३ साल (३० अगस्त सन् १९६६ ई०) देखि अन्तर्राष्ट्रिय श्रम-संघ (I. L. O.) को सदस्यता प्राप्त गरेको छ ।

(४) **श्रम-विभागको स्थापना :—**वि. सं. २०२८ सालमा श्री ५ को सरकारले उद्योग वाणिज्य मंत्रालय अन्तर्गत श्रम-विभागको स्थापना गरेको छ र यस विभागले अधिराज्यभरिका औद्योगिक श्रमिकहरूको सुविधा र सहुलियतका लागि आवश्यक प्रशासनिक व्यवस्था मिलाउँदै आएको छ। हाल यो विभाग श्रम तथा सामाजिक कल्याण मंत्रालय अन्तर्गत कार्यरत छ ।

(५) **श्रमिक-आपूर्ति केन्द्रको स्थापना :—**पाँचौं योजना अन्तर्गत हेटौंडा, नेपालगंज, बुटवल इत्यादि स्थानहरूमा श्रमिक-आपूर्ति केन्द्रहरूको स्थापना गरियो । छैटौं योजना कालमा झापा, इटहरी र धनगढ़ी गरी तीन श्रमिक आपूर्ति केन्द्र खोल्ने कार्य पूरा भयो। यी ६ वटा केन्द्रहरूमा २०४२/४३ सम्म ४९४० व्यक्तिहरूलाई सिकर्मी, डकर्मी, प्रेस कम्पोजिटर, व्यायलर अपरेटर, केश-शृंगार आदि सम्बन्धमा तालिम दिने कार्य गरियो ।

(६) **रोजगार विनिमय सेवा :—**काम खोज्ने र काम दिने दुवै पक्षको सूचना संकलन गरी समयमै पद-पूर्ति गर्ने उद्देश्यले श्रम-विभाग र श्रम-आपूर्ति केन्द्रहरूमा

रोजगार विनिमय सेवा प्रारम्भ गरिएको छ र यसलाई सातौं योजना कालमा विस्तार गर्ने लक्ष्य छ।

(७) **श्रम-कार्यालय र कारखाना निरीक्षकको व्यवस्था :**—कारखाना र कारखानामा काम गर्ने मजदूर सम्बन्धी ऐन विभिन्न पटक संशोधन भई २०३५ सालको संशोधन वमोजिम विभिन्न औद्योगिक केन्द्रहरूमा श्रम-कार्यालय र कारखाना निरीक्षकहरू रहने व्यवस्था गरिएको छ। ठूला र मध्यमस्तरका कारखानाहरूमा २५० भन्दा बढ़ी मजदूर भएका कारखानाहरूमा कल्याण अधिकृत रहने व्यवस्था पनि गरिएको छ। यी अधिकृतहरूले कारखानामा कार्यरत श्रमिकहरूले कारखानाबाट प्राप्त गर्नु पर्ने सुविधा र सहुलियतहरू दिलाउने दायित्व वहन गरेका हुन्छन्।

(८) **रोजगार अनुसन्धान तथा विकास केन्द्रको स्थापना :**—श्रम-विभाग अन्तर्गत २०३७ सालदेखि यस्ता केन्द्रको व्यवस्था भएको छ। उक्त केन्द्रहरूले विभिन्न रोजगारका अवसरहरूको अनुसन्धान तथा विकास गर्ने जिम्मेवारी वहन गर्दछन्।

(९) **बोनस ऐनको व्यवस्था :**—२०३० सालमा यो ऐन अन्तर्गत कारखानामा काम गर्ने श्रमिकहरूले कारखानाको खुद मुनाफामा बोनस प्राप्त गर्ने व्यवस्था गरिएको छ। २०३४ सालको संशोधन वमोजिम कारखानाले श्रमिकहरूलाई खुद मुनाफाको १० प्रतिशत बोनस बाँड्नु पर्ने व्यवस्था गरिएको छ।

(१०) **न्यूनतम वेतनको व्यवस्था :**—कारखानामा काम गर्ने मजदूरहरूलाई श्री ५ को सरकारद्वारा निर्धारित न्यूनतम वेतन मालिकले दिनु पर्दछ भन्ने व्यवस्था पनि कारखानामा काम गर्ने मजदूर सम्बन्धी ऐन २०३० को संशोधनमा गरिएको छ।

मजदूर समस्या समाधान गर्ने तर्फ श्री ५ को सरकारद्वारा चालिएका कदमहरू

(१) कारखाना र कारखानामा काम गर्ने मजदूर सम्बन्धी ऐन २०१६
(२) कारखाना र कारखानामा काम गर्ने मजदूर सम्बन्धी नियम २०१९
(३) अन्तर्राष्ट्रिय श्रम-संघको सदस्यता
(४) श्रम-विभागको स्थापना
(५) श्रमिक आपूर्ति केन्द्रको स्थापना
(६) रोजगार विनिमय सेवा
(७) श्रम कार्यालय र कारखाना निरीक्षकको व्यवस्था
(८) रोजगार अनुसन्धान तथा विकास केन्द्रको स्थापना
(९) बोनस ऐनको व्यवस्था
(१०) न्यूनतम वेतनको व्यवस्था

मजदूरसम्बन्धी ऐन २०१६ का मुख्य-मुख्य विशेषताहरू

नेपालमा औद्योगिक मजदूर सम्बन्धी जम्मा दुई वटा ऐनहरू महत्वपूर्ण छन्। बोनस ऐन २०३० अन्तर्गत कारखानाहरूको खुद मुनाफाबाट मजदूरहरूलाई बोनस बाँड्नु पर्ने व्यवस्था छ। उक्त ऐनमा २०३४ सालमा भएको संशोधन बमोजिम कारखानाको खुद मुनाफामा १० प्रतिशत बोनस बाँडनु पर्ने व्यवस्था छ।

अर्को महत्वपूर्ण मजदूर सम्बन्धी ऐन कारखाना र कारखानामा काम गर्ने मजदूर सम्बन्धी ऐन २०१६ हो। यस ऐनमा समयोचित संशोधन गरिएको छ। यस ऐनका मुख्य-मुख्य विशेषताहरू निम्न बमोजिम छन्—

१. **मजदूरहरूको वर्गीकरण** :—यस ऐन अन्तर्गत कारखानामा काम गर्ने मजदूरहरूलाई (क) अदक्ष, (ख) अर्ध-दक्ष (ग) दक्ष र (घ) उच्च दक्ष गरी जम्मा चार वर्गमा वर्गीकरण गरिएको छ। यसै वर्गीकरण वमोजिम अन्य सुविधा र सहुलियतहरूको पनि व्यवस्था गरिएको छ।

२. **तलब र भत्ता** :—कारखानामा कार्यरत प्रत्येक मजदूर तथा कर्मचारीलाई दिनु पर्ने नियम वमोजिमको तलब भत्ताको जिम्मेवारी मालिकको नै हुने छ। यस ऐन अनुसार श्री ५ को सरकारले समय-समयमा नेपाल गजेटमा सूचना प्रकाशित गरी तोकिए वमोजिमको न्यूनतम ज्याला (Minimum wage) भन्दा कम कामदारहरूलाई वेतन भत्ता दिन पाउँदैन। तर तोकिएको निम्नतम दर भन्दा बढ़ी दरले वेतन तथा अन्य सहुलियत दिन सकिन्छ। छैटौं योजना अवधिमा औद्योगिक श्रमिकहरूको वेतन मानमा निम्न अनुसार परिवर्तन भएको छ।

तालिका २५.१

(रु० मा)

श्रमिक वर्ग	न्यूनतम वेतन मान ❀			
	२०३५।३६	२०३८।३९	२०४०।४१	२०३६।४२ को अवधिमा कुल वृद्धि प्रतिशत
अदक्ष	२००	२६०	३२५	६२.५
अर्ध-दक्ष	२३०	२९९	३६५	५८.७
दक्ष	२९०	३७७	४४२	५५.९
उच्च-दक्ष	३९०	५०७	५९८	५३.३

❀ न्यूनतम वेतन बाहेक महंगी भत्ता वापत रु० ५०।—समेत दिन पर्ने गरी तोकिएको

(स्रोत—राष्ट्रिय योजना आयोग, सातौं योजना, पृ. ६४३)

३. काम गर्ने समय :—यस ऐन अनुसार कुनै पनि मजदूरलाई प्रतिदिन ८ घंटा अथवा प्रति हप्ता ४८ घंटा भन्दा बढ़ी काम गर्नें बाध्यता हुँदैन । सो भन्दा बढी काममा लगाएमा निजलाई तोकिएको समय भन्दा बढ़ी काम गरे बापत साधारण ज्याला दिनु पर्दछ ।

४. बिदा :—यस ऐनमा कारखानामा काम गर्नें मजदूर तथा कर्मचारीहरूको लागि तोकिए बमोजिम तलवी तथा वेतलवी बिदा पाउने भन्ने व्यवस्था गरिएको छ ।

५. पेंसन तथा संचय-कोष :—यस ऐन अन्तर्गत कारखानामा काम गर्नें मजदूर तथा कर्मचारीहरूको लागि मालिकले पेंसन तथा संचय-कोषको व्यवस्था गर्नु पर्ने भन्ने प्रावधान छ ।

६. औषधि-उपचार :—यस ऐन अनुसार १०० मजदूरको लागि एक प्राथमिक चिकित्सा र ५०० भन्दा बढ़ी मजदूर एकैं समयमा काम गर्नें कारखानाका मालिकले एक औषधालयको व्यवस्था गर्नु पर्दछ र सो अस्पतालमा घटोमा पनि एक डाक्टर हुनु पर्दछ ।

७. बाल-बालिका सम्बन्धी सुविधा :—यस ऐन अनुसार ५० वा सो भन्दा बढ़ी महिला मजदूरहरू काम गर्ने कारखानाका मालिकले ती महिला मजदूरहरूका ६ वर्ष भन्दा मुनिका केटा-केटीहरूलाई राख्नका लागि ठाउँको व्यवस्था गर्नु पर्दछ र त्यसमा निम्न बमोजिमको व्यवस्था हुनु पर्दछ ।

(क) बच्चालाई खेलाउन तालिम प्राप्त धाईको व्यवस्था ।

(ख) आवश्यकतानुसार दूध वा तोकिएको दरले खाजाको प्रबन्ध ।

(ग) आमाको दूध खुवाउन आमालाई आवश्यकतानुसार सुविधा ।

८. वास स्थान :—यस ऐन बमोजिम कारखानाको व्यवस्थापकले मजदूरहरूको लागि प्रत्येक वर्ष कारखानाको कुल नाफाको ५ प्रतिशतमा नघट्ने गरी श्री ५ को सरकारले तोकेको दरले रकम छुट्याई वास-स्थानको प्रबन्ध गर्दै लैजानु पर्दछ ।

९. नोकरीको सुरक्षा :—एक वर्षसम्म अविच्छिन्न रूपमा नोकरी पूरा गरेको कर्मचारीलाई निम्नलिखित स्थिति बाहेक हटाउन पाइँदैन भन्ने व्यवस्था गरिएको छ— (क) कर्मचारीहरूलाई खारेज गर्नें कारण स्पष्ट गरी एक महीनाको पूर्व सूचना वा एक महीनाको वेतन दिएर (ख) प्रत्येक एक वर्षको नोकरीको लागि १५ दिनको वतनको दरले एकमुष्ठ क्षतिपूर्ति दिएर र (ग) उद्योग विभागलाई खारिजोको सूचना दिएर ।

तर यस ऐन अन्तर्गत पछि कारखानाले थप कर्मचारी नियुक्त गर्दा खारेज गरेको कर्मचारीलाई नै प्राथमिकता दिनु पर्ने भन्ने व्यवस्था गरिएको छ ।

१०. मजदूरहरूको कर्त्तव्य र दण्ड सजाय :—यस ऐन अन्तर्गत कारखानामा मजदूरहरूको हित सुरक्षा र स्वास्थ्य रक्षाको लागि राखिएका चीजहरूलाई जानी-जानी दुरुपयोग र नोक्सानी गर्न हुँदैन भन्ने मजदूरहरूको कर्त्तव्य हो भन्ने निर्धारित गरिएको छ। यस कर्त्तव्यको उल्लंघन गर्ने मजदूरहरूलाई तीन महीनासम्म कैद वा रु० ५०० सम्म जरिवाना वा दुवै सजाय दिन सक्ने प्रावधान यस ऐनले गरेको छ।

११. मजदूर र मालिकको झगड़ा छिन्ने सम्बन्धमा व्यवस्था :—मजदूर मालिकको झगड़ा छिन्ने सम्बन्धमा श्री ५ को सरकारले एक वा एक भन्दा बढ़ी व्यक्तिको समझौता मंडल गठन गरी रिपोर्ट दिन लगाउन सक्ने वा त्यसो गर्न निम्न बमोजिम ३ सदस्य भएको एउटा त्रिपक्षी-आयोग (Tribunal) गठन गर्न सक्ने पनि ऐनले व्यवस्था गरेको छ--

मजदूरहरूको प्रतिनिधि—१ जना
मालिकको प्रतिनिधि—१ जना
श्री ५ को सरकारबाट मनोनीत—१ जना
जम्मा—३ जना

मजदूरसम्बन्धी ऐन २०१६ का मुख्य-मुख्य विशेषताहरू

(१) मजदूरहरूको वर्गीकरण।
(२) तलब र भत्ता।
(३) काम गर्ने समय।
(४) बिदा।
(५) पेंसन तथा संचय।
(६) औषधि उपचार।
(७) बाल-बालिका सम्बन्धी सुविधा।
(८) वास-स्थान।
(९) नोकरीको सुरक्षा।
(१०) मजदूरहरूको कर्त्तव्य र दण्ड सजाय।
(११) मजदूर र मालिकको झगड़ा छिन्ने सम्बन्धमा व्यवस्था।

Model questions

1. What are the problems of industrial labour in Nepal ? What steps have been taken by H. M. G. to solve them ?
   नेपालमा औद्योगिक श्रमिकहरूका के-के समस्याहरू छन् ? श्री ५ की सरकारद्वारा त्यसको समाधानका लागि के-के कदमहरू चालिएका छन् ?

2. Describe the special features of Factory and Factory Workers Act 2016.
   कारखाना एवं कारखानामा काम गर्ने मजदूर सम्बन्धी ऐन २०१६ का प्रमुख विशेषताहरूको वर्णन गर्नुहोस् ।

अध्याय
: २६ :

नेपालमा पूँजी बजार
(Capital Market in Nepal)

देशमा उद्योग धन्धाहरू स्थापित गर्नका लागि दीर्घकालीन पूँजीको आवश्यकता पर्दछ। दीर्घकालीन पूँजीबाट कारखानाहरूको लागि भूमि, भवन, मेशीन, औजार आदिको व्यवस्था गरिन्छ। सरकारी एवं अर्धसरकारी संस्थाहरूलाई पर्ने पूँजीको व्यवस्था ट्रेजरी बिल, ऋण पत्र एवं बण्डको निष्कासनद्वारा हुन्छ। पूँजीबजार त्यस बजारलाई भनिन्छ जहाँ पूर्व निर्धारित नियम अनुसार ठूलो परिमाणमा प्रतिभूतिहरूको क्रय-विक्रय हुन्छ। यस क्रय-विक्रयद्वारा प्रतिभूतिहरूको तरलता (Liquidity) मा वृद्धि हुन्छ। फलस्वरूप लगानीकर्ताहरूले प्रतिभूतिहरूमा लगानी गर्न प्रोत्साहन पाउँछन् र देशका उद्योग धन्धाहरूलाई दीर्घकालीन पूँजीको उपलब्धि सरल हुन जान्छ।

वि० सं० २०१६ सालमा नेपाल औद्योगिक करपोरेशनको स्थापना भन्दा पूर्व वास्तवमा नेपालमा पूँजी बजारको शुरूआत नै भएको थिएन। यस संस्थानले हिस्सा (स्टक) ऋण-पत्र (बण्ड), कर्जा-पत्र (डिवेन्चर) आदिको खरीद बिक्री गर्ने, अग्राधिकार भएका हिस्सा (प्रिफर्ड-शेयर) तथा कर्जा (डिवेन्चर) जारी गर्ने, निर्धारित गरेको शर्तमा शेयर अण्डरराइट गर्ने काम प्रारम्भ गरी नेपालमा पूँजी बजारको वास्तविक रूपले समुद्घाटन गरेको हो भन्न सकिन्छ।

वि० सं० २०२९ सालमा कर्मचारी संचय-कोषको स्थापना गरियो। यस संस्थानले श्री ५को सरकारद्वारा जारी गरिएका ऋण पत्रहरूमा लगानी गर्ने, श्री ५को सरकारको जमानतमा वा उचित ठानेको अन्य सुरक्षित क्षेत्रमा दीर्घकालीन ऋण प्रदान गरी उद्योग धन्धाहरूको स्थापना एवं विकासमा प्रभावकारी ढंगले सहयोग पुर्‍याउँदछ। फलस्वरूप देशमा प्रतिभूतिहरूको निष्कासनमा वृद्धि हुन गएको छ।

त्यसै गरी देशमा विभिन्न व्यावसायिक बैंकहरूको स्थापना एवं विकासको साथ-साथै वि० सं० २०२४ सालमा कृषि विकास बैंकको स्थापनाले पनि पूँजी बजारको विकासलाई सहयोग गरेको छ।

तर संस्थागत रूपमा पूँजी बजारको विकासको लागि प्रतिभूतिहरू क्रय-विक्रय गर्ने कुनै विशेष संस्थाको विकासको अभावमा पूँजी बजारको विकास सम्भव छैन भन्ने कुरो अनुभव गरी वि० सं० २०३३ सालमा प्रतिभूतिहरूको कारवार गर्नको लागि सेक्युरिटी खरीद बिक्री केन्द्रको स्थापना गरियो। यस केन्द्रका उद्देश्यहरू निम्न बमो-

जिम छन्—(१) उद्योग एवं अन्य क्षेत्रहरूमा आन्तरिक पूंजीलाई परिचालन गर्नु (२) श्री ५ को सरकारद्वारा निष्कासित ऋण पत्र एवं ट्रेजरी बिलको क्रय विक्रय गर्नु (३) विभिन्न संस्थाहरूलाई प्रतिभूतिहरूको निष्कासन सम्बन्धमा प्राविधिक एवं प्रबन्धकीय सेवाहरू उपलब्ध गराउनु (४) श्री ५ को सरकारलाई व्यक्तिगत लगानी कर्ताहरूको चाहना एवं प्रतिभूतिहरूको बजार विकासबारे आवश्यक परामर्श दिनु तथा (५) प्रतिभूतिहरूको खरीद बिक्री सम्बन्धी व्यवस्था गर्नु।

यस केन्द्र अन्तर्गत हालसम्म निम्नांकित सार्वजनिक कम्पनीहरूको सूचीकरण (Listing) भइसकेको छ—

तालिका

सेक्युरिटी खरीद बिक्री केन्द्र अन्तर्गत भएको सूचीकरण

कम्पनीको नाम	सूचीकरण वर्ष (वि० सं०)
१. नेपाल बैंक लि०	२०४१
२. साल्ट ट्रेडिंग करपोरेशन लि.	२०४३
३. नेपाल बैट्री कम्पनी लि.	२०४३
४. नेपाल इन्स्योरेंस एण्ड ट्रांसपोर्ट कं. लि.	२०४२
५. याक एण्ड यती होटल लि.	२०४३
६. बालाजू यंत्रशाला एण्ड स्या. कं. लि.	२०४२
७. विशाल बजार कं. लि.	२०४३
८. राष्ट्रिय बीमा संस्थान	२०४२
९. नेपाल औद्योगिक विकास करपोरेशन	२०४३
१०. नेपाल अरब बैंक लि.	२०४३
११. नेपाल प्लाइउड एण्ड बबिन कम्पनी	२०४२
१२. जुद्ध मैच फ्याक्टरी विराटनगर लि.	२०४२
१३. मोरङ्ग सुगर मिल्स लिमिटेड	२०४१
१४. हिमाल सिमेंट कं. लि.	२०४३
१५. हेटौंडा छाला उद्योग लि.	२०४२
१६. जुद्ध मैच फैक्टरी वीरगंज लि.	२०४०
१७. बोटलर्स नेपाल लि.	२०४३
१८. विराटनगर जुट मिल्स लि.	२०४३
१९. नेपाल ल्यू आयल लि.	२०४३

	२०४३
२०. नेपाल जुगल उल लि.	
२१. नेपाल ट्रेड एण्ड टेम्पल लि.	—
२२. नेपाल एण्ड स्वेज बैंक लि.	—
२३. पोखरा पाउरोटी उद्योग लि.	—
२४. काठमाडौं पाउरोटी उद्योग लि.	—
२५. एभरेस्ट उद्योग लि.	—

(स्रोत—गोरखापत्र २०४४, माघ १७ गते)

नेपालमा पूंजी बजारका समस्याहरू

(Problems of Capital Market in Nepal)

अन्य विकसित देशहरूको तुलनामा हाम्रो पूंजी बजार धेरै नै पिछडिएको छ। सेक्युरिटी खरीद बिक्री केन्द्रको स्थापनाको झण्डै १२ वर्ष हुन लागिसके पनि हाल-सम्म केन्द्रमा केवल २५ वटा कम्पनीहरूको मात्र सूचीकरण हुन सकेको छ। पूंजी बजारको विकासको लागि अन्य वित्तीय संस्थाहरूका क्रिया कलापहरू पनि संतोष-जनक छैन। हाम्रो पूंजी बजारका मुख्य समस्याहरू निम्न वमोजिम छन्—

(१) **बचतको अभाव**—हाम्रो आय स्तर धेरै नै कम छ। जनतामा गरीबीको साथ-साथै वचत गर्ने भावना एवं बचत गर्ने सुविधाको पनि अभाव छ। फलस्वरूप देशमा बचतको अभावले गर्दा पूंजी बजारको विकासमा धेरै नैं बाधा पुग्न गएको छ।

(२) **बैंकिंग विकासको अभाव**—देशमा बैंकिंग विकास पर्याप्त मात्रामा भएको छैन। व्यावसायिक ब्याङ्कहरूको शाखा-विस्तार पर्याप्त मात्रामा हुन नसक्नाले नेपाली जनताले अफ्ना सानातिना बचतहरूलाई बैंकमा जम्मा गर्न पाउँदैन। यसरी बैंकिंग विकासको अभावले पनि पूंजी बजारको विकासमा ठूलो वाधा उपस्थित गरेको छ।

(३) **बैंकिंग ज्ञानको अभाव**—नेपाली जनतामा बैंकिंग ज्ञानको ज्यादै नै अभाव छ। बैंकिंग ज्ञानको अभावले गर्दा आपनो पैसा बैंकमा जम्मा गर्ने र आवश्यक परेको वेलामा बैंक मार्फत नै लेन-देनको काम संचालन गर्ने बानीको विकास नभएको कारणवाट पनि पूंजी बजारको विकासमा ठूलो वाधा उपस्थित भएको छ।

(४) **शिक्षाको अभाव**—नेपालमा शिक्षाको विकासको अभावले गर्दा पनि पूंजी बजारको विकासमा वाधा उपस्थित भएको छ। शिक्षाको अभावले गर्दा सेक्युरिटीमा आफ्नो बचत लगानी गर्न के-कस्ता लाभहरू पाउन सकिन्छ भन्ने कुरोको जनतामा जानकारी नै छैन।

(५) साहसी वर्गको अभाव—नेपालमा साहसी वर्गको अत्यधिक अभाव छ। साहसी वर्गको अभाव हुन गएको हुनाले देशमा राम्रोसँग संचालन हुन सक्ने कारखानाहरूको पनि पर्याप्त मात्रामा विकास हुन सकेको छैन।

(६) ठोस नीतिको अभाव—पूँजी-बजारको विकासको लागि नेपाल राष्ट्र बैंकद्वारा कुनै ठोस नीतिको निर्धारण एवं कार्यान्वयन हुन सकेको छैन। नेपाल राष्ट्र बैंकद्वारा यस सम्बन्धमा कुनै ठोस नीति नअपनाएसम्म पूँजी बजारको विकासको लागि आवश्यक वातावरणको सृजना हुन सक्तैन।

(७) वित्तीय संस्थाहरूमा पारस्परिक सहयोगको अभाव—नेपालमा वित्तीय संस्थाहरूको सम्यक विकास भएको छैन। साथै भएका संस्थाहरूमा पनि पारस्परिक सहयोगको अभावको स्थिति छ। यस स्थितिले पनि पूँजी बजारको विकासमा बाधा उपस्थित गर्दछ।

नेपालमा पूँजी बजारका समस्याहरू

१. बचतको अभाव
२. बैंकिंग विकासको अभाव
३. बैंकिंग ज्ञानको अभाव
४. शिक्षाको अभाव
५. साहसी वर्गको अभाव
६. ठोस नीतिको अभाव
७. वित्तीय संस्थाहरूमा पारस्परिक सहयोगको अभाव

Model Question

1. What do you mean by Capital Market ? Discuss the development and problems of Capital Market in Nepal.
पूँजी बजार भन्नाले के बुझिन्छ ? नेपालमा पूँजी बजारको विकास एवं समस्याहरूबारे छल-फल गर्नुहोस्।

●

अध्याय
: २७ :

नेपालमा बजेट व्यवस्था

(Budget System in Nepal)

बजेटको अर्थ :—बजेट शब्दको उत्पत्ति फ्रेंच भाषाको Bougete बाट भएको हो। फ्रेंच भाषामा Bougete भन्नाले छालाको स्यानो झोला भन्ने बुझिन्छ। इंगलैन्डमा बजेट शब्दको प्रयोग जादूको बाकसको रूपमा पनि गरिन्थ्यो। जादूको बाकस खुल्नु भन्दा पहिला यसबाट के निस्कन्छ भन्ने कसैलाई केही पनि थाहा नभए झैं विधायिकामा प्रस्तुत हुनु भन्दा पहिला बजेटको बारेमा पनि कसैलाई केही थाहा हुँदैन। देशको अर्थमंत्रीद्वारा बजेट प्रस्ताव सदनमा प्रस्तुत गरिएपछि मात्र यसको बारेमा थाहा पाइन्छ। बजेट देशको आर्थिक योजनाको कार्यान्वयन पक्ष हुन्छ। यसलाई हामी सरकारको वार्षिक आर्थिक योजना पनि भन्न सक्छौं। बजेट अन्तर्गत (क) विगत वर्षको वार्षिक तथ्यांक (Actual account of the previous year), (ख) चालू वर्षको संशोधित अनुमान (Revised Estimate of the current year) तथा (ग) आगामी वर्षको लागि अनुमानित आय-व्यय (Estimated income and expenditure of the Coming year) भन्ने तीन किसिमका तथ्याङ्कहरू प्रस्तुत गरिन्छ। यस बजेटको माध्यमद्वारा सरकारले देशमा वांछित परिवर्तन ल्याउने प्रयत्न गर्दछ। फलस्वरूप बजेटको तर्जुमा सावधिक योजनाले निर्धारित गरेको उद्देश्य, लक्ष्य एवं प्राथमिकताको आधारमा नै गरिन्छ।

नेपालमा बजेट व्यवस्था

नेपालमा सर्वप्रथम बजेटको निर्माण वि. सं. २००९ सालमा भएको हो। हाम्रो देशमा आर्थिक वर्षको प्रारम्भ श्रावण १ गतेदेखि हुन्छ। आषाढ़को अन्तिम सप्ताहमा अर्थमंत्रीबाट राष्ट्रिय पंचायतमा बजेट पेश हुन्छ। वि. सं. २०१५ सालदेखि साधारण (Regular) र विकास (Development) भन्ने दुई प्रकारको बजेट बनाउने चलन शुरू भएको छ। साधारण खर्च अन्तर्गत साधारण प्रशासनिक कार्य चलाउन तलव, भत्ता, भ्रमण-भत्ता, रक्षा-खर्च, विदेशी सेवाहरूमा गरिने खर्च, सावाँ र व्याज-भुक्तानी आदि कार्यक्रमहरूका लागि गरिने खर्चहरू आउँछन्। विकास खर्च अन्तर्गत कृषि विकास, उद्योग विकास, बिजुली, सड़क, वन-जंगल आदि क्षेत्रहरूका विकासको लागि गरिने खर्चहरू पर्दछन्। उपर्युक्त विकास क्षेत्र अन्तर्गत पर्ने कर्मचारीहरूको तलव भत्ता आदि खर्चहरू पनि विकास खर्च अन्तर्गत नै पर्दछन्।

नेपालमा बजेट निर्माण

(Preparation of Budget in Nepai)

नेपालमा पनि अन्य मुलुकहरू झैं बजेटको निर्माणमा निम्नांकित चार अवस्थाहरू छन्—

१. बजेटको निर्माणको अवस्था (**Preparation Phase of Budget**):—बजेटको निर्माण कार्यकारिणी सभाले गर्दछ। अधिराज्यभरिका कार्यालयहरूले आफ्नो सम्बन्धित विभाग एवं मंत्रालयहरूमा आगामी वर्षको लागि सम्भावित कार्यक्रम एवं त्यसमा लाग्ने आवश्यक खर्चको विवरण पठाउँछन्। यसको आधारमा प्रत्येक विभाग एवं मंत्रालय अन्तर्गतको लागि प्रारम्भिक बजेट निर्माणको कार्य हुन्छ। प्रत्येक मन्त्रालयले आफ्नो प्रारम्भिक बजेट (प्रस्तावित आय-व्ययको विवरण) अर्थ मंत्रालयमा पठाउँछन्। अर्थ मन्त्रालय अन्तर्गतको कार्य-कारिणो सभाले विभिन्न विभागहरूद्वारा प्रेशित प्रस्तावित आय-व्ययको विवरणमा छल-फल गरी योजनाले निर्धारित गरेको प्राथमिकता, देशको तत्कालीन आवश्यकता आदि कुराहरूको आधारमा प्रस्तावित बजेटको तर्जुमा गर्दछ। यस प्रक्रियालाई बजेट निर्माणको अवस्था भनिन्छ।

२. वैधानिकता प्राप्त गर्ने अवस्था (**Legislation Phase**) :—बजेटलाई वैधानिकता प्रदान गर्नका लागि अर्थमंत्रीले प्रस्तावित बजेटलाई विधायिकामा पेश गर्नु पर्दछ। छल-फल उपरान्त बजेट पास हुन्छ। अन्य प्रजातंत्रात्मक मुलुकहरूझैं हाम्रो देशमा पनि अर्थमंत्रीले राष्ट्रिय पंचायत (जो यहाँको सर्वोच्च विधायिका छ) मा आषाढ़को अन्तिम सप्ताहमा बजेट पेश गर्दछन्। राष्ट्रिय पंचायतमा बजेटको धारा प्रति धारामा छल-फल हुन्छ र बजेट स्वीकृत गरिन्छ! राष्ट्रिय पंचायतद्वारा पारित बजेटमा श्री ५ महाराजाधिराज सरकारबाट लाल मोहर बक्स भएपछि बजेटलाई वैधानिकता प्राप्त हुन्छ।

३. कार्यान्वयनको अवस्था (**Implementation Phase**) :—राष्ट्रिय पंचायतबाट पारित एवं श्री ५ बाट लाल मोहर बक्स भइसकेको बजेट ऐन नै हुन जान्छ। फलस्वरूप कार्यकारिणीले यसका सम्पूर्ण शर्तहरू पूरा गर्ने भार बोक्नु पर्दछ। सबै विभागका मंत्रीहरूले आफ्नो-आफ्नो मन्तव्य प्रकट गर्दछन् र बजेटलाई सरकारी नीति अनुकूल बनाउँछन्। बजेटको कार्यान्वयनमा सबै मंत्रीहरूको सामूहिक जिम्मेवारी हुन जान्छ। अर्थ मंत्रालयले बैंक मार्फत विभिन्न कार्यालय एवं आयोजनाहरूलाई पैसा पठाउने कार्य गर्दछ। प्रत्येक विभागले बजेट अनुसार नै काम गर्दछन्।

४.वित्तीय नियंत्रण (**Financial Control**) :—वित्तीय नियंत्रणको काम व्यवस्थापिकाले गर्दछ। व्यवस्थापिकाद्वारा विनियोजित रकम अनुसार नै खजानाबाट

रकमको निकासा हुन्छ। व्यवस्थापिकाद्वारा वित्त माथि वास्तविक एवं यथोचित नियंत्रण राख्नको लागि कार्यपालिकाको नियंत्रणदेखि मुक्त कार्यपालिकाद्वारा गरिने व्ययको उचित जाँच गरी व्यवस्थापिकालाई सूचित गर्ने एउटा स्वतंत्र अभिकरण (Agency) को आवश्यकता हुने हुनाले हाम्रो सम्बिधानमा सार्वजनिक कोषको अंगरक्षकको रूपमा महालेखा परीक्षक (Auditor General) को प्रावधान गरिएको छ। व्यवस्थापिकाको आदेश नभई संचित कोषको रकम खर्च गर्नु हुँदैन भन्ने हेर्नु र सो खर्चको वैधानिकताबारे वार्षिक प्रतिवेदन श्री ५ महाराजाधिराज सरकारको हजूरमा चढ़ाउनु नै महालेखा परीक्षकको काम हो ;

श्री ५ को सरकारको आय-व्ययको स्थिति

श्री ५ को सरकारको गत ५ वर्षको बजेट स्थितिमा विचार गर्दा कुल व्यय एवं कुल आय दुवैमा दिनानुदिन वृद्धि हुँदै जान्छ भन्ने कुरो प्रष्ट हुन्छ। वि. सं. २०३८/३९ सालको बजेट अनुसार श्री ५ को सरकारको कुल व्यय रु० ५३६·१३ करोड़ थियो। यस मध्ये साधारण व्यय तर्फ रु० १६३·४४ करोड़ र विकास तर्फ रु० ३७२·६९ करोड़ थियो। अर्थात् कुल व्ययको ३०·५ प्रतिशत साधारण तर्फ र ६९·५ प्रतिशत विकास तर्फ थियो। आर्थिक वर्ष २०४२/४३ मा श्री ५ को सरकारको बजेट अनुसार कुल व्यय रु० ९७९·७१ करोड़ भएको हुनाले यसमा ५ वर्षको अवधिमा ८२·७ प्रतिशतको वृद्धि भएको देखिन्छ। यसमा साधारण खर्च तर्फको खर्च रु० ३५८·४० करोड़ (अर्थात् कुल बजेटको ३६·६ प्रतिशत र विकास तर्फ रु० ६२१·३१ (कुल बजेटको ६३·४ प्रतिशत) रहेको पाइन्छ। श्री ५ को सरकारको आय-व्यय तर्फ विचार गर्दा आर्थिक वर्ष २०३८।३९ को बजेटमा कुल रु० ३६७·२८ करोड़ आय मध्ये राजस्व-बाट रु. २६७·९५ (कुल आयको करीब ७३ प्रतिशत) र विदेशी सहायताबाट रु. ९९·३३ (कुल आयको २७ प्रतिशत) देखिन्छ। आर्थिक वर्ष २०४२।४३ को बजेट अनुसार श्री ५ को सरकारको कुल आय रु. ५८१·७१ करोड़मा राजस्वबाट रु. ४६४·४५ करोड़ (कुल आयको ७९·८ प्रतिशत) र विदेशी सहायताबाट रु० ११७·२ करोड़ (कुल आयको २०·२ प्रतिशत) रहेको छ। यस प्रकार श्री ५ को सरकारको कुल आयमा ५ वर्षको अवधिमा ५८·५ प्रतिशतको वृद्धि भएको छ। यस प्रकार आय-व्यय दुवैको वृद्धिमा विचार गर्दा एउटा महत्वपूर्ण तथ्य के प्रष्टिन्छ भने यस ५ वर्षको अवधिमा कुल व्ययमा ८२·७ प्रतिशतको वृद्धि तथा कुल आयमा केवल ५८·५ प्रति-शतको मात्र वृद्धि भएको हुनाले कुल आयको वृद्धि भन्दा कुल व्ययको वृद्धि यस अवधिमा २४·२ प्रतिशत रहेको छ। यसै कारणले गर्दा हाम्रो बजेट घाटा दिनानुदिन बढ्दै जान्छ। आ. व. २०३८।३९ मा हाम्रो बजेट घाटा रु० १६८·८५ करोड़ थियो

जो आ. व. २०४२।४३ मा बढ़ेर ३९७·८७ पुग्न गयो अर्थात ५ वर्षको अवधिमा यसमा २·४ दोब्बर वृद्धि भएको छ। बजेटमा हाम्रो घाटा बेहोर्नें स्रोत विदेशी एवं आन्तरिक ऋण रहेको छ। आ. व. २०३८।३९ मा रु० ७२·९९ करोड़ विदेशी ऋण एवं रु० ५० करोड़ आन्तरिक ऋण घाटा बेहोर्नें स्रोतको रूपमा रहेको थियो। आ. व. २०४२।४३ मा रु० २५०·११ करोड़ विदेशी ऋण एवं रु. १४०.३४ आन्तरिक ऋण घाटा बेहोर्नें स्रोतको रूपमा रहेको पाइन्छ। श्री ५ को सरकारको गत ५ वर्षको आय-व्ययको स्थिति निम्न तालिका नं० २७·१ मा प्रस्तुत छ—

तालिका २७·१

श्री ५ को सरकारको आय-व्ययको स्थिति

२०३८।३९—२०४२।४३

(रु० करोडमा)

	२०३८/३९	२०३९/४०	२०४०/४१	२०४१/४२	२०४२/४३
कुल-व्यय	५३६.१३	६९७.९२	७४३.७३	८३९.५०	९७९.७१
साधारण	१६३.४४	१९९.७१	२२७.३५	२९०.६२	३५८.४०
विकास	३७२.६९	४९८.२१	५१६.३८	५४८.८८	६२१.३१
कुल आय	३६७.२८	३९३.१७	४२८.५९	४८४.०१	५८१.७४
राजस्व	२६७.९५	२८४.१६	३४०.९३	३९१.६६	४६४.४५
विदेशी सहायता	९९.३३	१०९.०१	८७.६६	९२.३५	११७.२९
बचत (+) वा न्यून (–)	–१६८.८५	–३०४.७५	–३१५.१४	–३५५.४९	–३९७.८७
न्यून बेहोरिने स्रोतहरू					
विदेशी ऋण	७२.९९	९८.५८	१६७.०९	१७५.२९	२५०.११
आन्तरिक ऋण	५०.००	१००.००	१५७.६८	१८०.२०	१४०.३४
मौज्दात परिवर्तन बचत (–)	४५.८६	१०६.१७	–९.६३	—	७.५२

(स्रोत—श्री ५ को सरकार, अर्थ मंत्रालय, आर्थिक सर्वेक्षण, आर्थिक वर्ष २०४३।४४, तालिका ८.१, पृ. ४९)

श्री ५ को सरकारका आमदानीको स्रोतहरू

श्री ५ को सरकारले देशमा शान्ति सुरक्षा कायम राख्न एवं देशको आर्थिक विकासलाई अगाडि बढाउन विभिन्न प्रकारका साधारण एवं विकास खर्चहरू गर्नु पर्दछ। यी खर्चहरूको पूर्तिका लागि आमदानीका स्रोतहरू देहाय बमोजिम छन्।

१. **कर-राजस्व (Tax Revenue)** :—श्री ५ को सरकारको आय स्रोत मध्ये सब भन्दा महत्वपूर्ण स्रोत कर राजस्व नैं हो। भंसार-महसूल, वस्तु तथा सेवाको उत्पादनमा लाग्ने कर, माल-पोत तथा रजिस्ट्रेशन, आय नाफा र सम्पत्ति कर आदि कर राजस्वका स्रोत हुन्। आ. व. २०४२/४३ मा भंसार महसूलबाट रु० १२३.१० करोड़, वस्तु तथा सेवाहरूको उत्पादन तथा उपभोगमा लाग्ने कर (अन्तः शुल्क, बिक्री-कर आदि) बाट रु० १७५.७४ करोड़, मालपोत तथा रजिष्ट्रेशनबाट रु० २४.४३ करोड़, आय, नाफा र सम्पत्ति करबाट रु० ४२.६७ करोड़ गरी कुल रु० ३६५.६४ करोड़को रकम प्राप्त भयो।[१] यो त्यस सालको श्री ५ को सरकारको कुल आयको ३७.४ प्रतिशत हुन आउँछ।

२. **गैर-कर राजस्व (Non-Tax Revenue)** :—श्री ५ को सरकारलाई गैर-कर राजस्वबाट पनि प्रत्येक साल धेरै मात्रामा राजस्व प्राप्त हुन्छ। आ. व. २०४२/४३ मा यस स्रोत अन्तर्गत पर्ने दस्तुर, दण्ड, जरिवाना र जफतबाट रु० २०.१८ करोड़, सरकारी सेवा तथा वस्तुहरूको बिक्रीबाट रु० ३०.५६ करोड़, विभिन्न संस्थाहरूको लाभांशबाट रु० ११.०१ करोड़, खानी एवं अन्य रोयल्टी तथा सरकारी सम्पत्ति बिक्रीबाट रु० ३.२६ करोड़, सावाँ र व्याजबाट रु० ३२.४२ करोड़ तथा विविध स्रोतहरूबाट रु० १.०५ करोड़ गरी कुल ९८.५ करोड़को आय प्राप्त भयो। यो श्री ५ को सरकारको कुल आयको १० प्रतिशत हुन आउँछ।

३. **आन्तरिक-ऋण** :—विकास कार्यको संचालनका लागि श्री ५ को सरकारले प्रत्येक वर्ष ट्रेजरी विल, विकास ऋण-पत्र, राष्ट्रिय बचत पत्र निष्कासित गरी आय प्राप्त गर्दछ। यस प्रकारको ऋणद्वारा श्री ५ को सरकारलाई धेरै आय प्राप्त हुन्छ।

---

[१] श्री ५ को सरकार, अर्थ मंत्रालय, आर्थिक सर्वेक्षण, आर्थिक वर्ष २०४३/४४, तालिका नं० ८.२ पृ० ५०

आन्तरिक ऋणद्वारा देशमा मुद्राको पूर्तिमा वृद्धि हुँदैन । फलस्वरूप यस स्रोतद्वारा ऋण प्राप्त गर्दा देशमा मुद्रा स्फीति (Inflation) बढ्न सक्तैन । आ. व. २०४२/४३ मा यसबाट श्री ५ को सरकारलाई कुल रु० १४०.३४ (कुल श्री ५ को सरकारको आयको १४.३ प्रतिशत) करोड़ प्राप्त भयो ।

४. विदेशी सहायता :—नेपाल विश्वका अत्यधिक गरीब एवं केही सब भन्दा कम विकसित मुलुकहरूको दर्जामा पर्दछ । फलस्वरूप यसलाई विभिन्न विदेशी मित्र राष्ट्र, अन्तर्राष्ट्रिय संघ संस्थाहरूबाट द्विपक्षीय एवं बहु-पक्षीय सहायता स्वरूप प्रत्येक वर्ष केही आय प्राप्त हुन्छ । यस प्रकारको सहायताको रकम हामीले फर्काउनु पर्दैन । आ. व. २०४२/४३ मा विदेशी सहायता स्वरूप श्री ५ को सरकारलाई कुल रु० ११७.२८ करोड़को रकम प्राप्त भयो । यो रकम श्री ५ को सरकारको त्यस सालको कुल आयको १२ प्रतिशत हुन आउँछ ।

५. विदेशी ऋण :—नेपाल एक गरीब एवं विकासशील मुलुक हो । हाम्रो आर्थिक विकासको लागि आवश्यक पर्ने साधनको पूर्ति आन्तरिक राजस्व एवं आन्तरिक ऋणद्वारा हुन सक्तैन । फलस्वरूप श्री ५ को सरकारले प्रत्येक साल अमेरिका, जापान, कुवेत, भारत जस्ता मित्र राष्ट्रहरू, विश्व-बैंक, एशियाली विकास बैंक, अन्तर्राष्ट्रिय विकास संस्था आदि अन्तर्राष्ट्रिय संस्थाहरूसँग ऋण लिनु पर्दछ । यस प्रकारको विदेशी ऋण श्री ५ को सरकारलाई लामो अवधिको लागि सहुलियत दरमा प्राप्त हुन्छ । श्री ५ को सरकारको आयको कर उप्रान्त यो दोस्रो महत्वपूर्ण साधन हो । विदेशी ऋणबाट श्री ५ को सरकारलाई आ. व. २०४२/४३ सालमा रु० २५०.११ करोड़को रकम (कुल आयको २५.५ प्रतिशत) प्राप्त भयो ।

६. नगद मौजदात परिवर्तन :—माथिका स्रोतहरूबाट उपलब्ध आयहरूद्वारा पनि बजेटको खर्च नपुगेमा श्री ५ को सरकारले राष्ट्र ब्याङ्कमा रहेको विगत वर्षहरूको नगद मौज्दातबाट रकम झिकेर खर्च गर्दछ । नगद मौज्दात नरहेमा श्री ५ को सरकारले राष्ट्र ब्याङ्बाट अधि-विकर्ष (Over Draft) गरी पनि खर्च गर्दछ । आर्थिक वर्ष २०४२/४३ मा श्री ५ को सरकारले रु० ७.५२ करोड़को अधि-विकर्ष गरेको छ । यस स्रोतको बढी प्रयोग भएमा देशमा मुद्रा स्फीतिको भय हुन्छ ।

आ. व. २०४२/४३ मा श्री ५ को सरकारलाई विभिन्न स्रोतहरूबाट उपलब्ध हुने रकम निम्न तालिका २७.२ मा प्रस्तुत गरिन्छ—

तालिका २७·२

श्री ५ को सरकारको आमदानीका स्रोतहरू

आ. व. २०४२/४३

(रु० करोड़मा)

आय स्रोत	प्राप्त आय	प्रतिशत
१. कर-राजस्व	३६५.९४	३७.४
२. गैर-कर राजस्व	९८.५२	१०.०
३. आन्तरिक ऋण	१४०.३४	१४.३
४. विदेशी सहायता	११७.२९	१२.०
५. विदेशी ऋण	२५०.११	२५.५
६. नगद मौज्दात परिवर्तन	७.५२	०.८
कुल	९७९.७२	१००.०

(स्रोत—श्री ५ को सरकार, अर्थ मंत्रालय, आर्थिक सर्वेक्षण, आर्थिक वर्ष २०४३/४४, तालिका ८.१, ८.२ र ८.३ पृ० ४९-५२ मा आधारित ।)

Model questions

1. Define budget and describe the process of budget preparation in our country.
   बजेटको परिभाषा दिनुहोस् । हाम्रो देशमा बजेट निर्माणको प्रक्रिया के कस्तो छ भन्ने बारे वर्णन गर्नुहोस् ।
2. Describe the sources of income of H. M. G.
   श्री ५ को सरकारको आयका स्रोतहरूको वर्णन गर्नुहोस् ।

* * *

अध्याय
: २८ :

विदेशी व्यापार
(Foreign Trade)

विदेशी व्यापारको महत्व :—कुनै पनि देशको आर्थिक विकासको लागि वाणिज्य क्षेत्रको धेरै नै महत्वपूर्ण स्थान हुन्छ । विदेशी व्यापारमा वृद्धिले गर्दा राष्ट्रिय एवं जनताको जीवन-स्तरमा वृद्धि हुन्छ । विदेशी व्यापारको अभावमा अन्तर्राष्ट्रिय विशिष्टीकरणबाट प्राप्त हुने लाभहरू उपलब्ध हुन सक्तैन । विदेशी व्यापारले गर्दा विदेशमा हुने प्राविधिक परिवर्तनहरू सजिलैसित उपलब्ध हुन्छ । फलस्वरूप देशमा उत्पादनको प्रणालीमा सुधार हुन्छ र उत्पादनमा वृद्धि हुन्छ । सानो भौगोलिक आकारले गर्दा देशमा प्राकृतिक सम्पदाहरूको परिमाण एवं किसिम सिमित छ । फलस्वरूप उत्पादनमा विशिष्टीकरण गर्न सकिने सम्भाव्यताका वस्तुहरू सीमित छन् । बजारको सीमितताले गर्दा व्यापारिक स्तरमा ठूलो परिमाणमा उत्पादन गर्न सकिने वस्तुहरू देशभित्र खपत पनि हुन सक्तैनन् । फलस्वरूप एकातिर देशभित्र उत्पादन गर्न नसकिने वा उत्पादन गर्दा तुलनात्मक रूपले बढ़ी लागत पर्ने वस्तुहरू विदेशबाट पैठारी गर्नु पर्ने हुन्छ भने अर्कोतिर व्यापारिक स्तरमा ठूलो परिमाणमा उत्पादन भई आन्तरिक बजारमा पूर्णतया खतम हुन नसक्ने वस्तुहरू निकासी गर्नु पर्ने हुन्छ । पुनश्च हाल-सम्म विकाश योजनाहरूको कार्यान्वियनको लागि आवश्यक पर्ने मेशीनरी, औजार र उच्च प्रविधिको आवश्यकताका अधिकांश वस्तुहरू वैदेशिक सहायताबाट उपलब्ध हुँदै आएका छन् । यस भन्दा बढ़ी दरले आर्थिक विकाश गर्न चाहेमा वैदेशिक परिमाण अपर्याप्त हुन सक्छ । यसको पूर्ति हामीले वैदेशिक व्यापारबाट अर्जित विदेशी मुद्राद्वारा गर्नु पर्दछ । साथै विदेशी ऋणको सावाँ एवं व्याज चुक्ता गर्नलाई पनि बढ़ी मात्रामा निकासी गरी विदेशी मुद्रा आर्जनको आवश्यकता बढ़ी रहेको छ । यस्तो परिस्थितिमा निकासी क्षमतामा वृद्धि गरी विदेशी व्यापारबाट बढ़ी मात्रामा विदेशी विनिमय आर्जन नगरेमा देश विकासको लागि योजनाहरूको कार्यान्वयनमा ठूलो अवरोध पैदा हुन सक्ने छ । यसले हाम्रा ठूला छिमेकी राष्ट्रहरूको तुलनामा हामीले वैदेशिक व्यापारमा बढ़ी भर पर्नु पर्ने वाध्यता छ ।

नेपालको वैदेशिक व्यापारका मुख्य विशेषताहरू
(Salient Features of Nepalese Foreign Trade)

भौगोलिक परिस्थिति, औद्योगिकीकरणमा ढिलाइ, लगानी क्षमताको अभाव आदिले गर्दा हाम्रो विदेशी व्यापारका निम्नांकित विशेषताहरू छन्—

(१) **कुल व्यापारको परिमाणमा वृद्धि** (Increase in the total trade) :– नेपालको कुल व्यापारको मात्रा दिनानुदिन बढ्दै छ। छन् १९५६।५७ ई० मा आयात निर्यात गरी हाम्रो कुल व्यापारको मात्रा रु. २६५.३ मिलियन थियो। व्यापारको यो मात्रा सन् १९७६।७७ मा रु० ३१७२·७ मिलियन पुग्न गयो। यसरी सन् १९५६।५७ देखि सन् १९७६।७७ को दश वर्षमा हाम्रो व्यापारको मात्रामा करीब १२ गुणा बृद्धि भयो। त्यसैं गरी सन् १९८५।८६ ई० मा हाम्रो व्यापारको कुल मात्रा रु० १२४१९·२ मिलियन पुगेको हुनाले सन् १९७६।७७ को तुलनामा यसमा करीब चार दोब्बर वृद्धि हुन गएको देखिन्छ[1]। व्यापारको मात्रामा यस वृद्धिद्वारा हाम्रो अर्थ व्यवस्थाको लागि विदेश व्यापार धेरै नै महत्वपूर्ण छ भन्ने कुरो स्वतः नैं सिद्ध हुन आउँछ। देशको आर्थिक विकाश एवं व्यापारको विविधिकरणको साथ-साथैं हाम्रो विदेशी व्यापारको मात्रामा अझैं वृद्धि हुन सक्छ।

(२) **निर्यात भन्दा बढी आयात** (Larger contribution of import) :– हाम्रो विदेशी व्यापारमा आयात तथा निर्यात दुवैमा वृद्धि हुँदै छ। तर निर्यातको तुलनामा आयात धेरै नैं तेजीले बढिरहेको छ। सन् १९७६।७७ मा हाम्रो कुल निर्यात रु० ११६४·७ मिलियन थियो जो सन् १९८५। ८६ मा रु० ३०७८ मिलियन पुग्न गयो। यसरी यस ९ वर्षको अवधिमा हाम्रो निर्यात व्यापारमा २·६ दोब्बर वृद्धि भएको छ। यसको विपरीत हाम्रो आयात सन् १९७६-७७ को रु० २००८ मिलियनबाट बढेर सन् १९८५।८६ को वर्षमा रु० ९३४१·२ मिलियन पुग्न गएको हुनाले यसमा ४·७ दोब्बर वृद्धि हुन गएको देखिन्छ। हाल सन् १९८५।८६ को हाम्रो कुल रु० १२४१९·२ मिलियन व्यापारमा रु० ९३४१·२ मिलियन आयात नै भएको हुनाले हाम्रो कुल व्यापारको ७२·२ प्रतिशत आयात नै छ। यसरी हाम्रो कुल व्यापारमा निर्यातको अंश केवल २४·८ प्रतिशत मात्र देखिन्छ।

---

१. रिजाल पी० आर, "नेपाल्स फरेन ट्रेड एण्ड इकोनोमिक डेभलोपमेंट" (१८५६।५७-१९७९।८०) सेडा, १९८२ पृ० ५ र नेपाल राष्ट्र बैंक, क्वार्टरली इकोनोमिक बुलेटिन, मिड जुलाई १९८७, नं० ३ एण्ड ४, पृष्ठ ४४

(३) विश्व व्यापारमा नेपालको अंश घट्दै गएको (Declining Share of Nepal in world trade) :—विश्व निर्यात व्यापार सन् १९५६ को ९४६०० यू० एस० डलरबाट सन् १९७९ मा १५०७८०० यू० एस० डलर पुग्न गएको हुनाले २३ वर्षको अवधिमा १६ दोब्बर बढ़ेको छ । तर हाम्रो निर्यात सन् १९५६ को रु० १४·२० मिलियन डलरबाट सन् १८७९ मा रु० ८०.४२ मिलियन पुग्न गएको हुनाले यसमा केवल ५·७ दोब्बर मात्र वृद्धि भएको देखिन्छ । यसरी विश्व व्यापारमा हाम्रो अंश दिनानुदिन घट्दै छ । सन् १९७९ को तथ्याङ्क अनुसार विश्व निर्यातमा हाम्रो अंश केवल ०·००००५३३ प्रतिशत मात्र छ[2] ।

(४) भूपरिवेष्ठित भौगोलिक स्थितिले गर्दा उच्च पारवहन खर्च (**High transit cost due to land locked geographical position**) :—नेपाल तीन तर्फबाट भारतीय सीमानाबाट घेरिएको छ । नेपालको उत्तरी भागमा चीनको तिब्बती भाग पर्दछ । काठमाडौं कोदारी राजमार्गको निर्माण भइसके पनि चीन र नेपाल बीच भारतको कलकत्ता बन्दरगाह भएर नै पारवहन खर्च कम पर्दछ । फलस्वरूप सम्पूर्ण व्यापार पारवहनको लागि हामीले भारतमा नै निर्भर गर्नु पर्दछ । भारत भएर व्यापार गर्दा भारतीय रेलवेमा गेजको परिवर्तनले गर्दा माल सामानहरू लोडिङ्ग अनलोडिङ्ग गर्दा धेरै खर्च पर्दछ । बन्दरगाहमा भारतीय अधिकारीहरूद्वारा माल सामानहरूको चेकिंग आदि कारणले आयात-निर्यातमा धेरै समय लाग्दछ र साथै बन्दरगाहमा हामीले ड्यूमरेज चार्ज पनि धेरै नै तिर्नु पर्दछ । उपर्युक्त कारणहरूले गर्दा विदेशी व्यापारमा परिवहन खर्च धेरै लाग्ने हुनाले विदेशी व्यापारबाट प्राप्त हुने लाभ नै समाप्त भएर जान्छ ।

(५) विदेशी व्यापारमा भारत सबभन्दा ठूलो सहभागी (**India as the largest partener of Foreign trade**) :—विदेशी व्यापारमा हाम्रो सब भन्दा ठूलो सहभागी भारत नै हो । सन् १९७०।७१ सम्म हाम्रो कुल निर्यातको ९९ प्रतिशत भारत नै हुन्थ्यो । सन् १९७४।७५ मा हाम्रो कुल निर्यातको ८३·९ प्रतिशत भारतमा भयो । सन् १९८५।८६ मा यो अंक ४०·३ प्रतिशतमा झरेको छ[3] । त्यसै गरी सन् १९७०।७१ मा हाम्रो कुल आयातको ८८ प्रतिशत भारतबाट भएको थियो । यो प्रतिशत सन् १९७४।७५ र १९८५।८६ मा क्रमशः ८१·३ र ४२·५ प्रतिशतमा झरेको

---

२. ऐजन, पृष्ठ १७-१८ एपेन्डिक्स १·१०

३. एच. एम. जी., मिनिष्ट्री अफ फाइनान्स, इकोनोमिक सर्वे १९८६।८७ पृष्ठ ६२-६५,

छ। हाल भारतसँग हाम्रो कुल व्यापारको प्रतिशतमा कमो भए पनि विश्वको सबै मुलुक भन्दा बढ़ी व्यापार भारतसँग नै हुन्छ ।

(६) निर्यातमा खाद्यान्न एवं प्राथमिक वस्तुहरूको प्रधानता :—नेपालबाट मुख्य रूपले खाद्यान्न, टूवैको एण्ड वेभरेज, कच्चा पदार्थ, तेल आदि जस्ता प्रारम्भिक वस्तुहरूको नै निर्यात हुन्छ । सन् १९८५।८६ को तथ्याङ्क अनुसार रु० ३०,७८,०८८ हजारको निर्यात गरियो । यस मध्ये चामलको रु० ८३,५,६२५ हजार (२७.१ प्रतिशत) खाद्यान्नको नै निर्यात भयो । कुल निर्यातमा कच्चा पदार्थ एवं एनिमल एण्ड भेजिटेबुल वायल क्रमशः रु० ४,१२,८७० हजार (१३.४ प्रतिशत) र रु० ६१,२६३ हजार (१.९ प्रतिशत) थियो ।[४]

(७) आयातमा दैनिक उपभोगका निर्मित वस्तु ट्रांसपोर्ट, खनिज तेल, रसायन एवं औषधि आदिको प्रधानता :—नेपालमा मुख्य रूपले दैनिक उपभोगमा प्रयोग हुने कारखानामा निर्मित माल-सामानहरू, मेशीनरी एवं यातायातका सामानहरू, खनिज तेल एवं लुब्रिकेंट रसायन एवं औषधिहरू आयात गरिन्छ । सन् १९८५/८६ मा नेपालमा कुल रु० ९३,४१,१६५ हजारको आयात गरियो । यस कुल आयातमा सबभन्दा बढी रु० २७,५९,४७० हजार बराबरको निर्मित वस्तुहरूको आयात गरियो जो हाम्रो कुल आयातको २९.५ प्रतिशत हुन आउँछ । कुल आयातमा मेशीनरी एवं ट्रांसपोर्टका सामानहरू रु० २१,३४,६५४ हजार (कुल आयातको २२.९ प्रतिशत); खनिज तेल लुब्रिकेंट रु० १०,५३,९९५ हजार (११.३ प्रतिशत) र रसायन एवं औषधिहरू रु० ११,७०,२४६ हजार (१२.५ प्रतिशत) थियो ।[५]

(८) प्रतिकूल व्यापारको शर्त (Unfavorable Terms of trade) :—हाम्रो निर्यातका वस्तुहरू मुख्य रूपले खाद्यान्न एवं कच्चा पदार्थहरू जस्ता बेलोचदार वस्तुहरू भए पनि अन्तर्राष्ट्रिय मूल्य स्थिति; विदेशीहरूको आयमा वृद्धिले गर्दा आयको थोरै प्रतिशत यी वस्तुहरूमा खर्च भएको हुँदा हामीले निर्यात गर्ने वस्तुहरूको उचित मूल्य पाइराखेका छैनौं । यसको विपरीत विदेशबाट आयात हुने निर्मित वस्तुहरूको मूल्यमा दिनानुदिन वृद्धि भै रहेको पाइन्छ । यसरी हाम्रो व्यापारको शर्त प्रतिकूल हुन गएको छ । सन् १९५६।५७ ई० लाई आधार वर्षको रूपमा अध्ययन गर्दा सन् १९६१ ६२ बाहेक सन् १९५७।५८ देखि सन् १९६५।६६ सम्म हाम्रो कुल व्यापारको शर्त

---

४. नेपाल राष्ट्र बैंक, क्वार्टरली इकोनोमिक बुलेटिन मिड जुलाई १९८७ नं० ३ र ४ पृष्ठ ४५ को आधारमा

५. ऐजन, पृष्ठ ४८ मा आधारित

(Gross Terms of Trade) प्रतिकूल रहेको पाइन्छ। कुनै-कुनै साल बाहेक सन् १९५६।५७ देखि १९७८।७९ को २३ वर्षको अवधिमा समग्र रूपले हाम्रो व्यापारको शर्त प्रतिकूल रहेको छ।[६]

(९) बढ्दो व्यापार-घाटा (Expending trade Deficit) :—हाम्रो वैदेशिक व्यापारको मात्रा दिनानुदिन बढ्दै गएको छ। तर हाम्रो निर्यातको तुलनामा आयातमा धेरै गुणा बढी वृद्धि भएको छ। फलस्वरूप हाम्रो व्यापार संतुलनको प्रतिकूलता दिनानुदिन बढ्दै गएको हुनाले चिन्ताजनक स्थिति उत्पन्न भएको देखिन्छ। सन् १९५६।५७ ई० मा हाम्रो व्यापार घाटा रु० ७४.४ मिलियन थियो। सन् १९६५।६६ ई० मा यो व्यापार घाटा ४०६.८ मिलियन पुग्न गयो। सन् १९६६।६७ ई० मा स्थितिमा केही सुधार भयो र व्यापार घाटा रु० ५४.९ मिलियनमा ओर्लियो तर १९७६।७७ मा पुनः व्यापार घाटा रु० ८४३.३ मिलियन र सन् १९८५।८६ मा रु० ६२६३.२ मिलियन पुग्न गयो। यसरी १९५५।५६ देखि १९८५।८६ को ३० वर्षको अवधिमा हाम्रो व्यापार घाटामा ८४.२ दोब्बर वृद्धि भएको देखिन्छ जो निश्चय नै एउटा गम्भीर चिन्ताको विषय हो। हाम्रो व्यापार घाटा निम्नांकित तालिकामा प्रदर्शित गरिएको छ।

तालिका २८·१

व्यापार घाटा

(मिलियन रु. मा)

वर्ष	व्यापार-घाटा
१९५६।५७	७४.४
१९६५।६६	४०६.८
१९६६।६७	५४.९
१९७६।७७	८४३.३
१९८५।८६	६२६३.२

(स्रोत :—रिजाल पुस्कर आर., नेपाल्स फ़रेन ट्रेड एण्ड इकोनोमिक डेभलोपमेंट, सेडा १९८२ पृ०—५, एण्ड एन. आर. बी. क्वार्टरली इकोनोमिक बुलेटिन मिड-जुलाई १९८७, नं० ३ एण्ड ४, पृ० ४४ मा आधारित।)

---

[६] पू० पा० टिप्पणी, संख्या १, पृ० ३२

नेपालको विदेशी व्यापारको परिमाण
(Volume of Nepalese Foreign Trade)

योजनावद्ध प्रयास एवं विभिन्न देशहरूसँग हाम्रो व्यापारिक सम्बन्धमा वृद्धिले गर्दा हाम्रो वैदेशिक व्यापारको मात्रा दिनानुदिन बढ्दै गैरहेको छ। सन् १९५५।५६ मा हाम्रो कुल विदेशी व्यापारको मात्रा रु० २६५.३ मिलियन थियो जो सन् १९८५।८६ मा रु० ११४१८.२ मिलियन पुग्न गएको छ। यसरी २९ वर्षको अवधिमा हाम्रो कुल वैदेशिक व्यापारमा ४३ दोब्बर वृद्धि भएको छ। कुल व्यापारमा आयात निर्यातको सम्बन्धमा छुट्टाछुट्टै विचार गर्दा कुल व्यापारको बृद्धिको तुलनामा आयात व्यापारमा बढ़ी वृद्धि भएको देखिन्छ। सन् १९५६।५७ मा हाम्रो कुल आयात रु० १६९.८ मिलियन थियो। १९८५।८६ ई० मा हाम्रो कुल आयात व्यापार रु० ८३४१.२ मिलियन पुग्न गएको हुनाले यसमा ४९ दोब्बर बृद्धि हुन गएको छ। तर हाम्रो निर्यात व्यापारमा धेरै बृद्धि भएको छैन। 'हाम्रो निर्यात व्यापार सन् १९५६।५७ को रु० ९५·४ मिलियनको तुलनामा सन् १९८५।८६ को आर्थिक वर्षमा रु० ३०७८·० मिलियन हुन गएको हुनाले यसमा २९ वर्षको अवधिमा केवल ३२ दोब्बर वृद्धि मात्र भएको देखिन्छ। आयात व्यापारको तुलनामा निर्यात व्यापारमा कम वृद्धिले गर्दा यस अवधिमा हाम्रो कुल व्यापारमा निर्यात व्यापारको अंश घट्दै गएको र आयात व्यापारको अंश बढ्दै गएको छ। सन् १९५५।५६ ई० मा हाम्रो कुल व्यापारमा निर्यात व्यापारको अंश ३६ प्रतिशत थियो जो १९८५।८६ ई० मा केवल २७ प्रतिशत मात्र रहन गएको छ। फलस्वरूप कुल व्यापारमा हाम्रो आयात व्यापारको अंश सन् १९५५।५६ को ६४·० प्रतिशतको तुलनामा सन् १९८५।८६ मा ७५·३ प्रतिशत पुग्न गएको देखिन्छ। कुल व्यापारमा निर्यात व्यापारको अंश घट्दै गएको हुनाले र आयात व्यापारको अंश बढ्दै गएको हुनाले देशको व्यापार संतुलनको प्रतिकूलता पनि बढ़दै गएको छ। सन् १९५५।५६ मा हाम्रो व्यापार संतुलनको प्रतिकूलता रु० ७४·४ मिलियन थियो जो १९८५।८६ मा रु० ६२६३·२ मिलियन पुग्न गएको छ। यसरी हाम्रो व्यापार संतुलनको घाटामा ८४ दोब्बर बृद्धि हुन गएको हुनाले गम्भीर चिन्ताको विषय हुन गएको देखिन्छ। निम्न तालिकामा हाम्रो निर्यात, कुल व्यापारमा निर्यातको प्रतिशत, कुल आयात व्यापारमा आयातको प्रतिशत, कुल व्यापारको मात्रा र व्यापार-संतुलनको स्थिति प्रदर्शित गरिएको छ।

तालिका २८.२

नेपालको विदेशी व्यापारको परिमाण एवं व्यापार-संतुलन

(सन् १९५५/५६ देखि सन् १९८५/८६ सम्म)

(रु० मिलियनमा)

आर्थिक वर्ष	निर्यात	कुल व्यापारमा कुल निर्यातको प्रतिशत	आयात	कुल व्यापारमा आयातको प्रतिशत	कुल व्यापार	व्यापार-संतुलन
१९५६।५७	९४.४	३६.०	१६९.८	६४.०	२६५.३	—७४.४
१९६६।६७	४२६.३	४७.०	४८१.२	५६.०	९०७.५	—५४.९
१९७६।७७	११६४.७	३६.७	२००८.०	६३.३	३१७२.७	—८४३.३
१९८०।८१	१६०८.५	२६.६	४४२८.२	७३.४	६०३६.७	—२८१९.७
१९८१।८२	१४९१.५	२३.२	४९३०.३	७६.८	६४२१.८	—३४३८.८
१९८२।८३	११३२.०	१५.२	६३१४.०	८४.८	७४४६.०	—५१८२.०
१९८३।८४	१७०३.९	२० ७	६५१४.३	७९.३	८२१८.२	—४८१०.४
१९८४।८५	२७४०.६	२६.१	७७४२.१	७३.९	१०४८२.७	—५००१.५
१९८५।८६	३०७८.०	२४.७	९३४१.२	७५.३	१२४१९.२	—६२६३.२

(स्रोत—रिजाल पुश्कर आर. नेपाल्स फरेन ट्रेड एण्ड इकोनोमिक डेभलोपमेंट : १९५६।५७ टू १९७९।८०, सेडा, काठमाडौं १९८२ पृष्ठ ५ र नेपाल राष्ट्र बैंक क्वार्टरली इकोनोमिक बुलेटिन मिड जुलाई १९८७, नं० ३ र ४, पृष्ठ ४४ मा आधारित)

विदेशी व्यापारको विविधिकरण

(Diversification of Foreign Trade)

विदेशी व्यापारको विविधिकरण अन्तर्गत वस्तुगत र देशगत दुवै विविधिकरण आउँछ । वस्तुगत विविधिकरण भन्नाले निर्यातको लागि केही सीमित वस्तुमा निर्भर नगरी विभिन्न प्रकारका तयारी वस्तुहरूको निर्यात गर्नु पर्ने भन्ने बुझिन्छ । त्यसै गरी देशगत विविधिकरण अर्थात् भौगोलिक विविधिकरण भन्नाले विदेशी व्यापारको लागि एक दुई देशमा निर्भर नगरी विभिन्न देशहरूसँग व्यापार गर्नु भन्ने बुझिन्छ ।

विदेशी व्यापारको लाभ विदेशी व्यापारको संरचना (Structure of Foreign Trade) मा पनि निर्भर गर्दछ । कुनै पनि देशको निर्यात व्यापारमा कृषि जन्य एवं कच्चा पदार्थ जस्ता केही सीमित वस्तुहरू मात्र निर्यात भएमा विदेशी व्यापारबाट सीमित मात्रामा मात्र आय प्राप्त हुन्छ र विदेशबाट तयारी माल आयात गरिएमा धेरै मात्रामा विदेशी मुद्रा खर्च हुन जाने भएकोले व्यापार संतुलन प्रतिकूल हुन जान्छ । यसको विपरीत निर्यात व्यापार अन्तर्गत धेरै प्रकारका तयारी माल सामानहरू छन् भने अन्तर्राष्ट्रिय बजारमा कुनैं खास वस्तुको मूल्यमा ह्रासले गर्दा हुने नोक्सानीको पूर्ति अन्तर्राष्ट्रिय मूल्यमा वृद्धि हुने वस्तुहरूको निर्यातद्वारा हुन सक्छ । फलस्वरूप धेरै प्रकारका वस्तुहरूको निर्यातद्वारा विदेशी मुद्रा आर्जनमा वृद्धि एवं निश्चितता आउँछ । त्यसै गरी आयात निर्यात गर्ने काम एकै देशबाट नगरी विभिन्न देशहरूसंग गर्नु पर्दछ । यस प्रकारको देशगत विविधिकरण निम्नांकित कारणहरूले गर्दा आवश्यक हुन्छ--

(क) कुनै एकै देशसँग व्यापार गर्दा त्यस देशमा मुद्रा-स्फिति (Inflation) उत्पन्न भएमा महँगो वस्तु आयात गर्नु पर्दा नोक्सानी हुन्छ ।

(ख) त्यस देशमा आफूले आयात गर्नु पर्ने वस्तु उत्पन्न भएन भने वस्तु उपलब्ध गर्न कठिन हुन्छ ।

(ग) अन्य देशमा आफूले आयात गर्न पर्ने वस्तु सस्तो छ भने सो वस्तु ती देशहरूबाट आयात गरी फाइदा लिन नपाउने र आफूले निर्यात गर्नु पर्ने वस्तु अन्य देशमा महँगो छ भने ती देशहरू निर्यात गरी बढ़ी विदेशी मुद्रा कमाउने लाभबाट वंचित हुने ।

(घ) एकै देशसँग व्यापार गर्दा व्यापारको शर्त प्रतिकूल हुने डर हुन्छ ।

(ङ) एकै देशसँग व्यापार हुँदा मुलुक त्यस देशको राजनैतिक प्रभाव क्षेत्रभित्र पर्ने डर हुन्छ ।

नेपालको ९७ प्रतिशत विदेशी व्यापार भारतसँग नै केन्द्रित थियो । साथै हाम्रो निर्यात व्यापार खाद्यान्न एवं केही कृषि जन्य वस्तुहरूसँग मात्र सीमित थियो । तर हालका वर्षहरूमा विभिन्न मुलुकहरूसँग व्यापारिक सम्बन्धमा वृद्धि भएको हुनाले हाम्रो

विदेशी व्यापारमा देशगत विविधिकरण (Geographical diversification) आएको छ। श्री ५ को सरकारले निकासी व्यापारको सम्बन्धमा पनि विभिन्न वस्तुहरूको निकासी व्यापारलाई प्रोत्साहित गरी विदेशी व्यापारको वस्तुगत विविधिकरणको नीति लिएको छ।

विदेशी व्यापारको संरचना

(Composition of Foreign Trade)

विदेशी व्यापारको परिणाम अन्तर्गत कति मात्रामा वस्तुको आयात निर्यात गरिन्छ भन्ने कुराको अध्ययन मात्र गरिन्छ। यस अन्तर्गत कुन प्रकारको वस्तुहरूको आयात एवं कुन प्रकारको वस्तुहरूको निर्यात गरिन्छ भन्ने कुराको अध्ययन गरिँदैन। विदेशी व्यापारमा कुन प्रकारको वस्तुको आयात गरिन्छ र कुन प्रकारको वस्तुको निर्यात गरिन्छ भन्ने कुराको धेरै नै महत्वपूर्ण स्थान हुन्छ। विदेशी व्यापारमा आयात निर्यात गर्ने वस्तुहरूको यस प्रकृतिको अध्ययन हामी विदेशी व्यापारको संरचना अन्तर्गत गर्दछौं। विकसित देशहरूबाट प्रायः तयारी माल, मेशीनरी आदिको निर्यात गरिन्छ र कच्चा माल एवं कृषि जन्य वस्तुहरूको आयात गरिन्छ। अन्य विकासशील मुलुकहरू झैं हाम्रो देशबाट पनि मुख्य रूपले खाद्य एवं जीवित जनावर जस्ता प्राथमिक वस्तु एवं कच्चा पदार्थहरू नै निर्यात गरिन्छ र तयारी माल सामान यांत्रिक तथा यातायातका सामानहरू, खनिज इन्धन आदि आयात गरिन्छ।

नेपालबाट विदेश तर्फ निकासी गर्ने वस्तुहरू :—नेपालबाट विदेश तर्फ सन् १९६० ई० सम्म मुख्य रूपले खाद्य, जीवित जनावर र कच्चा पदार्थहरू निर्यात गरिन्थ्यो। कुल निर्यातको ७५·६० प्रतिशत खाद्य एवं जीवित जनावर र २० प्रतिशत कच्चा पदार्थहरू गरी यी दुवै वस्तु नै कुल निर्यातको ९६ प्रतिशत भन्दा बढ़ी निर्यात गरिन्थ्यो। सन् १९६०/६१ पछि हाम्रो निर्यातमा खाद्य पदार्थको अनुपात घट्न थाल्यो र कच्चा पदार्थ एवं तयारी मालको अनुपात बढ्न प्रारम्भ भयो। सन् १९७९/८० ई० मा हाम्रो कुल निर्यात मध्ये खाद्य-पदार्थ (२६·७१), कच्चा पदार्थ (३९·१४) र तयारी माल (२६·७६) आदि नै ९२·६१ प्रतिशत निर्यात गरियो। सन् १९८५/८६ को तथ्याङ्क अनुसार हाम्रो कुल निर्यातमा खाद्यान्न एवं जीवित जनावर (२७·१५ प्रतिशत) कच्चा पदार्थ (१३.४१ प्रतिशत) र तयारी माल (२९·२४ प्रतिशत) ६९·८ प्रतिशत रहेको छ। हाम्रो कुल निर्यातमा जनावर तथा वनस्पति तेल र बोसोको महत्व बढ्दै गएको देखिन्छ। सन् १९६०/६१ मा कुल निर्यातको ०·६२% जनावर तथा तेल र बोसोको निर्यात हुन्थ्यो भने १९७९/८० मा ३.५४ र १९८५/८६ मा १९·९१ प्रतिशत हुन गएको छ। अन्य वस्तुहरूको निर्यातको अनुपातमा खास परिवर्तन भएको छैन। सन् १९६०/६१ देखि १९८५/८६ ई० सम्म विभिन्न समस्या हुने हाम्रो निर्यातको अनुपात प्रतिशतको रूपमा निम्न तालिकामा प्रदर्शित गरिएको छ।

तालिका २८·३

नेपालबाट विदेशतर्फ निकासी

(सन् १९६०/६१ देखि १९८५/८६ सम्म)

(प्रतिशतमा)

वस्तुहरू	१९६०।६१	१९६१।६२	१९७०।७१	१९७९।८०	१९८५।८६
१. खाद्य एवं जीवित जनावर	७५·६०	६५·६६	६५·९३	२६·७१	२७·१५
२. पेय पदार्थ र सुर्ती	१·१८	०·८१	०·१९	०·२४	०·०१
३. कच्चा पदार्थ	२०·७२	१९·०७	२०·०५	३९·१४	१३·४१
४. खनिज इन्धन र लुब्रिकेंट	०·०४	०·००	०·०१	०·०७	०·०१
५. जनावर तथा वनस्पति तेल र बोसो	०·३२	०·६३	०·२४	३·५४	१९·९०
६. रासायनिक पदार्थ	०·०४	०·०४	०·१९	०·०५	०·०८
७. तयारी माल	०·९३	१२·९७	११·५६	२६·६७	२९·२४
८. यांत्रिक तथा यातायातको साधन	०·०५	०·०५	०·०१	०·२७	१·२५
९. विविध तयारी माल	०·६६	०·५६	१·७२	३·३३	२६·८५
१०. माथि नपरेका अन्य	०·६४	०·२१	०·१०	नगण्य	०·०१

(स्रोत :—रिजाल पुस्कर आर., "नेपाल्स फरेन ट्रेड एण्ड इकोनोमिक डेभलपमेंट : १९५६।५७–१९७९।८०, सेडा १९८२, पृष्ठ ६०-६३ र नेपाल राष्ट्र ब्याङ्क, क्वार्टरली इकोनोमिक बुलेटिन, मिड-अप्रैल-मिड-जुलाई, भौल २१, १९८७ पृष्ठ ४५ को आधारमा)

विदेशबाट नेपालमा पैठारी हुने वस्तुहरू

विदेशबाट नेपालमा मुख्य रूपले तयारी माल, लत्ता-कपडा, ट्रांजिस्टर, बिजुलीका सामानहरू जस्ता तयारी मालहरू, ट्रैक्टर, मोटर, बस, ट्रक, मेशीन पार्ट-पुर्जा जस्ता यांत्रिक तथा यातायातका सामानहरू, रासायनिक पदार्थहरू, खनिज इन्धन, लुब्रिकेंट, खाद्य-पदार्थ, पेय, सुर्ती आदि वस्तुहरूको आयात गरिन्छ। विदेशबाट आयात हुने सामग्रीहरू मध्ये सबभन्दा बढ़ी तयारी मालहरूको पैठारी नै हुन्छ। तर हालका वर्षहरूमा कुल निर्यातमा यसको प्रतिशतमा कमी हुँदै गएको देखिन्छ। सन् १९६०।६१ मा तयारी मालको आयात हाम्रो कुल आयातको ४६·७१ प्रतिशत थियो जो सन् १९७०-७१ मा घटेर ३८·१९ प्रतिशत र १९७९।८० र १९८५।८६ मा क्रमशः ३२·९१ र २९·५४ हुन गएको छ। हाम्रो आयातमा यांत्रिक तथा यातायातका सामानहरूको अनुपातमा लगातार वृद्धि हुँदै गएको देखिन्छ। सन् १९६०।६१ मा यांत्रिक तथा यातायात सामग्रीहरूको आयात कुल आयातको ६·४९ प्रतिशत थियो जो सन् १९६१।६२ मा घटेर ५·५८ प्रतिशत हुन गयो। सन् १९७०।७१ मा कुल आयातको १०·७० यांत्रिक तथा यातायातका सामानहरूको आयात गरियो। सन् १९७९।८० र १९८५।८६ को आर्थिक वर्षमा यी वस्तुहरूको आयात क्रमशः कुल आयातको २२·६२ र २२·८५ प्रतिशत पुग्न गएको देखिन्छ। रासायनिक पदार्थहरूको आयातको अनुपातमा पनि लगातार वृद्धि भएको देखिन्छ। यी वस्तुहरूको आयात सन् १९६०।६१ मा हाम्रो कुल आयातको ५·६६ प्रतिशत मात्र थियो तर सन् १९७९।८० र १९८५।८६ को आर्थिक वर्षहरूमा वृद्धि हुन गई क्रमशः ११·८५ प्रतिशत र १२·५२ प्रतिशत पुग्न गएको छ। त्यसै गरी खनिज इन्धन र लुब्रिकेंटको आयात पनि दिनानुदिन बढ्दै गएको छ। सन् १९६०।६१ मा खनिज इन्धनको आयात हाम्रो कुल आयातको ७·११ प्रतिशत थियो जो १९६१।६२ मा ८·२३ प्रतिशत्त, १९७०।७१ मा १०·२६ प्रतिशत, १९७९।८० र १९८५।८६ मा क्रमशः ११·७८ प्रतिशत र ११·२८ प्रतिशत पुग्न गएको छ। हाम्रो विभिन्न वस्तुहरूको आयात स्थितिको तुलनात्मक तथ्याङ्क निम्न तालिकाबाट प्रस्तुत गरिएको छ—

तालिका २८.४

विदेशबाट नेपालमा पैठारी हुने वस्तुहरू

(सन् १९६०/६१ देखि १९८५/८६ सम्म)

(प्रतिशतमा)

वस्तुको नाम	१९६०।६१	१९६१।६२	१९७०।७१	१९७९।८०	१९८५।८६
१. खाद्य पदार्थ र जीवित जनावर	१३.८६	१४.३५	१९.०३	८.९५	१०.४०
२. पेय पदार्थ र सुर्ती	५.४८	८.८४	१.१३	०.४०	१.२१
३. कच्चा पदार्थ इन्धन बाहेक	५.१०	५.८३	४.१६	२.०७	४.२१
४. खनिज इन्धन र लुब्रिकेंट	७.११	८.२३	१०.२६	११.७८	११.२८
५. जनावर, वनस्पति तेल र बोसो	२.५९	२.५०	०.९८	०.४०	१.०१
६. रासायनिक पदार्थ	५.६६	५.३४	८.६८	११.८५	१२.५२
७. तयारी माल	४६.७१	४३.३६	३८.१९	३२.९०	२९.५४
८. यांत्रिक तथा यातायातको सामान	६.४९	५.५८	१०.७०	२२.६२	२२.८५
९. विविध निर्मित वस्तुहरू	४.१३	५.[illegible]०	६.६५	८.८२	६.८२
१०. माथि नपरेका अन्य	२.८७	०.७७	०.२२	०.१३	०.०७

(स्रोत—रिजाल पुस्कर आर, नेपाल्स फरेन ट्रेड एण्ड इकोनोमिक डिभलोपमेंट : १९५६।५७ टू १९७९।८० सेडा. काठमाडौं, १९८२ पृ० ६४-६७ र नेपाल राष्ट्र ब्याङ्क क्वार्टरली इकोनोमिक बुलेटिन मिड-अप्रैल—मिड-जुलाई १९८७, भौल० २१, नं० ३ र ४ पृष्ठ ४८ मा आधारित)

विदेशी व्यापारको मोड़

(Direction of Foreign Trade)

नेपालको विदेशी व्यापार मुख्य रूपले भारततिर ढल्केको छ। १९७०-७१ भन्दा पूर्व हाम्रो कुल निर्यातको क़रीब ९९ प्रतिशत निर्यात भारतमा नै गरिन्थ्यो। त्यसै गरी सन् १९७०।७१ सम्म कुल आयातको ८८·२ प्रतिशत भारतबाट र ११·८ प्रतिशत समुद्रपारका देशहरूबाट गरिन्थ्यो। तर १९६० ई० उप्रान्त श्री ५ को सरकारको व्यापार विविधिकरणको नीति एवं विश्वका विभिन्न देशहरूसित बढ्दो सम्बन्धले गर्दा भारततर्फ हाम्रो व्यापारको अनुपातमा ह्रास र समुद्र पारतर्फको व्यापार अनुपातमा वृद्धिको प्रगति प्रारम्भ भयो। सन् १९७५-७६ ई० मा भारततर्फ हाम्रो कुल निर्यातको ७५·४ प्रतिशत र समुद्रपारका देशहरूमा निर्यात प्रतिशतमा वृद्धिभई २४.६ प्रतिशत पुग्न गयो। हाल सन् १९८५।८६ मा भारतमा हाम्रो कुल निर्यातको ४०.३ प्रतिशत तथा समुद्रपारका देशहरूमा ५९·७ प्रतिशत हुन्छ।

निर्यात व्यापार झैं हाम्रो आयात व्यापार पनि भारतसँग नै केन्द्रित छ। सन् १९६५।६६ मा हाम्रो कुल आयातको करीब ९.८ प्रतिशत भारतबाट नै भएको र बाँकी केवल २.४ प्रतिशत समुद्रपारका देशहरूबाट भएको थियो। भारतबाट आयातको यस अनुपातमा सन् १९७०।७१ मां ह्रास भयो। सो साल भारतबाट कुल आयातको ८८.२ प्रतिशत आयात भएको थियो। तदोपरान्त भारतबाट कुल आयातको प्रतिशतमा निरन्तर ह्रास भएको र समुद्रपारका देशहरूबाट कुल आयातको प्रतिशतमा वृद्धि हुँदै गएको देखिन्छ। सन् १९८०।८१ मा हाम्रो कुल आयातको करीब ४८ प्रतिशत भारतबाट र बाँकी ५१ प्रतिशत अन्य समुद्रपारका देशहरूबाट भयो। यस अनुपातमा अझै पनि ह्रास भै रहेको छ। सन् १९८५।८६ को आर्थिक वर्षमा हाम्रो कुल आयातको ४२·५ प्रतिशत भारतबाट र ५७·५ प्रतिशत समुद्रपारका देशहरूबाट भएको छ। तर अझै पनि हाम्रो आयात-निर्यात व्यापारको सबै भन्दा ठूलो सहभागी मुलुक भारत नै छ। सन् १९५६।५७ देखि सन् १९८५।८६ सम्म भारत एवं समुद्रपारका देशहरूसँग हुने व्यापारको स्थिति निम्न तालिकामा प्रस्तुत गरिएको छ।

तालिका २८·५

नेपालको विदेशी व्यापार

(सन् १९५६/५७ देखि १९८५/८६ सम्म)

(रु० हजारमा)

सन्	निर्यात			आयात		
	भारत	समुद्रपार	कुल	भारत	समुद्रपार	कुल
१९५६।५७	९३४३६ (९७ ९)	२०३६ (२·१)	९५४७२ (१००·०)	१६५८३२ (९७·०)	५०४९ (३·०)	१७०८८१ (१००.०)
१९६०।६१	२०८१७२ (९९·८)	५६५ (०·२)	२०९७३७ (१००·०)	३७५०९१ (९४·२)	२२८९१ (५·८)	३९७९८२ (१००·०)
१९६५।६६	३७०५०२ (९८·८)	४६०४ (१·२)	३७५१०६ (१००·०	७६३५०६ (९७·६)	१८४८३ (१·४)	७८१९८९ (१००·०)
१९७०।७१	३९५२७४ (९८·७)	५१७३ (१·३)	४००६४६ (१०.०·०)	६१६७५४ (८८·२)	८२३२७ (११·८)	६९९०८१ (१००·०)
१९७५/७६	८९३७०१ (७५·४)	२९२०८६ (२४·६)	११८५७८७ (१००·०)	१२२७१२४ (६१·९)	७५४५९३ (३८·१)	१९८१७१७ (१००·०)
१९८०।८१	९९१३९० (६१·७)	६१६१८५ (३८·३)	१६०८५७५ (१००·०)	२१७९०४९ (४९·२)	२२४९१८६ (५०·८)	४४२८२३३ (१००·०)
१९८१।८२	९९४३८४ (६६·७)	४९७१०५ (३३·३)	१४९१४८९ (१००·०)	२२८०८७७ (४६·३)	२६४९३६४ (५३·७)	४९३०२४१ (१००·०)
१९८२।८३	८४३३१४ (७४·५)	२८८७०५ (२५·५)	११३२०१९ (१००·०)	२४९९५९६ (३९·६)	३८१४३४१ (६०·७)	६३१३९३६ (१००·०)
१९८३।८४	११६०६६८ (६८·१)	५४३२२५ (३१·९)	१७०३८९३ (१००·०)	३०५८०३१ (४६·२)	३५५६३३० (५३·८)	६६१४३५१ (१००·०)
१९८४।८५	१६०१७२५ (५८·५)	११३८८७७ (४१·५)	२७४०६०२ (१००·०)	३९९५७५८ (५१·०)	३८४६३५० (४९·०)	७८४२१०८ (१००·०)
१९८५।८६	१२४११४२ (४०·३)	१८३६९४६ (५९·७)	३०७८००८ (१००·०)	३९७०८८९ (३२·५)	५३७०२७६ (५७·५)	९३४११६५ (१००·०)

—कोष्ठमा भएको अंक प्रतिशत बताउँछ ।

(स्रोत—सन् १९५६।५७ देखि १९७०।७१ को तथ्याङ्क रिजाल पुस्कर आर. नेपाल्स फरेन ट्रेड एन्ड इकोनामिक डेभलोपमेंट सेडा १९८२ पृष्ठ १३-१५ र बाँकी नेपाल राष्ट्र बैंक बुलेटिन १९८७ अंक ३ र ४ पृष्ठ ४६ देखि ५० मा आधारित ।)

भारतमा निकासी गरिने एवं भारतबाट आयात गरिने वस्तुहरू

भारतमा धान, मकै, तोरी, काठ, जड़ी-बूटी, घिउ, ऊन, जीवित जनावर आदि वस्तुहरू निर्यात गरिन्छ । सन् १९८५,८६ को तथ्यांक अनुसार यस प्रकारका कच्चा

पदार्थ र जीवित जनावर (४६·२ प्रतिशत) एवं कच्चा पदार्थ (२९.४ प्रतिशत) हाम्रो कुल निर्यातको ७५·६ प्रतिशत गरियो। यसै गरी भारतबाट मुख्य रूपले सूती कपड़ा, धागो, औषधि, बस, ट्रक, ट्रेक्टर, मेशीन, पार्ट-पुर्जा, फलामका सामानहरू आदि आयात गरिन्छ। सन् १९८५/८६ को तथ्यांक अनुसार भारतबाट कुल आयात गरिएका वस्तुहरूमध्ये ३५·२ प्रतिशत मूल्यको तयारी माल, १८·६ प्रतिशत मूल्यको खाद्य-पदार्थ एवं जीवित जनावर, १७·५ प्रतिशत मूल्यको यांत्रिक तथा यातायातका सामानहरू र १३·८ प्रतिशत मूल्यको रासायनिक पदार्थहरू आयात गरियो। भारतमा निर्यात हुने र भारतबाट आयात गरिने वस्तुहरूको वस्तुगत विवरण निम्न तालिका २८·६ मा प्रस्तुत गरिएको छ—

तालिका २८·६

भारतमा निकासी एवं पैठारीको वस्तुगत विवरण

(सन् १९८५/८६) (रु० हजारमा)

वस्तुको विवरण	निर्यात	आयात
१. कच्चा पदार्थ र जीवित जनावर	५,७३,०१८ (४६·२)	७३८,४८३ (१८·६)
२. पेय पदार्थ र सुर्ती	११९ (०·०)	११२१२३ (२·८)
३. कच्चा पदार्थ इन्धन बाहेक	३६४७७७ (२९·४)	९८९८९ (२·५)
४. खनिज इन्धन लुब्रिकेंट	१८७ (०·०)	१४९,२५६ (३·८)
५. जनावर, वनस्पति तेल र बोसो	५५९७१ (४·५)	१५७६९ (०·४)
६. रासायनिक पदार्थ	१००४ (०·१)	५४७,१३६ (१३·८)
७. तयारी माल	२०१७२० (१६·३)	१३,९९,१७० (३५·२)
८. यांत्रिक तथा यातायातको सामान	३७५२९ (३·०)	६,९३,३४४ (१७·५)
९. विविध निर्मित वस्तुहरू	६७८० (०·५)	२१३;२२० (५·३)
१०. माथि नपरेका अन्य	३३७ (०·०)	३४०० (०·१)
कुल	३९७०८८९ (१००·०)	१२,४१,१४२ (१००·०)

—कोष्ठमा भएको अंक प्रतिशत बताउँछ

(स्रोत—नेपाल राष्ट्र बैंक, इकोनोमिक, बुलेटिन, मिड-अप्रिल मिड-जुलाई १९८७, नम्बर ३ र ४, भौल २९, पृष्ठ ४६ र ४९

समुद्रपारका देशहरूमा निर्यात गरिने र ती देशहरूबाट आयात गरिने वस्तुहरू

नेपालबाट समुद्रपारका देशहरूमा मुख्यरूपले खाद्य पदार्थ, ऊनका सामान, तयारी पोशाक, हस्तकलाका सामान, कार्पेट जस्ता तयारी वस्तुहरू नै निर्यात गरिन्छ। सन् १९८५।८६ को आर्थिक वर्षमा खाद्य पदार्थ, जीवित जनावर (१४·३ प्रतिशत), तयारी माल (३८ प्रतिशत) र विविध निर्मित वस्तुहरू (४४·६ प्रतिशत) गरी समुद्र पारका देशहरूमा निर्यात हुने वस्तुहरूबाट प्राप्त हुने कुल विदेशी मुद्रा आर्जनको ९६·९ प्रतिशत उपलब्ध भयो। समुद्रपारका देशहरूबाट नेपालमा पैठारी हुने वस्तुहरूमा सर्वप्रमुख यांत्रिक तथा यातायातका सामानहरूको स्थान छ। समुद्रपारका देशहरूबाट आयात हुने वस्तुहरूमा दोस्रो, तेस्रो र चौथो स्थान क्रमशः तयारी माल, खनिज इन्धन, लुब्रिकेंट र रासायनिक पदार्थको नै देखिन्छ। आर्थिक वर्ष १९८५।८६ मा यी देशहरूबाट कुल आयात मूल्यको २६·८ प्रतिशत यांत्रिक तथा यातायातका सामानहरू, २५·३ प्रतिशत मूल्यको तयारी माल, १६·८ प्रतिशत मूल्यको खनिज इन्धन र ११·७ प्रतिशत मूल्यको रासायनिक पदार्थहरूको आयात गरियो। १९८५।८६ को आर्थिक वर्षमा समुद्रपारबाट हुने आयात र निर्यातको विवरण निम्न तालिकामा प्रस्तुत गरिएको छ—

तालिका २८·७

समुद्रपार निकासी एवं पैठारीको विवरण

(सन् १९८५/८६ ई०)

(रु० हजारमा)

वस्तुको विवरण	निर्यात	आयात
१. खाद्य पदार्थ, जीवित जनावर	२६२६०७ (१४·३)	२३२५९७ (४·३)
२. पेय पदार्थ र सुर्ती	१२७ (०·०)	७९६ (०·०)
३. कच्चा पदार्थ इन्धन बाहेक	४८३९३ (२·६)	२९३९६१ (५·५)
४. खनिज इन्धन लुब्रिकेंट	—	९०४७३९ (१६·८)
५. जनावर, वनस्पति तेल, बोसो	५२९२ (०·३)	८६१६७ (१·६)

६. रासायनिक पदार्थ	१४६६ (०·१)	६२७११० (११·७)
७. तयारी माल	६९८२२१ (३८·०)	१३६०३०० (२५·३)
८. यांत्रिक तथा यातायातको सामान	१०९६ (०·१)	१४४१३१० (२६·८)
९. विविध निर्मित वस्तुहरू	८१९७४४ (४४·६)	४२३९९३ (७·९)
१०. माथि नपरेका अन्य	—	३३०३ (०·१)
कुल	१८,३६९४६ (१००·०)	५३७०२७६ (१००·०)

* कोष्ठको अंक प्रतिशत बताउँछ.

(स्रोत--नेपाल राष्ट्र ब्याङ्क, क्वार्टरली इकोनोमिक वुलेटिन, मिड-अप्रैल–मिड-जुलाई १९८७, अंक २१, नं. ३ र ४, पृष्ठ ४७ र ५०.)

व्यापार-संतुलन

विदेशी व्यापारमा कुनै खास अवधि विशेष गरी एक वर्षभित्र कुल आयात-मूल्य एवं निर्यात मूल्यको फरकलाई व्यापार संनुलन भनिन्छ। सो अवधिमा निर्यात मूल्य भन्दा आयात मूल्य कम भएमा देशलाई लाभ हुन्छ र यस्तो स्थितिलाई अनुकूल व्यापार संतुलन भनिन्छ। यसको विपरीत निर्यात मूल्य भन्दा आयात मूल्य बढी भएमा देशलाई व्यापारबाट घाटा भएको भन्ने बुझिन्छ र यस्तो स्थितिलाई प्रतिकूल व्यापार संतुलन भनिन्छ। हाम्रो व्यापार संतुलनको स्थिति प्रतिकूल छ अर्थात् हामीलाई विदेशी व्यापारबाट निरन्तर रूपले घाटा भइरहेको छ। व्यापारको यो घाटा भारतको साथ-साथै समुद्रपारका देशहरूसँग निरन्तर बढ़िरहने हुनाले हाम्रो कुल व्यापार घाटा पनि निरन्तर रूपले बढ़िरहेको छ। सन् १९७४।७५ को आर्थिक वर्षमा भारतसँग हाम्रो व्यापार घाटा रु० ९२९ मिलियन थियो जो सन् १९७९।८० को आर्थिक वर्षमा रु० १२६५·५ मिलियन र सन् १९८५।८६ मा रु० २७२९·८ मिलियन हुन गयो। यसरी ११ वर्षका अवधिमा भारतसँग व्यापार घाटामा ३·८ दोब्बर बढ्न गएको देखिन्छ। त्यसै गरी समुद्र पारका देशहरूसँग सन् १९७४।७५ मा हाम्रो व्यापार घाटा रु० १९६ मिलियन थियो जो सन् १९७९।८० सन् १९८५।८६ मा बढ़ेर क्रमशः रु० १०६४·१ मिलियन र रु० ३५३३·४ मिलियन हुन गएको छ। यसरी १९७४।७५ को तुलनामा

१९८५।८६ को ११ वर्षको अवधिमा समुद्रपारका देशहरूसँग हाम्रो व्यापार घाटामा १८ दोब्बर भन्दा पनि बढ़ी वृद्धि भएको छ। समुद्रपार एवं भारत दुवैसँग हाम्रो घाटामा वृद्धि हुँदै गएकोले हाम्रो कुल वैदेशिक व्यापारको घाटा पनि आ० व० १९७५।७६ को ९२५ मिलियनको तुलनामा १९७९।८० र १९८५।८६ को आर्थिक वर्षमा क्रमशः २३२९·६ र रु० ६२६३·२ मिलियन हुन गएको छ। फलस्वरूप सन् १९७४।७५ देखि सन् १९८५।८६ को ११ वर्षको अवधिमा हाम्रो कुल व्यापार घाटामा ६·८ दोब्बर वृद्धि हुन गएको छ। सन् १९७४।७५ देखि १९८५।८६ सम्मको अवधिमा हाम्रो व्यापार-संतुलनको स्थिति निम्न तालिकामा प्रस्तुत गरिएको छ—

तालिका २८·८

व्यापार संतुलन

(रु० मिलियनमा)

		आ. व. १९७४/७५	आ. व. १९७९/८०	आ. व. १९८५/८६
भारतसँग व्यापार संतुलन	भारतमा निर्यात	७४६·७	५२०·९	१२४१·१
	भारतबाट आयात	१४७५·७	१७८६·४	३९७०·९
	भारतसँग व्यापार-संतुलन	–७२९·०	–१२६५·५	–२७२९·८
समुद्रपारका देशहरूसँग व्यापार-संतुलन	समुद्रपार निर्यात	१४२·९	६२९·६	१८३६·९
	समुद्रपारबाट आयात	३३८·८	१६८३·७	५३७०·३
	समुद्रपारका देशहरूसँग व्यापार-संतुलन	–१९६·०	–१०६४·१	–३५३३·४
कुल व्यापार संतुलन	कुल निर्यात	८८९·०	११५०·०	३०७८·०
	कुल आयात	१८१४·६	३४८०·१	९३४१·२
	कुल व्यापार-संतुलन	–९२५·०	–२३२९·६	–६२६३·२

(**स्रोत**—नेपाल राष्ट्र ब्यांक; क्वार्टरली इकोनोमिक बुलेटिन मिड-अप्रैल—मिड-जुलाई १९८७, भोल. २१, नं० ३ र ४ पृष्ठ ४४)

Model questions

(१) What are the salient features of Nepalese foreign trade ?
नेपालको वैदेशिक व्यापारका प्रमुख विशेषताहरू के के छन् ?

(२) Describe the recent changes which have been taken place in the volume and direction of Nepalese foreign trade ?
नेपालको वैदेशिक व्यापारको परिमाण एवं यसमा भएका परिवर्तनहरूको वर्णन गर्नुहोस् ।

(३) Describe the balance of trade situation of Nepal.
नेपालको व्यापार संतुलनको स्थितिको वर्णन गर्नुहोस् ।

●

अध्याय : २९ :

बैंकिग व्यवस्था
(Banking System)

नेपालमा बैंकिग व्यवसायको विकास—नेपालमा आधुनिक बैंकिगको इतिहास धेरै लामो छैन। तर परम्परागत रूपले बैंकिग कारोबार पहिलेदेखि नै प्रचलित रहेको पाइन्छ। राजा जयस्थिति मल्लले पेशाको आधारमा जनतालाई ६४ वर्गमा विभाजित गर्दा टंकधारी भन्ने जाति पनि छुट्याइएको थियो। यी टंकधागी नामक जातिका मानिसहरू रुपैयाँ पैसा लेन-देनको काम गर्दथे। मल्ल कालमा नेपालको व्यापार तिब्बतसँग धेरै मात्रामा हुन्थ्यो। फलस्वरूप मुद्राको कारोबार निकै बढ़ेको थियो। तर मुद्रा एवं बैंकिग सम्बन्धी यी कारोबारहरू संगठित रूपमा थिएनन्। नीति, नियम एवं नियंत्रणको अभाव थियो। व्याज-दर पनि धेरै नै चर्को थियो। राणा शासन कालमा प्रधानमंत्री श्री ३ रणोद्दीप सिंहको पालोमा टंकधारीहरूको एकाधिकारी शोषणबाट जनतालाई मुक्त गर्न वि. सं. १९३२ सालमा काठमाडौंमा तेजारथ अड्डा स्थापना गरियो। यस अड्डाबाट सरकारी कर्मचारीलाई विना धोतो तलबबाट कट्टा हुने गरी ५ प्रतिशत वार्षिक ब्याजमा कर्जा उपलब्ध गराइन्थ्यो। पछि यस तेजारथले सर्वसाधारण जनतालाई पनि ५ प्रतिशत ब्याज दरमा सुन चाँदी धातो राखी कर्जा दिन थाल्यो र यसको शाखा काठमाडौं उपत्यका बाहिर पनि खोलियो। यस प्रकार तेजारथको स्थापनाद्वारा नेपालमा संस्थागत बैंकिग कारोबारको समुद्घाटन भएको पाइन्छ। तर राजनैतिक कारणहरूले गर्दा नेपालमा लामो अवधिसम्म कुनै आधुनिक किसिमको बैंकको स्थापना हुन सकेन वि. सं. १९९४ (सन् १९३७ ई०) कार्तिक ३० गते मात्र नेपाल बैंक लिमिटेडको स्थापना भयो। वि. सं. २०१३ सालदेखि देशमा योजनाबद्ध आर्थिक विकासको कार्यक्रमको शुरुआत भयो। देशमा बैंकिग व्यवसायको पर्याप्त विकासको अभावमा योजनाबद्ध आर्थिक विकास कार्यक्रमहरूको सफल कार्यान्वयन हुन सक्तैन। फलस्वरूप अधिराज्यमा मौद्रिक व्यवस्थाको संचालन एवं बैंकिग व्यवसायको व्यवस्थित विकास गर्ने उद्देश्यले नेपाल राष्ट्र बैंक ऐन २०१२ अन्तर्गत २०१३ साल वैशाख १४ गते केन्द्रीय बैंकको रूपमा नेपाल राष्ट्र बैंकको स्थास्थापना गरियो। नेपाल राष्ट्र बैंक पूर्ण रूपले श्री ५ को सरकारको स्वामित्वमा रहेको एक स्वशासित संगठन हो। यसलाई केन्द्रीय बैंकको रूपमा मैद्रिक एवं बैंकिग विकास सम्बन्धी कार्यक्रमहरू स्वतंत्र रूपले संचालन गर्ने पूर्ण अधिकार दिइएको छ।

सम्पूर्ण अधिराज्यको व्यापार एवं उद्योगको आर्थिक आवश्यकताहरूको पूर्ति एउटै व्यावसायिक बैंकबाट सम्भव नदेखिएकोले सरकारी क्षेत्रमा एउटा छुट्टै व्यावसायिक बैंकको स्थापनाको आवश्यकता अनुभव गरियो। फलस्वरूप व्यापारिक बैंकको सुविधा उपलब्ध नहुने ठाउँहरूमा सो सुविधा उपलब्ध गराउन र नेपाल राष्ट्र बैंकको अभिकर्ता (Agent) को रूपमा कार्य गराउने भन्ने अभिप्रायले राष्ट्रिय वाणिज्य बैंक ऐन भन्ने एउटा छुट्टै ऐन अन्तर्गत वि. सं. २०२२ साल माघ १० गते राष्ट्रिय वाणिज्य बैंकको स्थापना गरियो। तर वि. सं. २०३१ सालदेखि नेपाल बैंक लिमिटेड र राष्ट्रिय वाणिज्य बैंकहरूलाई वाणिज्य बैंक ऐन २०३१ अन्तर्गत ल्याइयो।

देशको आर्थिक विकास, उन्नति तथा औद्योगिकीकरणको लागि पूर्वाधारको रूपमा रहेको दक्ष बैंकिंग सेवालाई प्रोत्साहन गर्ने उद्देश्यले व्यावसायिक बैंकहरूमा स्वस्थ प्रतिस्पर्द्धा गराउने भन्ने नीति श्री ५ को सरकारले लिएको छ। यसै नीति अनुरूप अरब बैंक र नेपालका वित्तीय संस्थानहरू तथा निजी स्रोतको संयुक्त लगानीमा पहिलो विदेशी बैंकको रूपमा २९ वैशाख वि. सं. २०४१ मा नेपाल अरब बैंक लिमिटेड श्री ५ को सरकारमा दर्ता भयो। यस बैंकले आषाढ़ २९, २०४१ सालदेखि आफ्नो कार्य संचालन गऱ्यो। यो नेपालको तेस्रो व्यावसायिक बैंक हो।

यस्तै गरी फ्रान्सको इण्डोस्वेज बैंक एवं नेपालीहरूको सहभागितामा वाणिज्य बैंक ऐन २०३१ अन्तर्गत माघ २३ गते वि. सं. २०४२ सालमा इण्डोस्वेज बैंक लिमिटेडको स्थापना भयो। यो दोस्रो विदेशी बैंक हो। यसले २०४२ साल फाल्गुन १६ गतेदेखि आफ्नो कार्य संचालन प्रारम्भ गऱ्यो।

व्यावसायिक बैंकहरूको विकास क्रममा वेलायतको ग्रीनलैंड बैंक एवं. नेपालीहरूको संयुक्त लगानीमा आर्थिक वर्ष २०४१/४२ मा अर्को नेपाल ग्रीन ल्यान्ड बैंकलाई पनि स्थापना गर्ने अनुमति प्राप्त भयो। यस नेपाल ग्रीनलैंड बैंकले पनि २०४३ साल माघ १६ गतेदेखि आफ्नो कारोबार प्रारम्भ गरेको छ। यसरी हाल यस बैंकको व्यवस्थापनबाट देशमा वाणिज्य बैंकहरूको संख्या ५ वटा पुग्नगएको छ। उपर्युक्त पाँचवटा व्यावसायिक बैंकहरूको साथ-साथै नेपाल राष्ट्र बैंकबाट अनुमति प्राप्त गरी कृषि विकास बैंकले पनि विभिन्न प्रकारका निक्षेप स्वीकार गर्ने विदेशी मुद्रा विनिमय गर्ने जस्ता बैंकिंग कारबारहरू गर्दछ।

देशको बैंकिंग विकासको क्रममा अन्य देशहरू झैं नेपालमा पनि औद्योगिक विकासको लागि छुट्टै बैंकको आवश्यकता पर्न गएको अनुभव गरी प्राइवेट उद्योगको अवस्थालाई सुधार्न र त्यसलाई आधुनिकीकरण गर्न जरूरत हुँदा आर्थिक र प्राविधिक सहायता दिन सक्ने एउटा संस्थाको स्थापनाद्वारा प्राइवेट उद्योगलाई प्रोत्साहन तथा सहायता

दिन आवश्यक भएको र उपर्युक्त उद्देश्यहरू कार्यान्वित गर्न वि० सं० २०१६ साल आषाढ़ १ गते नेपाल औद्योगिक विकास निगम (Nepal Industrial Development Corporation—N. I. D. C.) को स्थापना गरियो ।

कृषि विकासको लागि सहकारी बैंक ऐन २०१९ अन्तर्गत २०२० साल भाद्र २८ गते सहकारी बैंकको स्थापना गरियो । वि० सं० २०२४ साल विकास बैंक ऐन २०२४ जारी गरी २०२४ साल माघ ७ गते कृषि विकास बैंक (Agricultural Development Bank) को स्थापना गरियो । सहकारी बैंकलाई पनि यसैं अन्तर्गत गाभियो । भूमि सुधार कार्यक्रम अन्तर्गत उठाइएको अनिवार्य बचतको रकमलाई परिचालन एवं सदुपयोग गर्ने उद्देश्यले वि० सं० २०२३ साल पौष १ गते स्थापना भएको भूमि सुधार बचत संस्थानलाई पनि २०३० साल श्रावण १ गते यसै बैंकमा गाभियो । यस बैंकले नै साझा संस्थाहरूको साथ-साथै सर्वसाधारण जनतालाई कृषि ऋण उपलब्ध गराउने कार्य गर्दछ ।

कर्मचारीहरूको सेवा मुक्ति पछि आर्थिक संकट समाधान गर्न विभिन्न संस्थाहरूको आवश्यकता पर्न गएको हुनाले कर्मचारी संचय कोष ऐन २०१९ अन्तर्गत २०१९ सालमा कर्मचारी संचय कोष (Karmachari Sanchaya kosh) को स्थापना गरियो । कम्पनी ऐन २०२१ अन्तर्गत वि० सं० २०२४ साल पौष १ गते सरकारी स्वामित्वमा राष्ट्रिय बीमा संस्थान प्रा. लि. को स्थापना भयो । वि० सं० २०२५ सालमा राष्ट्रिय बीमा संस्थान ऐन जारी गरियो र यस ऐन अन्तर्गत राष्ट्रिय बीमा संस्थान प्रा. लि. लाई राष्ट्रिय बीमा संस्थानमा परिणत गरियो शुरूमा यस संस्थानले व्यापारिक एवं सामुद्रिक बीमा जस्ता निर्जीव बीमा गर्ने काम मात्र गर्दथ्यो । वि. सं. २०२९ साल फाल्गुन ७ गतेदेखि यस संस्थानले जीवन वीमा गर्ने काम पनि प्रारम्भ गर्‍यो ।

वित्तीय संस्थानहरूको विकासको क्रममा कम्पनी ऐन २०२१ अन्तर्गत वि. सं. २०३१ सालमा कर्जा सुरक्षा निगम (Credit Guarantee Corporation) स्थापना गरियो । यस निगमले कर्जा रकममा वाणिज्य बैंकहरूले प्राथमिकता प्रदान क्षेत्रहरूमा लगानी गर्दा हुने हानी नोक्सानीमा ६० प्रतिशतदेखि ७५ प्रतिशतसम्म क्षतिपूर्ति दिने काम गर्दछ । यसको लागि यस निगमले वाणिज्य बैंकहरूबाट केही दस्तुर पनि लिन्छ् र सो दस्तुर वाणिज्य बैंकहरूले ऋणीवाट असुल गर्दछन् । यसरी यस संस्थानले तोकेको क्षेत्रमा वाणिज्य बैंकहरूले दिने कर्जाको एक प्रकारले वीमा गर्ने काम गर्दछ ।

देशको उद्योग धन्धाको विकासको लागि पूँजी बजारको विकास पनि आवश्यक हुन्छ । पूँजी बजारलाई विकसित गर्ने उद्देश्यले २०३३ साल आषाढ़ २३ गते कम्पनी

कानून २०२१ अन्तर्गत पब्लिक लिमिटेड कम्पनीको रूपमा "सेक्युरिटी खरीद बिक्री केन्द्र" को स्थापना गरियो । यस कम्पनीले आन्तरिक पूंजी परिचालनको लागि शेयर, डिवेन्चर, विकास ऋण-पत्र आदिको खरीद बिक्री गराउने काम आफै वा इजाजत प्राप्त दलाल (Broker) हरू मार्फत गराउने काम गर्दछ । हाल हाम्रो देशमा कति प्रकारका बैंकहरू छन् भन्ने कुरा निम्नांकित तालिकाद्वारा प्रष्ट हुन आउँछ ।

बैंकहरू

- केन्द्रिय बैंक
  - नेपाल राष्ट्र बैंक
- व्यावसायिक बैंकहरू
  - १. नेपाल बैंक लिमिटेड
  - २. राष्ट्रिय वाणिज्य बैंक
  - ३. नेपाल अरब बैंक लि०
  - ४. इन्डोस्वेज बैंक लि०
  - ५. नेपाल ग्रिनलैंड बैंक
  - ६. बैंकिंग कारोवार गर्ने कृषि विकास बैंक
- विकास बैंक
  - १. नेपाल औद्योगिक विकास निगम
  - २. कृषि विकास बैंक
- अन्य वित्तीय संस्थाहरू
  - १. कर्मचारी संचय कोष
  - २. राष्ट्रिय वीमा संस्थान
  - ३. कर्जा सुरक्षा निगम
  - ४. सेक्युरिटी खरीद बिक्री केन्द्र

नेपाल राष्ट्र बैंक

कुनै पनि देशमा केन्द्रिय बैंक सर्वोच्च मैद्रिक तथा बैंकिंग संस्थाको रूपमा रहन्छ । वि. सं. २०१३ सालसम्म नेपालमा यस प्रकारको केन्द्रिय बैंकको अभाव थियो । नोट

निष्कासन गर्ने काम सदर मुल्की खानाबाट हुन्थ्यो। देशमा भारतीय र नेपाली दुवै मुद्राको चलन थियो। देशको अर्थ व्यवस्थामा यस द्वैध मुद्राको प्रतिकूल असर परिरहन्थ्यो। देशमा संस्थागत बैंकको रूपमा नेपाल बैंक लिमिटेड भन्ने एउटै मात्र बैंक रहेको थियो। यस्तो परिस्थितिमा देशको मैद्रिक व्यवस्थाको सुसंचालन एवं बैंकिंग प्रथाको समुचित विकासको लागि छुट्टै अस्तित्व भएको एक आधुनिक किसिमको केन्द्रिय बैंकको आवश्यकताको अनुभव गरिएको हुनाले वि. सं. २०१३ साल वैशाख १४ गते नेपाल राष्ट्र बैंक ऐन २०१२ अन्तर्गत नेपाल राष्ट्र बैंकको स्थापना भयो। यसको अधिकृत पूंजी रु० १ करोड़ छ। यस बैंकको स्थापनाको निम्नांकित उद्देश्यहरू छन्—(क) नोट निष्कासनको सुप्रबन्ध गर्ने (ख) अधिराज्यभरि नेपाली नोटको प्रचलन बढ़ाउने (ग) नेपाली मुद्रा विनिमय दरमा स्थिरता कायम गर्ने (घ) आर्थिक विकास तथा व्यापार एवं उद्योगको प्रवर्द्धनको लागि पूंजीको परिचालन गर्ने तथा (ङ) देशभर बैंक प्रथाको विकास गर्ने।

बैंकको संगठन एवं व्यवस्था—नेपाल राष्ट्र बैंकको संचालन श्री ५ को सरकारद्वारा नियुक्त गरिएको ७ सदस्यीय संचालक समितिद्वारा हुन्छ। यस संचालक समिति अन्तर्गत एक जना गभर्नर, दुईजना डिपुटी गभर्नरहरू र चार जना डाइरेक्टरहरू हुन्छन्। यस बैंक अन्तर्गत दुई विभागहरू—(क) नोट निष्कासन विभाग र (ख) बैंकिंग विभाग छन्। नोट निष्कासन गर्ने कार्यको सम्पादन नोट निष्कासन विभागद्वारा हुन्छ। यो विभाग मुद्रा अधिकृतको जिम्मामा रहन्छ। देशका विभिन्न भागहरूमा स्थापित शाखाहरूले बैंकिंग विभागले सम्पादन गर्नु पर्ने कार्य गर्दछन्। यी शाखाहरू माथि केन्द्रिय कार्यालयको नियंत्रण रहन्छ। यस केन्द्रिय कार्यालय अन्तर्गत प्रशासन विभाग, लेखा तथा खर्च विभाग, कानून विभाग, निरीक्षण विभाग, राष्ट्र ऋण विभाग, बैंक व्यवस्था विभाग, अनुसन्धान विभाग, विदेशी विनिमय विभाग, र गभर्नरको कार्यालय छन् जो निम्न तालिकाद्वारा प्रष्टिन्छ—


नेपाल राष्ट्र बैंक
नोट निष्कासन विभाग
बैंकिंग विभाग
केन्द्रिय कार्यालय व्यवस्था
प्रशासन विभाग
लेखा तथा खर्च विभाग
कानून विभाग
निरीक्षण विभाग
राष्ट्र ऋण विभाग
बैंक व्यवस्था विभाग
अनुसन्धान विभाग
विदेशी विनिमय विभाग
गभर्नरको कार्यालय

नेपाल राष्ट्र बैंकका कार्यहरू :—नेपाल राष्ट्र बैंक देशको केन्द्रिय बैंक हुनाले यसले कुनै पनि देशको केन्द्रिय बैंकले गर्ने सम्पूर्ण कार्यहरूको सम्पादन गर्दछ । तर हाम्रो देश एक विकासशील मुलुक छ । फलस्वरूप देशको विकासको गति, आर्थिक अवस्था, र आफ्नै भू—आर्थिक कारणले गर्दा यसले विकसित देशका केन्द्रिय बैंकहरूले गर्ने परम्परागत कार्यहरूमा मात्र आफ्नो कार्य क्षेत्र सीमित राखेको छैन । विकसित देशहरूका केन्द्रिय बैंकहरूले गर्ने कामहरूको साथ-साथै यसले देश विकासको लागि थप आवश्यक पूँजी जुटाउने र देशमा बैंकिंग विकास र प्रचार प्रसार गराउने कार्यहरू पनि गराउँदै आएको छ । नेपाल राष्ट्र बैंकले गर्ने कार्यहरूलाई दुई भागमा छुट्याउन सकिन्छ—(क) परम्परागत कार्य र (ख) विकासात्मक कार्यहरू ।

क) परम्परागत कार्यहरू—नेपाल राष्ट्र बैंकले निम्नांकित परम्परागत वा नियमित कार्यहरू गर्दछ ।

(१) नोट निष्कासन गर्नु—नेपाल राष्ट्र बैंकलाई नोट निष्कासन गर्ने एकाधिकार प्राप्त छ । नेपाल राष्ट्र बैंकको स्थापना भन्दा पूर्व नोट निष्कासनको काम सदर मुल्कोखानाद्वारा गरिन्थ्यो । यस बैंकको स्थापना पछि ती नोटहरूको पनि सम्पूर्ण कारोबार नेपाल राष्ट्र बैंकले नै गर्दछ । नेपाल राष्ट्र बैंकले नोटको निष्कासन आनुपातिक संचय पद्धति (Proportional Reserve System) अनुसार गर्दछ । नेपाल राष्ट्र बैंक ऐन अनुसार नोट निष्कासन गर्दा निष्कासित नोटको ५० प्रतिशत विदेशी सुरक्षण—सुन, चाँदी, विदेशी सेक्युरिटी, विदेशी मुद्रा, विदेशी बिल अफ एक्सचेंज र बाँकी नेपाली सेक्युरिटी—नेपाली सिक्का र श्री ५ को सरकारद्वारा निष्कासित ऋणपत्रहरू राख्नु पर्दछ । नेपाल राष्ट्र बैंकद्वारा सर्वप्रथम २०१६ साल फाल्गुन ७ गते नोट निष्कासनको काम भएको थियो । यस बैंकले विभिन्न दरका नोटहरू निष्कासित गरी बैंकका आफ्ना विभिन्न शाखा एवं व्यावसायिक बैंकहरू मार्फत उपलब्ध गराउने व्यवस्था गरेको छ ।

(२) श्री ५ को सरकारको बैंक—राजस्व, आन्तरिक ऋण, विदेशी सहायता आदि समस्त आम्दानीको रकम विना व्याज नेपाल राष्ट्र बैंकमा जम्मा हुन्छ र श्री ५ को सरकारको आदेशानुसार यस बैंकले नै भुक्तानी दिने, सटही गर्ने, रुपैयाँ पठाउने जस्ता कार्यहरू गर्दछ । नेपाल राष्ट्र बैंकको कार्यालय नहुने ठाउँहरूमा यी आर्थिक कार्यहरू नेपाल राष्ट्र बैंकको इजाजतको आधारमा राष्ट्रिय वाणिज्य बैंक एवं नेपाल बैंक लिमिटेडले गर्दछ । यी व्यावसायिक बैंकहरूद्वारा हुने यस्ता समस्त कार्यहरूको लेखा परीक्षण, नियंत्रण एवं तथ्याङ्क तयारी गर्ने काम नेपाल राष्ट्र बैंकले नै गर्दछ । फलस्वरूप यसलाई श्री ५ को सरकारको बैंक भनिन्छ ।

(३) पूँजी परिचालन र राष्ट्र ऋणको व्यवस्था—देश विकासको लागि नेपाल राष्ट्र बैंकले संचित धनलाई गतिशील बनाउने प्रयास गर्दछ र यस कार्यको लागि थप

धनको आवश्यकता परेमा श्री ५ को सरकारको स्वीकृति लिई वचत एवं अन्य ऋण पत्रहरू जारी गरी राष्ट्र ऋण उठाउने सम्पूर्ण कार्य यस बैंकले गर्दछ। यस बैंकले पूँजीको सही परिचालनको लागि विभिन्न बैंक एवं वित्तीय संस्थानहरूलाई निर्देशन पनि दिन्छ।

(४) विदेशी विनिमय नियंत्रण—विनिमय दरको निर्धारण, विदेशी मुद्राको क्रय विक्रय, विदेशी मुद्राको आमदानी खर्चको योजनावद्ध तरीकाले सुसंचालन आदि समस्त कार्यहरू यस बैंकले गर्दछ।

(५) श्री ५ को सरकारको आर्थिक सल्लाहकार :—उत्पादन, मूल्य, विदेशी विनिमय एवं शोधनान्तर स्थिति, कृषि एवं औद्योगिक स्थिति आदिको सम्बन्धमा सूक्ष्म अध्ययन गरी यसले श्री ५ को सरकारलाई समयोचित कदम चाल्न सल्लाह दिने काम पनि गर्दछ।

(६) बैंकहरूको बैंक :—यो बैंक अधिराज्यका व्यावसायिक बैंक एवं अन्य वित्तीय संस्थानहरूको पनि बैंकको रूपमा काम गर्दछ। यसले अन्य बैंकहरूलाई निर्देशन एवं सल्लाह दिने काम गर्दछ। यसले वाणिज्य बैंकहरूलाई साधनको अभाव परेको वेलामा विनिमय विलहरूलाई डिस्काउन्टको सुविधा प्रदान गरी अन्तिम ऋणदाताको रूपमा काम गर्दछ। फलस्वरूप यसलाई बैंकहरूको बैंक पनि भनिन्छ।

(७) साख नियंत्रण :—साखको मात्राले देशको आर्थिक स्थितिलाई महत्वपूर्ण ढंगले प्रभावित गर्दछ। नेपाल राष्ट्रबैंकले देशको आर्थिक व्यवस्थाको माग अनुरूप साख नियंत्रण गर्ने काम पनि गर्दछ।

(ख) विकासात्मक कार्यहरू

(१) बैंकिंग विकास :—नेपाल राष्ट्र बैंकले देशमा बैंकिंग विकास गर्ने काम पनि गर्दछ। यस कार्यको लागि बैंकले आफ्नो मुनाफाको केही अंश बैंकहरू स्थापना गर्दा नोक्सान भएमा क्षतिपूर्ति गर्न, बैंकहरू स्थापना गर्न निर्व्याजी सापटी दिन, सर्वेक्षण गर्न जस्ता कार्यहरूमा खर्च गर्दछ।

(२) वित्तीय संस्थाहरूको विकास :—यसले शेयर खरीद, ऋण प्रदान र संचालक समितिमा प्रतिनिधित्व गरी नेपाल औद्योगिक विकास निगम कृषि विकास बैंक, सेक्यूरिटी खरीद बिक्री केन्द्र जस्ता वित्तीय संस्थाहरूको स्थापना, संचालन एवं विकासमा सहयोग पुऱ्याउने काम पनि गर्दछ।

(३) प्राथमिकता प्राप्त क्षेत्र कर्जा :—नेपाल राष्ट्र बैंकले घरेलु, कृषि र सेवा व्यवसायहरूको विकासको लागि वाणिज्य बैंकहरूलाई आफ्नो निक्षेप दायित्वको केही

निश्चित प्रतिशत रकम प्राथमिकता क्षेत्रमा दिन निर्देश दिएको छ। व्यावसायिक बैंकहरूद्वारा उत्पादनशील क्षेत्र अन्तर्गत प्राथमिकता क्षेत्रलाई प्रदान गरिएको कर्जा २०४१।४२ मा कुल कर्जाको ८ प्रतिशत रहेकोमा यस अनुपातलाई वृद्धि गर्दै लगी २०४६।४७ सम्ममा १२ प्रतिशत पुऱ्याउने लक्ष्य छ[1]। यस कार्यक्रमको प्रभावकारिताको लागि सघन बैंकिंग कार्यक्रम पनि संचालन गरिएको छ।

(४) आर्थिक अनुसन्धान र सर्वेक्षण :-=नेपाल राष्ट्र बैंकले अर्थव्यवस्थाका विभिन्न पक्षहरूमा गहन अध्ययन एवं सर्वेक्षण गरी ती प्रतिवेदनहरू प्रकाशित गर्ने काम पनि गर्दै आएको छ। यी अध्ययन, सर्वेक्षण एवं तथ्याङ्कहरूले देशको योजना तर्जुमा गर्न, वार्षिक बजेट बनाउन आदिमा धेरै नै सहयोग पुऱ्याएको छ। यस्ता अध्ययन, सर्वेक्षण एवं अनुसन्धानहरूमा कृषि कर्जा सर्वेक्षण, साझा संस्थाहरूको गतिविधि अध्ययन आर्थिक प्रतिवेदन विशेष रूपले उल्लेखनीय छन्।

(५) तालिम व्यवस्था :—देशको केन्द्रीय बैंक, वाणिज्य बैंक एवं अन्य वित्तीय संस्थाहरूको कर्मचारीहरूको दक्षतामा वृद्धि गर्ने उद्देश्यले नेपाल राष्ट्र बैंकले वि० सं० २०२७ सालमा बेंकर्स प्रशिक्षण केन्द्रको स्थापना गरेको छ। केही कर्मचारीहरूलाई विदेशमा पठाई तालिम दिने व्यवस्था पनि बैंकले गरेको छ।

(६) घरेलु तथा साना उद्योग विकास कार्यक्रम —वि० सं० २०३९ सालदेखि विश्व बैंकको ऋण सहायताबाट घरेलु उद्योगको विकासका लागि यसले वाणिज्य बैंक एवं कृषि विकास बैंक मार्फत विशेष कार्यक्रम संचालन गरेको छ।

(७) अन्तर्राष्ट्रिय संघ संस्थानहरूसँग सम्बन्ध :—उपर्युक्त कार्यहरूको साथसाथै यस बेंकले अन्तर्राष्ट्रिय मुद्रा कोष, एशियाली संशोधन संघ, सियासन अनुसन्धान तथा तालिम केन्द्र आदि संघहरूको सदस्यता प्राप्त गरेको छ।

नेपाल राष्ट्र बैंकका कार्यहरू

(क) परम्परागत कार्यहरू :

१. नोट निष्कासन गर्नु।
२. श्री ५ को सरकारको बैंक।
३. पूंजी परिचालन र राष्ट्र ऋणको व्यवस्था।
४. विदेशी विनिमय नियंत्रण
५. श्री ५ को सरकारको आर्थिक सल्लाहकार।
६. बैंकहरूको बैंक।
७. साख-नियंत्रण।

---

[1] राष्ट्रिय योजना आयोग, सातौं योजना, पृष्ठ ८४१.

(ख) विकासात्मक कार्यहरू :

१. बैंकिंग विकास ।
२. वित्तीय संस्थाहरूको विकास ।
३. प्राथमिकता प्राप्त क्षेत्र कर्जा ।
४. आर्थिक अनुसन्धान र सर्वेक्षण ।
५. तालिम व्यवस्था ।
६. घरेलु तथा साना उद्योग विकास कार्यक्रम ।
७. अन्तर्राष्ट्रिय संघ-संस्थाहरूसँग सम्बन्ध ।

वाणिज्य बैंकहरू

(क) नेपाल बैंक लिमिटेड (Nepal Bank Limited) :—नेपाल बैंक लिमिटेडको स्थापना रु. १ करोड़को अधिकृत पूँजीमा वि . .सं १९९४ साल कार्तिक ३० गते भएको थियो । प्रारम्भमा यस बैंकमा श्री ५ को सरकारको शेयर भन्दा जनताको शेयर नै बढ़ी थियो । वि सं २००९ सालमा श्री ५ को सरकारको शेयरमा वृद्धि गरी ५१ प्रतिशत पुर्‍याइयो । बैंक ऐन २०३१ जारी भइसके पछि यस बैंकको संचालन पनि यसै ऐन अन्तर्गत ल्याइयो । वि. सं. २०३५ सालमा यसको अधिकृत पूँजीमा बृद्धि गरी रु. २ करोड़ पुर्‍याइएको छ ।

संगठन :—बैंकको संचालन ९ जना सदस्य भएको संचालक समिति (Boar of Directors) द्वारा हुन्छ । संचालक समितिको गठन निम्न बमोजिम गरिने व्यवस्था छ ।

प्रतिनिधिहरू	पद	संख्या
श्री ५ को सरकारद्वारा मनोनीत	अध्यक्ष	१
प्रशासन व्यवस्था विभाग	सदस्य	१
अर्थ-मंत्रालय	,,	१
नेपाल राष्ट्र बैंक	,,	१
श्री ५ को सरकारद्वारा मनोनीत	,,	१
शेयर होल्डसंहरूद्वारा निर्वाचित	,,	४
जम्मा		९ जना

उपर्युक्त संचालक समितिमा साधारण सभाद्वारा निर्वाचित सदस्यहरूको पदावधि ४ वर्षको हुन्छ र बाँकी अध्यक्ष एवं सदस्यहरूको पदावधि श्री ५ को सरकारले चाहे-

सम्मको लागि हुन्छ । संचालक समितिले एक महाप्रबन्धकको नियुक्ति गर्ने व्यवस्था छ । यस महाप्रबन्धकले संचालक समितिद्वारा पारित नीति नियम तथा निर्देशन अनुसार बैंकको दैनिक कार्य संचालन गर्दछ । वि. सं. २०४४ सम्म यस बैंकको शाखा प्रशाखाहरूको संख्या २१९ पुगिसकेको छ । यस बैंकमा करीब ८ हजार मानिसले रोजगारी पाएका छन् ।

नेपाल बैंक लिमिटेडका कार्यहरू :—नेपाल बैंक लिमिटेड एउटा वाणिज्य बैंक भएको हुनाले यसको मुख्य उद्देश्य नाफा कमाउनु नै हो । तर अन्य देशहरूका वाणिज्य बैकहरूझैं यसले नाफा कमाउनका साथ-साथै जनताको लागि उपयोगी र देश विकासमा सहायक हुने कार्यहरू पनि गर्दछन । यस बैंकको केही प्रमुख कार्यहरूको उल्लेख प्रस्तुत छ—

(१) जम्मा स्वीकार गर्ने कार्य :—नेपाल बैंक लिमिटेडले अन्य व्यावसायिक बैंकहरूले झैं सर्वसाधारण जनता, संघ संस्था आदिहरूसँग रहेका पूँजीहरूलाई निक्षेपको रूपमा स्वीकार गर्दछ । यसले (क) चल्ती खाता, (ख) बचत खाता र (ग) मुद्दती खाता भन्ने तीन प्रकारको निक्षेप स्वीकार गर्दछ । चल्ती खातामा ब्याज दिंदैन । यो खाता व्यापारी वर्गहरूको लागि उपयुक्त हुन्छ । बचत एवं मुद्दती खातामा ब्याज दिइन्छ । बचत-खाता थोरै आमदानी हुने व्यक्तिहरूको लागि उपयुक्त हुन्छ र मुद्दती खाता बैंकमा एक मुष्ठ धेरै रकम राख्न सक्ने व्यक्तिहरूको लागि उपयुक्त हुन्छ । यी खाताहरूमा दिने ब्याजको दर समय-समयमा परिवर्तित भै रहन्छ । हाल बचत खातामा ८·५ प्रतिशत ब्याज दिइन्छ भने मुद्दती खातामा जति लामो समयको लागि रकम राखिन्छ ब्याजको दर उति नै बढ़ी हुन्छ । यसमा अधिकतम ब्याजको दर भने १४ प्रतिशत छ ।

(२) कर्जा दिने—यस बैंकले धीतोको आधारमा सर्वसाधारण जनता, व्यवसाय, फर्महरूलाई कर्जा दिने काम गर्दछ । यसले धीतोको रूपमा सुन-चाँदी, चल अचल सम्पत्ति, कम्पनीको अंश, ऋण-पत्र, सरकारी प्रतिभूति विनिमय विल, प्रतिज्ञापत्र आदि स्वीकार गर्दछ । यसले चल्ती खातावालालाई २० प्रतिशतको ब्याज दरमा ३ महीनाको लागि एवं संस्थाहरूलाई ६ महीनाको लागि अधि-विकर्षको सुविधा प्रदान गरी पनि ऋण दिने कार्य गर्दछ ।

(३) सरकारको बैंकको रूपमा कार्य :—नेपाल राष्ट्र बैंक वा राष्ट्रिय वाणिज्य बैंकको शाखा नभएका ठाउँहरूमा यसले नेपाल राष्ट्रबैंकको अभिकर्ताको रूपमा काम गर्दछ । यसरी नेपाल राष्ट्र बैंकको अभिकर्ताको रूपमा काम गर्दा यसले नै श्री ५ को सरकारको राजस्व संकलन गर्ने, श्री ५ को सरकारको अन्य आमदानी खर्च सम्बन्धी सम्पूर्ण कारोबार गर्ने आदि कामहरू गर्दछ ।

(४) एक स्थानबाट अर्को स्थानमा मुद्रा पठाउने :—नेपाल बैंक लि. ले ड्राफ्ट, टी. टी आदिद्वारा एक ठाउँबाट अर्को ठाउँमा ग्राहकको सुविधाको लागि मुद्रा पठाउने काम पनि गर्दछ। ग्राहकको सुविधाको लागि यसले अर्को ब्याङ्कबाट पाउनु पर्ने रकमको संकलन (Collection) पनि गर्दछ र यस कामको लागि बैंकले केही कमीशन लिन्छ।

(५) साख-पत्र जारी गर्ने :—यसले राष्ट्रिय एवं अन्तर्राष्ट्रिय व्यापारमा प्रोत्साहनको लागि चेक, हुण्डी, ड्राफ्ट आदि साख पत्रहरूको जारी गर्दछ र साख पत्रहरूको क्रय-विक्रय एवं बट्टा गर्ने (Discount) काम पनि गर्दछ। यात्रीहरूको सुविधाको लागि यसले यात्री चेक पनि जारी गर्ने काम गर्दछ।

(६) विदेशी विनिमय सम्बन्धी कार्य :—यसले नेपाल राष्ट्र बैंकको स्वीकृति प्राप्त गरी विदेशी मुद्रा साट्ने काम पनि गर्दछ र यसको विवरण नेपाल राष्ट्र बैंकलाई दिन्छ।

(७) शेयर एवं ऋण पत्रहरूको क्रय-विक्रय :—नेपाल बैंक लिमिटेडले श्री ५ को सरकारद्वारा जारी गरिएको विकास ऋण पत्रको साथ-साथै विभिन्न संस्थान तथा कम्पनीहरूको शेयर तथा ऋण पत्रहरूको क्रय-विक्रय गर्ने काम गर्दछ।

(८) नेपाल राष्ट्रबैंकद्वारा तोकिएका अन्य कार्यहरू:—माथिका कार्यहरूको साथ-साथै यसले नेपाल राष्ट्र बैंकद्वारा तोकिएका अन्य कार्यहरू पनि गर्दछ।

नेपाल बैंक लिमिटेडका कार्यहरू

१. जम्मा स्वीकार गर्ने कार्य
२. कर्जा दिने
३. सरकारको बैंकको रूपमा कार्य
४. एक स्थानबाट अर्को स्थानमा मुद्रा पठाउने कार्य
५. साख पत्र जारी गर्नु
६. विदेशी विनिमय सम्वन्धी कार्य
७. शेयर एवं ऋण पत्रहरूको क्रय-विक्रय
८. नेपाल राष्ट्र बैंकद्वारा तोकिएका अन्य कार्यहरू

राष्ट्रिय वाणिज्य बैंक

राष्ट्रिय वाणिज्य बैंकको स्थापना रु० १ करोड़को अधिकृत पूँजीबाट बैंक ऐन २०२१ अन्तर्गत २०२२ साल माघ १० गते भएको हो। यस बैंकको पूर्ण स्वामित्व श्री ५ को सरकारको छ। वि. सं. २०४२ सालमा यसको अधिकृत पूँजीमा वृद्धि गरी

रु. ४ करोड़ गरियो। हाल यो बैंक वाणिज्य बैंक ऐन २०३१ अन्तर्गत संचालन भैं रहेको छ। वि. सं. २०४२ सम्म देशमा यस बैंकका १८९ शाखाहरू छन् जसमा ५४६९ मानिसहरूले विभिन्न स्तरका रोजगारी पाएका छन्।

प्रमुख उद्देश्यहरू :—यस बैंकका प्रमुख उद्देश्यहरू निम्नांकित छन्—

(१) छरिएका पूँजीहरूलाई परिचालन गरी व्यापार एवं उद्योगको विकासमा लगाउने र

(२) जनतालाई बैंकिंग सुविधा उपलब्ध गराई देशमा बैंकिंग विकास गर्ने।

संगठन :—बैंकको आन्तरिक व्यवस्था संचालन गर्न अध्यक्ष लगायत ७ जना संचालकहरू भएको एक संचालक समितिको व्यवस्था रहेको छ। संचालक समितिमा अध्यक्ष लगायत ५ जना सदस्यको नियुक्ति श्री ५ को सरकारद्वारा र बाँकी २ जनाको नियुक्ति नेपाल राष्ट्र बेंकद्वारा गरिन्छ।

कार्यहरू:—बैंक जमा स्वीकार गर्नु, कर्जा दिनु, साख-पत्र जारी गर्नु जस्ता नेपाल बैंक लिमिटेडले गर्ने सम्पूर्ण कार्यहरू यस बैंकले पनि गर्दछ। तर दुवै बैंकहरूको कार्य समान भए पनि दुवैको कार्यहरूमा केही फरक पनि छ। राष्ट्रिय वाणिज्य बैंक नेपाल राष्ट्र बैंकको अभिकर्ताको रूपमा काम गर्दछ। फलस्वरूप यसको मूल उद्देश्य केवल नाफा कमाउनु मात्र छैन। देशमा बैंकिंग विकास गर्नु यसको प्रमुख उद्देश्य रहेको छ। यसै उद्देश्य अनुरूप यस बैंकले दुर्गम क्षेत्रहरूमा बैंकिंग विकास गर्ने, सघन बैंकिंग कार्यहरूको विकास तथा कृषि आयोजना सेवा केन्द्र, घरेलु उद्योग तथा शिल्प भंडार, कर्जा सुरक्षण निगम संस्थाहरूको अंशमा लगानी गरी देशमा संस्थाहरूको प्रवर्धनमा विशेष जोड़ दिएको छ।

नेपाल अरब बैंक लिमिटेड

नेपाल अरब बैंक लिमिटेड नेपाली तथा विदेशीहरूको संयुक्त पूँजी लगानी भएको एक व्यावसायिक बैंक हो। यसको स्थापना १० करोड़को अधिकृत पूँजीबाट वि. सं. २०४१ साल वैशाख २९ गते भएको हो। यो बैंक पनि वाणिज्य बैंक ऐन २०३१ अन्तर्गत संचालित भै रहेको छ। आधुनिक कम्प्यूटर सुविधायुक्त यस बैंकले स्थापनाको पहिलो सालदेखि नै नाफा कमाउनमा सफलता प्राप्त गर्दै आएको छ।

संगठन :—यस बैंकको संचालन एक जना अध्यक्ष र ८ जना संचालकहरू गरी ९ जनाको संचालक सिमितिद्वारा हुन्छ। संचालक समितिको गठन निम्न अनुसार हुने व्यवस्था छ।

प्रतिनिधिहरू	संख्या	पद
श्री ५ को सरकारबाट मनोनीत	१	अध्यक्ष
,, ,, ,,	२	संचालक
शेयर होल्डर तर्फबाट ४ वर्षको लागि निर्वाचित	२	संचालक
यूनियन बैंक अफ द मिड्ल इस्टबाट मनोनीत	४	संचालक
जम्मा	९ जना	

नेपाल इन्डोस्वेज बैंक

नेपाल इन्डोस्वेज बैंकको स्थापना रु. १२ करोड़को अधिकृत पूँजीमा माघ २३ गते वि. सं. २०४३ सालमा भयो। यस बैंकको स्थापना सर्वसाधारण नेपाली जनता नेपालका बैंक तथा वित्तीय संस्थाहरू एवं फ्रांसको इण्डोस्वेज बैंकको संयुक्त लगानीमा भएको हो। यो बैंक पनि वाणिज्य बैंक ऐन २०३१ अन्तर्गत संचालित भै रहेको छ। बैंक आधुनिक कम्प्यूटर सुविधायुक्त भएको हुनाले बैंक सेवा छिटो छरितो हुन्छ। फलस्वरूप साधारण ग्राहकको साथ-साथै विदेशी कारोबार यस बैंकमा बढी आकर्षित हुनु स्वाभाविक नै हो। यस बैंकको संचालन व्यवस्था पनि ९ जना सदस्य भएको मंचालक मंडलद्वारा हुन्छ। सदस्यहरूमध्ये श्री ५ को सरकारको तर्फबाट १ जना, इण्डोस्वेज बैंकबाट ४ जना, राष्ट्रिय वाणिज्य बैंकबाट १ जना, राष्ट्रिय वीमा संस्थानबाट १ जना र शेयरहोल्डर्सबाट २ जना रहने व्यवस्था छ।

नेपाल ग्रीनल्यान्ड बैंक

नेपाल ग्रीनलैंड बैंक विदेशी व्यावसायिक बैंक हो। यसको स्थापना वि. सं. २०४३ सालमा रु, १ करोड़को अधिकृत पूँजीबाट भएको हो। यस बैंकको रु. ३ करोड़को चुक्ता पूँजो (Paid up Capital) मा ४० प्रतिशत ग्रीनलैंड बैंक, ३५ प्रतिशत नेपाल बैंक लिमिटेड र १५ प्रतिशत सर्वसाधारण नेपाली जनताको शेयर रहेको छ। यस बैंकले पनि अन्य व्यावसायिक बैंकहरूले गर्ने कामहरू नै गर्दछ।

Model Questions

(१) Describe the organisation and functions of the Nepal Rastra Bank.
नेपाल राष्ट्र बैंकको गठन एवं कार्यहरूको वर्णन गर्नुहोस् ।

(२) Describe the functions of commercial banks in Nepal.
नेपालका व्यावसायिक बैंकहरूका कार्यहरूको उल्लेख गर्नुहोस् ।

(३) छोटो टिप्पणी दिनुहोस्——
(क) राष्ट्रिय वाणिज्य बैंक
(ख) नेपाल अरब बैंक
(ग) नेपाल इन्डोस्वेज बैंक
(घ) नेपाल ग्रीनल्यान्ड बैंक

अध्याय : ३० : नेपाल औद्योगिक विकास कर्पोरेशन

(Nepal Industrial Development Corporation)

परिचय :—नेपाल औद्योगिक विकास बैंक हाम्रो देशको एउटा विकास बैंक हो । अधिराज्यमा निजी क्षेत्रका उद्योगहरूलाई आर्थिक एवं प्राविधिक सहयोग दिन वि. सं. २०१३ सालमा औद्योगिक विकास केन्द्रको स्थापना गरियो । वि. सं. २०१६ सालमा यस औद्योगिक विकास केन्द्रलाई नेपाल औद्योगिक विकास करपोरेशन (N. I. D. C.) मा परिणत गरियो । वि. सं. २०३१ सालसम्म यसले औद्योगिक प्रवर्द्धन, तालिम एवं परामर्श सेवाहरू जस्ता गैर-बैंकिंग (Non-Banking) कार्यहरू पनि गर्दै आएको थियो । तर २०३१ सालमा औद्योगिक सेवा केन्द्रको स्थापना उपरान्त औद्योगिक सम्भाव्यता अध्ययन, तालिम एवं परामर्श सेवाहरू जस्ता गैर-बैंकिंग कार्यहरू औद्योगिक सेवा केन्द्रलाई सुम्पियो । फलस्वरूप २०३१ सालदेखि औद्योगिक विकास निगमको कार्य बैंकिंग सेवासम्म मात्र सीमित रहेको छ ।

निगमका मुख्य उद्देश्य एवं कार्यहरू :—निगमको मुख्य उद्देश्य निजी क्षेत्रमा उद्योगहरूको प्रवर्द्धन एवं आधुनिकीकरणको लागि निजी क्षेत्रका उद्योगीहरूलाई प्रोत्साहन दिनु हो । यस उद्देश्यको पूर्तिको लागि निगमले आवश्यकतानुसार निम्नांकित कार्यहरू गर्दछ[1] ।

१. निजी क्षेत्रमा प्राविधिक तथा आर्थिक दृष्टिले सम्भाव्य उद्योगहरूको स्थापना, विस्तार र आधुनिकीकरणको लागि पर्याप्त धीतो लिई ऋण सहयोग दिने वा शेयर क्रय गरी औद्योगिकीकरणमा भाग लिने ।

२. औद्योगिक विकासको लागि हिस्सा, प्रतिज्ञा पत्र (वण्ड), डिवेन्चर आदि खरीद बिक्री गर्ने र नेपाली नागरिकलाई शेयर किन्न बढ़ावा दिने ।

३. नेपालका वाणिज्य बैंकहरूबाट औद्योगिक संस्थानहरूले लिएका ऋणको स्वीकृति शर्तनामा अनुसार धन जमानी बस्ने ।

४. करपोरेशन आफूले नयाँ उद्योगहरू स्थापना गरी चालूभए पछि यसको हिस्सा (शेयर) बिक्री गर्ने वा स्वामित्व हक छाड़ी करपोरेशनले लगानी गरेको स्रोत पुनः प्राप्त गर्ने ।

---

[1] ने. औ. वि. करपोरेशन, नेपाल औद्योगिक विकास करपोरेशन एक परिचय, २०३४, पृ० १-२,

५. औद्योगिक सर-सल्लाह र प्रशिक्षण दिने, कच्चा पदार्थ र तत्सम्बन्धी उत्पादनको विश्लेषण, बजार सर्वेक्षण, वस्तु स्थिति, अनुसन्धान, विदेशी निजी लगानीको प्रबर्द्धन तथा लगानी गर्न सहयोग दिने खालका औद्योगित तथा वाणिज्य तथ्याङ्क-हरू संकलन र वितरण गर्ने ।

६. स्वदेशी तथा विदेशी बैंकहरूसँग कुनै पनि लेन-देनको कारोबार गर्ने ।

७. चल तथा अचल सम्पत्ति खरीद विक्री गर्ने ।

८. श्री ५ को सरकार र उद्योगपतिहरूलाई उनीहरूको अनुरोधानुसार औद्योगिक वित्तीय व्यवस्था तथा प्राविधिक सर-सल्लाह प्रदान गर्ने।

९. कुनै पनि उद्योगलाई सेवा प्रदान गरिए वापत शुल्क तथा दस्तुर लिने ।

१०. यस करपोरेशनको ऐनले प्रदान गरेको कर्तव्य र उद्देश्य वमोजिम अन्य सबै कार्य-हरू गर्ने ।

पूँजी :—वि. सं. २०१७/१८ मा यस निगमको अधिकृत पूँजी रु० १ करोड़ र चुक्ता पुँजी ६८ लाख थियो । यसको अधिकृत पूँजीमा पटक-पटक वृद्धि हुन गई हाल रु० २५ करोड़ पुग्न गएको छ । हाल यसको चुक्ता पूँजी रु० २१ करोड़ १० लाख पुगेको छ[२] ।

संगठन :—यस निगमको सबै काम कारवाहीको रेख-देख र व्यवस्था गर्न श्री ५ को सरकारबाट ४ जना र निजी क्षेत्रबाट उद्योग एवं व्यवसायको क्षेत्रमा पूर्णज्ञान भएका २ जना प्रतिनिधि समेत गरी ६ जना संचालक भएको एक संचालक समितिको व्यवस्था छ । यस संचालक समितिको सामान्य निर्देशनमा महाप्रबन्धकबाट निगमको कार्य संचालन हुन्छ । संचालक समितिको वर्तमान संगठन यस प्रकार छ ।

अध्यक्ष, ने. औ. वि. नि.	अध्यक्ष
सह-सचिव, अर्थ मंत्रालय	सदस्य
महा-निर्देशक, उद्योग-विभाग	सदस्य
कार्यकारिणी निर्देशक, काठमाण्डौ बैंकिंग अफिस, नेपाल बैंक लिमिटेड	सदस्य
महाप्रबन्धक, नेपाल बैंक लिमिटेड	सदस्य
प्रतिनिधि निजी क्षेत्र	सदस्य
महाप्रबन्धक ने. औ. वि. नि.	सदस्य-सचिव

करपोरेशनमा महाप्रबन्धकलाई सहयोग गर्न दुई जना नायब महाप्रबन्धकको पनि व्यवस्था गरिएको छ । एक नायब महाप्रबन्धकले ऋण परिचालन कार्य हेर्ने र अर्कोले प्रशासन कार्य हेर्ने व्यवस्था छ । कर्पोरेशन अन्तर्गत (१) परियोजना पहिचान तथा

---

[२] नेपाल राष्ट्र बैंक, क्वार्टरली इकोनोमिक बुलेटिन, भौल २१,१९८७ पृ. २६

विकास विभाग (२) परियोजना प्रवर्द्धन तथा प्रचार विभाग (३) परियोजना विश्लेषण विभाग (४) कानून विभाग (५) परियोजना कार्यान्वयन विभाग (६) अर्थ-विभाग (७) रेख-देख तथा मूल्याङ्कन (८) परियोजना सेवा विभाग (९) अनुसन्धान तथा योजना विभाग, (१०) लेखा विभाग (११) आन्तरिक लेखा परीक्षण तथा निरीक्षण विभाग र (१२) प्रशासन तथा तालिम विभाग गरी १२ ओटा विभागहरू छन् । कर्पोरेशनका निम्न बमोजिम चार क्षेत्रीय कार्यालयहरू पनि छन्—

१. पूर्वाञ्चल क्षेत्रीय कार्यालय, विराटनगर
२. पश्चिमाञ्चल क्षेत्रीय कार्यालय, पोखरा
३. मध्य पश्चिमाञ्चल कार्यालय, नेपालगंज
४. सूदूर पश्चिमाञ्चल क्षेत्रीय कार्यालय, धनगढी

करपोरेशनको प्रगति :—नेपाल औद्योगिक विकास करपोरेशनले निजी क्षेत्रका उद्योगहरूलाई प्रत्यक्ष ऋण सहायता, ऋणको ग्यारेन्टी एवं स्टक पार्टिशिपेशनद्वारा वित्तीय सहयोग दिंदै आएको छ । वि. सं. २०१८ मा करपोरेशनले रु० १.३ मिलियनको वित्तीय सहयोग दिएको थियो । वि. सं. २०३८ सालमा सो सहयोगमा वृद्धि हुन गई रु० ३४८.८ मिलियन पुग्न गयो । वि. सं. २०४४ को वैशाखसम्म करपोरेशनको कुल वित्तीय सहयोग रु० ७१३.२ मिलियन पुग्न गयो । यस्तै प्रकारले औद्योगिकीकरणमा यसले सहायता दिंदै आएको छ । वि. सं. २०१८ सालदेखि २०४४ सालसम्म करपोरेशनद्वारा गरिएको वित्तीय सहयोग निम्न तालिकामा प्रस्तुत छ ।

तालिका ३०·१

नेपाल औद्योगिक विकास कर्पोरेशनको वित्तीय सहयोग एवं लगानी

(रु० मिलियनमा)

	वित्तीय सहयोग			-	लगानी	
वर्ष	प्रत्यक्ष ऋण	ऋण ग्यारेन्टी	स्टक पार्टिशिपेशन	कुल	औद्योगिक क्षेत्र	सरकारी प्रतिभूति
२०१८आषाढ़	०.३	०.२	०.८	१.३	०.६	—
२०२८ ,,	५२.०	४.१	५.४	६१.५	८.८	—
२०३८ ,,	२८१.८	३०.३	३६.७	३४८.८	९.४	२.४
२०४४वैशाख	५५४.५	५०.३	१०८.४	७१३.२	—	०.९

स्रोत—नेपाल राष्ट्र बैंक, क्वार्टरली इकोनोमिक बुलेटिन भौल २१, नं० ३८४, पृ. २७.

Model Question

१. Describe the organisation and functions of Nepal Industrial Development Corporation.
नेपाल औद्योगिक विकास करपोरेशनको गठन एवं कार्यहरूको वर्णन गर्नुहोस् ।

———

अध्याय
: ३१ :

कृषि विकास बैंक
(Agricultural Development Bank)

ऐतिहासिक पृष्ठभूमि एवं स्थापना—सहकारी बैंक ऐन २०१९ अन्तर्गत वि० सं० २०२० सालमा सहकारी बैंकको स्थापना गरिएको थियो । यस सहकारी बैंकबाट सहकारी संस्थाहरू अन्तर्गत पर्ने किसानहरूलाई मात्र ऋण सुविधा उपलब्ध हुन्थ्यो । तसर्थ सहकारी संस्था अन्तर्गत पर्ने र नपर्ने सबै किसानहरूलाई ऋण सुविधा उपलब्ध गराउने उद्देश्यले कृषि विकास बैंक ऐन २०२४ अन्तर्गत वि० सं० २०२४ साल माघ ७ गते सहकारी बैंकलाई समेत गाभी कृषि विकास बैंकको स्थापना गरियो । यसै बीच भूमि सुधार कार्यक्रम अन्तर्गत गठन गरिएका वडा समितिहरूद्वारा संकलित अनिवार्य बचतको रकम परिचालन र सदुपयोग गर्न वि. सं. २०२३ सालमा अर्को संस्था भूमि सुधार बचत संस्थान (Land Reform Saving Corporation) को स्थापना गरियो । कृषि विकास बैंक र भूमि सुधार बचत संस्थान भन्ने दुबै संस्थाहरू एउटै कामको लागि दोहरो पर्न गयो । तसर्थ वि. सं. २०३० साल श्रावण १ गते यस दोहोरोपनलाई हटाउन भूमि सुधार बचत संस्थानलाई पनि यसै कृषि विकास बैंक अन्तर्गत गाभियो । यस पछि संस्थागत कृषि ऋण व्यवस्था गर्न कृषि विकास बैंक नै एक मात्र संस्था रहन गएको हुनाले यसको कार्य क्षेत्र धेरै नै विस्तृत हुन गएको छ ।

बैंकको पूंजी—कृषि विकास बैंकको अधिकृत पूंजी रु० ५ करोड थियो । अधिकृत पूंजीमा पटक-पटक वृद्धि हुन गई हाल यसको अधिकृत पूंजी रु० ४० करोड़ पुग्न गएको छ । वि. सं० २०४४ वैशाखसम्म यसको चुक्ता पूंजी रु०. २५०·८ मिलियन पुगेको छ । बैंकको चुक्ता पूंजी मध्ये सं० २०१·३ मिलियन (८०·३ प्रतिशत) श्री ५ को सरकार-बाट, रु० ३० मिलियन (१२ प्रतिशत) नेपाल राष्ट्र बैंकबाट तथा रु. १९·५ मिलियन (७·७ प्रतिशत) सहकारी संस्था एवं जनसाधारणबाट प्राप्त भएको छ । बैंकले शेयरको साथ-साथै विभिन्न ठाउँहरूमा बैंकिग कार्यालय स्थापना गरेको ठाउँहरूमा पनि सर्वसाधारण जनताबाट जम्मा हुन आएको विभिन्न प्रकारका निक्षेप (चल्ती, बचत र मुद्दती खाता) बाट पनि पूंजी संकलन गर्दछ । वि. सं. २०४४ वैशाखसम्म विभिन्न प्रकारका निक्षेपहरूबाट बैंकलाई रु. १९७·३ मिलियन पूंजी संकलन भएको छ । यस निक्षेप रकमको अलावा बैंकलाई नेपाल राष्ट्र बैंक, व्यावसायिक बैंक्स् र विदेशबाट पनि

सापटी प्राप्त हुन्छ। यस प्रकारको सापटी वैशाख २०४४ सम्म बैंकलाई रु. १४१६·६ मिलियन प्राप्त भएको छ।

उपर्युक्त स्रोतहरूका साथ-साथै अनिवार्य बचत एवं रिजर्भबाट प्राप्त हुने रकम पनि बैंकको स्रोतको रूपमा आउँछन्। विभिन्न स्रोतहरूबाट प्राप्त हुने आर्थिक स्रोतहरूको विवरण निम्न तालिका ३१·१ मा प्रस्तुत छ।

तालिका ३१·१

कृषि विकास बैंकका साधनहरू/वैशाख २०४४

(रु० मिलियनमा)

पूंजीका स्रोतहरू	रकम
चुक्ता-पूंजी	२५०·८
सापटी	१४१६·६
निक्षेप	१९७·३
अनिवार्य बचत	३५·४
रिजर्भ एवं बचत	४·८
कुल	१९०४·९

(स्रोत—नेपाल राष्ट्र बैंक, क्वार्टरली इकोनोमिक बुलेटिन, भौल-२१, अंक ३ र ४, १९८७, पृ० २४-२५)

बैंकको संगठन र व्यवस्थापन—बैंकको संगठन एवं व्यवस्थापनको लागि देहाय बमोजिमका सदस्यहरू भएको एक संचालक समितिको व्यवस्था छ—

प्रतिनिधि	संख्या	पद
नेपाल राष्ट्र बैंकले मनोनीत गरेको	१	सदस्य
श्री ५ को सरकारद्वारा मनोनीत साझा संस्थाहरूको प्रतिनिधि	१	,,
श्री ५ को सरकारले शेयर धनीहरू मध्येबाट मनोनीत गरेको	१	,,
खाद्य कृषि तथा सिचाइ मंत्रालयको	१	,,

भूमि-सुधार मंत्रालयको	१	,,
अर्थ मन्त्रालय	१	,,
बैंकको महाप्रबन्धक	१	,,

माथिका संचालकहरू मध्येवाट श्री ५ को सरकारले एक जना अध्यक्ष मनोनयन गर्ने व्यवस्था छ । सहकारी संस्था एवं शेयरधनीहरूको प्रतिनिधिहरूको कार्यावधि २ वर्ष एवं अन्य सदस्यहरूको कार्यावधि निजको प्रतिनिधित्व गर्ने कार्यालयहरूले प्रतिनिधि कायम राखेसम्मको हुने व्यवस्था छ ।

बैंकका कार्यहरू—कृषि विकास बैंक ऐन चौथो संशोधन २०४२ अनुसार बैंकले निम्नांकित कार्यहरू गर्ने छन्—

१. कृषि विकासको लागि अल्पकालीन, मध्यकालीन तथा दीर्घकालीन ऋण कुनै व्यक्ति, सहकारी संस्था, ग्राम समिति वा आफूले मोहियानी हक पाई जोति आएको जग्गा खरीद गर्न मोहिलाई तोकिएको शर्त बमोजिम दिइने छ ।
२. कृषि विकासलाई चाहिने साधनहरू किसानलाई उपलब्ध गराउने ।
३. कृषि पदार्थ संशोधन तथा संरक्षण गर्ने लघु उद्योग र कृषि विकासलाई चाहिने साधनहरू उत्पादन गर्ने उद्योगहरूमा लगानी गर्ने वा ऋण दिने ।
४. नेपाल राष्ट्र बैंकको स्वीकृति लिई बैंकिंग सम्बन्धी कामहरू गर्ने ।
५. कृषि, घरेलु तथा साना उद्योग स्थापना र संचालन गर्न ऋण दिने ।
६. उपभोक्ता ऋण दिने ।
७. बैंकको उद्देश्य पूरा गर्न समय-समयमा समितिको सल्लाह लिई श्री ५ को सरकार-द्वारा तोकिएका अन्य काम कुरा गर्ने ।
८. साना किसान तथा साना किसान समूहलाई बैंकले व्यक्तिगत वा सामूहिक उत्तर-दायित्वमा पूरै वा आंशिक धीतो बन्धक लिई वा नलिई समितिले तोके बमोजिमको ऋण दिने ।

बैंकको प्रगति—कृषि विकास बैंकले प्रारम्भदेखि नै कृषि उत्पादन, सिंचाइ व्यवस्था, मोहीहरूलाई जग्गा प्राप्त गर्न, कृषि व्यवसाय, बजार व्यवस्था, गोदाम घर निर्माण, फलोद्यान्न एवं चीया खेती विकासको लागि विभिन्न प्रकारका ऋणहरू दिँदै आएको छ । आ. व. २०३१/३२ मा बैंकले रु० १८·१७ करोड़ कर्जा वितरण गरेको थियो । कर्जा वितरणको रकम आ. व. २०४२/४३ मा रु० ६६·३८ करोड़ पुग्न गएको छ । त्यसै गरी आ. व. २०३१/३२ मा बैंकको सावाँ असुली रु. ७·६१ करोड़ थियो जो आ. व. २०४२/४३ मा रु. ३६·४८ करोड़ पुग्न गयो । बैंकको खुद कर्जा वितरण आ. व. २०३१/३२ मा रु. १०·५६ करोड़ थियो जो आ. व. २०४२/४३ मा

रु. २९·९० करोड़ हुन गएको छ। बैंकले कर्जा उठाउन बाँकी रकम आ. व. २०३१/३२ मा रु० ३२·६७ करोड़ थियो। यो रकम आ. व. २०४२/४३ मा रु. १६५·९५ करोड़ पुग्न गएको हुनाले यसमा ११ वर्षको अवधिमा ५·१ दोब्बर वृद्धि हुन गएको छ। यसरी वित्तीय संस्थाको रूपमा कर्जा उठाउने समस्या एउटा गम्भीर समस्याको रूपमा देखिन आउँछ। आ. व. २०३१/३२ देखि आर्थिक वर्ष २०४२/४३ को अवधिमा बैंकले वितरण गरेको कर्जा सावाँ असुली, खुद कर्जा वितरण तथा उठाउन बाँकी रहेको रकम निम्न तालिकामा प्रस्तुत छ—

तालिका ३१·२

कृषि विकास बैंकको कर्जा वितरण

२०३१।३२—२०४२।४३

(रु० करोड़मा)

आ. व.	कर्जा वितरण	सावाँ असुली	खुद कर्जा वितरण	उठाउन बाँकी
२०३१।३२	१८·१७	७·६१	१०·५६	३२·६७
२०३५।३६	२१·७९	१४·८९	६·९०	४२·६८
२०३९।४०	३४·५८	२१·०२	१३·५६	७०·२३
२०४०।४१	४७·६२	३४·९१	२२·७१	९२·८५
२०४१।४२	५८·३८	३५·००	२३·३८	११६·४८
२०४२।४३	६६·३८	३६·४८	२३·९०	१६५·९५

(स्रोत–श्री ५ को सरकार, अर्थ मंत्रालय, आर्थिक सर्वेक्षण, आर्थिक वर्ष २०४३/४४, तालिका ७·५, पृ० ४८.)

Model Question

1. Describe the organisation and functions of Agricultural Development Bank.

   कृषि विकास बैंकको गठनं एवं कार्यहरूको वर्णन गर्नुहोस्।

●

अध्याय : ३२ :

नेपालमा योजनाको विकास

(Development of Planning in Nepal)

नेपालमा योजनाको इतिहास धेरै लामो छैन। प्रथम विश्वयुद्ध प्रारम्भ हुनु भन्दा केही दिन पूर्व जुद्ध शमशेर राणाको प्रधानमंत्रीत्व कालमा एक २० वर्षीय योजनाको घोषणा भएको थियो तर यसको कार्यान्वयन भएन। वि. सं. १९९६ सालमा १५ वर्षीय योजना तर्जुमा गर्ने 'राष्ट्रिय योजना समिति' को गठन गरियो। यस समिति-द्वारा तर्जुमा भएको योजना जनसमक्ष आएन र यो समिति पनि भंग भयो। वि. सं. २००७ सालको परिवर्तन पछि पनि केही वर्षमा आर्थिक विकासको लागि विभिन्न क्षेत्रमा केही कदम चालिए। तर स्वस्थ राजनैतिक वातावरणको अभावले गर्दा विकास तर्फ विशेष प्रगति हुन सक्तैन। शायद यो कुरा एक राजनैतिक तथा प्रशासकीय प्रणालीबाट अर्को प्रणालीमा परिवर्तन हुँदा आई पर्नें संक्रमणकालीन स्थितिले गर्दा केही हदसम्म स्वाभाविक नैं थियो। वि. सं. २०१३ सालमा योजना मंडलको गठन भए पछि मात्र नेपालमा संगठित तथा योजनाबद्ध रूपमा आर्थिक विकास गर्ने प्रयास शुरू भयो।[1]

पहिलो पंचवर्षीय योजना (२०१३-१८) :—प्रथम पंचवर्षीय योजना आश्विन २०१३ सालदेखि शुरू भयो र २०१८ साल आंषाढ़मा पूरा भयो। यस योजनाको मुख्य उद्देश्य थियो—(१) उत्पादन तथा रोजगारीमा वृद्धि गर्नु (२) कुनै भेद-भाव नराखी जनताको जीवन-स्तरमा सुधार गर्नु (३) योजनाको सफल कार्यान्वयनको लागि केही छोटा र सरल नियमहरू बनाउनु र आवश्यक सरकारी संस्थाहरू गठन गर्नु (४) आर्थिक आधार खड़ा गर्नु र आवश्यक तथ्याङ्क संकलन गर्नु।

खर्चको बाँड़-फाँड़ :—यस योजनामा ग्राम विकासमा रु० ४·२५ करोड़ (कुल खर्चको १२·८ प्रतिशत), कृषि र वनमा रु० ३.२० करोड़ (८·७ प्रतिशत) निर्माण संचार र यातायातमा रु० १२.४० करोड़ (३७·६ प्रतिशत), बिजुलीमा रु० ३ करोड़ (९·१ प्रतिशत), उद्योग, खानी र पर्यटनमा रु० २.५० करोड़ (७·६ प्रतिशत), स्वास्थ्यमा रु० २·५० करोड़ (७·६ प्रतिशत), शिक्षामा रु० १·९० करोड़ (५·७ प्रतिशत) सिंचाइ र पिउने पानीमा रु० २·० करोड़ (६ प्रतिशत)

---

[1] श्री ५ को सरकार, राष्ट्रिय योजना परिषद, आर्थिक योजना मंत्रालय, "तेस्रो योजना" पृ० १-२

तथा विविधमा १·२५ करोड़ (३·८ प्रतिशत) गरी जम्मा रु० ३३ करोड़ खर्च गर्ने लक्ष्य थियो। तर योजना अवधिमा कुल रु० २१ करोड़ ४४ लाख यथार्थ खर्च भयो[२]।

प्राथमिकता क्रम—खर्चको आधारमा यस योजनामा यातायात तथा संचारलाई प्रथम, ग्राम विकासलाई तेस्रो, कृषि तथा वनलाई तेस्रो तथा उद्योग, खानी पर्यटन र स्वास्थ्यलाई चौथो प्रार्थमिकता प्रदान गरिएको थियो।

खर्च बेहोर्ने स्रोत :—यस योजनामा खर्च हुने अनुमानित रकम रु० ३३ करोड़ मध्ये भारतीय सहायताबाट रु० १० करोड़, अमेरिकी सहायताबाट रु० २.५ करोड़, आन्तरिक साधनबाट रु० ९·५० करोड़ र न्यून पूर्ति (Deficit Financing) बाट रु० ११ करोड़ बेहोरिने अनुमान गरिएको थियो।

लक्ष्य र पूर्ति :—यस योजना कालमा ४८ वटा ग्राम विकास केन्द्र खोल्ने लक्ष्य रहेकोमा ५५ ओटा ग्राम विकास केन्द्र खोलियो। २ लाख ७५ हजार एकड़मा सिंचाइ सुविधा उपलब्ध गर्ने लक्ष्य रहेकोमा ६५,२०० एकड़ जग्गामा सिंचाइ सुविधा उपलब्ध गराइयो। २० हजार कि. वा. विद्युत उत्पादनको लक्ष्य थियो र योजना अवधिमा ७५० कि. वा. विद्युत उत्पादन भयो। काठमाडौंमा सजिलैसित माल सामान लैजान हेटौंडादेखिको रोपवेको निर्माण कार्य समाप्त प्रायः गरियो। ७ ओटा हवाई ग्राउन्डको निर्माण, २९२ ओटा हुलाक कार्यालयको स्थापना, ७०० टेलिफोन लाइनको जडान र ३७८ ओटा सहकारी संस्थाहरूको स्थापना पनि योजना कालमा गरियो। त्यसै गरी ३ ओटा औद्योगिक क्षेत्र र २१ ओटा घरेलु उद्योग केन्द्रको स्थापना भयो।

त्रिवर्षीय योजना
(२०१९-२२)

प्रथम पंचवर्षीय योजना वि. सं. २०१८ सालमा समाप्त भयो। वि. सं. २०१८-१९ मा कुनै योजना थिएन। यस अन्तरिम वर्षमा दोस्रो योजनाको लागि व्यवस्था मिलाउने काम गरियो। वि. सं. २०१९ साल श्रावणदेखि ३ वर्षको लागि त्रिवर्षीय योजना लागू गरियो।

उद्देश्यहरू :—दीर्घकालीन दृष्टिबाट हेर्दा यो योजना प्रारम्भिक किसिमको मात्र थियो। यसका मुख्य उद्देश्यहरू यस प्रकार थिए—

(१) आर्थिक विकास :—बढ्दै गएको जनसंख्याको माँग पूरा गर्न कृषि तथा औद्योगिक उत्पादनमा वृद्धि गरी आर्थिक विकास गर्ने।

---

[२] राष्ट्रिय योजना परिषद, थ्री इयर प्लान, पृ० ५२.

(२) **आर्थिक स्थिरता** :—आर्थिक विकासको लागि उचित वातावरणको सृजना गर्न मूल्य स्थिरता कायम गर्ने ।

(३) **काममा वृद्धि**—उत्पादनमा श्रम प्रधान प्रविधिको प्रयोगद्वारा रोजगारीको अवसरमा वृद्धि गर्ने ।

(४) **न्यायोचित सामाजिक व्यवस्था** :—भूमि सुधार, सामाजिक सेवाको विस्तार आदिद्वारा न्यायोचित सामाजिक व्यवस्था कायम गर्ने

खर्चको बाँड़-फाँड़ :—यस योजना कालमा विभिन्न क्षेत्रको कार्यक्रम संचालनको लागि जम्मा रु० ६० करोड़ खर्च गर्ने भन्ने व्यवस्था थियो । यसको अतिरिक्त कृषि, उद्योग आदि विभिन्न क्षेत्रको विकासको लागि सरकारबाट ऋणको रूपमा उपलब्ध गरिने रु० ७ करोड़ छुट्टै राखिएको थियो । योजना कालमा वास्तविक खर्च रु० ५९.६८ करोड़ भयो । योजना कालमा खर्च सम्बन्धी लक्ष्य र प्रगति निम्न तालिकाबाट प्राप्टिन्छ :—

तालिका ३२·१

त्रिवर्षीय योजनामा खर्चसम्बन्धी लक्ष्य र प्रगति

(रु० करोड़मा)

विषय	अनुमानित खर्च	वास्तविक खर्च
१. व्यवस्था सुधार, सर्वें तथ्याङ्क तथा तालिका	७·९२	५·१८
२. यातायात-संचार	१४.३५	९.३५
३. विजुली	९.१०	१३.७३
४. कृषि सिंचाइ तथा वन	८.१६	८.७३
५. उद्योग तथा पर्यटन	१०.२०	१०.३६
६. सामाजिक सेवा	१०.२७	९.५३
७. विविध	——	२.७८
कुल	६०·००	५९·६८.

(स्रोत—राष्ट्रिय योजना परिषद, तेस्रो योजना, पृ० ३-४)

प्राथमिकता :— साधनको बाँड-फाँडको दृष्टिले यस योजनामा आर्थिक कार्यक्रमहरूमध्ये यातायात र संचारलाई पहिलो, उद्योग तथा पर्यटनलाई दोस्रो, विद्युतलाई तेस्रो र कृषि, सिंचाइ तथा वनलाई चौथो प्राथमिकता दिइएको थियो ।

प्रगति :—यस योजनामा कृषि प्रसार कार्यक्रममा विशेष जोड दिइएको थियो। योजना अवधिमा अनाज विकास तथा कृषि केन्द्र २, फल-फूल खेती केन्द्र ५ वटा र मत्स्य विकास केन्द्र १ ओटा स्थापना गरियो। १०३५ हेक्टर जग्गामा थप सिंचाइ सुविधा उपलब्ध गराइयो। ४४३० कि. वा. थप विद्युत उत्पादन भयो। वन विकासको हकमा २४५४ हेक्टर जग्गामा वृक्षारोपण, ४४८ कि० मी० अग्नि रेखाको निर्माण तथा ३८४० कि० मी० लामो वन सीमा निर्धारण गरियो। यसै गरी सड़क विकासको क्षेत्रमा रक्सौल-भैंसे सड़कको निर्माण, काठमाडौं—कोठारी सड़कमा भएको काम विशेष उल्लेखनीय छ। पूर्व-पश्चिम राजमार्गको निर्माणको लागि पनि प्रारम्भिक कार्य पूरा गरियो। हवाई विकास तर्फ काठमाडौं गौचर क्रम रनवे निर्माण कार्यको अधिकांश भाग पूरा गरियो।

तेस्रो योजना

(२०२२-२७)

तेस्रो पंचवर्षीय योजना वि० सं० २०२२ सालदेखि प्रारम्भ भई २०२७ सालमा पूरा भयो। आगामी १५ वर्षमा राष्ट्रिय आयलाई दोब्बर गर्ने भन्ने दीर्घकालीन लक्ष्य राखी यस योजनाको तर्जुमा गरिएको थियो। यस दीर्घकालीन लक्ष्यको पृष्ठभूमिमा विचार गरी यस पंचवर्षीय योजनामा राष्ट्रिय आयमा १९ प्रतिशतले, प्रतिव्यक्ति औसत आयमा ९ प्रतिशतले र खाद्यान्न उत्पादनमा १५ प्रतिशतले वृद्धि गर्ने भन्ने उद्देश्य थियो। यस योजनाका अन्य उद्देश्यहरू देहाय बमोजिम थिए—

(१) कृषितर्फ विशेषतया खाद्यान्न उत्पादनमा वृद्धि गर्ने।
(२) कृषितर्फ व्यवस्था मूलक सुधार गर्ने।
(३) आधारभूत क्षेत्रको विकास गर्ने।
(४) औद्योगिक विकास गर्ने।
(५) विदेशी व्यापारमा वृद्धि तथा विभिन्नता ल्याउने।
(६) सामाजिक आवश्यकताको निराकरण गर्ने।

प्राथमिकता—यस योजनामा कृषि क्षेत्रलाई प्रथम, यातायात र विद्युतलाई दोस्रो, उद्योग धन्धाहरूको विकासलाई तेस्रो र सामाजिक सेवालाई चौथो प्राथमिकता प्रदान गरिएको थियो।

खर्चको बाँड-फाँड—यस योजना अन्तर्गत सरकारी क्षेत्रमा रु० १७४ करोड़, गैर सरकारी क्षेत्रमा रु० ५२ करोड़ र पंचायत क्षेत्रमा रु० २४ करोड़ गरी जम्मा रु० २५० करोड़ खर्च गरिने व्यवस्था गरियो। पहिलो पल्ट यस योजनामा सरकारी, गैर-सरकारी र पंचायत क्षेत्रमा खर्च हुने रकमको अनुमान बेग्ला-बेग्लै देखाइएको थियो।

यस योजना अन्तर्गत कृषि क्षेत्रलाई पहिलो प्राथमिकता दिएको भए तापनि यातायात, संचार र विद्युतको विकासको अभावमा कृषि विकास सम्भव नभएकोले सबभन्दा बढ़ी रकम (कुल खर्चको ३७·२ प्रतिशत) यातायात र संचारको विकासको लागि नै छुट्याइएको थियो । योजनाको कुल रकमको विकास कार्यक्रम सम्बन्धी क्षेत्रहरूमा बाँड-फाँड निम्न तालिका अनुसार थियो ।

तालिका ३२·२

कुल लागत खर्चको क्षेत्रीय बाँड-फाँड

(रु० करोडमा)

विषय	सरकारी		पंचायत		गैर-सरकारी		जम्मा	
	रकम	प्रतिशत	रकम	प्रतिशत	रकम	प्रतिशत	रकम	प्रतिशत
यातायात, संचार र विद्युत	८७·५०	५०·३	३·६०	१५·०	२·००	४·०	९३·१०	३७·२
कृषि तथा ग्रामीण विकास	३७·७५	२१·७	१२.००	५०.०	१५·००	२८·६	६४·७५	२५·९
उद्योग तथा खानी............	१२·५०	७·२	१·२०	५·०	३०·००	५७·८	४३·७०	१७·५
सामाजिक सेवा	२९·२५	१६·८	७·२०	३०·०	५·००	९·६	४१·४५	१६·६
विविध	७·००	४·०	—	—	—	—	७·००	२·८
जम्मा	१७४·००	१००·०	२४·०० *	१००·०	५२·०० *	१००·०	२५०·००	१००·०

* यसमा पंचायत क्षेत्रमा रु० ४ करोड़ र गैर सरकारी क्षेत्रमा रु० १७ करोड़ सरकारी स्रोतबाट उपलब्ध गराइने अनुमान थियो ।

(स्रोत—राष्ट्रिय योजना परिषद्, तेस्रो योजना, पृष्ठ २३.)

अर्थ स्रोत :—तेस्रो पञ्चवर्षीय योजना कालमा श्री ५ को सरकारको आय-व्ययको बचतबाट रु० ५५ करोड़, वैदेशिक सहायताबाट रु० १०५ करोड, आन्तरिक ऋणबाट रु० ५ करोड़, वैदेशिक ऋणबाट रु० २० करोड़, घाटा पूर्तिबाट रु० १० करोड़, पञ्चायत स्तरबाट रु० २० करोड़ र गैर सरकारी स्तरबाट रु० ३५ करोड़ गरी जम्मा रु० २५० करोड़को रकम उपलब्ध गर्ने अनुमान गरिएको थियो।

तालिका ३२·३

तेस्रो योजनाको आर्थिक साधनको स्रोत

(रु० करोड़मा)

अर्थ स्रोत	रकम
आय-व्ययको बचत	५५·००
वैदेशिक सहायता	१०५·००
आन्तरिक ऋण	५·००
वैदेशिक ऋण	२०·००
न्यून	१०·००
पंचायत माध्यमबाट उपलब्ध हुने साधन	२०·००
गैर-सरकारी	३५·००
जम्मा	२५०·००

(स्रोत—श्री ५ को सरकार, राष्ट्रिय योजना परिषद, तेस्रो योजना पृ. ३८)

लक्ष्य र प्रगति

कृषि र वन :—यस योजना कालमा खाद्यान्न उत्पादनमा १५ प्रतिशत र नगदे बाली उत्पादनमा ७३ प्रतिशत वृद्धि गर्ने लक्ष्य राखिएको थियो। तर योजनाको चार वर्षको अवधिमा खाद्यान्न उत्पादनमा १०·०३ प्रतिशतको वृद्धि भएको हुनाले वार्षिक २·५ प्रतिशतका दरले ५ वर्षको अवधिमा १२·५ प्रतिशत खाद्यान्नको उत्पादन वृद्धि भयो। नगदे बालीको उत्पादनको हकमा पनि उखु र तेलहनको उत्पादन लक्ष्य ४ वर्षको अवधिमा क्रमशः ४९ प्रतिशत र ६७ प्रतिशत मात्र हासिल हुन सकेको हुनाले उत्साहवर्द्धक रहेन। योजना कालमा सिंचाइ सुविधाको अपर्याप्तता एवं उन्नत किसिमको बीउ र कीटनाशक औषधिहरूको अभावले गर्दा नै कृषि उत्पादन कम भयो। योजना कालमा १४८ हजार हेक्टरमा सिंचाइ सुविधा उपलब्ध गर्ने लक्ष्य रहेकोमा योजना कालमा ५९ हजार हेक्टरमा सिंचाइ सुविधा उपलब्ध हुन सक्यो। त्यसै गरी उन्नत किसिमको बीउ एवं रासायनिक मलको प्रयोगको हकमा पनि लक्ष्यको क्रमशः १३ प्रतिशत र १७ प्रतिशत नै हासिल हुन सक्यो। वन विकासको सम्बन्धमा २००० कि. मी. मा वन सीमा निर्धारण गर्ने लक्ष्य अनुसार १४९३ कि. मि. मा वन सीमा कायम भयो। त्यस्तै ३३१५ हेक्टरमा वृक्षारोपण गर्नु पर्नेमा ४१५० हेक्टरमा वृक्षारोपणको कार्य गरियो।

यातायात र संचार :—संशोधित तेस्रो योजना अनुसार १३६५ कि. मि. बाटो निर्माण, ११ वटा झोलुङ्गे पुल र ४९०० टेलीफोन लाइन निर्माण गर्ने लक्ष्य राखिएकोमा योजना कालमा १०९० कि. मि. बाटो निर्माण, ९ वटा झोलुङ्गे पुल निर्माण र ५००० टेलीफोन लाइन जड़ान गर्ने काम गरियो ।

उद्योग :—यस योजना कालमा सरकारी क्षेत्रमा वीरगंज चिनी कारखाना, कृषि औजार कारखाना, जनकपुर चुरोट कारखाना, छाला जुत्ता कारखानाहरू स्थापित भए पनि निजी क्षेत्रमा योजनामा नपरेका र आर्थिक विकासमा कमै सहायक हुने उद्योगहरूको स्थापना भएको हुनाले उद्योग क्षेत्रमा योजनाको उपलब्धि उत्साहवर्द्धक भएन ।

विद्युत :—योजना कालमा ३७,७०० कि. वा. विद्युत उत्पादन गर्ने लक्ष्य रहेकोमा १९,९६० कि. वा. विद्युत उत्पादन भयो र यसरी यस क्षेत्रमा लक्ष्यको ५९.२ प्रतिशत प्रगति भयो ।

स्वास्थ्य सेवा :—योजना कालमा स्वास्थ्य सेवाको हकमा ४७५ ओटा शैया थप गर्ने लक्ष्य राखिएकोमा १२० अस्पताल शैयाहरू थप भएकोले लक्ष्यको केवल २५ प्रतिशत मात्र प्रगति हुन सक्यो ।

तेस्रो योजनाका केही महत्वपूर्ण भौतिक लक्ष्य एवं प्रगतिहरू निम्न तालिकामा प्रस्तुत छ—

तालिका ३२.४

तेस्रो योजनाका भौतिक लक्ष्य एवं उपलब्धिहरू

विवरण	एकाई	लक्ष्य	प्रगति
खाद्यान्न उत्पादन	प्रतिशतमा	१५	१०·०३
सिंचाइ	हजार हेक्टरमा	१४८·०	५९.०
वन सीमा निर्धारण	हेक्टरमा	२०००	१४९३
वृक्षारोपण	हेक्टरमा	३३१५	४१५०
झोलुङ्गे पुल	संख्या	११	९
सड़क निर्माण	कि. मी. मा	१३६५	१०९०
टेलीफोन लाइन	संख्या	४९००	५०००
चुरोट	करोड़ खिल्ली	३००	१४६
सिमेंट	दैनिक क्षमता (टनमा)	१७५	
कागज	वार्षिक क्षमता (हचार मैट्रिक टनमा)	७	
विद्युत	कि. वा. मा	३६७००	१९९६०
अस्पताल शैया	संख्या	४७५	१२०

(स्रोत—राष्ट्रिय योजना आयोग, चौथो योजना, विभिन्न क्षेत्रहरूको प्रगति विवरणको आधारमा ।)

चौथो योजना

(२०२७-२०३२)

चौथो पंचवर्षीय योजना वि० सं० २०२७ मा शुरू भयो र वि० सं० २०३२ सालमा पूरा भयो । यस योजनाका मुख्य उद्देश्यहरू निम्न बमोजिम थिए—

(१) उत्पादनमा अधिकतम वृद्धि गर्ने, (२) निरन्तर विकासको लागि आवश्यक आधारहरू तयार गर्ने, (३) अन्तर्राष्ट्रिय व्यापारको विस्तार तथा विविधिकरण गर्ने, (४) मूल्य नियंत्रण गरी आर्थिक स्थिरता कायम गर्ने, (५) श्रम—शक्तिको प्रभावकारी उपयोग तथा जनसंख्या वृद्धिको नियंत्रण, (६) शोषण रहित समाजको सृजना ।

प्राथमिकता :—चौथो योजना अन्तर्गत यातायात एवं संचारलाई प्रथम, कृषि विकास कार्यक्रमलाई दोस्रो, उद्योगलाई तेस्रो एवं शिक्षा, स्वास्थ्य र सामाजिक सेवालाई चौथो प्राथमिकता प्रदान गरिएको थियो ।

साधनको बाँड-फाँड :—यस योजना कालमा सरकारी क्षेत्रमा रु० २५५ करोड़ पंचायत क्षेत्रमा रु० १२ करोड़ र गैर सरकारी क्षेत्रमा रु० ८७ करोड़ गरी कुल रु० ३५४ करोड़ खर्च हुने भन्ने अनुमान गरिएको थियो । विभिन्न क्षेत्रमा अनुमानित खर्चको बाँड-फाँड निम्न तालिकाद्वारा प्रष्टिन्छ ।

तालिका ३२·५

चौथो योजनामा खर्चको बाँड-फाँड

(रु० मिलियनमा)

क्षेत्रहरू	सरकारी क्षेत्र	पंचायत क्षेत्र	निजी क्षेत्र	कुल
१. यातायात र संचार	१०५०·० (४१·०)	५२·० (४३·३)	१५०·० (१७·३)	१२५२·० (३५ ४)
२. कृषि, भूमि सुधार वन तथा वनस्पति	६६२·८ (२६·०)	३९·० (३२·५)	४७०·० (५४·०)	११७१·८ (३३·०)
३. उद्योग, वाणिज्य विद्युत र खानी	४७०·० (१८·५)	— —	२५०·० (२८·७)	७२०·० (२०·३)
४. पंचायत शिक्षा स्वास्थ्य र अन्य सामाजिक सेवा	३५२·५ (१८·८)	२९·० (२४·२)	— —	३८१·५ (१०·८)

५. तथ्याङ्क	१४·७ (०:६)	— —	— —	१४·७ (०·४)
कुल	२५५०·० (१००·०)	१२०·० (१००·०)	८७०·० (१००·०)	३५४०·० (१००·०)

—(कोष्ठमा भएको अंक प्रतिशत बताउँछ ।

(स्रोत—एच० एम० जी०, नेशनल प्लानिंग कमीशन, फोर्थ प्लान पृ० ११–१२)

माथिको तालिका अनुसार यातायात र संचारलाई कुल अनुमानित खर्चको ३५·४; कृषि, भूमि सुधार, वन तथा वनस्पतिलाई ३३ प्रतिशत, उद्योग वाणिज्य विद्युत र खानीलाई २०·३, पंचायत, शिक्षा, स्वास्थ्य र अन्य सामाजिक सेवालाई १०·८ एवं तथ्याङ्कलाई ०·४ प्रतिशत छुट्याइएको थियो ।

खर्च व्यवस्था :—चौथो योजना कालमा सरकारी क्षेत्रमा खर्चको लागि रु० २५५ करोड़ र पंचायत क्षेत्रको विकास कार्यको लागि रु० २ करोड़ गरी जम्मा रु० २५७ करोड़, रकमको व्यवस्था निम्न अनुसार अनुमान गरिएको थियो ।

तालिका ३२.६
चौथो योजनाको लागि साधन
(रु० करोड़मा)

स्रोत	रकम	प्रतिशत
आन्तरिक स्रोत	१०८·००	४२·०
(क) राजस्वको बचत	३३·००	१२·८
(ख) कर परिवर्तनबाट हुने थप राजस्व	३०·००	११·७
(ग) आन्तरिक ऋण	१५·००	५·८
(घ) घाटा अर्थ व्यवस्था	२०·००	७·८
(ङ) न्यून	१०·००	३·९
विदेशी सहायता	१४९·००	५८·०
(च) सहायता	१२९·००	५०·२
(छ) ऋण	२०·००	७·८
जम्मा	२५७.००	१००·०

(स्रोत—राष्ट्रिय योजना आयोग, चौथो योजना, भाग १ को परिच्छेद ३ को पृ० २)

चौथो योजनामा आन्तरिक स्रोतबाट कुल रु० १०८ (कुल अनुमानित रकमको ४२ प्रतिशत) र विदेशी सहायताबाट रु० १४९ करोड़ (५८ प्रतिशत) गरी कुल रु० २५७ करोड़ अर्थ स्रोतको व्यवस्था गरेको कुरो माथिको तालिका-द्वारा प्रष्टिन्छ ।

लक्ष्य र प्रगति :—चौथो योजना कालमा राष्ट्रिय उत्पादनमा औसत वार्षिक ४ प्रतिशतका दरले अर्थात् योजना अवधिभित्र २० प्रतिशत वृद्धि गर्ने भन्ने लक्ष्य राखिएको थियो । तर योजना अवधिमा राष्ट्रिय आयमा १२·०५ प्रतिशतले मात्र वृद्धि भएको हुनाले औसत वार्षिक वृद्धि २·४१ प्रतिशतले मात्र हुन सक्यो । सो अवधिमा जनसंख्याको वृद्धि दरसँग राष्ट्रिय उत्पादनलाई दाँज्दा उल्लेखनीय प्रगति नभएको देखिन्छ ।

यातायात एवं संचार—चौथो योजना कालमा यातायात र संचारलाई प्रथम प्राथमिकता प्रदान गरिएको थियो । योजना कालमा १८३० कि०मी० सड़क निर्माण, २७ वटा झोलुङ्गे पुलहरूको निर्माण, १० वटा साना विमानस्थलहरूको निर्माण, ५५ वटा छोटी हुलाक एवं ५५० वटा अतिरिक्त हुलाकहरूको स्थापना गर्ने लक्ष्य निर्धारित गरिएको थियो । योजना अवधिमा ११९०·८९ कि०मी० विभिन्न खालका सड़क निर्माण भएको हुनाले लक्ष्यको ६५ प्रतिशत उपलब्धि भयो । त्यसै गरी योजना कालमा ८ वटा झोलुङ्गे फूल एवं ६ वटा साना विमानस्थलको निर्माण भयो हुलाक विकासको हकमा ४४ वटा छोटी हुलाक एवं ५४८ वटा अतिरिक्त हुलाकको स्थापना पनि गरियो ।

कृषि—यस योजनामा कृषि कार्यक्रम अन्तर्गत योजना अवधिमा खाद्यान्न उत्पादनमा १६ प्रतिशत नगदे बाली उत्पादनमा ४०·३ प्रतिशत वृद्धि गर्ने लक्ष्य राखिएको थियो। तर योजना कालमा खाद्यान्न उत्पादनमा ९·५७ र नगदे बालीको उत्पादनमा १२·२२ प्रतिशत वृद्धि भयो । कृषि उत्पादनमा वृद्धि गर्ने उद्देश्यले योजना अवधिमा १८३६३२ हेक्टरमा सिंचाइ सुविधा उपलब्ध गर्ने लक्ष्य राखिएकोमा योजना अवधिमा विभिन्न आयोजनाहरूबाट ५४४२४ हेक्टर जग्गामा थप सिंचाइ सुविधा उलपब्ध गराइयो र यसरी सिंचाइ क्षेत्रमा लक्ष्यको २९·३ प्रतिशत प्रगति भएको देखिन्छ । त्यसै गरी योजना कालमा रु० ४७.५१ करोड़ कृषि ऋण उपलब्ध गराउने लक्ष्य थियो र योजना अवधिमा रु० ३९.५६ करोड़ कृषि ऋण उपलब्ध गराइयो ।

भूमि-सुधार—यस योजना कालमा भूमि सुधार कार्यक्रम अन्तर्गत १७०१९ वटा वडामा बचत लेखा परीक्षण गर्ने, १७१८८ वटा वडामा व्याज वितरण गर्ने, २६ वटा जिल्लाहरूमा मोहियानी हकको प्रमाण पत्र वितरण गर्ने, २४ हजार

हेक्टर हदबन्दी भन्दा बढ़ी जग्गा प्राप्त गरी वितरण गर्ने र २६ वटा जिल्लाहरूमा कित्ता नापी गर्ने लक्ष्य थियो । योजना कालमा २१,३२४ वटा वडामा लेखा परीक्षण एवं २७२६७ वटा वडामा ब्याज वितरण गरियो लेखा परीक्षण एवं व्याज वितरणमा क्रमशः लक्ष्यको १२५ प्रतिशत् र १५९ प्रतिशत प्रगति भयो । त्यसै गरी २३ वटा जिल्लाहरूमा मोहियानी हकको स्थायीं प्रमाणपत्र, ८२२८ हेक्टर हदबन्दी भन्दा बढी जग्गाको प्राप्ति, ६५७० हेक्टर जग्गा वितरण र १४ वटा जिल्लाहरूमा कित्ता नापीको कार्य सम्पन्न गरियो ।

वन जंगल—वन जंगलको विकासको हकमा २० हजार एकड़मा वृक्षारोपण गर्ने लक्ष्य भएकोमा १९८२५ हेक्टरमा वृक्षारोपण गरियो ।

उद्योग वाणिज्य र विद्युत—यस योजना कालमा उत्पादन क्षमतामा वृद्धि गर्ने उद्देश्यले वीरगंज चिनी कारखाना, जनकपुर चुरोट कारखानामा मेशीन जड़ान गरियो तथा छाला जुत्ता कारखानामा उत्पादन क्षमता बढ़ाउने तर्फ मेशीनको अर्डर गरियो । भक्तपुरमा इँट कारखाना स्थापनाको लागि प्रारम्भिक कार्य गरियो । निजी क्षेत्रमा विभिन्न प्रकारका ३२ वटा उद्योगहरू स्थापना गर्ने लक्ष्य रहेकोमा १०–१२ वटा साना र मझौला खालका उद्योगहरू मात्र स्थापना भयो । विद्युत उत्पादनको हकमा ४२५२० कि० वा० विद्युत शक्ति बढ़ाउने लक्ष्य रहेकोमा योजना कालमा ३१३२६ कि० वा० विद्युत उत्पादन भयो । यसरी विद्युत उत्पादसमा ७४ प्रतिशत प्रगति भयो ।

चौथो योजनाको मुख्य लक्ष्य एवं प्रगति निम्न तालिकामा प्रस्तुत छ—

तालिका ३२·७

चौथो योजनाको लक्ष्य एवं प्रगति

विवरण	एकाई	लक्ष्य	प्रगति
१· राष्ट्रिय उत्पादनमा वृद्धि	प्रतिशतमा	२०	१२.०५
२. खाद्यान्न उत्पादनमा वृद्धि	प्रतिशत	१६.०	९·५७
३. नगदेवाली उत्पादन वृद्धि	प्रतिशत	४०.३	१२·२२
४. थप सिंचाइ सुविधा	हेक्टरमा	१८३६३२	५४४२४
५. कृषि ऋण	रु० करोड़मा	४७.५१	३९.५६
६. भूमि सुधार कार्यक्रम			
(क) बचतको लेखा परीक्षण	वडा	१७०१९	२१३२४
(ख) बचतको व्याज वितरण	वडा	१७१८८	२७२६७

(ग) मोहियानी हकको स्थायी प्रमाण पत्र वितरण	जिल्ला	२६	२३
(घ) हदबन्दी भन्दा वढी जग्गा प्राप्त गर्ने	हेक्टरमा	२४०००	८२२८
(ङ) जग्गा वितरण	हेक्टरमा	२४०००	६५७८
(च) कित्ता नापी	किल्ला	२६	१४
७. वृक्षारोपण	एकड़मा	२०,०००	१९८२५
८. यातायात एवं संचार			
(क) सड़क निर्माण	कि० मी०	१८३०	११९०-८९
(ख) झोलुङ्गे पुल	वटा	२७	८
(ग) साना विमानस्थल	वटा	१०	६
(घ) छोटी हुलाक	वटा	५५	४४
(ङ) अतिरिक्त हुलाक	वटा	५५०	५४८
९. निजी उद्योगछो स्थापना	संख्या	३२	१०/१२
१०. विद्युत उत्पादन	कि० वा०	४२५२०	३१३४६

(स्रोत—राष्ट्रिय योजना आयोग, चौथो योजनाको प्रगति मूल्याङ्कन ९-२१ पाचौं योजना पृ० १४ को आधारमा)

पाँचौं योजना

(२०३२-३७)

पाँचौं योजना वि० सं० २०३२ सालमा प्रारम्भ भयो र वि० सं० २०३७ सालमा पूरा भयो । यस योजनाका मूल उद्देश्यहरू निम्न बमोजिम थिए ।

(१) जन उपयोगी उत्पादनमा वृद्धि

(२) श्रम शक्तिको अधिकतम उपयोग

(३) प्रादेशिक संतुलन र एकीकरण ।

उपर्युक्त उद्देश्यहरू पूर्ति गर्नका लागि पाँचौं योजना कालमा अपनाइने नीतिहरू यस प्रकार थिए ।

(१) आन्तरिक साधनको परिचालन :—विदेशी साधन माथिको निर्भरता कम गर्न आन्तरिक स्रोतको अधिकतम परिचालन गर्ने ।

(२) लगानी र उत्पादनको ढाँचा :—हालको क्षेत्रीय असंतुलनलाई सकभर सुधार गर्ने हिसाबबाट विकास कार्यक्रमहरू निर्धारित गर्ने ।

(३) श्रम उपयोग विधि :—सरकारी, पंचायती र गैर सरकारी तीनैं क्षेत्रहरूमा संचालन हुने कुनै पनि आयोजनाको यकीन गर्दा सम्भव भएसम्म श्रम उपयोगी पक्षलाई नै छनौटको मुख्य आधार मानिने ।

(४) आर्थिक स्थिरता :—देशमा उपलब्ध साधन र शक्तिको समुचित उपयोगको लागि आर्थिक स्थिरता आवश्यक हुने हुनाले सर्वसाधारण उपभोक्ताहरूको हितका लागि मूल्य स्थिरता कायम गर्ने र अत्यावश्यक वस्तुहरू दुर्गम क्षेत्रहरूमा सुपथ मूल्यमा पुऱ्याउन सरकारी क्षेत्रलाई सक्रिय गर्ने ।

(५) औद्योगिक व्यवस्था :—औद्योगिक उत्पादनमा वृद्धिको लागि सरकारी क्षेत्रको योगदानमा वृद्धि गर्ने । विदेशी पूंजीलाई आकर्षित गर्ने । तर विदेशी पूंजी वा प्राविधिक ज्ञानद्वारा स्वदेशी पूंजी र ज्ञान या अभिरुचिलाई निरूत्साहित हुन नदिने ।

(६) व्यापारको बृद्धि र विविधिकरण :—विदेशी व्यापारलाई कुनै वर्गलाई लाभ नपाउने गरो विकास मूलक बनाउने र निकासी र पैठारी दुवै व्यापारलाई देशगत तथा वस्तुगत दुवै प्रकारबाट विविधिकरण गर्ने ।

(७) भूमि व्यवस्था :—वास्तविक किसानलाई भूमिपतिको शोषणबाट बचाउनका लागि वर्तमान भूमि व्यवस्थामा पुनः विचार गरी जग्गामा वास्तविक किसानको स्वामित्व कायम गर्ने प्रयास गर्ने तथा किसानको आफ्नो पैंदावारको बेच-विखन र त्यसलाई चाहिने ऋण र अन्य उपकरणहरू पनि क्रमशः संस्थागत रूपमा जुटाउने प्रयास गर्ने ।

(८) पंचायत क्षेत्रको स्थान :—जन आकांक्षा अनुरूप विकास कार्यको संचालनको लागि पंचायत क्षेत्रको व्यापक विस्तार गर्न चाहिने केन्द्रीय अनुदानका साथै प्राविधिक टेवाको समेत व्यवस्था गरी बढ़ी मात्रामा स्थानीय जनताका अत्यावश्यक खाँचोहरू पूरा गर्न सकिने खालका स्थानीय विकास कार्यक्रम विभिन्न तहका पंचायतहरूबाट संचालित गर्ने ।

प्राथमिकता :—पाँचौं पंचवर्षीय योजना कालमा आर्थिक कार्यक्रमहरू मध्ये कृषि, सिंचाइ र वनलाई प्रथम, यातायात र संचारलाई दोस्रो र उद्योग खानी एवं विद्युतलाई तेस्रो प्राथमिकता प्रदान गरिएको थियो ।

वित्तीय लक्ष्य र प्रगति :—यस योजना अन्तर्गत न्यूनतम कार्यक्रमको लागि रु० ६१७ करोड़ र अधिकतम कार्यक्रमको लागि रु० ७५४ करोड़ खर्चको अनुमान गरिएको थियो । न्यूनतम कार्यक्रमहरू मध्ये आर्थिक कार्यक्रमहरूको लागि रु० ४६५·३२ करोड़ (७५ प्रतिशत) र सामाजिक कार्यक्रमहरूको लागि रु० १५१·६८ करोड़ (२५ प्रतिशत) छुट्याइएको थियो । अधिकतम कार्यक्रम

अन्तर्गत आर्थिक कार्यक्रमको लागि रु० ५७७·९० करोड़ (७६·५ प्रतिशत) र सामाजिक कार्यक्रमहरूको लागि रु० १७७ (२३·५) प्रतिशत छुटचाइएको थियो। योजना अवधिमा विभिन्न आर्थिक कार्यक्रमहरूको लागि रु० ६४०·९५ करोड़ (७२·२ प्रतिशत) र सामाजिक सेवाहरूको लागि रु० २४६·११ करोड़ (२७·८ प्रतिशत) गरी कुल रु० ८८७·०६ करोड खर्च गरियो ।

साधनको बाँड-फाँडको दृष्टिकोणले सब भन्दा वढ़ी रकम कृषि सिंचाइ र बन (न्यूनतम कार्यक्रमको लागि कुल खर्चको २९·० प्रतिशत र अधिकतम कार्यक्रमको लागि कुल खर्चको २९·९ प्रतिशत) मा खर्च गर्ने लक्ष्य राखिएको थियो । तर यथार्थ खर्चलाई ध्यानमां राख्दा यातायात र संचारमा वढ़ी खर्च (कुल खर्चको २६·८ प्रतिशत) भएको देखिन्छ । राष्ट्रिय आकांक्षा अनुरुप कृषि क्षेत्रको निमित्त पर्याप्त मात्रामा आशा गरिए अनुरूप वैदेशिक सहायता प्राप्त हुन नसक्नु र यातायात संचारमा भने आशा गरिए भन्दा बढी वैदेशिक सहायता प्राप्त हुनु नै यसको प्रमुख कारण रहेको देखिन्छ ।

पाँचौं योजनाको विभिन्न कार्यक्रम अनुसारको वित्तीय लक्ष्य एवं प्रगतिको विवरण निम्न तालिकामा प्रस्तुत छ ।

तालिका ३२.८

पाँचौं योजनाको वित्तीय लक्ष्य र प्रगति

(रु. करोड़मा)

विवरण	न्यूनतम कार्यक्रम	अधिकतम कार्यक्रम	यथार्थ
१. आर्थिक कार्यक्रम	४६५.३२ (७५.०)	५७७.५० (७६.५)	६४०.९५ (७२.२)
(क) कृषि, सिंचाइ, वन आदि	१८२.०३ (२९.०)	२२५.९३ (२९.९)	२३४.९७ (२६.५)
(ख) उद्योग, खानी र विद्युत	१३३.४२ (२२.०)	१४५.२५ (१९.२)	१५८.७९ (१७.९)
(ग) यातायात र संचार	१४३.२८ (२३.०)	१९९.०३ (२६.४)	२३८.०६ (२६.८)
(घ) अन्य आर्थिक सेवाहरू	६.५८ (१.०)	७.२९ (१.०)	९.१३ (१.०)

२. सामाजिक सेवाहरू	१५१.६८ (२५.०)	१७७.०० (२३.५)	२४६.११ (२७.८)
कुल	६१७.० १००.०	७५४.५ (१००.०)	८८७.०६ (१००.०)

–कोष्ठमा भएको अंकले प्रतिशत बताउँछ

(स्रोत—राष्ट्रिय योजना आयोग, छैटौं योजना, तालिका १.१९, पृ.६५-६६ मा आधारित ।)

विकास खर्च र अर्थ स्रोतको लक्ष्य र उपलब्धिः—पाँचौं योजना अन्तर्गत सरकारी क्षेत्र अन्तर्गत श्री ५ को सरकारको राजस्व एवं ऋण जस्ता आन्तरिक साधनबाट रु. ४१५ करोड़ (५५ प्रतिशत) एवं विदेशी अनुदान एवं सहायताबाट रु. ३३९.५० करोड़ (४५ प्रतिशत) गरी जम्मा रु. ७५४.५० करोड़ आय हुने व्यवस्था गरिएकोमा योजना अवधिमा विभिन्न आन्तरिक साधनहरूबाट रु. ४६८.७८ करोड़ (५२.८ प्रतिशत) एवं विदेशी सहायताबाट रु. ४१८.२८ करोड़ (४७.२ प्रतिशत) गरी जम्मा रु. ८८७०६ करोड़ उपलब्धि भयो ।

पाँचौं योजनाको लक्ष्य र प्रगतिः—पाँचौं योजना अन्तर्गत निम्नतम कार्यक्रमको लागि रु. ६१७ करोड़ र अधिकतम कार्यक्रमको लागि रु. ७५४.५० करोड़ खर्चको अनुमान गरिएको थियो । तर योजना अवधिमा यथार्थमा रु. ८८७.०६ करोड़ खर्च भयो । यसरी योजना कालमा अनुमानित रकम भन्दा बढ़ी खर्च गरियो । भौतिक लक्ष्य एवं उपलब्धिको हकमा योजना कालमा राष्ट्रिय आयमा ४ देखि ५ प्रतिशतले वार्षिक वृद्धि गर्ने लक्ष्य राखिएको थियो । तर योजना कालमा राष्ट्रिय आयमा केवल २.२ प्रतिशत वार्षिक वृद्धि मात्र हुन सक्यो । सोही अवधिमा जनसंख्यामा वार्षिक २.३ प्रतिशतले वृद्धि हुन गएको हुनाले प्रतिव्यक्ति आय घट्न गयो र नेपालीको आर्थिक स्तरमा सुधार हुन सकेन । कृषि उत्पादनको सम्बन्धमा वार्षिक ३.५ प्रतिशतको दरले वृद्धि गर्ने लक्ष्य राखिएको थियो तर कृषि क्षेत्रको उत्पादन वार्षिक १.१ प्रतिशतका दरले ह्रास हुन गयो । यस योजना कालमा थप १४६ हजार हेक्टर जग्गामा सिंचाइ सुविधा उपलब्ध गराउने भन्ने लक्ष्य रहेकोमा योजना कालमा थप ९५.४ हेक्टर जग्गामा सिंचाइ सुविधा उपलब्ध गराइयो । फलस्वरूप यस योजनामा सिंचाइ सम्बन्धी लक्ष्यमा ६५.४ प्रतिशत प्रगति भयो । योजना कालमा औद्योगिक उत्पादन वार्षिक ६.७ प्रतिशतका दरले वृद्धि भयो । विद्युत उत्पादनको हकमा ५८.८ हजार कि. वा. विद्युत उत्पादन गर्ने भन्ने लक्ष्य रहेकोमा योजना कालमा १८.७ हजार कि. वा. विद्युत उत्पादन भएकोले लक्ष्यको ३१.८ प्रतिशत प्रगति भयो । त्यसै गरी सड़क निर्माणको न्यूनतम लक्ष्य १२०७ कि. मी. रहेकोमा योजना कालमा १७६७ कि. मी. सड़कको निर्माण

भयो । हवाई निर्माणको लक्ष्य ५ ओटा रहेकोमा योजना कालमा ७ आटो हवाई मैदानको निर्माण भयो । पाँचौं योजनाका प्रमुख लक्ष्य एवं उपलब्धिको विवरण निम्न तालिकामा प्रस्तुत गरिएको छ ।

तालिका ३२·९

पाँचौं योजनाका लक्ष्य एवं उपलब्धि

विवरण	एकाइ	लक्ष्य	प्रगति	प्रतिशत
१. सरकारी क्षेत्रको विकाश खर्च	रु० करोड़मा	६१७ देखि ७५४·५०	८८७.०६	—
२. राष्ट्रिय आय	प्रतिशतमा	४ देखि ५	२.२	—
३. कृषि उत्पादनमा वार्षिक वृद्धि	प्रतिशत	३·५	१.१	--
४. सिंचाइ	हजार हेक्टरमा	१४६	९५.४	६५·३६
५. उन्नत बीउ वितरण	हजार मे० टनमा	१९·१	१२.२	६३.८२
६. रासायनिक मल वितरण	हजार मे० टनमा	१६२·९	८४.१	५१·६५
७. कृषि औजार	रु. लाखमा	८२·५०	१४१.४२	१७१·४२
८. वाली संरक्षण	रु. लाखमा	५८·००	८२.१०	१४१.५५
९. कृषि विकास बैंक कृषि कर्जा वितरण	रु. करोड़मा	१४२·३१	९७·८६	६८·७६
१०. वन सीमा निर्धारण	कि० मी०	६४८०	५८१३	९१·०
११. औद्योगिक उत्पादनमा वार्षिक वृद्धि दर	प्रतिशत	—	—	६·७
१२. विद्युत उत्पादन न्यूनतम	हजार कि.वा.	५८·८	१८·७	३१·८
१३. प्रसारण लाइन निर्माण	कि० मी०	१९५	१८२	९३·३
१४. सड़क निर्माण न्यूनतम	कि० मी०	१२०८	१७६७	—
१५. हवाई मैदान	संख्या	५	७	१४०
१६. हुलाक स्थापना	संख्या	३४८	३५१	१००·९
१७. टेलीफोन लाइन	संख्या	१५,१५०	४७५०	३१·४

१८. हेल्थ पोस्ट	संख्या	४५९	२३२	५०·५
१९. अस्पताल निर्माण	संख्या	१५	१२	८०
२०. अस्पताल शैया	संख्या	४७०	३२७	६९·६
२१. परिवार नियोजन दम्पति	लाखमा	७	८·१	११४·५

(स्रोत—राष्ट्रिय योजना आयोग, छैटौं योजना, पृ० ५-३८ को आधारमा)

छैटौं योजना
(२०३७–४२)

योजनाबद्ध आर्थिक विकासको क्रममा छैटौं योजना वि० सं० २०३७ साल श्रावणदेखि लागू भयो र २०४२ साल आषाढ़मा पूरा भयो। विगत पाँच ओटा सावधिक योजनाहरूमा सामना गर्नु परेका अवरोधहरूका साथ-साथै आर्थिक विकासका उद्देश्यहरू यथार्थवादी र व्यावहारिक हुनु पर्ने भन्ने वास्तविकतालाई ध्यानमा राखी छैटौं योजना अन्तर्गत निम्नांकित उद्देश्यहरू निर्धारित गरिएका थिए—

१. उत्पादनमा बढ़ी दरले वृद्धि गर्ने—देशमा विद्यमान गरीवी, बेरोजगारी, र अर्ध बेरोजगारी हटाउन तथा जनताको आवश्यक न्यूनतम खाँचोको परिपूर्ति गर्ने उद्देश्यले पहिला भन्दा बढ़ी दरले उत्पादनमा वृद्धि गर्ने छैटौं योजनाको सर्वोपरि उद्देश्य थियो।

२. उत्पादनशील रोजगारीको अवसरमा वृद्धि गर्ने—देशमा खेर गैरहेको अपार श्रम-शक्तिको उपयोगद्वारा उत्पादनमा वृद्धि गराउन र राष्ट्रको उत्पादन र आयमा भएको वृद्धिको फाइदा व्यापक रूपमा वितरण गर्न छैटौं योजना कालमा उत्पादनशील रोजगारीको अवसरमा वृद्धि गर्ने भन्ने अर्को आधारभूत उद्देश्य थियो।

३. जनताको न्यूनतम आधारभूत आवश्यकताहरूको परिपूर्ति गर्ने—जनताको न्यूनतम आधारभूत आवश्यकता र सुविधाहरूको परिपूर्ति गर्ने छैटौं योजनाको अर्को प्राथमिक उद्देश्य थियो। निम्नतम आधारभूत आवश्यकता अन्तर्गत निम्नांकित कुराहरू समावेश थिए—(क) खाद्यान्न उत्पादनमा वृद्धि गरी बढ़ी खाद्यान्न उपलब्ध गराउने, (ख) वन जंगलको योजनाबद्ध तरीकाले विकास गरी गार्हस्थ्य इन्धनको निमित्त बढ़ी दाउरा उपलब्ध गराउने, (ग) पिउने पानीको आपूर्ति वढ़ाउने (घ) आधारभूत स्वास्थ्य सुविधा र सफाई सेवाको विस्तार गर्ने (ङ) प्राथमिक र शीपमूलक शिक्षा र प्रौढ़ शिक्षाको विस्तार गर्ने र (च) घोरेटो,

चक्रे टो बाटो र झोलुंगे तथा काठे पुलहरूको निर्माण गरी न्यूनतम यातायात सुविधाको विस्तार गर्ने ।

छैटौं योजनाको नीति—उपर्युक्त उद्देश्यहरू हासिल गर्न छैटौं योजनामा निम्न आधारभूत विकास नीतिहरूको व्यवस्था गरिएको थियो—

(१) कृषि क्षेत्रको विकासलाई प्राथमिकता दिने ।
(२) घरेलु तथा साना उद्योगको विकासमा जोड़ दिने ।
(३) निकासी व्यापार र पर्यटन विकासमा जोड़ दिने ।
(४) प्राकृतिक स्रोत र सम्पदाको संरक्षण र जलस्रोतको विकासमा जोड़ दिने ।
(५) सिर्जना गरी सकिएका आधारशिलाहरूको उपयोग गर्ने तर्फ जोड़ दिने ।
(६) बढ़ी साधन उपयोग गर्न अर्थतंत्रलाई सक्षम तुल्याउने ।
(७) जनसंख्या वृद्धि दर नियंत्रण गर्ने ।

छैटौं योजनामा कुल विकास खर्चको बाँड-फाँड—छैटौं योजना कालमा कुल रु० ३३ अरब ९४ करोड़ विकास खर्चको अनुमान गरिएको थियो । कुल खर्च मध्ये रु० २० अरब ४९ करोड़ सरकारी क्षेत्रमा खुद खर्च गर्ने, रु० १ अरब ८० करोड़ पंचायत क्षेत्रमा र रु० ११ अरब ६५ करोड़ निजी क्षेत्रमा खर्च हुने अनुमान गरिएको थियो । जम्मा विकास खर्च रु० ३३ अरब ९४ करोड़ मध्ये रु० १० अरब ५७ करोड़ (३१·१ प्रतिशत) कृषि सिंचाइ तथा वन क्षेत्रमा, रु० ८ अरब ८१ करोड़ (२६ प्रतिशत) उद्योग, खानी र विद्युतमा, रु० ५ अरब ८७ करोड़ (१७·३ प्रतिशत) यातायात तथा संचार र बाँकी रु० ८ अरब ६९ करोड़ (२५·६ प्रतिशत) सामाजिक सेवाहरूमा खर्च हुने अनुमान गरिएको थियो । सरकारी खर्च अन्तर्गत खर्च हुने कुल अनुमानित रकम रु० २० अरब ४९ करोड़लाई कृषि एवं वन क्षेत्रको लागि रु० ६ अरब २६ करोड़, उद्योग, खानी तथा विद्युत क्षेत्रको लागि रु० ५ अरब २८ करोड़, यातायात तथा संचार क्षेत्रको लागि रु० ४ अरब २३ करोड़ र बाँकी सामाजिक सेवाको लागि रु० ४ अरब ७२ करोड़ छुट्याइएको थियो ।

छैटौं योजना कालमा सरकारी क्षेत्र अन्तर्गत जम्मा रु० २१ अरब ७५ करोड़ खर्च गर्ने भन्ने लक्ष्य थियो तर योजना कालमा वास्तविक खर्च रु० १५ अरब ५८ करोड़ मात्र भयो जो निर्धारित लक्ष्यको ७१·६५ प्रतिशत हुन आउँछ । योजना कालमा वास्तविक लक्ष्यको २७·९ प्रतिशत कृषि, सिंचाइ तथा वन क्षेत्रमा, २१·७ प्रतिशत उद्योग खानी र विद्युतमा, १९·३ प्रतिशत यातायात तथा संचारमा र बाँकी ३१·१ प्रतिशत सामाजिक सेवा क्षेत्रमा खर्च गरियो । छैटौं योजनाको वित्तीय लक्ष्य निम्न तालिकामा प्रस्तुत छ ।

तालिका ३२·१०

छैटौं योजना अन्तर्गत कुल विकास खर्चको बाँड-फाँड

(रु० करोड़मा)

क्षेत्र	सरकारी क्षेत्र[1]	पंचायत क्षेत्र	निजी क्षेत्र	जम्मा विकास खर्च	वास्तविक खर्च (स्थिर मूल्यमा)
कृषि सिंचाइ तथा वन	६२६ (३०·६)	४९ (२७·३)	३८२ (३२·८)	१०५७ (३१·१)	४३५·३५ (२७·९)
उद्योग खानी र विद्युत	५२८ (२५·८)	३ (१·७)	३५० (३०·०)	८८१ (२६·०)	३३७·६९ (२१ ७)
यातायात तथा संचार	४२३ (२०·६)	५४ (३०·०)	११० (९·४)	५८७ (१७·३)	३००·९० (१९·३)
सामाजिक सेवा	४७२ (२३·०)	७४ (४१·०)	२२३ (२७·८)	८६९ (२५·६)	४८४·०७ (३१·१)
जम्मा	२०४९ (१००·०)	१८० (१००·०)	११६५ (१००·०)	३३९४ (१००·०)	१५५८·२८ (१००·०)

–कोष्ठमा भएको अंकले प्रतिशत जनाउँछ ।

(स्रोत—राष्ट्रिय योजना आयोग, छैटौं योजना पृ० १०८ एवं सातौं योजना पृ० २१ मा आधारित ।)

अर्थ स्रोत—छैटौं योजना कालमा राजस्व बचतबाट रु० ६१६ करोड़ र न्यून वित्तबाट रु० २३३ करोड़ गरी आन्तरिक साधनबाट कुल रु० ८४९ करोड़ आय हुने भन्ने अनुमान गरिएको थियो । यस प्रकार आन्तरिक साधनमा न्यून वित्तको अंश २७·५ प्रतिशत हुने अनुमान गरिएको थियो । त्यसै गरी विदेशी अनुदानबाट रु० ६७९ करोड़ र विदेशी ऋणबाट रु० ६४७ करोड़ गरी विदेशी सहायताबाट कुल रु० १३२६ करोड़ आय हुने अनुमान गरिएको थियो । यस प्रकार यस योजना-

---

१. सरकारी क्षेत्रको कुल विकास खर्च रु० २१ अरब ७५ करोड़ मध्ये अन्य क्षेत्रहरूलाई वित्तीय सहायताको रूपमा जाने रु० १ अरब, २६ करोड़ सरकारी क्षेत्रमा नराखी सम्बन्धित क्षेत्रमा समावेश गरिएको छ । खुद विकास खर्च रु० २० अरब ४९ करोड़ मध्ये ६० प्रतिशत अर्थात् १२ अरब ०० करोड़ लगानीको रूपमा खर्च हुने अनुमान थियो ।

मा विदेशी सहायताको अंश कुल विकास खर्च (रु० २१७५ करोड़) को ६१ प्रतिशत हुने भन्ने अनुमान थियो ।

तर योजना कालमा कुल विकास खर्च रु० १५५८·२८ करोड़ भयो जो अनुमानित रकमको ७१·६ प्रतिशत हुन आउँछ । यस मध्ये आन्तरिक साधनबाट रु० ६६५·८० करोड़ उपलब्ध भयो । आन्तरिक साधनमा न्यून वित्तको योगदान रु० ४०७·७० करोड़ (कुल आन्तरिक साधनको ५३·२ प्रतिशत) थियो । यस प्रकार आन्तरिक साधनमा न्यून वित्तको अंश लक्ष्य (२७·५ प्रतिशत) भन्दा निकै बढ़ी हुन गयो ।- यस योजनामा कुल विदेशी सहायता रु० ७९२·४८ करोड़ भयो जो कुल यथार्थ विकास खर्चको ५९·९ प्रतिशत थियो । छैटौं योजनाको वित्तीय लक्ष्य एवं उपलब्धि निम्न तालिकामा प्रस्तुत छ—

तालिका ३२·११

छैटौं योजनाको वित्तीय लक्ष्य र उपलब्धि

(रु० करोड़मा)

विवरण	लक्ष्य	स्थिर मूल्यमा उपलब्धि
१. आन्तरिक साधन	८४९	७६५·८०
(क) राजस्व बचत	६१६	३५८·१०
(ख) न्यून वित्त	२३३	४०७·७०
२. विदेशी सहायता	१३२६	७९२·४८
(क) विदेशी अनुदान	६७९	३९८·०४
(ख) विदेशी ऋण	६४७	३९४·४४
विकास खर्चमा विदेशी सहायताको देन (प्रतिशत)	६१·०	५९·९
आन्तरिक साधनमा न्यून वित्तको अंश (प्रतिशत)	२७·५	५३·२

(स्रोत—राष्ट्रिय योजना आयोग, सातौं योजना, पृ० २५)

छैटौं योजनाको भौतिक लक्ष्य एवं उपलब्धि—छैटौं योजना कालमा राष्ट्रिय उत्पादनमा वार्षिक ४·३ प्रतिशतले वृद्धि गर्ने लक्ष्य राखिएको थियो । यस योजनाको ५ वर्षको अनुमानित प्रगति अनुसार राष्ट्रिय आयमा वार्षिक ४·४ प्रतिशतले वृद्धि भएको देखिन्छ । त्यसै गरी कृषि बाली उत्पादनमा वार्षिक ३ प्रतिशत-

को दरले वृद्धि गर्ने लक्ष्य राखिएकोमा योजना कालमा वार्षिक ५·९ प्रतिशतले वृद्धि भयो। खाद्यान्न बालीको उत्पादन वार्षिक २·८ प्रतिशतले र नगदेबालीको उत्पादन वार्षिक ३·९ प्रतिशतले वृद्धि गर्ने भन्ने लक्ष्य राखिएकोमा खाद्यान्न एवं नगदे बालीको उत्पादनमा क्रमशः ६·२ एवं ४·३ प्रतिशत वार्षिक वृद्धि भयो। योजना कालमा २,३३,४८२ हेक्टर जग्गामा सिंचाइ सुविधा उपलब्ध गराउने लक्ष्य राखिएकोमा ५ वर्षको अनुमान अनुसार १,४०,१९१ हेक्टर जग्गामा मात्र सिंचाइ सुविधा उपलब्ध भएको हुनाले लक्ष्यको ६० प्रतिशत प्रगति भयो। कृषि विकासको लागि कृषि विकास बैंक्द्वारा रु० १७४·४१ करोड़ कर्जा उपलब्ध गराउने लक्ष्य थियो। ५ वर्षको अवधिमा कृषि विकास बैंकबाट रु० १७४·०८ करोड़ कर्जा उपलब्ध गराइने अनुमानित लक्ष्यको ९९·८ प्रतिशत प्रगति गरिएको छ। योजना कालमा वन-जंगलको विकासको हकमा ४२,८०० हेक्टर जग्गामा वृक्षारोपण गर्ने लक्ष्य थियो। तर योजनाको पाँच वर्षमा ३७४०० हे० मा० वृक्षारोपण गरियो। यसरी यस सम्वन्धमा लक्ष्यको ८७·२ प्रतिशत प्रगति भएको देखिन्छ। औद्योगिक उत्पादनको हकमा १० प्रतिशतका दरले औद्योगिक उत्पादनमा वृद्धि गर्ने लक्ष्य राखिएकोमा १०·३ प्रतिशतले औद्योगिक उत्पादनमा वृद्धि भयो। योजना कालमा १९५० कि० मी० सड़क निर्माण गर्ने लक्ष्य थियो। यस मध्ये कुल १७४१ कि० मीं० सड़क निर्माण भयो। शिक्षाको क्षेत्रमा साक्षरता प्रतिशत ३४·४ पुऱ्याउने भन्ने लक्ष्य थियो। योजना कालमा साक्षरता प्रतिशत २८·६ प्रतिशत पुग्न गयो। छैटौं योजनाको प्रमुख भौतिक लक्ष्य एवं उपलब्धि निम्न तालिकामा प्रस्तुत छ—

तालिका ३२·१२

छैटौं योजनाको प्रमुख भौतिक लक्ष्य र उपलब्धि

विवरण	एकाई	लक्ष्य	५ वर्षको अनुमानित प्रगति
१. राष्ट्रिय उत्पादन	प्रतिशत	४·३	४·४
२. कृषि उत्पादन	प्रतिशत	३·०	५·९
(क) खाद्यान्न-वाली	प्रतिशत	२·८	६·२
(ख) नगदे-वाली	प्रतिशत	३·९	४·३
३. औद्योगिक उत्पादन	प्रतिशत	१०·०	१०·३
४. सिंचित क्षेत्र	हेक्टर	२३३४८२	१४०१९१
५. कृषि कर्जा वितरण कृ० वि० बैंक	रु० करोड़	१७४·४१	१७४·०८

६. वृक्षारोपण	हेक्टर	४२८७२	३७४००
७. विद्युत जड़ित क्षमता	कि० वा०	१४४९२३	८७५९५
८. औद्योगिक कर्जा	रु० करोड़	५०·२७	२८·४३
९. सड़क	कि० मी०	१९५०	१७४२
१०. विमानस्थल	संख्या	२	२
११. टेलीफोन लाइन	संख्या	२३४५०	१३९००
१२. हुलाक अड्डा	संख्या	४८०	४७१
१३. साक्षरता	प्रतिशत	३२·४	२८·६
१४. अस्पताल	संख्या	२५	९
१५. अस्पताल शैया	संख्या	१४३४	९६८
१६. पिउने पानी सुविधा प्राप्त जनसंख्या	प्रतिशत	३५·५	२२·४
१७. परिवार नियोजन सेवा	हजार दम्पतिहरू	९००	१५०४

(स्रोत—राष्ट्रिय योजना आयोग, सातौं योजना, पृ० ६४-६७)

सातौं योजना

(२०४२-२०४७)

सातौं योजना वि० सं० २०४२ मा शुरू भयो। यस योजना अन्तर्गत थप कुराहरू र नयाँ नाराका कुराहरू नगरी छैटौं योजनाको उद्देश्य र आधारभूत बिकास नीतिहरूमा उल्लेख भएका कुराहरूलाई नै मूर्त रूप दिनमा प्रयत्नहरू केन्द्रित गरिएको छ। यस योजनाको उद्देश्य निर्धारित गर्दा निम्नांकित चुनौतीहरूलाई ध्यानमा राखिएका छन्।[३]

(क) योजना र कार्यान्वियन तथा भनाइ र गराइको बीच देखिएको खाडललाई साँगुरो पार्दै लग्नु र भनिएका कुराहरूलाई कार्यान्वियन गरी यथार्थमा परिणत गर्ने तर्फ अग्रसर हुनु।

(ख) उत्पादन र रोजगारीमा वृद्धि गर्ने र सर्वसाधारण जनताको न्यूनतम आधारभूत आवश्यकताहरूको परिपूर्ति गर्ने तर्फ राष्ट्रको सम्पूर्ण ध्यान र प्रयास केन्द्रित गर्नु।

(ग) राष्ट्रिय भौतिक सम्पदाको रूपमा रहेको जमीन र जलस्रोतलाई विकास-आधार बनाई अर्थतन्त्रको उत्पादन क्षमतालाई विकसित गर्दै लानु,

---

[३] राष्ट्रिय योजना आयोग, सातौं योजना, पृ० ७१.

(घ) भौतिक सम्पदाको संरक्षण र सम्बर्द्धनमा उचित ध्यान पुऱ्याउनु र

(ङ) जनसंख्याको समस्यालाई समाधान गर्ने तर्फ अग्रसर हुनु ।

उपर्युक्त चुनौतीहरूलाई दृष्टिगत गरी छैटौं योजनामा निर्धारित गरिएका उद्देश्यहरूलाई पूर्ति गर्नमा नै लामो समय लाग्ने हुनाले सातौं योजना अन्तर्गत पनि सोही उद्देश्य राख्नु प्रासंगिक एवं महत्वपूर्ण ठानिएको छ । यस योजना अन्तर्गत पनि छैटौं योजना जस्तै निम्नांकित उद्देश्यहरू नै निर्धारित गरिएको छ—

(१) उत्पादनमा वढ़ी दरले वृद्धि गर्ने—वि० सं० २०२८ र २०३८ को दशकमा राष्ट्रिय उत्पादनमा ३ प्रतिशतका दरले मात्र वृद्धि भएको छ जबकि जनसंख्या वार्षिक २·६६ प्रतिशतका दरले बढ्न थालेको छ । फलस्वरूप जनताको आर्थिक स्तरमा सुधार हुन सकेको छैन । सर्वसाधारण जनताको आधारभूत आवश्यकताको पूर्ति जग्गा र जलस्रोत जस्ता भौतिक सम्पदाको विकासद्वारा उत्पादन क्षमतामा वृद्धि, वन जंगल जस्ता भौतिक सम्पदाहरूको संरक्षण जस्ता कुराहरू हाम्रो ठूलो चुनौती छ । उत्पादनमा वृद्धि नगरी हाम्रो कुनै आर्थिक एवं सामाजिक समस्याको समाधान सम्भव छैन । यसर्थ सातौं योजना कालमा किसानहरूलाई उन्नत प्रविधि, यी प्रविधिहरू प्रयोग गर्न चाहिने सिंचाइ, उत्पादन उपकरण र सामग्रीहरू किसानहरूलाई पुऱ्याई कृषि उत्पादनमा वृद्धि गर्ने भन्ने कुरामा जोड़ दिइने छ । वन सम्पदाको उचित संरक्षण र उपयोगद्वारा दाउरा, काठ-पात, जड़ी-बूटीको उपलब्धिमा वृद्धि गर्नुको र भू-संरक्षणमा जोड़ दिने पनि यस योजनाको उद्देश्य हो । त्यसै गरी जलस्रोतको विकासद्वारा विद्युत, सिंचाइ, खाने पानी, माछा पालन, उर्जा-मूलक उद्योगहरू, विद्युतमा आधारित यातायातको विकासमा पनि यस योजनाले जोड़ दिने छ ।

(२) उत्पादनशील रोजगारीको अवसरमा वृद्धि गर्ने—जनसंख्यामा वृद्धिले गर्दा प्रत्येक वर्ष २ लाखको दरले श्रम-शक्तिमा वृद्धि हुँदैछ । कृषि बाहेक अन्य क्षेत्रमा रोजगारीको अवसरमा पर्याप्त वृद्धि भएको छैन । फलस्वरूप कृषिमा जन-चाप दिनानुदिन बढ्न गई अर्ध-बेरोजगारीको समस्या गम्भीर हुन गएको छ । अर्ध बेरोजगारीको साथ-साथै शिक्षित बेरोजगारीको समस्या पनि बढ़ी नै रहेको छ । सर्वसाधारण जनताको जीवन-स्तर उकास्नका लागि उत्पादनमा वृद्धिको साथ-साथै रोजगारीमा वृद्धि गरी जनतामा आम्दानीको वितरण पनि अत्यन्तै आवश्यक छ । रोजगारी मूलक विकास नीतिलाई सातौं योजनाले उद्देश्यको रूपमा अपनाएको छ । कृषि क्षेत्रको विकासद्वारा धेरै मानिसलाई रोजगारी दिलाउन सकिन्छ । गैर-कृषि क्षेत्रको विकास पनि कृषि क्षेत्रको विकासमा नै आश्रित

छ। यसै कारण रोजगारीको अवसरमा वृद्धि गर्ने उद्देश्यले सातौं योजना अन्तर्गत कृषिलाई सर्वोपरि प्राथमिकता प्रदान गरिएको छ। यसका साथै श्रम-मूलक औद्योगिक विकास नीतिलाई प्रभावकारी तरीकाले कार्यान्वयन गरी रोजगारीमा वृद्धि गर्ने छ। यस योजना कालमा रोजगारीमा वृद्धि गर्ने उद्देश्यले निकासी बढ़ाउने औद्योगिक क्रियाकलापमा जोड़ दिने, उपयुक्त प्रकारको व्यावसायिक र शीप मूलक तालिमको विकासमा जोड़ तथा विदेशी नागरिकहरूको अनियन्त्रित प्रवेशमा रोक लगाउने व्यवस्था गरिने छ।

(३) जनताको न्यूनतम आधारभूत आवश्यकताको परिपूर्ति गर्ने—सातौं योजना अन्तर्गत छैटौं योजनाले राखेको जनताको न्यूनतम आधारभूत आवश्यकताहरूको परिपूर्ति गर्ने भन्ने उद्‌देश्यलाई कायम राखिएको छ। यस योजना कालमा खाद्यान्न, लत्ता कपड़ा, दाउरा, पिउने पानी, आधारभूत स्वास्थ्य सुविधा र सफाई, प्राथमिक र सीपमूलक शिक्षा र न्यूनतम ग्रामीण यातायात सुविधाको आपूर्ति बढ़ाउने तर्फ ध्यान केन्द्रित गरिने छ। यसको लागि खाद्यान्न उत्पादन बढ़ाउने कार्यमा लगानी केन्द्रित गरिने छ। कपड़ा उद्योगको विकासको लागि विभिन्न प्राविधिक र आर्थिक पक्षको अध्ययन गराई त्यस अनुरूप कपड़ा उद्योगको विकास नीति तर्जुमा गरिने छ। वन संरक्षण एवं विकासमा जोड़ दिइने छ र पिउने पानीको सुविधा बढाउन परियोजना कालमा जोड़ दिइने छ। यसै गरी स्वास्थ्य चौकीको संख्यामा ठूलो विस्तार गरी बढ़ी से बढ़ी जनतालाई सामान्य चिकित्सा र प्रतिकात्मक सेवा उपलब्ध गराउनु पनि यस योजनाले आवश्यक ठानेको छ। बढ़ी जनतालाई चाँड़ै साक्षर र सीपमूलक बनाउने र ग्रामीण यातायातको सम्बन्धमा गाउँ-घरमा न्यूनतम यातायात सुविधा पुऱ्याउन उपयुक्त लगानी गर्ने भन्ने नीति यस योजनाले लिएको छ।

सातौं योजनाका नीतिहरू—उपर्युक्त उद्‌देश्यहरूको प्राप्तिका लागि निम्नांकित नीतिहरू अपनाइने छन्—

(१) कृषि क्षेत्रको विकासलाई सर्वोपरि प्राथमिकता दिने—उत्पादनमा वृद्धि, रोजगारको अवसरमा वृद्धि, जनताको न्यूनतम आवश्यकताहरूको परिपूर्ति गर्ने उद्‌देश्यको प्राप्तिको लागि कृषि विकासलाई सर्वोपरि प्राथमिकता दिने।

(२) वन सम्पदाको विकास र भू-संरक्षणमा जोड़ दिने—ग्रामीण इन्धनको आवश्यकताको पूर्ति, जग्गाको उर्वरा शक्तिको रक्षा एवं प्राकृतिक वातावरणलाई मनोरम राख्ने उद्‌देश्यले वन सम्पदाको विकास तथा भू-संरक्षणमा जोड़ दिने। वृक्षारोपण कार्यक्रमलाई युद्ध-स्तरमा संचालन गर्ने र दाउरामा किफायत गर्ने चुलाहरू र गोवर ग्याँसको प्रयोग जनसाधारणमा बढ़ाउने खालका कार्यक्रमहरू संचालन गर्ने।

(३) जलस्रोतको विकासमा जोड़ दिने—देशको सर्वाङ्गीण विकास कार्यक्रमलाई अझ तीव्र पार्न जल विद्युतलाई वैकल्पिक ऊर्जाको रूपमा प्रयोग गर्न जल सम्पदालाई एक सम्भाव्य निकासी योग्य वस्तुको रूपमा विकसित गर्नु, जल विद्युतमा आधारित यातायात प्रणालीको विकास तथा आन्तरिक जल मार्गको क्रमिक विकास गर्न जलस्रोतको विकासमा जोड़ दिने।

(४) उद्योगहरूको विकासमा जोड़ दिने—रोजगारीको अवसरमा वृद्धि गर्ने; विदेशी मुद्रा आर्जन गर्ने, धेरै पूंजी नचाहिने र सामान्यतः साधारण प्रविधि र व्यवस्थापन ज्ञानबाट संचालित गर्न सकिने उपयुक्त प्रकारका ससाना उद्योगहरूको विकासमा जोड़ दिने।

(५) निकासी व्यापारको विकासमा जोड़ दिने—योजना कालमा निकासी व्यापारको वृद्धिमा जोड़ दिने र यसको लागि निकासी योग्य वस्तुहरूको उत्पादनमा वृद्धि गर्ने, गुण-स्तरमा सुधार गर्ने, उत्पादन लागत कम गर्ने तथा समुद्रपार निकासी गर्दा पारवहनलाई कम खर्चिलो बनाउने।

(६) पर्यटन विकाससा जोड़ दिने—रोजगारीको अवसरमा वृद्धि एवं विदेशी मुद्रा आर्जनमा वृद्धि गर्ने उद्देश्यले पर्यटन प्रवर्द्धन कार्यक्रमलाई प्रभावकारी बनाउने।

(७) जनसंख्याको वृद्धिलाई नियंत्रित गर्ने—यस योजना कालमा जनसंख्याको वृद्धि तथा अप्रवासको प्रवाहलाई प्रभावकारी तरीकाले नियंत्रण गर्ने।

(८) राष्ट्रिय आर्थिक जीवनको जगलाई बलियो पार्दै लग्ने—दुर्गम र पिछड़ीएका पहाड़ी क्षेत्रहरूको उत्पादन क्षमता बढ़ाउने आधारलाई विकसित गर्ने तथा विभिन्न विकास क्षेत्रहरूको असंतुलनलाई घटाई राष्ट्रिय अर्थ-व्यवस्थाको एकीकरणको जगलाई बलियो पार्ने।

(९) आर्थिक व्यवस्थाको विकेन्द्रीकरण गरी अर्थतंत्रको संचालनलाई सक्षम बनाउने—अर्थतन्त्रको संचालनलाई सक्षम बनाउने उद्देश्यले आर्थिक व्यवस्थाको विकेन्द्रीकरणमा जोड़ दिने।

(१०) विकास प्रशासनलाई सुदृढ़ र सक्षम बनाउने—आर्थिक विकास नीति र कार्यक्रमको तर्जुमा एवं सफल कार्यान्वयनको लागि सुदृढ़ सक्षम सरकारी प्रशासन तन्त्र आवश्यक हुने हुनाले सातौं योजना कालमा विकास प्रशासनलाई प्रभावकारी बनाउने तर्फ सर्वोपरि प्राथमिकता दिने।

कुल विकास खर्चको बाँड-फाँड

सातौं योजना कालमा सरकारी क्षेत्र अन्तर्गत कुल विकास खर्च रु० २९०० करोड हुनेछ। यस रकम मध्ये रु० १०० करोड़ निजी क्षेत्रलाई र अर्को रु० १००

करोड़ पंचायत क्षेत्रलाई वित्तीय सहायताको रूपमा गराइने कार्यक्रम छ। बाँकी रु० २७०० करोड़ सरकारी क्षेत्रमा सोझैं खर्च हुनेछ। सरकारी क्षेत्रमा सोझैं खर्च हुने रकम रु० २७०० करोड़बाट रु० १७५५ करोड़ (६५ प्रतिशत) लगानीको रूपमा खर्च हुनेछ। यस प्रकार यस योजना कालमा सरकारी क्षेत्रमा सोझै हुने विकास खर्च रु० २७०० करोड़, पंचायत क्षेत्रमा हुने लगानी रु० २०० करोड़ र निजी क्षेत्रमा हुने लगानी रु० २१४१ करोड़ गरी जम्मा रु० ५०५१ करोड़ खर्च हुने अनुमान छ। विभिन्न क्षेत्रमा कुल विकास खर्चको बाँड-फाँड निम्न तालिकामा प्रस्तुत छ।

तालिका ३२.१३

कुल विकास खर्चको बाँड-फाँड

(रु० करोड़मा)

विवरण	सरकारी क्षेत्र	पंचायत क्षेत्र	निजी क्षेत्र	कुल विकास खर्च	प्रतिशत
कृषि, सिंचाइ तथा वन	८३८	५५	८३५	१७२८	३४·३
उद्योग, खानी तथा विद्युत	७०४	३	३७७	१०८४	२१·५
यातायात तथा संचार	५१३	६०	१५३	७२६	१४·४
सामाजिक सेवा	६६५	८२	७७६	१५०३	२९·८
जम्मा	२७००	२००	२१४१	५०४१	१००·०

(स्रोत—राष्ट्रिय योजना आयोग, सातौं योजना, पृ० ९३)

सरकारी क्षेत्रमा विकास खर्चको बाँड-फाँड

सातौं योजना कालसा सरकारी क्षेत्रमा विकास खर्च जम्मा रु० २९०० करोड़ हुनेछ। यस मध्ये कृषि सिंचाइ तथा वनमा रु० ८८६·७९ (३·६ प्रतिशत), उद्योग खानी र विद्युतमा रु० ७५४·६५ करोड़ (२६·० प्रतिशत), यातायात तथा संचारमा रु० ५१३·२५ करोड़ (१७·७ प्रतिशत), सामाजिक सेवामा रु० ७३३·६७ करोड़ (२५·३ प्रतिशत) र प्रशासन सुधार, योजना, तथ्याङ्क, जनसंख्या, वातावरण जस्ता विविध पक्षहरूमा रु० ११·५४ करोड़ (०·४ प्रतिशत) खर्च हुने अनुमान गरिएको छ। सरकारी क्षेत्रमा विकास खर्चको बाँड-फाँड निम्न तालिकामा प्रस्तुत छ।

तालिका ३२·१४

सरकारी क्षेत्रमा विकास खर्चको बाँड-फाँड

(रु० करोड़मा)

क्षेत्र	रकम	प्रतिशत
१. कृषि सिंचाइ तथा वन	८८६·७९	३०·६
२. उद्योग खानी तथा विद्युत	७५४·६५	२६·०
३· यातायात तथा संचार	५१३·२५	१७·७
४. सामाजिक सेवा	७३३·६७	२५·३
५. विविध	११·५४	०·४
जम्मा	२९००·००	१००·०

(स्रोत—राष्ट्रिय योजना आयोग, सातौं योजना, पृ० १०६-७)

प्राथमिकता क्रम :—यस योजना कालमा आर्थिक कार्यक्रमहरू मध्ये कृषि सिंचाइ तथा वनलाई प्रथम प्राथमिकता प्रदान गरी यसमा कुल खर्चको ३०·६ प्रतिशत छुटचाइएको थियो। उद्योग खानी तथा विद्युत विकासलाई दोस्रो प्राथमिकता प्रदान गरिएको छ र यसको लागि कुल खर्चको २६ प्रतिशत छुटचाइएको छ। यातायात तथा संचारलाई तेस्रो प्राथमिकता प्रदान गरिएको छ र यसको लागि कुल खर्चको १७·७ प्रतिशत छुटचाइएको छ। यस योजना कालमा शिक्षा, संस्कृति, पिउने पानी, पंचायत, आवास, नगर विकास, सूचना प्रसार तथा सामाजिक कल्याण जस्ता सामाजिक सेवाहरूको लागि सरकारी क्षेत्रमा हुने कुल खर्चको २५·३ प्रतिशत छुटचाइएको छ।

सरकारी विकास खर्च बेहोर्ने स्रोतहरू

सातौं योजना कालमा कुल रु० २९०० करोड़ विकास खर्च हुने अनुमान गरिएको छ। यसमध्ये रु० ८५२ करोड़ आन्तरिक साधनको परिचालनबाट बेहोर्ने अनुमान गरिएको छ जो कुल सरकारी विकास खर्चको २९·४ प्रतिशत हुनेछ। आन्तरिक साधन अन्तर्गत राजस्व बचतबाट रु० ३०९ करोड़ र थप राजस्व परिचालन, आन्तरिक ऋण जस्ता नपुग आन्तरिक साधनहरूबाट रु० ५४३ करोड़ बेहोर्ने अनुमान गरिएको छ। यस योजना कालमा विदेशी अनुदानबाट रु० १०४० करोड़ र विदेशी ऋणबाट रु०१००८ करोड़ गरी जम्मा रु० २०४८ करोड़ विदेशी सहायताबाट उपलब्ध हुने अनुमान गरिएको छ। यस प्रकार विदेशी सहायताको भाग कुल सरकारी विकास खर्चको ७०·६ प्रतिशत हुने अनुमान छ। सरकारी विकास खर्च बेहोर्ने स्रोतहरू निम्न तालिकामा प्रस्तुत छ।

तालिका ३२.१५

सरकारी विकास खर्च बेहोर्ने स्रोतहरू

(रु० करोड़मा)

(क) आन्तरिक साधन	८५२ (२९·४)
१. राजस्व बचत	३०९
२. नपुग आन्तरिक साधन	५४३
(ख) विदेशी सहायता	२०४८ (७०·६)
१. विदेशी अनुदान	१०४०
२. विदेशी ऋण	१००८
जम्मा	२९०० (१००·०)

–कोष्ठको अंकले प्रतिशत बताउँछ ।

(स्रोत—राष्ट्रिय योजना आयोग, सातौं योजना, पृ० १०५-६ मा आधारित)

सातौं योजनाका भौतिक लक्ष्यहरू

सातौं योजना कालमा खाद्यान्नको वार्षिक उत्पादन ४·१ प्रतिशतले र नगदे बालीको वार्षिक उत्पादन ५·२ प्रतिशतले वढ़ाई सबै प्रमुख बालीहरूको वार्षिक उत्पादन ४·३ प्रतिशतका दरले वृद्धि गर्ने लक्ष्य राखिएको छ। यी लक्ष्यहरू हासिल गर्न थप २ लाख ३५ हजार हेक्टरमा सिंचाइ सुविधा उपलब्ध गराइने, ३७ हजार मैट्रिक टन उन्नत बीउ, ३ लाख ९६ हजार मे० टन रासायनिक मल वितरण गर्ने र १५०·४७ करोड़ कृषि कर्जा वितरण (खुद) गर्ने लल्य राखिएको छ। यस योजना कालमा वन विकासको हकमा सरकारी प्रयत्नको साथै जन-सहभागिताको आधारमा थप १ लाख ७५ हजार हेक्टर जग्गामा वृक्षारोपण गर्ने लक्ष्य निर्धारित गरिएको छ। त्यसै गरी यस योजना कालमा औद्योगिक उत्पादनको वार्षिक वृद्धि दर १२·७ प्रतिशत हुने अनुमान गरिएको छ। योजना अवधिमा कालोपत्रे ४३२ कि० मी०, खण्डास्मित ७३४ कि० मी० र कच्ची ७१५ कि० मी० गरी जम्मा १८८१ कि० मी० सड़क निर्माण गर्ने लक्ष्य छ। त्यसै गरी ३७२ ओटा झोलुङ्गे पुल, एउटा विमानस्थल, ४०९२० टेलीफोन लाइन र ६४९ हुलाक अड्डा स्थापना गर्ने पनि लक्ष्य राखिएको छ। योजना अवधिमा साक्षरताको प्रतिशत ३८·९ पुऱ्याउने अनुमान गरिएको छ। त्यस्तै गरी २५ ओटा अस्पताल बनाउने, ९२५ ओटा थप अस्पताल शैयाको व्यवस्था गर्ने पनि लक्ष्य छ। खाने पानीको विस्तार तर्फ कुल ६९ प्रतिशत जनसंख्यालाई पाइप प्रणालीद्वारा खाने पानी सुविधा उपलब्ध गराउने लक्ष्य राखिएको छ। परिवार नियोजन सेवा तर्फ २९ लाख २५

हजार दम्पतिहरूलाई सेवा पुऱ्याउने लक्ष्य छ। सातौं योजनाका केही प्रमुख भौतिक लक्ष्यहरू निम्न तालिकामा प्रस्तुत गरिएको छ।

तालिका ३२.१६

सातौं योजनाका केही प्रमुख लक्ष्यहरू

विवरण	एकाई	लक्ष्य
१. प्रमुख कृषि बाली उत्पादन	प्रतिशत	४.३
(क) खाद्यान्न बाली	प्रतिशत	(४.१)
(ख) नगदे बाली	प्रतिशत	(५.२)
२. औद्योगिक उत्पादन	प्रतिशत	(१२.७)
३. सिंचित क्षेत्र	हेक्टर	२३५४९३
४. उन्नत बीउ वितरण (धान, मकै, गहुँ)	मे. टन	३७४५०
५. रासायनिक मल वितरण	मे. टन	३९६०५०
६. कृषि कर्जा वितरण (खुद.... ...)	रु. करोड़मा	१५०.४७
७. वृक्षारोपण	हेक्टर	१७५.०००
८. विद्युत जड़ित क्षमता	कि.वा.	१,०६,६२९
९. औद्योगिक कर्जा वितरण	रु. करोड़	२५६.१३
१०. सड़क	कि.मी.	१८८१
(क) कालोपत्रे	कि.मी.	(४३२)
(ख) खण्डास्मित	कि.मी.	(७३४)
(ग) कच्ची	कि.मी.	(७१५)
११. झोलुङ्गे पुल	संख्या	३७२
१२. विमानस्थल	संख्या	१
१३. टेलीफोन लाइन	संख्या	४०९२०
१४. हुलाक अड्डा	संख्या	६४९
१५. साक्षरता	प्रतिशत	३८.९
१६. अस्पताल	संख्या	२५
१७. अस्पताल शैया	संख्या	९८५
१८. पिउने पानी प्राप्त जनसंख्या	प्रतिशत	६९
(क) ग्रामीण	प्रतिशत	६७
(ख) शहरी	प्रतिशत	९४
१९. परिवार नियोजन सेवा	हजार दम्पतिहरू	२९२५

(स्रोत—राष्ट्रिय योजना आयोग, सातौं योजना पृ. ९१—९३)

नेपालमा आधारभूत आवश्यकताहरूको परिपूर्ति

परिचय—विगत ३ दशकदेखि योजनाबद्ध आर्थिक विकासको माध्यमद्वारा जनताको जीवनस्तरमा अभिवृद्धि गरी कल्याणकारी समाजको सृजना कार्यमा विभिन्न विकासशील देशहरू प्रयत्नशील रहेका पाइन्छन्। तर यी देशहरूमा योजनाबद्ध आर्थिक विकासको माध्यमद्वारा प्राप्त फल निम्न आय वर्गमा उपलब्ध हुन सकेन। फलस्वरूप विभिन्न मुलुकहरूले जनताको आधारभूत आवश्यकताहरूको परिपूर्तिका लागि विभिन्न वर्गहरूबीच आय विषमता घटाउने प्रयास प्रारंभ गरे। नेपालले पनि सोही अनुरूप पाँचौं योजना अन्तर्गत विभिन्न वर्गहरूबीच आय विषमता घटाउने उद्देश्य राखी जनताको आधारभूत आवश्यकता परिपूर्ति गर्ने लक्ष्य राखेको थियो। यस पृष्ठभूमिमा श्री ५ महाराजाधिराज सरकारबाट समय-समयमा बक्सभएको मार्गदर्शनलाई समेत ध्यानमा राखी छैटौं योजना (२०३७-४२) ले जनताको न्यूनतम आधारभूत आवश्यकताहरूको परिपूर्ति गर्ने लक्ष्य अंगीकार गरेको थियो। यसरी आधारभूत आवश्यकताको परिपूर्ति गर्ने लक्ष्यलाई नेपालले छैटौं योजना कालदेखि मुख्य उद्देश्यको रूपमा अपनाई आएको छ र सातौं योजना (२०४२-४७) मा पनि यसै उद्देश्यलाई प्रधानता दिएको छ।[1] राष्ट्रनायक श्री ५ महाराजाधिराज सरकारबाट २०४२ साल पौष १ गते श्री ५ महेन्द्र जयन्ती तथा संविधान दिवस र दलविहीन पंचायत व्यवस्थाको रजत जयन्तीको शुभ उपलक्ष्यमा आयोजित समारोहमा वि० सं० २०५७ सम्ममा जनताको आधारभूत आवश्यकताका वस्तु तथा सेवाहरू पुऱ्याउन आवश्यक कार्यक्रमहरू तर्जुमा गर्न मार्गदर्शन बक्सभएको थियो। सोही अनुरूप आधारभूत आवश्यकता सम्बन्धी कार्यक्रमहरूको तर्जुमा गरिएको छ।

आधारभूत आवश्यकता कार्यक्रमको उद्देश्य—यस कार्यक्रमका उद्देश्यहरू निम्नांकित छन्—

१. देशभित्रै आवश्यक मात्रामा आधारभूत आवश्यकताका वस्तु र सेवाहरू उत्पादन गर्ने र

२. देशभित्र उत्पादित वस्तु र सेवाहरू सबै जनताले आवश्यकता अनुसार उपयोग गर्न पाउने व्यवस्था गर्ने।

आधारभूत आवश्यकता भनेको के हो ?—आधारभूत आवश्यकता अन्तर्गत जीवन निर्वाह गर्न नभई नहुने निम्नांकित कुराहरू राखिएका छन्—

---

[1] श्री ५ को सरकार, राष्ट्रिय योजना आयोग; "आधारभूत आवश्यकताहरूको परिपूर्तिका लागि कार्यक्रम", काठमाडौं २०४४, पृ० १–२.

(क) खाने कुरा—नेपालीको लागि प्रतिव्यक्ति प्रतिदिन आवश्यक क्यालोरी २२५० निर्धारित गरिएको छ । यसको लागि धान मकै, गहुँ, कोदो, जौको उत्पादन १३ वर्षभित्र दोब्बर गरी हालको ४० लाख ८९ हजार मैट्रिक टनबाट ८६ लाख ५१ हजार मैट्रिक टन पुऱ्याउने र दालको उत्पादन पनि हालको १ लाख ६६ हजार मैट्रिक टनबाट २ लाख ४६ हजार मैट्रिक टन तथा आलुको उत्पादन हालको ३ लाख ९१ हजार मैट्रिक टनबाट ८ लाख ६९ हजार मैट्रिक टन पुऱ्याउने ।

(ख) लत्ता कपड़ा—जनताको लागि आवश्यक वस्तुहरूमा ११ मीटर कपड़ा र एक जोर चप्पल लिइएको छ । यसको परिपूर्तिका लागि उत्पादन कार्यक्रम अन्तर्गत कपड़ाको उत्पादनमा हालको ४ करोड़ २१ लाख मीटरबाट वि० सं० २०५७ सालमा वार्षिक उत्पादन २५ करोड़ ४८ लाख गर्ने लक्ष्य राखिएको छ । यसै प्रकार कपड़ाको जुत्ता, चप्पलको उत्पादनमा हालको ६९ लाख जोड़ाबाट २ करोड़ ३२ लाख पुऱ्याउने लक्ष्य छ ।

(ग) आवास—जनताको लागि आवास सम्बन्धी आधारभूत आवश्यकता अन्तर्गत बस्नको लागि घरको साथ-साथै आवश्यक विजुली, पानी, सड़क, ढल निकास आदि आउँछ । यसको लागि प्रति परिवार ३० वर्गमीटर भूईं क्षेत्रफल (Floor Area) लाई आधार मानिएको छ । यस आधारमा गाउँमा ९ लाख ४० हजार र शहरमा ३ लाख ८० हजार नयाँ घरको आवश्यकता पर्ने देखिएको छ । यसको परिपूर्तिको लागि स्थानीय सामानहरू नै प्रयोग गरी घर बनाउने तरीका अपनाइने कार्यक्रम छ । यसको लागि ऋणको व्यवस्था, खाने पानी, बत्ती, बाटो निर्माण, काठ, ईंटा आदिको उत्पादन बढ़ाउने पनि लक्ष्य राखिएको छ ।

(घ) शिक्षा—शिक्षाको हकमा वि० सं० २०५७ सम्म ६ देखि १० वर्ष उमेरका सबै बालबालिकाहरूलाई कक्षा ५ सम्मको शिक्षा पाउने मौका दिइने छ र यसको लागि १ करोड़भन्दा बढी पुस्तकहरू निःशुल्क वितरण गर्ने कार्यक्रम छ ।

(ङ) स्वास्थ्य—वि० सं० २०५७ सम्म सबैलाई आधारभूत स्वास्थ्य सेवा पुऱ्याउने लक्ष्य छ । प्राथमिक स्वास्थ्य सेवाको परिपूर्तिलाई नै आधारभूत स्वास्थ्य सेवा परिपूर्ति अन्तर्गत राखिएको छ । यस सम्बन्धमा शिशु मृत्यु-दर प्रति हजार १११ बाट ४५ मा ओराल्ने तथा नेपाली जनताको औसत आयु ५१ बाट ६५ वर्ष पुऱ्याउने लक्ष्य छ ।

(च) सुरक्षाः—यस अन्तर्गत देशको स्वतंत्रता; सार्वभौमिकता; राष्ट्रिय अखण्डताको सुरक्षाको साथ-साथै आन्तरिक शान्ति कायम गरी जनतामा सामाजिक सुरक्षाको भावना पैदा गर्ने लक्ष्य राखिएको छ । यस अन्तर्गत निम्न बमोजिमका ६ वटा पक्षहरूलाई समावेश गरिएको छ—(१) विकास योजना र सुरक्षा

नेपालमा आधारभूत आवश्यकताहरूको परिपूर्ति

परिचय—विगत ३ दशकदेखि योजनाबद्ध आर्थिक विकासको माध्यमद्वारा जनताको जीवनस्तरमा अभिवृद्धि गरी कल्याणकारी समाजको सृजना कार्यमा विभिन्न विकासशील देशहरू प्रयत्नशील रहेका पाइन्छन् । तर यी देशहरूमा योजनावद्ध आर्थिक विकासको माध्यमद्वारा प्राप्त फल निम्न आय वर्गमा उपलब्ध हुन सकेन । फलस्वरूप विभिन्न मुलुकहरूले जनताको आधारभूत आवश्यकताहरूको परिपूर्तिका लागि विभिन्न वर्गहरूवीच आय विषमता घटाउने प्रयास प्रारंभ गरे । नेपालले पनि सोही अनुरूप पाँचौं योजना अन्तर्गत विभिन्न वर्गहरूबीच आय विषमता घटाउने उद्देश्य राखी जनताको आधारभूत आवश्यकता परिपूर्ति गर्ने लक्ष्य राखेको थियो । यस पृष्ठभूमिमा श्री ५ महाराजाधिराज सरकारबाट समय-समयमा बक्सभएको मार्गदर्शनलाई समेत ध्यानमा राखी छैटौं योजना (२०३७-४२) ले जनताको न्यूनतम आधारभूत आवश्यकताहरूको परिपूर्ति गर्ने लक्ष्य अंगीकार गरेको थियो । यसरी आधारभूत आवश्यकताको परिपूर्ति गर्ने लक्ष्यलाई नेपालले छैटौं योजना कालदेखि मुख्य उद्देश्यको रूपमा अपनाई आएको छ र सातौं योजना (२०४२-४७) मा पनि यसै उद्देश्यलाई प्रधानता दिएको छ ।[1] राष्ट्रनायक श्री ५ महाराजाधिराज सरकारबाट २०४२ साल पौष १ गते श्री ५ महेन्द्र जयन्ती तथा संविधान दिवस र दलविहीन पंचायत व्यवस्थाको रजत जयन्तीको शुभ उपलक्ष्यमा आयोजित समारोहमा वि० सं० २०५७ सम्ममा जनताको आधारभूत आवश्यकताका वस्तु तथा सेवाहरू पुन्याउन आवश्यक कार्यक्रमहरू तर्जुमा गर्न मार्गदर्शन वक्सभएको थियो । सोही अनुरूप आधारभूत आवश्यकता सम्वन्धी कार्यक्रमहरूको तर्जुमा गरिएको छ ।

आधारभूत आवश्यकता कार्यक्रमको उद्देश्य—यस कार्यक्रमका उद्देश्यहरू निम्नांकित छन्—

१. देशभित्रै आवश्यक मात्रामा आधारभूत आवश्यकताका वस्तु र सेवाहरू उत्पादन गर्ने र

२. देशभित्र उत्पादित वस्तु र सेवाहरू सबै जनताले आवश्यकता अनुसार उपयोग गर्न पाउने व्यवस्था गर्ने ।

आधारभूत आवश्यकता भनेको के हो ?—आधारभूत आवश्यकता अन्तर्गत जीवन निर्वाह गर्न नभई नहुने निम्नांकित कुराहरू राखिएका छन्—

---

[1] श्री ५ को सरकार, राष्ट्रिय योजना आयोग; "आधारभूत आवश्यकताहरूको परिपूर्तिका लागि कार्यक्रम", काठमाडौं २०४४, पृ० १–२.

(क) खाने कुरा—नेपालीको लागि प्रतिव्यक्ति प्रतिदिन आवश्यक क्यालोरी २२५० निर्धारित गरिएको छ । यसको लागि धान मकै, गहुँ, कोदो, जौको उत्पादन १३ वर्षभित्र दोब्बर गरी हालको ४० लाख ८९ हजार मैट्रिक टनवाट ८६ लाख ५१ हजार मैट्रिक टन पुऱ्याउने र दालको उत्पादन पनि हालको १ लाख ६६ हजार मैट्रिक टनबाट २ लाख ४६ हजार मैट्रिक टन तथा आलुको उत्पादन हालको ३ लाख ९१ हजार मैट्रिक टनबाट ८ लाख ६९ हजार मैट्रिक टन पुऱ्याउने ।

(ख) लत्ता कपड़ा—जनताको लागि आवश्यक वस्तुहरूमा ११ मीटर कपड़ा र एक जोर चप्पल लिइएको छ। यसको परिपूर्तिका लागि उत्पादन कार्यक्रम अन्तर्गत कपड़ाको उत्पादनमा हालको ४ करोड़ २१ लाख मीटरबाट वि० सं० २०५७ सालमा वार्षिक उत्पादन २५ करोड़ ४८ लाख गर्ने लक्ष्य राखिएको छ । यसै प्रकार कपड़ाको जुत्ता, चप्पलको उत्पादनमा हालको ६९ लाख जोड़ावाट २ करोड़ ३२ लाख पुऱ्याउने लक्ष्य छ ।

(ग) आवास—जनताको लागि आवास सम्बन्धी आधारभूत आवश्यकता अन्तर्गत बस्नको लागि घरको साथ-साथै आवश्यक विजुली, पानी, सड़क, ढल निकास आदि आउँछ । यसको लागि प्रति परिवार ३० वर्गमीटर भूईं क्षेत्रफल (Floor Area) लाई आधार मानिएको छ । यस आधारमा गाउँमा ९ लाख ४० हजार र शहरमा ३ लाख ८० हजार नयाँ घरको आवश्यकता पर्ने देखिएको छ। यसको परिपूर्तिको लागि स्थानीय सामानहरू नै प्रयोग गरी घर बनाउने तरीका अपनाइने कार्यक्रम छ । यसको लागि ऋणको व्यवस्था, खाने पानी, बत्ती, बाटो निर्माण, काठ, ईंटा आदिको उत्पादन बढ़ाउने पनि लक्ष्य राखिएको छ ।

(घ) शिक्षा—शिक्षाको हकमा वि० सं० २०५७ सम्म ६ देखि १० वर्ष उमेरका सबै बालबालिकाहरूलाई कक्षा ५ सम्मको शिक्षा पाउने मौक़ा दिइने छ र यसको लागि १ करोड़भन्दा बढी पुस्तकहरू निःशुल्क वितरण गर्ने कार्यक्रम छ ।

(ङ) स्वास्थ्य—वि० सं० २०५७ सम्म सबैलाई आधारभूत स्वास्थ्य सेवा पुऱ्याउने लक्ष्य छ । प्राथमिक स्वास्थ्य सेवाको परिपूर्तिलाई नै आधारभूत स्वास्थ्य सेवा परिपूर्ति अन्तर्गत राखिएको छ । यस सम्बन्धमा शिशु मृत्यु-दर प्रति हजार १११ वाट ४५ मा ओराल्ने तथा नेपाली जनताको औसत आयु ५१ बाट ६५ वर्ष पुऱ्याउने लक्ष्य छ ।

(च) सुरक्षाः—यस अन्तर्गत देशको स्वतंत्रता; सार्वभौमिकता; राष्ट्रिय अखण्डताको सुरक्षाको साथ-साथै आन्तरिक शान्ति कायम गरी जनतामा सामाजिक सुरक्षाको भावना पैदा गर्ने लक्ष्य राखिएको छ । यस अन्तर्गत निम्न बमोजिमका ६ वटा पक्षहरूलाई समावेश गरिएको छ—(१) विकास योजना र सुरक्षा

(२) जन सम्पर्कमा आउने कार्यालय तथा एकाईहरू र सुरक्षा (३) आर्थिक सामाजिक विकास र सुरक्षा (४) नैतिक तथा चारित्रिक विकास र सुरक्षा (५) समाज कल्याण र सुरक्षा (६) अत्यावश्यक वस्तुहरूको आपूर्ति र सुरक्षा ।

यो कार्यक्रम कसको लागि ? यो कार्यक्रम मुख्य रूपले गरीबिको अवस्थामा रहेका ४२ प्रतिशत जनताको लागि रहेंको छ । आधारभूत आवश्यकताको परिपूर्ति गर्न यस्ता प्रत्येक परिवारको वार्षिक आम्दानी कम्तीमा रु० १०३६७ र प्रतिव्यक्ति वार्षिक आम्दानी रु० १९७१ गर्ने लक्ष्य छ ।

आधारभूत आवश्यकताको परिपूर्तिका लागि आम्दानी बढ़ाउने तरीकाहरू:—यस कार्यक्रमको सफलताको लागि निम्न तरीकाले आम्दानी बढ़ाउने भन्ने लक्ष्य छ—

(१) प्रत्येक नेपालीले बढ़ीभन्दा बढ़ी परिश्रम गर्नु पर्दछ ।

(२) खेत-बारी बाँझो नराखी राम्रो मल; बीउ एवं सिंचाइको प्रयोग गरी नयाँ तरीका अनुसार खेती गर्नु पर्दछ र उत्पादनमा बढ़ी वृद्धि गर्नु पर्दछ ।

(३) नशा लाग्ने कुरामा खर्च गर्नु हुँदैन ।

(४) आफूले जानेको शीपको प्रयोग एवं अभिवृद्धि तथा नयाँ तालीम प्राप्त गरी आवश्यक वस्तुहरूको उत्पादनमा वृद्धि गर्नु पर्दछ ।

(५) अल्छी नगरी कुनै पनि उत्पादन कार्यको लागि परिश्रम गर्ने भन्ने कुरोलाई प्रतिष्ठा सूचक नै मान्नु पर्दछ ।

Model Questions

(१) छैटौं योजनाको भौतिक लक्ष्य एवं उपलब्धिहरूको वर्णन गर्नुहोस् ।

(२) सातौं योजनाको उद्देश्य एवं नीतिहरूको वर्णन गर्नुहोस् ।

(३) सातौं योजना अन्तर्गत सरकारी खर्च वेहोर्ने स्रोतहरूको वर्णन गर्नुहोस् ।

(४) सातौं योजना अन्तर्गत कुल विकास खर्चको बाँड-फाँड कसरी गरिएको छ ? प्रस्तुत गर्नुहोस् ।

(५) सातौं योजनाको भौतिक लक्ष्यवारे छोटो परिचय दिनुहोस् ।

(६) नेपालमा आधारभूत आवश्यकताहरूको परिपूर्तिको उद्देश्य एवं कार्यक्रमहरूको वर्णन गर्नुहोस् ।

सन्दर्भ ग्रन्थ-सूची

A. D. B. of Nepal—(1) Proceedings of Workshop on Development Support of Small Farmers, Kathmandu 1974. (2) Agricultural Development Bank, operation & Achievements.

Agricultural Projects Service Centre—Food Policy Issue of Nepal, Proceedings of Food Policy Seminar, 30–31 August, Kathmandu 1984.

Asian Development Bank and H. M. G. of Nepal—Nepal Agriculture Sector Strategy Study Vol IInd, Dec. 1982.

Agrawal A. N....Indian Economy–Problems of Development & Planning, Vikash Publishing House Pvt. Ltd. New Delhi 1985,

Bajracharya B. B.—A Review of the Co-operative Development in Nepal, C. E. D. A., 1980.

देशान्तर साप्ताहिक, वि० सं० २०४४, कार्तिक २१ गते ।

Dr. Banskota Mahesh and Mr. Bista Nirmal K. (Ed.)...Nepal's Economy – An Over View, C.E.D.A., Kirtipur, Kathmandu, 1980.

Dubbe N. R. and Pranjappe S. D.—Economic and Commercial Geography, Kitab Mahal, Allahabad, 1973.

F. A. O. Production Year Book, Vol 24, 1970.

Guha J. L. and Chattoraj—A new approach to Economic Geography A Study of Resources—World Press, 1974 .

H. M. G., C. B. S.—Statistical Pocket Book 1982 and 198.

H. M. G., Ministry of Finance—(1) Performance Review of Public Enterprises in Nepal 1981.(2)Economic Survey 1986/87.

H. M. G., Ministry of Industry—Industrial Statistics, Manufecturing Industries F/Y 2043/44.

H. M. G., Ministry of Food and Agriculture—(1) Farm Management Study (1968/69),Kathmandu 1971
(2) Agricultural Statistics of Nepal—Varies Issues.
(3) Area and production of major crops 1986.
(4) Hand Book of Agricultural Statestics 1978.

श्री ५ को सरकार, अर्थ मन्त्रालय, आर्थिक सर्वेक्षण, आर्थिक वर्ष २०४३/४४.

श्री ५ को सरकार, सडक विभाग, नेपालको सड़क स्थिति २०४१

श्री ५ को सरकार, राष्ट्रिय योजना आयोग—प्रथम पंचवर्षीय योजनादेखि सातौं पंचवर्षीय योजनासम्म तथा चौथो योजनाको प्रगति मूल्याङ्कन

श्री ५ को सरकार, केन्द्रिय तथ्याङ्क विभाग—(१) विभिन्न जनगणना प्रतिवेदनहरू र (२) औद्योगिक गणना एक समीक्षा ।

श्री ५ को सरकार—नेपाल राजपत्र भाग २, खण्ड २७ अतिरिक्ताङ्क ३५, २०४४/७/१.

Industrial Service Centre—Industrial Guide to Nepal, KTM 1982.

Malla U. M.--...Environmental Resource management in Nepal, Kathmandu, 1983.

Nepal Rastra Bank (1) Activity of Sajha Institution (Survey Report)—Varies Issues.
(2) Agricultural Credit Survey Nepal 1972. Vol I to IV.
(3) Agricultural Credit Review Survey Nepal 1980, Vol I to IV.
(4) Some Important Statistics in Agriculture, Nepal 1985.
(5) Commercial Banking Statistics—Various Issues.
(6) An Evaluation Study of Small Farmers Development Projects Nepal 1982.
(७) झिँमिरे (८) प्राथमिकता क्षेत्र समाचार २०४४, कार्तिक अंक २.

नेपाल बैंक लिमिटेड—नेपाल ब्याङ्क पत्रिका, विभिन्न अंकहरू

नेपाल औद्योगिक विकास निगम—(१) नेपाल औद्योगिक विकास निगम एक परिचय, तृतीय संस्करण, आषाढ़ २०४३. (२) औद्योगिक नीति २०४४.

Pant Y. P. and Jain S. C.—Agricultural Development in Nepal, Bombay 1969.

Planning Commission of India—Yojana, Nov. 30, 1969.

पन्त हरे राम—विकेन्द्रीकरणको अवधारणा र व्यवहार, पंचायत नीति तथा जाँच बुझ समिति, ज्ञानेश्वर, काठमाडौं २०४४ पौष

Regmi M.C.—Land Tenure & Taxation in Nepal, R.P.B., KTM 1978.

Rijal P. R.--Nepal's Foreign Trade and Economic Development, C. E. D. A. 1982.

Shrestha B. P.—(1) An Introduction to Nepalese Economy, Kathmandu, 1974. (2) The Economy of Nepal 1967.

Shrestha B. P. and Jain S. C.--Regional Development in Nepal, Development Publishers, Delhi 1978.

Sharma C. K.—Natural Resources of Nepal, Kathmandu, 1978.

Sinha B. K. - Co-operative Development in Nepal, Kitab Mahal, Allahabad--3, 1964.

Thapa N.B. and Thapa D.P.-Geography of Nepal, Bombay 1969.

Trade Promotion Centre—Nepal's Overseas Trade Statistics 82/83.

Upadhyaya D. C. and Abueva Jose V. (Ed.)—Population and Development in Nepal, C.E.D.A., Kathmandu 1974.

United Nations Natural Resources of Developing Countries—Investment, Development and Regional Utilisation—New York 1970.

World Bank--World Development Report 1986.

Zaman M. A.—Evaluation of Land Reform In Nepal, Kathmandu 1973.

निकोउन मोही

०५६। ६।९६

१०
६नाग
२९६४५

४५० ८०४ - कान्ति गौरव

रामप्रसाद

३८९ ३२२ /
३२६ ८

Acc. २९६६२ / 21645

हिन्दु विद्यापीठ इन्द्रायणी -

शहिद गंगालाल राष्ट्रिय हृदय
केन्द्र -